म प्रधानमन्त्री हुँदा

केपी शर्मा ओलीका मुख्य सम्बोधनहरू

म प्रधानमन्त्री हुँदा केपी शर्मा ओलीका मुख्य सम्बोधनहरू

सम्पादन :
विष्णु रिमाल
शार्दूल भट्टराई

धन्यवाद :
कवीन्द्रशेखर रिमाल, चेतन अधिकारी,
प्रमोद दाहालसहित यस प्रकाशनमा प्रत्यक्ष वा
परोक्षरूपमा संलग्न सम्पूर्ण व्यक्तित्वहरू ।

कभर/स्केच :
महेन्द्र श्रेष्ठ

ले-आउट :
किरण माली

मुद्रण व्यवस्थापन :
एमएस माउस, पुतलीसडक

प्रकाशन मिति :
२०७३ पुस

प्रकाशक :
केन्द्रीय कार्यालय
नेपाल कम्युनिष्ट पार्टी (एमाले)
धुम्बाराही, काठमाडौँ
फोन : ४३७८०९९/४३७८०९०/४३७८०५५
फ्याक्स : ४०१५९८०

सम्पादकीय

अत्यन्त प्रतिकूल अवस्थामा सम्माननीय केपी शर्मा ओलीले प्रधानमन्त्रीको जिम्मेवारी बहन गर्नुभएको थियो । प्रधानमन्त्री भएकै दिनदेखि नयाँ सरकारको विरुद्ध अस्वाभाविक ढङ्गले विरोधका शृङ्खला शुरु गरिए । सरकारका विरुद्ध पर्दापछाडिबाट थालिएका शङ्कास्पद चक्रव्यूह, छापामार शैलीबाट उहाँको सरकारलाई हटाउन व्यवस्थापिका-संसदमा प्रस्तुत गरिएको अविश्वासको प्रस्तावमार्फत मुखरित भयो । तर, यस्ता कुनै पनि व्यवधानले उहाँका उत्साह र राष्ट्रप्रतिको समर्पणलाई भने रत्ति पनि हल्लाउन सकेनन् । नेपाल र नेपाली जनताप्रतिको उहाँको प्रतिबद्धता, सबैलाई मन्त्रमुग्ध पार्ने सटीक मन्तव्यहरूको यस संग्रहमा प्रतिबिम्बित छ ।

चमत्कारिक नेताको रूपमा चर्चित माननीय केपी शर्मा ओलीको श्रोता समूह विशाल छ । समर्थकदेखि आलोचकसम्मको फराकिलो दायरामा रहेका उनीहरू उहाँका भाषणलाई गम्भीरतापूर्वक सुन्न रुचाउँछन् । प्रधानमन्त्रीको रूपमा उहाँको भूमिका छोटो अवधिको रहे तापनि सार्वभौमसत्तालाई सुदृढ गर्न खेल्नुभएको भूमिकाले उहाँलाई कुनै पनि अनुचित दबाबका सामु नझुक्ने राजनेताको रूपमा स्थापित गरेको छ । उहाँका कलात्मक मन्तव्यले भावी पुस्तालाई तरङ्गित र उत्साहित पारिरहनेछ ।

उहाँले आफ्नो सम्बोधनमार्फत् सपनाको शृङ्खला' पाठक सामु राख्नुभएको छ; पूरा हुनसक्ने त्यस्ता सपनाहरू, जुन राष्ट्र निर्माण तथा नेपाली जनताको समृद्धिका लागि नभई हुन्न ! ती सपना, जसले सानो गोरेटोमा लुखुर-लुखुर हिँडिरहेका नेपालीलाई राजमार्गमा कुदाउन चाहन्छ, घिच्चिघिच्चि घस्रिने थोत्रा साधनबाट गरिने सवारीको स्थानमा तीव्र गतिको रेलमा जनतालाई कुदाउने योजना पोस्छ । संलग्न सम्बोधनहरू, जसले विदेशी सहयोग र हस्तक्षेप बीचको भेद खोलेको छ । र, कहिलेकाहीँ ओली डक्ट्रिन समेत भनिने गरिएको सार्वभौमसत्ता तथा सन्तुलित विदेश नीतिबारे बोलेको छ ।

यो संग्रह, कमरेड केपी शर्मा ओली प्रधानमन्त्री पदमा बहाल रहुञ्जेल, विभिन्न मञ्चहरूमा गर्नुभएका पाँच दर्जन छानिएका सम्बोधनहरूको संग्रह हो । यसलाई औपचारिक सम्बोधन, विदेश भ्रमणका अवसरमा दिइएका मन्तव्य र देशभित्र विभिन्न अवसर र स्थानमा पोखिएका भावनाका रूपमा तीन खण्डमा वर्गीकरण गरिएको छ । चौथो खण्ड उहाँको सपनाको संक्षेपीकरण हो; प्रधानमन्त्रीको सरकारी निवास छोड्नुअघिको 'बिदाइ अन्तर्वार्ता' जसलाई 'मैले सपना किन देखेँ' भन्ने शीर्षक दिइएको छ ।

यस संग्रहमा संलग्न सम्बोधनहरूले उहाँ प्रधानमन्त्री हुनुहुँदाको परिस्थिति बोल्छ । सरकारले परिस्थितिलाई सामना गर्न चालेका कदम र भविष्यका योजना तथा लक्ष्य बोल्छ । प्रस्तुत योजनाहरू कार्यान्वयनमा जानुअघि नै सरकार हटाइयो । तर पनि प्रस्तुत विचार नेपालको समृद्धिका लागि मूल्यवान सम्पत्ति हुन सक्छन् । तिनीहरू सपनाका स्रोत मात्रै हैनन्, कार्ययोजना हुनसक्छन्, विचार र रणनीति दुबै हुनसक्छन् । कमरेड ओलीका दशकौँको अनुभवमा आधारित विश्लेषणसहितको उहाँका सम्बोधनहरूले नेपाली क्षमताको ठोस विश्लेषण गरेको छ । नेपालको समृद्धिको लागि भावी योजना र राष्ट्र निर्माणको मार्गचित्र प्रस्तुत गरेको छ ।

यी सम्बोधनहरूमा पटक-पटक केही साझा विषयहरू दोहऱ्याइएका पनि छन् । संविधानको कार्यान्वयन, भूकम्पपछिको पुनर्निर्माण र आर्थिक प्रगतिका लागि गरिनुपर्ने सघन प्रयासका हुटहुटी यसमा पर्दछन् । नेपालले भोगिरहेको भूराजनीतिक संवेदनशीलता र छिमेकीहरूसँगको सम्बन्धका साथै सन्तुलित परराष्ट्र नीतिबारे यसमा चर्चा गरिएको छ । सङ्गृहीत सम्बोधनमा नेपालको विकासको लागि आग्रह मात्रै गरिएको छैन, क्षेत्रिय विकासका लागि सार्क र समग्र एसियाको साझा समृद्धिको लागि दृष्टिकोणसमेत प्रस्तुत गरिएको छ ।

यो सङ्ग्रहमार्फत् माननीय केपी शर्मा ओली र उहाँको काम तथा समसामयिक नेपालका जल्दाबल्दा विषयहरू बुझ्न मद्दत पुग्नेमा सम्पादन समूह विश्वस्त छ । सङ्गृहीत सम्बोधनका हरेक वाक्यले उत्साह र प्रेरणा त दिन्छ-दिन्छ, त्यसमा अन्तर्निहित भावले हाम्रो राजनीति र कूटनीतिको रहस्यलाई समेत उजागर गर्नेछ ।

विषयक्रम

एक - औपचारिक सम्बोधन १३

१ **राष्ट्रका नाममा पहिलो सम्बोधन** १५
(२०७२ कार्तिक २९ गते सरकारी निवास, बालुवाटारबाट देशवासीको नाममा गर्नुभएको सम्बोधन)

२ **कूटनीतिक नियोग र दातृसंस्थाका प्रतिनिधिलाई पुनर्निर्माणबारे सम्बोधन** ३१
(२०७२ पुस ३० गते कूटनीतिक नियोगका प्रमुख तथा नेपालका विकास साझेदार संस्थाका प्रतिनिहिरूसँगको लञ्च बैठकमा गरिएको सम्बोधनको अनुदित पाठ)

३ **सरकार सञ्चालनको सय दिनपछिको व्यवस्थापिका-संसदमा सम्बोधन** ३९
(२०७२ साल माघ ११ गते व्यवस्थापिका-संसदमा गर्नुभएको सम्बोधन)

४ **सार्क-सफल हुन आवश्यक एउटा सपना** ५३
(१७ मार्च २०१६, पोखरामा गरिएको सार्क मन्त्रिपरिषद्को ३७ औँ सत्रको उद्घाटन सम्बोधनको अनुदित पाठ)

५ **नयाँ वर्षको पूर्वसन्ध्यामा देशवासीलाई सम्बोधन** ६३
(२०७२ चैत ३० गते प्रधानमन्त्री कार्यालय, सिंहदरबारबाट दिनुभएको नयाँ वर्ष २०७३ को शुभकामना सन्देश)

६ **अविश्वासको प्रस्तावको जवाफमा व्यवस्थापिका-संसदमा सम्बोधन** ७९
(व्यवस्थापिका-संसदमा अविश्वासको प्रस्तावमाथि भएको छलफलका सन्दर्भमा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले दिनुभएको मन्तव्य)

दुई - मित्रराष्ट्रहरूको औपचारिक भ्रमणको क्रममा गरिएको सम्बोधन १११

१ सार्वभौम समानता र आपसी लाभको सम्बन्ध ११३
(२१औँ सप्रु हाउस प्रवचनको अनुदित पाठ, भारतीय विश्व सम्बन्ध परिषद्, बारखम्बा रोड, नयाँ दिल्ली; २२ फेब्रुअरी २०१६)

२ "साझा गन्तव्यको समुदाय" सँगसँगै १२५
(चीनको रेनमिन विश्वविद्यालय, 'वन वेल्ट, वन रोड इनिसियटिभ्सको सन्दर्भमा नेपाल-चीन सम्बन्ध' विषयमा बेइजिङमा २२ मार्च २०१६ मा दिनुभएको मन्तव्यको अनुदित पाठ)

३ एसियाको नयाँ भविष्य : नयाँ गतिशीलता र नयाँ दृष्टिकोण १३७
(एसियाको लागि बोआओ फोरम, २४ मार्च २०१६ मा जनगणतन्त्र चीनको बोआओमा दिनुभएको मन्तव्यको अनुदित पाठ)

४ इतिहासको प्रवाहमा हामी किन पछि पर्‍यौँ, यसको जवाफ खोजौँ १४३
(सिचुआन विश्वविद्यालय, छेङ्दुमा २७ मार्च २०१६ मा दिनुभएको मन्तव्यको अनुदित पाठ)

तीन - मुलुक भित्र विभिन्न अवसरमा गरिएका मुख्य सम्बोधन १५१

१ यस बिन्दुलाई नयाँ माइलस्टोनका रूपमा लिनु पर्दछ १५३
(२०७२ कार्तिक २ गते नेपाल सरकारका सचिव र वरिष्ठ अधिकारीहरूलाई प्रधानमन्त्री कार्यालय, सिंहदरबारमा गर्नुभएको सम्बोधन)

२ हाम्रो आकाङ्क्षा – सामाजिक न्याय, समानता र राष्ट्रिय एकता १६२
(२०७२ कार्तिक १३ गते राष्ट्रपति कार्यालयमा आयोजित निवर्तमान राष्ट्रपति डा. रामवरण यादवको बिदाइ समारोहमा गर्नुभएको सम्बोधन)

३ हाइट र लाइट भएको चीजलाई टाढैबाट देख्न सकिन्छ १६६
(२०७२ आश्विन ३० गते होटल सोल्टी, ताहाचलमा आयोजित गैर-आवासीय नेपाली महासङ्घको सम्मेलनको समापन समारोहमा गरिएको सम्बोधन)

४ सरकार तीव्र परिवर्तनमा दृढ १७५

(२०७२ कार्तिक १ गते प्रधानमन्त्री निवास बालुवाटारमा एनआरएनका नवनिर्वाचित पदाधिकारीहरूको सम्मानमा आयोजित चियापानमा व्यक्त गर्नुभएको मन्तव्य)

५ हामी हाम्रो बोटबाट आँप नझरोस् भन्ने चाहन्छौँ १७९

(२०७२ पुस २८ गते नेपाल प्रज्ञा प्रतिष्ठानको ३०औँ प्राज्ञ सभालाई गर्नुभएको सम्बोधन)

६ मान्छेको बारेमा मरेपछि थाहा हुँदोरहेछ १८९

(२०७२ फागुन २७ गते मेची पर्यटन प्रवर्द्धन अभियानका सन्दर्भमा झापाको खुदुनाबारीमा दिनुभएको मन्तव्य)

७ निजामती सेवामा महिला सहभागिता १९३

(२०७२ पुस २२ गते निजामती सेवामा महिला सहभागिताका विषयमा स्टाफ कलेज, जाउलाखेलमा व्यक्त गर्नुभएको मन्तव्य)

८ सेवा र परोपकारी भावना - समयको माग २००

(२०७२ पुस २१ गते नेपाल स्काउटको दीक्षान्त समारोहमा दिनुभएको मन्तव्य)

९ असहमति लोकतन्त्रमा ठूलो कुरा होइन २०४

(२०७२ पुस ११ गते रिपोर्टर्स क्लब, नेपालका प्रतिनिधिमण्डलसँग व्यक्त गर्नुभएका विचारहरू)

१० उत्कृष्टको पगरी होइन, काम चाहिएको छ २११

(२०७२ पुस १८ गते संविधान कार्यान्वयन र राष्ट्रिय एकता सुदृढीकरण अभियान अन्तर्गत नेकपा (एमाले) को विशेष सम्पर्क कमिटीले काठमाडौँमा आयोजना गरेको कार्यक्रममा प्रस्तुत मन्तव्य)

११ सही उद्देश्यका अगाडि गलत विचार टिक्न सक्दैनन् २२१

(२०७२ पुस १६ गते मदन भण्डारी स्पोर्टस एकेडेमीद्वारा दशरथ रङ्गशालामा आयोजित कार्यक्रममा गर्नुभएको सम्बोधन)

१२ हाम्रो नारा-समृद्ध नेपाल, सुखी नेपाली २२४

(२०७३ असार १४ गते जननेता मदन भण्डारीको ६५औँ जन्मजयन्तीको अवसरमा नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजित मदन भण्डारी राष्ट्रिय पुरस्कार वितरण समारोहमा प्रस्तुत मन्तव्य)

१३ **आफै नाकामा बस्ने अनि नाकाबन्दी खोल्नुपऱ्यो भन्ने ?** २२७
(२०७२ पुस १३ गते नेपाल उद्योग वाणिज्य महासङ्घ, चेम्बर, परिसङ्घका प्रतिनिधि उद्योगी, व्यापारीहरूलाई बालुवाटारमा गर्नुभएको सम्बोधन)

१४ **हाम्रो संस्कृति - हाम्रो गौरव** २३३
(२०७२ पुस १० गते ज्यापु दिवसका अवसरमा काठमाडौँमा दिनुभएको मन्तव्य)

१५ **शिक्षा जीवनका लागि हुनुपर्छ** २३६
(काठमाडौँ विश्वविद्यालयको दीक्षान्त समारोहमा प्रस्तुत मन्तव्य)

१६ **नेपाल विरुद्ध काम गर्नेलाई जनताले अस्वीकार गर्नुपर्छ** २४०
(२०७२ पुस ६ गते इटहरीमा आयोजित सुनसरी जिल्ला परिषद् बैठकको उद्घाटन समारोहको सम्बोधन)

१७ **बुझ्नेलाई श्रीखण्ड, नबुझ्नेलाई खुर्पा बिँड** २५३
(नेकपा (एमाले), नुवाकोट जिल्ला कमिटीको छैटौँ अधिवेशनमा सम्बोधन)

१८ **सार्वभौमसत्ता सम्पन्न राष्ट्र, स्वाधीन भएरै चल्छ** २६३
(२०७२ पुस ३ गते नेकपा (एमाले) कैलालीद्वारा अत्तरियामा आयोजित जनसभालाई सम्बोधन)

१९ **यो माघीले राष्ट्रिय एकताको सन्देश दिनुपर्छ** २७३
(२०७२ माघ १ गते माघी महोत्सवका अवसरमा काठमाडौँमा गर्नुभएको सम्बोधन)

२० **नेपाल प्रहरी खरो उत्रिएको छ** २७९
(२०७२ कार्तिक ३० गते ६०औँ प्रहरी दिवसका अवसरमा प्रहरी प्रधान कार्यालय, नक्सालमा गर्नुभएको सम्बोधन)

२१ **पुनर्निर्माणको बाटो खुलेको छ** २८३
(२०७२ साल पुस २९ गते राष्ट्रिय पुनर्निर्माण परामर्श समितिको पहिलो बैठकको मन्तव्य)

२२ **राष्ट्रिय हितअनुकूल अन्तर्राष्ट्रिय सम्बन्ध** २८७
(२०७२ पुस २१ गते संसदीय दलको बैठकमा सम्बोधन)

२३ **अबको सरकार कोदालो खन्नेहरूको हो** २९४
(ललितपुर र मकवानपुर जोड्ने भोलुङ्गे पुल उदघाटन कार्यक्रमको मन्तव्य)

१४	**अबको समय – विकास निर्माण र समृद्धिको समय** (नेपाल इन्जिनियर्स एसोसिएशनद्वारा इन्जिनियरिङ कलेज, पुल्चोकमा आयोजित कार्यक्रममा व्यक्त विचारहरू)	२९८
१५	**हामी नेपाललाई विभिन्न जातजाति र भाषाभाषीको एकताको राष्ट्र बनाउँछौं** (२०७२ पुस १५ गते तमु ल्होसारका अवसरमा आयोजित कार्यक्रममा सम्बोधन)	३०८
१६	**कला, साहित्य र संस्कृतिले देशलाई प्रतिबिम्बित गर्छन्** ('फूलैफूलको मौसम तिमीलाई' को समारोहमा कलाकारहरूका बीच राख्नुभएको मन्तव्य)	३१२
१७	**म भन्छु – हामी एकताबद्ध भएरै अगाडि बढ्नुपर्छ** (२०७२ साल कार्तिक १३ गते प्रधानमन्त्री निवास, बालुवाटारमा आयोजित विभिन्न पार्टीका नेता तथा सांसदहरूबीचको भेटघाट एवम् दिवाभोज कार्यक्रममा व्यक्त विचारहरू)	३१६
१८	**मानवअधिकार मेरो नैसर्गिक मान्यता हो** (२०७३ जेठ १३ गते मानव अधिकार आयोगको स्थापना दिवसको अवसरमा प्रस्तुत मन्तव्य)	३२१
१९	**अर्को इतिहास आरम्भ भएको छ** (२०७२ साल कार्तिक १२ गते अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ वानेश्वरमा आयोजित संयुक्त संसदीय दलको बैठकमा व्यक्त गर्नुभएका विचार)	३२४
२०	**शिक्षा नै देश विकासको पहिलो आधार** (२०७३ साल वैशाख ८ गते पोखरा विश्वविद्यालयको १३औँ दीक्षान्त समारोहमा पोखराको मन्तव्य)	३२७
२१	**सरकार जनताको सेवाका लागि समर्पित छ** (२०७३ बैशाख ८ गते पोखराको पुरनचौरस्थित कृषि क्याम्पसको भवन शिलान्यासका क्रमको मन्तव्य)	३३०
२२	**म नेपाली जनताप्रति ऋणी छु** (२०७२ कातिक ४ गते नेकपा एमाले झापा र विभिन्न सामाजिक सङ्घ संस्थाहरूद्वारा आयोजित अभिनन्दन कार्यक्रमको सम्बोधन)	३३५

३३ **हामीले नयाँ अध्यायको शुरूआत गरेका छौँ** ३४०
(२०७३ असार ३ गते परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठको पुस्तक विमोचन कार्यक्रमको मन्तव्य)

३४ **साम्प्रदायिक र विद्वेषकारी विचारलाई राष्ट्रले अस्वीकार गरेको छ** ३४२
(२०७३ असार ३ गते पेशागत महासङ्घको छैटौँ महाधिवेशनका अवसरमा काठमाडौँमा आयोजित समारोहमा सम्बोधन)

३५ **अब दुराहरू डाक्टर, इन्जिनियर बन्नुपर्छ** ३४८
(२०७३ वैशाख २ गते दुरा समाजको वार्षिक उत्सवको अवसरमा आयोजित समारोहमा प्रस्तुत मन्तव्य)

३६ **एक वर्षमा लोडसेडिङ समाप्त हुन्छ** ३५१
(वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा काठमाडौँमा आयोजित वैकल्पिक ऊर्जा प्रदर्शनीको उद्घाटनका सन्दर्भमा व्यक्त विचारहरू)

३७ **पुनर्निर्माणमा बाधा पुऱ्याउने काम नहोस्** ३५६
(उद्धार तथा राहतसम्बन्धी समितिको बैठकमा व्यक्त विचारहरू)

३८ **कहिल्यै बिर्सन नसकिने व्यक्तित्व** ३६१
(२०७३ पुस ८ गते पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको स्मृति दिवसका अवसरमा ललितपुरको बोडेमा आयोजित कार्यक्रमको मन्तव्य)

३९ **हामी सबै एक भएपछि नै नेपाल हुन्छ, नेपाली हुन्छन्** ३६७
(हजबाट फर्किएका मुस्लिमहरूको समारोहमा सम्बोधन)

४० **प्रणालीगत लोकतन्त्र हाम्रो सामाजिक जीवनपद्धति हो** ३७२
(राजनीतिक पार्टीको लोकतान्त्रीकरणको माध्यमबाट लोकतन्त्रको सबलीकरण गर्ने सम्बन्धमा आयोजित विचार गोष्ठीमा व्यक्त विचारहरू)

४१ **नयाँ-पुराना सबै पाप कट्ने गरी काम गर्नुपऱ्यो** ३७७
(विकास समितिको बैठकमा व्यक्त गर्नुभएका विचारहरू)

४२ **हामीले ठूलो फड्को मारेका छौँ** ३८५
(२०७२ माघ १ गते डा. अरुण सायमिद्वारा लिखित 'कार्डियोलोजी एन्ड क्रिटिकल केयर' नामक पुस्तक विमोचन कार्यक्रममा व्यक्त विचारहरू)

चार - मैले सपना किन देखें ? ३९१
प्रधानमन्त्री ओलीको बिदाइ अन्तर्वार्ता

पाँच - भारत र चीन भ्रमण ४१७

१ **भारतको राजकीय भ्रमण – प्रेस नोट** ४१९
(भारतको राजकीय भ्रमण सकेर फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीहरूबीच वितरित प्रेस नोट, २०७२ फागुन १२, काठमाडौँ ।

३ **जनवादी गणतन्त्र चीन र नेपालले जारी गरेको संयुक्त प्रेस-वक्तव्य** ४२७

केपी शर्मा ओली : सङ्क्षेपमा ४३७



औपचारिक सम्बोधन

१

राष्ट्रका नाममा पहिलो सम्बोधन

(२०७२ साल कार्तिक २९ गते सरकारी निवास,
बालुवाटारबाट देशवासीको नाममा गर्नुभएको सम्बोधन)

अघोषित नाकाबन्दीका कारण सिर्जित समस्यालाई समाधान गर्न सरकार अहोरात्र खटिरहेको यथार्थसँग तपाईंहरू परिचित हुनुहुन्छ। विगतका कतिपय त्रुटिपूर्ण निर्णयहरू, मित्रराष्ट्रहरूसँगको सम्बन्ध सञ्चालनमा रहेका समस्या र हाम्रो अल्पविकासको स्थितिका कारण हामी अति परनिर्भर र एउटै मुलुक तथा निश्चित नाकाहरूमा बढी आश्रित रहेछौं भन्ने कुरा यसपटक स्पष्ट भएको छ। आत्मनिर्भरता होइन परनिर्भरता र सन्तुलित एवं विविधतापूर्ण व्यापार सम्बन्ध होइन, असन्तुलित र एकतर्फी व्यापार सम्बन्ध हामीले भोग्दै आएको 'नियति' रहेछ भन्ने कुरा यस घटनाले स्पष्ट पारेको छ। यसबाट अब हाम्रा आँखा खुल्नुपर्छ र पाठ सिक्नुपर्छ। यस 'नियति' लाई अवसरमा बदल्दै स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नेतर्फ लाग्नु हाम्रो प्रमुख दायित्व हुनेछ।

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू !

नेपालको नयाँ संविधान जारी भएपश्चात् गठन भएको पहिलो सरकारको प्रधानमन्त्रीको रूपमा तपाईहरूलाई सम्बोधन गर्न पाउँदा म गौरवान्वित भएको छु । वर्तमान सरकार गठनमा प्राप्त तपाईंहरूको गहिरो विश्वास र व्यवस्थापिका-संसदका माननीय सदस्यहरूको समर्थन तथा सद्भावका लागि म हार्दिक आभार प्रकट गर्दछु । वर्तमान सरकारसँग रहेको आमजनताको अपेक्षा पूरा गर्न र इतिहासको यस महत्वपूर्ण कालखण्डमा आफ्नो काँधमा आएको जिम्मेवारी सम्पन्न गर्न पूर्णरूपले समर्पित रहने विश्वास दिलाउन चाहन्छु ।

अनेकौँ प्रतिकूलताहरूलाई चिर्दै गत असोज ३ गते ऐतिहासिक संविधानसभाबाट नेपालको संविधान जारी भएको छ । यस ऐतिहासिक घोषणासँगै नेपाली जनताको लामो संघर्षमा प्रकट आकाङ्क्षा पूरा भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय, समानुपातिक समावेशिता, धर्मनिरपेक्षता जस्ता क्रान्ति तथा जनआन्दोलनका उपलब्धिहरू संस्थागत भएका छन् । निर्माण प्रक्रिया र अन्तरवस्तु दुवै दृष्टिबाट नेपालको संविधान कुनै पनि लोकतान्त्रिक देशको संविधानसँग तुलना गर्दा उत्कृष्ट रहेकोमा हामी सबैले गौरव गर्न सक्छौँ । संविधानको प्रभावकारी कार्यान्वयनका माध्यमबाट शान्त, लोकतान्त्रिक र समृद्ध नेपाल निर्माण गर्ने आधार तयार भएको छ । शान्ति प्रक्रिया मूलतः पूरा भएको छ र झण्डै एक दशक लामो सङ्क्रमणकाल समाप्त भएको छ र राजनीतिक समस्या समाधान भएको छ । यस सिलसिलामा जीवन उत्सर्ग गर्ने वीर शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु, आन्दोलन र संविधान निर्माणमा त्याग र योगदान गर्दै महत्वपूर्ण भूमिका निर्वाह गर्ने नेता, कार्यकर्ता

र जनसमुदायप्रति उच्चसम्मान प्रकट गर्दछु । ऐतिहासिक जनआन्दोलन र संविधानसभाको निर्वाचनबाट प्राप्त जनादेश अनुरूप संविधान निर्माण लगायतका आधारभूत राजनीतिक कार्य सम्पन्न भएको यस महत्वपूर्ण घडीमा म सार्वभौम नेपाली जनतालाई हार्दिक अभिनन्दन गर्दछु ।

नेपाल राष्ट्रले दिगो र समावेशी संवैधानिक व्यवस्थापनको आवश्यकता र महत्वलाई आत्मसात् गरेरै संविधानसभाबाट लोकतान्त्रिक संविधान निर्माण गरेको कुरा छर्लङ्गै छ । यस संविधानले सबै नेपालीका लागि समान अधिकार–समान अवसर, बराबरी सुरक्षा–उत्तिकै सम्मान प्रत्याभूत गरेको छ । यसरी सबै जाति, भाषा, संस्कृति, क्षेत्र र लिङ्गका नागरिकका हक-अधिकार सुनिश्चित भएका छन् । विभिन्न कारणले युगौँदेखि पछाडि परेका/पारिएका समुदायका लागि औपचारिक समानता मात्र पर्याप्त नभई सारपूर्ण समानता आवश्यक छ भन्ने निष्कर्षकासाथ संविधानले महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडावर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, श्रमिक, विपन्न वर्गका जनता र पिछडिएका क्षेत्र लगायतका लागि सामाजिक न्याय, समानुपातिक र समावेशी प्रतिनिधित्व तथा शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अधिकारहरूको व्यवस्था गरेको छ । कुनै समुदाय विशेषको भएकै कारण संविधानले विभेद गरेको छ भनेर आरोप लगाउनु या त संविधानको अध्ययन नै नगरेको स्थिति हो या सुनियोजित किसिमले संविधानको अपव्याख्या गरेर निहित राजनीतिक अभीष्ट पूरा गर्न खोज्नु हो भन्ने ठान्दछु ।

संविधान गतिशील दस्तावेज भएकोले यसमा सुधार र विकास गर्दै जान सकिने पर्याप्त आधारहरू छन् । मैले यस अघि पनि भनेको छु- जनचाहना, राष्ट्रिय हित र औचित्यका आधारमा संविधानमा संशोधन हुनसक्छ । त्यसरी नै, प्रस्तावित प्रदेशका सीमाहरू पनि आवश्यकता र अनुभवका आधारमा परिमार्जन गर्न सकिन्छ । तराई मधेसमा आन्दोलनरत दलहरूसँगको समझदारीका आधारमा संविधान संशोधन विधेयकलाई अगाडि बढाउन र प्रादेशिक सीमाको बारेमा छलफल र राजनीतिक सहमतिका आधारमा संविधानमा व्यवस्था गर्न सरकार तयार छ । अतः जारी वार्तालाई छिटोभन्दा छिटो सार्थक परिणाममा पुऱ्याउन आन्दोलनरत पक्षलाई म पुनः आह्वान गर्दछु ।

संविधानको प्रभावकारी कार्यान्वयनका लागि संविधान निर्माणमा मुख्य भूमिका खेल्ने प्रमुख राजनीतिक दलहरूका साथै संविधानसभामा रहेका सबै दलहरूकाबीच सहमति र सहकार्य आवश्यक छ भन्ने मेरो धारणा रहिआएको छ । यही आवश्यकतालाई बोध गरेर संवैधानिक र राजनीतिक सङ्कटबाट देशलाई निकास दिन तथा संविधानसभाको निर्वाचन र तत्पश्चात् सरकार गठन गर्न एवं संविधान निर्माणमा हामीले महत्वपूर्ण योगदान गरेका छौँ । संविधान घोषणा पश्चात् पनि सरकार लगायत राज्यका मुख्य अङ्गहरू सहमतिकै आधारमा गठन गर्ने र मुख्य दलहरूबीचको एकतालाई कायम रास्दै अगाडि बढ्नुपर्छ भन्नेमा हामीले जोड दिदै आएका हौँ । यसै अनुरूप संविधान जारी हुनु धेरै अघि प्रमुख राजनीतिक दलहरूका बीच भद्र सहमति पनि भएको थियो । आमजनताको चाहना पनि मुख्य दलहरू मिलेरै अगाडि बढुन् भन्ने थियो र छ । त्यसैले संविधानको कार्यान्वयन, देशले सामना गरिरहेको अघोषित नाकाबन्दीको अन्त्य, राष्ट्रिय स्वाधीनता, समृद्धि, स्वाभिमानको रक्षा र भूकम्पपछिको पुनर्निर्माण जस्ता राष्ट्रिय अभिभारा पूरा गर्न राजनीतिक दलहरूबीच सहमति र सहकार्य कायम हुनेमा मैले विश्वास लिएको छु ।

आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरू !

तपाईहरूलाई सम्बोधन गरिरहेको यस समयमा नेपाल राष्ट्र इतिहासकै चुनौतीपूर्ण नवनिर्माणको चरण र संवेदनशील अवस्थाबाट गुज्रिरहेको छ । एउटा सार्वभौम राष्ट्रले, व्यापक जनसहभागिता र लोकतान्त्रिक विधिअनुरूप, जननिर्वाचित समावेशी संविधानसभाद्वारा, प्रगतिशील, जनमुखी र लोकतान्त्रिक अन्तरवस्तुसहितको संविधान जारी गर्दा यति कष्ट, पीडा र नाकाबन्दी जस्तो अमानवीय व्यवहारको सामना गर्नु पर्ला भन्ने कुरा आजको एक्काइसौँ शताब्दीमा कल्पना पनि गर्नसकिने कुरा होइन । तर आज हामी त्यस्तै अकल्पनीय पीडा ब्यहोर्न बाध्य भएका छौँ । नेपाली जनताका महान चाड-पर्वका बेलामा पनि जनताको घरमा चुल्हो बाल्न, एकअर्काकहाँ सहजै पुगेर माया र सद्भाव आदानप्रदान गर्नसमेत गम्भीर समस्या भोग्नु परेको छ । यसबाट मलाई अत्यन्त पीडा भएको छ । यस्तो प्रतिकूलतामा पनि नेपाली जनताले देखाएको संयम, सुझबुझ, सद्भाव र कष्ट सहन गर्ने क्षमता अभूतपूर्व र प्रशंसनीय छ । यसका लागि म हृदयदेखि नै आभार प्रकट गर्दछु ।

डेढ महिनादेखिको अघोषित नाकाबन्दीले राष्ट्रिय जीवन नै नराम्ररी प्रभावित भएको छ । गत वैशाखमा गएको विनाशकारी भूकम्पले काठमाडौँ उपत्यका लगायत पहाडी र हिमाली भूभागका अधिकांश जिल्लालाई थिलथिलो बनाएको थियो । भूकम्पको कारण झण्डै नौ हजार मानिसहरूको मृत्यु भएको थियो भने २३ हजार मानिसहरू घाइते भएका र लाखौँ मानिसहरू घरबारविहीन भएका थिए । प्रारम्भिक अनुमानअनुसार सात खर्ब भन्दा बढी क्षति भएको यस प्राकृतिक विपत्तिलाई तराइ-मधेसले एकहदसम्म थेग्छ भन्ने सोचिएको थियो । तर त्यहाँ जारी बन्द-हडताल र दक्षिणी सीमा इलाकामा भएको अघोषित नाकाबन्दीबाट आर्थिक, सामाजिक र मनोवैज्ञानिक हिसाबमा भूकम्पबाट भन्दा धेरै गुणा क्षति पुगेको छ । यसले तराई-मधेसका जनतालाई समेत आक्रान्त तुल्याएको छ ।

विभिन्न बाहानामा नेपाल-भारत सीमा नाकामा आयात-निर्यात अवरुद्ध गरिँदा आज नेपालले गम्भीर मानवीय सङ्कटको सामना गर्नु परिरहेको छ । इन्धन, औषधि, खाद्यान्नलगायत अत्यावश्यक वस्तुहरू बोकेका सयौँ ट्रकहरू भारततर्फको सीमाक्षेत्रमा रोकिएका छन् । फलस्वरूप इन्धन र औषधि समेतको अभाव भई बिरामीहरूको जीवन जोखिममा परेको छ । रगत सङ्कलन गर्ने प्याकेटहरूको कमीले ब्लड बैङ्कहरूमा रगतको अभाव भएबाट सुत्केरी र शल्यक्रिया गर्नुपर्ने बिरामीहरू उच्च जोखिममा परेका छन् । बालबालिकाहरूको जीवन औषधोपचार र पोषणयुक्त खानाको अभावमा खतरामा परेको छ । इन्धनको अभावमा एम्बुलेन्स, चिकित्सक र स्वास्थ्यकर्मीका सवारी साधन चल्न नसक्ने र अत्यावश्यक सामग्रीको अभावमा अस्पताल नै बन्द हुने तथा इन्धनको अभावले पानी तान्न नसकी त्यसको पूर्ति हुन नसक्ने जस्तो पीडादायक अवस्था सिर्जना भएको छ । यसरी युद्धको बेलामा समेत हुन नहुने सङ्कट देखा परेको छ । भूकम्पले विनाशको पीडा भोगेको देशमाथि भएको यस्तो व्यवहारलाई मानवीय संवेदना भएको जो कोहीले पनि दुःखद र अमानवीय भन्नैपर्ने हुन्छ ।

दक्षिणी सिमानामा भएको अघोषित नाकाबन्दीबाट स्वतन्त्र राष्ट्रको सार्वभौमिकताको सम्मान गरिनुपर्ने संयुक्त राष्ट्रसङ्घको बडापत्र, पञ्चशीलका सिद्धान्तहरू, दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनको बडापत्र एवं समुद्री कानुनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिले प्रत्याभूत गरेको भूपरिवेष्ठित राष्ट्रहरूको पारवहन अधिकार, नेपाल-भारतबीच भएका व्यापार र पारवहन सन्धि एवम् दुई देशबीच युगौँ पुरानो मित्रतापूर्ण सम्बन्ध तथा दुई देशका जनताको

भावनाको अवमूल्यन र उल्लङ्घन भएको छ । अग्रिम रकम भुक्तानी भइसकेको पेट्रोलियम पदार्थसमेत आपूर्ति नगर्ने भारतीय आयल निगमको व्यवहारले व्यापार सम्बन्धका सामान्य संहिताको समेत उल्लङ्घन भएको छ । नेपाली भूभागमा अवरोध भयो भनिएको स्थानबाट मात्र हैन, कुनै सुरक्षा समस्या नभएको स्थानबाट समेत आपूर्ति सुचारु नहुनुले मलाई विस्मित तुल्याएको छ । यस स्थितिले नेपाल र भारतका बीच रहेको सुमधुर सम्बन्ध अप्रिय भएकोमा कुनै शङ्का छैन । यसबाट कसैको पनि हित नहुने भएकोले यस्तो अवस्था लामो समयसम्म नरहने र दुई देशबीचको समझदारीबाट पूर्ववत् स्थिति कायम हुनेछ भन्ने अपेक्षा गरेको छु । यस दिशामा हाम्रा प्रयत्न जारी छन् र मित्रराष्ट्र भारतको सरकारलाई पनि यसमा योगदान गर्न हार्दिक आग्रह गर्दछु ।

तराई मधेसमा जारी बन्द–हडतालका कारण उद्योग-धन्धाहरू बन्द हुनु, पर्यटक आगमनमा कमी आउनु, भन्सारबाट आयात-निर्यात ठप्प हुनु र उत्पादित वस्तुहरू बजारसम्म पुग्न नसक्ने अवस्था सिर्जना भई भूकम्पले थिलथिलो पारेको मुलुकको अर्थतन्त्र झन् बढी सङ्कटग्रस्त भएको छ । उद्योग-व्यवसाय बन्द हुँदा र आयातित वस्तुहरूका लागि अर्बौं रुपैयाँ ड्यामोरेज शुल्क तिर्नु पर्दा उद्यमी-व्यवसायीहरूले भोग्नुपरेको पीडाबारे हामी जानकार छौं । उद्योगमा आश्रित लाखौं श्रमिकहरूको दैनिक जीवन सङ्कटमा परेको छ । उत्पादित दूध, तरकारी र फलफूलहरू बजारसम्म पुग्न नपाउँदा र मल, बीउ तथा पशुपंक्षीका लागि आवश्यक दानालगायत वस्तुको अभावमा किसानहरू ठूलो मर्कामा परेका छन् । शिक्षणसंस्थाहरू बन्द हुँदा बीसौं लाख बालबालिकाको भविष्य अन्धकारतर्फ धकेलिएको छ । जुन समुदाय र क्षेत्रका लागि भनेर आन्दोलन गरिएको छ र सीमा-भन्सारमा अवरोध सिर्जना गरिएको छ त्यही समुदाय र क्षेत्रका जनता सबैभन्दा ठूलो मारमा परेका छन् ।

हाम्रो देश नेपाल कहिल्यै कसैको अधीनमा नरहेको, बुद्धको जन्मथलोका नेपालीहरूले विश्वयुद्धका मोर्चादेखि संयुक्त राष्ट्रसंघ अन्तर्गत शान्ति कायम गर्ने प्रत्येक अभियानमा महत्वपूर्ण योगदान गरी विश्व समुदायलाई गुण लगाएका छन् । नेपालबाट विश्वभरि शान्ति र बन्धुत्वको सन्देश प्रवाह भएको छ । धेरै पुरानो सभ्यता र स्वतन्त्रताको जीवन्त इतिहास भएका हामी नेपालीहरू अत्यन्त जटिल स्थितिमा पनि आफ्ना आन्तरिक समस्याहरू स्वयं नै समाधान गर्दै आएका छौं । अहिलेको कठिनाइलाई पनि हामी नेपालीले मिलेर पार लगाउनुपर्छ ।

अघोषित नाकाबन्दीले सर्वाधिक पीडा भूकम्प पीडितहरूलाई भएको छ । सामान्य त्रिपाल र जस्तापातामुनि वर्षायाम गुजारेका लाखौँ पीडितहरू जाडो मौसम र त्यसबाट उत्पन्न हुनसक्ने कठिनाइबाट त्रस्त छन् । नवजात शिशु, सुत्केरी आमा र वृद्धवृद्धाहरूको जीवनमा आउनसक्ने जोखिमका बारेमा सरकार संवेदनशील छ । उहाँहरूका लागि सुरक्षित र व्यवस्थित आवास निर्माण गर्ने काम तीव्ररूपमा गर्नुपर्नेमा निर्माण सामग्रीको ठूलो अभाव भएको छ । भूकम्पका कारण झण्डै पाँच लाख नागरिकहरू गरिबीको रेखामुनि धकेलिन सक्ने आकलन भएकोमा नाकाबन्दीले पार्ने बहुआयामिक असरका कारण नेपालको अर्थतन्त्र थप सङ्कटग्रस्त भई बढी नागरिकहरू गरिबीको रेखामुनि पर्नसक्ने र नेपालको विकास-यात्रामा झन् ठूलो क्षति हुनसक्ने देखिएको छ । यसरी भूकम्पले पुऱ्याएको भन्दा बढी आर्थिक र सामाजिक क्षति देशले ब्यहोर्नु पर्ने स्थितिप्रति म निकै गम्भीर भएको छु ।

देशको जुनसुकै भाग वा समुदायका समस्याहरू हामी सबैका साझा सरोकारका विषय हुन् । त्यसरी नै तराई मधेससँग सम्बन्धित विषयहरू पनि हामी सबै नेपालीका साझा विषय हुन् । तिनको उचित रूपमा सम्बोधन गर्नु नेपाल सरकारको मुख्य जिम्मेवारी हो भन्नेमा म स्पष्ट छु । राष्ट्रिय हित र एकताको पक्षमा उभिनु सबै नेपालीको कर्तव्य हो भन्ने म ठान्दछु । तराई मधेसका जनताको देशभक्ति र राष्ट्रिय समृद्धिको आकाङ्क्षाको म सम्मान गर्दछु । तराई-मधेसमा भइरहेको बन्द-हडताल र त्यसले जनता तथा देशको हित प्रतिकूल पारेका चौतर्फी असरबारे गम्भीर हुन म आन्दोलनरत पक्षलाई आग्रह गर्दछु । लाखौँ विद्यार्थीहरूको भविष्य बर्बाद हुने, किसानहरूको जीवन कष्टकर हुने, दिनभरि श्रम गरेर साँझको छाक टार्नुपर्ने श्रमिकहरू भोकभोकै रहने र समष्टिमा, नेपालको विकासमा 'इन्जिन'को भूमिका खेल्न सक्ने तराई-मधेसमा औद्योगीकरण, बाह्य लगानी, व्यवस्थित शहरीकरण र तीव्र आर्थिक विकासका सम्भावनाहरूमा गम्भीर र दीर्घकालीन प्रतिकूल असर पार्ने आन्दोलनबारे पुनर्विचार गर्न म हार्दिक आग्रह गर्दछु ।

आन्तरिक मामिला र मतभेदका विषयमा बाह्य पक्षको संलग्नता भित्र्याउँदा सिर्जना हुनसक्ने जटिलता र यसका लागि चुक्ता गर्नुपर्ने मूल्यप्रति संवेदनशील हुन म सम्बद्ध सबैको ध्यानाकर्षण गर्दछु । मैले भन्नैपर्छ- आन्दोलनले तराई-मधेसका सर्वसाधारण नागरिकलाई झनै पछाडि धकेलेको छ । त्रासदपूर्ण टीकापुर घटना

र त्यसपछिका हिंसाको शृङ्खलामा परी सुरक्षाकर्मीसहित ४७ जनाको ज्यान जानु ज्यादै दुःखद स्थिति हो । सबै मृतकहरूप्रति श्रद्धाञ्जलि तथा शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु । मृतकका परिवारलाई जनही रु. दश लाख प्रदान गर्ने, घाइतेहरूको निःशुल्क उपचारको व्यवस्था गर्ने र गम्भीर अपराधमा संलग्न रहेकाहरू बाहेक अन्य सबैका मुद्दाहरू फिर्ता लिने प्रक्रिया प्रारम्भ भइसकेको छ । यस्तो स्थितिमा, जनजीवनमा थप कष्ट नपुऱ्याउन, सामाजिक-साम्प्रदायिक सद्भाव खलबलिन नदिन र कुनै पनि प्रकारको अतिवादले खेल्ने ठाउँ नपाओस् भन्ने कुरामा सजग हुँदै आन्दोलनलाई स्थगित गरी वार्ताको माध्यमबाट समस्याको समाधानमा अर्थपूर्ण योगदानका लागि सम्बद्ध सबै पक्षलाई हार्दिक आह्वान गर्दछु ।

आन्दोलनको नाममा भइरहेका लोकतन्त्र विपरीतका गतिविधिहरूप्रति सचेत रहन सबैलाई आग्रह गर्दछु । जनताको जिउ-धनको रक्षा गर्ने, समाजमा शान्ति, सुरक्षा र अमन चैन कायम गर्ने, कानुनको शासन र मानवअधिकारको प्रत्याभूति, आधुनिक लोकतान्त्रिक राज्यका प्राथमिक कर्तव्य हुन् भन्ने मैले बुझेको छु र त्यसका निम्ति म प्रतिबद्ध छु । राज्यको प्रभावकारी उपस्थिति सहित उद्योग व्यवसायको सुरक्षा र जनतालाई सेवा प्रदान गरिने छ । आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकारको पनि सम्मान हुने, सबैको स्वतन्त्र आवागमन र अभिव्यक्ति स्वतन्त्रताको निर्वाध उपभोग गर्ने वातावरण कायम राख्दै हिंसा, अराजकता र आतङ्कपूर्ण स्थितिको सिर्जना हुन नदिनेतर्फ सरकार सक्रिय रहनेछ ।

दाजुभाइ तथा दिदीबहिनीहरू !

अघोषित नाकाबन्दीका कारण सिर्जित समस्यालाई समाधान गर्न सरकार अहोरात्र खटिरहेको यथार्थसँग तपाईंहरू परिचित हुनुहुन्छ । विगतका कतिपय त्रुटिपूर्ण निर्णयहरू, मित्रराष्ट्रहरूसँगको सम्बन्ध सञ्चालनमा रहेका समस्या र हाम्रो अल्पविकासको स्थितिका कारण हामी अति परनिर्भर र एउटै मुलुक तथा निश्चित नाकाहरूमा बढी आश्रित रहेछौं भन्ने कुरा यसपटक स्पष्ट भएको छ । आत्मनिर्भरता होइन परनिर्भरता र सन्तुलित एवं विविधतापूर्ण व्यापार सम्बन्ध होइन, असन्तुलित र एकतर्फी व्यापार सम्बन्ध हामीले भोग्दै आएको 'नियति' रहेछ भन्ने कुरा यस घटनाले स्पष्ट पारेको छ । यसबाट अब हाम्रा आँखा

खुल्नुपर्छ र पाठ सिक्नुपर्छ । यस 'नियति' लाई अवसरमा बदल्दै स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नेतर्फ लाग्नु हाम्रो प्रमुख दायित्व हुनेछ ।

सङ्कटको यस घडीमा हामीले आपतकालीन सहयोगका लागि गरेको अनुरोधलाई स्वीकार्दै मित्रराष्ट्र चीनले अनुदानस्वरूप इन्धन प्रदान गरेकोमा हार्दिक धन्यवाद दिन चाहन्छु । सदियौँदेखि हाम्रो व्यापारिक साझेदार रहँदै आएको चीनसँग समयानुकूल व्यापार बिस्तार गर्दै नेपाललाई आवश्यक पर्ने पेट्रोलियम पदार्थलगायतका वस्तुहरू आयात गर्ने दिशामा सरकारले प्रयत्न गर्नेछ । चीनसँग जोडिएका नेपाल तर्फका सडक स्तरोन्नति गरिने छ । पेट्रोलियम पदार्थको आयातका लागि अन्य मित्रराष्ट्रहरूसँगको पहललाई अघि बढाइने छ ।

म स्पष्ट पार्न चाहन्छु- यो निर्णय कुनै देशका विरुद्ध लक्षित होइन, नेपालको व्यापार सम्बन्धलाई विविधतायुक्त र सन्तुलित बनाउने कदम हो । नेपाल अहिले व्यापार घाटा र असन्तुलनको भारीले थिचिएको छ । हामी मित्रराष्ट्र भारतसँग भूपरिवेष्ठित राष्ट्रका हैसियतले समुद्रसम्मको पहुँचको हक तथा निर्बाध पारवहन अधिकार कुण्ठित नहुने र वस्तुहरूको आयात निर्यातमा कुनै प्रतिकूल असर नपर्ने गरी दुई देशबीच ऐतिहासिक सम्बन्धलाई विकास गर्न चाहन्छौँ ।

परनिर्भरता र पराश्रित अवस्थाको अन्त्य गर्न सरकारले आत्मनिर्भरतातिर सार्थक र परिणाममुखी पहल गर्नेछ । सरकारको सर्वोपरि जोड स्वच्छ र नवीकरणीय ऊर्जाको विकासद्वारा आत्मनिर्भर बन्ने कुरामा रहनेछ । एक वर्षसम्ममा लोडसेडिङको अन्त्य गर्दै विद्युतीय तथा जैविक ऊर्जाद्वारा खाना पकाउने र ग्याँसमाथिको निर्भरतालाई न्यून गर्ने घोषणा मैले गरिसकेको छु । यसका लागि सरकारले चालू जलविद्युत आयोजना र प्रसारण लाइनहरूको निर्माण द्रुत गतिमा सम्पन्न गर्ने, साना र मझौला आयोजनामा लगानी गर्न चाहनेहरूलाई प्रोत्साहन दिने, विद्युत खरिद सम्झौतालाई सहजरूपमा अगाडि बढाउने र नवीकरणीय ऊर्जालाई उच्च प्राथमिकता दिनेछ । सौर्य ऊर्जाका माध्यमबाट एक वर्षमा २०० मेगावाट विद्युत उत्पादन गरी राष्ट्रिय प्रसारण लाइनमा जोडिने छ । सेना, प्रहरी र सशस्त्र प्रहरीका ब्यारेकहरू, विद्यालय र होस्टेलहरू, कारागार लगायतका स्थानमा जैविक ग्याँस र ऊर्जा उत्पादन गर्न तत्काल काम शुरु गरिने छ । फोहरबाट ऊर्जा उत्पादनका लागि ठोस कदम चालिने छ । जियोथर्मल प्लान्ट लगायत ऊर्जाका अन्य वैकल्पिक उपायहरूको सम्भाव्यता अध्ययन गरी काम अगाडि बढाइने छ । विद्युतीय चुल्होको उत्पादन

तथा प्रयोगलाई प्रोत्साहन दिइने छ । शहरी क्षेत्रमा विद्युतीय सार्वजनिक सवारी साधनहरूलाई विशेष प्राथमिकता दिदै किफायती र विद्युतीय सवारी साधनको प्रयोग बढाउन ठोस योजना र कार्यक्रम ल्याइने छ । काठमाडौँ उपत्यकामा विद्युतीय मेट्रो–रेल सञ्चालनको लागि तयारी कार्य तत्काल अघि बढाइने छ । तत्कालीन र दीर्घकालीन दृष्टिले इन्धन भण्डारण क्षमता वृद्धि गरिने छ । पेट्रोलियम पदार्थको अन्वेषणमा विगतमा शुरु गरिएको कामलाई तीव्रता दिइने छ । सरकारले मितव्ययिताको नीति अवलम्बन गर्नेछ । आम नेपाली दिदीबहिनी र दाजुभाइहरूलाई सङ्कटको यस घडीमा र पछि पनि स्वदेशी उत्पादन वृद्धि गर्न र सम्भव भएसम्म स्वदेशी उत्पादन प्रयोग गर्न, इन्धनको प्रयोगमा फारोतिनो गर्न र दुःखको बेलामा एक अर्कालाई सहयोग गर्न म आग्रह गर्दछु ।

कृषिप्रधान मुलुक भएर पनि खाद्यान्न, तरकारी र मासुलगायतका कृषिजन्य वस्तुहरूमा निरन्तर बाह्यनिर्भरता बढ्दै जानु बिडम्बना हो । यस्तो स्थितिलाई अन्त्य गर्न खेतीयोग्य जमिन बाँझो नराख्ने नीति लिई कृषि सहकारी, कृषक समूह र व्यक्तिगतरूपमा खेती गरिरहेका किसानहरूलाई प्रोत्साहनका लागि सरकारले तत्काल नयाँ योजना अगाडि बढाउनेछ । आगामी दुई वर्षभित्रमा आधारभूत खाद्यवस्तुहरूमा आत्मनिर्भर हुने कार्ययोजना सरकारले ल्याउनेछ ।

विनाशकारी भूकम्पले राष्ट्रिय अर्थतन्त्रमा ठूलो असर गरेको छ । व्यवस्थापिका-संसदमा विचाराधीन पुनर्निर्माणसम्बन्धी विधेयक यथाशीघ्र पारित गर्दै पुनर्निर्माण प्राधिकरण तत्काल गठन गरिने छ । मित्रराष्ट्र र दातृ निकायहरूको सहयोगमा पुनर्निर्माण कार्यलाई तीव्र गतिमा अगाडि बढाउन सरकार प्रतिबद्ध छ । भूकम्प पीडित जनताका लागि आवास, ध्वस्त सरकारी र सार्वजनिक संरचनाहरू तथा पुरातात्विक महत्वका सांस्कृतिक सम्पदाहरूको पुनर्निर्माणको काम तत्काल आरम्भ गर्न सरकार दृढ छ । यस सन्दर्भमा भूउपयोग नीतिको कार्यान्वयन गरिने छ । स्वयंसेवी भावना, स्वदेशी साधन-स्रोतको प्रयोग र जनसहभागितालाई विशेष प्राथमिकता दिइने छ ।

"नेपाली योजना, अन्तर्राष्ट्रिय साथ : राज्यको नेतृत्व, हरेक नेपालीको हात" पुनर्निर्माणको मूलमन्त्र हुनेछ । घरबारविहीन पीडितहरूलाई सुरक्षित आश्रयमा फर्काउने कामलाई मुख्य प्राथमिकतामा राखिने छ । गत असारमा सम्पन्न अन्तर्राष्ट्रिय दातृ सम्मेलनमा मित्रराष्ट्र एवं अन्तर्राष्ट्रिय समुदायबाट प्रकट भएको सहयोग, सदाशय र सद्भावलाई पुनर्निर्माणमा परिचालन गरिने

छ । यस अभियानमा पनि स्वयंसेवी भावना, स्वदेशी साधनस्रोतको प्रयोग, राज्यको नेतृत्व र जनसहभागितालाई विशेष प्राथमिकता दिइने छ । पुनर्निर्माण र विकासका प्रयासहरू अघि बढाउँदा वातावरणको सुरक्षामा ध्यान दिइने छ । विश्वको पर्यावरणमा आइरहेको परिवर्तन र त्यसप्रति हाम्रो जागरुकता र वर्तमान तथा भविष्यप्रतिको जिम्मेवारी बोधबाट म प्रेरित छु ।

भूकम्पबाट पीडित परिवारलाई शीघ्र पुनर्स्थापना गर्न यसअघि सरकारले राहतस्वरूप वितरण गर्न घोषणा गरिएको प्रतिपरिवार रु. २ लाख रकमको पहिलो किस्ता तत्काल उपलब्ध गराइने छ । यस बाहेक ग्रामीण क्षेत्रमा आवास निर्माणका लागि सामूहिक जमानीमा वित्तीय संस्थाहरूबाट ऋण उपलब्ध गराउने व्यवस्था गरिने छ । हिमाली र उच्चपहाडी क्षेत्रमा जाडो याममै उपयोग गर्न सकिने गरी अस्थायी टहराहरू निर्माण गरिने छ । प्राकृतिक जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापनका कार्यक्रमहरूलाई महत्वका साथ अघि बढाइने छ । पुनर्निर्माणको यस अभियानलाई छोटो समयभित्र सम्पन्न गर्न सबैको साथ, सहयोग र क्रियाशीलताका लागि म हार्दिक आह्वान गर्दछु ।

लामो बन्द हडताल र नाकाबन्दीले समग्र अर्थतन्त्रमा परेको प्रतिकूल असरका कारण विकास निर्माणमा भएको सुस्तता र राजस्व असुलीमा कमी आएको कारण राज्य कोषमाथि भार परिरहेकै छ । तर पनि, भूकम्प, लामो बन्द हडताल र नाकाबन्दीका कारण कठिनाइ भोगिरहेका उद्योग, व्यवसाय र पर्यटन क्षेत्रका समस्या समाधान गर्न र राहत दिन सरकारले ठोस नीति र कार्ययोजना अगाडि सार्नेछ । संविधान जारी भएसँगै शुरु भएका हडताल बन्द र नाकाबन्दीले अर्थतन्त्रमा पारेको असरको यथार्थ चित्रण र सरकारको आगामी कार्यदिशाबारे नेपाल सरकार, अर्थ मन्त्रालयले छिट्टै श्वेतपत्र सार्वजनिक गर्नेछ ।

हाल उत्पन्न विषम परिस्थितिमा कृषि, उद्योग, पर्यटन, निर्माण, शिक्षा तथा स्वास्थ्यलगायतका क्षेत्रहरूमा परिरहेको प्रतिकूल असरलाई ध्यानमा राखी तत्कालीन राहतसहितको पुनर्उत्थान कार्यक्रम सरकारले अघि बढाउनेछ । आपूर्ति व्यवस्थामा असहजताको मौका छोपी कृत्रिम अभाव सिर्जना गर्ने र कालो बजारी गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्दै आपूर्ति सहज तुल्याउन सरकारी संस्थानहरूको परिचालनसँगै निजी क्षेत्रलाई पनि उत्प्रेरित गरिने छ । इन्धन आपूर्ति र वैकल्पिक ऊर्जाका लागि जनस्तरबाट गरिएका प्रयासहरूलाई प्रोत्साहित गरिने छ ।

नेपाल सरकारले हालसम्म अवलम्बन गरेका विकास रणनीतिको पुनरावलोकन गरिने छ । नेपालको विकास र समृद्धिका लागि यसअघि आरम्भ गरिएका पुष्पलाल (मध्य पहाडी) लोकमार्ग, हुलाकी मार्ग, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको बिस्तार र स्तरोन्नति गर्नुका साथै निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल तथा काठमाडौँ–तराई मधेस द्रुतमार्ग निर्माणलगायतका राष्ट्रिय गौरवका आयोजनाहरूलाई अघि बढाइने छ । यसका साथै पूर्व-पश्चिम लोकमार्गलाई चार लेनको बनाउने, काठमाडौँ उपत्यका र अन्य ठूला शहरहरूमा सरसफाइ कार्यक्रमलाई जैविक ऊर्जा उत्पादनसँग जोडेर सञ्चालन गर्ने, विद्युतको उपयोगलाई नियमित गर्न पूर्व भुक्तानी मिटर प्रणाली लागू गर्ने, काठमाडौँलगायतका शहरहरूमा विद्युतीय मेट्रो सेवा चलाउने, विद्युतीय रेलसेवा सीमावर्ती क्षेत्रसँग समेत जोड्ने गरी सञ्चालन गर्ने जस्ता कामहरू अघि बढाउन सरकार क्रियाशील रहनेछ । घरेलु, साना, मझौला र ठूला उद्योग व्यवसायको विकास र पुनर्निर्माणका कामलाई तीव्रता दिई स्वदेशमै रोजगारी सिर्जना गरी नेपाली जनशक्तिलाई नेपालमै काम दिलाउन प्रयास गरिने छ । तराई मधेस लगायत पिछडिएका क्षेत्र, विपन्न वर्ग र समुदायका मानिसहरूलाई परिचयपत्र वितरण गरी उनीहरूको उत्थानका लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ । राष्ट्रिय परिचयपत्रको वितरण शुरु गरिने छ ।

राज्य–प्रणाली एउटा संरचनाबाट अर्को संरचनामा संक्रमण गरिरहेको अवस्थामा निजामती सेवा र सुरक्षा निकायको व्यवस्थापन, कर्मचारीहरूको सुरक्षा र वृत्ति विकास तथा आवश्यक भूमिकालाई सरकारले उपयुक्तरूपमा सम्बोधन गर्नेछ ।

उपर्युक्त कामहरू सम्पन्न गर्न आर्थिक वर्षको प्रथम चौमासिक अवधि समाप्त भइसकेको स्थितिमा सरकारका सामु गम्भीर चुनौतीहरू रहेकोतर्फ म सचेत छु । तर जनता र देशको हितमा निर्दिष्ट लक्ष्य हासिल गर्न सबै सम्भावनाहरूको खोजी र परिचालन गर्नु आवश्यक छ भन्ने मेरो दृष्टिकोण रहेको छ ।

लामो सङ्क्रमणकाल, द्वन्द्व र कतिपय सङ्कीर्ण चिन्तन/व्यवहारका कारण कमजोर भइरहेको राष्ट्रिय एकतालाई बलियो बनाउँदै सरकारले सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित र स्वाभिमानलाई केन्द्रबिन्दुमा राखेर काम गर्नेछ । नेपालको बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक

र भौगोलिक विविधतामा सामाजिक सद्भावसहितको राष्ट्रिय एकतालाई सम्वर्द्धन गरिने छ ।

आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरू !

हामी छिमेकी भारत र चीनलगायत सबै मित्रराष्ट्रहरूसँग संयुक्त राष्ट्रसंघको बडापत्र र पञ्चशीलका सिद्धान्तको आधारमा पारस्परिक समानता र हितको नीतिअनुरूप सुमधुर सम्बन्ध राख्न चाहन्छौं । हाम्रो राष्ट्रियता र राष्ट्रवादको मूलतत्व हाम्रा आधारभूत राष्ट्रिय हितहरूको संरक्षण र पक्षपोषण हो । नेपाल कुनै पनि देशप्रति कटुता या दुर्भाव राख्दैन । हाम्रो संवेदनशील भूराजनीतिक अवस्थितिप्रति हामी सजग छौं । कुनै पनि प्रकृतिका आपसी असमझदारी वार्ताको माध्यमद्वारा हल गर्न सकिनेमा हामी विश्वस्त छौं ।

नेपाल सबै प्रकारका आतङ्कवादको विरुद्धमा छ । हालै फ्रान्सको राजधानी पेरिसमा भएको कायरतापूर्ण आतङ्कवादी आक्रमणको म निन्दा गर्दछु र मैले मित्रराष्ट्र फ्रान्सका जनताप्रति त्यहाँका राष्ट्रपति महोदयमार्फत् समवेदना प्रकट गरिसकेको छु ।

छिमेकी मित्रराष्ट्रहरूबाट भएका उच्चस्तरीय भ्रमण तथा भूकम्पको समयमा प्रदर्शित सहयोग र सद्भावलाई महत्वका साथ स्मरण गर्दै वर्तमान अवस्थामा मानवीय सङ्कट आउन नदिन शान्ति, पुनर्निर्माण र आर्थिक समृद्धिका लागि छिमेकीलगायत सबै मित्रराष्ट्रहरूसँग आग्रह गर्दछु । मैले भन्दै आएको छु- मुलुकहरू जनसङ्ख्या या भूगोलका आधारमा ठूला या साना हुन सक्छन्, तर सार्वभौमसत्ता र राष्ट्रिय स्वाभिमान सानो या ठूलो हुन सक्दैन । हामी चाहन्छौं- हाम्रो सार्वभौमसत्ताको कदर होस्, नेपाली जनताले आफ्ना लागि संविधान बनाउनेलगायत आफ्ना मुद्दाहरूको फैसला आफै गर्न पाउने अधिकार र नेपालको राष्ट्रिय स्वाधीनता, स्वतन्त्रता र भौगोलिक अखण्डताको सम्मान होस् । नेपालले त्योभन्दा बढी या त्योभन्दा कम केही चाहेको छैन ।

गत एक वर्षमा नेपाल-भारत आर्थिक सम्बन्धलाई दूरगामी प्रभाव पार्ने केही महत्वपूर्ण र सकारात्मक निर्णयहरू भएका छन् । यसमा विद्युत् व्यापार सम्झौता, माथिल्लो कर्णाली र अरुण तेस्रो जलविद्युत आयोजनासम्बन्धी परियोजना विकास सम्झौता र लामो समयदेखि अवरुद्ध पञ्चेश्वर परियोजनासम्बन्धी

समझदारीहरू रहेका छन् । यसले नेपाल भारतसँग कसरी आर्थिक साझेदारी गर्न चाहन्छ भन्ने सङ्केत गर्छ । तर हालैको स्थितिले दुई देशबीच विकसित आर्थिक साझेदारी र विकासका सम्भावना तथा दुई देशबीचको सम्बन्धमा गम्भीर नकारात्मक असर परेको छ । भारतबाट तेल आपूर्ति नहुँदा सवारी साधनको अभावमा शिक्षालय बन्द भई पढाइ रोकिएको भन्ने अनुभूति गरेका सन्ततिहरूमा दुई देशबीचको सम्बन्धबारे कस्तो मनोविज्ञान निर्माण होला- सहजै अनुमान गर्न सकिन्छ । त्यसैले म मित्रराष्ट्र भारतको सरकार र सम्बद्ध अधिकारीहरूसँग अघोषित नाकाबन्दी तत्काल अन्त्य गरी अत्यावश्यक वस्तुहरूको आपूर्ति सुचारु गर्न र दुई देशबीचको युगौँ पुरानो सम्बन्धमा थप प्रतिकूलता उत्पन्न हुन नदिन नेपाल सरकार र समग्र नेपाली जनताका तर्फबाट जोडदार आग्रह गर्दछु । दुई देशका बीच भएका उच्चस्तरीय भ्रमणका बेला प्रकट सद्भाव र ऐतिहासिक सन्दर्भको स्मरण गर्दै अविश्वास र शङ्काको स्थिति समाप्त गरी समझदारी बढाउन आफ्नो तर्फबाट योगदान गर्न हामी तत्पर छौँ । यस सन्दर्भमा नेपाल सरकारका उपप्रधान तथा परराष्ट्रमन्त्रीले गर्नुभएको भारत भ्रमण र म स्वयंले उच्चतहमा गरेका सम्वादको स्मरण गर्न चाहन्छु ।

नेपालको शान्ति प्रक्रिया संयुक्त राष्ट्रसङ्घको समेत सहभागितामा निष्कर्षमा पुगेको सफल शान्ति प्रक्रिया हो । द्वन्द्वको क्रममा भएका गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाहरूको अनुसन्धान र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न विस्तृत शान्ति सम्झौताले परिकल्पना गरेको सत्य निरूपण तथा मेलमिलाप आयोग तथा बेपत्ता व्यक्तिहरूसम्बन्धी छानबिन आयोग गठन भई काम अगाडि बढिसकेको छ । दण्डहीनताको अन्त्य गर्न नेपाल सरकार प्रतिबद्ध छ र नेपाल पक्ष राष्ट्र भएका सबै अन्तर्राष्ट्रिय महासन्धि र अनुबन्धहरूको परिपालन गर्न र मानवअधिकारको रक्षा गर्न दृढ छ ।

राष्ट्रिय सङ्कटको यस घडीमा नेपाली जनताले देखाएको धैर्य, देशभक्ति र राष्ट्रिय स्वाभिमानको फेरि एकपटक म हृदयदेखि नै प्रशंसा गर्दछु । भूकम्प पछिको सङ्कटमा जस्तै यतिबेला पनि सहयोगी हातहरू जसरी अगाडि बढेका छन्, त्यसले विशिष्ट नेपाली संस्कृति र नेपालीपनलाई अभिव्यक्त गरेको छ । हरेक राष्ट्रका अगाडि इतिहासमा यस्ता चुनौती आउँछन्, जसलाई पार गरेर नै कुनै पनि राष्ट्र स्वाभिमानी, आत्मनिर्भर, राष्ट्रिय मनोबल र गरिमायुक्त बन्दो रहेछ । नेपाल आज इतिहासको यस्तै कालखण्डबाट गुज्रिरहेको छ । मलाई

विश्वास छ, तपाईहरूको गहिरो विश्वास र मित्रराष्ट्रहरूको साथ र समर्थनमा आज हामीले भोगिरहेको यस सङ्कटमाथि विजय प्राप्त गर्न सक्नेछौँ । यस अवसरमा म सङ्कटका बेला हामीप्रति सद्भाव, समर्थन र ऐक्यबद्धता प्रकट गर्ने मित्रराष्ट्रहरू, संयुक्त राष्ट्रसङ्घलगायत अन्तर्राष्ट्रिय संस्था र सञ्चार माध्यमहरूप्रति आभार व्यक्त गर्न चाहन्छु । राष्ट्रसेवक कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल तथा सञ्चार माध्यमले कठिन मोडहरूमा खेलेको सकारात्मक भूमिकाको प्रशंसा गर्दै सबैप्रति आभार व्यक्त गर्दछु ।

विनाशकारी भूकम्पपछिको पुनर्स्थापना र नवनिर्माण अभियान सञ्चालन गर्नुपर्ने संवेदनशील कालखण्डमा यो सरकार गठन भएको छ । संविधानका केही विषयहरूलाई लिएर तराई मधेसमा विरोध र असन्तुष्टि रहेको, अघोषित नाकाबन्दी भई आपूर्ति व्यवस्थामा समस्या उत्पन्न भएको र शान्ति सुरक्षा खल्बल्याउने क्रियाकलाप भइरहेको स्थितिमा सरकार गठन भएको सर्वविदित छ । तसर्थ, यो सामान्य अवस्थामा बनेको सरकार होइन । यसको भूमिकासँग सरकारमा आबद्ध दलहरूको मात्रै होइन, सिङ्गै देशको भविष्य गाँसिएको छ भन्ने कुरामा म सचेत छु । सरकारले अगाडि बढाएको राष्ट्रिय स्वाभिमान, स्वाधीनता, राष्ट्रिय आत्मसम्मान, नवनिर्माण र आत्मनिर्भरताको विषय प्रधानमन्त्री या सरकारको मात्र सरोकारको विषय होइन, सिङ्गै मुलुकको विषय हो । यस ऐतिहासिक अभिभारालाई बहन गर्न सरकार सम्पूर्ण निष्ठा, समर्पण र क्षमताकासाथ लाग्नेछ । हामीले यस चुनौती तथा सङ्कटलाई सिर्जना, आत्मनिर्भरता र स्वाभिमानतर्फको सार्थक यात्रातिर रूपान्तरित गर्नेछौँ भन्ने कुरामा म विश्वस्त छु ।

अन्त्यमा, सम्मुख आइरहेको छठ तथा ल्होसारको अवसरमा सबैको सुख, शान्ति र समृद्धिको कामना गर्दछु ।

धन्यवाद !

१

पुनर्निर्माणः अझ राम्रो अझै बलियो

(२०७२ पुस ३० गते कूटनीतिक नियोगका प्रमुख तथा नेपालका विकास साझेदार संस्थाका प्रतिनिहिरूसँगको लञ्च बैठकमा गरिएको सम्बोधनको अनुदित पाठ)

भूकम्प पीडितहरूको तत्काल राहत तथा पुनर्वास गर्ने एवं आपूर्ति प्रणालीमा भएको अवरोधका कारण आम जनताको जीवनमा परेको गम्भीर असरको अवस्थालाई सामान्यीकरण गर्ने केन्द्रित रहँदै गर्दा, हाम्रो सरकारले शासन सबलीकरण गर्ने एवं सेवा प्रवाहमा सुधार ल्याउन तत्काल सुधार कार्ययोजनाको घोषणा गरेको छ। राजनीतिक एवं संवैधानिक एजेण्डाको निरूपणसँगै सरकारले दीर्घकालीन सामाजिक आर्थिक एजेण्डामा कार्य गर्ने शुरु गरिसकेको सन्दर्भमा मुलुकलाई विश्वसनीय र सार्थक विकासको मार्गमा अघि बढाउन शासन नै महत्वपूर्ण कडी हो भन्ने धारणा सरकारको रहेको छ। जवाफदेहिता, पारदर्शिता, सहभागिता एवं विधिको शासन नै शासन प्रणालीका अभिन्न अङ्ग हुन् र समाजका सबै पक्षहरूलाई सेवा प्रवाहको प्रत्याभूति गर्न यी चारै पक्ष जरुरी छन् भन्ने हाम्रो मान्यता हो।

महामहिम राजदूतज्यूहरू,
कूटनीतिक नियोग प्रमुखहरू,
अन्तर्राष्ट्रिय संगठनहरूका प्रतिनिधिहरू,
महिला तथा सज्जनवृन्द,
नमस्ते।

यस दिवाभोज कार्यक्रममा सहभागी हुनु भएकोमा यहाँहरूलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु। नेपालको संविधानको घोषणापश्चात् नेपालमा विकसित राजनीतिक घटनाक्रम एवं भूकम्पपश्चात्को पुनर्निर्माणकार्यमा भएको प्रगतिका साथै तत्काल सुधार कार्ययोजनाबारे मेरो धारणा व्यक्त गर्न चाहन्छु।

नयाँ संविधान कार्यान्वयनको चरणमा प्रवेश गरेको छ। नयाँ संविधानअनुरुप हुने गरी विभिन्न कानुनहरूको संशोधन भइरहेको छ। संविधानका केही प्रावधानप्रति नेपाली समाजका केही पक्षहरूको चासो वा असन्तुष्टिलाई सम्बोधन गर्न व्यवस्थापिका-संसदमा संविधान संशोधन प्रस्तावहरू दर्ता गरिएको छ। ती संशोधन प्रस्तावहरू अहिले अन्तिम चरणमा छन्। आन्दोलनरत पक्षहरूसँग राजनीतिक वार्ता घनीभूत बनाइएको छ भने जायज चासोहरूको निरुपण सहमति मार्फत् हुनेछ भन्ने अपेक्षा हामीले गरिरहेका छौं। यससँगै, सीमा नाकाहरूमा भइरहेको गतिरोध एवं पेट्रोलियम पदार्थलगायत अन्य अत्यावश्यक वस्तुहरूको आपूर्तिमा भइरहेको अवरोधको अन्त्य हुनेछ भन्ने अपेक्षा हामी गर्दछौं। यसले सघनरूपमा पुनर्निर्माणसम्बन्धी कार्य एवं विकास कार्यक्रमहरूको कार्यान्वयनका लागि मार्ग प्रशस्त गर्नेछ।

भूकम्पपश्चात उद्धार तथा राहत कार्यमा हाम्रा छिकेकी मित्रराष्ट्रहरू, सार्क सदस्य राष्ट्रहरू, विकास साझेदार तथा अन्य मित्रराष्ट्रहरूबाट शीघ्र एवं स्वतस्फुर्तरूपमा प्राप्त सहयोगप्रति हामी कृतज्ञता व्यक्त गर्न चाहन्छौँ। व्यवस्थापिका-संसदद्वारा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण ऐनको तर्जुमासँगै राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले द्रुत गतिमा कार्य गर्न आरम्भ गरेको छ। तत्सम्बन्धी कार्यका लागि पुनर्निर्माण परिषद्का पदाधिकारी, निर्देशक समिति तथा कार्यकारी समितिका पदाधिकारीहरूको मनोनयन भएको छ । प्राधिकरणको कार्यालय स्थापना गरिएको छ, प्राधिकरणको संगठनात्मक संरचना पारित गरिएको छ, बजेट तथा पुनर्निर्माण कार्यक्रमहरू पारित गरिएका छन् र विभिन्न मन्त्रालयका कर्मचारीहरूमध्येबाट छनोट गरी जनशक्तिको व्यवस्था गरिँदै छ।

नेपालको मजबुत निर्माण एवं नेपालको औद्योगीकरणका लागि पुनर्निर्माण एक अवसर हो। आगामी माघ २ गतेदेखि पुनर्निर्माण अभियान प्रारम्भ हुँदैछ। आगामी तीन महिनासम्म पुनर्निर्माण कार्यलाई गति दिन हामी उद्दत छौ; र आगामी वैशाख १२ गतेसम्म आवासहरूको पुनर्निर्माणमा उल्लेखनीय प्रगति ल्याउने योजना हामीले बनाएका छौँ।

यसै सिलसिलामा, वास्तविक भूकम्प पीडितहरूको यकिन गर्न भूकम्प प्रभावित घरधुरीहरूको सर्वेक्षणसम्बन्धी कार्यमा उत्साहजनक प्रगति भएको छ। दोलखा जिल्लामा सर्वेक्षणसम्बन्धी कार्य पुस १८ बाट शुरु गरिएको छ। घरधुरी सर्वेक्षणको नतिजाको अनलाइन रिपोर्टिङले लाभग्राहीहरूको शीघ्र पहिचान गर्न मद्दत गर्नेछ। बैङ्क खातामार्फत राहत रकम पुऱ्याउने कार्य सुनिश्चित गर्न भूकम्प प्रभावित क्षेत्रहरूसम्म बैङ्किङ कारोवारको पहुँच बिस्तार गर्ने प्रयास भइरहेको छ। दक्षिणी सीमामा भएको अवरोधका कारण पेट्रोलियम तथा अन्य वस्तुहरूको आपूर्तिमा सङ्कट यदि नभएको भए निश्चय नै हामीले पुनर्निर्माणसम्बन्धी तयारी प्रक्रियामा थप प्रगति हासिल गरी कार्यान्वयनमा जान सक्ने थियौँ भन्ने कुरामा म जोड दिन चाहन्छु।

महामहिमज्यूहरू

पुनर्निर्माण राष्ट्रिय प्राथमिकताको विषय हो र पूरै देश यसको पक्षमा रहेको छ। यसका लागि राष्ट्रका सबै पक्षहरूबाट सहयोगको प्रत्याभूति भएको छ। आवासगृहहरूको पुनर्निर्माणको सफलताका लागि स्थानीय समुदायहरूको

परिचालन नै प्रमुख कडी हो भन्ने तथ्यप्रति हामी सचेत छौँ। तसर्थ, पुनर्निर्माणको नेतृत्व स्थानीय समुदायले लिने गरी सरकारले प्राविधिक र वित्तीय सहयोग उपलब्ध गराउने छ। राज्यको स्थनीय निकायनै प्रमुख कार्यान्वयनकर्ता भएको हुँदा, नेपाल सरकारले उनीहरूको क्षमता विकास गर्न एवं डकर्मी तथा निर्माण सामग्रीको आपूर्ति गर्ने प्रयोजनका लागि सबै बस्तीहरूलाई पायक पर्ने स्थानमा स्रोत केन्द्रहरू स्थापना गर्न गइरहेको छ।

सार्वजनिक पूर्वाधार परियोजनाहरूको कार्यान्वयन जिल्ला विकास कार्यालयमा रहने पुनर्निर्माण इकाईमार्फत गरिनेछ। सम्बन्धित सांसदको नेतृत्वमा एक जिल्लास्तरीय समन्वय समिति गठन गरिनेछ। कार्यान्वयनको अनुगमन गर्न प्रत्येक दुई वा तीन जिल्लाका लागि एक उप-क्षेत्रीय कार्यालयको व्यवस्था गरिनेछ। २०१५ जुन महिनामा विभिन्न विकास साझेदारहरूको सहयोगमा तयार गरिएको विपद्पछिको आवश्यकता पहिचान (पिडिएनए) नै पुनर्निर्माण कार्यका लागि आवश्यक स्रोतहरूको आकलनको आधार हुनेछ। नेपालको पुनर्निर्माणका लागि भएको अन्तर्राष्ट्रिय सम्मेलनमा उल्लेखनीयरूपमा व्यक्त भएको प्रेरणादायी प्रतिबद्धताका लागि हाम्रा छिमेकी राष्ट्रहरू, मित्रहरू, विकास साझेदारहरू तथा अन्य निकायहरूप्रति कृतज्ञता एवं धन्यवाद ज्ञापन गर्न चाहन्छु। पुनर्निर्माणका लागि स्रोतहरू उलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभएकोमा विकास साझेदारहरूको सराहना गर्दै, पुनर्निर्माण योजनाको कार्यान्वयनमा निरन्तर सहयोग गर्नुहुन पनि यहाँहरूलाई अपिल गर्दछु।

पुनर्निर्माण कार्यलाई सहज ढङ्गले अघि बढाउन मात्र नभई स्थानीय तहमा प्रभावकारी एवं थप जवाफदेही विकास प्रतिकार्यको प्रत्याभूति दिनसमेत स्थानीय स्तरमा जनप्रतिनिधिहरू महत्वपूर्ण रहेको तथ्यसँग सरकार परिचित छ। तसर्थ, विद्यमान कानुनहरू अन्तर्गत रही अन्तरिम स्थानीय निकायको निर्वाचनका लागि सहमति निर्माण गर्न प्रमुख राजनीतिक दलहरूसँग सरकारले परामर्श गरिरहेको छ। स्थानीय प्रतिनिधित्वको अत्यन्त आवश्यकता रहेका भूकम्प प्रभावित जिल्लाहरूबाट प्रारम्भ गरी, यसै वर्षको पहिलो छ महिनाभित्र केही चरणमा स्थानीय निकायको निर्वाचन सम्पन्न गर्न हामीले सक्नेछौँ भन्ने विश्वास मैले लिएको छु। यो प्रस्तावप्रति प्रमुख राजनीतिक दलहरूको समर्थन रहनेछ भन्ने अपेक्षा मैले राखेको छु।

भूकम्प पीडितहरूको तत्काल राहत तथा पुनर्वास गर्न एवं आपूर्ति प्रणालीमा भएको अवरोधका कारण आम जनताको जीवनमा परेको गम्भीर असरको अवस्थालाई सामान्यीकरण गर्न केन्द्रित रहँदै गर्दा, हाम्रो सरकारले शासन सबलीकरण गर्न एवं सेवा प्रवाहमा सुधार ल्याउन तत्काल सुधार कार्ययोजनाको घोषणा गरेको छ। राजनीतिक एवं संवैधानिक एजेण्डाको निरुपणसँगै सरकारले दीर्घकालीन सामाजिक आर्थिक एजेण्डामा कार्य गर्न शुरु गरिसकेको सन्दर्भमा मुलुकलाई विश्वसनीय र सार्थक विकासको मार्गमा अघि बढाउन शासन नै महत्वपूर्ण कडी हो भन्ने धारणा सरकारको रहेको छ। जवाफदेहिता, पारदर्शिता, सहभागिता एवं विधिको शासन नै शासन प्रणालीका अभिन्न अङ्ग हुन् र समाजका सबै पक्षहरूलाई सेवा प्रवाहको प्रत्याभूति गर्न यी चारै पक्ष जरुरी छन् भन्ने हाम्रो मान्यता हो।

यी र अन्य चुनौतीहरूको बोध गर्दै, सरकारले हालै तत्काल सुधार कार्ययोजना पारित गरी कार्यान्वयनमा ल्याएको छ। नयाँ संविधानका आधारमा सङ्क्रमणकालीन व्यवस्था तथा राज्य व्यवस्थापन, सार्वजनिक सेवा प्रवाहमा सुधार, प्रभावकारी नतिजाका लागि विकासको व्यवस्थापन र द्रुततर पुनर्निर्माण कार्य अघिबढाउने विषयमा नै कार्ययोजना केन्द्रित रहेको छ। सबै मन्त्रालयहरू र अन्य केन्द्रीय सरकारी निकायले कार्ययोजनामा समावेश भएका कार्यहरूको समयबद्ध कार्यान्वयन गर्नुपर्नेछ। कार्ययोजना कार्यन्वयनको अनुगमनका साथै समीक्षा नियमित एवं मासिकरूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्नेछ। त्यस्ता बैठकहरूबाट प्राप्त हुने फिडब्याक'हरूको समीक्षा राष्ट्रिय योजना आयोग एवं मन्त्रिपरिषद्ले नियमितरूपमा गर्नेछ।

महामहिमज्यूहरू,

हालैको इन्धन तथा आपूर्ति सङ्कटले विकास परियोजनाहरूको कार्यान्वयनमा प्रतिकूल असर गरेको बारे हामी सबै अवगत नै छौँ। तसर्थ, भूकम्प एवम् स्वास गरी सीमामा भएको नाकाबन्दीपश्चात् राष्ट्रिय गौरवका आयोजनाहरूले सहज रूपमा गति लिन सकेका छैनन्। सीमामा अवरोध ल्याउन प्रेरित गर्ने मुद्दाहरूको राजनीतिक समाधानसँगै, विकास साझेदारहरूको सहयोगमा निर्माणाधीन तथा अन्य परियोजनाको कार्यन्वयनमा भएको विलम्बलाई न्यूनीकरण गर्नेछौँ भन्नेमा हामी आशावादी छौँ।

अन्त्यमा, नेपालको पुनर्निर्माणममा यहाँहरूको उदार सहयोगका लागि नेपाल सरकार कृतज्ञता ज्ञापन गर्न चाहन्छ। २०१५ सेप्टेम्बर महिनामा भएको राष्ट्रसंघीय महासभाबाट हामी सबैले पारित गरेको दिगो विकास लक्ष्यहरू आगामी १५ वर्षमा हासिल गर्ने नेपालको प्रयत्नमा यहाँहरूको निरन्तर सहयोगको हामी अपेक्षा गर्दछौँ। हाम्रा आगामी आवधिक योजना र वार्षिक विकास कार्यक्रमको आधारको रूपमा दिगो विकास लक्ष्यहरू रहनेछन् भन्ने विश्वास वर्तमान सरकार गराउन चाहन्छ। नेपाली जनताको आकाङ्क्षा र नेपालको नयाँ संविधानमा व्यवस्था गरिए बमोजिमका निर्देशक सिद्धान्तका आधारमा क्रमिकरूपमा समावेशी र समतामूलक विकास प्रतिफल प्राप्त गर्ने ध्येयतर्फ हामी उत्तिकै प्रतिबद्ध छौँ।

यस दिवाभोजमा पाल्नुभएकोमा म पुनः धन्यवाद व्यक्त गर्न चाहन्छु। यति भन्दै महामहिमज्यूहरूलाई म दिवाभोजमा सरिक हुन अनुरोध गर्दछु।

धन्यवाद ।

३

सरकार सञ्चालनको सय दिन पछिको व्यवस्थापिका-संसदमा सम्बोधन

(२०७२ माघ ११ गते व्यवस्थापिका-संसदमा गर्नुभएको सम्बोधन)

अधिकाइश समय राजनीतिक विचातानीलाई व्यवस्थापन गर्न समय खर्चन परे पनि मेरो नेतृत्वको सरकारले बितेको सय दिनमा केही नयाँ योजना र केही पूर्ववर्ती सरकारले थालेका काम्लाई निष्कर्षमा पुऱ्याउने काम गऱ्यो। केही भएन, डेगै चलेन भन्ने जस्ता यो सरकारका विरुद्ध लक्षित टिप्पणीप्रति म यत्तिमात्र भन्ने अनुमति चाहन्छु– यी भनाइ अति न्यायोचित भएनन्, आग्रहपूर्ण भए। सरकार पहिले पनि बनेका थिए, तर यस्तो जटिल अवस्थाको सामना कमै सरकारले सामना गर्नु परेको थियो। मन्त्रीपरिषद् सचिवालयले सय दिनका कामका बारेमा तयार पारेका विवरणात्मक जानकारी तयार पारेको छ, त्यो सम्बन्धित पक्षबीच पुग्ने नै छ।

सम्माननीय सभामुख महोदय,

व्यवस्थापिका संसदबाट मेरो नेतृत्वमा गठन भएको सरकारले यही माघ ५ गते एकसय दिन पूरा गरेको छ । समान्यतयाः हरेक सरकारका सय दिनलाई बिघ्नबिनाको अवधि मानिन्छ । तर मेरो नेतृत्वको सरकारका लागि सिङ्गो एक दिन पनि बिना चुनौती रहेन । संविधान निर्माणको क्रममा देखापरेका विरोध, संविधान जारी भएपछि सीमा नाकाबन्दीको रूपमा पोखिसकेको थियो । यी समस्याहरूलाई सरकार, विरासतको रूपमा स्वीकार्न अभिशप्त थियो, तसर्थ समस्याको चाङमाथि उभिँदै सरकारले आफ्नो काम कारवाहीलाई अघि बढायो । त्यसैकारण मैले यो सरकारलाई असाधारण परिस्थितिमा असाधारण प्रकृतिकै काम गर्ने जनादेशप्राप्त सरकार भनेको थिएँ ।

सरकारको पहिलो प्राथमिकता संविधानसभाबाट जारी भएको संविधानको प्रभावकारी कार्यान्वयन थियो । संविधान जारी हुँदाका बखत, तय गरिएको लक्ष्मण-रेखाअनुरुप, सभामुख र उपसभामुखको निर्वाचन असोज २९ गते र राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन क्रमशः कात्तिक १२ र १४ गते सम्पन्न भयो । यस प्रकृयासँगै संविधान कार्यान्वयन आरम्भ भयो ।

विशेष गरी तराई-मधेसमा नयाँ संविधानका सन्दर्भमा अनेकन भ्रमहरू छरिएका थिए । स्वदेश र विदेशमा समेत विभिन्न प्रकृतिका अफवाहहरू चर्चामा थिए । सामाजिक सञ्जालदेखि विद्युतीय सञ्चार माध्यममा समेत अप्रमाणित तर भ्रमपूर्ण बयानबाजीहरू प्रचारित थिए । संविधानमा लिपिबद्ध गरिएका मौलिक हकमाथि समेत पर्दा हाल्ने गरी "भूगोल, क्षेत्र, समुदाय, जातजाति तथा महिला-

पुरुषबीच विभेद गर्नेगरी संविधान आयो, अन्तरिम संविधानमा व्यवस्था भएका संवैधानिक प्रबन्धहरूसमेत हटाई वैवाहिक अङ्गिकृत नागरिकहरूमाथि अन्याय गरियो, खास समुदाय र जातिलाई हेप्ने र पास्वा पार्नेगरी संविधान आयो" जस्ता चर्चा चलाइयो । यही भ्रमलाई चिर्न सरकारले संविधान शिक्षा अभियान आरम्भ गऱ्यो । एक महिने उक्त अभियानको थालनी मंसीर २१ गते राष्ट्रिय सभागृहको हलबाट भयो । राजनीतिक दल र संवैधानिक अङ्गका प्रतिनिधि समेतको उपस्थितिमा घोषणा गरिएको अभियानको शीर्षक "नेपालको संविधान- जनताको संविधान, जनताको संविधान- जनता कै माझमा" राखिएको थियो । म स्वयं र सम्माननीय सभामुख, माननीय उपप्रधानमन्त्रीहरू, मन्त्रीहरू, सांसदहरू र विभिन्न दलका नेताहरू देशव्यापी यो अभियानमा संलग्न हुनुभयो । यसक्रममा संविधानका प्रतिहरू वितरण गर्नुका साथै अंग्रेजी भाषामा समेत उल्था गरी गैरनेपाली भाषीबीच तथ्यलाई प्रष्ट्याउने काम भयो । यसबाहेक विभिन्न आठ स्थानीय भाषामा उल्था गरिएको संविधान चिनारी पुस्तक देशव्यापीरूपमा वितरण समेत गरियो ।

सत्तासाझेदार दलहरूबीच समन्वय गर्न र सरकारको कामलाई प्रभावकारी ढङ्गबाट सम्पादन गर्न गठन गरिएको उच्चस्तरीय राजनीतिक समन्वय समितिको बैठकले समस्या समाधान गर्न तराई-मधेस केन्द्रित दल तथा असन्तुष्ट सबै पक्षसँग तत्काल वार्ताका लागि आह्वान गर्न सरकारलाई सिफारिस गऱ्यो । यसै प्रयोजनको लागि वार्ता टोलीसमेत गठन गऱ्यो । राष्ट्रका नाममा प्रधानमन्त्रीको सम्बोधन अनुमोदन गर्ने लागायतका निर्णय गरेको यस समितिको बैठक २०७२ कार्तिक महिनामा मात्रै सात पटक बस्यो । स्मरणीय छ, ती सबै बैठकहरूमा आन्दोलनरत असन्तुष्ट पक्षहरूका मागबारे विस्तृत छलफल गरियो ।

नयाँ सरकार गठनपछि तराई-मधेसको आन्दोलन र नाकाबन्दीका बारेमा छलफल गर्न २०७२ मङ्सीर ६ गते प्रमुख प्रतिपक्ष नेपाली कांग्रेससहित सत्ता साझेदार दलहरूको संयुक्त बैठक बस्यो । यस्ता श्रृङ्खलाबद्ध बैठकहरू कहिले शीर्ष नेताहरूको तहमा त कहिले कार्यदल स्तरमा समेत बस्यो । संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका अतिरिक्त संघीय समावेशी मधेसी गठबन्धन र थारु तथा मुस्लिमहरूको फरक फरक संयुक्त संघर्ष समितिसँग समेत बैठक बस्यो । प्रमुख तीन राजनीतिक दल र आन्दोलनरत पक्षहरूबीच हालसम्म दर्जनौँ पटक आयोजना गरिएका यी बैठकहरूले आपसी कटुता अन्त्य गर्न र पारस्परिक

विश्वास बिस्तार गर्न समेत मद्दत पुऱ्याएको छ । व्यवस्थापिका-संसदमा संविधान संशोधन विधेयक टेबल गर्ने र त्यसबारे असन्तुष्ट पक्षसँग सार्थक बहस गर्ने काममा समेत यी बैठकहरू सहायक बने ।

संविधान जारी भएलगत्तै सिर्जना भएको राजनीतिक/कूटनीतिक समस्या सम्बोधनका लागि दुई भिन्न कोणबाट प्रयास शुरु गरियो । देशभित्र, जारी संविधानप्रति असहमत हुनुपर्ने कारणको खोजी गर्ने र देश बाहिर, मित्र राष्ट्रहरूबाट देखाइएको चासोलाई सम्बोधन गर्ने प्रयत्न गरियो । यसै प्रयोजनका लागि व्यवस्थापिका संसदमा नेपालको संविधानका तीन धाराहरू- धारा ४२, धारा ८४ र धारा २८६ मा सरकारले पहिलो संशोधन पेस गरेको यो सम्मानित सदनलाई जानकारी नै छ ।

संविधानमाथिको प्रस्तावित संशोधनले समस्या समाधानका लागि तीनवटा विकल्प दिएको थियो । पहिलो, प्रस्तावित संशोधन सबैले स्वीकार्ने र यसको स्वामित्व ग्रहण गर्दै राष्ट्रिय मूल प्रवाहमा सामेल हुने । दोस्रो, प्रस्तावित संशोधनमा असहमत भए त्यसमाथि थप संशोधन पेश गर्ने, संविधान निर्माण प्रक्रियामा नयाँ शिराबाट संलग्न हुने । र तेस्रो, जारी प्रकृयामा असहमत रहँदै विरोधका स्वरुप परिवर्तन गर्न सहमत हुने । पहिलो विकल्प, पूर्ववर्ती सरकारको निर्णयको निरन्तता थियो । दोस्रो, असहमत पक्षका लागि सरकारद्वारा उपलब्ध गराइएको लचकता थियो । र तेस्रो विकल्प, असहमत पक्षलाई प्राप्त अपेक्षित राजनीतिक स्पेसको सुरक्षा हो । माघ ९ गते नेपालको संविधानमा भएको पहिलो संशोधनबाट हालको राजनीतिक असहमतिलाई विभिन्न चरणमा हल गर्ने प्रकृया आरम्भ भएको छ । यसबाट संविधानसम्बन्धी सबैको चासो क्रमशः सम्बोधन हुँदै जानेछ भन्ने मेरो विश्वास छ ।

नेपालले संविधान जारी गर्दा कुनै पनि मित्रराष्ट्रहरूले आपत्ति जनाउनुपर्ने आवश्यकता नै थिएन । फेरि पनि सरकारले संविधानका सन्दर्भमा उठेका मुद्दाबारे अन्तर्राष्ट्रिय समुदायलाई प्रस्ट पार्ने काम गर्दै आयो । सरकारले उपप्रधान एवं परराष्ट्रमन्त्रीको मित्रराष्ट्रहरूको भ्रमणलाई संविधानको बारेमा रहेका जिज्ञासा स्पष्ट पार्ने अवसरको रूपमा पनि सदुपयोग गऱ्यो । अहिलेको जटिल समयमा दुई छिमेकी मित्र राष्ट्रबीच सन्तुलित कूटनीतिक सम्बन्ध कायम गर्नुका अतिरिक्त अन्य मित्रराष्ट्रहरूसँगको सम्बन्धलाई सरकारले परिपक्व ढङ्गले नै परिचालन

गऱ्यो । प्रधानमन्त्रीलाई मित्रराष्ट्रहरूबाट प्राप्त भ्रमणको निम्ता यस सन्दर्भमा उल्लेख गर्नु म सान्दर्भिक ठान्दछु ।

सार्वभौमसत्ता, राष्ट्रिय एकता तथा अखण्डतामा सरकार सधैँ दृढ रह्यो । सरकारको यो दृढतालाई चरम ऊर्जा सङ्कटबाट आजित हुँदाहुँदै पनि आम जनताले निःशर्त साथ दिएका छन्, जसप्रति सरकार सधैँ आभारी छ ।

सरकारले अर्थ- राजनीतिका केही अहम् मुद्दामा जनअपेक्षा अनुरूपको केही कदम अघि बढाएको छ । भूपरिवेष्ठित राष्ट्रले छिमेकी राष्ट्रको भूमि हुँदै पाउनुपर्ने निर्वाध पारवहन सुविधाको लागि मित्रराष्ट्र चीनसँग पारवहन सन्धिको मस्यौदा आदान-प्रदान भएको छ । व्यापार विविधीकरणका लागि विभिन्न मित्रराष्ट्रहरूसँग सम्वाद बिस्तार गरिएको छ । मित्रराष्ट्र बंगलादेशसँग गरिएको "मोटर भेहिकल एग्रिमेन्ट"को हालै व्यवस्थापिका संसदबाट गरिएको अनुमोदनलाई पनि यस सन्दर्भमा उल्लेख गर्न सकिन्छ । इन्धन आपूर्तिमा वैकल्पिक व्यवस्थापनका लागि मित्रराष्ट्र चीनसँग समझदारीपत्रमा हस्ताक्षर भइसकेको छ । प्रधानमन्त्रीको प्रस्तावित भ्रमणको समयमा स्वतन्त्र व्यापार सम्झौता सहित द्विपक्षीय लगानी संरक्षण सम्झौता जस्ता विषयलाई टुङ्गोमा पुऱ्याउने गरी छलफल जारी छ ।

सरकारले 'हरितऊर्जा माने जलविद्युत'को परम्परागत मान्यतालाई सच्याउँदै नवीकरणीय ऊर्जाका विभिन्न आयाम र सम्भावनाका बारेमा बहस सिर्जना गरेको छ । पानीका अतिरिक्त, सूर्य, वायु, फोहरमैला र तापीय ऊर्जाबाट समेत बिजुली निकाल्न सकिन्छ र एक वर्षमा लोडसेडिङ अन्त्य गर्न सकिन्छ भन्ने आशा, आम जनसमुदायमा सञ्चार गरेको छ । तर यस विषयलाई केहीले हँसी-मजाकको विषय बनाए, महत्वाकाङ्क्षी योजना भन्दै प्रधानमन्त्रीको अपत्यारिलो सपनाका रूपमा अवमूल्यन गर्ने प्रयत्न समेत भए । यसबाट भने म विस्मित छु ।

सभामुख महोदय,

म राजनीतिककर्मी हुँ । मैले राजनीतिक योजना बोल्ने हो र त्यसको कार्यान्वयनको लागि प्रशासन तथा प्रविधि परिचालनको प्रयत्न गर्ने हो । त्यसैले आफूलाई, सकेसम्म प्राविधिक विषय र आकडाबाट पर राख्ने प्रयत्न गर्दै आएको छु । जानकारहरू र स्वयं नेपाल विद्युत प्राधिकरणका प्राविधिकहरूको भनाइ छ,

५ सय मेगावाट क्षमता भएको ढल्केवर- मुजफरपुर अन्तरदेशीय प्रसारण लाइनको निर्माण यही माघसम्ममा सम्पन्न हुन्छ । यसबाट तत्काल ९० मेगावाटसम्म थप विद्युत आपूर्ति हुन्छ । आगामी ६ महिनाको अवधिमा थप २१० मेगावाट विद्युत आयात गर्न सकिन्छ, यसमा विद्यमान अन्य नाकाबाट आयात हुने २३० मेगावाट विद्युतलाई समेत हिसाब गर्ने हो भने आउँदो ६ महिनामा कूल ५३० मेगावाट विद्युत थप हुन सक्ने अवस्था छ । हामी सबैलाई थाहा भएकै कुरा हो, यो एक वर्षमा निर्माणाधीन जलविद्युत आयोजनाबाट मात्रै ११४ मेगावाट विद्युत आपूर्ति हुनसक्छ । जल विद्युतका अतिरिक्त सौर्य ऊर्जाबाट सार्वजनिक क्षेत्रमा १५० मेगावाट ग्रिडमा जोड्ने गरी र निजी घरमा कम्तीमा १०० मेगावाट सौर्य विद्युत उत्पादन हुन्छ । यसरी वर्ष दिनमा जलविद्युत र सौर्य ऊर्जाबाट मात्रै कूल ६६४ मेगावाट विद्युत थपिने छ । लगानी बोर्डले प्रकृया अघि बढाइरहेको ३०० मेगावाट हावा-विजुली र उखु र अन्य जैविक ऊर्जाको मैले यहाँ चर्चा गरेको छैन ।

व्यवस्थापिका-संसदको सम्बन्धित समितिका माननीय सभापति तथा सदस्यहरूले सरकारलाई जानकारी गराउनु भएको ऊर्जा आर्जनसम्बन्धी अप्ठ्यारालाई मैले भुलेको छैन । राष्ट्र निर्माणको लागि हामी सबै सङ्कल्पकृत छौँ र १०५ वर्षमा ५/७ सय मेगावाट विजुली मात्रै निकाल्ने कछुवा गतिलाई बिदा गर्न तयार छौँ भने मैले भर्खरै चर्चा गरेको तथा प्राविधिकहरूले अर्थ्याएको आकडा बराबरको ऊर्जा निर्माण गर्न सम्भव छ भन्नेमा म ढुक्क छु ।

म फेरि एक पटक दोहऱ्याउन चाहन्छु, हामी कसैलाई पनि फुर्सदमा सुस्तरी काम गर्ने अनुकूलता अब छैन । मैले भन्दै आएको छु, मेरो लागि त झन् समयको सीमा अत्यन्तै न्यून छ । राजनीतिक प्राणीले योजना र सपना बोल्ने हो । प्रशासनले त्यो योजना सम्पादनको लागि सहजीकरण गर्ने हो र प्राविधिकले योजनालाई मूर्तता दिने हो । मैले राजनीति- प्रशासन र प्रविधिको अन्तरसम्बन्धलाई यसैगरी बुझेको छु । राजनीतिक नेतृत्वबाट इच्छाशक्ति जगाइदिने हो भने, मलाई विश्वास छ, हामीसँग रहेको जनशक्ति यीसबै कार्यहरू गर्न सक्षम छन् । यही विश्वासमा मैले, एक वर्षमा लोडसेडिङ अन्त्य गर्छु, ग्याँस सिलिण्डर बोकेरे हिड्ने आजको प्रकृयामा विराम लगाउन सक्छु भन्दै आएको हुँ ।

यी तथ्यहरू र आजको तन्नेरी पुस्तामा देखिने उत्साहबाट मैले झन् उत्साहित हुनु के नाजायज हो ? के यी सम्भव सपनाहरू 'विगतको झारा टराइ

संस्कृतिबाट हुर्केको र मै मात्र जान्ने हुँ भन्ने ठान्ने थोत्रो पुस्ता"ले मेरा भनाइप्रति लक्षित कटाक्ष- "सोमप्रसादको सातु वा मुंगेरीलालको हसिन सपनायँ..." जस्तै हो?

सम्माननीय सभामुख महोदय,

अधिकाङ्श समय राजनीतिक खिचातानीलाई व्यवस्थापन गर्न समय खर्चन परे पनि मेरो नेतृत्वको सरकारले बितेको सय दिनमा केही नयाँ योजना र केही पूर्ववर्ती सरकारले थालेका कामलाई निष्कर्षमा पुऱ्याउने काम गऱ्यो । केही भएन, डेगै चलेन भन्ने जस्ता यो सरकारका विरुद्ध लक्षित टिप्पणीप्रति म यत्तिमात्र भन्ने अनुमति चाहन्छु- यी भनाइ अलि न्यायोचित भएनन्, आग्रहपूर्ण भए । सरकार पहिले पनि बनेका थिए, तर यस्तो जटिल अवस्थाको सामना कमै सरकारले सामना गर्नु परेको थियो । मन्त्रीपरिषद सचिवालयले सय दिनका कामका बारेमा तयार पारेका विवरणात्मक जानकारी तयार पारेको छ, त्यो सम्बन्धित पक्षबीच पुग्ने नै छ ।

म यहाँ सङ्क्षेपमा उल्लेख गर्ने अनुमति चाहन्छु :

क) सरकार गठन भएको केही हप्ताभित्रै देशको शासकीय सुधार, विकास व्यवस्थापन, भूकम्प पछिको पुनर्निर्माण र नयाँ संविधान कार्यान्वयन जस्ता विषयमा तत्काल कार्य प्रारम्भ गर्न तत्काल सुधार कार्य योजना (इमिडेट रिफर्म एक्सन प्लान) तयार गरी लागू गरिएको छ ।

ख) मुलुकले सामना गर्नु परेको आपूर्ति अवरोध र यसले आधारभूत सेवा सुविधा व्यवस्थापन र मानवअधिकारको प्रचलनमा पुऱ्याएको सङ्कटको विषयमा अन्तर्राष्ट्रिय जगतको ध्यान आकृष्ट गर्न विभिन्न कूटनीतिक पहल भएको छ । नेपाल सरकारका प्रतिनिधिमण्डलले चीन सरकारसँग पेट्रोलियम पदार्थ आयात गर्नेसम्बन्धी फ्रेमवर्क तयार गरी समझदारी निर्माण गर्ने कार्य सम्पन्न भएको छ । निकट भविष्यमा हुने उच्चस्तरीय भ्रमणमा चीन र नेपालबीच इन्धन आयातको सहमति हुनेछ । एकीकृत सुरक्षा कार्य योजना, २०७२ लागू गरी आपूर्ति व्यवस्थामा भएको अवरोध हटाउन मुख्य मुख्य शहर र राजमार्गमा सुरक्षा निकायबाट स्कटिङको व्यवस्था मिलाइएको छ ।

ग) राष्ट्रिय पुनर्निर्माण प्राधिकरण गठन भएको छ । सम्माननीय राष्ट्रपतिज्यूबाट तथा उपराष्ट्रपतिसहित सम्पूर्ण राजनीतिक दलहरूको उपस्थितिमा गत माघ २ गतेबाट कार्य प्रारम्भ भइसकेको छ ।

घ) नेपालको संविधान कार्यान्वयनका लागि संविधान बमोजिम संशोधन गर्नुपर्ने विभिन्न १९३ वटा ऐन संशोधनका लागि केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७२ व्यवस्थापिका-संसदमा पेश भएको छ । संघीयता कार्यान्वयनका सन्दर्भमा मन्त्रालयस्तरमा कानुन परिमार्जन गर्ने कार्यदल गठन भई काम शुरु गरेको छ ।

ङ) संघीयतामा राष्ट्रसेवक कर्मचारी व्यवस्थापनको पूर्वतयारीका लागि प्रदेश र स्थानीय तहमा समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउने विशेष कानुनको एकीकृत मस्यौदा तयारी भइरहेको छ ।

च) विनाशकारी भूकम्प र आपूर्ति प्रणालीमा सिर्जना भएको असहजताले अर्थतन्त्रमा पारेका प्रतिकूल प्रभावहरू, तिनबाट सिर्जित समस्याको समाधान गर्नका लागि तत्काल गरिनुपर्ने सुधारका कार्यहरू र सुधार कार्यान्वयनको कार्ययोजना समेत तयार गरी श्वेतपत्र जारी गरिएको छ । उद्यमी व्यवसायीका समस्या सम्बोधन गर्न राष्ट्रिय पुनरुद्धार कोष स्थापना गरिएको छ ।

छ) तुइनहरूलाई विस्थापन गरी आगामी दुई वर्षभित्र झोलुङ्गे पुल निर्माण गर्न भएको निर्णय कार्यान्वयन गर्नका लागि हालसम्म ४० जिल्लामा २२७ तुइनहरू तथा वासरकाठको फट्के पुलको पूर्व सम्भाव्यता अध्ययन सम्पन्न भएको छ । दुई वर्षभित्र सबै तुइनलाई झोलुङ्गे पुलले प्रतिस्थापन गर्ने गरी तयार भएको कार्ययोजना स्वीकृतिको चरणमा रहेको छ । झोलुङ्गे पुल रणनीति बमोजिम कम्तीमा एक घण्टाको दुरीमा झोलुङ्गे पुल निर्माण गर्ने नीति कार्यान्वयनमा ल्याइएको छ ।

ज) विभिन्न सात परियोजनाहरू कार्यान्वयनको लागि रु. ४१ अर्व ९९ करोड ९० लाख बराबरको वैदेशिक सहायता सम्झौता भएको छ । यसमा रु. ९ अर्व ७६ करोड २० लाख अनुदान (२३.२४५) र रु. ३२ अर्व २३ करोड ७० लाख बराबरको सहुलियत ऋण सहायता (७६.७६५) रहेको छ । यसैगरी नेपाल सरकार र एसियाली विकास बैंकबीच भूकम्प प्रभावित

समुदायको पुनर्स्थापना र प्रकोप जोखिम न्यूनीकरणसम्बन्धी अनुदान सम्झौता सम्पन्न भएको छ । चीन सरकारले उपलब्ध गराउन प्रस्ताव गरेको ९०० मिलियन युआन बराबरको आर्थिक तथा प्राविधिक सहायता स्वीकार गर्ने सम्बन्धमा चीनको वाणिज्य मन्त्रालयमा एक समारोहका बीच २५ डिसेम्बर २०१५ मा सम्झौता सम्पन्न भएको छ ।

झ) जनवादी गणतन्त्र चीनको नेतृत्वमा गठित एसियाली पूर्वाधार लगानी बैँकको संस्थापक सदस्य भई सो बैँकको सञ्चालक समितिमा निर्वाचित समेत भएको छ ।

ञ) भियतनाम र न्यूजिल्याण्डसँग नयाँ हवाइ सेवा सम्झौता गरिएको छ । नेपाल र चीन सरकारबीच भएको हवाइ सेवा सम्झौता, नेपाल र भुटानबीच भएको हवाइ सम्झौता पुनरावलोकन गरिएको छ । अब नेपाल वायुसेवा निगमलाई काठमाडौँ-ग्वान्जाओ-काठमाडौँ सेक्टरमा प्रतिहप्ता ७ उडान गर्न पाउने गरी तोकिएको छ ।

ट) रसुवामा सुख्खा बन्दरगाह निर्माणका लागि जग्गा अधिग्रहण सम्पन्न भएको छ ।

ठ) १ जनवरी २०१६ देखि चिनियाँ नागरिकलाई बढीमा पाँच महिनासम्म नेपालमा बस्न निःशुल्क पर्यटन भिसा जारी गर्ने व्यवस्था गरिएको छ । शरणार्थीको हैसियतले नेपालमा बसेका विभिन्न मुलुकका ४१ जना आप्रवासीले तिर्नुपर्ने रकम मिनाहा गरी निजहरूलाई तेस्रो मुलुकमा पुनर्स्थापन गर्न स्वीकृति दिइएको छ ।

ड) उपभोग्य वस्तुको कालोबजारी नियन्त्रण एवं बजार अनुगमन गरी सहज तुल्याउनुका साथै शान्ति सुरक्षाको भरपर्दो व्यवस्था मिलाइएको छ । कालोबजारी गर्ने काठमाडौँ उपत्यकाका १३ वटा पेट्रोल पम्प तथा अन्य ७५ जना विरुद्ध प्रचलित कानुन बमोजिम विभिन्न फौजदारी मुद्दा चलाइएको छ । वर्तमान असहज परिस्थितिमा पेट्रोलियम तथा अन्य अत्यावश्यकीय सामग्रीहरूको बिक्री वितरणमा हुन सक्ने अनियमिततालाई दृष्टिगत गरी वाणिज्य तथा आपूर्ति व्यवस्था विभागबाट समय समयमा गरी ९९७ पटक बजार अनुगमन गरी २६१ व्यवसायीहरूसँग स्पष्टीकरण मागिएको छ । नौ जना व्यवसायीहरू विरुद्ध मुद्दा दायर गरिएको छ ।

ढ) काठमाडौँ उपत्यकाको टेकु, पचली र इमाडोल क्षेत्रमा रहेको प्राकृतिक ग्याँसको उत्खनन तथा उपयोग गर्ने कार्यको लागि कार्ययोजना सहितको कार्यक्रम तयार गरिएको छ ।

ण) राष्ट्रिय प्रसारण ग्रीडमा थप २२ मेगावाट विद्युत उपलब्ध भएको छ । नलसिंहगाड, नौमुरे लगायतका आयोजनाको विद्युतका लागि कम्पनी स्थापना भएको छ । भूकम्प प्रभावित जिल्लाहरूमा सहयोग गर्ने गरी मित्रराष्ट्र चीन सरकारको सहयोगमा प्रस्तावित ३२ हजार घरायसी सौर्य ऊर्जा र ३२५ थान संस्थागतरूपमा प्रयोग हुने सौर्य ऊर्जा प्रणालीको अनुदान सहायता प्राप्त गर्ने आवश्यक सबै पूर्वाधार तयार भएको छ ।

त) लामो समयसम्म भन्सार नाकामा रोकिएका मालवस्तुहरूलाई रिरुटिङ गर्ने, बण्डेड वेयर हाउसको सुविधा अन्तर्गत निकासी गर्न पाउने अवधि थप गर्ने, कोलकाता बन्दरगाहमा लागेको बिलम्ब शुल्क, डिमरेज शुल्क लगायतका शुल्कहरू मिनाहा वा छुटका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने, सुख्खा बन्दरगाह र वीरगञ्ज भन्सार कार्यालयका गोदाममा रहेका मालसामानमा लाग्ने बिलम्ब शुल्क र पार्किङ शुल्क मिनाहा गर्ने लगायतका कार्यहरू गरी व्यापार सहजीकरण गरिएको छ ।

थ) चालू आ.व.मा शोधभर्ना हुनुपर्ने ३० अर्ब रकममध्ये यस अवधिमा करिव २० अर्ब रकम शोधभर्ना भई जम्मा २४ अर्ब २० करोड शोधभर्ना भएको । अब बाँकी शोधभर्ना हुनुपर्ने रकम करिव ५ अर्ब रहेको छ ।

द) भूकम्पबाट प्रभावित परिवारलाई प्रतिपरिवार दश हजार रुपैयाँका दरले कूल छ अर्ब दुई करोड छपन्न लाख सत्तरी हजार अनुदान उपलब्ध गराइएको छ ।

ध) राहदानी विभाग र विदेशस्थित नेपाली नियोगहरू (कतार, रियाद, जेद्दा, हङकङ, कुवेत, युएई, क्वालालाम्पुर र लण्डन) मा पौषको पहिलो हप्तादेखि र वासिङटन डि.सी. एवं न्यूयोर्कमा पौषको अन्तिम हप्तामा प्रत्यक्ष दर्ता प्रणाली अन्तर्गत अनलाइनबाट राहदानी फाराम भरी राहदानीको लागि आवेदन गर्न सक्ने गरी व्यवस्था मिलाइएको छ । यसैगरी अनलाइनबाट लोकसेवा आयोगको विज्ञापनमा आवेदन दिने

व्यवस्था र स्मार्ट कार्ड सवारी चालक अनुमतिपत्र वितरण कार्य शुरु भएको छ ।

न) एक लाख आठ हजार सात सय चार मेट्रिकटन रासायनिक मल, छ सय मेट्रिकटन प्राङ्गारिक मल र ४ हजार ४१५ मेट्रिकटन गहुँको बीउ कृषकहरूलाई अनुदानमा उपलब्ध गराइएको छ ।

प) विषम परिस्थितिका कारण तराई मधेसका विद्यालयमा नियमित पठन पाठन हुन नसकेकोले तराईका २२ जिल्लालाई केन्द्रित गरी शैक्षिक योजना र तत्काल पठन पाठनको आपूरण हुनेगरी कार्यक्रम कार्यान्वयन गर्न र एसएलसी दिने विद्यार्थीहरूलाई सहयोग पुग्नेगरी रेडियो नेपाल, नेपाल टेलिभिजन तथा स्थानीय एफएम रेडियोहरूबाट पाठ प्रसारण शुरु गरिएको छ । साथै अक्षराङ्कन पद्धतिबाट एसएलसी परीक्षाको नतिजा प्रकाशनको व्यवस्था मिलाउन अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि, २०७२ लागू गरिएको छ ।

फ) निजामती कर्मचारीहरूको लागि आधिकारिक ट्रेड यूनियनको २०७२ चैत्र २८ मा निर्वाचन सम्पन्न गर्ने घोषणा गरी सोको लागि आवश्यक कामकारवाही प्रारम्भ गरिएको छ । साथै चिया बगानमा काम गर्ने श्रमिक तथा अन्य श्रमिकहरूको न्यूनतम ज्याला पुनरावलोकन गरिएको छ ।

ब) शैक्षिक सत्र २०७३ शुरु हुनु अगावै विद्यार्थीहरूको हातमा पाठ्यपुस्तक पुऱ्याउने सुनिश्चितताका लागि वैकल्पिक व्यवस्था आवश्यक भएमा सो समेत गरी पाठ्यपुस्तक उत्पादन र वितरणको व्यवस्था मिलाउन तीन दिनभित्र कार्ययोजना तयार गर्न शिक्षा मन्त्रालयलाई निर्देशन दिइएको छ ।

सभामुख महोदय,

एउटा सरकारको लागि सय दिन निश्चिय नै लामो अवधि हो जस्तो मलाई लाग्दैन । तर मैले अगाडि नै भनिसकेको छु, हामी कसैलाई पनि फुर्सदमा काम गर्ने समयले अनुमति दिएको छैन । त्यसमाथि पनि संविधान जारी भइसकेको अहिलेको अवस्थामा राजनीतिक विवादमा अल्झिरहनु कुनै पनि हिसाबमा उपयुक्त हैन । संविधानको पहिलो संशोधन पछि आन्दोलनरत दलहरूका जायज गुनासा र मागहरूले संवैधानिक र संसदीय प्रक्रियामा प्रवेश पाइसकेको छ ।

अतः जे जति असहमति हामीहरूबीच छन्, त्यसलाई राजनीतिक प्रकृयामार्फत टुङ्गोमा पुऱ्याउन सकिनेमा म सबै पक्षलाई विश्वास दिलाउन चाहन्छु । अतः तराई-मधेस केन्द्रित आन्दोलनमा संलग्न दलहरू र सम्बद्ध पक्षलाई समझदारीमा आउन अनुरोध गर्दछु । राजमार्ग र अन्य संवेदनशील स्थानमा अवरोध सिर्जना गर्ने प्रकृतिका कार्य तत्काल रोकी सम्वादमार्फत अघि बढ्न पुनः एकचोटि हार्दिक आग्रह गर्दछु । देश हामी सबैको हो । अहिलेको आन्दोलन र विरोधले तराईदेखि हिमालसम्मका हाम्रा देशवासीहरूलाई आक्रान्त मात्रै पारेको तथ्यप्रति सजग रहन विनम्र अनुरोध गर्दछु ।

सरकारले सय दिन पूरा गरिसकेको छ । देशवासीको नाममा गरिएको सम्बोधनमा उल्लेख गरेझैँ हाम्रासामु निश्चित प्राथमिकता छन् । संविधानको प्रभावकारी कार्यान्वयन, व्यापारमा विविधीकरण, पारवहन सम्झौता, ऊर्जामा स्वावलम्बन, राष्ट्रिय पुनर्निर्माण, सुशासन र मित्रराष्ट्रहरूसँगको सम्बन्ध सुदृढीकरण हाम्रा सात प्राथमिकता हुन् । यी प्राथमिकतालाई कार्यान्वयन गर्ने दायित्व मेरो नेतृत्वको सरकारको हो भन्नेमा म स्पष्ट छु । सीमामा भएको अवरोध र प्राकृतिक विपत्तिले कोरेको सीमाभित्र रही एउटा कार्यकारी प्रमुखले गर्नसक्ने जत्ति काममा मबाट हुनसक्ने हदसम्म काम भएको छ भन्ने मेरो भनाइ हो । असाधारण अवस्थामा जिम्मेवारी सम्हाल्ने म एक औसत प्रधानमन्त्री हुँ भन्नेमा म स्पष्ट छु । तसर्थ, कसैलाई पनि देवत्वकरण वा दानवीकरण गर्नुपर्ने तहको हदमा टिप्पणी नहुँदा नै व्यावहारिक हुने म ठान्दछु ।

प्रधानमन्त्री वा मन्त्रीहरू, व्यक्तिगत वा दलगत हिसाबमा मन पर्ने/नपर्ने हुन पनि सक्छन् । तर हाम्रा राष्ट्रिय एजेण्डा साझा हुन्, हाम्रा प्राथमिकताहरू देशका साझा प्राथमिकता हुन् । तिनलाई कार्यरूप दिनु आजको राष्ट्रिय आवश्यकता हो । यसप्रति म यो सम्मानित सदनको ध्यानाकर्षण गराउन चाहन्छु । समय दिनुभएकोमा सम्माननीय सभामुख महोदयलाई र मेरा भनाइ सुनिदिनुभएकोमा सभामुख महोदयमार्फत् सम्पूर्ण माननीय सदस्यहरूलाई धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

४

सार्क–सफल हुन आवश्यक एउटा सपना

(१७ मार्च २०१६, पोखरामा आयोजित सार्क मन्त्रिपरिषद्को ३७ औँ सत्रको उद्घाटन सम्बोधनको अनुदित पाठ)

दक्षिण एशिया, एउटा भविष्य, सफलताको कथा त्यतिबेरसम्म बन्न सक्दैन, जबसम्म हामी हाम्रा युवाहरूमा लगानी गर्न सक्दैनौँ। दक्षिण एशियाली क्षेत्रका युवाहरूका लागि रोजगारी सृजना गर्न क्षेत्रीय सहयोग केन्द्रित हुनु आवश्यक छ। युवाहरूको योग्यताको अधिकाधिक उपयोग गर्न एवं उनीहरूको उर्जाशीलतालाई कायम राख्दै अभिवृद्धि गर्न यथेष्ट प्रयत्न हामीले गर्नैपर्छ। हामीले उत्पादनमूलक क्षेत्रहरूमा लगानी गर्नु आवश्यक छ। यस्ता क्षेत्र जुन युवाहरूको आप्रवासन रोकी उनीहरूलाई सुदृढ र विकसित दक्षिण एशियाको निर्माणकार्यका लागि सक्षम र सहभागी बनाउन आवश्यक छ।

सार्क सदस्य राष्ट्रहरूका परराष्ट्र र विदेश मन्त्रीहरू,
मन्त्रिपरिषद्का मेरा सहकर्मी साथीहरू,
महामहिम सार्क महासचिव,
विशिष्ट प्रतिनिधिहरू,
महामहिमहरू,
पत्रकार मित्रहरू,
महिला तथा सज्जनवृन्द ।

सुन्दर तालहरू, मनमोहक भूबनोट, अग्ला हिमालहरू र मिलनसार बासिन्दाहरूको शहरको रूपमा सुपरिचित शहर, पोखरामा सार्क मन्त्रिपरिषद्को ३७ औँ सत्रको उद्घाटन समारोहलाई सम्बोधन गर्न पाउँदा खुशी लागेको छ ।

म यहाँहरू सबैलाई यस शहरमा न्यानो स्वागत गर्न चाहन्छु । मलाई विश्वास छ कि तपाईहरूले आफ्नो व्यस्तताका बीच केही समय निकाली शहरको प्राकृतिक सुन्दरतामा रमाउन भ्याउनुभएको छ । तपाईहरूको पोखरा बसाइ अविस्मरणीय रहनेछ भन्ने मैले विश्वास गरेको छु ।

महामहिमहरू एवं आदरणीय प्रतिनिधिहरू,

दक्षिण एसिया विश्वका गतिशील क्षेत्रहरू मध्येको एक हो । दक्षिण एसिया परिश्रमी जनताहरू, सम्पन्न सांस्कृतिक सम्पदा, आर्थिक सम्भावना, अवसरहरू र आशाहरूको क्षेत्र हो र यसले समग्र मानवजातिलाई अभिप्रेरित गर्ने सामर्थ्य भएका विश्वकै महानतम सभ्यताहरूको बिरासत बोकेको छ ।

दक्षिण एसियाली सभ्यताको धरोहरलाई अक्षुण्ण राख्न, सामर्थ्यलाई यथार्थमा अनुदित गर्न तथा दक्षिण एसियाली दाजुभाइ एवं दिदीबहिनीहरूको हित प्रवर्द्धन गर्न अब इतिहासले हाम्रो पुस्ता र भावी पुस्ताको काँधमा जिम्मेवारी सुम्पिएको छ ।

विश्व-अर्थतन्त्रको एक सशक्त मेरुदण्डको रूपमा दक्षिण एसियाको उदय भइरहेको छ । यस क्षेत्रमा भइरहेको आर्थिक प्रगति र सम्बन्धित सकारात्मक प्रभावको उचित लाभ उठाउँदै सार्कका उद्देश्य अनुरुप सहयोग प्रवर्द्धन गर्नु आजको आवश्यकता रहेको छ ।

यद्यपि, दक्षिण एसियाले एक साझा शत्रुको सामना गरिरहेको छ । त्यो शत्रु जसले हाम्रा क्षमताहरू क्षीण बनाइरहेको छ, त्यो शत्रु जसले हाम्रा साझा प्रयत्नहरूलाई गिज्याइरहेको छ, त्यो शत्रु जसले सम्पूर्ण दक्षिण एसियालाई भयभित बनाइरहेको छ र त्यो शत्रु जसले हाम्रा क्षमता र मनसायहरूको अग्निपरीक्षा लिइरहेको छ । र, त्यो शत्रु वास्तविक छ, सर्वव्याप्त छ र जिद्दी पनि छ । त्यो शत्रुलाई परास्त गर्न हाम्रो सघन सहकार्य जरुरी छ । यसका हरेक अवशेषहरू निर्मूल पार्न हाम्रो घनिभूत सहयोग जरुरी छ । यो साझा शत्रुलाई नामेट पार्न हामीले सहकार्यको भावना सहित अघि बढ्नु जरुरी छ ।

त्यो शत्रु हो गरिबी, पछौटेपन । यो शत्रुको जीत हामीले किमार्थ सहन सक्दैनौँ ।

विकासको परिदृश्यमा दक्षिण एसियाको उपस्थिति सदैव तल हुनुको कुनै खास कारण देखिन्न । तसर्थ, सहयोग कुनै दयाको विषय होइन । गरिबी र पछौटेपनरुपी शत्रुलाई परास्त गर्न क्षेत्रीय सहयोग त आधारभूत आवश्यकता हो । र, त्यसका लागि हामीसँग क्षमता र स्रोतसाधनहरू छन् । चिरस्थायी साझेदारीको अभिप्रायसहित सहकार्य र सहयोग गर्न उच्चराजनीतिक इच्छाशक्तिको जरुरी छ ।

हामीबीचको बढ्दो समझदारी, हाम्रा लचकता र हाम्रा सहकार्यले सकारात्मक वातावरण बनाउन अवश्य योगदान गर्नेछन् । सकारात्मक वातावरण- सार्थक सहकार्यका लागि, सकारात्मक वातावरण- गहन एकताका लागि, सकारात्मक वातावरण- दक्षिण एसियामा संरचनागत रुपान्तरणका लागि,

सकारात्मक वातावरण- समृद्ध र आपसमा एकाकार भएको दक्षिण एसियाको सपनालाई मूर्तरुप दिनका लागि !

र, त्यस्तो वातावरण बनाउन र हामीले हाम्रा स्रोत साधनहरू, हाम्रो परिश्रम र हाम्रो लगावलाई परिचालन गर्न जरुरी छ । मूलभूत आर्थिक क्षेत्रहरूमा लगानी गरी एउटा त्यस्तो आधार निर्माण गर्न जरुरी छ, जसमा टेकेर दक्षिण एसिया पूर्ण सम्मानका साथ उभिनेछ ।

महामहिमहरू, आदरणीय प्रतिनिधिहरू

मजबुत क्षेत्रीय सहयोगका लागि सम्पर्क सञ्जाल (कनेक्टिभिटी) एक प्रमुख परिचालक हो । पूर्वाधार साथै विचारको सम्पर्क सञ्जाल, सूचना तथा सञ्चार प्रविधिका साथै ज्ञानको सम्पर्क सञ्जाल, साहित्य र संस्कृतिको सम्पर्क सञ्जाल, बजारको र साथसाथै मन-मस्तिष्कको सम्पर्क सञ्जालले दक्षिण एसियाली सहयोगको क्षमता अवश्य नै उद्घाटित गर्नेछ । सम्पर्क सञ्जालको बिस्तारले व्यापार तथा लगानी, पर्यटन, वाणिज्य र ऊर्जाका क्षेत्रका बहुपक्षीय प्रभावसहित सार्थक सहयोग अभिवृद्धि गर्नेछ ।

सम्पर्क सञ्जालको प्राणवायु बिनासमृद्ध दक्षिण एसियाको सपना जीवित रहन सक्दैन । सम्पर्क सञ्जालको मजबुत जगबिना गतिशील दक्षिण एसियाको स्तम्भ अडिरहन सक्दैन । सम्पर्क सञ्जालको आधारबिना दक्षिण एसियाली सहयोगको संरचना ठडिरहन सक्दैन । याद रहोस्, महिला तथा सज्जनवृन्द, क्षेत्रीय सहयोग कुनै दयाको विषय होइन र त्यसैगरी होइन कनेक्टिभिटी (सम्पर्क सञ्जाल) पनि ।

हामीले हाम्रा प्राथमिकताहरू सहीरूपमा किटान गर्नु आवश्यक छ र त्यसलाई व्यवहारमा उतार्नुपर्छ । व्यवहारमा हामी खरो उत्रन जरुरी छ । अहिले बोलेर भन्दा गरेर देखाउन जरुरी छ, हाम्रा अभिप्रायभन्दा ज्यादा सघन ढंगले गर्नु जरुरी छ । र, हामीले सामूहिक भलाइका लागि सामूहिकरूपमा कार्य गर्न जरुरी छ ।

विकसित दक्षिण एसियाको दृष्टिकोणलाई सार्थक तुल्याउन हामीले आर्थिक समृद्धिको इञ्जिनलाई गतिशील तुल्याउन आवश्यक छ । त्यो इञ्जिन भनेको व्यापार हो । दुर्भाग्यवश, दक्षिण एसियाको क्षेत्रीय व्यापार अत्यन्त न्यून

छ । दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा) र सार्क व्यापार सेवाको सम्झौता (साटिस्)का क्षेत्रमा द्रुत प्रगतिको आजको आवश्यकता हो । हुनसक्ने यस्ता आधारभूत संरचनाको सफल कार्यान्वयनको अभावमा, दक्षिण एसियाली आर्थिक युनियनको उद्देश्य केवल एक मृगतृष्णा रहनेछ ।

हामीले हाम्रा उद्देश्यसँग प्रतिबद्धताहरू र प्रतिबद्धतासँग कार्यान्वयनको तादात्म्यता कायम गर्न जरुरी छ । अवश्य पनि, विगतका प्रतिबद्धताको निर्णायक कार्यान्वयनका लागि अब समय आएको छ ।

विश्वव्यापीकरणका असाधारण लहरबाट विश्व गुज्रिरहँदा, दक्षिण एसिया फगत मूकदर्शक बनिरहन सक्दैन । विश्व मानचित्रमा एक महत्वपूर्ण पात्रका रूपमा स्थापित हुन सार्कले आफूलाई सक्रिय बनाउनै पर्छ । समग्र मानव समुदायको समृद्धिको लक्ष्य बोकेका अन्य अन्तर्राष्ट्रिय एवं क्षेत्रीय संगठनहरूसँग हाम्रो अन्तरक्रियालाई सबल तुल्याउँदै जान जरुरी छ ।

हाम्रो क्षेत्र प्राकृतिक प्रकोपहरूको पीडादायी प्रहार सहन अभिसप्त छ । भूकम्प र बाढीजस्ता प्रकोपहरूले धेरै नै क्षति पुऱ्याएका छन् । साथै, जलवायु परिवर्तनको प्रतिकूल र असमानुपातिक परिणाम पनि हामीले भोगिरहेका छौं । गत वर्ष वैशाख महिनामा नेपालमा गएको भूकम्पलगायत दक्षिण एसियाका विभिन्न स्थानमा हालै गएका भूकम्पहरूले पुऱ्याएको विध्वंसात्मक क्षतिको नमीठो अनुभव हामीसँग छ ।

यसले दिएको सन्देश, सामूहिक तयारी, सामूहिक प्रतिकार्य र आपसी सहकार्यको हो । सामूहिक तयारी- त्यस्ता विपद्हरूबाट हुने हानीको रोकथाम गर्न, सामूहिक प्रतिकार्य- त्यस्ता प्रकोपहरूले निम्त्याउने विनाशको सामना गर्न, र आपसी सहकार्य- जलवायु परिवर्तनसँग जोडिएका प्रतिकूलताको न्यूनीकरण गर्न !

महामहिमहरू, विशिष्ट प्रतिनिधिहरू,

क्षेत्रीय सहयोगको केन्द्रभागमा यस क्षेत्रका जनतालाई राखी सार्क बडापत्रले जनता-केन्द्रित क्षेत्रीय गतिविधिहरूको परिकल्पना गरेको छ । जबसम्म हाम्रा जनताको जीवनस्तरमा सुधार ल्याउन सकिँदैन तबसम्म सार्क सफलताको कथा बन्न सक्दैन । अभावको अँध्यारोमा बाँचिरहेका जनताको

जीवनमा आशा र प्रगतिका किरणहरू सार्कले ल्याउन आवश्यक छ । अभाव र पछौटेपनको शिकार भई बाँचिरहेका जनता, गरिबीको चरम अवस्थाले प्रताडित हाम्रा जनताको कल्याण नै हाम्रो एजेण्डाको प्राथमिकतामा पर्नुपर्छ । सार्क एक त्यस्तो क्षेत्रको रूपमा स्थापित हुन आवश्यक छ, जहाँ महिलाहरू सुरक्षित रहुन्, जहाँ बालबालिकाहरू सुरक्षित रहुन् र भयरहित, सम्मानका साथ बाँच्न सकुन् ।

सार्क- एउटा संगठन, तबसम्म सफलताको कथा बन्न सक्दैन, जबसम्म हामीले यस क्षेत्रका जनतालाई गरिबी र चरम अभावबाट उन्मुक्ति दिन सक्दैनौँ ।

दक्षिण एसिया- एउटा अवधारणा, सफलताको कथा त्यतिबेलासम्म बन्न सक्दैन, जबसम्म दक्षिण एसियाका जिज्ञासु मन-मस्तिष्कलाई उचित खुराक दिन हामी सक्दैनौँ; जबसम्म उनीहरूका परिश्रमी हातहरूलाई साधन सम्पन्न गराउन हामी सक्दैनौँ; र जबसम्म उनीहरूका सिर्जनशील आकाङ्क्षाहरूलाई मलजल गर्न हामी सक्दैनौँ ।

दक्षिण एसिया, एउटा भविष्य, सफलताको कथा त्यतिखेरसम्म बन्न सक्दैन, जबसम्म हामी हाम्रा युवाहरूमा लगानी गर्न सक्दैनौँ । दक्षिण एसियाली क्षेत्रका युवाहरूका लागि रोजगारी सृजना गर्न क्षेत्रीय सहयोग केन्द्रित हुनु आवश्यक छ । युवाहरूको योग्यताको अधिकाधिक उपयोग गर्न एवं उनीहरूको उर्जाशीलतालाई कायम राख्दै अभिवृद्धि गर्न यथेष्ट प्रयत्न हामीले गर्नैपर्छ । हामीले उत्पादनमूलक क्षेत्रहरूमा लगानी गर्नु आवश्यक छ । यस्ता क्षेत्र जुन युवाहरूको आप्रवासन रोकी उनीहरूलाई सुदृढ र विकसित दक्षिण एसियाको निर्माणकार्यका लागि सक्षम र सहभागी बनाउन आवश्यक छ ।

दक्षिण एसिया - एउटा सपना, तबसम्म सफलताको कथा बन्न सक्दैन, जबसम्म आफ्नो मातृभूमिलाई आफ्नो ऊर्जा र आकाङ्क्षाले समृद्ध तुल्याउने अवसर दक्षिण एसियाली जनताले प्राप्त गर्न सक्दैनन् ।

सफल दक्षिण एसिया, सफल सार्कको आधारशिलामा उभिएर हामीले अन्ततः साझा दक्षिण एसियाली पहिचानलाई सुदृढ तुल्याउनेछौँ । हाम्रा विद्यमान समानताहरू, हाम्रा साझा आस्थाहरू, हाम्रा साझा सम्पदा र हाम्रा साझा इतिहासलाई हामीले सम्हाली राख्नेछौँ ।

स्रोतसाधन र सम्भावनाहरूको प्रचुरताका बाबजुद दक्षिण एसियाको समग्र विकास अझै पछि परेको छ । पूर्णरूपमा निराशाजनक नभए पनि हाम्रो विकासको रेखाचित्र दयनीय छ । यद्यपि, दिगो र सम्पन्न अर्थतन्त्रको विकास गर्न, सिर्जनशील दक्षिण एसियालीहरूको सहभागितामा आधुनिक प्रविधिको विकास गर्न र विश्व-अर्थतन्त्रको मेरुदण्डको रूपमा स्थापित हुन हामीसँग आवश्यक सामर्थ्य र क्षमता छ ।

सम्पूर्ण विश्वले हाम्रा सामर्थ्य र क्षमताहरूलाई ध्यानपूर्वक नियालिरहेको छ । हाम्रा प्रयासका साथै हाम्रा आकाङ्क्षाहरूलाई, हाम्रो गतिविधिका साथै प्रतिज्ञाहरूलाई नियालिरहेको छ; सदाशयताका साथै उत्सुकताका साथ नियालिरहेको छ ।

महिला तथा सज्जनवृन्द, हामीले दक्षिण एसियाको प्रतिष्ठालाई अभिवृद्धि गर्न, यस क्षेत्रका जनताका लागि सम्मुन्नत आर्थिक सम्भावना संवर्द्धन गर्न, र दक्षिण एसियालाई विश्व रङ्गमञ्चमा नेतृत्वदायी भूमिकामा उभ्याउन स्पष्ट दृष्टिकोण एवं दृढ प्रतिज्ञासहित अघि बढ्नु जरुरी छ ।

हामीले अब गर्ने बेला आयो, सामूहिकरूपमा गर्ने । दक्षिण एसियाको अवधारणा, भविष्य र सपनालाई यथार्थमा परिणत गर्न अहिलेदेखि नै हामीले हाम्रो साझा विवेक प्रयोग गरी अघि बढ्नु आवश्यक छ ।

यी सबै उत्साह र आशावादितासहित यो मन्त्रिस्तरीय बैठक, काठमाडौँ घोषणापत्र २०१४ मा समावेश गरिएका निर्णयहरूको कार्यान्वयनको समीक्षा एवं आगामी नोभेम्बर महिनामा पाकिस्तानमा आयोजना हुने १९ औँ शिखर सम्मेलनका लागि एजेण्डा तय गर्ने कार्यमा केन्द्रित रहनेछ भन्ने विश्वास मैले लिएको छु।

'शान्ति र समृद्धिका लागि गहन एकता' भन्ने १८ औँ सार्क शिखर सम्मेलनको नारा अनुरुप सार्क प्रक्रियालाई अघि बढाउन तपाइँहरूले ठोस निर्णय लिन सफल हुनुहुनेछ भन्नेमा म विश्वस्त छु । विभिन्न सार्क संयन्त्रहरूले सम्पन्न गरेका उत्कृष्ट कार्यहरूको पनि म प्रशंसा गर्न चाहन्छु ।

महामहिमहरू तथा विशिष्ट प्रतिनिधिहरू,

गत वर्ष अप्रिल २५ मा नेपालमा गएको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पनहरूले निम्त्याएको विपद्को दुःखद घडीमा, दक्षिण एसियाली मित्रहरूबाट स्वतःस्फुर्तरूपमा प्राप्त भएको उदार सहयोगले हामीलाई राहत दियो । उक्त कठिन परिस्थितिमा नेपाललाई सहयोग र सहायता गरेका सम्पूर्ण सार्क सदस्य राष्ट्रहरूप्रति म हार्दिक आभार प्रकट गर्न चाहन्छु । सहयोगको त्यो उदाहरण दक्षिण एसियाली ऐक्यबद्धताको द्योतक थियो । कठिन र विषम परिस्थितिमा दक्षिण एसियालीहरू एकजुट भई एक-अर्काको सहयोगका लागि उभिन्छन् भन्ने कुराको त्यो प्रमाण बन्न पुग्यो । अझै बलियो पुनर्निर्माण गरी दीर्घकालीन दिगो विकास गर्ने उद्देश्यका साथ नेपाल अहिले ध्वस्त संरचनाहरूको पुनर्निर्माणको महत्वपूर्ण कार्यमा जुटिरहेको छ ।

आफ्नो मन्तव्य टुङ्ग्याउनु अघि, म नेपालको वर्तमान राजनीतिक अवस्थाको बारेमा चर्चा गर्न चाहन्छु । जननिर्वाचित संविधानसभाद्वारा हामीले लोकतान्त्रिक र समावेशी संविधान जारी गरेसँगै राजनीतिक र संवैधानिक इतिहासको नौलो युगमा नेपाल प्रवेश गरेको छ ।

मुलुकका विविध समुदायहरूका आकाङ्क्षाहरूका आधारमा समावेशी शासन पद्धति, लोकतान्त्रिक बहुलवाद, विधिको शासन र मानव अधिकारसम्बन्धी व्यवस्थालाई नयाँ संविधानले अङ्गीकार गरेको छ । संविधान घोषणा र संविधानको पहिलो संशोधनद्वारा हामीले लामो शान्ति प्रकृया र राजनीतिक संक्रमणलाई तार्किक निष्कर्षमा पुऱ्याएका छौँ । नेपालको यो महत्वपूर्ण राष्ट्रिय उद्देश्य हासिल गर्न नेपालका जनतालाई सार्क सदस्य राष्ट्रहरूबाट प्राप्त अविच्छिन्न समर्थन र ऐक्यबद्धताका लागि हामी हार्दिक आभार व्यक्त गर्न चाहन्छौँ ।

अब हाम्रो प्राथमिकता द्रुततर सामाजिक-आर्थिक परिवर्तन हासिल गर्ने दिशामा केन्द्रित हुन पुगेको छ । शान्ति र स्थायित्व भएको नेपाल, लोकतान्त्रिक र समृद्ध नेपाल दक्षिण एसियाको समेत हितमा हुनेछ भन्ने विश्वास मैले लिएको छु ।

१८ औँ सार्क शिखर सम्मेलनपश्चात् सार्क अध्यक्षको अभिभारा जिम्मेवारीपूर्वक बहन गर्न सम्पूर्ण सदस्य राष्ट्रहरूले गरेको सहयोगका लागि

म हार्दिक आभार प्रकट गर्न चाहन्छु । यस क्षेत्रका जनताको निरन्तर प्रगति र समृद्धिका लागि समर्पित सार्कका आदर्श, सिद्धान्त र उद्देश्यहरूप्रति नेपालको पूर्ण प्रतिबद्धता फेरि एकपटक दोहोऱ्याउन चाहन्छु । म सम्पूर्ण सदस्य राष्ट्रहरूलाई दक्षिण एसियाली जनताको भलाइका लागि र दक्षिण एसियाली पहिचानलाई संवर्द्धन गर्न सार्कको मर्मलाई जीवन्त राख्न अपिल गर्दछु ।

फलदायी विमर्शको कामना गर्दै यस बैठकबाट प्रभावकारी उपलब्धिको अपेक्षा राखेको छु ।

यहाँहरूको नेपाल बसाइ सुखद् रहोस् ।

धेरै धेरै धन्यवाद ।

५

नयाँ वर्षको पूर्वसन्ध्यामा देशवासीलाई सम्बोधन

(२०७२ चैत ३० गते प्रधानमन्त्री कार्यालय, सिंहदरबारबाट दिनुभएको नयाँ वर्ष २०७३ को शुभकामना सन्देश)

लोकतन्त्र भनेको जनताको शासन व्यवस्था हो। आफूमाथि शासन गर्ने प्रतिनिधि उनीहरू आफैँ चुन्छन्, त्यसैले भनिन्छ लोकतन्त्रमा जनताको बोली बिक्छ। तर लोकतन्त्र आफैँमा लगाम बिनाको घोडा भने होइन। त्यहाँ जनतालाई लोकतन्त्र हुन्छ, तर आफूनै प्रतिनिधिद्वारा बनाइएको विधिले कोरेको सीमा बाहिर जान मिल्दैन, त्यसो भएमा विधिको शासनको रक्षाका लागि राज्यसत्ता उपस्थित हुन्छ। राज्यसत्ता भनेको लोकतन्त्ररूपी शिक्काको त्यो पाटो हो, जहाँ सन्तुलन र नियन्त्रणका वैध संयन्त्रहरू क्रियाशील हुन्छन्।

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू !

आजदेखि वि.सं. २०७२ हामीबाट बिदा हुँदैछ । यो वर्ष नेपालको इतिहास उल्लेख्य सकारात्मक र नकारात्मक घटनाले भरिपूर्ण रह्यो । नेपालको संविधान घोषणा, नेपालको राष्ट्रिय चेतनामा आएको ठूलो विकास र अन्तर्राष्ट्रिय सम्बन्धमा प्राप्त भएका नयाँ उचाइजस्ता सुखद उपलब्धि यसै वर्ष हासिल भएका छन् । खेलकूद क्षेत्रमा हाम्रा युवाहरूले प्राप्त गरेको उपलब्धिले समग्र नेपालीलाई उत्साहित पारेको छ । तर वर्षको शुरुआतमै आएको विनाशकारी भूकम्प होस् वा दर्जनौँ जनाको ज्यान जाने गरी तराई-मधेसमा उत्पन्न दुःखद घटनाहरू या त्यसैसँग जोडिएर अनावश्यक ढंगले थोपरिएको नाकाबन्दी होस्, हामी नेपालीलाई बिर्सन कठिन हुने घटनाका रूपमा रहेका छन् । सम्बत् २०७३ सबै नेपालीका लागि सफल र सुखमय होस्, हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

लोकतन्त्र भनेको जनताको शासन व्यवस्था हो । आफूमाथि शासन गर्ने प्रतिनिधि उनीहरू आफैँ चुन्छन्, त्यसैले भनिन्छ लोकतन्त्रमा जनताको बोली बिक्छ । तर लोकतन्त्र आफैँमा लगाम बिनाको घोडा भने होइन । त्यहाँ जनतालाई लोकतन्त्र हुन्छ, तर आफ्नै प्रतिनिधिद्वारा बनाइएको विधिले कोरेको सीमा बाहिर जान मिल्दैन, त्यसो भएमा विधिको शासनको रक्षाका लागि राज्यसत्ता उपस्थित हुन्छ । राज्यसत्ता भनेको लोकतन्त्ररूपी सिक्काको त्यो पाटो हो, जहाँ सन्तुलन र नियन्त्रणका वैध संयन्त्रहरू क्रियाशील हुन्छन् ।

मैले सरकारको नेतृत्व सम्हालेको एक महिना नाघेपछि देशवासीलाई सम्बोधन गर्दा हामी आफैँले तयार गरेको संविधानको घोषणा र त्यसको लगत्तै सिर्जित असाधारण अवस्थालाई चित्रण गरेको थिएँ । सरकार अत्यन्तै असाधारण अवस्थामा गठन भएको विनम्रताका साथ उल्लेख गरेको थिएँ । सवारी साधनमा हाल्ने इन्धन नभएको, चाडपर्वको बेला जनताको चुल्हो बाल्ने मट्टितेल र ग्याँस नभएको, खाद्य पदार्थ र कतिपय जीवन रक्षक औषधिको समेत अभाव हुँदै गएको राष्ट्रिय सङ्कटको त्यस घडीमा नेपाली जनताले देखाएको धैर्य, देशभक्ति र राष्ट्रिय स्वाभिमानको हृदयदेखि नै प्रशंसा गरेको थिएँ । मैले भनेको थिएँ- यो सरकार सामान्य अवस्थामा बनेको सरकार होइन । यसको भूमिकासँग सरकारमा आबद्ध दलहरूको मात्रै हैन, सिंगो देशको भविष्य गाँसिएको छ भन्ने कुरामा म सचेत छु ।

मैले त्यस समयमा जारी असहज अवस्था, सीमामा रहेको अवरोध, अवरोधका छद्म बाहकहरू र त्यसको छायाँमा सलबलाउन खोजेको संगठित अपराधको समेत चर्चा गरेको थिएँ । आन्दोलनका लागि आन्दोलन आवश्यक नरहेको र आन्दोलनको आडमा हुने अवाञ्छित कृत्यको छिटाबाट सच्चा आन्दोलनकारीहरू समेत जोगिउन् भन्ने मेरो आग्रह थियो । सरकार र सरकार सञ्चालक दलहरूको भूमिका विभेदकारी भयो, पनपच्छे गरियो भन्ने भनाइप्रति मेरो विनम्र प्रश्न थियो- राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा आधा शताब्दीभन्दा बढी आयु बिताएको एउटा व्यक्ति तपाईंहरूको प्रधानमन्त्री भएको छ, जसले १४ वर्षभन्दा बढी यातनापूर्ण जेल जीवनमा कैयौँ रात खानाको सट्टा केवल सास्ती र अपमानमात्र खाएको छ, ऊ कसरी विभेदकारी, अमानवीय र जनविरोधी हुनसक्ला ? तानाशाही, विभेदकारी एवं निरङ्कुश हैन, देख्न-सुन्न सक्ने र जनताको पीरमर्कामा आफूलाई एकाकार गर्ने, लोकतान्त्रिक संरचनाको निगरानीमा चल्ने सरकार भएको बेला देश र जनता भूकम्प र नाकाबन्दीबाट आक्रान्त र पीडित एवं अर्थतन्त्रमा गम्भीर धक्का लागेको यस सम्वेदनशील परिस्थितिमा जुलुस, बन्द-हडताल, तोडफोड केका लागि भन्ने मात्र मेरो प्रश्न थियो । जनताका प्रतिनिधिहरूले बनाएको, लोकतान्त्रिक विधिबाट बनेको र जनताका अधिकार एवम् न्याय-समानताको सार बोकेको संविधान जारी हुँदा किन अन्त्यहीन आन्दोलन ? जिज्ञासा राख्वेको थिएँ । केही कुरा नमिलेका भए संशोधन मार्फत् मिलाउन सकिन्छ, सीमाङ्कन पुनरावलोकन गर्नुपर्ने भए सहमतिमा गर्न सकिन्छ, संविधान र सङ्घीयतालाई गतिशील विषयका रूपमा

लिएर अगाडि बढौँ भनिरहेकै बेला देशलाई नै सङ्कट पार्ने सीमा अवरोध किन ? सवाल गरेको थिएँ । "तराई मधेसमा जारी असहज घटनामा मिसिएका मित्रहरूलाई आग्रह गरेको थिएँ- तराई मधेससँग सम्बन्धित विषयहरू हामी सबै नेपालीका साझा विषय हुन् । तिनको उचितरूपमा सम्बोधन गर्नु नेपाल सरकारको जिम्मेवारी हो । राष्ट्रिय हित र एकताको पक्षमा उभिनु सबै नेपालीको कर्तव्य हो भन्ने म ठान्दछु ।" तराई-मधेसमा भइरहेको बन्द-हडताल र त्यसले जनता तथा देशको हित प्रतिकूल पारेका चौतर्फी असरबारे गम्भीर हुन मैले आन्दोलनरत पक्षलाई आग्रह गरेको थिएँ ।

झण्डै ६ महिनापछि आज पनि म अर्वौं रुपैयाँ क्षति हुनेगरी तराई मधेसमा हुन पुगेको अशान्तिको चित्तबुझ्दो कारण देखिरहेको छैन । संविधानको पहिलो संशोधनले पुनर्पुष्टि गरेको अधिकारका लागि सम्वाद नै काफी थियो, मानिसको ज्यान जाने हदमा बन्द-हडताल र तोडफोड आवश्यक नै थिएन । मैले त्यतिखेर भनेकै थिएँ- जनचाहना, राष्ट्रिय हित र औचित्यका आधारमा संविधानमा संशोधन हुनसक्छ । त्यसैले म फेरि पनि तराई मधेसमा शान्तिपूर्ण गतिविधिमा क्रियाशील असन्तुष्ट सबै मोर्चा, दल र समूहहरूलाई आग्रह गर्दछु- सम्वादमा आउनुहोस्, लोकतान्त्रिक विधिबाट हल नहुने कुनै पनि जटिल विषय हामीबीच छैन । जनताका लागि काम गर्छु भन्ने जो कोहीले जनतामाथि नै भर पर्नुपर्छ । घरपरिवारका सदस्य परचक्री जस्तो र घरबाहिरका सल्लाहकारहरू स्वधर्मी जस्तो हुनै सक्दैन भन्ने हामीले मनन गर्नुपर्छ । संरचनागत समस्याका कारण हाम्रो मुलुक विकासको गतिमा पछि पऱ्यो । अविकासको नकारात्मक परिणाममा टेकेर अनगिन्ती "सामाजिक वैज्ञानिकहरू"ले धर्म, संस्कृति, जात/जाति, भूगोल र क्षेत्रका नाममा हाम्रो देशमाथि अनेक खालका परीक्षण गरे । अब यो मुलुकलाई थप प्रयोगशाला बन्न दिनु हुन्न । विगतमा केही भ्रम परे पनि केही राजनीतिक जटिलताले बाध्य बनाए पनि उच्च एवं गहिरो समझदारीका साथ 'आन्दोलन' समाप्त पारी सामान्य अवस्थामा समाजलाई फर्काउन योगदान गर्नुभएकोमा सबै दल, मोर्चा र नेताहरूलाई धन्यवाद समेत ज्ञापन गर्दछु । थाँती रहेका विषयमा सार्थक बहस गरी निष्कर्षमा पुग्न सरकारले उपप्रधानमन्त्रीको संयोजन रहने गरी उच्चस्तरीय राजनीतिक समिति बनाइ सकेको छ । त्यस समितिमा संलग्न हुन र सार्थक सम्वादमा सामेल हुन मेरो हार्दिक आग्रह छ ।

हालको असामान्य अवस्थालाई औँल्याउँदै मैले भन्दै आएको छु- हामी कसैलाई पनि फुर्सदमा गराँैला भन्ने छुट छैन । मैले आफ्नो हतारोलाई इंगित गर्दै भनेको थिएँ- बिस्तारै गराँैला भन्ने मलाई त झनै सुविधा छैन । सिर्जित समस्यालाई सम्बोधन गर्न खरायोको गतिमा दौड्नुपर्ने हामी, कछुवाको तालमा सीमित हुनुपर्दाको पीडा कस्तो हुन्छ भन्ने मैले महसुस गरिरहेको छु । यसबाट हाम्रो लोकतन्त्र, हाम्रा कानुन, हाम्रो परम्परागत सेवा प्रदायक संरचना र हाम्रो लोकतान्त्रिक सम्परीक्षण गर्ने निकायहरूको काम कारवाहीप्रति ममा गम्भीर जिज्ञासा पैदा भएको छ । अहिले, खिचोला झिक्ने र मुद्दा खेल्ने समय हैन । त्यसैले मैले सम्बन्धित सरोकारवालाहरूलाई आ-आफ्नो जिम्मेवारी सफलतापूर्वक बहन गर्न र सरकारको विकास दौडमा सहयोगी बन्न आग्रह गर्ने गरेको हुँ ।

नयाँ वर्षको शुभकामना दिइरहेको बेला अहिले, इन्धन आपूर्तिको असहजतालाई सहजतामा परिणत गर्ने, भूकम्पबाट भएको क्षतिको पुनर्निर्माण प्रभावकारी ढंगले तीव्र पार्ने र जनतालाई आवश्यक सेवा प्रदान गर्ने नियमित प्रक्रियालाई मूलतः तीन भागमा रहेका सरकारका कामका रूपमा म स्मरण गर्दछु । बितेको ६ महिनाको अवधिमा सरकारले के गऱ्यो, त्यसको फेहरिस्तमा म गइरहेको छैन । प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयले त्यसको विवरण उपयुक्त विधिबाट सार्वजनिक गर्छ । यत्तिमात्र उल्लेख गर्ने अनुमति चाहन्छु- हाम्रा विभिन्न मन्त्रालयहरूले समयबद्ध योजना निर्माण गरी लागू गर्ने प्रयत्न गरेका छन् । मैले पद बहाली गरेकै क्षण गरेको एउटा निर्णय स्मरण गर्छु- दुई वर्षभित्र देशभर रहेका सबै तुइनहरूलाई झोलुङ्गे पुलबाट विस्थापित गर्ने । आज म आकडामा बोल्न सक्छु- देशभर रहेका १७१ तुइनहरूमध्ये आजसम्म झोलुङ्गे पुलबाट ३ वटा विस्थापित भइसके, ९ वटा निर्माणाधीन छन्, ४२ वटा खरीद प्रक्रियामा छन्, ४७ वटा विस्तृत परियोजना प्रतिवेदनका लागि खरिद प्रक्रियामा छन् । ३४ वटाको विस्तृत परियोजना प्रतिवेदन तयारी हुँदैछ । सङ्क्षेपमा भन्नुपर्दा आगामी असोज अन्त्यसम्ममा परियोजना तयारीका सबै काम सम्पन्न हुन्छन्, तोकिएकै समय सीमामा झोलुङ्गे पुल बन्नेछन् र तुइनहरू विस्थापित हुनेछन् ।

मैले यी विवरण, प्रतिकूलताका बाबजुद, गरिएका वाचा कबुलप्रति सरकारको प्रतिबद्धता स्पष्ट पार्न उल्लेखसम्म गरेको हुँ । ऊर्जाको चर्चा गर्दा

'स्वै कुन्नि'को भावमा टिप्पणी गर्नेहरूलाई मैले भन्नैपर्छ- काम गर्न दिनुस्, सरकारले आफैँले तोकेको सीमाभित्र लक्ष पूरा गर्छ । म स्मरण गर्छु, ४०० केभिए ढल्केवर- मुजफरपुर अन्तरदेशीय प्रसारण लाइनको निर्माण कार्य माघसम्ममा सम्पन्न हुन्छ भनियो- हामीले फागुनको दोस्रो साताबाट ८० मेगावाट थप विद्युत आपूर्ति गरिसकेका छौँ । ऊर्जासङ्कट कार्ययोजना जारी गर्दा हामीले भने अनुरूप आउँदो ६ महिनामा ६०० मेगावाट विद्युत थप आपूर्ति हुन सक्ने अवस्था छ । हामीले भन्दै आए झैँ एक वर्षमा आधारभूतरूपमा लोडसेडिङ अन्त्यको लक्ष पूरा हुन्छ । इन्धन आपूर्ति सहज भएसँगै विशेषतः खाना पकाउने ग्याँसमा अझै रहेको असहज वितरणलाई छिट्टै सहज बनाइने छ । देश अप्ठ्यारोमा र जनता पीडामा रहेको बेला पनि व्यक्तिगत स्वार्थमा लिप्त हुने कालाबजारी, जमाखोरी, कृत्रिम अभावका बाहक र भ्रष्टहरूप्रति सरकारले कुनै सहानुभूति र उदारता राख्ने छैन ।

मेरो नेतृत्वमा रहेको यो संयुक्त सरकारको मूल कार्यभार भनेको जननिर्वाचित संविधानसभाबाट जारी गरिएको लोकतान्त्रिक संविधानको कार्यान्वयन हो । प्रधानमन्त्रीको निर्वाचनसँगै शुरु भएको यसको कार्यान्वयन प्रक्रिया द्रुतगतिमा अघि बढ्दैछ । संविधानसँग मेल नखाने १९३ वटा कानुनहरू व्यवस्थापिका संसदबाट संशोधन भइसकेका छन् । ११० वटा संघीय कानुन, २२ वटा प्रदेशसँग सम्बन्धित कानुन र ६ वटा स्थानीय निकायसँग सम्बन्धित कानुन गरी कम्तीमा थप १३८ कानुन निर्माण यसै सालभित्र हुनेछ । स्थानीय निकायको पुनर्संरचनाको लागि गठित ९ सदस्यीय आयोगले आफ्नो काम थालिसकेको छ । हालै संघीयता कार्यान्वयन तथा प्रशासनिक पुनर्संरचनाको लागि मेरो अध्यक्षतामा उपप्रधानमन्त्रीहरू तथा केही मन्त्रीहरू सहितको १३ सदस्यीय उच्चस्तरीय निर्देशक समिति र नेपाल सरकारका मुख्य सचिवको संयोजनमा ९ सदस्यीय संघीयता कार्यान्वयन तथा प्रशासनिक पुनर्संरचना समन्वय समिति गठन गरिएको छ ।

यसरी राजनीतिक तथा प्रशासनिक व्यवस्थापनको दृष्टिबाट यो साल महत्वपूर्ण हुनेछ । सम्वाद र बहसबाट निकालिने निष्कर्षको आधारमा छिट्टै प्रदेशहरूको सीमा निर्धारण, नयाँ निर्वाचन क्षेत्र र प्रदेशको राजधानी तय गरिने छ । प्रदेश प्रमुखहरूको अन्तरिम व्यवस्था, स्थानीय निकायको अन्तरिम निर्वाचन हुँदै प्रदेशसभा, प्रतिनिधिसभा र राष्ट्रियसभाको निर्वाचनको तयारीमा सरकार

लाग्नेछ । हाम्रो लोकतन्त्रलाई संस्थागत गरी सुदृढ गर्न ढिला भइसक्यो । अब थप ढिलाइ स्वीकार्य हुनै सक्दैन ।

भूकम्पसँगै घर ढलेपनि आत्मविश्वास र भविष्य ढलेको छैन भन्ने सन्देश हामीले उद्धार र राहतको क्रममा जनतालाई महसुस हुनेगरी दिन सकेका थियौँ । तर भूकम्पपछिको पुनर्निर्माण कार्य भने अपेक्षित गतिमा अघि बढेन । तर मैले यसो भनिरहँदा नाकाबन्दी, पर्गेल्न नसकिएको प्रशासनिक झमेला, कानुनको अभाव र मैले सत्ताको बागडोर थाम्नु अघि सरकारले दाताहरूसँग गरेको शर्त सहायता सम्झौता जस्ता परिस्थितिजन्य अवरोधलाई उल्लेख नगर्दा वस्तुपरक होइन्न कि भन्ने म ठान्दछु । विगतलाई सराप्नु र कार्यान्वयन नभएका कामको विवरणमा अल्झिनु मेरो रुचिको विषय होइन । प्रश्न हो- अब कसरी अघि बढ्ने ? हामीले सरकारको नेतृत्व लिँदा हल-न-चलको अवस्थामा रहेको पुनर्निर्माण कार्यलाई गति दिन राष्ट्रिय योजना आयोगको नेतृत्वमा थालिएको काम, नयाँ कानुनको निर्माण, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको गठन, त्यसको नियमावली निर्माण तथा जाडोमा न्यानो कपडा वितरण र त्यससँगै थालिएको लगत सङ्कलन कार्यलाई मैले यहाँ उल्लेख गर्नैपर्छ । हाम्रो जस्तो मुलुकमा एकै चोटि १६०० इञ्जिनियरहरू परिचालन गरी झण्डै ३ महिनामा भत्किएका निजी घर/संरचनाहरूको डिजिटल विवरण सङ्कलन गर्नु निश्चय नै त्यति सजिलो हैन । तसर्थ, "अझ बलियो- अझै राम्रो" निर्माण कार्यका लागि आगामी दिनमा सरकारले निम्न कार्य गर्छ :

- आगामी वैशाख १२ गतेभित्र भूकम्प अतिप्रभावित १४ जिल्लामध्ये ११ वटा जिल्लाका विभिन्न गाविसहरूमा अनुदान सम्झौता प्रक्रिया द्रुत गतिमा अघि बढ्छ । वैशाख १२ गतेदेखि निजी आवास पुनर्निर्माण कार्य शुरु हुन्छ । वैशाख महिनादेखि काठमाडौँ उपत्यका सहित भूकम्पबाट प्रभावित अन्य १७ जिल्लामा सर्वेक्षणको काम शुरु हुन्छ । प्राधिकरणले यो वर्षात् अघि नै ती जिल्लाहरूमा समेत अनुदान सम्झौता गर्छ ।
- २०७३ जेठ महिनाभित्रमा सम्पन्न गर्ने गरी पुनर्निर्माण प्रक्रियालाई अघि बढाउन गाउँगाउँमा पुनर्निर्माण सामुदायिक समिति गठन गरिने छ । वर्षात्को समयमा आइपर्ने समस्यामा सम्बोधन गर्न भूकम्प पीडितका लागि सामूहिक आवासको व्यवस्था मिलाइने छ ।

- भूकम्पबाट क्षति भएका पुरातात्विक महत्वका सम्पदाहरू, शैक्षिक संस्थाहरू, स्वास्थ्य चौकीहरू, सरकारी भवनहरू लगायतको पुनर्निर्माण प्रक्रियालाई तत्काल अघि बढाइने छ ।
- तत्काल राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र कार्यान्वयन निकायलाई आवश्यक जनशक्तिको व्यवस्थापन गरी संस्थागत संरचनालाई पूर्णता दिइने छ ।
- प्रत्येक जिल्लामा कम्तीमा दुई स्थानमा स्रोतकेन्द्रहरू स्थापना गरिने छ । प्रत्येक गाविसमा एक जना इन्जिनियर, एक जना सामाजिक परिचालक र एकजना तालिम प्राप्त निर्माणकर्मीको व्यवस्था गरिने छ ।
- भवन विहीन अवस्थामा रहेका राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको आवास तथा कार्यालय, प्रधानमन्त्रीको कार्यालय, सेनाको मुख्यालय, सर्वोच्च अदालत, संसद भवन, निर्वाचन आयोगलगायत महत्वपूर्ण सरकारी निकायहरूको निर्माण प्रक्रिया तत्काल थालिने छ ।

पीडितका लागि भोलि वा हुँदैछ भन्ने शब्द कर्णप्रिय हुन्न भन्ने म राम्रैसँग महसुस गर्छु । तर क्षतिग्रस्त झण्डै ८ लाख निजी घर, सामुदायिक संरचना, पुरातात्विक महत्वका धरोहरहरू हाम्रो हतारोले एकै चोटि, जादुमयी ढंगले निर्माण सम्पन्न हुन्छ भनियो भने गलत हुन्छ । यसमा प्राथमिकता निश्चितरूपमा तोकिन्छ । विपन्न, पाका र एकल महिला/बालबालिका रहेका घरपरिवारहरू प्राथमिकताको सूचीको सिरानमा रहुन् भन्ने मेरो निर्देशन रहन्छ । पुनर्निर्माण अभियानलाई पाँच वर्ष छुट्याउनुको अर्थ पनि त्यही नै हो । तसर्थ, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले समग्र पुनर्निर्माण कार्यको कार्ययोजना तयार पारी कार्यान्वयनमा ल्याउँछ, म सबैलाई आश्वस्त रहन आग्रह गर्दछु ।

केही अन्तर्राष्ट्रिय मञ्चमा आजभोलि नेपालको संक्रमणकालीन अवस्थालाई लिएर मानवअधिकार र सामाजिक न्यायको बारेमा चर्चा हुने गरेको मैले पनि सुनेको छु । अधिकार प्राप्तिको संघर्षमा अनेक चरण पार गर्दै हामी आजको दिनमा आइपुगेका हौँ । कानुनी वा प्रतिबन्धित, सशक्त वा सामान्य, हिंसात्मक वा शान्तिपूर्ण विभिन्न प्रकृतिका द्वन्द्व र आन्दोलनबाट गुज्रिएर नै नेपाली समाज आजको दिनमा आइपुगेको हो । हिंसात्मक द्वन्द्व सामन्ती

तानाशाहीकरणतर्फका प्रयासहरू र तिनको प्रतिवाद एवं गहन आवश्यकताका बीचबाट द्वन्द्व व्यवस्थापनका लागि शान्ति प्रक्रियाको जटिलता र जिम्मेवारी बोधबाट गुज्रिएर हामी यहाँ आइपुगेका हौँ भन्ने कुरा बिर्सन मिल्दैन । संक्रमणकाल, संक्रमणकालीन सत्ता सञ्चालन र संक्रमणकालीन न्याय संपादनका क्रममा अनुभवका न्यूनता र कतिपय कमी पनि रहेका हुन सक्छन् । तर कसैले स्वच्छ वातावरण बन्दै गरेको बेला, मौसम धमिलिएको समयको निस्सासिँदो कुनै घटनालाई उप्काएर मानवअधिकार, लोकतन्त्र र सामाजिक न्यायप्रतिको हाम्रो निष्ठामा प्रहार गर्छ भने त्यो स्वीकार्य हुन्न । म दाबीका साथ भन्छु, नेपाली समाज र हाम्रो न्याय प्रणाली २०० वर्ष अघिको समयको जस्तो छैन । आजका विकसित मुलुकहरू जो लोकतन्त्र र मानवअधिकारको चर्चा बढी नै गर्छन्, ती समाज पनि सुगौली सन्धिको अघिको नेपाली समाजभन्दा धेरै उम्दा थिएनन् ।

केही समय अघि मैले राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारीसँग आफ्नै कार्यकक्षमा विमर्श गरेँ । हाम्रो देशको मानवअधिकारको अवस्था, हाम्रो आर्थिक सामाजिक स्थिति, हाम्रो संविधानले कबुल गरेको मौलिक हक र आजका विकसित समाजले बहाल गरेको मानवअधिकारको तुलनात्मक अध्ययन गर्न आग्रह गरेँ । हाम्रा संवैधानिक आयोगहरू न सरकारका मातहतका नियन्त्रित निकाय हुन् न त सरकारको समानान्तर । उनीहरू राज्यको सम्बन्धित क्षेत्रका विशिष्ट निकाय हुन् । राष्ट्रको स्वाभिमान विश्वसामु उँचो राख्न एउटा कार्यकारी प्रमुखको जति भूमिका हुन्छ, संवैधानिक अङ्गको पनि त्यत्ति नै हुन्छ भन्नेमा म स्पष्ट छु । मैले भनेको थिएँ- मानवअधिकारका प्रत्येक दफामा ५०/५५ वर्षदेखिको राजनीतिक आन्दोलनमा मैले बगाएको पसिना, पीडा र आँसु पनि मिसिएको छ । सरकार प्रमुखको नाताले म भन्छु- नेपाल सरकारको मानवअधिकारप्रतिको प्रतिबद्धतामा कसैले आँला नउठाए हुन्छ ।

मैले पदभार सम्हालेपछिको पहिलो सम्बोधनमा भनेको थिएँ- हामी छिमेकी भारत र चीनलगायत सबै मित्र राष्ट्रहरूसँग संयुक्त राष्ट्रसंघको बडापत्र र पञ्चशीलका सिद्धान्तको आधारमा पारस्परिक समानता र हितको नीतिअनुरूप सुमधुर सम्बन्ध राख्न चाहन्छौँ । हाम्रो राष्ट्रियता र राष्ट्रवादको मूलतत्व हाम्रा आधारभूत राष्ट्रिय हितहरूको संरक्षण र पक्षपोषण हो । रोटी-वेटी वा भृकुटी-अरनिकोको नाम मात्रै आजको दिनमा हाम्रा सम्बन्धका आधारलाई स्पष्ट पार्न पर्याप्त हुन्न भन्ने लागेर नै मैले आधारभूत राष्ट्रहितको सन्दर्भमा

सार्वभौमसत्ता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित र स्वाभिमानलाई हाम्रा पाँच अडानका रूपमा चर्चा गर्ने गरेको छु । पञ्चशीलको सिद्धान्त र संयुक्त राष्ट्रसंघको बडापत्रको चर्चा गर्दा पारस्परिक लाभ, आपसी सम्मान, एक अर्काका मामिलामा अहस्तक्षेपको नीतिलाई जोड दिने गरेको छु । "छिमेकी पहिला"को नीति भनौँ या बहुदेशीय, मूलतः त्रिदेशीय सहयोग कोरिडर, यही असल छिमेकीपनमा अड्छ भन्ने म ठान्दछु । छिमेकी मित्रराष्ट्रहरूसँग मात्रै हैन, दक्षिण एसिया, एसिया र सिंगो विश्वसँग हामी यही नीतिअनुरूप सम्बन्ध राख्न चाहन्छौँ । सरकार प्रमुखको हैसियतमा म फेरि स्पष्ट पार्छु- नेपालका कोही पनि शत्रु छैनन् । हाम्रो कुनैपनि देशप्रति कटुता या दुर्भाव छैन । हामी चाहन्छौँ, अरूहरूले पनि हाम्रो मैत्रीपूर्ण सद्भाव तथा हाम्रो संवेदनशील भूराजनीतिक अवस्थितिको सम्मान गरुन् ।

मलाई लाग्छ, राजनीतिककर्मीले मुलुकको समृद्धि र दिगो विकासको सपना बोल्नुपर्छ । राजनीतिक नेतृत्वबाट इच्छाशक्ति जगाइदिने हो भने, मलाई विश्वास छ, हामीसँग रहेको जनशक्ति हामीले देख्ने सपनालाई व्यवहारमा उतार्न सक्षम छ । नयाँ वर्षको पहिलो दिन आज म आर्थिक-सामाजिक समृद्धिका केही पक्ष चर्चा गर्ने अनुमति चाहन्छु । यद्यपि यसै महिनाभित्र सरकारले व्यवस्थापिका संसदमा प्रस्तुत गर्ने नीति कार्यक्रम, बजेटका सिद्धान्त तथा प्राथमिकता र त्यसलाई कार्यान्वयन गर्न जेठ १५ भित्र प्रस्तुत हुने बजेटले हाम्रा सपनालाई थप ठोसरूपमा प्रस्तुत गर्ने नै छ ।

चीन भ्रमणको क्रममा मैले बोआओ फोरमलाई सम्बोधन गर्ने मौका पाएँ । मैले सम्बोधनको क्रममा भनेको थिएँ- यदि कुनै एसियाली मुलुक पछि परेमा, शान्ति र समृद्धिको एसियाली सपना भड्खालोमा पर्नेछ । गल्ती नगरौँ, सँगै हिड्न नसके एसियाको दिगो विकास पाखा लाग्नेछ । सँगै हिड्न नसक्दा, हाम्रा साझा सपना सपनामै सीमित रहनेछन् । मैले भनेको थिएँ- गल्ती नगरौँ, गरिबी र शान्ति सँगसँगै रहनै सक्दैनन् । र, सहकार्यको उचाइमा नै हाम्रो भविष्य छ । आज म, हाम्रा देशवासीलाई भन्न चाहन्छु- एसियाली रङ्गमञ्चमा हाम्रो उचाइ त्यतिखेर देखिन्छ, जब हाम्रो आर्थिक सामाजिक विकासले उचाइ लिन्छ । बलियो आर्थिक विकासको जगमा खडा हुने राष्ट्रिय भावले मात्रै हामीलाई उचाइमा पुऱ्याउने छ । समृद्धिको उचाइ नै तपाई हाम्रो सपना हुनुपर्छ ।

मित्रराष्ट्र चीनसँग हालै सम्पन्न यातायात पारबहन सम्झौताले एउटा मात्र छिमेकीमाथि निर्भर हाम्रो देश, अब सही अर्थमा भूपरिवेष्ठित राष्ट्रमा रूपान्तरित भएको छ । चलनचल्तीमा अंग्रेजी शब्द "ल्याण्डलक्ड" भनिएको हाम्रो मुलुकसँग अब दुबै छिमेकी मित्रराष्ट्र हुँदै अन्य मित्रराष्ट्रसँग समेत भूसम्बन्ध (ल्याण्डलिंक्ड) स्थापित भएको छ । छिमेकी मित्रराष्ट्रहरू भारत र चीनसँग भएका सहमति सम्झौताका आधारमा हामीलाई पूर्वाधार निर्माणमा सुगमता प्राप्त हुँदैछ । विकासका लागि अबको योजनामा यातायात र सञ्चारको भूमिका महत्वपूर्ण हुनेछ ।

मैले गत कात्तिक २९ गते देशवासीलाई सन्देश दिइरहँदा सडक, यातायात र सञ्चारका केही विषय चर्चा गरेको थिएँ । आज म फेरि एकपटक दोहऱ्याउन चाहन्छु, यातायात सञ्जाल बिस्तारमा सरकारले सडक, रेल र हवाइ गरी तीन प्रमुख संरचना निर्माणमा प्राथमिकता दिनेछ ।

क) हुलाकी राजमार्ग र पुष्पलाल मध्य-पहाडी राजमार्ग जस्ता पहिले नै शुरु भएका राष्ट्रिय गौरवका आयोजनाहरूका अतिरिक्त रणनीतिक महत्वका सडकहरू, काठमाडौँ-निजगढ द्रुतमार्ग, किमाथाङ्का-जोगवनी सडक, रसुवागढी-ठोरी सडक, कोरल्ला-बेलहिया (सुनौली) सडक, हिल्सा-कर्णाली राजमार्गको निर्माण हाम्रो प्राथमिकताका परियोजनाहरू हुन् ।

ख) तराईमा थालिएको पूर्व-पश्चिम रेलमार्गको अतिरिक्त केरुङ-काठमाडौँ-पोखरा-लुम्बिनी रेलमार्ग निर्माण कार्यमा सरकार लागिपर्छ । प्रत्येक नेपालीलाई आफ्नो जीवनकालमै आफ्नो मुलुकमा आधुनिक रेलबाट सयर गर्न सम्भव छ भन्ने सपना देख्न म उत्साहित गर्दछु ।

ग) हाम्रो हवाइमार्गलाई समयको मागअनुसार विकास र बिस्तार गर्न सरकार प्रतिबद्ध छ । निर्माणाधीन भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलसँगै प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति हवाइमार्गसँग जोडिएका हाम्रा योजना हुन् ।

ऊर्जा र जलस्रोतको बहुपक्षीय उपयोगका सन्दर्भमा एक वर्षभित्र विद्युत अभाव आधारभूतरूपमा समाप्त पार्न र दुई वर्षभित्र चाहेजति विद्युत खपत गर्ने अवस्था सिर्जना गर्न हामी ऊर्जामा केन्द्रित हुनैपर्छ । माथिल्लो तामाकोशी लगायत निर्माणाधीन आयोजना तीव्र रफ्तारमा सम्पन्न गर्ने, पञ्चेश्वर, माथिल्लो कर्णाली र अरुण तेस्रो जस्ता साझा लगानी या बाह्य लगानीका आयोजनालाई समयमै सम्पन्न गर्ने, बुढीगण्डकी, नलसिंहगाढ, नौमुरे जस्ता प्रस्तावित आयोजनाहरूलाई तत्काल अगाडि बढाउने, नागरिकहरूले गौरव र अपनत्व महशूस गर्ने गरी कुनै ठूलो आयोजना आम जनताको सहभागिता र स्वदेशी स्रोतबाट सम्पन्न गर्ने, बालुवामा पानी हाले जस्तै उपभोगमा सकिइरहेको रेमिट्यान्सलाई सदुपयोग गर्न त्यसैमाथि आधारित एक आकर्षक जलविद्युत परियोजना अगाडि बढाउने र निर्माणसँगै प्रसारण बिस्तारमा ध्यान दिने सरकारको योजना छ । सौर्य, वायु, जैविकलगायत वैकल्पिक ऊर्जाको विकासमा पनि मेरो ध्यान छ । विद्युतीय सवारी साधनहरूको प्रयोग बिस्तार गरेर फोसिल इन्धनमाथिको निर्भरता घटाउनु र वातावरणीय प्रदूषणलाई हामीले कम गर्नुपर्छ ।

कृषिमा आत्मनिर्भरताका लागि निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक र आधुनिक बनाउने मुख्य चुनौती छ । यसका लागि सुनकोशी-कमला-वागमती, कालीगण्डकी-तिनाउ, राप्ती-सुराइ, भेरी-बबई डाइभर्सनजस्ता सिंचाइ आयोजना अगाडि बढाएर तराईमा हरित क्रान्तिलाई तीव्र पारिने छ । सहकारी, सामूहिक या साझेदारी ढाँचामा खेती गर्न प्रेरित गरिने छ । श्रमप्रति आस्था जगाउँदै कृषि कार्यलाई सम्मानित र आयमूलक पेशामा बदल्न सरकारले गर्नुपर्ने प्रोत्साहन गर्नेछ । मल, बिउ, प्रविधि, उत्पादनका मूल्यलगायत किसानका आवाजहरूको सम्बोधन हुनेछ ।

सञ्चार सञ्जालको लागि दुई छिमेकीसँग अप्टिकल फाइवर, ब्रोड व्याण्ड इन्टरनेट सेवामार्फत् हेभी डेटा प्रसारण अब सम्भव हुनेछ । इ-कमर्स, इ-गवरनेन्स या डिजिटल नेपाल भनिने गरिएको विद्युतीय माध्यमबाट हुने कारोवार र छरितो प्रशासन हाम्रो प्राथमिकतामा रहनेछ ।

आर्थिक विकासबाट समृद्धि हामीले भन्दै आएका छौँ । दिगो समृद्धिका निश्चित आधार छन् भन्ने म ठान्दछु । देशका जाँगरिला युवाले प्रवासको रोजगारीबाट आर्जन गरेको रेमिट्यान्स र त्यसमा आधारित उपभोग आधारित समृद्धि हाम्रो लक्ष हैन । हाम्रो लक्ष भनेको आत्मनिर्भरतामा आधारित समृद्धि हो ।

आर्थिकरूपमा सबल नागरिकहरूले मात्रै सही अर्थमा अधिकारको उपयोग गर्न सक्छन् । राष्ट्रप्रतिको दायित्व निर्वाह गर्छन् । यसका लागि हाम्रो संविधानले व्यवस्था गरे अनुरूप सार्वजनिक-सहकारी- र निजी क्षेत्र आधारित अर्थतन्त्रको सन्तुलित विकास हुनुपर्छ । लगानी र प्रतिफल दुबैमा जनताको पहुँच हुनुपर्छ । यसैका माध्यमबाट विद्यमान असन्तुलित उत्पादन सम्बन्ध फेरिन्छ । राज्यको सहजीकरणमा धनीलाई धनी हुन नरोक्ने, तर धनी र विपन्न बीचको आम्दानीको खाडललाई साँघुरो पार्दै लैजान सकिन्छ । यस सन्दर्भमा हामीले जनताको लागानीमा जलविद्युत जस्ता विषयलाई जोड दिनेछौँ ।

मलाई लाग्छ, आयुको हिसाबले मानिसलाई ३ खण्डमा विभक्त गर्न सकिन्छ - बाल्यकाल, सक्रिय उमेर र वार्धक्य । पहिलोलाई सर्वकालिक सामाजिक सुरक्षाको माध्यमबाट शिक्षा र स्वास्थ्यमा समान हक दिनुपर्छ । सरकारका आगामी नीति तथा कार्यक्रममा यी विषयहरूमा केही ठोस नयाँ योजनाहरू प्रस्तुत गर्ने मैले सोचेको छु । यसले सक्रिय उमेर समूहमा रोजगारीमा सामेल हुन सहज गर्छ । उचित ज्याला र उच्च उत्पादकत्वको माध्यमबाट क्रियाशील युवा उमेरलाई सम्मानजनक श्रम र सुखी जीवन दिन सकिन्छ । वार्धक्यमा सक्रिय उमेरमा आफैँले जम्मा गरेको योगदानमा आधारित सामाजिक सुरक्षा कोषका माध्यमबाट आजीवन पेन्सनको व्यवस्था गर्न सकिन्छ । कतिलाई लाग्छ, के यो सम्भव छ ? मेरो प्रश्न छ, हामी जस्तै आय समूह भएका मुलुकहरू यही प्रक्रियाबाट कल्याणकारी राज्यमा रूपान्तरित भए भने हामीकहाँ किन सम्भव हुन्न ?

हाम्रा विज्ञहरूले दिनु भएको आँटका आधारमा आगामी एक वर्षभित्र केही आधारभूत विषयमा आत्मनिर्भर हुनेछौँ भन्नेमा म आशावादी छु । केही आधारभूत खाद्यवस्तु, आधारभूत स्वास्थ्य सेवा र ऊर्जामा आत्मनिर्भरता मेरा प्राथमिकता क्षेत्र हुन् । आधारभूत खाद्यवस्तु भन्नाले हाम्रा दैनानुदिन प्रयोगमा आउने खाद्यवस्तु हुन् । उपकरण, औषधि र सेवासहितको स्वास्थ्य आत्मनिर्भर हुने आधारभूत स्वास्थ्यसेवा हो । ऊर्जाको साधनमा हामी आत्मनिर्भर हुन्छौँ, घरायसी प्रयोगका ऊर्जामा त हामी छोटो अवधिमै पेट्रोलियम पदार्थलाई विस्थापित गर्नेछौँ ।

जसले सपना देख्न छोड्छ, त्यसको प्रगतिको विराम त्यहीँ लाग्छ । मैले देखेको सपना रेट्रोफिटिङमा अडेको गाउँ, बस्ती र शहर हैन- सुविधायुक्त स्मार्ट सिटी हो । मैले हाम्रा योजनाविद्हरूलाई दर्जनभन्दा माथि स्मार्ट सिटी,

र आधुनिक नेपालको राजधानी भन्न लायक काठमाडौँको नक्सा कोर्न आग्रह गरेको छु । हाम्रा यी सपना, विस्तृतरूपमा सरकारको भावी नीति तथा कार्यक्रमले बोल्नेछ । र, त्यो सपनालाई मूर्तता दिन नयाँ आवधिक कार्यक्रम र वार्षिक बजेट निःसन्देह माध्यम हुनेछ ।

लोकतन्त्रका लागि चार जना प्रातःस्मरणीय शहीदहरूले हाँसीहाँसी मृत्यु अँगालेको ७५ वर्षपछि संविधान घोषणा भएको छ । अधिकार प्राप्तिको आन्दोलन आधारभूतरूपले टुङ्गिएको छ । तर एउटा पीडाले तपाईंहरूलाई जस्तै मलाई पनि भित्रभित्रै पोल्छ- मुलुकमा यति ठूला राजनीतिक परिवर्तन आए, तर जनताको दुःख उस्तै छ । सबै राजनीतिक दल र मित्रहरूलाई म आग्रह गर्छु- अब राष्ट्रको हित र जनताको समृद्धिको लक्षमा केन्द्रित बनौँ । प्रतिस्पर्धा, आवधिक निर्वाचन र सरकारका विषय लोकतन्त्रका चरित्र नै हुन्, ती हुँदै रहन्छन् । तर राष्ट्रको समृद्धि र जनताको श्रीवृद्धि भने स्थायी र साझा विषय हुन् । परिस्थिति फेरिन्छ । सन्दर्भहरू फेरिन्छन् । राजनीतिक नेतृत्वले तदनुरुप नै आफूलाई परिमार्जन गरी अद्यावधिक र समयानुकूल नेतृत्व दिन सक्षम तुल्याउनुपर्छ । दलहरू बढी आत्मकेन्द्रित भए र आन्दोलनको धरातललाई राजनीतिक नेतृत्वले दिनुपर्ने ध्यान दिन सकेनन् भन्ने जनताका गुनासा मननीय छन् भन्ने मलाई लाग्छ । त्यसैले अब नयाँ राजनीतिक संस्कृतिको विकास गर्ने बेला भइसक्यो । हामी मिलेर मात्रै संविधान निर्माण सम्भव भएको थियो । यसको कार्यान्वयनका लागि पनि वृहत्तर राष्ट्रिय समझदारी आवश्यक छ । वर्तमान सरकारका तर्फबाट म पुनः सहमतिका लागि सकारात्मक योगदान गर्न सबैलाई आह्वान गर्छु ।

सुन्दर, शान्त र समृद्ध नेपाल निर्माणका लागि देशवासीमा पुनः एकपटक सम्बत् २०७३ को हार्दिक मंगलमय शुभकाना !

धन्यवाद !

६

अविश्वासको प्रस्तावको जवाफमा व्यवस्थापिका–संसदमा सम्बोधन

(व्यवस्थापिका-संसदमा अविश्वासको प्रस्तावमाथि भएको छलफलका सन्दर्भमा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले दिनुभएको मन्तव्य)

मैले उहाँलाई भनो हरेक पार्टी आफ्नो निर्णय गर्न, आफ्नो बाटो तय गर्न स्वतन्त्र छन्। त्यो त छँदै छ। फेरि तपाईँले किन समर्थन दिनुभयो, किन फिर्ता लिनुभयो भन्ने कुरा किन गर्ने? यहाँहरूको कुरा हो। तर एउटा कुरा मात्र मैले भन्नुपर्छ– हामीले बोलिरहेका कुरा, हामीले गरिरहेका काम आजको जमानामा जनताले हेरिरहेको छ, सुनिरहेको छ। जनताले काम र कुराको औचित्य अवश्य खोज्छ। दुनियाँलाई बेबकुफ बनाउन सक्ने जमाना छैन अहिले। त्यसकारण हामीले यी कुराहरूलाई हेक्का राख्न जरुरी छ।

सभामुख महोदय !

सरकारविरुद्ध अथवा मेराविरुद्ध प्रस्तुत भएको अविश्वासको प्रस्ताव र यस क्रममा उठेका विभिन्न प्रश्नहरूका सम्बन्धमा सरकारको धारणा र मेरो धारणा स्पष्ट पार्न यस व्यवस्थापिका-संसद समक्ष उभिएको छु। सरकारको गठन र विघटन, सरकारलाई विश्वासको मत र सरकारविरुद्ध अविश्वासको प्रस्ताव एवम् आवधिक निर्वाचनजस्ता विषय लोकतान्त्रिक शासन प्रणालीका विशेषता नै हुन्। संसदीय प्रणालीमा विश्वास नगर्नेहरूले पनि आज यही लोकतान्त्रिक पद्धतिको अभ्यास गर्नुभएको छ र संविधानप्रति असहमति राख्वेर लामो समयसम्म विरोधका कार्यक्रमहरूमा संलग्न रहनु भएका मित्रहरू पनि संविधानकै प्रावधान अन्तर्गत यस प्रक्रियामा सहभागी हुनुभएको छ। सरकारको जय वा पराजय ठूलो कुरा होइन, संविधान र लोकतन्त्रले सफलता हासिल गर्नु महत्वपूर्ण विषय हो। भिन्न प्रयोजनका लागि भए पनि संविधानको सर्वस्वीकार्यतालाई माननीय सदस्यहरूले यसरी पुष्टि गरिदिनुभएकोमा म धन्यवाद दिन चाहन्छु।

माथि उल्लिखित कदमहरू स्वरूपमा लोकतान्त्रिक नै हुन्। तर स्वरूपले अन्तर्य र उद्देश्यहरूलाई बोक्छ नै भन्न सकिन्न। तिनको औचित्य भने समय-सन्दर्भ, पृष्ठभूमि, उद्देश्य र तिनले ल्याउने परिणामले निर्धारण गर्छ। जनताको सर्वोच्चतामा विश्वास गर्ने, अपारदर्शी चलखेल र अँध्यारो कुनालाई होइन संसदलाई नै सरकार गठन र विघटनको निर्णायक थलो बनाइनुपर्छ भन्ने मान्यतामा अविचलित उभिने र जनताको सरकार अरू कसैप्रति होइन जनप्रतिनिधि निकायप्रति उत्तरदायी हुनुपर्छ भन्ने कुरामा प्रस्ट मेरा लागि अविश्वासको प्रस्ताव सामान्य र स्वाभाविक विषय हो। प्रक्रियागत हिसाबले यो

सामान्य र स्वाभाविक कुरा हो। तर समय, परिस्थिति र उद्देश्यका हिसाबले म ठान्दछु- लोकलाई थाहा छ, दुनियाँलाई थाहा छ, यो कति स्वाभाविक र सामान्य हो ? यसमा म गइरहन आवश्यक ठान्दिन।

एउटा भनाइ छ- कपडा काट्नुभन्दा पहिले दश चोटि नाप, ताकि कैँची चलाइसकेपछि पछुतो नहोस्। सात दशक लामो बलिदानी सङ्घर्ष र दुई-दुईवटा संविधानसभाको अभ्यासबाट हामीले नेपालको संविधान निर्माण गरेका छौँ। संविधानको बिरुवा कलिलै छ। जनताले संविधान प्राप्त गरेको, यसमार्फत् ऐतिहासिक उपलब्धिहरू संस्थागत भएको र संविधान कार्यान्वयन गर्दै नेपाल राजनीतिक स्थायित्व, दिगो शान्ति, सुदृढ लोकतन्त्र र आर्थिक समृद्धिका दिशामा अगाडि बढ्न लागेकोमा खुशी नहुने तत्वहरू अझै क्रियाशील छन्। मुलुकलाई सधैँभरि अस्थिरताको भुँवरीमा फसाइरहने र धमिलिएको पानीमा माछा मार्न खोज्ने पक्षहरू सलबलाइरहेकै छन्। यस्तो अवस्थामा, आवेग, प्रतिशोध र सङ्कीर्ण स्वार्थका निम्ति जस्ता कदमहरू चालिँदैछन्, यसले पार्ने दूरगामी नकारात्मक प्रभाव र मुलुक अन्त्यहीन अस्थिरतातिर धकेलिने खतराप्रति म गम्भीर भएको छु।

सभामुख महोदय ! २०५२ साल, अहिले भन्दा २१ वर्ष अगाडि यस्तै बर्खाको समयमा, मनमोहन अधिकारीले नेतृत्व गरेको सरकारलाई एउटा बजेटसम्म पेश गर्न नदिइकन अपदस्थ गर्ने राजनीतिक चक्रव्यूह बनेको थियो। हेलिकप्टर दुर्घटनामा पाँच हजार फिटमाथिबाट खसेर मृत्युसँग सङ्घर्ष गरिरहेका प्रधानमन्त्रीलाई संसदमा उपस्थित भएर आफ्ना कुराहरू राख्नेसम्म मौका पनि दिइएको थिएन। उक्त सरकारको 'गल्ती' यही थियो कि त्यसले बूढाबूढीहरूको मुहारमा मुस्कान ल्यायो, 'गल्ती' त्यो थियो। सधैँभरि बेवास्ता गरिएका गाउँहरूलाई हेर्‍यो। सुकुम्बासी, जसको सपना एउटा छाप्रो थियो, तिनीहरू छाप्रो दिने अभियानलाई अगाडि बढायो, 'गल्ती' त्यो थियो। एउटा गोली खर्च नगरीकन देशमा शासन हुनसक्छ र शान्ति सुव्यवस्था हुनसक्छ भन्ने दृष्टान्त दियो। त्यसैकारण मनमोहन अधिकारीको सरकारलाई त्यसरी हटाइएको थियो। आज मैले धेरै भनिरहनु पर्दैन।

मैले चक्रव्यूह शब्द प्रयोग गरेँ। महाभारतमा खास परिस्थितिमा चक्रव्यूहको चर्चा छ। त्यो अर्जुनको छोरो अभिमन्यू जो असाधारण योद्धा थियो, उसलाई नियम, थिति, विधि मिचेर धेरै आफूलाई बहादुर हुँ भन्ने, महसुर हुँ

भन्ने योद्धाहरूले घेरेर, एक्लो पारेर आक्रमण गरेका थिए। आज त्यस्तै त्यस्तै प्रयासहरू देखिन्छ। त्यो त थियो द्वापरयुगको कुरो, कलिलो अभिमन्यूको। आज न द्वापरयुग छ, न आजको अभिमन्यू त्यति कलिलो छ। त्यति कुरो याद होस्। अहिले पनि साथीहरूको भरपर्दो साथ छुटेको छैन। सहयोगी पार्टीहरूको साथ, सङ्ख्या अलिकति घटेको होला, कायम छ। राजनीतिमा यस्तो उतारचढाव त भइ नै रहन्छ। त्रासमा न हच्किएका, अरू कुनै कुरामा नफँसेका साथीहरूलाई म धन्यवाद भन्न चाहन्छु।

मनमोहन अधिकारी नेतृत्वको त्यो सरकार अल्पमतको सरकार थियो। तर त्यो अत्यन्तै लोकप्रिय सरकारलाई राम्रो काम गरेबापत संवैधानिक अपव्याख्याद्वारा विघटन गराइएको थियो, हटाइएको थियो। त्यस संवैधानिक विचलनको मूल्य राष्ट्रले कति तिर्नु पऱ्यो ? मैले त्यसबेला पनि निवेदन गरेको थिएँ कि त्यसको मूल्य धेरै तिर्नुपर्नेछ। किनभने पटरीबाट रेललाई, लिकबाट रेललाई तल फ्याँकिसकेपछि त्यो दुर्घटना हुनबाहेक अरू कुनै उपाय नै हुँदैन। देशमा यस्तै परिस्थिति पैदा भयो र कति मूल्य चुकाउनु पऱ्यो, मैले भनिरहनु पर्दैन। त्यस घटनाले मुलुकलाई स्वाभाविक, जनताबाट राजनीतिको निर्णय हुने अभ्यासबाट अन्यत्र धकेल्यो। हिंसा, प्रतिहिंसा, तानाशाही, सङ्कीर्ण आकाङ्क्षाहरूको चक्रव्यूहतिर, त्यसको भुँवरीतिर देशलाई धकेल्ने काम गऱ्यो। अहिले पनि हिंसा, प्रतिहिंसाका त्यस दुःस्वद कालखण्डका प्रतिनिधि पात्रहरू शायद संसदको अधिल्लो लहरमै हुनुहुन्छ।

यतिखेर, संविधान कार्यान्वयन, आत्मनिर्भरता तथा स्वाधीन अर्थतन्त्रको निर्माण, राष्ट्रिय स्वाभिमान र समृद्धिको बाटोमा मुलुकलाई अगुवाइ गरिरहेको यस सरकारको बाटो नौ महिनामै छेकेर, लोकतान्त्रिक अभ्यास हो, तर त्यस अभ्यासको प्रयोग कहाँ कसरी गरियो, के उद्देश्यका लागि यो हुँदैछ र के सन्देश दिन खोजिएको छ ? कुराको चुरो यहाँनेर छ।

अनेकौँ प्रतिकूलता र चुनौतीहरूलाई चिर्दै दलहरूबीचको समझदारी र सहकार्यका बलमा गत वर्ष हामीले नेपालको संविधान निर्माण गऱ्यौँ र घोषणा गऱ्यौँ। संविधान निर्माणमा जस्तै यसको कार्यान्वयनका लागि पनि दलहरूबीचको सहमति आवश्यक थियो र छ। हामी सङ्क्रमणकालमा छौँ। हामीले संविधान कार्यान्वयनका थुप्रै कामहरू गर्न बाँकी छ। संविधानले परिकल्पना गरेका संरचनाहरू तयार गर्न बाँकी नै छ। कानुनहरू निर्माण गर्न बाँकी छ। धेरै कामहरू

बाँकी छन्। अविश्वासको प्रस्ताव प्रस्तुत गर्दैगर्दा र त्यसमा बहस गर्दैगर्दा हामी कहाँ छौँ भन्ने कुरा बिर्सन खोजिएको हो कि ? त्यस्तो आभास हुन्थ्यो। हामीले संविधान निर्माणका निम्ति एउटा सहमतिको परिस्थिति र वातावरण निर्माण गरेका थियौँ। के के सहमति भएका थिए, दुनियाँलाई थाहा भएकोले म त्यसमा बिस्तारमा जान चाहन्नँ। तर संविधान बनेपछि, सरकार परिवर्तन हुने अवस्थामा आइपुग्दा, जनताको चाहना, मुलुकको आवश्यकता जस्ता कुराहरूलाई र पूर्व सहमतिहरूलाई बेवास्ता गर्दै मुख्य दलहरूबीचको एकतालाई तोड्ने काम भयो। तोड्ने उद्देश्यहरू अर्कै थिए, तर त्यसलाई एउटा सिद्धान्तको बर्को ओढाइयो। नेपाली काङ्ग्रेस सहमतिबाट अलग भएपछि वामपन्थी, देशभक्त र राष्ट्रिय स्वाधीनताका पक्षधर शक्तिहरूको नयाँ सहकार्यको स्थिति निर्माण भयो। नेकपा (एमाले) र एनेकपा (माओवादी) बीच सहकार्यको आधार १४ बुँदे सहमति थियो।

संविधानको कार्यान्वयन, भूकम्पपछिको पुनर्निर्माण, राष्ट्रिय स्वाधीनताको सुदृढीकरण र आर्थिक समृद्धि उक्त सहकार्यको मुख्य उद्देश्य थियो। शान्ति प्रक्रियालाई अगाडि बढाउने लगायतका विषयमा समझदारी निर्माण गरेर राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुखजस्ता राज्यका मुख्य निकायहरूमा सम्मानजनक जिम्मेवारी बाँटफाँट गरिएको थियो। धेरै महत्वपूर्ण मन्त्रालयहरू तत्कालीन एनेकपा (माओवादी) लाई हस्तान्तरण गरिएको थियो। जिम्मा दिइएको थियो। यी सबै कुरा कहीँ कतै नौ महिनाका लागि थिए ? ६ महिनाका लागि थिए ? बीचमा सरकार परिवर्तनका लागि थिए ? सरकारको नेतृत्व परिवर्तनका लागि थिए ? यो भाषणको विषय होइन। त्यसपछि हामीले मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) सँग समेत सहमति गर्‍यौँ। आठ बुँदे सहमति। त्यसमा के बीचमा सरकार परिवर्तनको कुनै प्रश्न थियो ? कुनै कुरा थियो ? त्यस्तो चर्चा पनि थिएन र त्यसको सङ्केत पनि थिएन, १४ बुँदे र आठबुँदे सहमतिमा।

सभामुख महोदय, अत्यन्त प्रतिकूल अवस्थामा मैले प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेको थिएँ। अनिश्चितकालीन बन्द हडतालले तराई-मधेस ठप्प भएको दुई महिना बित्न थालेको थियो। लोकतान्त्रिक विधिबाट निर्माण गरिएको संविधानलाई जलाउने काम भइरहेको थियो। आन्दोलनका नाममा वा त्यसलाई नियन्त्रण गर्ने नाममा ४५ जनाभन्दा बढी नागरिक र सुरक्षाकर्मीको ज्यान गइसकेको थियो। तीन हप्ता अगाडिदेखि नाकाबन्दी थियो र मुलुक असाधारण सङ्कटमा पुगेको थियो। सवारी साधनमा हाल्न इन्धन थिएन।

चाडपर्वका बेला जनताको चुल्हो बल्ने अवस्था थिएन। मट्टितेल थिएन, ग्याँस थिएन। खाद्य पदार्थ र जीवन रक्षक औषधि समेतको अभावले हाहाकार हुँदै थियो। नेपाल-भारत सम्बन्ध इतिहासकै जटिल बिन्दुमा पुगेको थियो। राहत र पुनर्निर्माणको पर्खाइमा रहेका भूकम्पपीडितको हकमा कुनै काम हुन सकेको थिएन। पुनर्निर्माण प्राधिकरण विधेयकसमेत अलपत्र अवस्थामा थियो।

तर ती सबै प्रतिकूलतालाई सामना र पराजित गर्दै जब सामान्य अवस्थामा फर्काउने सफलता प्राप्त भयो, जब मुलुकले नयाँ गति लिन शुरु गऱ्यो, त्यति नै बेला गठबन्धनभित्रैबाट समस्यालाई बल्झाउने काम शुरु हुन थाल्यो। वैशाख उत्तरार्धमा नीति कार्यक्रम प्रस्तुत गर्नुभन्दा ठीक अगाडि अचानक सरकार परिवर्तनका रहस्यमय खेलहरू शुरु भए। अस्ति एउटा अचानक आक्रमणलाई कुनै एउटा विशेषण दिइएको थियो, अचानक आक्रमणलाई। जे होस्, सरकार माथि पनि एउटा त्यस्तै 'सडेन अट्याक' भयो।

सम्माननीय राष्ट्रपतिको प्रस्तावित भारत भ्रमणको पूर्वसन्ध्यामा र सरकारले नयाँ आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने तयारी गरिरहेकै बेला एक साँझ अचानक सरकार परिवर्तनको प्रस्तावसहित सत्ता साझेदार दलका प्रमुख आउनुभयो। यो मेरा निम्ति अप्रत्याशित मात्रै होइन, अकल्पनीय र आश्चर्यजनक पनि थियो। किनभने हामीले १४ बुँदे सहमति गरेका थियौँ। तदनुसार विभिन्न कुराहरूमा हामीले व्यवस्थापन गरेका थियौँ। मैले यस सम्बन्धमा थप त भनिरहनु पर्दैन। दलहरू आफ्ना बारेमा निर्णय लिन स्वतन्त्र छन्। तर सहकार्य गरिरहँदा र त्यसबाट अलग हुँदा पनि निश्चित मूल्यमान्यतालाई अवलम्बन गरिएन भने र दलहरूबीचको सम्बन्धलाई सौदाबाजी, धोस्राधडी र छिर्के दाउको विषय बनाइयो भने त्यसले समस्या सिर्जना गर्छ। सम्भव भएसम्म यही सरकारलाई राष्ट्रिय सहमतिको स्वरूप दिने र हुन नसके एजेण्डामा सहमति कायम गर्न प्रयास गर्दै गठबन्धनलाई आगामी निर्वाचनसम्म सुदृढ गर्दै लैजाने सहमति विपरीत अप्रत्यासितरूपमा आएको यस्तो सर्वथा नयाँ, अनौठो प्रस्ताव अनुचित थियो।

हामीले ९ बुँदे सहमतिका माध्यमबाट तत्कालिक समाधान त खोज्यौँ, तर आज स्पष्ट हुँदैछ- साथीहरूको मनसाय बेग्लै रहेछ।

मैले ठानेको थिएँ- यसपछि सरकारलाई अझ प्रभावकारी ढङ्गले अगाडि बढाउन सहयात्री दलहरूबाट उच्चस्तरको सहयोग प्राप्त हुन्छ। तर बेग्लै

परिस्थिति देखापऱ्यो। बजेटपछि सरकार परिवर्तन हुन्छ भन्ने नियोजित हल्लाहरू चलाएर वास्तवमा सरकारले काम गर्ने, काम गर्न सक्ने अवस्थालाई समाप्त पारेर कामै गर्न नसक्ने अविश्वास सृजना हुने र त्यस प्रकारको वातावरण बनाउन तीव्र ढङ्गले प्रयासहरू अगाडि बढाइए। बजेटपछि परिवर्तन हुन्छ भनेर नियोजित हल्लाहरू चलाएर सरकारको प्रभावकारिता र निर्णय प्रक्रियालाई असर पार्ने काम भइरहे।

जनताले अधिक चासो राख्ने गरेको शान्तिसुरक्षा र आपूर्तिसँग सम्बन्धित मन्त्रालयहरू माओवादीकै जिम्मामा थिए। आपूर्ति व्यवस्था ठीक थिएन भन्ने आलोचना आयो। कहिले शान्ति सुरक्षाका प्रश्नहरू उठाइए। ती मन्त्रालयहरू माओवादीकै जिम्मामा थिए। यी विषयमा व्यापक गुनासो आउन थालेपछि जनअपेक्षाअनुसार सुधार गर्न या त सम्बन्धित पार्टीले कदम चाल्नु पऱ्यो अन्यथा मैले कदम चाल्नु पर्ने हुन्छ- मैले भनेकै हुँ। देशप्रति उदासिन रहेर जस्तोसुकै परिस्थिति होस्, जे सुकै होस्, त्यसमा चुप लागेर निरीह ढङ्गले सरकार चल्न सक्दैनथियो। त्यसैले मैले त्यो भनेको हुँ। तर अस्ति मैले सुनेँ शेरबहादुर देउवाजी समेतको उपस्थितिमा त्यस्तो कुरा भएको थियो भन्ने। तर देउवाजीको उपस्थितिमा भएको होइन। तर मैले भनेको हुँ। कि त सच्याउनु पऱ्यो कि यसैगरी चल्न सक्दैन भन्ने कुरा मैले भनेकै हुँ। जसरी भएपनि प्रधानमन्त्री पदमा रहनु पर्ने, जसरी भएपनि सरकारमा टाँसिरहनु पर्ने मेरो मान्यता होइन। ठीक ढङ्गले काम गर्नका लागि सरकारमा बस्ने, होइन भने छोडिदिने- मेरो धारणा त्यो हो।

कतिपय नेता/कार्यकर्ताहरू प्रतिपक्षीका रूपमा, अझ प्रतिपक्षीभन्दा एककदम अगाडि बढेर सरकारको आलोचनामा उत्रिए। मैले नेताहरूलाई बोलाएर बारम्बार आग्रह गरेँ- सहयात्रा इमान्दारीले चल्छ। यदि एजेण्डा, उद्देश्य र प्राथमिकता भिन्नै छन् भने बरु आ-आफ्नो बाटो रोजौँ। तर संयुक्त सरकारमा बसेर त्यसकै जरा काट्ने काम नगरौँ। सदनको ठूलो दलले राष्ट्रिय सहमतिको सरकार असम्भव छ भनेर ढोका बन्द गरिसकेको अवस्थामा निश्चित मिसन बोकेर गठन भएको यो सरकार र यसको एकतालाई नतोड्न मैले बारम्बार आग्रह गरेँ। उच्चस्तरीय राजनीतिक समिति हामीले बनाएका थियौँ। उच्चस्तरीय राजनीतिक समितिको काम सरकारका कामहरूको निगरानी गर्ने, सरकारका कामहरूको अनुगमन गर्ने र सरकारलाई निर्देशन दिने थियो। काम भए नभएको

बारेमा खोज्ने दायित्व त अविश्वासको प्रस्तावका प्रस्तावकज्यूको हुँदो हो, जो राजनीतिक समितिको संयोजक हुनुहुन्थ्यो होला। संयोजकज्यूले कहिलेको बैठकमा, कुन कुरामा, के सुझाव दिनुभयो ? हामी धेरैवटा पार्टी सरकारमा थियौँ। धेरैवटा पार्टी त्यस उच्चस्तरीय समितिमा छौँ। विभिन्न पार्टीका बरिष्ठ नेताहरू नै त्यस समितिमा हुनुहन्छ। मैले खालि आ–आफ्नो जिम्मेवारीतर्फ ध्यानाकर्षण गराएको हुँ। तर एकपटक पनि त्यसको बैठक नबसी, अचानक र रहस्यपूर्ण ढङ्गले सरकारबाट फिर्ता हुने र सरकारका विरुद्ध अविश्वासको प्रस्ताव दर्ता गर्ने काम भयो। सरकारलाई दिइएको समर्थन फिर्ता लिएको जानकारी गराएको अघिल्लो दिन बेलुका उच्चस्तरीय राजनीतिक समितिका संयोजकज्यूसँग मेरो सवा दुई घण्टा लामो कुरा भएको थियो। कमीहरू कहाँ छन् र केही गर्नुपर्छ भने प्रस्तावहरू आउन्, हामी के गर्नुपर्छ, कसरी अगाडि बढ्नुपर्छ भन्ने प्रस्ताव आउन् र त्यसको मोडालिटी आओस् भनेर मैले उहाँलाई आग्रह गरेको थिएँ। उहाँले भोलि वा पर्सी भित्रमा मोडालिटी आउने समेत बताउनुभएको थियो। तर मोडालिटी भोलिपल्ट टेलिफोनबाट थाहा भयो– समर्थन फिर्ता लिने ! नयाँ खालको मोडालिटी आयो। मैले अघि नै भनेँ, लोकतन्त्रमा सरकार परिवर्तन सामान्य विषय हो। तर लोकतान्त्रिक अभ्यास भनेर मुलुकलाई नै नोक्सान पुऱ्याउने गरी बिनाऔचित्य सरकार परिवर्तनको खेलमा लाग्नु, अलिकति समय एउटाले चलाउन पाइसकेको छैन, सरकार परिवर्तनको खेल शुरु ? कारण छ भने ठीक छ, मैले अविश्वासको प्रस्ताव पढेँ। अविश्वासको प्रस्तावकका प्रस्तावको मन्तव्य सुनेँ। बहसमा भाग लिने अरू साथीहरूको कुरा पनि सुनेँ। अचम्मै लाग्यो। विरोधै गर्नु पऱ्यो भने कसरी विरोध गर्नुपर्दो रहेछ ? केही नपाए पनि निहुँ कसरी खोज्नु पर्दो रहेछ र कसरी सक्नु हुँदो रहेछ ? त्यसको एउटा नमूना प्रस्तुत भयो। कुनै विषय छैनन्। अब सत्ता परिवर्तनको खेलमा, त्यही पनि छापामार शैलीमा भ्याप्पै ?

मैले उहाँलाई भने हरेक पार्टी आफ्नो निर्णय गर्न, आफ्नो बाटो तय गर्न स्वतन्त्र छन्। त्यो त छँदै छ। फेरि तपाईंले किन समर्थन दिनुभयो, किन फिर्ता लिनुभयो भन्ने कुरा किन गर्ने ? यहाँहरूको कुरा हो। तर एउटा कुरा मात्र मैले भन्नुपर्छ– हामीले बोलिरहेका कुरा, हामीले गरिरहेका काम आजको जमानामा जनताले हेरिरहेको छ, सुनिरहेको छ। जनताले काम र कुराको औचित्य अवश्य खोज्छ। दुनियाँलाई बेबकुफ बनाउन सक्ने जमाना छैन अहिले। त्यसकारण हामीले यी कुराहरूलाई हेक्का राख्न जरुरी छ।

अस्ति अविश्वासको प्रस्ताव राख्दै गर्दा मेरो भनाइलाई उद्धृत गर्दै प्रस्तावकले भन्नुभयो- "कि तपाईं कदम चाल्नुस्, कि म चाल्न बाध्य हुन्छु भन्नुभयो, उहाँले हामीलाई सरकारबाट छिटो गइदिए हुन्थ्यो जस्तो व्यवहार गर्नुभयो।" काङ्ग्रेस 'सिद्धान्तै' प्रतिपादन गरेर बसेको छ, ठूल-ठूला दलहरू मिल्नै हुँदैन। एक ठाउँ बस्नै हुँदैन। सरकारमा त सँगै बस्नै हुँदैन। मिलेर काम गरे पनि सरकारमा त बस्नै हुँदैन। त्यो 'सिद्धान्त' भइसकेपछि अब राष्ट्रिय सहमतिको सरकारको कुरा गर्नुको कुनै अर्थ छ? मलाई अस्तिसम्म, आजसम्म राष्ट्रिय सहमतिको सरकार नभन्दा अरूसँग मिलेर काम गर्न नखोजेको हो कि भन्ने भ्रम पर्ला भन्ने थियो, अब मैले भने हुन्छ। जब यस व्यवस्थापिका संसदमा सबभन्दा ठूलो दल मिलेर काम नगर्ने 'सिद्धान्त' बनाएर बसेको छ भने राष्ट्रिय सहमतिको सरकारको रटको केही अर्थ हुन्छ? सिद्धान्तच्यूत कसरी गर्ने उसलाई? त्यस्तो अवस्थामा विभिन्न दलहरू मिलाएर सरकार बनाउनु परेको हो, त्यसो गर्न बाध्य भएको हो। त्यस्तो अवस्थामा यो सरकार संसदको दोस्रो ठूलो दलको नेतृत्वमा, तेस्रो ठूलो दल, चौथो ठूलो दल, पाँचौँ ठूलो दल, छैटौँ ठूलो दलहरूको सहमति र सहभागिताकासाथ बनाइएको थियो। तेस्रो ठूलो दल, जसले सरकार छोड्दा स्वास अर्थ हुन्छ, सङ्ख्यात्मक हिसाबले सरकारको वैधानिक हैसियत गुम्छ भन्ने थाहा हुँदाहुँदै 'गइदिए हुन्थ्यो' भन्ने ठान्छ होला र कसैले?

अस्ति प्रस्ताव आइरहँदा मलाई के कस्ता आरोपहरू रहेछन् भनेर राम्ररी सुनें। आरोप सुन्दा थाहा भयो, म माथिको अविश्वास किन रहेछ भनेर। अविश्वास, सरकारमाथि भनौँ भने धेरैजसो राम्रा मन्त्रालय उहाँहरूले नै लिनुभएको थियो। म माथिको अविश्वास कुनै कामको कारणले होइन रहेछ। मन फाटेको, चित्त काटिएको, कमलो मन दुखेको, चित्त नबुझेको आदि कारणहरूले रहेछ। मैले मित्रको च्यातिएको मन अरुणा लामाको गीतमा भने झैं धेरै पल्ट सिउने कोशिस गरें। मैले एकल र सामूहिकरूपमा पनि कहिले साँझ, कहिले अलि अबेलासम्म राति, धेरै दिन धेरै पटक त्यो मन तुन्ने काममा बिताएको छु। भयो के भने- आज तुनेर पठाउँछु, भोलिपल्ट आउँदा अर्कापट्टि फाट्या छ। फेरि तुनेर पठायो, जोडेर पठायो- अर्कोदिन, अर्कोपल्ट आउँदा अर्कापट्टि फाटेको छ! अब यसपछि सहकार्य गर्ने साथीहरूलाई पनि यी अनुभवहरू काम लागुन्, होसियार हुनुहोला, याद गर्नुहोला।

तर म आज पनि भन्न चाहन्छु, एक माघले जाडो जाँदैन। सोभियत सङ्घ ढलेको बेला एउटा विद्वानले एउटा किताब नै लेखेका थिए। मैले पनि आज त्यही उद्धरण किन गर्नु पऱ्यो र ! 'दिस मोमेण्ट इज नट दि इण्ड अफ टाइम, इट्स अ कण्टिनियस् प्रोसेस् ! एण्ड वी आर हियर... !' यो समयको समाप्ति होइन, प्रकृया चालू छ ! र, हामी यहीँ छौँ ! अलिकति परिस्थिति फेरिएको होला। तर समय चालू छ, समय गतिशील छ। आज पनि पारस्परिक विश्वास र समझदारीले नै सहकार्य चल्छ भन्ने मेरो विश्वास छ। तर तपाईंहरू गज्जबको सहकार्य चलाउन कस्सिनु भएको छ, साथीहरूलाई शुभकामना छ। मैले सरकारलाई दिइएको समर्थन फिर्ता लिएको बेला पनि त्यही कुरा भनेको थिएँ- शुभकामना छ है तपाइँहरूलाई, राम्रो होस् !

हामीले उच्चस्तरीय राजनीतिक समिति किन गठन गरेका थियौँ ? सरकारमा रहेका दलहरू वा सरकारलाई समर्थन गर्ने दलहरूका बीचमा एउटा सहकार्यको संस्कृति, समझदारीपूर्ण व्यवहारका निम्ति उच्चस्तरीय राजनीतिक समिति बनाएका थियौँ। कुनै असमझदारी भए त्यहाँ छलफल गर्न सकिन्थ्यो। त्यहाँबाट समाधान खोज्न सकिन्थ्यो। कुनै दलहरूका बीचमा समस्या भयो भने अन्य दलहरूको पनि सहयोग लिन सकिन्थ्यो। र हामी त्यसलाई उपयोगी संयन्त्रको रूपमा विकास गर्न सक्छौँ भन्ने विश्वासकासाथ त्यसको सृजना गरेका थियौँ। तर यति ठूलो निणर्य लिँदा समितिका संयोजकले सहयात्रीहरूसँग परामर्श गर्नुभयो ? त्यसको बैठक बस्यो ? त्यसमा जानकारी दिइयो ? एकपल्ट पनि यस नौ महिनाका बीचमा यस्तो यस्तो परिस्थिति भयो, यसरी जाऊँ भन्ने प्रस्ताव राखियो ? अनि अस्ति मैले एउटा कुरा सुनेँ- "हामीलाई काम परुन्जेल प्रयोग गरियो, त्यसपछि फ्याँकियो जस्तो लाग्यो।" आफै त्यस्तो संयन्त्रको संयोजक हुने, आफू संयोजक भएर, सदस्य बनाएर सबैलाई हिँडाउने, सदस्यहरूलाई नै थाहा नदिइकन आफ्नो दुनो यसो सोझियो भने बुर्लुक्क उफ्रिने ? अनि आरोपचाहिँ अर्काको टाउकोमा ! आफैँ सम्मिलित सरकार। मैले चौधबुँदे पढीबाँची गरेर समय धेरै लिनु छैन। सार्वजनिक भएको त्यो दस्तावेज सबैले पढेको हुनुपर्छ। चौधबुँदे प्रस्तावअनुसार सरकार चलेको छ कि छैन, काम भएको छ कि छैन ? फेरि पनि हामी यहीँ छौँ, एक-एक दफामा छलफल गरौँ, एक-एक बुँदामा छलफल गरौँ, चौधबुँदेमा के भएको छ ? त्यसको कार्यान्वयन गरिएको छ कि छैन ? सरकारमा हामी सल्लाह गरेर नै चल्यौँ। हामीले त्यत्रो धेरै भेटघाट, दिनदिनै चिया खानै मात्र गर्थ्यौँ त ? त्यत्रा भेटघाट हुन्थे, त्यत्रा परामर्श

हुन्थे, घण्टौं बस्थ्यौं र परामर्श गथ्यौं। महत्वपूर्ण मन्त्रालय लिएका माननीयहरू मन्त्रिपरिषद्मै हुनुहुन्थ्यो। अचानक आफै बसेको सरकारबाट समर्थन फिर्ता लिएर आफैले अविश्वासको प्रस्ताव ! यसमा मैले अरू धेरै केही भनिरहनु पर्ला जस्तो लाग्दैन। सरकार सञ्चालनको जिम्मा लिएका समितिका संयोजक अविश्वास प्रस्तावका प्रस्तावक ! सरकारका महत्वपूर्ण घटकका नेता उल्टाउने महारथी !! एउटै मान्छे !!!

अविश्वासको प्रस्ताव राख्दै प्रस्तावक माननीयले भन्नुभयो- राजनीति सम्भावनाको खेल हो। अवश्य पनि राजनीतिमा सम्भावनाको स्थान छ। तर अरु खेलजस्तै राजनीतिक खेलका पनि निश्चित मर्यादा हुन्छन् होला। नियमहरू हुन्छन् होला। ती मर्यादाहरूलाई उल्लङ्घन गर्दै गइयो भने राजनीति राजनीति रहँदैन। राजनीति भनेको फोहोरी खेल हो भन्छन् नि। जब त्यसका नियम र मर्यादाहरू उल्लङ्घन हुन्छन्, अनि त्यो फोहरी खेलमा रूपान्तरित हुन्छ। राजनीति र सम्भावनाको खेल- गान्धीले भनेका छन्, नैतिकताबिनाको राजनीति अनेक पापहरूमध्येको एउटा पाप हो। वागमती आफैमा प्रदूषित हुँदैन। सभामुख महोदय, आफैं प्रदूषित होइन बागमती। अरुले नै प्रदूषित गर्छन् वागमती, मान्छेले नै प्रदूषित गर्छन्। हामी कुनै पनि चिजलाई प्रदूषित गर्छौं कि ठीक ढङ्गले अगाडि बढाउँछौं ? संसद र संसदीय खेल पनि आफै फोहरी हुने होइन, त्यसलाई फोहोरी बनाएपछि हुने हो। संसदीय अभ्यास- कतै म्याच फिक्सिङ, कतै डोपिङ्ग ! यस्तो भएपछि खेल बिग्रदैन ? राजनीतिलाई एउटा दाउपेचको विषय बनाउने। कहिले ओल्लो छेउ, कहिले पल्लो छेउ। यो त राम्रै भएको छ, कहिले प्रमुख शत्रु, कहिले प्रमुख मित्र ! परिभाषा केही छैन यसलाई दाउपेचको विषय बनाउने, निजी स्वार्थको विषय बनाउने हो भने यो अवसरवादमा परिणत हुन्छ। अनि यस्तो अवसरवादमा आफू अभ्यस्त हुँदै गरेकोमा गौरव गर्ने जस्तो विडम्बना पनि यहीं देखिएको छ। त्यसमा थप म के भनिरहूँ ? त्यस विडम्बनाको चर्चा गर्नु पनि म कुनै आवश्यक ठान्दिनँ।

सभामुख महोदय, मलाई आश्चर्य लाग्छ, यी सबै गतिविधिहरूलाई राष्ट्रिय सहमति निर्माणका निम्ति भनेर स्वर्णजलप लगाउने गरिएको छ। तर सबैले बुझेका छन्, गर्न खोजेको के भनेर। राष्ट्रिय सहमतिका निम्ति पो मैले यसो गर्न खोजेको भनेर यस स्वार्थी र फोहरी खेललाई पवित्रीकरण गर्ने ? इतिहासकै कठिनतम कालखण्डमा देशलाई नेतृत्व गरिरहेको सरकारलाई हटाउन रहस्यपूर्ण

ढङ्गले अविश्वास प्रस्ताव ल्याएर, जिम्मेवार पार्टी र त्यसको नेतृत्वको निष्ठामाथि हिलो छ्यापेर कस्तो राष्ट्रिय सहमति खोजिएको हो ? कोपिला लागेको बोट निमोठेर फल जम्मा गर्ने यो कस्तो दाबी ? फल्न लागेको धानखेतीमा डोजर चलाएर अनि ठूलो कुन्यू ठड्याउने कस्तो दाबी ? हिन्दीमा एउटा भनाइ छ- नजर एकातिर, निशाना अर्कोतिर ! नजर त दृष्य र वर्णनीय विषय हो, निशाना कहाँ हो थाहा हुँदै जानेछ।

गएका नौ महिना हामीले कसरी काम गर्‍यौं र आज मुलुक कहाँ आइपुगेको छ- छर्लङ्ग छ। किताबको खुल्लापाना जस्तो रहेको सरकारका कामकार्बाहीको बिस्तारपूर्वक चर्चा गरेर यहाँहरूको लामो समय लिन चाहन्नँ।

- अघि मैले शुरुमैं चर्चा गरेँ- तराई-मधेसमा आगो बलेको अवस्था थियो। दुई महिनादेखि तराई ठप्प थियो। आज त्यो साम्य भएको छ। लामो समयदेखिको तराइको असहमति आज संसदीय अभ्यासमा आएको छ। केहीका केही असन्तुष्टिहरू होलान् तर त्यो असन्तुष्टि कसका लागि हो ? मधेसीहरूको बृहत्तर हितका लागि हो कि कुनै दल विशेषलाई सरकारमा पुऱ्याउन र कसैलाई रोक्नका लागि ? एउटा राम्रो परिदृश्य आएको छ। कमसेकम सबै साथीहरू आफ्ना प्रतिज्ञाहरू तोडेर भएपनि एउटा "पुण्यकाम"का लागि आउनु भएको छ। म खुशी व्यक्त गर्दछु। मेरा विरुद्ध भोट दिने बेला भएपछि साथीहरू टुप्लक्क आउनुहुन्छ। फलानाका विरुद्ध भोट दिन त आउँछौं भन्नुहुन्छ। जसका विरुद्ध भोट दिनुस्, आउन त आउनुस् कमसेकम ! आउनुस्, भोट दिनुस्। समस्या समाधानका लागि संविधानका दुईवटा धारामा हामीले धेरै अगाडि नै संशोधन गरिसकेका छौं।
- नाकाबन्दी थियो त्यो अन्त्य गरिएको छ ।
- करिब २ लाख ६५ हजार भूकम्पपीडितसँग अनुदान सम्झौता भएको छ। ३० हजार घर बनिसकेका छन्। ८२ वटा सामूहिक आवास बनिसकेका छन्। र अहिले लाखौं घरहरू निर्माणको क्रममा छन्।
- नेपालको शिरलाई माथि उठाउँदै सार्वभौमसत्ता, स्वतन्त्रता र राष्ट्रिय स्वाभिमानको वास्तविक अभ्यास शुरु भएको छ। सार्वभौमिक

समानतामाथि आधारित नेपालको नयाँ अन्तर्राष्ट्रिय सम्बन्धलाई अगाडि बढाइएको छ।

- सशस्त्र द्वन्द्व, राजनीतिक अस्थिरता, सत्ताको खेल र पहिचानको राजनीतिका नाममा ओझेलमा परेको मुलुकको आर्थिक समृद्धि र विकासका सपनाले नयाँ आकार लिन थालेका छन्।
- नेपाली जनतामा, राजनीतिप्रति निरपेक्षभाव राख्ने युवा र नयाँ पुस्तामा 'हाम्रो नेपाल, अझै राम्रो नेपाल सम्भव छ र यो काम हामी आफै गर्न सक्छौं' भन्ने नयाँ विश्वास र भरोसा जागृत भएको छ।
- संविधान कार्यान्वयनको ठोस मार्गचित्र अगाडि सारेर काम अगाडि बढेका छन्।

मलाई आश्चर्य लागेको छ- आमजनताको नजरमा जे उपलब्धि ठहरिएका छन् र सरकारले धन्यवाद पाएको छ- हाम्रा प्रतिपक्षी र हिजोसम्मका सहयात्री मित्रहरूको आँखामा तिनै कुरा सरकारको असफलता बनेका छन्।

संविधान कार्यान्वयनका मुख्य कार्यहरू हुन्- संविधान कार्यान्वयनका लागि आवश्यक पर्ने नयाँ कानुनहरूको तर्जुमा र संविधानसँग मेल नखाने पुराना कानुनहरूको संशोधन। प्रदेशहरूको सीमाङ्कनमा रहेका समस्यालाई सम्बोधन र स्थानीय तहहरूको पुनर्संरचना। अनि, संविधानले तोकेको २०७४ माघको समयसीमाभित्र तीनवटै तहको निर्वाचन सम्पन्न गरिसक्ने तयारी। यी कुराहरूको तालिका सरकारले अगाडि नै निकाली सकेको छ।

संविधान कार्यान्वयनका लागि आवश्यक पर्ने १३८ वटा विषयसँग सम्बन्धित कानुनहरूको तर्जुमा तीव्र गतिमा अगाडि बढेको छ। केही नेपाल ऐन संशोधन गर्ने विधेयक मार्फत १९३ वटा कानुन संशोधन गरेपछि प्राथमिकतामा राखिएका ६० कानुनमध्ये ३ वटा पारित भइसकेका छन्।

आठ वटा विधेयक संसदमा प्रस्तुत भएका छन्। आठ वटा विधेयकलाई मन्त्रिपरिषद्बाट सैद्धान्तिक सहमति दिइएको छ। पाँचवटा विधेयक सैद्धान्तिक सहमतिको लागि मन्त्रिपरिषद्मा विचाराधीन छन्। आठवटा विधेयक कानुन मन्त्रालयबाट सैद्धान्तिक सहमति प्राप्त गरी मस्यौदा तयार भएको छ। कानुन मन्त्रालयबाट सहमति प्राप्त भई बीस वटा विधेयक मस्यौदाको क्रममा छन्।

सरकारले आगामी मङ्सिरमा स्थानीय तह, २०७४ वैशाखमा प्रादेशिक तह र २०७४ मङ्सिरमा प्रतिनिधिसभाको निर्वाचन गर्ने गरी कार्ययोजना पारित गरेर सार्वभौम संसदमा प्रस्तुत गरिसकिएको छ। स्थानीय तहको पुनर्संरचनाका लागि आयोग बनेर तीव्र गतिमा काम गरिरहेको छ र केही समयभित्रै त्यसले प्रतिवेदन प्रस्तुत गर्नेछ।

सम्माननीय सभामुख मार्फत सिङ्गो सदनलाई साक्षी राखेर प्रतिपक्षी साथीहरूलाई म सोध्न चाहन्छु- सरकारले यी विषयमा कहाँनिर गल्ती गऱ्यो र अविश्वासको प्रस्ताव प्रस्तुत गर्नुपऱ्यो ? संविधान कार्यान्वयनमा सरकार असफल भयो भनेर लगाइएको आरोपको के कुनै आधार छ ?

प्रदेशको सीमाङ्कनमा रहेका समस्यालाई सम्बोधन गर्न उच्चस्तरीय राजनीतिक समिति गठन भएको छ। त्यसको क्षेत्राधिकारमा रहेको सामान्य विवाद टुङ्ग्याउने तत्परता देखाएको भए र व्यक्ति विशेषप्रति कुनै आग्रह नरहेको भए आजभन्दा ५ महिना अगावै समितिले पूर्णता पाउने थियो। यतिञ्जेल त शायद समस्याको समाधान पनि भइसक्ने थियो। तर कहिले पत्राचारको भाषामा अर्घेल्याइँ गरेर, कहिले 'मोर्चा' कि 'गठबन्धन'को किचलो झिकेर मधेस-केन्द्रित दलहरूले वार्तालाई निरन्तर उपेक्षा गरिरहेको यथार्थ सबैसामु छर्लङ्ग छ। यससम्बन्धमा प्रमुख प्रतिपक्षी दलले प्रदर्शन गरेको विरोधाभासपूर्ण भूमिका पनि सम्झन लायक छ।

मेरो प्रश्न छ- पूर्ववर्ती सरकारले प्रस्तुत गरेर अलपत्र छाडेको संविधान संशोधन प्रस्तावलाई सुधारसहित पारित गराउनु र आन्दोलनलाई साम्य पार्नु पनि यो सरकारको असफलता हो ?

सभामुख महोदय ! मैले आरम्भदेखि नै संविधान निर्माण र कार्यान्वयनका लागि मुख्य दलहरू सहमतिकासाथ अगाडि बढ्नुपर्ने कुरा उठाउँदै आएको छु। सात सालदेखि सत्तरीसालसम्मका अनुभवका आधारमा हामीले यस्तो निष्कर्ष निकालेका हौँ। यही मान्यताका आधारमा हामीले स्व.सुशील कोइराला नेतृत्वको सरकारलाई निःशर्त सहयोग गरेका हौँ- बीस महिनाभन्दा बढी। तर संविधान कार्यान्वयन गर्ने बेलामा को विचलित भयो पूर्व सहमतिबाट ? त्यसपछि पनि धेरै प्रयास गरियो- सके सरकारमा सहमति गरौँ नभए एजेण्डामा भए पनि सहमति गरौँ भनेर। तर दुई ठूला पार्टीमध्ये एउटा सरकार बाहिर बस्नैपर्छ भन्ने कथित

सिद्धान्त निर्माण गरेर सहमतिको यात्रालाई निरन्तर अवरोध गरियो। यसको दोष पनि वर्तमान सरकारलाई ?

म प्रधानमन्त्री बन्नुभन्दा अगावै नेपाल-भारत सम्बन्ध इतिहासकै चिसो बिन्दुमा पुगेको थियो। नाकाबन्दी जस्तो अकल्पनीय अवस्था थियो। कूटनीतिक, राजनीतिक र जनस्तरका प्रयत्नद्वारा त्यो अवस्था अन्त्य भएको छ। आफ्नो राजकीय भ्रमणका क्रममा मैले गरेका सहमति, सम्झौता, सम्वाद, अन्तरक्रिया र सम्बोधनले तित्क्ताहरू मूलतः समाप्त भएका छन्। त्यो नौ महिने सरकारको पालामा प्रस्तावित नेपाल-भारत मैत्री सन्धिको पुनरावलोकन, यो नौ महिनाको अवधिमा प्रबुद्ध व्यक्तिहरूको समूह गठन गरी त्यसको पहिलो बैठक काठमाडौँमा सम्पन्न भएको छ। बैठकले विगतका सन्धिहरूको पुनरावलोकन गर्दै नयाँ सम्बन्धका आधार निर्माण गर्ने विषयमा ठोस काम अगाडि बढाएको छ। दुई मुलुकबीच विभिन्न द्वि-पक्षीय संयन्त्रहरूका बैठक बसेका छन् र पञ्चेश्वरलगायत वर्षौँदेखि थाँती रहेका विषय अगाडि बढ्दैछन्। विशाखापटनम् बन्दरगाहबाट नेपालको व्यापारिक र पारवहन सुविधाको विधिवत आरम्भ भएको छ। यता फूलबारी बंगलाबन्धको बाटोलाई सहजीकरण गरिएको लगायतका कामहरू स्मरण गर्न लायक छन्।

स्वतन्त्र र सार्वभौम राष्ट्रको हैसियतले सबै मित्रराष्ट्रहरूसँग र विशेषगरी छिमेकीहरूसँग असल सम्बन्ध राख्नु नेपालको अधिकार मात्रै होइन, आवश्यकता पनि हो। व्यापार र पारवहनमा रहेको एकदेशीय निर्भरतालाई अन्त्य गर्दै हामीले मित्रराष्ट्र चीनसँग यातायात-पारवहन सम्झौता गरेका छौँ। तीव्र आर्थिक विकास र नेपालको आत्मनिर्भरतामा महत्वपूर्ण योगदान दिने केही दूरगामी सम्झौता र सहमतिहरू गरेका छौँ। दक्षिणतिरबाट होस् वा उत्तरतिरबाट नेपालको पहुँच समुद्रसम्म सीधै पुग्ने भएको छ। यसरी हिमालयपार आर्थिक कारोबार सम्भव मात्रै होइन छिटो र सस्तो पनि हुँदैछ। यी दूरगामी महत्वका उपलब्धि हुन्। म यी उपलब्धिहरूका जस सिङ्गो राष्ट्रसँग बाँडचुँड गर्न चाहन्थेँ। आश्चर्य, अविश्वासको प्रस्तावका प्रस्तावक माननीय सदस्यले ती उपलब्धिहरूलाई नकार्नुभयो। केही समय अगाडिसम्म यिनै कुराहरू प्रशंसायोग्य उपलब्धि हुने, आज सरकारबाट हट्नासाथ तिनै उपलब्धिहरू नाजायज हुन पुग्छन् कसरी ? अचम्म लाग्छ !

मैले बारम्बार भन्दै आएका छु- नेपाल- भारत र नेपाल-चीन सम्बन्धका आफ्नै विशेषताहरू छन् र ती एकापसमा तुलना गर्ने विषय होइनन्। छिमेकीहरूसँगको राम्रो सम्बन्ध, हाम्रो सम्बन्ध मित्र-मित्र बीचको सम्बन्ध हो, शासक-शासितबीचको जस्तो हैन। परनिर्भरताले बारम्बार सिर्जना गरेका पीडा आउने पुस्ताले ब्यहोर्नु नपरोस् भनेर शुरु गरिएको सार्वभौम समानतामाथि आधारित सन्तुलित सम्बन्ध हाम्रा मित्रहरूलाई किन ग्राह्य नभएको हो ? मैले यहाँ यो भूमिका खेलिरहेका मित्रहरूलाई भनेको हो। भूपरिवेष्ठित अवस्थालाई भूजडित अवस्थामा बदल्ने कदम साथीहरूलाई किन पाच्य नभएको हो ? फेरि पनि नेपाल एकतर्फी निर्भरतामा बाँचिरहोस् र आर्थिक परनिर्भरताले नेपाललाई सधैँभरि आश्रित राष्ट्रको हैसियतमा सीमित राखोस् भन्ने उहाँहरूको चाहना हो ? अन्यथा, राष्ट्रिय हितको यति महत्वपूर्ण मुद्दामा पनि किन अशोभनीय राजनीति ?

नेपाल अहिलेसम्म एकपक्षीय निर्भरतामा रह्यो र हामी भूपरिवेष्ठित होइन, एक मुलुक वेष्ठित जस्तो भयौँ भन्ने कुरा हरेक नेपाली नागरिकलाई भित्रैदेखि बिझिरहेको छ। यस्तो एकपक्षीय निर्भरताले पटक-पटक नाकाबन्दी जस्तो पीडा भोग्न बाध्य बनाएको छ। वर्तमान सरकार यस एकपक्षीय निर्भरतालाई अन्त्य गर्न कृतसङ्कल्पित भएर लागिपर्‍यो। आउने पुस्ताले अब कहिल्यै पनि यस्तो असहजता भोग्नु नपरोस् भनेर हामीले मित्रराष्ट्र चीनसँग यातायात पारवहन सम्झौता गर्‍यौँ र कनेक्टिभिटीका अनेकौँ समझदारीमा हस्ताक्षर गर्‍यौँ। अब नेपाल एउटा देश वेष्ठित होइन भूपरिवेष्ठित र अझ भूजडित अवस्थामा पुगेको छ। मलाई त लागेको थियो- यसका लागि प्रतिपक्षी मित्रहरूले समेत विशेष खुशी व्यक्त गर्नुहुनेछ। तर आश्चर्यको कुरा, कुनै बेला 'राष्ट्रवाद'का नाममा सिनेमा हल र विदेशी नम्बरप्लेटका सबारी साधनलाई समेत खरानी पार्ने साथीहरू आज यस्तो विदेश सम्बन्धलाई समेत 'असन्तुलित' भयो भन्दै सरकारको विरोधमा उत्रिनुभएको छ ! नेपाल-भारत सम्बन्धलाई भारतले आफ्ना औपचारिक निर्णय र वक्तव्यमा समस्याहरू सुल्झाएर उच्चस्तरीय समझदारीको सौहार्दपूर्ण वातावरणमा विकास गरिएको प्रतिवेदन दिएको छ। हाम्रा साथीहरूलाई चित्त किन दुखेको ? दुबै छिमेकीसँग पारवहन सम्झौता गर्ने, दुबै देशका बन्दरगाहहरू उपयोग गर्ने, दुबै देशबीच अप्टिकल फाइबर र क्रस बोर्डर ट्रान्समिसन लाइन निर्माण गरेर विद्युत व्यापार गर्ने तथा दुबै देशका रेलवे यातायातसँग नेपाललाई

आबद्ध गर्ने यो नीति असन्तुलित हो भने तपाईंहरूले भन्न खोजेको सन्तुलित सम्बन्धचाहिँ कस्तो हो ?

नेपालले सार्वभौमिक समानतामाथि आधारित सन्तुलित सम्बन्धको नीति अवलम्बन गर्नुपर्दछ। छिमेकी मित्रहरूसँग पनि हाम्रो सम्बन्धको आधार त्यही हो। चीन र भारतले गरेका प्रगतिहरूबाट हामी खुसी छौँ र हामी त्यसमा सहभागी हुन चाहन्छौँ, आर्थिक साझेदारका रूपमा। मित्रहरूका संवेदनशीलताप्रति हामी सजग छौँ र हाम्रो संवेदनशीलतालाई पनि त्यसैगरी बुझियोस् भन्ने हामी चाहन्छौँ। यसो भन्नु अर्घेल्याइँ हो र ? गएको असोजदेखि माघसम्मको पीडालाई हामी बिर्सन चाहन्छौँ। भारत भ्रमणको क्रममा मैले भनेको थिएँ- सँगै हिँडेको साथीले एकचोटि ठक्कर दियो, पछि उसले 'सरी' भन्यो, कुरा सकियो। सम्बन्ध बिगार्ने विभिन्न तत्वहरू क्रियाशील होलान्। तर म विश्वस्त छु- आगामी दिनमा सम्बन्ध प्रगाढ बन्दै जानेछ । हामीले सबै मित्रराष्ट्र र अन्तर्राष्ट्रिय समुदायलाई भनेका छौँ- मित्रवत् सुझाव या अनुभव बाँड्ने कुरा स्वाभाविक हुन्। तर आन्तरिक मामलामा खेल्ने, नेपाललाई प्रयोगको थलो बनाउने, समस्या समाधानमा सहयोग होइन, बल्झाउने भूमिका खेल्ने कुरा भने स्वीकार्य हुन सक्दैनन्। मित्रवत् व्यवहारले नै मित्रवत् सम्बन्धको आधारशिला निर्माण गर्न सक्छ। सरकारले लिएका यी नीतिमा पनि अविश्वासको प्रस्ताव राख्ने साथीहरूको विरोध हो ? हुन त यो सोध्नुको पनि के काम छ र ? अविश्वास राख्नु थियो। निहुँ खोज्नु थियो। भेडाको कथा जस्तो- 'तैँले धमिल्याएको होइन भने पनि तेरा बाबुले पोहोर परार धमिल्याएको थियो !' निहुँ खोज्नु छ। तर्कको पनि के अर्थ छ र ? तै पनि सोध्नु त पऱ्यो के रैछ ?

प्रस्तावक माननीयले यस सरकारले अवलम्बन गरेको राष्ट्रिय हितको रक्षा, राष्ट्रिय स्वाभिमान र राष्ट्रवादको सम्वर्द्धनलाई 'सामन्ती राष्ट्रवाद' को आक्षेप लगाउनुभएको छ।

मेरो दृढ मान्यता छ- देशहरू, भूगोल र जनसङ्ख्याका आधारमा साना वा ठूला हुन सक्छन्, विकासमा अगाडि पछाडि हुन सक्छन्। मैले पहिल्यैदेखि भन्दै आएको छु। तर सार्वभौमसत्ता बराबर हुन्छ। सार्वभौमसत्ता सानो र ठूलो हुँदैन भन्नु 'सामन्ती राष्ट्रवाद' हो र ?

संविधान बनाउने, त्यसलाई समयानकूल विकास गर्ने र सङ्घीयताको आफ्नै ढाँचा तय गर्ने स्वतन्त्र आत्मनिर्णयको अधिकार हामीलाई छ भन्नु र आफ्ना समस्याहरूको समाधान हामी आफैँ गर्न सक्छौँ भन्नु कसरी 'सामन्ती राष्ट्रवाद' हुन्छ ?

सार्वभौम राष्ट्रका हैसियतले नेपाललाई आफ्नो स्वतन्त्र विदेश सम्बन्ध निर्धारण गर्ने र सबै मित्रराष्ट्रहरूसँग सन्तुलित सम्बन्ध कायम गर्ने हक छ भन्नु 'सामन्ती राष्ट्रवाद' हो भने त्यसपछि त तर्क गर्ने ठाउँ पनि छैन। तर मेरो प्रश्न छ- सामन्ती राष्ट्रवादको विरोधको नाममा तपाइँहरू मुलुकलाई कतातिर धकेल्दै हुनुहुन्छ ? मैले 'खोक्रो राष्ट्रवाद' भन्ने गरेको पनि सुनेको छु। अब सामन्ती सम्भ्रान्त राष्ट्रवादको कुरा आएको छ। नेपालको स्वाभिमानको कुरा गर्नु, स्वाधीनताको कुरा गर्नु, हितको कुरा गर्नु, सम्प्रभुताको कुरा गर्नु, स्वतन्त्रताको कुरा गर्नु अब सम्भ्रान्त र सामन्ती राष्ट्रवाद भयो ? अनि अन्यथा राष्ट्रवाद, अथवा के राष्ट्रवाद ? मजदुर किसानको राष्ट्रवाद भन्नुभएको होला। त्यो कस्तो हुन्छ ? आजै अहिले नै जवाफ दिनुपर्दैन। समय छ। फेरिफेरि पनि जवाफ दिए हुन्छ। सार्वभौम राष्ट्रका हैसियतले नेपालले जुन भूमिका खेलेको छ, जुन परराष्ट्र नीति अँगालेको छ, परराष्ट्र नीतिमा अडेर छिमेकी सम्बन्धमा अडेर जुन उपलब्धिहरू हासिल गरेको छ, त्यो ऐतिहासिक छ भन्ने म दाबी गर्दछु।

म स्पष्ट छु- मुलुकभित्रका सबै जातजाति, भाषाभाषी र संस्कृतिका जनतालाई समान अधिकार र अवसरको प्रत्याभूति दिएर मात्रै राष्ट्रियता बलियो हुन्छ। हुन त सजिलो छ व्याख्या गर्न। प्रस्ताव राख्दाराख्दै मित्रले हौसिएर भन्नुभयो- यो सङ्घीयताको पक्षमा पनि थिएन, गणतन्त्रको पक्षमा पनि छैन, कुन्नि केको पक्षमा पनि छैन, आन्दोलनकै पक्षमा थिएन। यो कुन्नि कहाँबाट टुप्लुक्कै आइपुग्यो भन्ने खालको व्याख्या आयो। हुन त मैले सोध्ने ठाउँ त छ, मैले राजतन्त्रका विरुद्ध सङ्घर्ष गर्दा साथीहरू कता हुनुहुन्थ्यो ? म राजतन्त्रसँग लडाइँ गरेर जेलमा पर्दा कापी कलम बोकेर कुन स्कूलमा कुद्दै हुनुहुन्थ्यो ? सोध्ने ठाँउ छ। तर सोधिरहनु आवश्यक ठान्दिनँ र सोध्दिनँ पनि। हाम्रो संविधानले नेपाल राष्ट्रको बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक विशेषतालाई आत्मसात गर्दै समान आकाङ्क्षा र मनोविज्ञानमा आबद्ध राष्ट्रको रूपमा यसलाई परिभाषित गरेको छ।

पछाडि परेका महिला, दलित, जनजाति, मधेसी, थारू, मुस्लिम, सीमान्तीकृत र अल्पसङ्ख्यक समुदायका लागि राजनीतिक र प्रशासनिक प्रतिनिधित्व एवम् शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा सामाजिक न्यायको प्रत्याभूति गरेको छ। (यहाँनेर पछि मलाई आलोचना आउन सक्छ। एकथरी साथीहरूसँग पछाडि परेका महिला, दलित, जाति, जनजाति, मधेसी, थारु, मुस्लिम, दलित, अल्पसङ्ख्यक, सीमान्तीकृत, लोपोन्मुख आदि भन्ने एउटा सेटफर्मुला लामो समयदेखि कण्ठ छ। त्यो नभनेकोमा कुनै छुटेको पनि हुन सक्छ। त्यो छुटेकोलाई फेरि उछाल्ने ठाउँ पनि भेटिन सक्छ। मैले यो प्रतिनिधिमूलक भनेको हो।) यहाँ समान अधिकारको, शिक्षा, स्वास्थ्य, रोजगारीको, सामाजिक न्यायको संविधानले प्रत्याभूत गरेको छ। संविधानले प्रत्याभूत गरेका प्रावधानहरूको कार्यान्वयनप्रति सरकार दृढ छ। तर नेपाललाई बहुजातीय होइन, बहुभाषिक होइन, बहुसांस्कृतिक होइन अर्कै ढङ्गले व्याख्या गर्न खोज्ने, जसभित्र बेग्लै मनसाय छ, त्यस फरक मनसायलाई 'बहुराष्ट्रिय' नाममा प्रकट गरिन्छ, र त्यसलाई, ती विविधताहरूलाई, ती भिन्नतालाई अलग-अलग 'राष्ट्र' या 'राष्ट्रियता' ठान्ने र त्यसैलाई प्रदेश निर्माणको आधार बनाउने जस्ता कुरातर्फ यदि सङ्केत गर्नुभएको हो भने म स्पष्ट भन्न चाहन्छु- यो गलत हुन्छ र यस्तो कुरालाई स्वीकार गर्न सकिँदैन।

मलाइ अचम्म अर्को एउटा कुरामा लाग्छ। ठूलो अचम्म-शान्ति प्रक्रियामा मेरो र हाम्रो पार्टीको भूमिकाको विषयमाथि प्रश्न उठाउने चेष्टा भएको छ ! ' पाप धर्मको त ख्याल गर्नुपर्छ नि !' इमानतिर अलिकति आँखा चिम्लियो, पाप धर्मको ख्याल नगऱ्यो- के लाग्छ ? सरकार विरुद्ध अविश्वास प्रस्ताव ल्याउने मित्रहरूमध्ये एकथरी बन्दुकद्वारा नै राज्यसत्ता कब्जा गर्छु भन्ने मान्यतामा हिडिरहनु भएको थियो। अर्काथरी टाउकोको मूल्य तोक्दै बन्दुकबाटै ठेगान लगाउँछु भन्दै हुनुहुन्थ्यो। एउटा बिन्दुमा सबैको प्रयासबाट द्वन्द्व व्यवस्थापन गरौँ, शान्ति प्रक्रिया प्रारम्भ गरौँ र मिलाउँ भनेर यतापट्टि वा उतापट्टि नभएपनि तानेर बीचमा ल्याउने काम जुन पार्टीले गऱ्यो- त्यही पार्टी आज आरोपको शिकार ? अस्ति दुईवटै कुरा अलिअलि मिसिएर आए। प्रस्तावक महोदयले शान्ति प्रकृयामा मेरो पार्टी र हाम्रा नेताहरूले यस सन्दर्भमा मोल्नुभएको जोखिमका बारेमा बोल्नुभएको पनि थियो। रोल्पादेखि सिलुगुडीसम्म, दिल्लीदेखि कोलकतासम्म, दिल्लीदेखि पटनासम्म र पटनादेखि गोरखपुरसम्म भनेर।

जुन पार्टीले द्वन्द्वरत पक्षहरूलाई शान्ति प्रक्रियामा ल्याउन यस्ता प्रयासहरू र जोखिमपूर्ण यात्रा तय गऱ्यो र जुन पार्टीले कसैको कित्ताको नहुँदानहुँदै पनि दुबैतिरबाट भएको आक्रमणमा ठूलो क्षति ब्यहोऱ्यो र आफ्ना सयौँ कार्यकर्ता गुमायो, उसैमाथि लाञ्छना ? वास्तवमा म आश्चर्यचकित भएको छु।

अहिलेको अवस्थामा सङ्क्रमणकालीन न्यायका विषयमा केही समस्या पैदा भएका छन् नै। के यो जटिलता, यो नौ महिनामा, केपी ओली प्रधानमन्त्री भएपछि मात्र भएका हुन् ? या उसको मात्र जिम्मेवारी थियो ? खुदै वक्ता पनि प्रधानमन्त्री हुनुहुन्थ्यो। अर्को प्रधानमन्त्री पनि त्यसै पार्टीमा हुनुहुन्थ्यो। समय-समयमा प्रधानमन्त्री आफूहरू नै हुनुहुन्छ। तर आरोपचाहिँ अन्तै मोड्नुभएको छ। शान्ति प्रक्रियामा केही जटिलता छन्। तर सङ्कीर्ण स्वार्थ र दाउपेचबाट निर्देशित नहुने हो भने यी समाधान गर्न नसकिने विषय होइनन्। समाधान गर्न सकिन्छ। र, गर्न सक्नुपर्छ। मानवअधिकारको पूर्ण परिपालना, दण्डहीनताको अन्त्य र पीडितहरूलाई न्याय र परिपूरणको विषय एवं द्वन्द्वका घाउ मेटाउँदै समाजलाई मेलमिलापको दिशामा अगाडि बढाउनु पर्ने दुईथरी दायित्वबीच सन्तुलन मिलाएर नै समस्याको समाधान गर्न सकिन्छ। नेपाल आफैँ यी काम गर्न सक्षम छ र हामीसँग यसका लागि पर्याप्त कानुनी र संरचनागत व्यवस्था छन् भन्ने विश्वास दिलाउन सक्नुपर्छ। सकिएन भने संयुक्त राष्ट्रसङ्घको घोषणापत्र, नेपाल पक्षराष्ट्र भएका विभिन्न अभिसन्धिहरू र अन्तर्राष्ट्रिय न्यायिक क्षेत्राधिकार भएका मुलुकहरूको ध्यान तानिनेछ र नेपाल थप समस्यामा पर्नेछ। त्यसकारण हामीले त्यो विश्वास दिलाएर अगाडि जानुपर्छ। यो कुरा मैले धेरैपटक अविश्वासका प्रस्तावक माननीयज्यूलाई बताएको पनि छु।

यसबीचमा, सर्वोच्च अदालतका फैसला र नजिरहरू, सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिसम्बन्धी आयोगका सुझाव, अन्तर्राष्ट्रिय सरोकार र पीडितहरूको चासोलाई समेत ध्यानमा राख्दै यस विषयमा कानुन संशोधन, नयाँ कानुनको निर्माण, विभिन्न पक्षसँग परामर्श गर्ने काम अगाडि बढाइएका छन्। सत्य निरूपण तथा मेलमिलाप आयोगको ऐन संशोधन लगायत विषयमा भएको प्रगतिका बारेमा त अविश्वासका प्रस्तावक स्वयंले स्वीकार गर्नुभएकै छ। त्यसैले यस विषयमा सरकारलाई लगाइएका आरोपहरू पूर्णरूपमा निराधार छन्। तर यसलाई मानव अधिकारसम्बन्धी हाम्रा अन्तर्राष्ट्रिय प्रतिबद्धता

र अन्य पक्षलाई बेवास्ता गर्दै 'तिमी हामी मिलेर खाउँ भाले' भन्ने उखान चरितार्थ गर्न खोजियो भने असहज अवस्था उत्पन्न हुनेछ। त्यतापट्टि ध्यान जानुपर्छ।

सशस्त्र द्वन्द्व, लामो सङ्क्रमणकाल र अनावश्यक विवादहरूले गर्दा नेपालको आर्थिक विकास र समृद्धिको विषय ओझेलमा पऱ्यो। हामीले सपना देख्न समेत छाड्यौँ। नेपाल राम्रो बन्न सक्छ र यो काम हामीले नै गर्न सक्छौँ भन्ने विश्वास नराम्रोसँग धरमरायो। जे कुरामा पनि विदेशीको मुख ताक्ने, अत्यधिक परनिर्भरतामा बानी पार्ने, बिहान साँझको छाक टार्ने विषयभन्दा पर नसोच्ने जस्तो बिडम्बनापूर्ण अवस्था सिर्जना भयो। द्वन्द्वोत्तर समाजमा यस्तो हुने गर्छ, सपनाहरू मूर्छित हुने गर्छन्। आजको आवश्यकता यी मूर्छित सपनाहरूलाई बौराउनु, तिनीहरूलाई उठाउनु र मूर्छित अवस्थालाई अन्त्य गरेर विश्वासका साथ अगाडि बढ्नु हो।

नयाँ वर्षको सन्देशमा मैले भनेको थिएँ- 'एउटा पीडाले तपाईंहरूलाई जस्तै मलाई पनि भित्रभित्रै पोल्छ- मुलुकमा यति ठूला राजनीतिक परिवर्तन आए, तर जनताको दुःख उस्तै छ। ..अब राष्ट्रको हित र जनताको समृद्धिको लक्ष्यमा केन्द्रित बनौँ। प्रतिस्पर्धा, आवधिक निर्वाचन र सरकारका विषय लोकतन्त्रका चरित्र नै हुन्, ती सधैँ रहन्छन् र ती हुँदै रहन्छन्। तर राष्ट्रको समृद्धि र जनताको श्रीवृद्धि भने स्थायी र साझा विषय हुन्।' यसैमाथि आधारित भएर यस वर्षको नीति तथा कार्यक्रम र बजेटमा आर्थिक समृद्धिका केही दूरगामी अवधारणा र योजनाहरू प्रस्तुत गरिएका थिए।

हामीले सँगसँगै देखेको समृद्ध नेपालको सपनाप्रति अस्तिसम्म सँगैसँगै रहनुभएको अविश्वासको प्रस्तावक माननीयले कटाक्ष गर्नुभयो- प्रधानमन्त्री थाक्नुभयो भनेर। भाषण गरे जस्तो काम गर्न सजिलो नहुने भनेर व्यङ्ग्य कस्नुभयो। सभामुख महोदय ! मैले कसैले भन्ने गरेजस्तो नेपाललाई सिङ्गापुर बनाउँछु भनेको छैन। मैले नेपाललाई स्वीट्जरल्याण्ड बनाउँछु पनि भनेको छैन। नेपाललाई समृद्ध बनाउँछु भनेको हो। यो सम्भव छ। र, यो गर्नुपर्छ। नेपाललाई समृद्ध बनाउँछु भन्दा, समृद्धिका निम्ति खाका कोर्दा, समृद्धिका निम्ति बाटो तय गर्दा किन आपत्ति भयो ? मैले नेपाललाई सिङ्गापुर र स्विट्जरल्याण्डको सपना देखाएको होइन। नेपाललाई अझ सुन्दर र समृद्ध बनाउने सपना देख्नुपर्छ। देखेको हुँ, देखाएको हुँ। सपनाहरूलाई मूर्छित अवस्थाबाट बिउँझाउने कोशिस गरेको हुँ। देशभक्ति मूर्छित अवस्थामा, सपनाहरू मूर्छित अवस्थामा ! किन गरिब

छ नेपाल ? तिनीहरूलाई पुनर्जीवन दिन खोजेको हुँ, पुनर्ताजगी दिन खोजेको हुँ र जोगाउन खोजेको हुँ। अघि मैले एउटा कुरा भनेँ। अङ्ग्रेजीमा पनि भनेको थिएँ- दिस मोमेन्ट इज नट दि इन्ड अफ टाइम। दुईचार महिना हेरिहालौँ न त ! गफ होइन, काम गर्नेका काम हेर्रौं न दुईचार महिना !! ठीक छ, हामी पनि हेर्छौं। हाम्रो साथ हुन्छ। सक्रिय साथ रहन्छ। अहिले त साथीहरूको ध्यान कुर्सीमा होला। कुर्सीमा गएपछि कता हेर्ने ? हामी त्यसमा पनि हेर्छौं।

प्रस्तावक मित्रले धेरै कुरा भन्नुभयो, 'सेल्फ सेन्ट्रिक', 'इगो सेन्ट्रिक' बन्नुभयो भन्ने अनेक खालका आरोपहरू लगाउनुभयो। यसको म केही जवाफ दिइरहन आवश्यक ठान्दिनँ। अविश्वासको प्रस्तावमा पनि थिएन। कहिलेदेखि रिस उठ्या रहेछ कुन्नि ? भन्दैजाँदा थप्दै जानुभयो, थप्दै जानुभयो। त्यसमा के गालमुख्याल गर्नु छ ? मसँग कुनै निजी आग्रह छैन र, पूर्वाग्रह छैन। मैले फोस्रो धाक लगाउने पनि गऱ्या छैन। गाउँमा जन्मेको हुँ। साधारण परिवारबाट आएको। पुर्खाको कमाइ खाएको होइन। आफ्नै काम, देश र जनताका निम्ति लामै समय भयो भन्नुपर्छ- आधा शताब्दी नाघ्यो। कति पल्ट मरियो भन्ठानेको। तर बाँचेर यहाँ आइपुगियो, जनताका माया ममताले। साथीहरूले भोट दिनुभयो। प्रधानमन्त्री भएँ। त्यहाँबाट म यहाँ आइपुग्या छु। केको 'इगोसेन्ट्रिक' ? केको 'सेल्फसेन्टर्ड' ? मैले पहिले पनि भनेको छु- बहुत खुशीका साथ। कतिपयलाई लाग्ला, अविश्वासको प्रस्ताव एकछिनपछि पास हुन्छ। मलाई के फरक पर्छ ? मेरो उद्देश्य प्रधानमन्त्री हुने थिएन, प्रधानमन्त्रीमा कायम रहने मेरो उद्देश्य होइन।

मेरो उद्देश्य उपलब्धिहरूको रक्षा गर्ने हो। संविधानको कार्यान्वयन गर्ने हो। देशलाई उँभो लगाउने हो। जनताका निम्ति काम गर्ने हो। त्यसकारण कसले कस्तो आँख्याले देख्छ ? अघि प्रमुख विपक्षी दलका नेताले जेलजीवनको कठोर समयको स्मरण पनि गर्नुभयो। मैले तानाशाही कति क्रूर हुन्छ र लोकतन्त्रको अर्थ र महत्व कति छ भन्ने कुरा आफ्नो जीवनमा भोगेको छु। कथा सुनेको होइन। आफूले भोगेको छु। त्यसकारण मेरा निम्ति त्यो महत्वपूर्ण छ। त्यसैकारण मलाई कुनै पनि रूपको सर्वसत्तावाद स्वीकार्य छैन। कहीँ पनि अधिनायकबादी चिन्तन उचित हुँदैन। त्यसकारण पार्टीहरूभित्र लोकतान्त्रीकरण हुनुपर्छ भन्ने उद्देश्यका निम्ति पनि म प्रयासरत रहेँ।

आस्थाकै कारण व्यक्तिको अमूल्य जीवन हरण गरिने हत्या र हिंसाविरुद्ध वैचारिक स्वतन्त्रता, बहुलवाद र लोकतन्त्रका लागि म आजीवन लडेँ। त्यसैले

सभामुख महोदय, मेरा निम्ति पद र ओहदाले ठूलो अर्थ राख्दैन । मैले सामान्यतया भन्ने गरेको छु- सत्यसँग नलड्ने र शक्तिसँग नझुक्ने । शक्ति आवधिक हुन्छ, अस्थायी हुन्छ र शक्ति परिवर्तित हुन्छ । सत्य स्थायी हुन्छ । सत्यका विरुद्ध लड्नु हुँदैन । सत्य अवलम्बन गर्नुपर्छ । शक्ति यदि सत्य विपरीत छ भने त्योसँग लड्न डराउनु पनि हुँदैन ।

नेपालको संविधान निर्माणमा म र मेरो दलले खेलेको निर्णायक भूमिकाका बारेमा आम जनतालाई थाहा छ । त्यसमा मैले थप व्याख्या गर्नुपर्छ भन्ने ठान्दिनँ । आफैले निर्माण गरेको संविधानले निर्धारण गरेका सङ्घीय गणतन्त्र, सामाजिक न्यायसहितको लोकतन्त्र, समावेशिता र धर्मनिरपेक्षताजस्ता विषयमा मेरो विचारमाथि, मेरो स्वीकारोक्तिमाथि, मेरो आस्थामाथि, जे जेमा पूर्वाग्रही ढङ्गले प्रश्न उठाइएको छ, यस्तो लाग्छ कि संविधान कसैले ल्याएर मलाई दिएको हो । मेरो दललाई कसैले संविधान दिएको हो, हामीले चाहिँ संविधानका पाना पल्टाई पल्टाई हेरेको- कस्तो रहेछ भनेर जस्तो । मेरो दल संविधान लेख्नेमा अग्रभागमै थियो भन्ने कुरा हेक्का रहोस् । तर यतिबेला म सरकारको भविष्यप्रति होइन, संविधान र राष्ट्रको भविष्यप्रति चिन्तित भइरहेको छु । 'ओलीका लागि हैन, हाम्रो भोलिका लागि' भन्दै स्वतःस्फूर्त सडकमा नारा लगाउने नयाँ पिँढीका युवाहरूलाई म स्मरण गर्न चाहन्छु । अब मेरो चिन्ता र प्रश्न :

- नेपाल सरकारले आफैँले बनाउने गरी बजेट छुट्याएको, काठमाडौँ-निजगढ फास्ट ट्र्याकको भविष्य के हुन्छ ? मैले यहाँहरूलाई नेपाली जनता सबैले सुन्ने गरी यो प्रश्न राखेको छु । सबैले सुन्ने गरी जवाफ चाहिन्छ ।
- हामीले प्रस्ताव गरेको केरुङ-काठमाडौँ-पोखरा-लुम्बिनी रेलसेवा के गर्नुहुन्छ ?
- आफै बनाउने गरी कार्यक्रम अगाडि सारिएको बर्षौंदेखि अलपत्र तराईको हुलाकी राजमार्ग, १९ वर्ष भयो अलपत्र छ, त्यसलाई फेरि पुरानै नियतिमा फर्काउनु हुन्छ कि ?
- दुई वर्षमा ऊर्जा र कृषिमा आधारभूतरूपमा आत्मनिर्भरता सम्भव तुल्याउने हाम्रा योजनालाई के गर्नुहुन्छ ?

- यस वर्षमात्रै तराईमा २० हजार विपन्न परिवारलाई आवास बनाएर सुम्पने योजना छ, त्यो के गर्नुहुन्छ ? हिन्दीमा एउटा गीत छ- भन्न सजिलो छ।
- तराईमा ओझेलमा परेको विकासलाई उजागर गर्दै समृद्ध तराई निर्माण गर्न सिचाइँ, सदरमुकाममा चक्रपथलगायत शहरहरूको पूर्वाधार विकास गर्ने योजना छन्। अहिलेसम्म एउटा शहरमा चक्रपथ छैन, त्यसका लागि ५० करोड छुट्याइएको छ। त्यो के गर्नुहुन्छ ? तराईका सदरमुकामलाई चार लेनको सडकले जोड्ने योजना छ। त्यो के गर्नुहुन्छ ? कृषिको विकास, भैरहवा र निजगढ विमानस्थलजस्ता पर्याप्त बजेट छुट्याइएका महत्वपूर्ण योजनाहरूलाई के गर्नुहुन्छ ?
- जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित, लोपोन्मुख र अल्पसङ्ख्यक समुदायका लागि अगाडि सारिएको सामाजिक सुरक्षाका कार्यक्रमलाई के गर्नुहुन्छ ?
- शैक्षिक प्रमाणपत्र धितो राख्वेर युवा विद्यार्थीहरूलाई ऋण दिने योजनालाई अब के गर्नुहुन्छ ?
- गरिब, विपन्न, दलित र लोपोन्मुख वर्गका छोराछोरीहरूलाई उच्च शिक्षासम्म निःशुल्क पढाउने प्रबन्ध गरिएको छ। त्यो के गर्नुहुन्छ ?
- दुर्गम ठाउँका लागि अघि सारिएका विकासका आयोजनाहरू के गर्नुहुन्छ ? त्यस्ता थुप्रै आयोजनाहरू छन्। देशका सबै भूभागका विकासका आधारहरू तयार गरिएका छन्। त्यसमा के गर्नुहुन्छ ?

प्रश्न धेरै छन्। सरकारमा जाने केका लागि भन्ने सोच्नुभएको छ ? सधैँभरि राजनीतिक विवादले आर्थिक विषयलाई छाँयामा पार्ने र समयमा बजेट नआउने स्थितिलाई अन्त्य गर्न संविधानले नै गरेको व्यवस्थाअनुरूप जेष्ठ १५ गते बजेट ल्याइयो। असारभित्र पारित गर्ने भन्ने थियो। बहुत बहादुरी देखाउनु भएको छ, बजेटसँग आश्रित विधेयकहरूलाई फेल गर्नुभएको छ। फेरि त्यो बजेट अबचाहिँ हामीले पेस गर्छौं र पाश गर्छौं भन्नुहुन्छ कि ? अस्ति त बहुतै ठूलाठूला कुरा गर्नुभएको छ, विचार गर्नुस्। बजेटका ती विधेयकहरू फेल गर्ने बेलामा धेरै ठूलाठूला कुरा गर्नुभएको छ। ती ठूला कुरा अब बजेट कार्यान्वयनको पक्षमा

जाँदा के हुन्छन् ? विचार गर्न जरुरी छ। तपाइँहरूको प्राथमिकतामा आर्थिक विकास र समृद्धि त छ ? कामबाट जवाफ दिनोस् !

भूकम्पपछिको पुनर्निर्माणका विषयलाई लिएर निकै टीकाटिप्पणी गरेको सुनियो। सबैलाई थाहा छ- असोज २५ गते मैले प्रधानमन्त्रीको जिम्मेवारी सम्हाल्दा भूकम्प गएको ६ महिना बितेको थियो। त्यसबीचमा के कति काम भएका थिए ?

प्राधिकरणसम्म बन्न सकेको थिएन र विधेयक सदनमा अलपत्र थियो। विलम्ब कसको कारणले भएको थियो ? लामो समयपछि विधेयक पारित भएर गत पुसमा पुनर्निर्माण प्राधिकरण बने यता सात महिना बित्न लागेको छ। यसबीचमा, पीडितहरूको पुनः प्रमाणीकरण, प्रथम किस्ताको अनुदान सम्झौता र पुनर्निर्माणका अन्य कामहरू तीव्र गतिमा अगाडि बढेका छन्। अघि नै मैले भने ३० हजार घर बनिसकेका छन्, ८२ वटा सामुदायिक घरहरू बनेका छन्। लाखौँको सङ्ख्यामा घरहरू निर्माण भइरहेका छन्, पैसा वितरण भइरहेको छ। काम तीव्रगतिले अगाडि बढेको छ। अलि पछाडि तपाईहरूको सरकार बनेमा भन्नुहोला कि हामीले तुरुन्तै गर्‍यौं भनेर। फेरि पुनःप्रमाणीकरणका कामहरू भइरहेका छन्। र, प्रत्येक पीडितलाई बैङ्क खातामार्फत् अनुदान वितरण गर्ने सहमतिहरू थिए। तिनीहरूको पालना गर्नुपर्ने थियो। यस कार्यमा सरकार तीव्रताका साथ अगाडि बढेको छ।

यी पूर्वशर्तहरू हुँदैनथे भने बर्खा अगावै सबै पीडितहरूले अनुदान सहायता पाइसक्ने थिए। तर यस्तो विषयलाई पनि राजनीतिक स्वार्थको विषय बनाएर, अपव्याख्या गरेर अनुचित ढङ्गले प्रस्तुत गरियो।

संविधानप्रति असहमति राख्दै आन्दोलनमा उत्रिएका साथीहरूलाई वार्ताबाट समस्याको समाधान गर्न गरिएको आह्वान, प्रयास र अनवरत पहलका बारेमा सिङ्गो संसद अवगत छ। केही कुरामा असहमति हुनासाथ संविधान निर्माण प्रक्रिया छाडेर बाहिरिनु गलत थियो। अत्यधिक बहुसङ्ख्याले पारित गरेको संविधानलाई अस्वीकार गर्नु भनै गलत थियो।

त्यसमाथि, पटक-पटकको आह्वानलाई लत्याउँदै संविधान पुनर्लेखनको असम्भव मागमा मुलुकलाई बन्धक बनाउनु त भनै गलत थियो। साथीहरूलाई

बिस्तारै गल्तीको महशूस हुँदै गरेको मैले अनुभव गरेको छु। म फेरि दोहोऱ्याउन चाहन्छु- संविधानमा रहेका कतिपय असहमतिहरूलाई वार्ता, सम्वाद र संविधान संशोधनका माध्यमबाट समाधान गर्न सकिन्छ, अब आन्दोलनका नाममा मुलुकलाई अप्ठ्यारोमा पार्नु कुनै उचित छैन।

मेरो यत्ति आग्रह छ- आन्दोलन आफैँमा गहकिलो, वजनदार र महत्वपूर्ण अर्थ बोक्ने विषय हो। कुनै पार्टी या व्यक्ति विशेषलाई सत्तामा पुऱ्याउने भऱ्याङ र कसैलाई सत्तामा जानबाट रोक्ने ब्रेकरका रूपमा आन्दोलन शब्दको अवमूल्यन नगरौँ।

इतिहासको कठघरामा सबैले उभिनैपर्छ। रहस्यमय ढङ्गले गरिन लागेको सरकार परिवर्तनको खेलका अन्तर्यहरू समय क्रममा उद्घाटित हुँदै जानेछन्। आमजनतालाई थाहा छ- वर्तमान सरकारका राष्ट्रिय हित र स्वाभिमानका कदमहरू, सरकारले निर्माण गरेको समानतामाथि आधारित नयाँ अन्तर्राष्ट्रिय सम्बन्ध, राष्ट्रिय एकता र सामाजिक सद्भावको पक्षमा यसको सम्झौताहीन अडान र यसले शुरु गरेको समृद्धिको यात्राका कारण यस विरुद्ध घेराबन्दीको प्रयास शुरुदेखि नै भएको हो । साथीहरूले शुरु गर्नुभएको गतिविधिले कसैको अतृप्त आकाङ्क्षालाई तुष्टि त गर्ला। तर यी कदमहरूले संविधानको कार्यान्वयनलाई सघाउने छैनन्, सङ्कटमा पुऱ्याउनेछन्। राष्ट्रिय स्वाभिमानलाई माथि उठाउने छैनन्, उठेको शिरलाई झुकाउने छन्। समृद्धितिर होइन, अधोगतितिर धकेल्नेछन्। सकभर संविधान बन्नै नदिने, बनिहालेको अवस्थामा कार्यान्वयन हुनै नदिने र यसलाई असफल पार्ने छद्म प्रयासलाई सघाउने गरी संविधान निर्माणमा भूमिका खेलेका साथीहरू नै क्रियाशील हुनु दुःख र विडम्बनाको विषय हो।

हाम्रो मुद्दा राजनीतिक हो। इतिहासकै कठिनतम कालखण्डमा राष्ट्र र जनताको अधिकतम हितमा राम्रो काम गर्न खोज्दाखोज्दै रहस्यपूर्ण ढङ्गले अवरुद्ध गर्न चालिएको कदमविरुद्धको राजनीतिक मुद्दा। मलाई कानुनका छिद्रहरू पहिल्याएर सत्ता लम्ब्याउनु छैन। दुई चार दिन बडो हल्ला चल्यो- अविश्वासको प्रस्ताव परिपक्व हुन सात दिन लाग्छ, उधुम हल्ला मच्चिएको छ, रुवाबासी छ, सत्ता लम्ब्याउन खोज्यो भनेर। त्यो सात दिनको नियमावली अहिले मैले बनाएको हो ? त्यो अभ्यास आज मैले शुरु गरेको हो ? मैले भनिहालेँ नि कानुनका कुनै छिद्र पहिल्याएर मलाई सत्ता लम्ब्याउनु छैन। राजनीति जनताको

सेवा गर्ने माध्यम हो र यसका लागि असैद्धान्तिक सम्झौताहरू गरेर सत्तामा टिकिराख्नु पर्ने मान्यतालाई मैले शुरुदेखि नै अस्वीकार गर्दै आएको छु। मेरो ध्यान व्यक्तिका टाउको गन्नेतिर होइन, इतिहासले हाम्रा सामु प्रस्तुत गरेका प्रश्नहरूतिर छ। त्यसैले सत्ता लम्ब्याउन खोजिएको आरोपलाई म पूर्णरूपले अस्वीकार गर्छु। खारेज गर्छु।

मुलुक जनप्रतिनिधिविहीन हुँदा लोकतन्त्रमाथि कस्तो सङ्कट आइलाग्दो रहेछ भन्ने कुरा हामीले २०५९ जेठमा प्रतिनिधिसभा र ०६९ सालमा संविधानसभा विघटनको तीतो अनुभवबाट पाठ सिकेका छौँ। गएको १४ वर्षदेखि स्थानीय निकायहरू जनप्रतिनिधिविहीन हुँदाका कष्ट पनि हामीले भोगिरहेका छौँ। आफ्ना अहं र आकाङ्क्षा तुष्टिका लागि मुलुकलाई धरापमा पार्ने साथीहरूले नै अहिले प्रधानमन्त्रीले त्यो बाटो हिंड्न खोजिरहेको आरोप लगाइरहनु भएको छ। तर जनप्रतितिनिधि विहीनताको पीडा भोगेको म त्यस्तो कदम चाल्न गइरहेको छैन। इतिहासको यस कालखण्डमा को कुन स्थानमा उभिने हो र को कुन स्थानमा उभिन्छ भन्ने जनताले हेक्का राख्ने नै छन्। आवधिक निर्वाचनको बेला जनताको इजलासमा यी सबै विषयको छिनोफानो सार्वभौम जनताले गर्ने नै छन्।

प्रधानमन्त्रीमाथि निरङ्कुश बन्न खोजेको भनेर लगाइएको हास्यास्पद आरोपको बारेमा केही भन्नुपर्छ भन्ने लाग्दैन। बरु केही समय यता मुलुकलाई 'परोपकारी तानाशाह' को खाँचो छ भन्ने केही मान्छेहरूले गरेका कुतर्क सुन्ने गरेको छु। आज लोकतन्त्रको सुदृढीकरण आवश्यक छ। लोकतान्त्रिक अभ्यासको आवश्यकता छ। यो वा त्यो नामको, यो वा त्यो रूपको र यो वा त्यो मात्राको तानाशाह र तानाशाहीको आवश्यकता छैन। संविधान कार्यान्वयन गर्ने बेला, १८ महिनाभित्र ३ तहको निर्वाचन सम्पन्न गरेर संविधान कार्यान्वयन गर्नुपर्ने बेला निर्वाचनलाई नै सङ्कटमा पार्ने गरी भएका सत्ता परिवर्तनका खेलमा लाग्ने साथीहरूले नै बेलाबेलामा जङ्गबहादुरको खाँचो भनेर बहस गरेको सुन्छु। म सबैलाई सचेत रहन आग्रह गर्दछु- मुलुकलाई त्यस दिशातिर धकेल्न नखोजियोस् !

मैले पुष्पलाल जयन्तीको दिन एउटा लोककथाबारे चर्चा गरेको थिएँ। त्यसको काफी चर्चा भइसकेको छ। बञ्चरोको कथा। फलामको बञ्चरो जसले रुख काट्छ, काठ काट्छ। त्यसको बींडचाहिँ काठै भएको प्रसङ्ग। किन रोयौ

रुख्ख भन्दा मलाई काट्ने त मेरै जातको रहेछ त्यहाँ समाउने पट्टिचाहिँ। त्यो कथा मैले भनिरहनु परेन। शायद म जस्तै अनुभूति गरेको हुँदो हो त्यो रुखले। आज म जे अनुभूति गर्दैछु, त्यस्तै अनुभूति।

इतिहासको यस कालखण्डमा, वामपन्थी मित्रहरू नै वामपन्थी आन्दोलनलाई कमजोर गर्ने भूमिकामा प्रस्तुत भएकोमा, राष्ट्रिय हित र अग्रगमनको बाधकका रूपमा आफूलाई देशभक्त र अग्रगामी दाबी गर्ने शक्तिहरू नै प्रयोग भइरहेकोमा चिन्तित छु। तर दिनमा तीन चोटि फेरिने बोली र राजनीति सम्भावनाको खेल हो भन्ने मान्यताको अपव्याख्या गर्दै जुनसुकै घाटको पनि पानी पिउने बानीले भोलि आफैलाई कहाँ पुऱ्याउँछ, हेक्का राख्नु बुद्धिमानी हुन्छ कि !

मलाई थाहा छ- कहिलेकाहीँ संसदको अङ्कगणित र जनताको आशाभरोसाका बीचमा विरोधाभास सिर्जना हुन्छ। आज मैले त्यस्तै देखिइरहेछु। यहाँको अङ्कगणितमा पनि साथीहरू बहुत भारी मनले बसिरहनु भएको छ। यति राम्रो काम गरेको प्रधानमन्त्रीको विरुद्ध अविश्वासको पक्षमा भोट कसरी हाल्ने हो ? भारी मनले बस्नुभएको छ। तर के गर्ने परिपाटीको बाध्यताले उहाँहरूलाई थिचेको छ। जनता राजनीतिक स्थायित्व खोजिरहेका छन्। जनता विकास र समृद्धि खोजिरहेका छन्। जनता विगतका गल्ती कमजोरीबाट शिक्षा लिएर दलहरूले असल राजनीतिक संस्कार स्थापित गरुन् भन्ने चाहिरहेका छन्। तर भइरहेका परिदृश्यहरू भिन्न छन्। कहिलेकाहीँ यस्तो हुँदो रहेछ, देखियो।

सत्यको पक्षमा उभिनेहरू दण्डित हुनुपर्ने, देशभक्तिको कुरा गर्नेहरूले सजाय भोग्नुपर्ने र अवसरवादको बिगबिगी हुने स्थिति उहिले पनि देखिएको हो, अहिले पनि देखिँदै छ। कहिलेकाहीँ यस्तो अवस्था आउँछ। तर यस्तो स्थिति सधैँ रहनेछैन। यसबीचमा संविधान जारी गरिएको छ। यो कार्यान्वयनको क्रममा छ। आर्थिक समृद्धि र विकासको बलियो जग बसालिएको छ। राष्ट्रिय स्वाभिमान र गौरवलाई माथि उठाइएको छ। हो, यिनलाई भत्काउने कोसिस सुरु भएको छ र आगामी दिनमा यस्ता प्रयास अझ तीव्र पारिनेछन्। मत्थर भएका जातीय-क्षेत्रीय सङ्कीर्णता एवं विद्वेषलाई फेरि चर्काउने चेष्टा हुनेछ। नेपालको आन्तरिक मामलामा बाह्य हस्तक्षेप झनै बढ्नेछ र नेपाललाई प्रयोगका थलो बनाउने दुस्प्रयास तीव्र हुनेछ। वर्तमान राजनीतिक चलखेल खालि कसैलाई प्रधानमन्त्रीबाट हटाउन र कसैलाई बनाउनमा मात्र निश्चय नै

सीमित छैन, संविधान कार्यान्वयन हुन नदिएर मुलुकलाई भयानक सङ्कटमा फसाउने उद्देश्यतिर लक्षित छ। तर मलाई पूर्ण विश्वास छ- अब इतिहासको स्थलाई कसैले पनि पछाडि फर्काउन सक्ने छैन। राजनीतिमा स्वासै रुचि नभएको युवा पुस्तासमेत आज मुलुकमा राजनीतिक स्थिरता, स्थायित्व, समृद्धि र राष्ट्रिय हितका निम्ति जसरी स्वस्फूर्तरूपमा चलायमान भएको छ -मुलुकको भविष्य त्यसैले सुरक्षित गर्छ भन्नेमा म विश्वस्त छु।

सभामुख महोदय ! यस गरिमामय सदनमा आउनुभन्दा अगाडि मैले सम्माननीय राष्ट्रपतिज्यूसँग भेट गरेको छु। बजेट आश्रित विधेयकहरू व्यवस्थापिका-संसदबाट अस्वीकृत भइसकेपछि मैले बुझेको छु- कारण जे सुकै होस्, मलाई प्रधानमन्त्रीमा निर्वाचित गर्ने व्यवस्थापिका-संसदका बहुमत सदस्यहरूको समर्थन ममाथि प्रकट हुनसक्ने अवस्था छैन। मैले माथि नै भनिसकेको छु- प्रधानमन्त्रीको पद मेरो लक्ष्य र एकमात्र गन्तव्य होइन। तसर्थ फेरिएको परिस्थितिमा यस सदनलाई नयाँ प्रधानमन्त्रीको निर्वाचनका लागि मार्ग खुल्ला गर्ने निर्णय गर्दै राष्ट्रपतिज्यूसमक्ष मैले राजिनामा पेश गरेको छु। मैले राजीनामा गरिसकेको कुरा यस सम्मानित सदनमा सम्माननीय सभामुख महोदयमार्फत जानकारी गराउँछु।

सभामुख महोदय, यसै प्रसङ्गमा अनेक चर्चाहरू चले। प्रधानमन्त्रीले संसद विघटन गराउँछ। मैले धेरै पटक भने-संसद विघटन गराउन्न। अहिलेको प्रधानमन्त्री त्यस बाटोमा जाँदैन। कतिपयले भने संसदको अधिवेशन अन्त्य गर्छ। मैले धेरैपटक भने-कुनै प्रकारका तर्किने, छलिने खालको बाटो अहिलेको प्रधानमन्त्रीले लिदैन। यो प्रधानमन्त्री, आमने सामनेको राजनीतिमा विश्वास गर्छ। उद्देश्यका राजनीतिहरूमा विश्वास गर्छ। त्यसकारण त्यस्ता जस्केलाबाट हिड्ने, ढोका नभए झ्यालबाट पस्ने र निस्कने खालका बाटा अवलम्बन गर्दैन। कतिले अनेक प्रकारका आशङ्काहरू व्यक्त गरे। पहिले संविधानको प्रावधानको सम्बन्धमा प्रधानमन्त्रीले अवकाश प्राप्त गर्ने या पदमुक्त हुने र अर्को प्रधानमन्त्री निर्वाचित हुने सन्दर्भमा संवैधानिक व्यवस्थाका सन्दर्भमा जटिलता रहेका जस्ता प्रश्नमा छलफलहरू भए। बिस्तारै यो परिस्थिति आइपरेपछि यतिबेला अब त्यसको व्याख्या राजनीतिक उद्देश्यका पक्ष-विपक्षमा हुन थाले। र, ती स्वस्थ भन्दा अस्वस्थ र कटुतापूर्ण ढङ्गले अभिव्यक्त हुन थाले। यस्तो अवस्थामा विवादको चक्रव्यूहमा देशलाई धकेल्नु वाञ्छनीय हुँदैन। त्यसैकारण सभामुख

महोदय ! मन्त्रिपरिषदको बैठकले संविधानको धारा ३०५ बमोजिम सहज ढङ्गले प्रधानमन्त्री निर्वाचित हुन सकोस् र कुनै प्रकारका अन्योल नरहोस् भनेर बाधा अडकाउ फुकाउनका निम्ति सम्माननीय राष्ट्रपति समक्ष सिफारिस गरिसकेको छ। यसले अब कुनै प्रकारको द्विविधा रहँदैन। सजिलोसँग प्रधानमन्त्रीको निर्वाचनले आफ्नो बाटो समाउँछ। यो कुरा पनि म सभामुख महोदय मार्फत् यस सम्मानित सदनसमक्ष जानकारी गराउन चाहन्छु।

इतिहासको कठिनतम कालखण्डमा प्रधानमन्त्रीको रूपमा निर्वाचित गरेर ऐतिहासिक अभिभारा पूरा गर्न जिम्मेवारी सुम्पिनुहुने व्यवस्थापिका-संसदका सबै माननीय सदस्यहरू, मेरो टिममा रहेर साझा उत्साह अथवा स्पिरिटमा काम गर्ने मन्त्रिपरिषद्का सदस्यहरू, सबै सत्तासाझेदार र अन्य राजनीतिक दल, राष्ट्रसेवक कर्मचारीहरू, सुरक्षा निकाय, सञ्चारमाध्यम, शुभेच्छुकहरू तथा कष्टको समयमा पनि ऊर्जा, समर्थन र विश्वास दिनुहुने आमनेपाली जनता तथा अन्तर्राष्ट्रिय मित्रहरूमा हार्दिक आभार प्रकट गर्न चाहन्छु। मैले प्रतिकूल अवस्थामा ठूलाठूला निर्णय गर्नु पऱ्यो। प्रतिकूल अवस्थालाई सच्याउन दृढ कदमहरू चाल्नु पर्यो। देशको अवस्थालाई अगाडि बढाउन महत्वपूर्ण कदमहरू लिनु पर्यो। यतिबेला मैले, आज पार्टीको निर्णयको 'ह्विप' भन्ने शब्दले सरकार छोड्न बाध्य भएका साथीहरू, जसले बहुतै उत्साहका साथ काम गर्नुभयो, उहाँहरूलाई पनि मैले धन्यवाद भन्न छोडेको छैन। धन्यवाद भन्न चाहन्छु। आमनेपाली जनतामा कति सजगता रहेछ भने ठूलाठूला शक्तिहरू, जसले धुलो उडाउन, पानी धमिल्याउन, धुँवा उडाउन, वातावरणलाई अप्ठ्यारो पार्न र धुमिल बनाउन सङ्गठित ढङ्गले प्रयास गर्दा पनि जनता अलमलिएनन्। नेपाली जनताको देशभक्ति, विकासप्रेम र देश अगाडि बढोस् र बढाऊँ भन्ने चाहनालाई यस घडीमा म विशेष सम्मान गर्न चाहन्छु। सलाम भन्न चाहन्छु। नेपाली जनताबाट मैले यसबीचमा जुन स्नेह पाएँ, साथ पाएँ, सहयोग पाएँ, समर्थन पाएँ। त्यत्रा बलिया बलियाले खुट्टा तान्दा पनि जनताका साथले अगाडि बढ्ने मेरो हौसला सधै बुलन्द रहने मौका मलाई मिल्यो। म नेपाली जनताप्रति आभार व्यक्त गर्न चाहन्छु। धन्यबाद भन्न चाहन्छु।

सभामुख महोदय ! मैले यतिबेला सभामुख महोदयलगायत सबैमा अत्यन्तै आग्रहहीन ढङ्गले एउटा च्याप्टर सिद्धिएको, एउटा अध्याय सिद्धिएको भन्न चाहन्छु। यतिबेला म यहाँ लगायत सबैलाई हार्दिक धन्यबाद भन्न चाहन्छु। र,

आगामी दिनमा म र मेरो दलको देश, जनता, विकासप्रतिको निष्ठा र प्रयास उत्तिकै सुदृढढङ्गले अगाडि बढाउने विश्वास र प्रतिबद्धता जनाउन चाहन्छु।

सबैमा धेरै धेरै धन्यवाद !

९ साउन, २०७३



मित्रराष्ट्रहरूको औपचारिक भ्रमणको क्रममा गरिएको सम्बोधन

१

सार्वभौम समानता र आपसी लाभको सम्बन्ध

(२१औँ सप्रु हाउस प्रवचनको अनुदित पाठ, भारतीय विश्व सम्बन्ध परिषद्, बारखम्बा रोड, नयाँ दिल्ली; २२ फेब्रुअरी २०१६)

कुनै पनि समाजमा बेलाबखतमा मतभेदहरू देखिन सक्छन्। छिमेकीहरूको हकमा समेत यो यथार्थ लागू हुन्छ। यद्यपि, हाम्रो सम्बन्धको आधारशिलामा प्रतिकूल असर नपर्ने गरी हामीले ती मतभेदहरूको सम्बोधन गर्न जरूरी छ। दुई मुलुकहरूबीच यदाकदा पैदा हुने अप्ठ्यारा मामिलाहरूका कारण हामीबाट जनताको दैनिक जीवनमा प्रतिकूल असर पार्न सक्ने अस्वाभाविक कदम अँगालिनु हुँदैन। हाम्रो गन्तव्य यति निकटतापूर्वक जोडिएको छ कि हामी सदैव असल मित्रका रूपमा रहिरहन बाध्य छौं। तसर्थ, मित्रतालाई सबलीकृत तुल्याउनु र साझा समृद्धि हासिल गर्नु नै हाम्रो साझा उद्देश्य रहनुपर्छ।

सभाध्यक्ष महोदय
भारतीय विश्व सम्बन्ध परिषद्का सदस्यहरू,
अध्येताहरू,
महिला तथा सज्जनवृन्द,

सर्वप्रथम २१औँ सप्रु हाउस प्रवचनमा आमन्त्रण गर्नुभएकोमा भारतीय विश्व सम्बन्ध परिषद्लाई धन्यवाद ज्ञापन गर्न चाहन्छु । सप्रु हाउस प्रवचनसँग आबद्ध भइसकेका र भविष्यमा समेत सोही पदछाप पछ्याउनुहुने महान हस्तीहरूसँग आफ्नो नाम जोडिन पुगेकोमा सुखानुभूति गरिरहेको छु । मलाई प्राप्त यो अवसर भारतीय अध्येताहरू एवं परराष्ट्र नीतिसँग जोडिएको समुदायले नेपाललाई दिएको महत्वको एक द्योतक पनि हो ।

म नयाँ दिल्लीमा, मित्रवत् भारतीय जनतालाई नेपाली जनताले पठाएको शुभकामना बोकेर आएको छु । भारतीय मित्रहरूले प्रदान गर्नुभएको न्यानो स्वागतले म अत्यन्त प्रभावित भएको छु ।

प्रधानमन्त्रीको रूपमा यो मेरो पहिलो विदेश भ्रमण हो । गत वर्षको सेप्टेम्बरमा नेपालमा नयाँ संविधान जारी भएपश्चात् देशको प्रधानमन्त्रीले गरेको यो पहिलो विदेश भ्रमण पनि हो ।

म मेरा धारणा सर्वप्रथम नेपालको राजनीतिक विकासबाट शुरु गर्न चाहन्छु । र, तत्पश्चात् नेपाल-भारत सम्बन्धका बारेमा चर्चा गर्नेछु ।

पछिल्ला दश वर्षमा नेपाल ऐतिहासिक राजनीतिक रूपान्तरणबाट गुज्रिएको बारे यहाँहरू विदितै हुनुहुन्छ । एकात्मक राजतन्त्रात्मक शासन प्रणालीबाट हामी संघीय लोकतन्त्रात्मक व्यवस्थामा प्रवेश गरेका छौं र यो उपलब्धिलाई नयाँ संविधानले संस्थागत गरेको छ । सन् १९९६ देखि २००६ सम्म देश विद्रोहको शिकार भयो, जसलाई आन्तरिक तर अन्तर्राष्ट्रिय समर्थन प्राप्त शान्ति प्रक्रियाले प्रतिस्थापित गऱ्यो । नेपालको शान्ति प्रक्रियामा भारतीय जनता र सरकारबाट प्राप्त समर्थन र ऐक्यबद्धता विशेषरूपले उल्लेखनीय छ ।

गत वर्ष सेप्टेम्बर २० मा जननिर्वाचित संविधानसभाले अत्यधिक बहुमतबाट संविधान जारी गरेसँगै आठ वर्षको कष्टकर संक्रमणको अन्त्य भएको छ । आफ्नो संविधान आफैले लेख्ने नेपाली जनताको ६५ वर्ष पुरानो आकाङ्क्षालाई समेत संविधानको घोषणाले पूरा गऱ्यो । यो एक ऐतिहासिक उपलब्धि हो । नेपालको सफल राजनीतिक परिवर्तन शोधकर्ताहरू, अध्येताहरू एवं राजनीतिशास्त्रीहरूका लागि एक उपयुक्त अध्ययनको विषय हुन सक्छ ।

सुमधुर एकता रहेको अद्वितीय विविधतायुक्त नेपाली समाजका सबै जनसमुदायको आशा र आकाङ्क्षाको प्रतीक हो, नयाँ संविधान । शान्तिपूर्ण सह-अस्तित्व हाम्रो जीवन पद्धतिको अभिन्न चरित्रको रूपमा रहिआएको छ । विद्यमान परिस्थितिमा अहिलेको संविधान, सम्झौताका सम्भाव्य परिणामहरू मध्येको उत्तम विकल्प हो ।

खुला, लोकतान्त्रिक र पारदर्शी प्रक्रियाद्वारा एउटै दस्तावेजमा नेपाली जनताका विविध आकाङ्क्षाहरू समेट्नु पक्कै पनि सहज थिएन । हामीले हाम्रो ऐतिहासिक जिम्मेवारी पूरा गरेका छौं । यद्यपि, संविधान एक जीवित दस्तावेज हो र यसमा क्रमिकरूपमा संशोधन र समायोजन गर्न सकिन्छ भन्ने हामी ठान्छौं । जनताका जायज चासोहरू प्रतिबिम्बित गराउन हुन सक्ने सुधार सदैव वाञ्छनीय रहन्छ भन्ने कुरामा हामी विश्वस्त छौं ।

घरिघरि बाहिरी विश्व नयाँ संविधानका विषयवस्तुहरूप्रति र संविधान निर्माण गर्न अवलम्बन गरिएका प्रक्रियाहरूप्रति पूर्णरूपमा परिचित नभएको जस्तो प्रतीत हुन्छ । यदाकदा मूल्याङ्कन वस्तुगत हुन सकेको छैन भन्ने लाग्छ ।

संविधान निर्माणको प्रक्रियामा संविधान सभाका सबै माननीय सदस्यहरू सामेल हुनुहुन्थ्यो । कसै कसैले आलोचना गरेअनुरुप यो संविधान हतारमा विधि-प्रक्रिया नपुऱ्याई जारी गरिएको थिएन । नेपाली जनताले कस्तो संविधान चाहन्छन् भन्ने विषयमा हामीले वर्षौं विमर्श गरेका छौं । समग्र अन्तर्राष्ट्रिय समुदायले गहिरो चासोका साथ संविधान निर्माण प्रक्रियालाई नियालेको थियो । हामीले शान्ति र लोकतन्त्रलाई संस्थागत गर्न हाम्रा प्रयासहरूबारे उनीहरूलाई सदैव अवगत गराएका थियौं ।

अधिकांश मुद्दाहरू पहिलो संविधानसभाले नै टुङ्ग्याइसकेको हुँदा दोस्रो संविधानसभाले निरुपण गर्न आवश्यक केही सीमित विवादित विषयहरू मात्र बाँकी थिए । चार वर्षको कार्यकालभित्र संविधान जारी गर्न नसकी पहिलो संविधान सभा विघटन भएको थियो । विगतका अनुभवहरूबाट सिक्दै, हामीले जिम्मेवारी बोध गरेर अघि बढ्न जरुरी थियो, किनकि, निर्वाचित सदनको असफलता र त्यसले सम्पूर्ण लोकतान्त्रिक प्रक्रियामा नै ल्याउने उथलपुथलको साक्षी बन्न देशमा अब सामर्थ्य थिएन । तसर्थ शुरुवातदेखि नै सबै सरोकारवालाहरूलाई विश्वासमा लिने अनेकौं प्रयासहरू भएका थिए । कठिन र विवादित मामिलाको सघन विमर्श र सम्झौता पश्चात् मात्रै निरुपण गरिएको थियो । वार्ताको निर्णायक बिन्दुमा पुग्नै लाग्दा केही समूहहरू प्रक्रियाबाट अलग्गिए । त्यो दुभाग्र्यपूर्ण थियो ।

संविधानका सबै प्रावधानहरूसँग कोही पनि पूर्णरूपमा सन्तुष्ट नरहेको तथ्यलाई हामीले स्वीकार्नै पर्छ । व्यक्तिगतरूपमा भन्नु पर्दा म पनि यससँग पूर्णरूपमा सन्तुष्ट छैन किनकि नयाँ संविधानमा केही महत्वपूर्ण विषयहरू मैले चाहेअनुरुप समेटिएका छैनन् । यद्यपि, ९२ प्रतिशतभन्दा बढी सभासदहरूले मतदान प्रक्रियामा उत्साहजनक सहभागिता जनाउनुभयो र ८५ प्रतिशतभन्दा बढी सदस्यहरूले संविधानका पक्षमा मतदान गरी यसको बृहत् वैधानिकता सुनिश्चत गर्नुभयो । यी सभासदहरूले नेपालका विविध समाज, समुदाय र समाजको प्रतिनिधित्व गर्नुभएको छ । ।

संविधानले सबै नागरिकहरूलाई कुनै भेदभाव बिना मानवअधिकार र आधारभूत स्वतन्त्रताको प्रत्याभूति गरेको छ । विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकारका दस्तावेजहरूमा व्यवस्था भए बमोजिमका सबै अधिकारहरू र स्वतन्त्रताका विषयहरू यसले समेटेको छ । हाम्रो संविधानमा समावेश केही

अधिकारहरू कैयौँ विकसित मुलुकहरूको संविधानमा समेट भेट्न सकिँदैन । यस मानेमा, हाम्रो संविधान विशिष्टरूपले प्रगतिशील र अग्रगामी छ ।

नयाँ संविधानमा नागरिकताको प्रावधानका बारेमा केही असमझदारी छन् भन्ने हामीले महसुस गरेका छौँ । संविधानले सम्पूर्ण नेपाली जनतालाई नागरिकताको हक सुनिश्चित गरेको छ । आमा र बाबु दुबैको नाममा नागरिकता प्राप्त गर्न सकिनेछ । नेपालको कुनै पनि समाज वा समुदायप्रति विभेद गरिएको छैन । दक्षिण एसियाली क्षेत्रलगायत अन्य कैयौँ मुलुकहरूको नागरिकतासम्बन्धी व्यवस्थाभन्दा नेपालको व्यवस्था उदार छ । हाम्रो नागरिकता कानुनले कसैलाई पनि राज्यविहीन बनाउँदैन । अवसर र राज्यले प्रदान गर्ने सेवाका आधारमा सबै नागरिकहरूलाई समान व्यवहार गरिएको छ । विगत ७० वर्षमा हामीले न्याय, समानता र लोकतन्त्रका लागि संघर्ष गरिरह्यौँ । यी आदर्शहरूलाई समाजमा र शासन पद्धतिमा बलियो गरी स्थापित गर्न एवं विभेदका सबै स्वरुपहरूको अन्त्य एकमतले सुनिश्चित गर्न हामीले गरेका प्रयत्नहरूको उत्कर्ष हो नयाँ संविधान ।

सामाजिक न्याय सुनिश्चित गर्नु यस संविधानको आधारभूत उद्देश्यहरूमध्ये एक रहेको छ । मुलुकका पिछडिएका एवं सीमान्तीकृत जातजाति र समुदायको सामाजिक-आर्थिक न्याय प्रवर्द्धन गर्नु यसको ध्येय रहेको छ । सामाजिकरूपमा पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्तिहरू, सीमान्तकृत, मुस्लिम, पिछडिएका वर्ग, लिङ्ग तथा लैङ्गिक अल्पसङ्यक, युवाहरू, कृषक, मजदुर, शोषित वा पिछडिएको क्षेत्रका नागरिकहरू र आर्थिकरूपमा विपन्न खस-आर्यहरूको समग्र अवस्थामा सकारात्मक परिवर्तन ल्याउन राज्यका नीतिहरू लक्षित छन् । तसर्थ, सामाजिक न्यायको स्तम्भ हाम्रो संविधानमा बलियो गरी समाविष्ट छ ।

लैङ्गिक समानता हाम्रो संविधानको अर्को आधारभूत विशेषता हो । मुलुकको जातीय विविधतालाई दृष्टिगत गर्दै तथा महिला र पुरुषको समान अधिकारलाई सम्मान गर्दै राष्ट्रपति र उपराष्ट्रपति फरक फरक समुदाय र लिङ्गबाट चुनिनुपर्ने प्रावधान संविधानमा गरिएको छ । यस्तैखाले प्रावधान प्रतिनिधि सभाको सभामुख र उपसभामुखको चुनाबमा समेत लागू गरिएको छ । समावेशिताको आधारभूत सिद्धान्तलाई पहिलो महिला राष्ट्रपति र पहिलो महिला सभामुख चुनेर व्यवहारमा उतारिसकिएको छ । नयाँ संविधानको कार्यान्वयनमा यी युगान्तकारी उपलब्धि हुन् ।

जनताको हकहित प्रवर्द्धन र संरक्षण गर्ने प्रयोजनका लागि संविधानले मानवअधिकार आयोग, महिला आयोगका साथै मधेसी आयोग, थारू आयोग, मुस्लिम आयोगहरूलाई संवैधानिक अङ्गको रूपमा व्यवस्था गरेको छ । यी विषयगत संवैधानिक आयोगहरूले विभिन्न जातजातिहरू एवम् समुदायका जनताहरूको अधिकार संरक्षण र प्रवर्द्धन गर्ने हाम्रो गहन प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछन् । संविधानले प्रदेशहरूको सीमाङ्कनका लागि एक संघीय आयोगको व्यवस्था गरेको छ ।

यो वर्षको शुरुवातमा हाम्रो व्यवस्थापिका-संसदले संघर्षरत दलहरूका दुई मुख्य मागहरू सम्बोधन गर्न संविधान संशोधनको प्रथम विधेयक पारित गऱ्यो । संविधानद्वारा प्रदत्त प्रारुपभित्र रही असन्तुष्ट समूहहरूका जायज चासोहरू सम्बोधन गर्ने प्रतिबद्धताको यो विश्वसनीय प्रमाण हो । जन-इच्छाको सम्मान गर्दै र धरातलीय यथार्थलाई आत्मसात् गर्दै सीमाङ्कनका बाँकी मुद्दाहरूमा सबैलाई मान्य हुने समाधान पहिल्याउन हामी प्रतिबद्ध छौँ । हामीले एक उच्चस्तरीय राजनीतिक समिति गठन गरी यसतर्फ कदम अगाडि बढाइसकेका छौँ ।

मेरो विचारमा संक्रमणकाल र अनिश्चितताको लामो अवधि पश्चात् नेपालले हासिल गरेका यी महत्वपूर्ण उपलब्धिहरू हुन् । र, संविधान घोषणालाई अन्तर्राष्ट्रिय समुदायले गरेको न्यानो स्वागत र संविधान कार्यान्वयनमा व्यक्त गरेको समर्थनबाट हामी खुसी छौँ । चुनौतीहरू प्रशस्त छन्, तर असल नियत सहित संविधान कार्यान्वयनको दिशामा अघि बढ्न हामी कटिबद्ध छौँ ।

सामाजिक-आर्थिक रुपान्तरणबिना राजनीतिक रुपान्तरण दिगो हुन सक्दैन । आर्थिक विकास र आम समृद्धिको अभावमा, समतामूलक, समावेशी र अधिकारमुखी समाज निमार्णको लक्ष्य एक अव्यावहारिक सपनाको रूपमा मात्र रहन्छ । तसर्थ, आर्थिक विकास हासिल गर्नु नै हाम्रो महत्वपूर्ण प्राथमिकता हो र हुनुपर्दछ । यसका लागि अनुकूल वातावरणको निर्माण गर्ने काम राजनीतिक स्थायित्वले गर्दछ ।

आजको विश्व परस्पर अन्तरसम्बन्ध र अन्तरनिर्भरतामा अडेको छ । तसर्थ, आर्थिक विकासका प्रयासहरूका लागि द्विपक्षीय, उप-क्षेत्रीय, क्षेत्रीय र विश्वव्यापी स्तरमा सहकार्य र सहयोग आवश्यक छ । फगत् व्यक्तिगत वा एकाङ्गी प्रयासहरू सफल हुँदैनन् ।

एसिया विश्व अर्थतन्त्रको केन्द्रभागमा आइपुगेको छ । भारतले हासिल गरेको असाधारण आर्थिक प्रगति हाम्रा लागि खुशीको विषय हो । नेपाल अब यो गतिशील एसियाको विपन्न आँगनको रूपमा कदापि रहन हुँदैन । हाम्रो छिमेकमा विकसित भइरहेका अवसरहरूको पूर्णसदुपयोग गरी हाम्रो मुलुकलाई आर्थिक-वृद्धि र विकासका लागि गतिशील क्षेत्र बनाउन हामी तत्पर रहनुपर्छ । यो सम्भव र प्राप्य छ । र, हामी यसका लागि अहिलेदेखि नै कडा परिश्रम गर्न प्रतिबद्ध छौँ ।

अब म मेरो प्रवचनको दोस्रो पक्ष अर्थात नेपाल-भारत सम्बन्धका बारेमा चर्चा गर्न चाहन्छु ।

हाम्रा लागि भारत एक निकटतम छिमेकी र विकास तथा समृद्धिका लागि महत्वपूर्ण साझेदार हो । हामीबीच धेरै चिजको साझापन छ; भौगोलिक र सांस्कृतिक दुबै । हामीसँग साझा इतिहास र सभ्यता छ । हाम्रा जीवनका प्रत्येक आयामहरूमा व्याप्त बहुआयामिक सम्बन्धको अन्तरवस्तुलाई औपचारिक दस्तावेज र सन्धिहरूले मात्र नाप्न सक्दैनन् । विगतका साथै भविष्यसमेत एक अर्कासँग अन्योन्याश्रितरूपमा गाँसिएका यस्ता मुलुकहरू संसारमा बिरलै छन् । तसर्थ, मैले हाम्रो सम्बन्धलाई कुनै एक पदावलीमा परिभाषित गर्नुपर्‍यो भने यसलाई सार्वभौम बन्धुत्वको नाम दिनेछु । हामी बीचको खुला सिमानाले हाम्रा जनताबीच अतुलनीय सामीप्यता कायम राख्नेको छ ।

असल मित्रहरूले नै कठिनाइको समयमा सदैव साथ दिन्छन् । जब गत वर्ष अप्रिल र मे महिनामा नेपालमा ठूला भूकम्पहरू गए, तब भारतीय सरकार र जनताले स्वतस्फूर्तरूपमा हामीलाई सहयोग गरे । खोजी, उद्धार तथा राहत कार्यमा तत्कालै सहयोग प्राप्त भयो । पुनर्निर्माणका लागि भारतले उदारतापूर्वक सहयोगको प्रतिबद्धता जाहेर गर्‍यो । हामी एक अर्ब डलरको सहायता प्याकेजको उपयोगको प्रारुपलाई अन्तिम रूप दिइरहेका छौँ ।

हाम्रो सम्बन्धको जग मजबुत छ, त्यसैले यो सजिलै डगमगाउने छैन । आपसी सम्मान र ऐक्यबद्धता तथा सामञ्जस्यताको मर्मअनुरुप एकअर्काको संवेदनशीलताप्रतिको आदरभावले गर्दा यो सम्भव भएको हो । विश्वासले समझदारी वृद्धि गर्न र भरोसाको वातावरण सिर्जना गर्न मद्दत गर्दछ । आपसी भरोसा र विश्वासले सहयोगका लागि उपयोगी वातावरण निर्माण गराई साझा

समृद्धिको दिशामा अघि बढ्न मद्दत पुऱ्याउँछ । राष्ट्रहरूबीच स्वस्थ र मित्रवत् सम्बन्धको प्रवर्द्धन गर्न सार्वभौम समानता र आपसी लाभको सिद्धान्तको सम्मान गर्नु अपरिहार्य छ ।

कुनै पनि समाजमा बेलाबखतमा मतभेदहरू देखिन सक्छन् । छिमेकीहरूको हकमा समेत यो यथार्थ लागू हुन्छ । यद्यपि, हाम्रो सम्बन्धको आधारशिलामा प्रतिकूल असर नपर्ने गरी हामीले ती मतभेदहरूको सम्बोधन गर्न जरुरी छ । दुई मुलुकहरूबीच यदाकदा पैदा हुने अप्ठ्यारा मामिलाहरूका कारण हामीबाट जनताको दैनिक जीवनमा प्रतिकूल असर पार्न सक्ने अस्वाभाविक कदम अँगालिनु हुँदैन । हाम्रो गन्तव्य यति निकटतापूर्वक जोडिएको छ कि हामी सदैव असल मित्रका रूपमा रहिरहन बाध्य छौँ । तसर्थ, मित्रतालाई सबलीकृत तुल्याउनु र साझा समृद्धि हासिल गर्नु नै हाम्रो साझा उद्देश्य रहनुपर्छ ।

नेपाल दुई ठूला छिमेकीहरूका बीचमा अवस्थित छ र आर्थिक वृद्धि, विज्ञान प्रविधि, सूचना प्रविधि र व्यापारका क्षेत्रमा दुबै मुलुकले हासिल गरिरहेको उल्लेखनीय प्रगतिबाट लाभ उठाउन चाहन्छ । कुनै एक मित्रराष्ट्रसँग मिलेर अर्को मित्रराष्ट्रको विरुद्ध काम गर्ने सवाल नै आउँदैन । त्यसो गर्न न त हाम्रा लागि सम्भव छ; न त्यस्तो नीति हाम्रा लागि उपयुक्त नै । चाहे त्यो भारत र चीनबीचको द्विपक्षीय व्यापरमा भइरहेको बढोत्तरी होस् वा जलवायु परिवर्तन जस्ता महत्वपूर्ण अन्तर्राष्ट्रिय मुद्दाहरूमा हुने बहुपक्षीय वार्ताका मञ्चहरूमा होस्, हाम्रो अनुभवमा यी दुई मुलुकबीचको सम्बन्ध नजिकिँदो छ । यसलाई हामीले विकासका लागि परिणाममुखी त्रिदेशीय सहकार्यको दिशामा अघि बढ्न सकिने अवसरका रूपमा लिएका छौँ । नेपालका साथै हाम्रा उदीयमान छिमेकीहरूले यसबाट लाभ उठाउन सक्नेछन् ।

नेपाल र भारत प्राकृतिक एवं मानव स्रोत-साधनले परिपूर्ण छन् । आपसी लाभका लागि यी स्रोत-साधनहरूलाई सम्पत्तिमा परिणत गर्न दिगो साझेदारी कायम गर्न सामूहिक इच्छाशक्तिको आवश्यकता छ । स्थायित्व भएको समृद्ध नेपाल, भारत र सिङ्गो क्षेत्रको हितमा छ भन्ने तथ्यलाई हामीले आत्मसात गर्नैपर्छ ।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीजीसँग मैले अस्ति फलदायी वार्ताको अवसर प्राप्त गरेँ । हामीले दुई देशका आपसी हितका विषयमा छलफल गऱ्यौँ ।

मोदीजी र मैले ढल्केबार-मुजफ्फरपुर प्रसारण लाइनको रिमोट सञ्चालनद्वारा उद्घाटन गर्‍यौं । यो प्रसारण लाइनले हाम्रा दुई मुलुकहरूबीच विद्युतको दोहोरो प्रसारणलाई सम्भव बनाएको छ । नेपालमा हामीले अहिले ठूलो ऊर्जासङ्कट ब्यहोरिरहेका छौं । हामीले भारतबाट ऊर्जा आयात गर्न यो नयाँ पूर्वाधार महत्वपूर्ण बाहक हुनेछ । नेपालमा अधिक ऊर्जा उत्पादन गर्न सकेको खण्डमा भारतमा नेपालबाट ऊर्जा निर्यात गर्न यही पूर्वाधार उपयोगी हुनेछ । यस्तै विद्युत प्रसारणका अन्य पूर्वाधारहरूको समेत योजना बनाइएको छ ।

जलविद्युतका क्षेत्रमा नेपाल-भारत सहयोग बढ्दो छ । सन् २०१४ मा भारतीय सार्वजनिक तथा निजी कम्पनीहरूसँग दुई ठूला आयोजनाहरूको सम्झौता सम्पन्न भएका थिए । केही थप सम्झौताहरूबारे वार्ता जारी छ । दुई देशका सरकारहरूबीचको साझेदारी अन्तर्गत पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको तर्जुमा भएको छ । यस परियोजनाको शीघ्र सुरुवात एक नयाँ कोसेढुङ्गा हुनेछ । अन्य ठूला संयुक्त परियोजनाहरूका लागि यो एक नमूना बन्नेछ । हामीले ऊर्जा व्यापार सम्झौतामा हस्ताक्षर गरेका छौं । नेपालको जलविद्युतको विकासले दुबै मुलुकहरूलाई फाइदा पुऱ्याउनेछ ।

हाम्रा सांस्कृतिक सम्बन्धहरू गहन रहेका छन् । पशुपतिनाथ र विश्वनाथ, जनकपुर र अयोध्या, लुम्बिनी र बोधगया एवं साझा सभ्यताका अन्य धरोहरहरू हाम्रो आध्यात्मिक सम्बन्धको द्योतकका रूपमा उभिएका छन् । प्रत्येक वर्ष कैयौं मानिसहरू तीर्थाटनका लागि एकअर्काको मुलुकमा जाने गरेका छन् । यस्ता सम्बन्धहरू सन्धि-सम्झौताको परिधि बाहिर छन् । हाम्रो बन्धुत्वका यी शाश्वत पक्ष हुन् ।

प्रधानमन्त्री मोदीजीको 'छिमेक-पहिले' नीतिले यस क्षेत्रमा सकारात्मक उत्साह वृद्धि गरेको छ । नेपालले यो आह्वानलाई पूर्णरूपमा अङ्गीकार गर्दछ र व्यापार, पारवहन, लगानी, पूर्वाधार तथा सम्पर्क सञ्जालका क्षेत्रमा बृहत्तर क्षेत्रीय तथा उप-क्षेत्रीय साझेदारी निर्माण गर्न प्रतिबद्ध छ ।

नेपाल-भारत सम्बन्ध बृहत् र बहुआयामिक रहिआएको छ । त्यस्ता केही आयामहरू छन्, जहाँ हामीले अझ राम्रो गर्न सक्थ्यौं र त्यस्ता केही मामिलाहरू छन्, जसको व्यवस्थापन हामीले अझ व्यवस्थित तवरले गर्न सक्थ्यौं । हाम्रो द्विपक्षीय सम्बन्धको सम्पूर्णतामा समीक्षा गर्ने ध्येयका साथ हामीले प्रबुद्ध

व्यक्तित्वहरूको समूह गठन गर्ने निर्णय गर्‍यौं । यस समूहले चाँडै नै आफ्नो काम सुरु गर्नेछ र परिवर्तित सन्दर्भमा हाम्रो सम्बन्धलाई अघि बढाउन मद्दत पुर्‍याउने रचनात्मक सुझाबहरू तोकिएको समयसीमाभित्र उपलब्ध गराउनेछ भन्नेमा म विश्वस्त छु । हाम्रो सम्बन्ध अग्रगामी र प्रगतिशील होस् भन्ने हामी चाहन्छौं ।

अन्त्यमा, बौद्धिक वर्गको यस सभासमक्ष आफ्ना विचारहरू प्रस्तुत गर्ने अवसर दिनुभएकोमा म पुनः धन्यवाद ज्ञापन गर्न चाहन्छु । तपाईंहरू समाज र बौद्धिक जगतका नेतृत्वकर्ता हुनुहुन्छ । परिस्थितिको सही विश्लेषण गरी जनतामा सन्देश प्रवाह गर्ने भूमिका तपाईंहरूको हो । तसर्थ, तपाईंहरूसँग प्रत्यक्ष साक्षात्कार गरी नेपाल-भारत द्विपक्षीय सम्बन्धमा हाम्रो दृष्टिकोण सम्प्रेषण गर्नुका साथै शान्ति र प्रजातन्त्रलाई संस्थागत गरी विकास र समृद्धिका लागि मजबुत आधार निर्माण गर्ने दिशामा नेपाली जनताले हासिल गरेका उपलब्धिहरू यहाँहरूसमक्ष प्रस्तुत गर्न मैले महत्वपूर्ण ठानेको हुँ ।

ध्यानपूर्वक सुनिदिनुभएकोमा धन्यवाद !

२

“साझा गन्तव्यको समुदाय” सँगसँगै

(चीनको रेनमिन विश्वविद्यालय, ‘वन वेल्ट, वन रोड इनिसियटिभ्सको सन्दर्भमा नेपाल-चीन सम्बन्ध’ विषयमा बेइजिङमा २२ मार्च २०१६ मा दिनुभएको मन्तव्यको अनुदित पाठ)

नेपालमा पूर्वाधार निर्माणका परियोजनाहरूमा चीनले गरेको उदार सहयोगले हाम्रा विकासका प्रयासहरूलाई मद्दत पुऱ्याएको छ। चिनियाँ लगानीकर्ताहरूले नेपालमा गरेको लगानी, व्यापारिक तथा प्राविधिक सहकार्यले हाम्रा प्रगतिका प्रयत्नहरूलाई टेवा पुऱ्याएको छ। यद्यपि, आर्थिक सहकार्यको समग्र अवस्थालाई नयाँ उचाइ दिन टड्कारो आवश्यकता रहेको छ।

रेनमिन विश्वविद्यालयका अध्यक्ष प्रोफेसर लिउ वेई
माननीय प्राध्यापकहरू, प्राज्ञिक व्यक्तित्व एवम् विद्यार्थीहरू
आदरणीय मित्रहरू
महिला एवं सज्जनवृन्द !

बुद्धिजीवी, युवा विद्यार्थी तथा नेपालका मित्रहरूको यो जमघटसँग साक्षात्कार गर्न पाउँदा मैले गौरवानुभूति गरिरहेको छु । यस जन-विश्वविद्यालय, अनेकौँ विशिष्ट अध्येताहरूको थलो, ज्ञानको उद्गम र विवेकको स्रोतको रूपमा रहेको छ । जनगणतन्त्र चीनको अभूतपूर्व विकासमा यस विश्वविद्यालयका भूतपूर्व विद्यार्थीहरूको महान योगदान छ । यस विश्वविद्यालयमा यहाँहरूसँग साक्षात्कार गर्न आमन्त्रण गर्नुभएकोमा अध्यक्ष महोदयप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

सान्बेई सार्वजनिक विश्वविद्यालयको स्थापनापश्चात् यस विश्वविद्यालयले आफ्नो सात दशकभन्दा बढी गौरवमय इतिहासमा उच्चशिक्षाको क्षेत्रमा चीनमा मात्रै हैन विश्वकै लागि अग्रणी भूमिका निर्वाह गरेको छ । नयाँ चीनको उदयसँगै इतिहास गाँसिएको, सन् १९५०मा उत्तर चीन विश्वविद्यालयबाट विकसित भई अध्यक्ष माओलगायतका प्रबुद्ध नेतृत्वकर्ताहरूको मार्गदर्शनमा हुर्किएको यस विश्वविद्यालयमा उपस्थित हुन पाउँदा म अत्यन्त प्रभावित भएको छु ।

मानविकी र समाजशास्त्रमा विशेषज्ञता रहेको यस विश्वविद्यालयले चीनको उदयमा योगदान पुऱ्याउने अब्बल व्यक्तित्वहरू जन्माएको छ ।

'तथ्यबाट सत्य खोज्ने' उद्देश्य बोकेको यस विश्वविद्यालयले अध्ययन अनुसन्धानका क्षेत्रमा महत्वपूर्ण उपलब्धिहरू हासिल गरिसकेको छ र त्यसलाई निरन्तरता दिइरहेको छ ।

तथ्यबाट सत्य खोज्ने अथक प्रयत्नमा रहनुभएका विद्वतवर्ग तथा विद्यार्थीहरूको यो जमघटलाई असाधारण ऐतिहासिक परम्परा बोकेको यस विश्वविद्यालयको प्राङ्गणमा भेट्न पाउँदा मैले अत्यन्त हर्ष अनुभूत गरिरहेको छु ।

करिब ४३ वर्ष अघि, आफ्नो कलिलो युवा अवस्थामा, मलाई गिरफ्तार गरी जेल हालिएको थियो । निश्पक्ष- न्यायिक सुनुवाइबिना निरङ्कुश शासकहरू तथा तिनका दमनकारी सत्ताले मलाई दिएको कारावासको सजायँ उनीहरूका निहित स्वार्थहरू पूर्तिका लागि निरङ्कुश सत्ता टिकाइराख्न गरिएको थियो । उनीहरूको एक मात्र उद्देश्य थियो : सत्यको दमन गर्ने र उनीहरूका संकीर्ण स्वार्थहरूको रक्षा गर्ने । त्यसका लागि, मलाई राष्ट्रद्रोही गतिविधि जस्तो संगीन अपराधमा संलग्न भएको आरोप लगाइयो र उनीहरूको सत्ताका निम्ति मलाई खतरानाक-तत्व ठहऱ्याइयो । सत्ताको बलमा सत्य स्थापित हुँदैन भन्ने दृढ विश्वासका साथ उनीहरूको सामु झुकिन, बरु मैले जीवनको समेत पर्वाह नगरी निरङ्कुशताविरुद्ध संघर्ष जारी राखेँ । सत्ताको शक्ति क्षणिक हुन्छ, तर सत्य भने सनातन र स्थायी हुन्छ भन्नेमा म विश्वास गर्दछु । र, तपाईहरूलाई भनौँ, जेलै जानुपर्ने मेरो अपराध के थियो? तथ्यबाट सत्य खोज्नु !

तथ्यबाट सत्य खोज्ने अपराधका लागि मैले चार वर्षसम्म एकान्त कारावास सहित १४ वर्ष लामो कठोर जेल सजाय व्यतित गर्नुपऱ्यो । यद्यपि मेरो जीवनको त्यो अँध्यारो कालखण्डमा पनि आफ्नो ऊर्जाशील प्रकाश निभ्न कदापि दिइनँ । कारावासको त्यो कठोर बसाइमा आफ्नो अठोटको बध हुन किञ्चित दिइनँ । यातनाले मेरो आशालाई निल्न सकेन । म भित्रको एक जुझारु युवा ती प्रतिक्रियावादीहरूको सामु कदापि झुकेन । सत्यको प्राप्तिका लागि भएको मेरो प्रयत्नलाई, रुपान्तरणका लागि भएको प्रयासलाई दमनकारीहरूको क्रूरताले परास्त गर्न सकेन ।

अन्त्यमा, जित सत्यको नै भयो । र, जित सदैव सत्यको नै हुनेछ ।

सत्यको खोजीमा आफ्नो अथक प्रयत्नलाई जीवित राख्वेकोमा, सत्यको दीपलाई सदैव प्रज्ज्वलित राख्वेकोमा, यस गरिमामय विश्वविद्यालयलाई म यस मञ्चबाट बधाइ ज्ञापन गर्न चाहन्छु । त्यसैले त बेइजिङले, गुफादेखि अन्तरिक्षसम्म, कोक्रोदेखि क्याबिनसम्मका हरेक क्षेत्रहरूमा सभ्यता, ज्ञान र विकासको नेतृत्व गरेको छ ।

महिला तथा सज्जनवृन्द, आत्मीय मित्रहरू,

हाम्रो एसिया महान दार्शनिकहरू, सत्यको मार्गका अथक पथिकहरूको भूमि हो; आफैमा सम्पन्न र महान सभ्यताहरूको भूमि हो एसिया ।

महानतम सभ्यताहरूको उन्नयन भएको भूमि हो एसिया, त्यस्तो भूमि, जसले समग्र मानव समुदायलाई अन्वेषण र विकासको मार्गमा डोऱ्यायो । हाम्रो एसिया त्यस्तो भूमि हो, जहाँ महान गुरु र सन्तहरू जन्मिए, विश्वमा शान्तिको प्रकाश छरे, ज्ञानका नवीन क्षितिज उघारे र सत्मार्गमा हिँड्न सिकाए ।

हाम्रो एसिया त्यस्तो भूमि हो, जहाँ हाम्रा पुर्खाहरूको मिहेनत र लगावले इतिहासको एक मजबुत जग बसेको छ, त्यस्तो जग जुन सिर्जनशीलताले सिञ्चित छ, वैज्ञानिक उत्सुकताले ओतप्रोत छ र दूरदर्शी नेतृत्वबाट प्रेरित छ ।

अन्वेषण र विकासको प्रक्रियाका विभिन्न चरणहरूमा हाम्रा पूर्वजहरूले विश्वलाई पथ प्रदर्शित गरे । उनीहरू आविष्कारक थिए र थिए दूरद्रष्टा पनि; जसको उत्तराधिकार सम्पूर्ण एसिया र विश्वका लागि अमूल्य निधि हो । इतिहासका अप्ठ्यारा गोरेटाहरूमा पनि उनीहरूले रुपान्तरणको रथलाई सदैव गति दिए । इतिहासका अँध्यारा अध्यायमा पनि उनीहरूले अठोटको ज्योतिलाई सदैव देदिप्यमान राखे । विकासका लागि भएको उनीहरूको प्रयास अथक थियो, उनीहरूको प्रतिज्ञा दृढ थियो र त्यस्तै उदाहरणीय थियो उनीहरूको नेतृत्व पनि । समृद्ध र विकसित एसियाको सपनालाई यथार्थमा अनुदित गर्नका निम्ति उनीहरू जीवनको बाजी लगाउन समेत पछि परेनन् ।

हाम्रा सृजनशील पूर्वजहरूले गुडाएको रथलाई गन्तव्यमा पुऱ्याउने र उनीहरूले बालेको ज्योतिलाई सदैव प्रज्ज्वलित राख्ने अभिभारा अब हामीमा छ । र, हाम्रा पुर्खाहरूको उक्त यात्रालाई निरन्तरता दिन हामीलाई शिक्षाले नै सक्षम बनाउनेछ ।

शिक्षाले मानव क्षमतालाई मलजल गरी सिर्जनशीलताको शिखरमा पुऱ्याउन सक्ने सामर्थ्य राख्छ । आर्थिक वृद्धि र विकासको रथ गुडाइराख्ने इन्धनका रूपमा आवश्यक पर्ने सिर्जनशीलता र दक्षताको विकास गर्ने सामर्थ्य शिक्षाले राख्दछ ।

देश विकासका लागि आधारशिला निर्माण गर्न आवश्यक इँटाहरू शिक्षाको तापले नै रापिएका हुन्छन् । र, यो गौरवमय विश्वविद्यालयमा, प्रिय विद्यार्थी साथीहरू, प्राप्त अमूल्य अवसरहरूको उचित सदुपयोग तपाईहरूले गर्नुहुनेछ भन्ने विश्वास मैले लिएको छु ।

महिला तथा सज्जनवृन्द, आदरणीय मित्रहरू,

भगवान् बुद्ध र महान कन्फ्युसियसको भूमि, नेपाल र चीन हाम्रा दुई देशबीच सुमधुर आपसी सम्बन्धको लामो इतिहास रहिआएको छ । यी दुई देशले संस्कृतिका साथै वाणिज्य, व्यापारका साथै सभ्यताको क्षेत्रमा सदियौँदेखि सहकार्य गर्दै आइरहेका छन् । सदियौँदेखि सह-अस्तित्वमा रहेको इतिहासको जगमा उभिएको हाम्रो सम्बन्ध प्राचीन कालदेखि कायम रहिआएको छ ।

अहिलेको समकालीन परिवेशमा, हाम्रा दुई देशबीचको सहकार्य अझ प्रगाढ हुन पुगेको छ । सहकार्यका पाटाहरूमा विविधता आएको छ । द्विपक्षीय भेटघाटको आदानप्रदानमा वृद्धि भएको छ । सम्पर्कको जोड अझ बेजोड भएको छ र द्विपक्षीय सम्बन्ध अझ घनीभूत भएको छ ।

हाम्रो मैत्री सम्बन्ध पञ्चशीलको जगमा अडिएको छ । सार्वभौम समानता, अहस्तक्षेप र एक अर्काको सम्वेदनशीलताप्रतिको सम्मानले हाम्रो स्थिर मित्रतालाई निर्देशित गरेको छ ।

एक असल छिमेकीको रूपमा चीनका संवेदनशीलताप्रति नेपाल सदैव सचेत छ । एक-चीन नीतिप्रति नेपाल प्रतिबद्ध छ, कुनै पनि बाहानामा आफ्नो भूमि चीनविरुद्ध प्रयोग हुन दिएको छैन । र, त्यो प्रतिबद्धताप्रति नेपाल दृढ र अविचलित रहनेछ ।

त्यसैगरी, जनगणतन्त्र चीनले हाम्रो सार्वभौमसत्तालाई सम्मान गरेको छ । र, हाम्रा विकास प्रयासहरूमा सहयोग पुऱ्याएको छ । चाहे अनुकूल समयमा होस्

वा प्रतिकूल समयमा, हाम्रा दुई देश सुखदुःखका साथीका रूपमा रहिआएका छन् ।

नेपालमा पूर्वाधार निर्माणका परियोजनाहरूमा चीनले गरेको उदार सहयोगले हाम्रा विकासका प्रयासहरूलाई मद्दत पुऱ्याएको छ । चिनियाँ लगानीकर्ताहरूले नेपालमा गरेको लगानी, व्यापारिक तथा प्राविधिक सहकार्यले हाम्रा प्रगतिका प्रयत्नहरूलाई टेवा पुऱ्याएको छ । यद्यपि, आर्थिक सहकार्यको समग्र अवस्थालाई नयाँ उचाइ दिन टड्कारो आवश्यकता रहेको छ ।

चिनियाँ पर्यटकहरूको बढ्दो आगमनले निश्चय नै हाम्रो अर्थतन्त्रमा टेवा पुगेको छ । र, यसले दुई देशका जनता र संस्कृतिबीच हुने अन्तरक्रियामा समेत वृद्धि गरेको छ ।

चीन नेपाली विद्यार्थीहरूका लागि उच्च शिक्षाका प्रमुख गन्तव्यहरूमध्ये एक हो । चीनमा नेपाली विद्यार्थीहरूको बढ्दो सङ्ख्याले विचारहरूको आदान प्रदानको सम्भावना, दक्षता वृद्धिको सम्भावना र साझा भविष्य निर्माणको सम्भावनाको क्षितिज उघारेको छ ।

चीनको स्वशासित क्षेत्र तिब्बतको द्रुत विकासले दुई मुलुकबीचको व्यापार तथा लगानीमा योगदान गर्नेछ भन्ने विश्वास मैले लिएको छु । तिब्बतको प्रशंसनीय विकासले भौगोलिक विषमता र अन्य कारणहरूले सिर्जित अवरोधहरूको न्यूनीकरण गर्नेछ ।

एक अल्पविकसित भूपरिवेष्ठित देशको रूपमा नेपालसामु समृद्ध भविष्य निर्माण गर्न अनेकौँ चुनौतीहरू विद्यमान छन् । हामीले लगानी वृद्धि गर्न, स्रोत साधनको महत्तम उपयोग गर्न र प्रविधि तथा अन्वेषणका रणनीतिहरूको विकास गर्न जरुरी छ । लगानीले हाम्रा बाधाहरूलाई खुकुलो पार्नेछ, स्रोत-साधनको उचित प्रयोगले निर्माणका लागि आधार तयार गर्नेछ तथा प्रविधिले विकासको रेखाचित्रलाई गतिशील बनाउनेछ ।

नेपाली जनताको जीवनस्तरमा परिवर्तन ल्याउन नेपाल प्रयासरत छ । हाम्रो औद्योगिक आधारलाई बिस्तार गर्न एवम् कृषि आधुनिकीकरण गर्न हामी प्रतिबद्ध छौँ । हामीले जलविद्युत विकासमार्फत् हाम्रा उद्योगहरूलाई आवश्यक

ऊर्जाको प्रबन्ध गर्ने सङ्कल्प लिएका छौँ । बजारहरू लगानीमैत्री छन् भने व्यापारका लागि खुला छन् । भूगोलका कारणबाट सिर्जित अवरोधहरूलाई 'वेल्ट एण्ड रोड इनिसिएटिभ' ले सहज बनाउनेछ भन्ने विश्वास मैले लिएको छु ।

आदरणीय साथीहरू,

गत वर्ष, सन् २०१५ मा, हामीले हाम्रा दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापनाको हीरक महोत्सव मनायौँ । वर्षौँ र दशकौँ लामो मित्रवत् यात्रामा हाम्रा मुलुकहरूले आपसी अवसरहरूको खोजी गरेका छन्, साझा आकाङ्क्षाहरूलाई मूर्तरूप दिन आफ्ना प्रतिबद्धताहरू व्यक्त गरेका छन् र आवश्यक पर्दा सहयोग आदानप्रदान गरेका छन् । दुई देशका जनता कठिन घडी र परिस्थितिमा एक-आपसमा सँगसँगै उभिएका छन् ।

यद्यपि, हाम्रा आकाङ्क्षाहरूलाई अझ अग्लो उचाइ दिने, अझ बृहत् आयाम दिने बेला अब भएको छ- सगरमाथा भन्दा अग्लो उचाइ, ग्रेटवालभन्दा बृहत् आयाम ! समृद्धिको साझा गन्तव्यसम्म पुग्नका लागि सँगै यात्रा गर्ने बेला अब भएको छ ।

समृद्धिको साझा गन्तव्यसम्म पुग्न, हाम्रा सामर्थ्यहरूको अधिकाधिक उपयोग गर्न 'वन वेल्ट-वन रोड इनिसिएटिभ' एक महत्वपूर्ण कदम हो । साझा चासोका विषयमा सामञ्जस्यता कायम गर्न र सम्पर्क सञ्जाललाई थप बलियो बनाउनका साथै यसले हाम्रो सहकार्यलाई गहिरो बनाउनेछ ।

राष्ट्रपति सिले भन्नुभए झैँ 'साझा गन्तव्यको समुदाय'को रूपमा हामी, यो अभियानको जहाजबाट अनवरत सहकार्यको सागरमा तैरिदै त्यो गन्तव्यमा अवश्य पुग्नेछौँ ।

२१ औँ शताब्दीको विश्व परिवेशमा, बिनापूर्वाग्राह र संशयबिना, आपसी लाभ अभिवृद्धि गर्ने विकास सम्बन्धहरू निर्माण गर्न आवश्यक छ । र, यो 'बेल्ट एण्ड रोड इनिसिएटिभ' मार्फत् हामीले समावेशी, सकारात्मक प्रतिफल हासिल गर्न सकिने, र एसियालाई विश्व रङ्गमञ्चको अग्रभागमा स्थापित गर्ने सहयोगको निर्माण गर्न जरुरी छ ।

यस अभियानले सम्पर्क सञ्जालका सबै पक्षलाई घनीभूत तुल्याउनेछ –वाणिज्यका साथै वाङ्मयको सम्पर्क सञ्जाल, आपसी हितका साथै लाभको सम्पर्क सञ्जाल, व्यवसायका साथै पहिचानको सम्पर्क सञ्जाल, एसियाभित्र र अन्यत्रसम्मको सम्पर्क सञ्जाल ।

'बेल्ट एण्ड रोड इनिसिएटिभ'ले संस्कृति र समुदायहरूलाई नजिक ल्याई जनस्तरमा रहेको सम्बन्धलाई विकसित गर्नेछ । यस अभियानले हामीलाई शान्ति र सौहार्दताको साझा गन्तव्य नजिक ल्याउनेछ ।

ऐतिहासिक व्यापारिक रेसममार्गमा नेपाल एक महत्वपूर्ण मार्गका रूपमा रहेको थियो । नेपाल चीनलाई दक्षिण एसियासँग जोड्ने एक गतिशील पुलका रूपमा रहको थियो । र आज, त्यो भूमिकाको पुनरावृत्ति गराउने अभिभारा इतिहासले हामीलाई सुम्पेको छ । हाम्रा दुई मुलुकका साथै अन्य ६० भन्दा बढी मुलुकहरू र चार अर्व मानिसहरूलाई समेट्ने सम्पर्क सञ्जाललाई व्यापक बनाउने जिम्मेवारी इतिहासले हामीलाई सुम्पेको छ ।

चीनको आर्थिक वृद्धि र विकास समकालीन समयको एक प्रेरणादायी सफलताको कथा हो । चीनमा भइरहेको अद्वितीय रुपान्तरणबाट हामीले प्राप्त गर्न सक्ने लाभका अवसरहरू र चीनको विकासका सकारात्मक प्रभावहरूलाई 'बेल्ट एण्ड रोड इनिसिएटिभ'ले सुदृढ तुल्यानेछ । चीनको एक निकटतम छिमेकी हुनुको नाताले पनि यस अभियानबाट नेपालले लिनसक्ने लाभ उल्लेख्य हुनेछ ।

सम्पर्क सञ्जालको सबलीकरण गर्ने प्रक्रियामा सक्रियरुपले सहभागिता जनाउन प्रतिबद्ध रहेको नेपाल विभिन्न अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय मञ्चहरूमा आबद्ध भएको छ । एसियाली पूर्वाधार लगानी बैङ्कको संस्थापक सदस्यको रूपमा हाम्रो सहभागिता विकास र सम्पर्क सञ्जालप्रतिको हाम्रो झुकाबको एक ताजा उदाहरण हो ।

आदरणीय साथीहरू,

'बेल्ट एण्ड रोड इनिसिएटिभ'को सफलताले हाम्रा क्षमताहरूलाई उद्घाटित गर्नेछ र हाम्रा हितहरूबीच सामञ्जस्यता कायम गर्नेछ । व्यापार र लगानीका अवसरहरू खोल्दै यसले समृद्धि र विकासका लागि मार्ग बनाउनेछ ।

विचार, पूँजीको आदाप्रदानको लागि अवसरहरू खोली यसले हाम्रा मुलुकहरूबीच विकासको फलमा साझेदारी गर्नेछ ।

निर्वाध व्यापारका अवसरहरू खोली यस अभियानले हाम्रा सबै जनताको कल्याणका लागि मार्गप्रशस्त गर्नेछ ।

यी सम्भावनादेखि परिचित रहेका हाम्रा दुई देशले सन् २०१४ डिसेम्बरमा सिल्क रोड इकोनोमिक बेल्टको संयुक्त प्रवर्द्धन गर्ने समझदारीपत्रमा हस्ताक्षर गरिसकेका छन् । स्थलमार्ग एवं रेलमार्गमार्फत् सम्पर्क सञ्जाललाई गहन बनाउन दुबै पक्ष सहमत भएका छन् । हाम्रा यस्ता कदमहरूलाई अझ सघन बनाउन जरुरी छ । प्रचुर सम्भावना भएको यस आर्थिक मार्गलाई हामीले पुनर्जीवित बनाउन जरुरी छ ।

सम्पर्क सञ्जालका क्षेत्रमा परिवर्तनको अनुभव हामीले हाम्रै जीवनकालमा गर्नुपर्छ । अध्यक्ष माओले भनेजस्तै हामीले यो दिन र यो घडीको सदुपयोग गर्नैपर्छ ।

महिला तथा सज्जनवृन्द,

नेपालमा गत वर्षको अप्रिल महिनामा गएको भूकम्पपश्चात् राहत एवं उद्धार कार्यमा चीनले तत्कालै उपलब्ध गराएको अमूल्य सहयोगका लागि चीन सरकार एवं चिनियाँ जनताप्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु । नेपालका विश्वविद्यालयहरूसँग रेनमिन विश्वविद्यालयले आपसी चासोका क्षेत्रमा शोधकार्य गर्न बृहत्तर सहकार्य र सहयोग अभिवृद्धि गरोस् भन्ने मैले चाहेको छु । प्राज्ञिक क्षेत्रमा हुने आदानप्रदानले हामीलाई र भावी नेतृत्वकर्ताहरूलाई शान्ति र समृद्धिको दिशातर्फ डोऱ्याउनेछ ।

हिजो मैले राष्ट्रपति सि जिङ्पिङ् एवं प्रधानमन्त्री लि खछ्याङ्सँग नेपाल-चीन सम्बन्धका विषयमा फलदायी र परिणाममुखी वार्ता गरेको थिएँ । समयको आवश्यकता र दुई देशका जनताको आकाङ्क्षाअनुरुप हाम्रो समबन्धलाई नयाँ उचाइ दिन हामी सहमत भएका छौँ । भावी दिनहरूमा सीमापार सम्पर्क सञ्जाल तथा पूर्वाधार विकास, व्यापार, लगानी, पर्यटन र शिक्षाका क्षेत्रहरू समेटिएको दीर्घकालीन आर्थिक साझेदारी एवं सांस्कृतिक आदानप्रदान हाम्रो आपसी सहयोगका आधारभूत घटकहरूका रूपमा रहनेछन् ।

अन्त्यमा, हाम्रा दुई देशबीच सहयोगका नयाँ अवसरहरू उद्घाटित गर्नका लागि हाम्रा विचारहरू, आकाङ्क्षाहरू आदानप्रदान गर्ने मञ्च उपलब्ध गराइदिनु भएकोमा म प्राध्यापक लिउ विइ तथा अन्य सबै साथीहरूलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद।

३

एसियाको नयाँ भविष्य : नयाँ गतिशीलता र नयाँ दृष्टिकोण

(एसियाको लागि बोआओ फोरम, २४ मार्च २०१६ मा जनगणतन्त्र चीनको बोआओमा दिनुभएको मन्तव्यको अनुदित पाठ)

हालै हामीले नेपाली जनताका आकाङ्क्षालाई आत्मसात् गर्दै नेपाली जनताद्वारा निर्वाचित संविधानसभाद्वारा लोकतान्त्रिक एवं समावेशी संविधान जारी गरेका छौं। हाम्रो यस महत्वपूर्ण उपलब्धिमा सहयोग र साथ दिने सम्पूर्ण एसियाली राष्ट्रहरूप्रति म हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

महामहिम श्री लि स्वछ्याङ
महामहिम राष्ट्रप्रमुख एवं सरकार प्रमुखज्यूहरू
महासचिव महोदय
महिला तथा सज्जनवृन्द,

बोआवो फोरम-२०१६ लाई सम्बोधन गर्न पाउनु मेरो लागि विशेष खुशीको विषय हो । यो फोरम, विचारहरूको घनीभूत आदान-प्रदानका लागि एक महत्वपूर्ण मञ्च हो । एसियाका लागि विचार ! एसियाको विचार !

आमन्त्रणा गर्नुभएकोमा आयोजक तथा चिनियाँ सरकारलाई म हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

विश्वलाई शान्तिको मार्गमा पाइला चाल्न सिकाउने बुद्धको जन्मभूमि नेपालबाट मैले हार्दिक शुभकामना लिएर आएको छु । मैले आफ्नो साथमा सकारात्मक आशा र प्रचुर सम्भावना बोकेका नेपालीहरूको न्यानो शुभेच्छा ल्याएको छु ।

हाम्रो एसिया विभिन्न सभ्यताहरूको भूमि हो । ती सभ्यताहरू आफैमा जति महान छन्, उत्तिकै परिपूर्ण पनि छन् ।

एसियाले, सुमधुर सहअस्तित्वसहितको विविध एवं विशिष्ट सभ्यताहरूको भूमिको रूपमा आगामी दिनमा समेत रहिरहनु पर्छ ।

सहभागी साथीहरू,

विश्व अर्थतन्त्रको नेताको रूपमा उदय भएसँगै, एसिया एक्काइसौँ शताब्दीको बदलिँदो विश्व व्यवस्थाको अग्रभागमा उभिन पुगेको छ । दुनियाँ अहिले विश्व अर्थतन्त्र चलायमान बनाउन एसियाली आर्थिक गतिशीलतालाई नियालिरहेको छ । एसियाका केही ठूला अर्थतन्त्रहरूको असाधारण सफलताले एसियाको बृहत् सम्भावनालाई इंगित गरिरहेको छ ।

हालसम्म एसियामा भएका अथक प्रयत्नहरूले एसियाको अवश्यम्भावी उज्यालो भविष्यलाई उजागर गर्छन् ।

अन्वेषण र प्रविधिका क्षेत्रमा भएका प्रगतिहरू उत्साहजनक छन् र विकासका नयाँ क्षितिजहरू उद्घाटित गरिरहेका छन् ।

सूचना तथा सञ्चार प्रविधिमा भएको उल्लेखनीय विकास तथा औद्योगिक उत्पादनमा भएका महत्वपूर्ण उपलब्धिहरूले एसियाको आर्थिक विकासलाई गतिशील र आर्थिक भविष्यलाई उज्यालो बनाउने सामर्थ्य राख्छन् । यस्ता अन्वेषणहरू, मानव प्रगतिका निम्ति सहयोगी हुनुपर्छ । सबै मुलुकहरूका लागि प्रविधिमाथिको पहुँच बिनाकुनै अवरोध हुनुपर्छ ।

एसियाली गतिशीलतालाई सदुपयोग र अभिवृद्धि गर्दै समृद्ध एवं समुन्नत भविष्य निर्माण गर्न, हाम्रा प्रयास, अवसर तथा उपलब्धिको समतामूलक वितरण सुनिश्चित हुने सहयोगको प्रारुप तयार गर्नका निम्ति हुनुपर्छ ।

हाम्रो साझा दृष्टिकोणले विचारहरूको स्वतन्त्र प्रवाह, अवरोधबिनाको व्यापारिक सञ्जाल र राज्यहरूले अर्काको कमजोरीमा फाइदा नलिने, बरु सबैलाई लाभ हुने अवस्था सिर्जना गर्ने सहयोगको प्रारुप निर्माण गर्नैपर्छ ।

एसियाको भविष्यका लागि नयाँ दृष्टिकोण सामजञ्स्यतापूर्ण र समावेशी हुनैपर्छ ।

आदरणीय सहभागी साथीहरू,

यदि कुनै पनि एसियाली राष्ट्र पछि परेमा एसियाको भविष्यको सपना, शान्ति र समृद्धिको सपना निरर्थक हुनेछ । गल्ती नहोस्, समावेशी नहुँदा एसियाली विकासको दिगोपना चकनाचुर हुनेछ ।

यदि कुनै पनि एसियाली मुलुकलाई पाखा लगाइएमा 'साझा गन्तव्य'को हाम्रो प्रयत्न खेर जानेछ । गल्ती नहोस्, एसियाली भविष्य, समावेशिताको जगमा उभिन आवश्यक छ ।

निसन्देहः विश्व अर्थतन्त्रको मेरुदण्डको रूपमा एसियाको उदय भइरहेको छ । बजारहरू फस्टाइरहेका छन्, उद्योगहरूको वृद्धि भएको छ, रोजगारी सिर्जना भएका छन् र कैयौँ एसियालीहरू गरिबीको चक्रबाट बाहिर निस्कन सकेका छन् ।

फेरि पनि गरिबीको दुष्चक्रले एसियालाई अझै गिज्याइरहेको छ ।

गल्ती नहोस् महिला तथा सज्जनवृन्द, गरिबी र शान्ति सँग-सँगै अघि बढ्नै सक्दैन ।

एसियाली वृद्धिको आयाम साघुँरो हुनु हुँदैन । एसियाको उदय दोहनात्मक हुनु हुँदैन । एसियाली आरोहणको संरचना नाजुक हुनु हुँदैन ।

एसियाली वृद्धिको आयाम फराकिलो होस्, एसियाको उदय पर्याप्त मात्रामा समावेशी होस् र एसियाली आरोहणको संरचना मजबुत होस् भन्ने दृष्टिकोणलाई अघि बढाउने जिम्मेवारी हामीमा छ ।

आदरणीय सहभागी साथीहरू,

हालै हामीले नेपाली जनताका आकाङ्क्षालाई आत्मसात् गर्दै नेपाली जनताद्वारा निर्वाचित संविधानसभाद्वारा लोकतान्त्रिक एवं समावेशी संविधान जारी गरेका छौँ । हाम्रो यस महत्वपूर्ण उपलब्धिमा सहयोग र साथ दिने सम्पूर्ण एसियाली राष्ट्रहरूप्रति म हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा, नयाँ गतिशीलता र नयाँ दृष्टिकोणसहित अवसरहरूको सदुपयोग गर्न, सामर्थ्यहरू उद्घाटित गर्न र नयाँ भविष्यतर्फ पाइला अघि बढाउनका लागि एसियाका सामु अहिले ठूलो अवसर रहेको छ ।

यो मञ्चले विचारहरूलाई र प्रतिबद्धताहरूलाई एकीकृत गर्नेछ, नवीन दृष्टिकोणसहित गतिशीलताको सञ्चार गर्नेछ ।

हामीहरू सँग-सँगै एसियाको समृद्ध भविष्य, साझा भविष्यतर्फ अघि बढ्नेछौँ भन्नेमा म पूर्ण विश्वस्त छु ।

धन्यवाद ।

४

इतिहासको प्रवाहमा हामी किन पछि पर्‍यौं, यसको जवाफ खोजौं

(सिचुआन विश्वविद्यालय, छेङ्दुमा २७ मार्च २०१६ मा दिनुभएको मन्तव्यको अनुदित पाठ)

एक असल छिमेकीको रूपमा चीनका संवेदनशीलताप्रति नेपाल सदैव सचेत छ। 'एक-चीन नीति' प्रति नेपाल प्रतिबद्ध छ भनी कुनै पनि बहानामा आफ्नो भूमि चीनविरुद्ध प्रयोग हुन दिएको छैन । र, त्यो प्रतिबद्धताप्रति नेपाल दृढ र अविचलित रहनेछ।

सिचुवान विश्वविद्यालय, छेङ्दुका अध्यक्ष महोदय,
सम्मानित प्रध्यापकहरू
प्राज्ञिक व्यक्तित्वहरू तथा विद्यार्थीहरू,
आदरणीय मित्रहरू
महिला तथा सज्जनवृन्द ।

बुद्धिजीवी, प्रध्यापक, प्राज्ञिक व्यक्तित्व, विद्यार्थीहरू एवं नेपालका मित्रहरूको माझ उपस्थित हुन पाउँदा मैले आनन्दित महसुस गरिरहेको छु । आज यो कार्यक्रम आयोजना गर्नुभएकोमा अध्यक्ष महोदयलाई म हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

छेङ्दु शहर र सिचुवान प्रान्त सांस्कृतिक एवं सभ्यताको दृष्टिकोणले विशिष्टरूपमा परिचित रहेको कुरा दोहोऱ्याइरहनु पर्दैन ।

यो भूमि सम्पन्नताको भूमिको रूपमा परिचित छ । साथै, यसको पहिचान अझ बृहत छ । चीनको यही क्षेत्रमा महान चिनियाँ दार्शनिक कन्फ्युसियसको उपदेश प्रसिद्ध हुनपुग्यो । चीनको यही क्षेत्रले आधुनिक चीनका महान आर्थिक सुधारक तङ सियाओ पिङजस्ता दूरदर्शी नेतालाई जन्म दियो । चीनको यही प्रदेशले एक उर्जाशील आर्थिक केन्द्रका रूपमा चिनियाँ अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याएको छ । यी तथ्यहरूले चीनमा सिचुआन प्रान्तको महत्वलाई उजागर गर्छन् । एक असल मित्रको रूपमा, हामी तपाईहरूको गौरव, तपाईहरूको उल्लास र तपाईहरूको खुशीमा सुखानुभूति गर्छौं । हामी भ्रातृत्वमा विश्वास गर्छौं र साझा गन्तव्यमा विश्वास गर्दछौं ।

१२० वर्ष अघि स्थापित भई सम्पन्न संस्कृति तथा सभ्यताको मजबुत जगमा उभिएको यस सिचुआन विश्वविद्यालयको गाथा सिचुआन प्रान्तको महान सभ्यता र विकाससँग प्रत्यक्षरूपमा जोडिएको छ ।

प्राचीनतम सांस्कृतिक केन्द्रहरूमध्येको एक शहर छेङ्दुको प्रसिद्धि कायम रारून यस विश्वविद्यालयले आफ्नो स्थापनाकालदेखि गरेको योगदान प्रशंसनीय छ । यो विश्वविद्यालयले अहिलेका उत्कृष्ट शैक्षिक संस्थाहरूमध्ये आफ्नो पहिचान बनाएको छ । विश्वविद्यालयले हासिल गरेका उपलब्धिहरूका लागि म विश्वविद्यालय परिवारको समर्पणलाई प्रशंसा गर्न चाहन्छु ।

शुरुवातदेखि नै, यस विश्वविद्यालयले उल्लेख्य सङ्ख्यामा अध्येताहरू, चिकित्सक, दार्शनिक, इतिहासविद्, भूगोलविद् तथा अन्य विषयहरूका समेत उत्कृष्ट व्यक्तित्वहरूलाई जन्माएको छ । र, त्यस्ता व्यक्तित्वहरूको पङ्क्तिमा केही मेरै देशका नागरिकहरू समेत उभिन पुगेका छन् ।

शोधकार्यका क्षेत्रमा विशिष्ट सामर्थ्य प्रस्तुत गर्दै यस विश्वविद्यालयले समयक्रममा अन्वेषणका क्षेत्रमा उल्लेख्य उपलब्धिहरू हासिल गरेको छ । र, मानव समुदाय र समाजलाई शिक्षाको ज्योतिले प्रज्ज्वलित पार्ने मार्गमा यो विश्वविद्यालय सदैव अघि बढ्नेछ भन्ने विश्वास मैले लिएको छु ।

आदरणीय मित्रहरू,

मानव जीवनमा शिक्षाको महत्वबारे चर्चा गरिरहनु जरुरी छैन । हामीहरू सबै यसबारे परिचित छौँ । यद्यपि, मसँग शिक्षाबारे अरुभन्दा विशिष्ट ज्ञान नभएपनि यसबारेमा म केही शब्द बोल्न चाहन्छु । गरिबी र भोकको समस्याले अझै आक्रान्त रहेको तथा विकासका लागि चरम संरचनागत समस्याले ग्रस्त रहेको मुलुकको प्रधानमन्त्रीको रूपमा र देशको विकास गर्ने निःस्वार्थ अभिलाषा बोकेको व्यक्तिका रूपमा शिक्षाका सम्बन्धमा म मेरा विचारहरू विनम्रतापूर्वक सम्प्रेषण गर्न आवश्यक ठान्दछु ।

प्रत्येक व्यक्तिसँग आ-आफ्ना सामर्थ्य छन् । र, ती सामर्थ्यको पूर्ण विकास गर्न शिक्षाले प्रत्येक व्यक्तिलाई प्रेरित गर्न जरुरी छ । सबैका क्षमताहरू समान नहुन सक्छन् । व्यक्ति विशेषका रुचिका क्षेत्रहरू पहिचान गरी परामर्श

तथा अन्य माध्यमबाट उनीहरूलाई मद्दत गर्नु एवम् उनीहरूका क्षमतालाई प्रस्फुटित गरी सार्थक बनाउनु हाम्रो अभिभारा हो ।

शिक्षा, ज्ञान र दक्षताबिना विकास सम्भव छैन । शिक्षाको स्तर, शिक्षाको गुणस्तर र प्रतिबद्धताको स्तरले नै विकासको स्तर निर्धारण गर्छ । ज्ञान र दक्षता भएको व्यक्तिले नै विकासका सम्भावनाहरू पहिल्याउन सक्छ र ती सम्भावनाहरूलाई सार्थक तुल्याउन मस्तिष्कको उपयोग गर्न सक्छ ।

तसर्थ, सबै प्राज्ञिक संस्थाहरूले यस तथ्यलाई हृदयङ्गम गर्न र व्यक्ति स्वयंका लागि र सिङ्गो मानवजातिका लागि अथाह मानव सामर्थ्यहरू प्रस्फुटित गर्ने कार्यमा मद्दत गर्ने शिक्षापद्धतिको विकास गर्न जरुरी छ ।

विश्वको यो खण्डले प्रमुख सभ्यताहरूलाई जन्माएको छ । हाम्रा पूर्वजहरू महान विचारक, नेतृत्वकर्ता, प्रवर्तक, अन्वेषक, अध्येता र शोधकर्ताहरू थिए । चीनका लाओजी, कन्फुसियस, लि विङ्, जस्ता महान हस्तीहरूले आफ्नो योगदानद्वारा चीन एवम् संसारका अन्य क्षेत्रमा गहिरो प्रभाव पारेका छन् । एसियाको यो भूखण्ड बुद्ध, महावीर जैन र अन्य महान विचारकहरूले प्रतिपादन गरेका आदर्शहरूले सिंचित भएको छ । पूर्वीय जगत इतिहासको कुनै कालखण्डमा समृद्धि र प्रगतिको उत्कर्षमा थियो भने पश्चिमा जगत त्यतिबेला अँध्यारोमै रुमल्लिरहेको थियो ।

बाँकी विश्वले हामीले जे आविष्कार गऱ्यौं र जे विकास गऱ्यौं, त्यसैलाई अनुकरण गर्दै गयो । ज्ञान, संस्कृति र परम्पराको त्यस्ता अमूल्य निधि हामीसँग हुँदाहुँदै पनि इतिहासको प्रवाहमा हामी किन पछि पऱ्यौं भन्ने प्रश्नको जवाफ मैले भेट्टाउन सकिरहेको छैन । के हामी त्यो प्रवृत्तिलाई पुनर्जीवित गर्दै नयाँ इतिहास रच्न सक्षम छैनौं र ? त्यसका लागि चाहिने तत्व भनेको हाम्रो दृष्टिकोण हो; त्यसका लागि चाहिने तत्व भनेको हाम्रो प्रतिबद्धता हो; र हाम्रो आवश्यक कार्यतत्परता नै हो ।

तसर्थ, हाम्रो गौरवमय विगतको पुनरुत्थान गर्न र हाम्रा विशिष्ट र प्रतिष्ठित पूर्वजहरूको उत्तराधिकार सम्हाल्न हामीले समर्पित भएर काम गर्न जरुरी छ । गुणस्तरीय र व्यावहारिक शिक्षा नै सम्भवतः त्यो लक्ष्यप्राप्तिका लागि भरपर्दो बाटो हो ।

बढ्दो विश्वव्यापीकरण र सूचना प्रविधिको यो युगमा, राष्ट्रहरू र समाजहरूबीचको सम्बन्धलाई सम्पर्क सञ्जाल (कनेक्टिभिटी)ले नै पारिभाषित गर्दछ । जति व्याप्त सम्पर्क सञ्जाल हुन्छ, त्यति नै गहन सम्बन्ध बन्छ । आपसी सम्बन्धको प्रवर्द्धनका लागि पूर्वाधारहरूबीचको सम्पर्क सञ्जालका अतिरिक्त, जनताबीचको सम्पर्क सञ्जाल, संस्कृतिको र विचारहरूको सञ्जाल सम्पर्क उत्तिकै महत्वपूर्ण हुन्छन् । यस क्षेत्रमा विश्वविद्यालय जस्ता प्राज्ञिक संस्थाहरूले महत्वपूर्ण भूमिका खेल्न सक्छन् । अध्येताहरू र विद्यार्थीहरूको आदानप्रदान मार्फत, तालिम र अध्ययन कार्यक्रमहरूको आयोजना मार्फत् यस्ता संस्थाहरूले जनताहरू र विचारहरूलाई एक आपसमा जोडी सम्बन्ध प्रवर्द्धन गर्दछन् ।

यही सन्दर्भमा, सिचुआन विश्वविद्यालयका अधिकारीहरूलाई नेपालका विश्वविद्यालयसँग सम्बन्ध विकासका निम्ति अनुरोध गर्न चाहन्छु । उहाँहरूलाई नेपालका विश्वविद्यालय र अन्य सम्बन्धित संस्थाहरूसँग अझ बढी सहकार्य गर्न, आदानप्रदान गर्न र अन्तरक्रिया गर्न अपिल गर्दछु ।

महिला तथा सज्जनवृन्द, आत्मीय मित्रहरू,

अब मलाइ नेपाल-चीन सम्बन्धका बारेमा केही चर्चा गर्ने अनुमति दिनुहोस् ।

बुद्ध र महान् कन्फ्युसियसका भूमि हाम्रा देश, नेपाल र चीनबीच सुमधुर आपसी सम्बन्धको लामो इतिहास रहिआएको छ । हाम्रा मुलुकहरूले संस्कृतिका साथै वाणिज्य, व्यापारका साथै सभ्यताको क्षेत्रमा सदियौँदेखि सहकार्य गर्दै आइरहेका छन् ।

हाम्रो मैत्री सम्बन्ध पञ्चशील, सार्वभौम समानता, अहस्तक्षेप र एक अर्काको संवेदनशीलताप्रतिको सम्मानको जगमा उभिएको छ ।

एक असल छिमेकीको रूपमा चीनका संवेदनशीलताप्रति नेपाल सदैव सचेत छ । 'एक-चीन नीति'प्रति नेपाल प्रतिबद्ध छ भने कुनै पनि बाहानामा आफ्नो भूमि चीनविरुद्ध प्रयोग हुन दिएको छैन । र, त्यो प्रतिबद्धताप्रति नेपाल दृढ र अविचलित रहनेछ ।

त्यसैगरी, जनगणतन्त्र चीनले हाम्रो सार्वभौमसत्तालाई सम्मान गरेको छ; हाम्रा विकास प्रयासहरूमा सहयोग पुऱ्याएको छ । चाहे अनुकूल समयमा होस् वा प्रतिकूल समयमा, हाम्रा दुई देश सुख्दुःखका साथीका रूपमा रहिआएका छन् । विकासका लागि हामीले गरेका प्रयासहरूमा प्राप्त चिनियाँ सहयोगको लागि हामी सदैव आभारी छौँ । र यो भ्रमणले हाम्रो सम्बन्धलाई नयाँ उचाइ दिएको छ भन्ने विश्वास मैले लिएको छु ।

नेपालका लागि सिचुआन प्रान्त अझ नजिक छ । तुलनात्मकरूपमा टाढा रहेका अरू प्रान्तहरूभन्दा सिचुआनसँग कायम रहेको हाम्रो सांस्कृतिक सम्बन्ध, जनस्तरको आदानप्रदान तथा आर्थिक अन्तरक्रिया निश्चय नै मजबुत छन् । यही कारणले गर्दा उच्चशिक्षा प्राप्तिका लागि छेड्दु कैयौँ नेपाली विद्यार्थीहरूको सहज छनोटमा परेको छ । यस विश्वविद्यालयमा भर्ना भई शिक्षा आर्जन गरिरहेका नेपाली विद्यार्थीहरूको उल्लेख्य सङ्ख्या देख्दा मलाई खुशी लागिरहेको छ । आगामी दिनहरूमा हाम्रो सम्बन्ध र अन्तरक्रियामा विकसित हुने गहनता र बिस्तारसँगै, यो सङ्ख्यामा वृद्धि हुनेछ भन्नेमा म विश्वस्त छु । यस भ्रमणका दौरान जारी गरिएको संयुक्त प्रेस विज्ञप्तिले हाम्रो निकटताको तथ्यलाई पहिचान गर्दै सिचुवान र नेपालबीच सहयोगलाई थप सबलीकृत गर्न प्रोत्साहन गरेको छ । यस परिप्रेक्ष्यमा, सिचुआनसँगको हाम्रो सम्बन्ध र अन्तरक्रिया घनीभूत भई स्वाभाविकरूपमा सिचुआन विश्वविद्यालयसँगको हाम्रो आबद्धता अझ मजबुत हुनेछ भन्ने विश्वास मैले लिएको छु ।

महिला तथा सज्जनवृन्द,

नेपाल, गत वर्ष भएको लोकतान्त्रिक एवं समावेशी संविधानको घोषणा र राजनीतिक मामिलाहरूको निरुपण पश्चात् आर्थिक विकास र समृद्धिको चरणमा प्रवेश गरेको छ । देशका सबै क्षेत्रहरूको आर्थिक-सामाजिक विकास गर्दै समृद्ध समाजको निर्माण गर्नु हाम्रो उद्देश्य रहेको छ र यो उद्देश्य प्राप्त गर्ने सन्दर्भमा चिनियाँ जनता र सरकारको सहयोग हामीसँग सदाझैँ रहनेछ भन्नेमा विश्वस्त छु ।

हामीले सम्पर्क सञ्जालका विविध माध्यममार्फत् सीमापार सम्बन्धलाई उच्चप्राथमिकता दिएका छौँ । राष्ट्रपति सि जिङपिङले अघि सार्नुभएको 'वान वेल्ट वन रोड'को अभियानबाट नेपालले लाभ लिन सक्नेछ भन्ने कुरामा हामी

विश्वस्त छौँ । एक भूपरिवेष्ठित देश नेपालका लागि सम्पर्क सञ्जालको महत्व टड्कारो रहेको छ । यस भ्रमणका दौरान चीनसँग पारवहन यातायात सम्झौतामा हस्ताक्षर गरी हामीले एक महत्वपूर्ण उपलब्धि हासिल गरेका छौँ । सम्पर्क सञ्जालका अन्य क्षेत्रमा एवं सीमापार सेतु निर्माणमा यसले योगदान गर्नेछ ।

अन्त्यमा, नेपाल-चीनबीचको बहुआयामिक सम्बन्धले विगत छ दशकमा उल्लेख्य प्रगति हासिल गरेको छ । समयको आवश्यकता र जनताको आकाङ्क्षा बमोजिम हाम्रो सम्बन्ध सुदृढ गराउन हामी प्रतिबद्ध रहेका छौँ । आपसी हित र समानता हाम्रो सम्बन्धका कडी हुन् । आगामी दिनहरूमा नेपाल-चीन सम्बन्ध झन् भन्दा झन् सुदृढ हुनेछ भन्नेमा हामी आश्वस्त छौँ ।

यति भन्दै, म यहाँहरू सबैलाई धन्यवाद व्यक्त गर्न चाहन्छु ।



मुलुक भित्र विभिन्न अवसरमा गरिएका मुख्य सम्बोधन

१

यस बिन्दुलाई नयाँ माइलस्टोनका रूपमा लिनु पर्दछ

यतिबेला हामी जटिल र गम्भीर अवस्थामा छौँ । संविधान जारी भएको छ । संविधानको कार्यान्वयन गर्नु छ । कार्यान्वयन गर्नका निम्ति आवश्यक संविधान संशोधनलगायत नयाँ कानुन निर्माण वा संविधानले माग गरेअनुरूप, नयाँ संवैधानिक व्यवस्थाअनुकूल बनाउनका लागि भइरहेका विद्यमान कानुनहरूमा गर्नुपर्ने सुधार, तदनुसार थुप्रै नियम-विनियमहरूमा गर्नुपर्ने हेरफेरजस्ता कामहरू हामीले सम्पन्न गर्नुपर्नेछ । यी कामका निम्ति हामी पर्ख्वन सक्दैनौँ, किनभने संविधानको कार्यान्वयन तीव्रताका साथ गर्नु छ । सामान्य अवस्थामा जस्तो हामी लामो समय लिन पनि सक्दैनौँ । छिटै हामीले काम अगाडि बढाउनुपर्छ । केही तयारीका कुराहरू छन् । हाम्रो अगाडि तत्काल आइपरेका कुराहरू पनि केही छन् ।

भुइँचालोले धेरै ठूलो नोक्सान पारेको छ । त्यसको पुनर्निर्माणको काम अगाडि बढाउनु छ । मैले जानकारी पाएसम्म अहिलेसम्म पनि तदारुकता नभएको, त्यत्रो भइँचालोपछि नेपालले भुइँचालो गएजस्तै नगरेको, सामान्य अवस्था हो कि जस्तो मात्रै गरेको र प्रभावकारी नीति र कामको तयारी नगरेको भन्ने दातृराष्ट्र र संस्थाहरूको समेत आवाज छ । जनताले त झन् यसप्रकारको अनुभूति गर्नु मामुली कुरा भइ नै हाल्यो । जनता अभावमा, अप्ठ्यारोमा, असहज परिस्थितिमा छन्, घर भत्केका छन्, विद्यालय भत्केका छन्, स्वास्थ्य चौकी भत्केका छन्, प्रहरी कार्यालय र अन्य कार्यालयहरू भत्केका छन् । यस्तो अवस्थामा जनताको आवासदेखि लिएर सेवा प्राप्त गर्ने कुराहरूमा व्यवधान भएको छ । ती कुरामा हामीले अत्यन्तै महत्वका साथ ध्यान दिएर काम गर्नुपर्ने भएको छ ।

यसै पनि नयाँ संविधान बनेपछिको अवस्थामा, नयाँ संविधानको निर्माणले एउटा पुरानो युगलाई समाप्त पारेको छ र नयाँ युगमा हामीलाई प्रवेश गराएको छ । कुनै न कुनै बिन्दुमा गएर हामीले पुराना ढाँचाकाँचा, तरिका, शैली र व्यवहारहरूलाई परिवर्तन गर्नुपर्छ र नयाँमा जानैपर्छ । हाम्रो प्रशासनिक ढाँचा, उत्तरदायित्वको प्रणाली, जनतालाई सेवा उपलब्ध गराउनेसम्बन्धमा हाम्रा व्यवहारहरू कस्ता छन् भन्ने कुराहरूबारे यहाँहरूलाई थाहा छ भन्ने मलाई लाग्छ । म भन्छु - स्पष्टतः परिवर्तन हुन जरुरी छ र त्यसै बिन्दुबाट सबै कुराहरू हुनुपर्छ ।

देशमा अहिले अघोषित नाकाबन्दी छ । यही बेला हाम्रा महान् चाडहरू अगाडि आइरहेका छन् । स्थितिले हामीलाई बढी गम्भीर बनाएको छ, बढी चिन्तित बनाएको छ । हामीले बढी उत्तरदायित्वपूर्ण ढङ्गले काम गर्नुपर्ने आवश्यकता छ ।

परिस्थिति गम्भीर छ, तर यस सम्बन्धमा के गर्ने, कसरी गर्ने भन्ने तदारुकता मैले अलि देखिराखेको छैन । हिजोमात्रै पनि मैले बोलाएर केही साथीहरूलाई भनें, यसरी अगाडि जानुपर्छ भनेर, तर त्यो तदारुकता पाइएन । चुल्होमा ग्याँस नभएपछि कति समय मान्छेले पर्खन सक्छ ? हप्ता, महिना त होइन होला, दिन पनि पर्खन सक्दैन । केही घण्टा पर्खन पनि मान्छेलाई गाह्रो हुन्छ । यस्तो अवस्थामा हामीले सर्वोपरि प्राथमिकतामा राख्नेर आपूर्ति व्यवस्थालाई दुरुस्त गर्नैपर्छ । यदि त्यसमा कुनै नियम, कुनै कानुन, कसैसँगका कुनै सम्झौता वा हिजोका कुनै सहमतिहरूका कारणले हाम्रा आपूर्ति व्यवस्थामा कुनै प्रकारको ढिलाइ हुन्छ भने त्यो कुरा यस परिस्थितिमा मान्य हुन सक्दैन, यो विशेष परिस्थिति हो । यसकारण म यहाँहरूलाई भन्न चाहन्छु - यस विशेष परिस्थितिको जिम्मा म लिन्छु, तपाईंहरू अगाडि बढ्नुपर्छ ।

यसमा कानुनका कुरा पनि होलान् । कानुन अनुकूल ढङ्गले आवश्यकताअनुसार परिवर्तन गरिन्छ, कानुन परिवर्तन गर्न समय लाग्छ भने आपूर्ति पहिले गर्नोस् अनि कानुन परिवर्तन गरौंला, तर नेपाली नागरिकको चुल्हो त पहिले बल्नुपऱ्यो नि । ग्याँस, डिजेल त पाउनैपऱ्यो नि । उद्योग पहिले चल्नुपऱ्यो, रोजगारीका अवसरहरू समाप्त हुनुभएन । कानुन जनताको जीवनका लागि चाहिने हो, कानुन जनताको खुसीयालीका लागि चाहिने हो, कानुन जनताको जीवनको सहजताको निम्ति चाहिने हो । त्यसमा कुनै पनि प्रकारको

प्रतिकूल असर पर्छ भने हामी नियम-कानुन पनि बदल्छौँ, तर आपूर्ति चाहियो । त्यसकारण म मुख्य सचिवज्यूलाई भन्न चाहन्छु, आपूर्ति सचिवज्यूलाई भन्न चाहन्छु, आपूर्तिसँग सम्बन्धित आयल निगम वा ग्याँससँग सम्बन्धित मित्रहरूलाई भन्न चाहन्छु - तत्काल यहाँ यो व्यवधान पऱ्यो भनेर भन्नोस्, त्यस व्यवधानलाई हामी हटाउँछौँ, त्यसपछिका अरू कानुनी उपचारहरू पछि हुन्छन् । सामाजिक जीवनलाई सुचारू गर्ने उपचार पहिले हुन्छ, त्यसपछि अरू उपचारहरू हुन्छन् ।

यस्तो बेला दुर्गम ठाउँहरूमा औषधिको अभाव हुनसक्दछ । खाने तेलको, नुनको र अरू चीजको अभाव हुन सक्दछ । यी कुनै प्रकारका अभावहरू नरहुन् । त्यसका निम्ति हामीले जेजे गर्नुपर्छ त्यो गरौँ । यो काम हामीले गर्नैपर्छ किनभने यो विशेष अवस्था हो ।

हाम्रो नेपाल प्राकृतिकरूपले सुन्दरमात्र छैन, सम्पन्न पनि छ । हामीसँग जलस्रोत छ, खानीहरू छन्, तर तिनीहरूको उपयोग गर्न हामीले सकेका छैनौँ । उद्योगधन्दाको निम्ति अत्यन्त अनुकूल वातावरण भएको देश हो यो, जहाँ सस्तो जनशक्ति प्राप्त छ । सरकारको तर्फबाट आन्तरिक लगानीलाई प्रेरित गर्न अथवा बाह्य लगानीलाई आकर्षित गर्न गर्नुपर्ने सबै खालका कामहरू, देशलाई नोक्सान नपर्ने सबै खालका प्रयासहरू, देश र जनताका हितका निम्ति हुने सबै खालका यत्नहरूलाई हामीले अगाडि बढाउनुपर्छ र लगानीमैत्री वातावरण निर्माण गर्नुपर्छ । यस सम्बन्धमा हाम्रा कानुनमा, हाम्रा कतिपय मान्यताहरूमा र कतिपय व्यवहारमा परिवर्तन गर्न हामी तयार रहनुपर्दछ । हामी तयार छौँ पनि । उद्योगको क्षेत्रमा वा अरू क्षेत्रमा वैदेशिक लगानी हुन सक्दछ । विकासका पूर्वाधारहरू निर्माण गर्ने सम्बन्धमा, सञ्चारको क्षेत्रमा, यातायातको क्षेत्रमा, जलस्रोतको क्षेत्रमा, होटल व्यवसायको क्षेत्रमा, सेवाका क्षेत्रमा र अन्य क्षेत्रहरूमा समेत हामीले अनुकूल वातावरण बनाउनुपर्छ र देशलाई तीव्रतर विकासतर्फ र आधुनिकीकरणतर्फ लानुपर्छ ।

म कृषि क्षेत्रसँग सम्बन्धित हाम्रा साथीहरूलाई भन्न चाहन्छु - नेपालको अत्यन्तै ठूलो जनसङ्ख्या अहिलेसम्म अनुचित र अनावश्यक ढङ्गले कृषिमा निर्भर रहेको छ । त्यति ठूलो जनसङ्ख्या कृषिमा निर्भर रहनुपर्ने होइन, तर कृषि विकास नभईकन वा अरू क्षेत्रमा अवसर नभईकन कृषिमा निर्भर रहेको जनसङ्ख्या अन्यत्र स्थानान्तरण हुँदैन । त्यसकारण कृषिलाई आधुनिकीकरण गर्ने, कृषिलाई व्यावसायिकीकरण गर्ने र कृषिलाई आधुनिक ढाँचामा लैजाने

कुरामा लाग्नुपर्छ । माटो परीक्षण, सिँचाइको प्रबन्धदेखि लिएर कुन माटोमा, कुन हावापानीमा कुन चीज उत्पादन हुन्छ, त्यो ठम्याएर त्यसका निम्ति उन्नत बीउबीजन हामी कसरी उपलब्ध गराउनसक्छौँ, मलखादको आपूर्ति कसरी सहज बनाउनसक्छौँ भन्ने कुरा हामीलाई थाहा नभएको होइन, हामीलाई थाहा भइराखेको छ, यसमा हामी वैकल्पिक व्यवस्थाहरूका बारेमा कसरी सोच्छौँ भन्नेजस्ता कुराहरू समेतलाई ध्यानमा राखेर कृषिसम्बन्धी ज्ञान र प्रविधि लिएर किसानसमक्ष जाने काम गर्नुपर्छ । कृषिको व्यावसायीकरण भनेपछि स्वाभाविकरूपमा कृषिजन्य उद्योगहरू, कृषिमा आधारित उद्योगहरू, कृषिको बजार र कृषि क्षेत्रलाई पुऱ्याउन सकिने सिँचाइलगायतका अन्य पक्षहरूमा के कस्तो योगदान गर्न सकिन्छ, ती कुराहरू र कृषिको अनुसन्धान, विकास र अन्य पक्षहरू समेतलाई ध्यान दिनुपर्ने हुन्छ । यसभित्र पशुपालन, मत्स्यपालन, दुग्ध उत्पादनजस्ता अनेक कुराहरू पनि हुन सक्दछन् । सबैलाई हामीले एकीकृत ढङ्गले ठोस योजनाका साथ अगाडि बढाउनु पर्दछ र विकास गर्नु पर्दछ ।

यी विषयहरूमा तयारी गर्न तपाईंहरूलाई कति समय लाग्दछ ? नयाँ सोचका, नयाँ दृष्टिकोणका योजनाहरू ल्याउन कति समय लाग्दछ ? आज कार्तिक २ गते हो । मलाई लाग्छ कार्तिकभरिमा सकिन्छ । हरेक मन्त्रालयले नयाँ केचाहिँ काम गर्न सक्दछ, एउटा ब्रेकथ्रु हुने हिसाबले, देशलाई अगाडि बढाउने हिसाबले तपाईंहरूले योजना दिनोस् । तपाईं सचिवहरू, देश विदेश घुम्नुभएको छ, विकास र प्रगतिका अनेक ठाउँहरू देख्नुभएको छ, विभिन्न अनुभवहरू हासिल गर्नुभएको छ, त्यसलाई तपाईंहरूले यहाँ कार्यान्वयन गर्नुपर्छ ।

शिक्षासम्बन्धमा मेरो भनाइ के छ भने - जहाँ ढुङ्गो खसेको थियो, त्यहीँनेर निशाना गरेको थिएँ भनेजसो गरी अब चल्दैन । हामीले दुई प्रकारका शिक्षामा स्पष्ट ध्यान दिनुपर्छ । एउटा औपचारिक शिक्षा, अर्को अनौपचारिक शिक्षा । औपचारिक शिक्षाको सन्दर्भमा हामी के गर्छौँ ? यस सम्बन्धमा हाम्रो ठोस योजना हुनुपर्छ । हामीलाई कति वर्षसम्ममा कतिजना डाक्टर चाहिन्छ ? कुनकुन विषयका डाक्टर चाहिन्छ ? फिजिसियन कति चाहिन्छ ? नेफ्रोलोजिस्ट, युरोलोजिस्ट, हार्ट स्पेसलिस्ट, ग्यास्ट्रोइन्टरोलोजिस्ट, इएनटीका डाक्टर कति चाहिन्छ ? एनेस्थेसियाका लागि कति चाहिन्छ ? ल्याब टेक्निसियन कति चाहिन्छ ? फिजिओथेरापीका लागि कति चाहिन्छ ? डेन्टिस्ट कति चाहिन्छ? यी सबै कुराहरूको हामीसँग योजना हुनुपऱ्यो । अहिले अन्धाले हात्ती छामेजस्तो

मेडिकल कलेज सञ्चालन गर्ने, सिट बढाउने, घटाउने, अनशन बस्ने, अनशन तोड्ने-तोडाउने जुन कुरा चलिरहेको छ, यसरी हुँदैन । त्यसका लागि योजना बनाउनुपर्छ । योजनाअनुसार नै सरकारले लगानी गर्छ, लगानी गर्नुपर्छ । सोही अनुसारका मेडिकल कलेजहरू हामीले खोल्नुपर्छ । त्यसो भयो भने हामीले नेपाललाई एजुकेसन हब बनाउन सक्छौँ । कन्जरभेटिभ हुनुपर्ने र शिक्षा नियोजन गर्नुपर्ने आवश्यकता छैन तर स्तरहीन शिक्षा दिएर र शिक्षालाई व्यापारिक उद्देश्यहरूको शिकार बनाएर शिक्षाको गुणस्तरलाई कमजोर पार्ने कुरा हुन सक्दैन ।

अहिले मैले मेडिकल फिल्डको कुरा गरेँ । अन्य क्षेत्रको कुरा पनि त्यस्तै हो । हामीले कति वर्षमा कतिवटा पुल बनाउने ? सडक कति बनाउने ? घर कति बनाउने ? शहरी विकास कहाँ कसरी गर्ने ? त्यसका लागि के कस्ता, कति इन्जिनियर हामीलाई चाहिन्छ ? कतिले बाहिर गएर पाइलट पढेर आउँछन्, पैँतीस-चालिस लाख जति बुझाएरै आउँछन् । यहाँ आएपछि उनीहरूलाई रिस उठ्छ किनभने दश वटा प्लेनले हजार जना पाइलटलाई काम दिन त सक्दैन । बडो उत्साहका साथ उडुँला-उडाउँला भनेर आएका हुन्छन्, तर फर्केर आएपछि काम नै छैन । त्यसकारण हामीले कति विद्यार्थीलाई बाहिर जान दिने, कतिलाई नदिने ? अथवा कतिलाई कुन विषय पढ्न दिने ? ५० हजारले पाइलट पढ्छु भनेर भने के गर्ने हामीले ? तसर्थ योजना बनाउनु पऱ्यो, हामीलाई के चाहिएको छ, त्यो पढाउनुपऱ्यो । कति चाहिन्छ, त्यति पढाउनुपऱ्यो हामीले । कति वर्षका लागि हो, त्यसका लागि हाम्रो योजना चाहियो । त्यसैगरेर हामीलाई व्यवस्थापनमा, होटल म्यानेजमेन्टमा, बिजनेस म्यानेजमेन्टमा कति, के-कस्ता जनशक्ति आवश्यक पर्छ ? हामीलाई फरेस्ट्रीमा कति चाहिन्छ ? एग्रिकल्चरमा कति चाहिन्छ ? एग्रिकल्चरका कुनकुन सेक्टरमा कति चाहिन्छ? यस्ता विषयमा हाम्रा योजनाहरू नै छैनन् । हामी योजनाबद्ध ढङ्गले लागेका छैनौँ । त्यसैले समस्याहरू देखिएका छन् ।

हामीलाई छात्रवृत्ति मिल्ने गरेको छ भने छात्रवृत्ति दिने मित्रहरूलाई पनि हामीले आफ्ना योजनाअनुसार आफ्ना आवश्यकता भन्नुपर्छ । म उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री भएको बेला दुईवटा छात्रवृत्ति दिने एउटा मित्रराष्ट्रका राजदूतलाई ६ वटा दिनका लागि अनुरोध गरेँ । राजदूतले आफ्नो देशको सरकारसँग कुरा गरेर ६ वटा छात्रवृत्ति दिने व्यवस्था मिलाए । मैले आफूखुसी

विद्यार्थी पठाउने कुरा भएन । त्यो कोटा शिक्षा मन्त्रालयलाई पठाइयो । मैले ६ जना पठाइदिन भनेँ तर मन्त्रालयले त्यति पनि गरेन । मेरिट बेसिसमा माथिल्लोमा नाम निकालेका जोकोहीलाई पठाइदिएको भए भइहाल्थ्यो नि । एक महिनासम्म नभएपछि फेरि म्याद थप गराएँ । अर्को एक महिनामा पनि आएन, म्याद सिद्धियो । दुई वटा कोटालाई छ वटा बनाइयो, दुइटासम्म पनि पठाइएन । टोटल ल्याप्स भयो । यो हाम्रो काम गराइको एउटा नमूना हो ।

यो त जडीबुटीको देश हो । जडीबुटीका लागि हामी कहाँ-कहाँ, के-के गर्न सक्छौँ ? कति प्रतिशत हामी बाह्य आयातमा निर्भर हुने ? कति वर्षका लागि आयात गर्नुपर्ला ? अब हामी एकै ठाउँमा केन्द्रित हुन कुनै जरुरत छैन । वन अध्ययन संस्थान हामी डडेल्धुरामा राख्नसक्छौँ । पशुपालन वा भेटेनरीसम्बन्धी क्याम्पस फिदिममा राख्न सक्छौँ, ताप्लेजुङमा राख्नसक्छौँ । त्यस्ता संस्थाहरू देशका विभिन्न ठाउँमा राख्नसक्छौँ । अब यससम्बन्धमा शिक्षा मन्त्रालयले कोअर्डिनेसन गरेर एक महिनाभित्र शिक्षासम्बन्धी योजनाको प्रारूप चाहियो ।

शिक्षा एउटा त व्यक्तिको जीवन सहज, सरल र सुखी बनाउनका लागि हो । अर्को, शिक्षा समाजका लागि उपयोगी हुनुपऱ्यो । दुइटै उद्देश्य हुन् । जीवनका लागि, आचरण निर्माणका लागि र समाजका लागि शिक्षालाई उपयोगी बनाउन सकिन्छ । व्यावसायिक ज्ञानबाट, प्राविधिक ज्ञानबाट व्यक्ति र समाजलाई सुखी बनाउन सकिन्छ ।

अहिलेको सरकार कुनै पनि क्षेत्रमा राजनीतीकरण गर्ने, राजनीतीकरणबाट दुई जना मान्छे आफ्ना बनाउने होइन, देश बनाउने उद्देश्यका साथ गठन भएको हो । त्यसकारण यहाँ राजनीतीकरणको कुनै सम्भावना छैन । अहिले एमाले, एमाओवादी, राप्रपा नेपाल, मजफो (लोकतान्त्रिक) समेत धेरै पार्टीको सरकार छ । ती पार्टीमा लागेपछि वा ती पार्टीको अफिससँग राम्रो च्यापोर्ट भयो भने काम चल्छ भन्ने कसैले नसोच्न म आग्रह गर्न चाहन्छु । सबै कुरा चेन अफ कमान्डबाट चल्छ, हामी आफू जिम्मेवार हुनुपर्छ । तपाईंहरूलाई आफ्नो जिम्मेवारीको काम गर्न पूर्णअधिकार छ । गलत मनशायका साथ काम गरेको पाइएमा वा जानीबुझीकन नियतवश बेठीक गरेको पाइएमा राम्रो हुँदैन । कुनै तहको वा कुनै हिसाबको युद्धको आड लिएर बलियो छु भन्ने ठानेर पनि हुँदैन । म तपाईंहरूलाई भन्छु - सचिवले प्रयोग गर्ने अधिकार सचिवले नै प्रयोग गर्नुपर्छ । मन्त्रालयले

गर्ने, मन्त्रीस्तरबाट गर्ने मन्त्रीहरूले गर्नुहुन्छ र मन्त्रिपरिषद्मा आउनैपर्ने कुराहरू मन्त्रिपरिषद्मा आउँछन् ।

एउटा प्रवृत्ति के देखिन्छ भने अलिकति भनेपनि लोभ गर्न खोज्ने, लोभ छैन भने कामको सिन्को नभाँच्ने । किन काम गर्ने ? बजेट चलायो कि अलिकति भ्याप पाऱ्यो कि भन्ने आरोप आउँछ । अनेकथरी टीकाटिप्पणीहरू हुन्छन् भनेर कतिपय कर्मचारी काम गर्न रुचाउँदैनन् । मैले परराष्ट्रमन्त्री हुँदा पनि हेरेको छु । केही ठाउँमा राजदूतावास बनाउनोस् न भन्यो बनाउँदैनन् । कुनै ठाउँमा जग्गा किन्नोस् न भन्यो किन्दैनन् । पैसा म पठाइदिन्छु, जग्गा किन्नोस्, आफ्नै भवन बनाउनोस् भन्दा पनि गर्दैनन् । मलेसियामा मैले अलि कडैसँग भनें । श्रीलङ्कामा पहिल्यैदेखि हाम्रो जमिन छ, यस्तो प्राइम लोकेसनमा जमिन छ, हामी भवन निर्माण गरौं न भन्दा पर्दैन भन्छन् । भवन बनाउँदा हिसाबकितावको कुरा आउँछ । फेरि मानिसले टीकाटिप्पणी गर्छन्, त्यो भन्दा चुपचाप बस्नु ठीक भनेर भन्ठानेका होलान् । चुपचाप बसेर चोख्यो त होइएला, तर हामीलाई चोख्यो मानिस पनि चाहिएको छ र काम गर्ने मानिस पनि चाहिएको छ । चोख्यो त एउटा ढुङ्गो राख्दियो भने पनि होला, तर हामीलाई त असल मन र असल नियतका साथ स्वच्छ काम गर्ने मान्छे चाहिएको छ ।

मैले धेरै ठाउँमा जमिन हेर्ें, धेरै ठाउँमा भवन कहाँ बनाउने भनेर हेर्ें । धेरै ठाउँको उपयोग के कसरी गर्ने भनेर पनि हेर्ें । निर्माणको काम गर्न पनि भनें, तर खाएको आरोप लाग्छ, बेकार किन गर्ने भनेर काम नगर्ने प्रवृत्ति बढेको छ । यस्तो हुनु भएन, काम अगाडि बढाउनुपऱ्यो । म के आग्रह गर्न चाहन्छु भने तपाईंहरू जुन तहमा हुनुहुन्छ, खानलाउन नपाएको अवस्था छैन । त्यसकारण कुनै लोभ गर्नुपर्ने आवश्यकता छैन । पैसाले त संसारकै सबभन्दा धनी मान्छेलाई पनि पुगेको छैन । ऊ पनि कमाइराख्नेकै छ । अर्कोलाई पनि पुगेको छैन, ऊ पनि कमाइराख्नेकै छ । व्यापारको कुरा बेग्लै हुन्छ । उनीहरू जतिबेला पनि कमाउनै खोज्छन् । हाम्रोचाहिँ सेवाको उद्देश्य हो । हामीले राष्ट्र र जनतालाई स्वच्छ र इमानदार बनेर सेवा प्रदान गर्नैपर्छ ।

केही नयाँ कामलाई तीव्रताका साथ अगाडि बढाउनु जरुरी छ । हामी मध्य-पहाडी पुष्पलाल राजमार्गलाई सक्रियताका साथ अगाडि बढाउँछौं । त्यसैगरेर विभिन्न वैकल्पिक मार्गहरू, दुर्गम जिल्लाका पनि सदरमुकाम जोड्ने मार्गहरू र सडक बन्न नसक्ने ठाउँमा व्यापकरूपमा केबलकार स्थापना गर्ने कामहरूलाई

अगाडि बढाउने तयारीमा छौं । जमिनको पनि प्लानिङ चाहियो । कहाँ पशुपालन गर्ने, कहाँ फलफूल खेती गर्ने भन्ने दीर्घकालीन योजना हुनुपऱ्यो । यस्ता विभिन्न पक्षहरूमा यहाँहरूको ध्यान जाओस् भन्ने म चाहन्छु । नयाँ सोच, नयाँ धारणाका साथ एक महिनाभित्र हरेक मन्त्रालयलाई आफ्ना प्रतिबद्धता ल्याउन म आग्रह गर्दछु ।

हामीले अब पानीका हुनसक्नेसम्मका स्रोतहरूलाई सङ्कलन गरेर किसानलाई सिँचाइ सुविधा उपलब्ध गराउनुपर्छ । खानेपानीका लागि दुई वटा घर एकदम माथिको टाकुरामा छन् र त्यहाँ पानी पुऱ्याउन करोडौँ लाग्छ भने त्यस्तो बस्ती नै सार्दाखेरि हुन्छ कि ? घरै सार्दाखेरि केही लाख्मा सर्नसक्छ कि ? त्यस्ता ठाउँमा पानी पुऱ्याउनुभन्दा घर सार्नतिर लाग्नुपर्ने हुनसक्छ कि ? ती सबै कुराहरू हाम्रो सेक्टोरल दृष्टिकोणभित्र समेटिनुपर्छ । यातायात, खानेपानी, सिँचाइदेखि लिएर सम्पूर्ण कुराको एउटा पिक्चर हामीसँग हुनुपर्छ र त्यसअनुसार त्यो पिक्चरलाई बदल्ने हाम्रो प्लान के हो, त्यो प्लान हामीसँग हुनुपर्छ, हाम्रा हरेक मन्त्रालयमा हुनुपर्छ ।

हामीले सामाजिक जीवनका विविध क्षेत्रलाई ध्यान दिनुपर्छ । महिला शिक्षाको क्षेत्रमा, दलित र साँच्चिकै पढ्न नसक्ने बालबालिकाहरूको सन्दर्भमा हामीले अरू के गर्नसक्छौं ? यहाँहरूलाई थाहै होला, अन्नपूर्णको फेददेखि माछापुच्छेको फेदसम्म कास्की जिल्ला फैलिएको छ । त्यहाँको शिक्षाको स्तर र महोत्तरी, सर्लाहीजस्ता सुगम ठाउँको शिक्षाको स्तर हेर्नुभयो भने सुनसरी, सर्लाहीको स्तर पछाडि देखिन्छ । त्यहाँको साक्षरता दर हेर्नुभयो भने धेरै पछाडि छ । दुर्गम ठाउँका असचेत मानिसले बोक्सी लगाउन छोडिसके, महोत्तरीतिर बोक्सी भनेर महिलाहरूको बेइज्जती गर्ने, अपमान गर्ने, कुट्ने-पिट्ने र मार्नेसम्मका कुरा भइराखेकै छन् । यस्ता समाजिक स्थितिहरूलाई हामीले कसरी बदल्छौं ? एउटा आधुनिक समाज, विकसित समाज र लोकतान्त्रिक समाजको निर्माणका योजनाहरू के हुनसक्छन् भन्ने योजनामा हामी लाग्नुपर्छ ।

लोकतन्त्र भनेको अराजकता होइन । उत्पादन, उत्पादकत्वमा गम्भीर नोक्सान पर्नेगरी गैर-जिम्मेवार तरिकाले, कसैलाई रिस उठ्यो भन्दैमा बन्द गरिदिने, ताला लगाइदिने चलन मुलुकको हितमा छैन । यो तालाबन्दी र बन्दको सिस्टम अबचाहिँ चल्न सक्दैन । जायज मागहरू सुन्नुपर्छ, तर तालाबन्दी मान्नु हुँदैन, अवरोधलाई स्वीकार गर्नुहुन्न । गृहमन्त्रालयलाई भन्न चाहन्छु,- हाइवे बन्द

गर्ने कुरा अझै पनि कतै छ भने यो कुरा अहिलेबाटै अन्त्य हुनुपर्छ । राजमार्ग बन्द हुनसक्दैन । शिक्षण संस्था, अस्पताल र औद्योगिक प्रतिष्ठानमा तालाबन्दी हुनसक्दैन । औद्योगिक प्रतिष्ठानको तालाबन्दी ख्यालख्याल होइन । यसले हाम्रो देशलाई गम्भीररूपमा धक्का पार्छ । शिक्षण संस्थाहरूमा हुने तालाबन्दी पनि गम्भीर हो । अस्पतालजस्ता ठाउँमा तालाबन्दी गर्नु भनेको त अपराध नै हो । कसैलाई झोंक चल्यो अनि बिरामी जाँच्दिनँ, औषधि बेच्दिनँ भन्ने ? त्यो पसल बन्द गरिदिनुहोस् । बिरामीलाई औषधि नबेच्ने पसल बन्द गर्नुपर्छ । बिरामी नजाँच्ने डाक्टरको लाइसेन्स खारेज गर्नुपर्छ । किन चाहियो त्यस्तो डाक्टर ? म बिरामीलाई सलाइन चढाउँदिन, ब्लड दिन्न भन्छ भने, इमर्जेन्सीमा औषधि चढाउँदिन भन्छ भने डाक्टरले गर्ने कामचाहिँ के हो ? अब बन्द, हड्ताल र अवरोधको समय गयो, अब विकास-निर्माणको युग आयो । हामी सबै अब त्यतापट्टि लाग्नुपर्छ ।

मैले अलिकति कडा बोलेँ भन्ने पनि तपाईंहरूलाई लागेको होला । शासन, कानुनको शासन हुनेछ भन्ने कुरा म तपाईंहरूलाई भन्न चाहन्छु । कानुनको शासनभन्दा पर रहेर कुनै प्रकारको सम्झौता हुँदैन । कुनै अपराधसँग सम्झौता हुँदैन । तपाईंहरू राजनीतिक दबाब, भनसुन, अनुचित प्रभावमा आएर कुनै काम नगर्नु होला । त्यसको अर्थ बेठीक काम नगर्नु होला भनेको हुँ । फेरि आफैँ पनि बेठीक गर्नुभयो भने त्यो पनि हुँदैन । तपाईंहरू लामो प्रशासनिक करियर र अनुभव भएका साथीहरूलाई मैले अरू धेरै के भन्नुपर्छ र ? मेरो एउटै भनाइ के छ भने नयाँ नेपाल बनाउने प्रतिबद्धतामा हामीले यस बिन्दुलाई एउटा नयाँ बिन्दुको रूपमा, नयाँ माइलस्टोनको रूपमा लिनुपर्छ र अगाडि बढ्नुपर्छ । हामी आफ्ना योजना र प्रतिबद्धतासहित अगाडि बढौँ । म तपाईंहरूको साथमा छु । एउटा राजनीतिक नेतृत्वको हिसाबले मैले तपाईंहरूबाट साथ पाउने कुरामा विश्वास गरेको छु । मन्त्रालयगत तपाईंहरूका योजनाहरू सकेसम्म छिटै प्राप्त होऊन् भन्ने म चाहन्छु । आजलाई यति नै । तपाईंहरू सबैलाई दशैँको धेरैधेरै शुभकामना !

(२०७२ साल कार्तिक २ गते नेपाल सरकारका सचिव र वरिष्ठ अधिकारीहरूलाई प्रधानमन्त्री कार्यालय, सिंहदरबारमा गर्नुभएको सम्बोधन)

२

हाम्रो आकाङ्क्षा – सामाजिक न्याय, समानता र राष्ट्रिय एकता

सम्माननीय राष्ट्रपति महोदय, निवर्तमान राष्ट्रपति महोदय, उपराष्ट्रपति महोदय, प्रधान न्यायाधीशज्यू, सभामुखज्यू, पूर्वप्रधानमन्त्रीज्यूहरू, उपप्रधानमन्त्रीज्यूहरू, मन्त्रीज्यूहरू, सभासद्ज्यूहरू, विशिष्ट श्रेणीका जङ्गी, निजामती सबै क्षेत्रका साथीहरू, संविधानसभाका पूर्वअध्यक्ष, पूर्वसभामुखज्यूहरू र सम्पूर्ण उपस्थित दाजुभाइ, दिदीबहिनीहरू,

यस घडीमा म सर्वप्रथम देशको रक्षा, स्वाधीनता, लोकतन्त्र र राष्ट्रहितका लागि आफ्नो जीवन अर्पण गर्ने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धा-सुमन अर्पण गर्न चाहन्छु । त्यसैगरी नेपाललाई यहाँसम्म ल्याइपुऱ्याउन आफ्ना दृष्टिकोणहरू, आफ्ना प्रयासहरू र आफूले धेरै कुरा गुमाएर देशलाई अगाडि बढाउन महत्वपूर्ण र ऐतिहासिक योगदान पुऱ्याउनु हुने तमाम नेताहरू; यहाँ नाम लिनुपर्दा पुष्पलाल, बिपी कोइराला, गणेशमान सिंह, मदन भण्डारी, मनमोहन अधिकारीजस्ता नेताहरूलाई कृतज्ञताका साथ स्मरण गर्न आवश्यक ठानेको छु । उहाँहरूले देख्नेको शान्तिको, समानताको, समृद्धिको र न्यायपूर्ण समाजको जुन सपना हो, त्यसलाई साकार पार्ने सन्दर्भमा नयाँ संविधान बनेको छ र तदनुसार नै हामी अगाडि बढ्दैछौँ ।

आज यस कार्यक्रमको सन्दर्भअनुसार नै एउटा जटिल अवस्थामा, अनुभवविहीनताको स्थितिमा, सङ्क्रमणकालीन जटिलतामा, कुनै दृष्टान्त नभएको अवस्थामा आफ्नो पदको गहन जिम्मेवारीलाई कुशलतापूर्वक सम्हालेर डा. रामवरण यादवले राष्ट्रपति पदबाट बिदा लिँदै हुनुहुन्छ । देशलाई विभिन्न अप्ठ्यारा परिस्थितिहरूमा अगाडि बढाउने महत्वपूर्ण भूमिका खेलेर, कहिले संविधानले बाटो नदेखाइरहेको अवस्था, कहिले संविधानका निकायहरू नभएको

अवस्थाजस्ता जटिल परिस्थितिहरू पार गरेर संविधानसभाको दोस्रो निर्वाचन र त्यहाँबाट गठित संविधानसभाबाट नेपालको संविधान जारी गर्ने र घोषणा गर्ने कार्य सम्पन्न गरी यस संविधानको कार्यान्वयनको चरणमा आफ्नो कार्यकालको लगभग ७ वर्षपछि अवकाश लिँदै गर्नुभएका निवर्तमान राष्ट्रपति डा. रामवरण यादवज्यूप्रति म नेपाल सरकारका तर्फबाट र सम्पूर्ण नेपाली जनताको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । राष्ट्रपतिको रूपमा उहाँले दिनुभएको योगदानको म सम्मान गर्न चाहन्छु, कदर गर्न चाहन्छु । आगामी दिनमा उहाँको सम्पूर्ण जीवन फरक ढङ्गले देश र जनताको सेवामा लामो समय समर्पित हुन सकोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु । उहाँ निवृत्त हुनुभए पनि सरकारले राष्ट्रपतिको रूपमा उहाँले लामो समय सँगाल्नु भएका अनुभवहरूबाट लाभ लिन, उहाँबाट सल्लाह, सुझाव लिन पछिपर्ने छैन । म उहाँलाई आफ्ना अनुभवहरूबाट नेपाललाई अगाडि बढाउने सन्दर्भमा योगदान पुऱ्याउन आग्रह पनि गर्न चाहन्छु ।

आज मूलतः सङ्क्रमणकालको एउटा अवधि पार भएको छ । संविधान बनेको छ । अब संविधानमा भएको व्यवस्था अन्तर्गत संविधानले परिकल्पना गरेका संरचनाहरू, निकायहरूको गठन गर्ने र तिनीहरूलाई सुचारु गराउने संविधानसम्मत अभिभाराहरू हाम्रा सामु छन् ।

यसै प्रसङ्गमा हामीले नयाँ राष्ट्रपतिको निर्वाचन गरेका छौँ । यतिबेला हामीले संविधानसम्मत ढङ्गले निर्वाचित हुनुभएकी सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूलाई पनि म सरकारको तर्फबाट र नेपाली जनताको तर्फबाट हार्दिक बधाइ र शुभकामना ज्ञापन गर्न चाहन्छु । उहाँको कार्य सफल रहनेछ । म विश्वास व्यक्त गर्दछु र सफल कार्यकालका निम्ति उहाँप्रति हार्दिक शुभकामना पनि व्यक्त गर्न चाहन्छु । राष्ट्रपति महोदयको सफल कार्यकालका निम्ति सरकारको तर्फबाट गरिनुपर्ने सबै प्रकारका सहयोगहरू गरिने कुराको प्रतिबद्धता पनि म व्यक्त गर्न चाहन्छु ।

सम्माननीय राष्ट्रपतिको रूपमा, मुलुकको दोस्रो राष्ट्रपतिको रूपमा माननीय विद्यादेवी भण्डारी निर्वाचित हुनुले नेपालको इतिहासमा नयाँ आयाम थपेको छ । पहिलोपल्ट नेपालको इतिहासमा महिला राष्ट्रपति हुनुभएको छ । यसलाई पनि हामीले गौरवको रूपमा लिनु पर्दछ भन्ने मलाई लाग्छ ।

देशको परिस्थिति केही चुनौतीपूर्ण छ तर पनि यस चुनौतीपूर्ण परिस्थितिको सामना गर्न अहिलेको समग्र राज्यसंरचना सफल हुनेछ भन्ने विश्वास म व्यक्त गर्न चाहन्छु । सरकारका तर्फबाट अहिलेका सङ्क्रमणकालीन जटिलता र तिनीहरूको समाधानका सन्दर्भमा आइपर्ने सानातिना चुनौतीहरूको समाधान गरिने कुरामा पनि म प्रतिबद्धता जनाउन चाहन्छु ।

अहिले केहीकेही असहमतिका, असन्तुष्टिका कुराहरू देखिएका छन् । त्यस्ता कुराहरू अरूतिर पनि संविधान जारी भएका बखत हुने गर्दछन् । अरू धेरै ठाउँमा भन्दा हाम्रो देशमा अत्यन्तै सहभागितामूलक, समावेशी जनप्रतिनिधित्वको संविधानसभा बन्यो र त्यस संविधानसभाले अत्यधिक सहभागितामा संविधान निर्माण गऱ्यो । संविधान निर्माणका लागि जति सङ्ख्या वाञ्छित हुन्छ, आवश्यक हुन्छ, त्यो भन्दा धेरै बढी, अत्यन्तै ठूलो सहमतिका साथ, ठूलो जनमतका साथ जनताका रायसुझाव, प्रतिक्रियाहरू समेत लिएर, पुराना पुराना अनुभवहरू सँगालेर लोकतान्त्रिक संविधान बनेको छ ।

संविधानका बारेमा कहीँकतै असहमतिका र असन्तुष्टिका पक्षहरू रहेका हुनसक्छन् । संविधान असंशोधनीय र अपरिवर्तनीय दस्तावेज होइन । यो समयको माग र आवश्यकताअनुसार, जनताको आकाङ्क्षाका अनुसार, परि स्थितिलाई सहज बनाउनका निम्ति यसमा परिवर्तन, परिमार्जन र संशोधनजस्ता कुराहरू हुँदै जान्छन् । ती कुराहरूका निम्ति हामी सबै तयार छौं भन्ने कुरा मैले दोहऱ्याइरहनुपर्छ जस्तो लाग्दैन । कहीँकतै, केही असहमति वा असन्तुष्टिका कुराहरू देखिएका छन् भने तिनीहरूको समाधानका निम्ति वर्तमान सरकार अत्यन्तै लचिलो छ र लचिलोपनका साथ समस्यालाई सम्बोधन गर्ने र अगाडि बढ्ने कुरामा कृतसङ्कल्पित पनि छ ।

हामी देशको सार्वभौमसत्ता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रको हित र स्वाभिमान जस्ता कुराहरूमा कुनै सम्झौता गर्न सक्दैनौं । देशलाई नोक्सान पर्ने कुनै कुरा हामी सोच्न पनि सक्दैनौं । मलाई लाग्छ - कुनै पनि नेपालीले यस्तो सोच्न सक्दैन । यी कुराहरूमा कायम रहेर बाँकी तमाम कुराहरूमा हामी अगाडि जानसक्छौं ।

हामीले लोकतन्त्रका लागि लामो सङ्घर्ष गरेका छौं, धेरै बलिदान दिएका छौं । ती कुरालाई हामीले बिर्सनु हुँदैन । लोकतान्त्रिक प्रणालीअनुसार हाम्रा

शान्तिका प्रयासहरूलाई हामी अगाडि बढाउँछौं । सामाजिक न्याय, समानता र राष्ट्रिय एकता हाम्रा आकाङ्क्षा हुन् । यतिबेला, म निवर्तमान राष्ट्रपतिज्यूलाई बिदाइ गरिरहेको यस समारोहमा के कुरा दोहऱ्याउन चाहन्छु भने शान्ति प्रक्रियाका केही बाँकी रहेका कामहरूलाई पनि हामी सकेसम्म छिटै टुङ्ग्याउनेछौं ।

नेपालका कोही शत्रु छैनन् र कोही विरोधी छैनन् । नेपाल शान्तिको पक्षमा छ, नेपाल मित्रताको पक्षमा छ, नेपाल विश्वसँग सहकार्यको पक्षमा छ । नेपालका राजनीतिक पार्टीहरू पनि आधारभूत कुराहरूमा एक ठाउँमा छन् । लोकतन्त्रका प्रश्नमा, शान्तिको प्रश्नमा, सामाजिक न्यायको प्रश्नमा, समानताको प्रश्नमा र राष्ट्रको हितका प्रश्नमा पार्टीहरू एक ठाउँमा उभिएका छन् । संविधानको निर्माण त्यसैको द्योतक हो ।

अबका दिनमा हाम्रा प्रयासहरूलाई हामी संविधानको सफलतापूवर्कक कार्यान्वयन, राजनीतिक क्षेत्रमा लोकतन्त्रको सुदृढीकरण, सामाजिक क्षेत्रमा सामाजिक न्याय र समानता, राष्ट्रियताको क्षेत्रमा स्वाधीनता एवम् राष्ट्रिय स्वाभिमानसहित राष्ट्रिय हितहरूको रक्षा गर्दै खासगरी आर्थिक उन्नति र विकासको कार्यमा केन्द्रित गर्नेछौं । हामीले पुनर्निर्माणको कामलाई पनि महत्वका साथ सम्पन्न गर्नुपर्नेछ । पुनर्निर्माण, विकासलगायतका कामहरूलाई हामी अबका दिनमा तीव्रताका साथ अगाडि बढाउनेछौं ।

बिदाइ समारोहको यस क्षणमा म निवर्तमान सम्माननीय राष्ट्रपतिज्यूप्रति उहाँले दिनुभएको योगदानका लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । अन्तमा, हामी सबैको तर्फबाट उहाँमा धेरैधेरै शुभकामना व्यक्त गर्न चाहन्छु ।

(२०७२ साल कार्तिक १३ गते राष्टझपति कार्यालयमा आयोजित निवर्तमान राष्टझपति डा. रामवरण यादवको बिदाइ समारोहमा गर्नुभएको सम्बोधन)

३

हाइट र लाइट भएको चीजलाई टाढैबाट देख्न सकिन्छ

कार्यक्रमका अध्यक्ष तथा गैर-आवासीय नेपाली महासङ्घका नवनिर्वाचित अध्यक्ष शेष घलेज्यू, सम्पूर्ण नवनिर्वाचित पदाधिकारी साथीहरू, सदस्य साथीहरू, पूर्व अध्यक्षज्यूहरू, विभिन्न ढङ्गले यस संस्थामा योगदान पुऱ्याउनुभएका व्यक्ति-व्यक्तित्वहरू, पूर्वप्रधानमन्त्रीज्यू, पूर्व मन्त्रीज्यूहरू, माननीय सांसदज्यूहरू, नेपाली सेनाका प्रधान सेनापतिज्यू, एनआरएनका विभिन्न तहमा विभिन्न देशमा रहेर सेवा गरिरहनु भएका महानुभावहरू र यस कार्यक्रमलाई सफल पार्न यहाँ उपस्थित हुनुभएका सम्पूर्ण दाजुभाइ, दिदीबहिनीहरू,

यहाँहरूले गैर-आवासीय नेपाली महासङ्घको सातौँ वार्षिक साधारणसभा र अन्तर्राष्ट्रिय सम्मेलन भव्यताका साथ र सार्थक उपलब्धिका साथ सम्पन्न गर्नुभएको छ । सर्वप्रथम, म तपाईंहरूलाई यस सफलताका निम्ति बधाइ ज्ञापन गर्न चाहन्छु ।

तपाईंहरूले विगतमा स्वास उद्देश्य र अठोटका साथ नै यस संस्थाको शुभारम्भ गर्नुभएको थियो र यसलाई अगाडि बढाउनुभएको थियो । यसको उपादेयता विभिन्न समयमा प्रकट हुँदै आयो र स्वासगरी जब विनाशकारी भूकम्पले नेपाललाई झट्का दियो, त्यतिबेला अझ बढ्ता यस संस्थाको उपादेयता बढ्यो । विदेशमा रहेका गैर-आवासीय नेपालीहरूले सङ्गठितरूपमा आफ्नो देशप्रति स्नेह प्रकट गर्न र आफ्ना दाजुभाइ दिदीबहिनीहरूलाई परेको कठिनाइ शेयर गर्न, त्यसको हिस्सेदारी लिन सङ्गठित प्रयास अगाडि बढाउने समय पनि मिल्यो ।

तपाईंरूले यस सम्मेलनमार्फत दश-सूत्रीय घोषणापत्र जारी गर्नुभएको छ । म त्यसलाई स्वागत गर्न चाहन्छु । तपाईंहरूलाई धन्यावाद भन्न चाहन्छु । दश-सूत्रीयचाहिँ तपाईंहरूले जारी गर्नुभयो, तर एक-सूत्रीयचाहिँ अघि नै नेपाली जनताले बुझे, पहिलोचाहिँ । बाँकी ९ वटाचाहिँ फेरि पढ्नुपर्छ । पहिलो प्रस्तावचाहिँ सबैले छर्लङ्गै बुझे । सजिलो त्यही प्रस्ताव छ । त्यो प्रस्तावलगायत सबैलाई मनन गर्नुपर्छ ।

नवनिर्वाचित अध्यक्षज्यूलाई धेरैधेरै बधाइ भन्न चाहन्छु । उहाँले एक कार्यकाल काम गरेर गैर-आवासीय नेपालीहरूको मन जित्नुभयो र पुनः निर्वाचित हुनुभएको छ । गैर-आवासीय नेपालीहरूको उहाँप्रतिको विश्वास अर्थपूर्ण छ भन्ने विश्वास मलाई पनि भएको छ । उहाँको अर्को कार्यकाल पनि अत्यन्तै सफल रहोस्, धेरैधेरै शुभकामना छ । अरू साथीहरू जो निर्वाचित हुनुभएको छ, सबै पदाधिकारी र सदस्यहरूलाई बधाइसहित शुभकामना व्यक्त गर्न चाहन्छु ।

यो संस्थाको स्थापना गरेर यसलाई यहाँसम्म ल्याइपुऱ्याउने साथीहरू, जो एनआरएनका अभिभावकहरू हुनुहुन्छ, पूर्वअध्यक्षहरू हुनुहुन्छ, संस्थापक अध्यक्ष पनि हुनुहुन्छ, उहाँहरू जसको धेरै मेहनत पसिना, धेरै बुद्धि यो संस्थालाई यहाँसम्म ल्याइपुऱ्याउनमा लागेको छ भन्ने मैले विश्वास गरेको छु ।

म सन् २००० को अन्ततिर रूस भ्रमणमा गएको थिएँ । बेलारूसमा पुग्दा डा. उपेन्द्र महतोले एनआरएन गठन गर्ने सम्बन्धमा विचार-विमर्श गर्नुभएको थियो । मैले भनेको थिएँ - विश्वका विभिन्न मुलुकमा रहेका नेपालीहरूसँग मेरो पनि सम्पर्क छ, त्यो सम्पर्क पनि तपाईंले प्रयोग गर्न सक्नुहुन्छ, यस कामलाई अगाडि बढाउनोस्, म पनि तपाईंको साथमा हुन्छु । यो सङ्गठन बन्नुभन्दा अगाडि मैले गरेको कबुल थियो । आज फेरि यहाँहरूका अगाडि म सङ्गठित हैसियतमा पनि त्यही कबुल दोहोऱ्याउन चाहन्छु - म एनआरएनका साथमा छु ।

यो संस्थालाई यहाँसम्म ल्याइपुऱ्याउन महत्वपूर्ण योगदान गर्ने सम्पूर्ण हस्तीहरूको म प्रशंसा गर्न चाहन्छु, सम्मान गर्न चाहन्छु । आज थुप्रै साथीहरू सम्मानित हुनुभएको छ । तपाईंहरूले बेस्ट एनआरएन पनि छान्नुभएको छ । बेस्ट एनआरएनलगायत तमाम साथीहरू, जो पुरस्कृत हुनुभएको छ, उहाँहरूलाई म हार्दिक बधाइ दिन चाहन्छु, शुभकामना दिन चाहन्छु ।

सबैलाई स्वादा दिऊँदिऊँ लाग्ने, सबैलाई सम्मान दिऊँदिऊँ लाग्ने, सबैलाई दिँदा महत्व कम हुने । उहाँहरूको अप्ठ्यारोलाई मैले बुझेको छु । त्यसकारण उहाँहरूले अलिकति त्यसको सङ्ख्या घटाउनुभएको बुझियो । उहाँहरूको तर्फबाट म सबैलाई सम्मान भन्न चाहन्छु, सबैको प्रशंसा गर्न चाहन्छु ।

तपाईंहरूलाई अलिअलि शङ्का थियो होला, नेपालका राजनीतिक दलहरू, नेपालको सरकार, नेपालको संविधानसभाका सदस्यहरू, नेपालका राजनीतिक पार्टीका नेताहरू बहिरा छन् कि भन्ने तर ती बहिरा छैनन्, कान सुन्छन् भन्ने कुरा संविधानका प्रावधानहरूबाट तपाईंहरूले थाहा पाइसक्नु भएको हुनुपर्छ । त्यहाँ एनआरएनका मागहरूलाई सम्बोधन गरिएको छ, एनआरएनले उठाएका कुराहरू पूरा गरिएका छन् । मलाई लाग्छ, संविधानको धारा १४ मा यहाँहरूले उठाउनुभएको कुरा जस्ताको तस्तै राखिएको छ । यहाँहरूले भन्नुभएको थियो - एकपल्टको नेपाली, सधैको नेपाली, त्यो सदर भएको छ । नेपालीहरूले आफ्नो देशमा आफ्ना अधिकारहरू, सामाजिक अधिकारहरू, सांस्कृतिक अधिकारहरू प्राप्त गर्नुपर्छ भन्ने मागहरू पूरा भएका छन् । म दावाका साथ भन्छु, यहाँहरूका माग पूरा भएका छन् र म यहाँहरू सबैलाई यस सन्दर्भमा पनि बधाइ भन्न चाहन्छु ।

मान्छे सन्तुष्ट भयो भने प्रगति गर्दैन । कहींकतै असन्तुष्टिको कुरा प्रगतितर्फ उन्मुख हुने लक्षण हो । त्यसलाई म स्वागत गर्दछु ।

यतिबेला यहाँ तपाईंहरूको यो अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ । यो साताँै सम्मेलन, यस्तो बेलामा भएको छ, जतिबेला नेपालले एउटा ऐतिहासिक मोड लिएको छ, नयाँ मोड लिएको छ, नयाँ उचाइ लिएको छ । नेपाली जनताले आफूबाट निर्वाचित प्रतिनिधिहरूद्वारा संविधानसभाको माध्यमबाट आफैँ संविधान बनाउने जुन सपना लामो समयदेखि देखेको थियो, त्यो पूरा भएको छ । सपनाको कुरा गर्दा अघि एकजना मित्रले भन्नुभएको थियो - निदाएको बेला देखेको सपना होइन, जागेका बेला सचेत मनले आन्दोलनका मैदानमा देखेको जुन सपना हो त्यो पूरा भएको छ । संविधानसभाले संविधान जारी गरेको छ । कस्तो संविधानसभाले ? तपाईंहरू संसारका विभिन्न कुनाबाट यहाँ आउनुभएको छ । म स्पष्ट पार्न चाहन्छु - भ्रमहरू, अन्योलहरू पनि यताउता हुन सक्दछन् । अन्योलमा हुनुपर्ने कुनै आवश्यकता छैन । अत्यन्तै

व्यापकरूपमा जनताद्वारा निर्वाचित जनप्रतिनिधिद्वारा निर्माण भएको छ । समानुपातिक, समावेशी प्रतिनिधित्वबाट भएको छ । इन्द्रेणी भनूँ भने सात रङ मात्र हुन्छ, महाइन्द्रेणी संविधान बनेको छ । अत्यन्तै लोकतान्त्रिक ढङ्गले गठित संविधानसभाले अत्यन्तै लोकतान्त्रिक विधि र प्रक्रियाबाट संविधान जारी गरेको छ । संविधानसभाले दुनियाँका अगाडि हामीले गर्व गर्नसक्ने, धक फुकाएर बहस गर्नसक्ने लोकतन्त्रका विश्वव्यापी लोकतान्त्रिक मूल्य मान्यताहरूको उचाइमा रहेको संविधान जारी गरेको छ । संविधानले जनतालाई नयाँ युगमा पुऱ्याएको छ, जनतालाई सार्वभौमसत्तासम्पन्न बनाएको छ ।

नेपालमा यसभन्दा अगाडि पनि संविधान थिए, तर संविधानसभाबाट यति व्यापक प्रतिनिधित्वको, यति धेरै सहभागिताको, यतिधेरै समावेशिताको संविधान बनेको थिएन । त्यसैकारण जनता संविधानसभाबाट संविधान बनाउन चाहन्थे । जनताको त्यो चाहना पूरा भएको छ । राजनीतिक हिसाबले भन्ने हो भने लोकतान्त्रिक प्रणाली, कानुनको शासन, लोकतन्त्रका विश्वव्यापी मान्यता, शक्ति पृथकीकरणको सिद्धान्त, लोकतन्त्रका अरू विभिन्न मूल्यमान्यताहरू, स्वतन्त्र न्यायालय, मानवअधिकारको प्रत्याभूतिसमेतका कुराहरूलाई प्रत्याभूत गर्दै संविधान जारी भएको छ । संविधान जारी भएपछि विगतदेखि समाजमा रहेका असमानता र विभेदहरूको अन्त्य गर्दै सामाजिक न्याय र समानताको स्थापनाका लागि देश अगाडि बढेको छ । हामी विविध जातजाति, विविध भाषाभाषी भएका विविधताले युक्त देशमा ती विविधतामा सबैले आफ्नो अनुहार संविधानमा देख्ने गरी राष्ट्रिय पहिचानसहितको, देशअनुसारको पहिचानसहितको साझा राष्ट्रिय गौरवयुक्त पहिचानसहितको संविधान बनेको छ । सबैको अपनत्वबोध हुने संविधान बनेको छ । राष्ट्रिय एकतालाई सुदृढ गर्ने संविधान बनेको छ ।

नेपाल प्राकृतिकरूपले यति सुन्दर छ, साधनस्रोतले यति सम्पन्न छ, अनि हामी नेपाली त्यत्तिकै मेहनती पनि छौँ । लड्न पऱ्यो भने पनि अरूले नेपालीलाई छान्छन् । आजदेखि होइन यो, सन् १८२५ देखि नै हो । कुनै काम गर्नुपऱ्यो भने पनि नेपालीलाई छानिन्छ । ठूलो काम कि सानो काम भन्नेमा नेपालीले धेरै महत्व दिँदैन, तर काममा इमान्दार छ, त्यसै कारण आज दुनियामा जहाँ गएपनि नेपाली श्रमिकलाई बढी प्राथमिकता दिइने गरेको छ । नेपाली जनता इमानदार र मेहनती भएकैले त्यस्तो भएको हो । त्यस्ता जनता भएको देश, यत्रा साधनस्रोतहरू भएको देश गरिब हुनु अत्यन्तै नसुहाउने कुरा हो । अब नेपाल

समृद्धिको बाटोतर्फ अगाडि बढ्ने नयाँ चरणमा प्रवेश गरेको छ । हामी सबै मिलेर यो मुलुकलाई समृद्ध बनाउनैपर्छ ।

यसबेला नेपाली जनता विपदमा छन् । विनाशकारी भूकम्पले ८ लाख घर भत्किएका छन्, ८ हजार विद्यालयहरू ध्वस्त अवस्थामा छन् । हाम्रा पुराना गौरवपूर्ण, कलात्मक, ऐतिहासिक र धार्मिक आस्था एवम् विश्वासका धरोहरहरू ध्वंस भएका छन् । यही समयमा तपाईंहरूको सम्मेलनको आयोजना भएको छ । त्यसकारण पनि यो सम्मेलन महत्वपूर्ण छ ।

म किन हो किन दुःखलाग्दो परिस्थिति देखिरहेछु । बाटोमा हिँड्दा सिलिन्डरका लाइन हुन्छन्, गाडीका लाइन हुन्छन्, मोटरबाइकका लाइन हुन्छन् । के गर्‍यौं हामीले, के बिराएँ हामीले ? सोध्ने हो भने पशुपतिनाथले पनि भन्दैनन् । नाकाबन्दी छ भन्दा छैन रे, छैन भन्दा केही पनि आउँदैन । यस्तोबेलामा तपाईंहरूले विश्वभरबाट जम्मा भएर काठमाडौँमा यो सम्मेलन गर्नुभएको छ । यस अर्थमा पनि यो सम्मेलन महत्वपूर्ण छ ।

नेपाल सर्वोच्च शिखर सगरमाथा भएको देश हो । यो गौतम बुद्ध जन्मेको देश हो । यो टाढैबाट पनि देख्न सकिने देश हो । मैले धेरै ठाउँमा धेरैपल्ट भन्ने गरेको छु - एउटा हाइट भएको चीजलाई टाढैबाट देख्न सकिन्छ, एउटा लाइट भएको चीजलाई टाढैबाट देख्न सकिन्छ । सगरमाथा पनि हामीसँग छ, बुद्ध पनि हामीसँग छन् । इन्लाइटेनमेन्टका कुरा गर्ने हो भने पनि २ हजार ६ सय वर्ष अगाडिदेखिको बौद्धिकता, विश्वलाई शान्तिको सन्देश दिने बौद्धिकता हामीसँग छ । हाम्रा पुर्खाहरू जतिखेर तारा गनेर बस्थे, जतिखेर ग्रहहरू कस्ता छन्, नक्षत्रहरू कस्ता छन् गनेर बस्थे । कहिले ग्रहण लाग्छ, सूर्य कहिले उदाउँछ, शुक्र कहिले अस्ताउँछ, बृहस्पति कता छ, योगिनी कहाँ पुगेको छ ? आदि कुराहरूको हिसाब गरेर हाम्रा पुर्खा बस्थे । त्यतिबेला आजको विकसित दुनिया कहाँ थियो ? मैले भनिरहनुपर्दैन । लिपि, अङ्क, अक्षर, आयुर्वेद, औषधिविज्ञान आदि कुराहरूको राम्ररी विकास भइरहँदा आजको विकसित दुनिया कहाँ थियो ? म धेरै भनिरहन चाहन्न । केही कारणले हामी पछि पर्‍यौं, तर म नेपाल सरकारको प्रतिनिधिको हिसाबले भन्न चाहन्छु, अब नेपाल पछाडि पर्न तयार छैन, पछाडि पर्न मान्दैन । नेपाललाई अगाडि बढाउनुपर्छ । त्यसका निम्ति म सबैमा हार्दिक अनुरोध गर्न चाहन्छु ।

तपाईंहरूलाई लाग्ला - एमाले र काङ्ग्रेस फेरि सत्तापक्ष र प्रतिपक्ष भए भन्ने । चुनावमा कहिलेकाहीँ त्यस्तै त्यस्तै हुन्छ । चुनाव सिद्धिएपछि सबै सिद्धिन्छ । फेरि हामी सँगै हुन्छौँ, फेरि हामी सँगै रहनेछौँ । नेपाली काङ्ग्रेस नेपालको लोकतान्त्रिक आन्दोलनमा, नेपालको लोकतान्त्रिक जागरणमा, परिवर्तनमा महत्वपूर्ण भूमिका खेलेको पार्टी हो । आज राष्ट्र अप्ठ्यारोमा परेको बेला र राष्ट्रलाई नयाँ ढङ्गले अगाडि बढाउने सङ्कल्प हामीले गरिरहेका बेला नेपाली काङ्ग्रेसले डिलमा बसेर टीकाटिप्पणी गर्न मिल्दैन । म सुशील कोइरालाजीलाई आग्रह गर्न चाहन्छु - एकापट्टिको जुवा म बोक्छु, एकापट्टिको जुवा सुशीलजी बोक्नोस् । तपाईंहरूलाई म विश्वास दिलाउन चाहन्छु, कुनै सस्तो व्यापार गर्न खोजिएको छैन । कुनै सानातिना कुखुरा, बाख्रा दिएर नेपाली काङ्ग्रेसलाई अल्मल्याउन चाहेको होइन, हात्ती, घोडा जे चाहिएको छ लिनोस्, सँगै बसेर काम गरौँ । अलिक समयसम्म हाम्रो प्रतिस्पर्धालाई देशले धान्न गाह्रो छ । हाम्रा प्रयासहरू, हाम्रा सङ्कल्पहरूका निम्ति सत्तापक्ष र प्रतिपक्षका व्यवहारहरू देशलाई अगाडि बढाउन अलि अप्ठ्यारो पार्नसक्ने खालका हुनसक्छन् । त्यसकारण सँगै जाऔँ, मिलेर जाऔँ, म आग्रह गर्न चाहन्छु । म यहाँहरूलाई स्पष्ट पार्न चाहन्छु, अहिले मैले भनिरहेको कुरो सफल हुनेछ र हामी फेरि सरकारमा सँगै हुनेछौँ । म मरीच दिएर हुन्छ कि, सुपारी दिएर हुन्छ कि, पान दिएर हुन्छ कि, मिठाई चढाएर हुन्छ कि नेपाली काङ्ग्रेसलाई सरकारमा आउन हार्दिक निम्तो गर्न चाहन्छु । सँगै देश बनाऔँ, मेरो हार्दिक आग्रह छ ।

केही ठाउँमा संविधानका विषयलाई लिएर केही असन्तुष्टिजन्य कुराहरू सुनिएका छन् । ती धेरै ठूला कुरा होइनन् । मैले कहिलेकाहीँ भन्ने गरेको छु - साथीहरू झोला माग्छन्, झोला दिइयो । अनि फेरि हात्ती किनिदेऊ भन्छन्, हात्ती पनि दिइयो । त्यसपछि फेरि त्यो झोलामा हात्ती हालिदेऊ भन्छन् । त्यस्तो त कसरी हुन्छ ? सबै अट्ने कुराहरूलाई अटाइन्छ तर नअट्ने कुराहरूलाई कसरी अटाउने ? सबै हुने र गर्नसकिने जति माग पूरा गरिन्छन् । आउनोस्, किन बाहिर बस्ने ? बाहिर बसिरहनुपर्ने आवश्यकता छैन । दशगजाको पुलमा बसेर नेपाली जनतालाई दुःख दिएर कुनै अर्थ हुँदैन । म भन्न चाहन्छु - आउनोस् तपाईंहरूका मागलाई सम्बोधन गरिनेछ, यथोचित ढङ्गले । आउनुहोस्, सम्वादको बाटोबाट जाऔँ । पुलमा बस्नुभएको छ, पुलले के सुन्छ, के सम्वाद

गर्छ ? सरकारको तर्फबाट म भनिरहेको छु, आउनुहोस् - रेड कार्पेट ओछ्याएर स्वागत गर्छु, कुराकानीका लागि । मलाई विश्वास छ - उहाँहरू आउनुहुनेछ ।

नेपालको संविधान भर्खर बनेको छ । तपाईंहरूले हेरिसक्नु भएकै होला । यो सम्मेलन सकिएपछि तपाईंहरू फेरि विदेशतिरै लाग्नुहुनेछ । त्यहाँ विदेशमा पनि तपाईंहरूलाई सोधिनेछ हाम्रो संविधानका बारेमा । तपाईंहरू ढुक्कले भन्न सक्नुहुनेछ हाम्रो संविधानको बारेमा । तपाईंहरू गएका, तपाईंहरू बसेका देशमा महिलालाई ३३ प्रतिशत आरक्षण गर्ने व्यवस्था संविधानमा छैन, तर नेपालमा ३३ प्रतिशत महिला आरक्षण छ, स्थानीय निकायमा ४० प्रतिशत आरक्षण छ । यो हामीले ओठेभक्तिका कुरामात्र गरिरहेका छैनौँ । रोल्पामा जन्मी हुर्किएकी एउटा गाउँकी ३८ वर्षीय मगर महिला आज देशको सभामुखजस्तो अत्यन्त गरिमामय पदमा पुग्नु भएको छ । सर्वसम्मतिले उहाँ आउनुभयो । अर्को सुन्दरता तपाईंहरू देख्न सक्नुहुन्छ, सायद तपाईंहरू कसैले नाम सुन्नुभएको छैन होला, सप्तरीका गङ्गा यादव उपसभामुखको गरिमामय पदमा निर्वाचित हुनुभएको छ । यो हो नेपाल, यो हो नेपालीको वास्तविकता । यो हो वास्तविक नेपालीको बाटो । अझ पनि हेर्दै जानुहोस्, यस्ता सकारात्मक कदमहरू कसरी अगाडि बढ्दै जान्छन् ।

नेपालमा राष्ट्रिय सभामा प्रदेशहरूले आफ्ना प्रतिनिधिहरू पठाउँछन्, त्यसमा तीनजना महिला अनिवार्य रूपमा पठाउनुपर्छ, बाँकी छँदैछ । एकजना पहिलेका दलित भनिएका समुदायबाट पठाउनुपर्छ । एकजना शारीरिकरूपमा अशक्त भएका, अपाङ्गता भएका व्यक्तिहरूबाट पठाउनुपर्छ । संसारका संविधानमा अपाङ्गता भएका व्यक्तिलाई पठाउने व्यवस्था सायद छैन । त्यो कुरा गर्वसाथ हामी भन्न सक्छौँ । हाम्रो संविधानले ४५ प्रतिशत आरक्षणको व्यवस्था गरेको छ ।

कसैकसैले भन्छन्, अलिक समानता भएन । हामीले पछाडि परेका समुदायलाई अगाडि बढाउनका निम्ति विशेष व्यवस्था गरेका छौँ, आवधिक व्यवस्था गरेका छौँ । आरक्षण भनेको महिलाहरूको ३३ प्रतिशत विशेष व्यवस्था हो । त्यसमा अरूले प्रतिस्पर्धा गर्नै पाउँदैन । त्यो भेदभाव होइन, त्यो विशेष व्यवस्था हो - महिलाहरूलाई अगाडि बढाउनका लागि, महिलाहरूको सशक्तीकरणका लागि, महिलाको सामाजिकीकरणका लागि । दलितहरूका निम्ति आरक्षण र अरू आरक्षणहरू भेदभाव होइनन्, विशेष व्यवस्थाहरू हुन्, आवधिक व्यवस्थाहरू हुन् । पछाडि परेको समाजको हिस्सालाई अगाडि

बढाउनका निम्ति यस प्रकारले ४५ प्रतिशत आरक्षण गरिएको छ । ४५ प्रतिशत आरक्षणमा पर्ने कुनै पनि समुदायले ५५ प्रतिशत खुल्ला प्रतिस्पर्धामा भाग लिन पाउँछ । सबैले ४५ प्रतिशत आरक्षणमा भाग लिन पाउँदैनन्, तर ४५ प्रतिशत आरक्षणमा भाग लिनेले, त्यो समुदायमा पर्नेले पनि ५५ प्रतिशतमा भाग लिन पाउँछ ।

एउटा कुरा आएको छ - नागरिकताको सवालमा किन महिला र पुरुषलाई भिन्नता गरियो भन्ने । बराबर गरिएको हो, महिला र पुरुषलाई; बिल्कुल बराबर । बिल्कुल बराबर गरेपछि हाम्रो नीति महिलालाई विशेष प्राथमिकता दिइनेछ, त्यसैकारण महिलालाई विशेष छुट दिइयो अनि कहाँ विभेद भयो ? बुहारी ल्याउँदा र छोरीले ज्वाइँसँग बिहे गर्दा उस्तै अधिकार हुनुपर्छ भन्ने कुरा एउटा चर्चामा छ । हाम्रो प्रचलनमा बुहारी ल्याइन्छ, ज्वाइँ ल्याइँदैन । यो कुरा हजारौँ वर्षदेखिको हाम्रो सामाजिक प्रचलनमा चलिआएको हो । बुहारी बिहे गरेर ल्याएपछि तत्क्षणबाट परिवारको सदस्य हुन्छिन् । सम्पत्तिमा उनको हक लाग्छ । सम्पत्तिमा हक लाग्ने भएकाले सम्पत्तिको हक उपभोग गर्न नागरिकता तत्काल चाहिने बित्तिकै दिनुपर्छ । सम्पत्तिको हकदार भएपछि नदिने भन्नै मिल्दैन । कसैकी छोरी कसैले बुहारी बनाएर ल्याउँदा श्रीमान्को, ससुराको अथवा उसले विवाह गरेको घरको सम्पत्तिमा हक लाग्छ, तर कसैको छोराले कसैको छोरीसँग बिहे गर्दा ससुरालीको, सालीको, श्रीमतीको सम्पत्तिमा हक लाग्दैन । यो हाम्रो नेपालको प्रचलन हो । अब बराबरी नै चाहिन्छ भने दुइटैलाई बराबरी गरियो अनि महिलालाई प्राथमिकता दिइयो त के बिग्रियो ? त्यसैले महिलाले अलिकति प्राथमिकता पाउँछन् । यसभित्र हामीले भन्न नसकिने खालका कुनै कुराहरू छैनन् । मानवअधिकारको प्रश्न होस् वा अरू प्रश्नहरू होऊन्, शायद संसारको कुनै संविधानमा मौलिक हकका ३३ वटा धारा लेखिँदैन होला । ३३ वटा धारा मौलिक हकका छन्, उपधारा, दफा त कति हो कति ! अरू विभिन्न देशका संविधानहरू पनि कम्प्युटर खोलेर हेर्नुहोला । ३३ वटा धारा मौलिक हकमा हुँदैनन् तर नेपालमा छ ।

अब म धेरै समय लिन चाहन्न । हामी सहकार्य चाहन्छौँ । शिक्षा क्षेत्र, स्वास्थ्य क्षेत्र, औद्योगिकीकरणको क्षेत्र, व्यापारको क्षेत्र, निर्माणका क्षेत्रहरू वा सेवाका क्षेत्रहरू विभिन्न क्षेत्रहरूमा यहाँहरूले सहकार्य गर्न सक्नुहुन्छ । यहाँहरूका दश बुँदे प्रस्तावले जता सङ्केत गरेको छ, म त्यस सङ्केतलाई

स्वागत गर्न चाहन्छु । म यहाँहरूको यो सातौँ अन्तर्राष्ट्रिय सम्मेलन र साधारणसभा जसरी अत्यन्तै सफलताका साथ सम्पन्न भएको छ, यसका निम्ति यहाँहरू सबैमा पुनः हार्दिक बधाइ ज्ञापन गर्न चाहन्छु । एनआरएनले एनआरएनहरूलाई सङ्गठित गर्ने, सचेत गर्ने, एनआरएनहरूका बीचमा जुन राष्ट्रिय भावना छ, त्यसलाई एउटा सूत्रमा आबद्ध गर्ने कुरामा र देशको सेवाका निम्ति काम गर्ने कुरामा आगामी दिनमा अझ ठूल्ठूला सफलताहरू प्राप्त गरोस्, नवनिर्वाचित नेतृत्वको कार्यकाल अत्यन्तै सफल रहोस्, हार्दिक शुभकामना ।

(२०७२ आश्विन ३० गते होटल सोल्टी, ताहाचलमा आयोजित गैर-आवासीय नेपाली महासङ्घको सम्मेलनको समापन समारोहमा गरिएको सम्बोधन)

४

सरकार तीव्र परिवर्तनमा दृढ

भर्खरै निवर्तमान हुनुभएका उपप्रधानमन्त्री वामदेव गौतमज्यू, सम्पूर्ण नेताज्यूहरू, भर्खरै निर्वाचित हुनुभएका एनआरएन अध्यक्ष शेष घलेज्यू, अन्य पदाधिकारीहरू र उपस्थित गैर-आवासीय सम्पूर्ण साथीहरू,

यो भेटघाट अत्यन्तै खुसीयालीपूर्ण भएको मैले महसुस गरेको छु । यहाँहरूलाई प्रधानमन्त्री निवासमा हार्दिक स्वागत गर्न चाहन्छु । एनआरएनका अध्यक्षज्यू लगायत सिङ्गो टिमलाई र सम्पूर्ण गैर-आवासीय नेपाली साथीहरूलाई हामी सबैको तर्फबाट हार्दिक स्वागत छ ।

मैले हिजै यहाँहरूका बीचमा केही कुराहरू राख्विसकेको छु । यहाँहरूले खेल्नुभएको सकारात्मक भूमिकाको प्रशंसा गरेको छु र फेरि पनि प्रशंसा गर्न चाहन्छु । यहाँहरूको थप सक्रिय भूमिकाको नेपालले अपेक्षा गरेको छ । म त्यो अपेक्षा फेरि यहाँहरूलाई स्मरण गराउन चाहन्छु ।

अहिले अलिकति कन्फ्युजन भयो- राहत रकम प्रधानमन्त्री राहत कोषमा कि आइसिसीमा दिएको भन्ने । यसले केही गर्दैन, तपाईं दाहिने पट्टिबाट थालमा हाल्नुहुन्छ कि देब्रे पट्टिबाट ? थाल त त्यही हो - कुन नामको कोषबाट तपाईं निर्माण कार्य गर्नुहुन्छ, त्यसले केही फरक पार्दैन । नेपाली जनतालाई राहत, सहुलियत चाहिएको छ । घर भत्किएका छन्, आवास चाहिएको छ । विद्यालय भत्किएका छन्, विद्यालय चाहिएको छ । अनि निर्माता को, कुन संस्थाको माध्यमबाट भन्ने कुरा अरूलाई मतलब होला, तर घरमा बस्नेलाई त्यसको के मतलब ? घर चाहिएको छ, बस् त्यत्ति हो ।

हिजो एउटा हल्ला चलाइयो, अभियान नै जस्तो गरी हल्ला चलाइयो - नेपाल सरकारले स्रोतको सदुपयोग गर्दैन, ठीक ढङ्गले चलाउँदैन भन्ने । भ्रमपूर्ण हल्लाहरू भए । म के विश्वास गर्छु भने कमसेकम तपाईंहरू त्यस्ता कुरामा विश्वास गर्नुहुन्न । नेपाल सरकार एउटा आधिकारिक, आफ्नै प्रणाली भएको संस्था हो । यसको जनताप्रति जवाफदेहिता छ, जिम्मेवारी छ । कानुनको पालना यसको अनिवार्य सर्त हो । कानुनको पालना यसले गर्छ । अलिअलि गुनासो पनि छ, विलम्ब भइरहेको छ भन्ने । त्यस्तो हुनसक्दछ, तर तपाईंहरूलाई म भन्न चाहन्छु - अब पुनर्निर्माणको कामलाई बिनाविलम्ब तीव्र गतिका साथ अगाडि बढाइनेछ । पुनर्निर्माणको कामलाई पूर्णपारदर्शिताका साथ अगाडि बढाइनेछ, कुनै प्रकारको तलमाथि हुँदैन, हुन दिइँदैन । गरिब नेपाली जनता, अभरमा परेका नेपाली जनताको निम्ति आएको रकमको अत्यधिक सदुपयोग हुनेछ । हाम्रा दातृ संस्थाहरू, राष्ट्रहरू जसले प्रतिबद्धता जनाउनुभएको छ, उहाँहरूलाई पनि आश्वस्त हुन म आग्रह गर्न चाहन्छु । त्यसमा कुनै प्रकारको द्विविधा मान्नुपर्ने, शङ्का गर्नुपर्ने अवस्था छैन, रहँदैन ।

नेपाल नयाँ युगमा प्रवेश गरेको छ । अघोषित नाकाबन्दीले पेट्रोलियम पदार्थहरू - इन्धन, ग्याँसजस्ता कुराहरूको आपूर्तिमा भएको कठिनाइका कारण हामीले देश नयाँ युगमा प्रवेश गरेको कुरा अनुभूत गराउन सकिरहेका छैनौँ । नाकाबन्दीको कठिनाइ अस्थायी घटना हो । अहिले धेरै तर्क वा बहस गर्नु भन्दा, प्राप्त उपलब्धिहरूको रक्षा गर्ने, तिनलाई अगाडि बढाउने र देशलाई आर्थिक उन्नतिको दिशामा तीव्रताका साथ अगाडि बढाउने आवश्यकता छ । हाम्रा शताब्दीहरू त कुरैकुरामा बित्ने गरेका छन् तर अब कुरैकुरामा शताब्दी बिताउन मिल्दैन । हामी शताब्दी त के वर्ष, महिना र दिन पनि कुरैकुरामा बिताउने पक्षमा छैनौँ ।

६५ वर्ष अगाडिसम्म हामी अँध्यारो युगमा थियौँ । एकातिर जहानियाँ राणाशासन, अर्कातिर सामन्ती राजतन्त्रात्मक निरङ्कुशतन्त्र । अधिकारविहीन हामी जनता दोहोरो मारमा थियौँ । बितेका ६५ वर्षमा हामीले केही क्षेत्रहरूमा प्रगति गरेका छौँ । संविधानसभाबाट संविधान बनेको कुराले राजनीतिक क्षेत्रमा, खासगरी अधिकारको क्षेत्रमा भन्ने हो भने असाधारण उपलब्धिहरू हासिल भएका छन् । सामाजिक क्षेत्रमा सामाजिक न्यायका मूल्य र मान्यताहरू व्यावहारिक रूपमा स्थापित भएका छन् । अब आर्थिक उन्नति हामीले प्राप्त गर्नुपर्नेछ, जो

सबभन्दा चुनौतीपूर्ण कुरा छ । यी चुनौतीमाथि भूकम्पबाट अतिरिक्त अप्ठ्यारो थपियो । संविधानपछि जसरी तीव्रताका साथ उन्नतिको काममा लाग्छौँ भन्ने थियो, भूकम्पले भत्काइदिएका घर, विद्यालय, मठमन्दिरहरू, मस्जिदहरू, पुरातात्विक महत्वका धरोहरहरूको अवस्थाले एउटा ठूलो धक्का महसुस गर्ने अवस्थामा पुऱ्याएको छ । यस अवस्थाबाट फेरि पनि हामीले देशलाई अगाडि बढाउनुछ । हामी यो वा त्यो नाममा वा कुनै बहानामा कुनै प्रकारको बाहाना बनाउन चाहँदैनौँ ।

हामीलाई काम गर्नुछ, हामी काम गर्छौँ । हामीलाई सकारात्मक परिवर्तन ल्याउनुछ, जनताको जीवनमा अनुकूल परिवर्तन ल्याउनुछ-ल्याउँछौँ । जनताका निम्ति हामीले नयाँ-नयाँ विकासका कामहरू गर्नुछ, संरचनाहरू निर्माण गर्नुछ । हामीले त्यो प्रारम्भ गरिसकेका छौँ ।

सबैलाई थाहा होला, मैले प्रधानमन्त्री भएर पहिलो हस्ताक्षर गर्दा नेपालमा तुइन-युग समाप्त गर्छु भनेर घोषणा गरेँ । झण्डै पौने दुइसय वटा तुइनहरू नेपालका विभिन्न स्थोलामा छन्, त्यहाँ तार समातेर तर्ने कति मान्छे स्वसेर मर्ने गरेका छन् । त्यसप्रकारको स्थितिलाई अन्त्य गर्ने घोषणा गरेको छु र दुई वर्षभित्र नेपाल तुइन मुक्त हुनेछ । पुनर्निर्माणको कुरामात्रै होइन, पुनर्निर्माणभन्दा बाहिर पनि सुरक्षित र नयाँ बस्तीहरूको विकास गर्छौँ । पहाडमा, भुइँचालोले नोक्सान नगरेका ठाउँहरूमा र अरू ठाउँहरूमा पनि ती निर्माणहरू हुन्छन् । हामी हजारौँको सङ्ख्यामा त्यस्ता आवासहरू बनाउँछौँ । कमसेकम बस्न लायकका घरहरू, कम्तीमा १ हजारभन्दा बढी घर भइसकेपछि त्यहाँ हामीलाई विद्यालय चाहिन्छ, अस्पताल चाहिन्छ । त्यहाँ हामीलाई एउटा बजार चाहियो, सुरक्षा निकाय चाहियो, सामुदायिक हल चाहियो । त्यहाँ अरू प्रकारका तालिम दिने ठाउँहरू चाहिए र ती मान्छेहरूलाई काम दिनका निम्ति उद्योग स्थापना गर्नुपऱ्यो । ती उद्योगहरूका लागि हामीले तालिम दिनुपऱ्यो । यस प्रकारका एकीकृत कार्यक्रमहरू हामी सञ्चालन गर्छौँ, जसबाट जनताको जीवनमा सीप विकासका कुराहरू, शिक्षाका कुराहरू अगाडि बढ्छन् ।

चेतनाको कमीले भएका सुविधाहरूको उपयोग हुन नसकिरहेको अवस्था छ । उदाहरणका लागि म भन्न चाहन्छु - कास्की जिल्ला अन्नपूर्णको फेददेखि, माछाच्युछेको फेददेखि नै फैलिएको छ । दुर्गम ठाउँ भएपनि त्यहाँ साक्षरता प्रतिशत वा शिक्षाको स्तर हेऱ्यो भने धेरै छ । अर्कोतिर सर्लाही जिल्लासम्म

छ, नजिकै नजिकै विद्यालयहरू छन्, तर साक्षरताको प्रतिशत धेरै तल छ । भएको सुविधा पनि जनतामा रहेको अचेतनताको कारणले सही उपयोग हुन सकिरहेको छैन । त्यसकारण हामीले त्यसलाई उपयोग गर्न चेतना अभिवृद्धि कसरी गर्नसक्छौँ, चेतनातर्फ उनीहरूलाई कसरी आकर्षित गर्नसक्छौँ, सुविधा उपलब्ध गराउने र उपलब्ध सुविधालाई अधिकतम प्रयोग गर्ने तहमा जनतालाई पुऱ्याउन कसरी लाग्छौँ ? यी चेतना अभिवृद्धिसँग गाँसिएका कुराहरू हुन् । हामीले एकातिर समावेशी समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरेका छौँ, तर यसमा प्रतिस्पर्धी क्षमताको वृद्धि गरेनौँ भने, शिक्षा र सीप विकासको अभिवृद्धि गरेनौँ भने, सामाजिकीकरण र सशक्तीकरणका ठोस प्रयासहरू अगाडि लगेनौँ भने फेरि यी प्रयासहरू सफलताका साथ अगाडि बढ्न सक्दैनन् ।

नेपाल सरकार केही गर्ने, ठोस काम गर्ने र मुलुकको अवस्थामा तीव्र परिवर्तन ल्याउने कुरामा दृढ इच्छा राख्दछ । यसमा यहाँहरूको साथ सहयोग हुनेछ, मैले विश्वास लिएको छु । तपाईंहरूको १० बुँदे काठमाडौँ घोषणापत्रलाई म स्वागत गर्न चाहन्छु । यस सम्बन्धमा हामी थप छलफल गर्छौँ । लगानीमैत्री वातावरण आन्तरिक वा बाह्य, एनआरएन वा गैर-एनआरएन समेतका निम्ति हामी निर्माण गर्छौँ । त्यसका निम्ति कहाँकहाँ केके गर्नुपर्नेछ, हामी यहाँहरूका पनि रायसल्लाह लिएर काम गर्नसक्छौँ । शिक्षा, स्वास्थ्य, पर्यटनलगायत अन्य क्षेत्रका संरचनाहरूको निर्माणसमेतका कुरामा हामी यहाँहरूसँग सहकार्य गर्नसक्छौँ । यहाँहरूको कार्यसमितिले महत्वपूर्ण निर्णय गर्नेछ, पहल गर्नेछ, र गति लिनेछ भन्ने विश्वास मैले लिएको छु ।

मैले यहाँ साथीहरूलाई दुःख दिनुको अर्थ यहाँहरूप्रति सम्मान व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्नका निम्ति हो । पुनः एक पटक अध्यक्ष र पदाधिकारी सबै साथीहरूलाई बधाइ ज्ञापन गर्दै स्वागत गर्न चाहन्छु । यहाँहरूको कार्यकाल सफल हुनेछ, सबैलाई शुभकामना ।

(२०७२ कार्तिक १ गते प्रधानमन्त्री निवास बालुवाटारमा एनआरएनका नवनिर्वाचित पदाधिकारीहरूको सम्मानमा आयोजित चियापानमा व्यक्त गर्नुभएको मन्तव्य)

५

हामी हाम्रो बोटबाट आँप नभ्करोस् भन्ने चाहन्छौं

सम्पूर्ण अतिथि तथा प्राज्ञ साथीहरू, नेपाल प्रज्ञा प्रतिष्ठानको ३० औँ प्राज्ञसभा प्रारम्भ भएको अवसरमा म यस सभाको पूर्ण सफलताको निम्ति हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

एउटा राष्ट्रको रूपमा उभिन धेरे चीजहरू चाहिन्छन् । राष्ट्रलाई राष्ट्रको रूपमा बुझ्न, समय कुन समय हो भनेर जानकारी पाउन, बाटो कुन बाटो हो भनेर थाहा पाउन, हाम्रो इतिहास के हो, वर्तमान के हो र कता जाने हो भन्ने कुरा बताउन त्यति सजिलो छैन । ठीक ढङ्गले त्यही कुरा बताइयो भने ठीक मार्गमा अगाडि बढिन्छ, त्यसैमा भ्रम पैदा भयो भने बेठीक बाटोमा लागिन्छ । हाम्रो देश ठीक बाटोमा नै अगाडि बढेको छ । यसरी ठीक बाटोमा अगाडि बढ्नका लागि नेपाल प्रज्ञा प्रतिष्ठानजस्ता संस्थाको असाधारण योगदान रहेको छ । त्यो साहित्यको क्षेत्रबाट होस् वा दर्शन, कला र संस्कृतिको क्षेत्रबाट । पछिल्लो समयमा आएर हामीले अरू पनि केही प्रतिष्ठान निर्माण गरेका छौं, तर मूल संस्था यही हो र यसले कला, साहित्य र भाषाको क्षेत्रमा अनेक प्रकारका कामहरू, अत्यन्तै सकारात्मक योगदान पुग्ने खालका कामहरू गरेको छ । तिनै राम्रा कामहरूलाई प्रोत्साहित गर्नका लागि यसले विभिन्न पुरस्कारहरूको समेत व्यवस्था गरेको छ । जसको खास अर्थ छ, खास महत्व छ र त्यसबाट धेरै प्राज्ञ, विद्वान्हरू सम्मानित हुनुभएको छ । यसले अरू पनि धेरैलाई प्रेरणा प्रदान गरेको छ ।

एक शताब्दी भन्दा छोटो अवधिमा हाम्रो देशमा जहानियाँ राणा शासन पनि रह्यो, सामन्ती राजतन्त्रात्मक प्रणाली पनि रह्यो जसमा जनता अधिकारविहीन थिए, नेपाल आधुनिक युगमा प्रवेश गर्न पाएको थिएन । त्यही समयमा

इतिहासको गजबको व्याख्या हुने गरेको थियो, वास्तवमा त्यो भ्रमपूर्ण व्याख्या थियो । यहाँका शासकहरू त सूर्यवंशी, चन्द्रवंशी हुन्छन् रे ! सूर्यका सन्तान, चन्द्रका सन्तान रे ! आमजनतालाई भ्रममा पार्ने गरी त्यति हदसम्मको भ्रमको खेती हुने गर्थ्यो ।

तर, यी विगतका वर्षहरूमा नेपाल ठीक बाटोमा अगाडि बढेको छ । आज आएर नेपाली जनताको चेतना र सङ्घर्षबाट धेरै उपलब्धिहरू हासिल भएका छन् । तिनलाई संरक्षण गर्ने काममा अनेक उतारचढावका बाबजुद यसपल्ट हामीले संविधानसभाबाट संविधान पाएका छौं । जनताका हकअधिकारहरू संस्थागत भएका छन् । लोकतान्त्रिक मूल्यमान्यताहरू स्थापित भएका छन् । केही नयाँ मूल्य, मान्यताहरू स्थापित हुन खोजेका छन् । त्यस क्रममा कतिपय भ्रम, अन्योल पनि मिसिन खोज्छन्, स्पष्ट हुन पनि समय लाग्छ ।

कहीँ पनि देश सर्वसम्मतिले अगाडि बढेको छैन, बढ्दैन । जहाँ पनि जो अगाडि बढेको छ, जो सचेत छ त्यसले विचारहरू प्रवाहित गर्छ, अरूले त्यसको आलोचना गर्छन् । केही समय लखेट्छन्, अलिकपछि त्यसमा सहमत हुँदै जान्छन् । चाहे फ्रान्सको कुरा गरौं, चाहे अन्य ठाउँका आधुनिक लोकतान्त्रिक मूल्यमान्यता, आधुनिक समाज अथवा जनताका अधिकारका प्रश्नहरूको कुरा गरौं, उहिलेदेखि नै हामीले मान्छेका समानताका चाहना र ती प्रयासहरूलाई हेर्‍यौं भने लामो इतिहासमा हामी यी कुराहरू बडो स्पष्ट ढङ्गले देख्न सक्छौं । चाहे बुद्धको समयको कुरा गरौं, चाहे शुक्रातका समयदेखिका कुरा गरौं, अथवा पछिल्लो अवधिका रूसो, भोल्टेयर, मन्टस्क्युहरूका कुरा गरौं, अथवा त्योभन्दा पनि पछिल्लो समयका कुरा गरौं वा कार्ल मार्क्सको समयका कुरा गरौं अथवा हाम्रो देशका कवि, साहित्यकारहरूले उठाएको चेतनाको एउटा लहरको कुरा गरौं ! राजनीतिक दलहरू बन्नुभन्दा अगाडिदेखि साहित्यकार हरूले, चिन्तकहरूले, दार्शनिकहरूले विचारकहरूले आफ्ना विचारहरू प्रस्तुत गरिसकेका थिए । नेपालमा पनि समानताका विचारहरू विभिन्न स्रष्टाहरूले प्रकट गरिसकेका थिए । जहाँ पनि हुने त्यस्तै हो । हाम्रो देशमा पनि त्यस्तै भएको थियो । त्यसरी असङ्गठित तवरमा हुँदा पनि चेतनाले नेतृत्व गरेको थियो । त्यसले समाजलाई झक्झक्याएको थियो । सचेत मान्छेका ती प्रयास पछि सङ्गठित हुँदै गए । ती राजनीतिक रूपमा आए, ती साहित्यिक, सांस्कृतिक र अन्य पक्षहरूसित जोडिएर अभियानकै रूपमा आए । सचेत मानिसकै बीचबाट

सङ्गठित हुने एउटा प्रक्रिया सुरु भयो । सङ्गठित प्रयासका लहरहरू सुरु भए, समाज लगातार अगाडि बढ्दै गयो र हामी अहिले यस ठाउँमा आइपुगेका छौं ।

यतिबेला हामीले देशको सङ्क्रमणकाल टुङ्ग्याएका छौं । लोकतान्त्रिक प्रणालीको स्थापना, सामाजिक न्याय र समानताको स्थापनासँगै सम्पूर्ण विभेदहरूको अन्त्यका लागि हामी संविधान जारी गरी त्यसको कार्यान्वयनको तहमा छौं । यो बेला समाधान नभएका केही समस्याहरू पनि छन् । सर्वसम्मतिले कहीँ पनि कुनै पनि विचार अगाडि बढेको हुँदैन । विचारमा भिन्नताहरू हुन्छन् । भिन्नतालाई स्वीकार गर्ने, सहने, भिन्न विचारलाई पनि सम्मान गर्ने कुरा नै लोकतन्त्रको विशेषता हो । यो कुरा हामीमा अलिकति थिग्रिसकेको छैन । लोकतान्त्रिक प्रणाली स्थापना गर्ने, ९०-९५ प्रतिशतले गरेको निर्णय नमान्ने अनि ४-५ प्रतिशतले भने अनुसार नै हुनुपर्ने ? लोकतान्त्रिक प्रणालीमा समस्याहरू पैदा भए भने तिनको समाधानको मुख्य आधार हुन्छ लोकतान्त्रिक विधि र प्रक्रिया । त्यस विधि र प्रक्रियालाई नमानेर म जे भन्छु, त्यही हुनुपर्छ भन्ने तानाशाही खालको अवस्था पनि देखिन्छ । यी कुराहरू बिस्तारै स्पष्ट हुँदै जानेछन् ।

मान्छेले सुख चाहन्छ, जैविक आवश्यकता पूरा होऊन् भन्ने चाहन्छ र सबै खालका मानवीय आवश्यकताहरू पूरा भएहुन्थ्यो भन्ने चाहन्छ । त्यस्तै, सामाजिक मर्यादा, हकअधिकार, उन्नति-प्रगतिको अवसर र निर्भयपूर्ण जीवन बाँच्ने चाहना मान्छेमा हुन्छ । मान्छेका यी सबै चाहनाहरूमा एउटाले अर्काको अधिकार उल्लङ्घन गर्न नपाओस् भन्ने कुरालाई ध्यान दिएर हामी अगाडि जान खोजिरहेका छौं । सबैका निम्ति विकास, सबैका निम्ति अधिकार, अवसर, सुरक्षा, सबैका निम्ति सम्मान भन्ने प्रणालीतिर हामी गइरहेका छौं ।

यतिबेला हामीले केही कुरामा अलिकति ध्यान दिनुपरेको छ । कतिपय मान्छेहरूले, अहिले पनि एउटा कुरालाई विवादको विषय बनाएका छन् । शाब्दिक खेलहरू भइराखेका छन् । यो राष्ट्र हो कि, एउटा राष्ट्र हो कि, बहुराष्ट्र हो कि, बहुराष्ट्रिय राष्ट्र हो ? अनि विविधतायुक्त जातीय राष्ट्र हो कि, बहुभाषिक राष्ट्र हो कि, बहुजातीय र बहुभाषिकता भनेकै बहुराष्ट्रियता हो कि ? बङ्गाली भाषाको प्रभावबाट हामीकहाँ त्यसप्रकारको प्रभाव परेको देखिन्छ । बङ्गाली भाषाका आफ्ना खालका शब्दावली छन् र हाम्रोमा धेरै बङ्गालीको प्रभाव पनि आएको छ । राष्ट्रियलाई जातीय भनिन्छ बङ्गालीमा । एथ्निकभन्दा पनि

एथ्निकको अनुवाद राष्ट्रिय भनेर गर्ने गरिन्छ । 'जातीय' भनेको उसको 'राष्ट्रिय' हो। अनुवादका त्यसखालका कुराहरूले पनि हामीकहाँ समस्या परेझैं लाग्छ । कसैले दुई राष्ट्र भन्ने, कसैले बहुराष्ट्र भन्ने । यस प्रकारका सोचहरू एउटाचाहिँ भ्रमपूर्ण हिसाबले, अर्कोचाहिँ आफू भ्रममा नपरीकन अरूलाई भ्रममा पार्नका लागि पनि प्रयासहरू भइरहेका छन् । यी कुराहरूमा तर्क दिनका निम्ति केहीले भन्छन् - पृथ्वीनारायण शाहले राज्यको एकीकरण त गरे तर राष्ट्रको एकीकरण भएन । राज्यको एकीकरण गरे तर सामाजिक एकीकरण भएन । स्तरीय बुद्धिको कुरा हो । धेरै 'हाइलेभल' तर्कको यथार्थमा कुनै पनि अर्थ छैन । यस्ता विषयमा मज्जाले कुरा गरिरहन सकिन्छ, खेलाइरहन सकिन्छ, फिटिरहन सकिन्छ । कुरा फिट्न काम लाग्छ तर यथार्थमा यो तार्किकतामा मात्रै जाने कुरा हो ।

भौगोलिक विविधता, वानस्पतिक विविधता, जैविक विविधता, त्यसले सामाजिकरूपमा पारेको विविध प्रभाव र नेपाली समाजको बनावट, यहाँको बनावटको इतिहास, नेपाली समाजको बनावट कसरी भयो, अहिलेको समाज जो हो, यसको इतिहास के हो भन्ने कुरा जस्ताको तस्तै भन्न पनि गाह्रो हुन्छ । को कुन समयमा कहाँबाट आएको थियो भन्ने कुरा भन्न पनि गाह्रो हुन्छ ।

डोटी राज्यअन्तर्गत कुमाउँ गढवाल पर्थ्यो । कुमाउँबाट आएको हुनाले मलाई अहिलेसम्म कुमाई भनिन्छ । यसको केही अर्थ छैन । मैले आफूलाई भन्नसक्ने भएँ, डोटी राज्यअन्तर्गत कुमाउँ गढवालको थिएँ, डोटी राज्यअन्तर्गत नभए पनि के हुन्थ्यो ? केही पनि हुन्नथ्यो । तर साँचो के हो भने डोटी राज्यअन्तर्गत थियो । को भारोपेली भयो, को खस भयो, को भोटबर्मेली भयो, को भोटतिरको तिब्बती भयो, कुन समयमा को कहाँबाट आयो भन्नेजस्ता कुरा गर्ने हो भने मान्छेलाई यथार्थमा पुग्न गाह्रो हुन्छ किनभने यहाँ त धर्तीपुत्र को हुने भन्ने समस्या छ । आदिवासीको गलत व्याख्या हुन थालेको देखेपछि मैले एकपटक भनेँ - एक हप्तामा घ्याम्पामा पलाएको जाँडको कीराजस्तो मान्छे हुँदैन । सबै मान्छे भनेका धर्तीका आदिवासी नै हुन् । यहाँको हो कि त्यहाँको हो, एक छिनमा फुत्त त निस्कँदैन नि ? त्यसैले मान्छे सबै आदिवासी हुन्छन् । आदिवासी नभए दश पुस्ताको मात्र मान्छे भेटिन्छ ? पाँच पुस्ताको भेटिन्छ ? दुई पुस्ताको मात्र भेटिन्छ ? या १ सय पुस्ताको मात्र भेटिन्छ ? मान्छे त लाखौँ पुस्ताको हुन्छ अनि आदिवासी नभए के भो त ? यहाँको हो कि त्यहाँको हो ? यो गाउँको हो कि त्यो गाउँको हो ?

धेरै भ्रमपूर्ण कुराहरूमा देशलाई लान खोजिएको छ । कोही धर्मपुत्र, कोही धर्तीपुत्र, कोही के पुत्र । वास्तवमा हामी सबै धर्तीपुत्र हौँ । नेपालीहरू नेपालपुत्र हौँ । जेन्डर बायस नगरी भन्दा नेपालीहरू नेपाल पुत्र, पुत्री दुइटै हुन् ।

मलाई केही सञ्चार माध्यमले पनि सोधेका थिए - यो गणतन्त्र नेपालमा पृथ्वीनारायण शाहको चर्चा किन आइरास्वेको छ ? । मैले भनेँ - उहिल्यै पनि गणतन्त्रात्मक थियो नेपाल, राजतन्त्रात्मक थिएन । अहिलेको जस्तो गणतन्त्र होइन, त्यो बेलाको विकासको स्तरको गणतन्त्र थियो । गणतन्त्रात्मक शाासनहरू थिए । पछिल्लो समयमा आएर अलिकति मुखियातन्त्र हुर्किदै हुर्किदै गएर राजतन्त्रात्मक भएर अब फेरि हामी गणतन्त्रमा आइपुगेका छौँ । हरेक अवस्थामा हरेकले समाज विकासका निम्ति राज्य, राष्ट्रको निर्माण वा समाजको अग्रगमनका निम्ति विभिन्न ढङ्गले विभिन्न योगदान गरेका छन् । त्यस समयमा कुन प्रणालीमा कुन प्रणालीको मान्छेले विकास गऱ्यो भन्ने कुरा मान्छेले कुनै आग्रहवश लिनुपर्ने कुनै आवश्यकता छैन । आज हामीले सकेको राम्रो काम गर्ने हो । हिजो जसले राम्रो काम गऱ्यो, त्यसको प्रशंसा गर्ने हो । पृथ्वीनारायण शाहको अगुवाइमा नेपालको एकीकरण भयो । एकीकरणका प्रयासहरू विभिन्न चले, तर मूल एकीकरण पृथ्वीनारायण शाहको अगुवाइमा भयो । जो गर्नसक्ने ठाउँमा छ र गर्छ त्यसलाई गाली पनि जान्छ, श्रेय पनि जान्छ । स्वाभाविक हो । अहिले म प्रधानमन्त्री छु, मैले एक वर्षभित्रमा लोडसेडिङ समाप्त पार्छु भनेको यहाँ कोकोहोलो मच्चियो । नेपालमा विद्युतको थालनी भएको एक सय पाँच वर्ष भयो । १९६८ मा फर्पिङमा चन्द्रज्योति बिजुली निकालिएको थियो । अहिले १ सय ५ वर्षपछि हामी ३ सय मेगावाट मात्र पाउँछौँ । १ सय ५ वर्षको हाम्रो हाइड्रोपावरको इतिहामा हामीले कति विद्युत उत्पादन गऱ्यौँ ? बाढी आएको बेला ७ सय ५० मेगावाट, नआएको बेलामा ३ सय मेगावाट । यसरी १ सय ५ वर्षमा ३ सय मेगावाट विद्युत उत्पादन गर्ने बानी परेका हामीलाई एक वर्षभित्र लोडसेडिङ अन्त्य गर्छु भनेर मैले भन्दा हँसीठट्टाको विषय बनाइयो, यस्तो नचाहिने कुरा पनि गर्न पाइन्छ भनेर उधुमै मच्चाइयो ।

अर्को कुरा मैले भनेँ - अहिलेको जमाना भनेको ग्याँसको सिलिन्डर काँधमा बोकेर लुरुलुरु हिँड्ने जमाना होइन । चुला, चुलामा पाइप पुऱ्याउनु पर्ने जमाना हो । म त्यसको व्यवस्था पनि गर्छु भनेर मैले भनेँ । मान्छेलाई छक्क लाग्यो । अर्को तातोपानीबाट जियोथर्मल बिजुली निकाल्ने कुरा । ओलीले

त सबै हास्यकलाकारहरूलाई पराजित गर्ने भयो भन्न थालियो । कतिले भने - तातोपानीबाट पनि कहीँ बिजुली निस्कन्छ र? मैले सोलार पावर र विन्ड पावरको कुरा निकालेँ । हावाबाट बिजुली निकाल्ने ? गजब हावादारी कुरा भयो रे । हावाबाट बिजुली निकाल्छु भनेपछि यो हावादारी कुराको प्रमाण भयो । देश कहाँ छ र मान्छेको मानसिकता कहाँ छ ? विश्वास, आत्मविश्वास कहाँ छ भन्ने कुराको एउटा उदाहरण हो यो ।

हाम्रा पुर्खा सबै दाउरा बालेर आएका होइनन् र ? सिलौटामा पिँध्ने गरिएको थिएन र ? अब सिलौटामै पिँध्नेबाहेक केही गर्न पाइँदैन ? ग्राइन्डर चलाउन पाइँदैन ? ढिकीमै हामीले धान कुटी आएको हो । सबै पुर्खाले त्यसै गरेको हो । ढिकीबाहेक अरू चलाउन पाइँदैन ? अब कागजमै लेख्ने गरेको हो । कागजमा लेख्ने पनि हामी छँदैछौँ । कागजमा लेख्नु ठीक छ, तर अब कम्प्युटर, ल्यापटप, आइप्याड चलाउन पाइने भयो । फेसबुकको जमाना आयो । हामी आधुनिकतातर्फ जाँदैछौँ । सम्पूर्ण क्षेत्रमा आधुनिकता । सम्पूर्ण क्षेत्रमा नवीनता । सम्पूर्ण क्षेत्रमा तीव्र परिवर्तनको एउटा अभियान ।

प्रधानमन्त्रीले मात्र नेतृत्व गर्छु भन्ने हो भने यहाँ त सेकुवा बनाउने रहेछ । प्रधानमन्त्रीले मात्र नेतृत्व गर्न सक्दैन, साहित्यकारहरूले पनि, प्राज्ञहरूले पनि नेतृत्व गर्नुपर्छ र मात्रै वास्तवमा नवीनता आउँछ । उहिले पनि कविहरूले, कथाकारहरूले, साहित्यकारहरूले एक कदम अगाडि बढेर चेतना फैलाएका छन् समाजमा । जहाँनिर समाज छ, समाज भएकै ठाउँमा हिँड्यो भने त केही पनि हुँदैन । समाजभन्दा एक कदम अगाडि बढेर नयाँ काम गर्नुपर्छ भन्ने सोच साहित्यकारले निकाल्छन् । शुकरातलाई मृत्युदण्ड नै दिइएको हो । कुरा त नराम्रो गरेका थिएनन्, तर कति लोकतान्त्रिक ढङ्गले मृत्युदण्ड दिएको । समाज कहाँ थियो ? एथेन्सबासीहरूले मतदानबाट बहुसङ्ख्यकले मृत्युदण्ड नै दिनुपर्छ भने । शुकरातले भने, तिमीहरूले मलाई मृत्युदण्ड दिएर धेरै ठूलो नोक्सानी ब्यहोर्‍यौ । मलाई मृत्युदण्ड दिइसकेपछि थाहा पाउने छौ, तिमीहरूले नोक्सानी ब्यहोरेको कुरा । शुकरातलाई मृत्युदण्ड दिइयो, तर त्यो ठूलो भूल रहेछ भन्ने कुरा पछि थाहा भयो ।

वैज्ञानिक सत्य बोल्दाखेरि जिब्रो काटियो । धेरैको नकाटिए पनि पहिलो वैज्ञानिकको त काटियो, काटियो । सही कुरा गर्ने मान्छेहरू प्रताडित भए । मजाक उडाइए । धन्न मलाई प्रहसनकारीमात्र भनेका छन्, पागल घोषणा

गरेका छैनन् । धेरै साहित्यकारहरूले त्यो आरोप ब्यहोर्नु परेको छैन र ? धेरै चेतनाका संवाहकहरू जसले अग्रगामी चेतना फैलाउन खोजेका छन्, समाजलाई झक्झक्याउन खोजेका छन्, वैज्ञानिकता, आधुनिकता, नवीनता वा न्यायिकतामा समाजलाई लान खोजेका छन्, तिनलाई दुःख दिने काम हुँदै आएको छ । त्यो पछाडि परेको हिस्साको काम हो । पछाडि परेको हिस्सा भन्नु नै असहिष्णु हुन्छ । अगाडि बढेको पक्षचाहिँ उदार हुन्छ, फराकिलो हुन्छ, सहिष्णु हुन्छ ।

यो राष्ट्र एउटा राष्ट्र हो । यो राष्ट्र बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक विविधताले युक्त अत्यन्त सुन्दर राष्ट्र हो । म्यानेजमेन्टको अभावमा गरिब भएको छ । यसलाई अगाडि बढाउँछु, धनी बनाउँछु, सम्पन्न बनाउँछु भन्ने कुरा गर्न नपाइने भएपनि गर्ने नै हो, काम गरिछोड्ने हो । कतिपयले भन्छन्, त्यस्तो नभनिदिए हुन्छ, नबोले पनि हुन्छ नि भनेर । मैले सरकारको संयन्त्रलाई देश निर्माणको आदेश दिइन भने, निर्देशन दिइनँ भने कसरी हुन्छ काम ?

कहिलेकहिले मान्छे परिभाषामा अल्मलिन्छ । आजकाल एउटा शब्द छ - खोक्रो राष्ट्रवाद । अनि खँदिलो, दरिलो कस्तो हुन्छ राष्ट्रवाद ? खूब देख्छु म अखबारहरूमा - यो खोक्रो राष्ट्रवाद । अनि भित्रैदेखि अग्राख पसेको राष्ट्रवादचाहिँ कस्तो हुन्छ ? देशभक्ति, देशको सार्वभौमसत्ता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित र स्वाभिमानलाई कायम राख्नेर अगाडि बढाउने कुरा खोक्रो हुँन्छ ? योचाहिँ खोक्रो हो भने बलियोचाहिँ कुन होला ?

हामी एउटा व्यक्तिको टाउको केही होइन, एउटा व्यक्तिको शिर केही पनि होइन, तर कुनै कुनै बेला त्यसले नेपालीको शिरको प्रतिनिधित्व गरिराख्नेको हुन्छ भने, त्यसलाई झुकाउँदा नेपालीको शिर झुकेको अर्थ लाग्छ भने झुकाउन मिल्दैन । म आफूलाई भन्छु, मेरो केही पनि छैन, म गाउँमा जन्मेर बाख्रा चराएर, गाई, भैँसी चराएर, भान्छाको कामदेखि सबै काम गरेर आएको मान्छे हुँ । न मलाई कुनै दर्प छ, न ममा कुनै घमण्ड छ । अवसर पाएको छु, शालीनताका साथ त्यस अवसरलाई देश र जनताको सेवामा लगाउनुपर्छ भन्ने ठानेको छु । देशको प्रधानमन्त्रीको हिसाबले नेपाल राष्ट्रकै प्रतिनिधित्व गरिराख्नेका ठाउँमा रहेको छु । मैले होसियार हुनुपर्छ । म लम्पसार पर्दाखेरि सबै लम्पसार परेको देखियो भने राम्रो हुँदैन । म लम्पसार पर्न त्यसकारण सक्दिनँ, किनभने नेपाल जहाँ सगरमाथा छ, जुन देशमा बुद्ध जन्मे, जहाँ कहिल्यै पनि घाम

नअस्ताउने साम्राज्य हुँदास्वेरि पनि यो चाहिँ साम्राज्यका मातहतमा भएन । दुनियाँ उपनिवेशका पैतालामुनि थिचिँदा पनि यसले आफ्नो स्वतन्त्रतालाई बाचाएर राख्यो । यो स्वाभिमानलाई तलमाथि पर्न दिनुहुँदैन भन्ने मात्रै हाम्रो कुरा हो । यसमा कुनै अर्घेल्याइँ छँदैछैन । कसैप्रति वैरभाव छैन । कसैप्रति अपमानभाव छैन । हामी सबैका मित्र हौँ, मित्रता चाहन्छौँ । मैत्रीपूर्ण व्यवहार चाहन्छौँ । नेपालीले उहिले पनि शिर झुकाएन, एक्काइसौँ शताब्दीमा गोडलागी भन्ने कुरा शरणार्थीले पनि गर्न छोडिसके । आजकल त गुड गर्ने चलन छ । हामी सबैसँग हात मिलाउँछौँ, नो गोडलागी । गोडलागी हुँदैन भनेको मात्र हो । हामी यस राष्ट्रको राष्ट्रिय गरिमालाई बढाउँछौँ र अगाडि जान्छौँ । हाम्रो राष्ट्रिय एकतालाई जोगाउँछौँ । यतिबेला हामीले हाम्रा विभिन्न सम्प्रदायहरू, हाम्रा विभिन्न भाषिक समुदायहरू, विभिन्न भूगोलमा बसेका, विभिन्न पेसाव्यवसायका जनताका बीचमा सद्भाव कायम गर्नु छ, बन्धुत्व कायम गर्नु छ, मित्रता कायम गर्नु छ, त्यो मित्रताका साथ एकजुट भएर देश अगाडि बढाउन हिँड्नु पर्नेछ । आजको हाम्रो आवश्यकता यही हो । हाम्रो राजनीतिले, हाम्रो सरकारले, हाम्रो सरकारी संयन्त्रले, हाम्रो गैर-सरकारी संयन्त्रले, हाम्रो शिक्षाले, हाम्रो संस्कृतिले, हाम्रो साहित्यले, हाम्रो कलाले सबैले हाम्रो सामाजिक सद्भावलाई मजबुत बनाउने, राष्ट्रिय एकताको भावधारालाई अगाडि बढाउने काम गर्नुपर्छ । यही नै आजको आवश्यकता हो ।

कतिपय पृथकतावादी तत्वहरू क्रियाशील छन् । छुट्टै गान, छुट्टै चिन्ह, छुट्टै झण्डाजस्ता विखण्डनकारी कुराहरू गरिरहेका छन् । म सरकारको तर्फबाट भन्न चाहन्छु - हामीले परिस्थितिलाई हेरेरै केही समय यसलाई वैचारिक हिसाबले नै परिवर्तन गरौँ भनेर सहनशीलता देखाएका हौँ । देशद्रोह कुनै पनि हालतमा सह्य हुनेछैन । विखण्डनकारी प्रवृत्ति कुनै पनि हालतमा सह्य हुनेछैन । देश टुक्र्याउने प्रवृत्ति कुनै पनि हालतमा सह्य हुने छैन । देशमा सामाजिक सद्भाव खल्बल्याएर कहाँ पुऱ्याउन खोजिएको ? पुऱ्याउन खोजिएको छ विभाजन र विखण्डनमा । त्यो कुरा सह्य हुने छैन । विनाआवेश, विनाउत्तेजना म निवेदन गर्न चाहन्छु - राष्ट्रिय एकता, सामाजिक सद्भाव र अग्रगामी विकासतर्फका प्रयासहरूमा हामी लाग्छौँ । मलाई लाग्छ - प्राज्ञहरूको योगदान यसै दिशामा रहनेछ । हामी जहाँ बसेर सास फेरिरहेका छौँ, त्यसप्रति इमानदार रहौँ । हामीले यहाँको हावामा सास फेरेका छौँ, यो अक्सिजन भएन भने, सास नफेर्ने हो भने

हामी दुई मिनेटमा सिद्धिन्छौँ । हाम्रो जीवन यस हावामा छ । यसप्रति हाम्रो इमानदारी छ । इमान छ । इमानको बारेमा मैले यहाँहरूलाई भनिरहनु पर्दैन ।

हामी हाम्रो बगैँचाबाट कुनै पनि आँप नभ्रोस् भन्ने चाहन्छौँ, तर भेट्नु पर्हेलिएर फत्रकफत्रक झरेको यहाँहरूले देख्नुभएको छ । झरेका छन्, भेट्नु पर्हेलियो भन्दैनन् । यो त दार्शनिक हिसाबले नयाँ परिबन्द हो । दार्शनिक परिभाषा छ, नयाँ शक्तिको उपज । नयाँ परिबन्द । नयाँ प्रक्रिया । होला, त्यो नयाँ प्रक्रिया होला, तर देशको निम्ति, जनताको निम्ति, आमूल परिवर्तनको निम्ति उचित दिशाको परिवर्तनचाहिँ होइन । हामी सबै ठाउँबाट प्रयास गरौँ । दृढ विश्वासका साथ म भन्न चाहन्छु - कसैले पनि नेपालको एकतालाई भाँड्न सक्दैन । पहिचानका नाममा र अन्य विभिन्न नाममा जातीय विद्वेष र घृणा यसरी फैलाउन खोजियो, अचम्मलाग्दो, छिमेकी हो कि होइनजस्तो । साथी हो कि होइनजस्तो । उहिलेदेखि आएको परम मित्र, हेर्दाहेर्दै अर्कै स्थिति । साम्प्रदायिक विद्वेष भड्काउन खोजियो । नेपालको जनमानस, नेपालको विद्वत्वर्ग, नेपालको सचेत समुदायले दृढताका साथ अगुवाइ गऱ्यो कि यो चीज ठीक होइन । रुवान्डाको अनुभवभन्दा पछि, युगोस्लाभियाका अनुभवभन्दा पछि, विभिन्न स्थालका अनुभवभन्दा पछि त्यो कुरा यहाँ आयो । त्यसकारण पनि नेपालमा सजिलो भयो । अकारण रुवान्डामा त्यत्रा मान्छे मरे आपसमा मारामार गरेर । त्यो पनि जातीय नारामा । त्यसकारण म भन्छु, हामी जातीय होइन, राष्ट्रिय कुरा गरौँ । सबै जातिलाई अधिकारसम्पन्न बनाऔँ । सबै जातिको उत्थान गरौँ । सबै भाषाको उत्थान गरौँ र संरक्षण गरौँ । सबै जना राष्ट्रिय एकता र राष्ट्रिय समृद्धिमा लागौँ ।

मलाई लाग्छ, यस प्राज्ञ सभाले यस दिशामा महत्वपूर्ण योगदान गर्नेछ । यहाँहरूले धेरै काम यस सन्दर्भमा गर्नुभएको छ । म प्रशंसा गर्न चाहन्छु । अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनारहरू गरौँ । यहाँहरूले तयारी गर्नोस् । हिजोमात्र पनि भारतको एक विश्वविद्यालयका एक प्राध्यापक आउनुभएको थियो, सायद भिसी हुनुहुन्छ, उहाँसँग कुरा भएको थियो । नेपाल-भारत-बङ्गलादेशका साहित्यिक आदानप्रदानका कार्यक्रमहरू गरौँ भनेर भन्दै हुनुहुन्थ्यो । वैरागी काइँला दाइले भन्नुभएको थियो, अलिक साहित्य-फ्रेन्डली जस्तो लाग्छ हाम्रो प्रधानमन्त्री भनेर । उहाँले भनेको ठीकै हो । म कमसेकम कला, संस्कृति, साहित्य- फ्रेन्डली छु, सङ्गीत फ्रेन्डली छु । गाउन बजाउन आउँदैन, तर सबभन्दा मनपर्ने सङ्गीत

हो । म प्रधानमन्त्री भएका बेला नेपाल प्रज्ञा प्रतिष्ठानले र अरू प्रतिष्ठानहरूले अधिकतम लाभ लिनुपर्छ भन्ने पनि म ठान्छु । यतिबेला लाभ लिनु वाञ्छनीय हुन्छ । तपाईंहरू योजना बनाउनोस्, काम गर्नोस्, म साथमा छु ।

(२०७२ पुस २८ गते नेपाल प्रज्ञा प्रतिष्ठानको ३०औँ प्राज्ञ सभालाई गर्नुभएको सम्बोधन)

६

मान्छेको बारेमा मरेपछि थाहा हुँदोरहेछ

कार्यक्रमका सभापति महोदय, विभिन्न पार्टीका प्रतिनिधि साथीहरू, देशका विभिन्न भागबाट आउनुभएका पार्टीका नेता साथीहरू र यस कार्यक्रममा सहभागी हुनुभएका सम्पूर्ण साथीहरू,

देशका विभिन्न भागबाट आउनुभएका सबै साथीहरूलाई झापा जिल्लामा, यस ऐतिहासिक भूमिकाको जिल्लामा, म यही जिल्लाको व्यक्तिको हैसियतले पनि हार्दिक स्वागत गर्दछु । तपाईंहरू विश्वस्त भए हुन्छ, ढुक्क भए हुन्छ, यस जिल्लाले तपाईंहरूलाई भव्य स्वागत गर्नेछ । यस अञ्चलले गर्नेछ । मलाई विश्वास छ, यो अञ्चलमात्र हैन पूर्वी नेपालका जहाँजहाँ तपाईंहरू पुग्नुहुन्छ, त्यहाँ तपाईंहरूको भव्य स्वागत हुनेछ ।

मेची अञ्चलको पर्यटन प्रवद्धर्नको सम्बन्धमा आन्तरिक पर्यटन, त्यो पनि नेकपा (एमाले) जस्तो देश विकासका लागि ध्यान पुऱ्याउने पार्टीको आयोजनामा हुँदैछ । देश विकासको एउटा क्षेत्र पर्यटन हो । त्यसका लागि विशेष ध्यान पुऱ्याउने पार्टीको आयोजनामा त्यसका नेताहरूलाई झापा जिल्ला र देशका पूर्वका विशेष ठाउँहरू देखाउने कार्यक्रम रहेको छ । खासगरी पूर्वका सबै ठाँउहरू देखाउन त सम्भव छैन यतिबेला, तर मेची अञ्चलका केही ऐतिहासिक ठाउँहरू छन् पुग्नैपर्ने । तपाईंहरूको पाथीभरा जाने कार्यक्रम छ कि छैन, तोक्मेडाँडा, ओलाङ्चुङगोला, श्रीअन्तु पुग्ने कार्यक्रम छ कि छैन त्यो म भन्न सक्दिन, तर ती अत्यन्तै रमणीय ठाँउहरू हुन् । नेपाल यसै रमणीय छ । त्यसमाथि नेपालको पूर्वी भेग उस्तै रमणीय छ । त्यसमा पनि मेची अञ्चल त असाध्यै रमणीय छ । झापा जिल्लाको त मैले केही भन्नै पर्दैन ।

यो ठाँउसँग मेरो व्यक्तिगत तवरमा पनि अत्यन्तै निकटको सम्बन्ध छ । म पहाडका भीरपाखामा खेलेको ठिटो २०१८ सालको अन्तिममा यही यमद्धारी, यही चिसापानी, यही सोक्तिम लोदियाबाट अनौठो-अनौठो मान्दै तराइतिर प्रवेश गरेको थिएँ । यही बाटो यहाँ चोकमा पुग्दाखेरि बाटोभन्दा दक्षिणपट्टि एकजना मोटो मान्छे खाट हालेर बस्नुभएको थियो । मलाई गाउँका मान्छेहरूले चिनाए डबल सुब्बा भनेको उहाँ नै हो । यसो हेरेको डबल डबलनै जस्तो लाग्यो, म अहिले पनि सम्झिन्छु उहाँलाई ।

आजै बिहान हामीले सुखानीमा सहिदहरूप्रति श्रदाञ्जलि अर्पण गर्‍यौं । रामनाथ दाहाल, नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुइँकेल, नारायण श्रेष्ठजस्ता क्रान्तिकारी वीरहरूलाई निरङ्कुश राजतन्त्रले हत्या गरेको थियो । सुखानीको त्यही ठाउँनिरबाट बाटो थियो । त्यही बाटो पारगर्दै म ओह्रालो झरेको थिएँ, उहिले २०१८ सालको चैततिर ।

त्यसैबेलादेखि यस जिल्लासँग मेरो लगातार सम्पर्क-सम्बन्ध रहिआएको छ । ५५ वर्ष पूरा भएछ । हामी एउटा तीर्थस्थल जस्तो ठाउँमा छौं । झापा आन्दोलन भनेर यहाँहरूले सुन्नु-जान्नु भएकै छ । यो त्यही ठाउँ हो । कम्युनिस्ट पार्टीको स्थापनासँगै गणतन्त्रको माग पनि हुँदै आएको हो । झापा आन्दोलनसँगै गणतन्त्रको माग पनि उठ्यो । गणतान्त्रात्मक लोकतन्त्र, जनताको शासन भएको जनवादी गणतन्त्र, सामाजिक न्याय र समानता, राष्ट्रिय एकता र समृद्धिजस्ता कुरा कम्युनिस्ट पार्टीले आफ्नो स्थापनासँगै उद्घोष गरेका विषयहरू हुन् । ती कुराहरूलाई २०२७ सालदेखि यही ठाउँबाट हामीले सङ्घर्षका माध्यमबाट अगाडि बढाएका थियौं । त्यो अभियान थाल्नेहरूको बारेमा मैले भनिरहनुपर्ला जस्तो लाग्दैन। त्यो अभियान थाल्ने एकजना मुकुन्द न्यौपाने अधिल्लो पङ्क्तिमै हुनुहुन्छ । कहींकतै गएपनि, यस पार्टीमा नआएर अहिलेसम्म कतै अल्मलिइरहेको भएपनि देशको विकास गर्नु छ भने, सुख समृद्धि देशमा ल्याउनु छ भने हामीले मनकुमार तामाङलाई हेर्नौं । त्यसैगरी मनकुमार गौतम हुनुहुन्छ । उहाँ कति वर्ष त जेल नै बस्नुभयो । आजको यो समय ल्याउनका लागि उहाँ १८ वर्ष जेलमा बस्नुभयो । अर्को व्यक्तित्व हुनुहुन्छ नरेश खरेल । उहाँ २०३० साल साउन २० गते गरामुनिको नडियाबाडीबाट पक्राउ पर्नुभयो । त्यहीं कमरेड चन्द्र डाँगीलाई गोली हानेर हत्या गरिएको थियो । त्यस्तै अमर कार्की हुनुहुन्छ । उहाँ पनि १८

वर्ष जेल बस्नुभयो । यसरी नै ददिराम उप्रेती, कृष्ण सेढाइँ हुनुहुन्छ । कृष्ण सेडाइँ पनि १३ वर्ष जेल बस्नुभयो । अर्का मित्र दुर्गाप्रसाद अधिकारी हुनुहुन्छ, उहाँ १७ वर्ष जेल बस्नुभयो ।

जे होस्, त्यो आन्दोलन सुरु गरेर त्यसलाई अगाडि बढाउने कुरामा धेरै साथीहरूले महत्वपूर्ण योगदान गर्नुभएको छ । त्यस्तो योगदान गरेकाहरूमध्ये जीवित साथीहरू थुप्रै हुनुहुन्छ । घनेन्द्र बस्नेत, नारद वाग्ले, विश्वेश्वरा दाहाल, गङ्गा उप्रेती, हरिचरण सिवाकोटी, सिपी मैनाली, नरेश खरेल, राधाकृष्ण मैनाली, जीवन घिमिरे, सूर्य उप्रेती आदि साथीहरू अहिले पनि सक्रिय हुनुहुन्छ । सिपी मैनाली, विष्णु प्रसाई र म सँगसँगै गिरफ्तार भएका थियौँ । त्यही आन्दोलनका क्रममा प्रदीप नेपाललाई समाएर जेलमा हालिएको थियो । पछि सिपी, प्रदीपलगायतका साथीहरू नख्खु जेल तोडेर हिँड्नुभयो । केही साथीको हत्या भयो, केही साथीहरू फेरि त्यही आन्दोलनलाई डुब्न नदिने झन्डा उठाएर हिँडिरहनु भएको छ यसै जिल्लामा । हाम्रा यिनै साथीहरू हुन् जो राजतन्त्र फाल्न भनेर लागेका थिए र आज राजतन्त्र फालिइसकेको छ ।

एकजना साथी हुनुहुन्छ डाक्टर के.आर. खम्बु । सायद उहाँ आउनु भएको छैन । आँखाको समस्याले गर्दा उहाँ आउनुभएको छैन । उहाँकी म्याडम शुभलक्ष्मीजी मेरो पुरानो साथी हुनुहुन्छ । उहाँका श्रीमान् के.आर.खम्बु हामीले झापा आन्दोलन सुरु गर्नुभन्दा अगाडिदेखि झापामा सक्रिय हुनुहुन्थ्यो । २०२९ सालमा उहाँले नै महेन्द्र मोरङ कलेजमा पढ्दै गर्दा मलाई लगेर माधव नेपालसँग परिचय गराउनुभएको थियो ।

जे होस्, एउटा नयाँ आन्दोलन यस ठाँउबाट सुरु भएको थियो, त्यसलाई दमन गर्नका लागि, त्यसलाई समाप्त पार्नका लागि, राजतन्त्रलाई टिकाउनका लागि, निरङ्कुशतन्त्रलाई टिकाउनका लागि हाम्रा थुप्रै साथीहरू मारिएका थिए जसमध्ये ५ जनालाई २०२९ साल फागुन २१ जेलबाट निकालेर साँझपख सुखानीमा हत्या गरिएको थियो । सहिद रामप्रसाद प्रधान जसलाई २०२९ सालमा बाँसका भालाले घोचीघोची हत्या गरिएको थियो । उहाँकी धर्मपत्नी हुनुहुन्छ इन्द्रमाया प्रधान । जो सहिद बन्नुभयो, उहाँहरूले धेरै ठूलो त्याग गर्नुभएको छ, देशका लागि महान योगदान दिनु भएको छ । वास्तवमा बाँचुञ्जेल मान्छेको बारेमा थाहा हुँदो रहेनछ, मरेपछि मात्र थाहा हुँदोरहेछ । जो साथीहरू हामीसँग

अहिले पनि हुनुहुन्छ उहाँहरूको योगदानलाई कहिल्यै पनि भुल्न सकिन्न । उहाँहरूको योगदान सधैँका लागि महान् रहेको छ ।

(२०७२ फागुन २७ गते मेची पर्यटन प्रवर्द्धन अभियानका सन्दर्भमा झापाको खुदुनाबारीमा दिनुभएको मन्तव्य)

६

निजामती सेवामा महिला सहभागिता

माननीय मन्त्रीज्यू, मुख्य सचिवज्यूलगायत विभिन्न विशिष्ट महानुभावहरू, सहभागी दिदीबहिनीहरू, दिदीबहिनीको कार्यक्रममा सहभागी हुनुभएका दाजुभाइहरू,

मलाई लाग्छ तपाईंहरूले यो अत्यन्तै सामयिक, सान्दर्भिक र महत्वपूर्ण कार्यक्रमको आयोजना गर्नुभएको छ । यो कार्यक्रम सफल होस्, मेरो शुभकामना ।

नेपाली समाज एउटा सङ्क्रमणकालीन अवस्थामै छ । यद्यपि, हामीले संविधान जारी गरेर प्रमुखरूपमा सङ्क्रमणकाललाई टुङ्ग्याएका छौं । हामी अब स्थिरता र स्थायित्वतर्फ अगाडि बढेका छौं । लामो समयदेखि नेपाली जनताले गरेका सङ्घर्षहरू संस्थागत गरिएका छन् । तिनलाई अत्यन्तै उच्चस्तरीय वैधानिकता प्रदान गरिएको छ र हामी नयाँ चरणमा अर्थात् संविधान कार्यान्वयन, प्राप्त अधिकार र उपलब्धिहरूको कार्यान्वयन र तिनलाई सुदृढ गर्ने काममा लागेका छौं ।

२००७ सालमा जहाँनिया राणा शासनको अन्त्य भएर नेपाल अन्धकार युगबाट आधुनिकतातर्फ, सम्पूर्णरूपमा अधिकारविहीन अवस्थाबाट अधिकारयुक्त युगमा प्रवेश गऱ्यो । त्यतिबेलादेखि हामी सङ्क्रमणकालमै छौं । पूर्णरूपमा हामीले चाहेको अधिकारयुक्त, अवसरयुक्त, सुरक्षित, सबैका निम्ति उत्तिकै सम्मान भएको न्यायपूर्ण समाजको स्थापना हो । हामीले चाहेको सबै प्रकारका असमानता र विभेदको अन्त्य र सम्पूर्ण क्षेत्रमा सामाजिक न्याय र समानताको स्थापना हो । पछौटेपनको अन्त्य, आधुनिकता, विकास, समृद्धि र सुखमय

समाजको स्थापना नै हाम्रो चाहना हो । हामीले ती कुराहरू चाहेका हौँ र त्यससम्बन्धमा हामीले उल्लेखनीय प्रगति पनि गरेका छौँ ।

हाम्रो समाज २००७ सालको आन्दोलनपछि एउटा सङ्क्रमणकालीन अवस्थामा आयो । त्यसभन्दा अगाडि पनि हाम्रा आकाङ्क्षाहरू थिए होलान्, इच्छाहरू थिए होलान्, तर ती पूरा हुने सम्भावना थिएन । नयाँ युगमा र आधुनिक युगमा हामी आयौँ । यद्यपि त्यसका पनि सीमाहरू थिए, त्यसले एकैचोटि सबै कुराहरू ल्याएको होइन, तैपनि एउटा नयाँ युगमा प्रवेश गरायो, तर त्यो समय पनि समाप्त पारियो । २०१७ सालमा अधिकारहरू खोसिए । उपलब्धिलाई खोस्न त खोसियो, तर त्यसको प्रभावलाई खोस्न सकेनन् । जनताले कुनै ठूलो परिवर्तन ल्यायो भने त्यसलाई शासकले अस्वीकार गर्नसक्छ, तर त्यसको जुन प्रभाव परेको हुन्छ आमजनतामा त्यसलाई समाप्त पार्नसक्दैन । २०१७ सालदेखि २०४६ सालभरिको अवधि पनि प्रणालीगत हिसाबले अस्वीकार गर्ने अवस्था रह्यो, तर जुन परिवर्तन र चेतना समाजमा आएको थियो, त्यसलाई अस्वीकार गर्नसक्ने वा त्यस प्रभावलाई मेट्नसक्ने कुरा भएन । अस्वीकार गर्नका लागि पनि केही काम गर्नुपर्ने आवश्यकता त्यसबेला पनि हुन्थ्यो, किनभने त्यो अन्धकार युगबाट हामी अगाडि बढिसकेका थियौँ ।

२०४६ सालपछि हामी अर्को एउटा नयाँ खालको सङ्क्रमणकालमा प्रवेश गर्‍यौँ । यो असाधारण र तीव्र खालको सङ्क्रमणकाल थियो । पहिलोचोटि महिलाहरू पनि सांसद हुनुपर्ने व्यवस्था भयो, यद्यपि त्यो सङ्ख्या सानो थियो । महिलाहरूका निम्ति केही सकारात्मक परिपाटी भने बसालियो । त्यसको असर के भो ? त्यसले अरू थुप्रै प्रभावहरू पैदा गरे, जसलेगर्दा विद्या भण्डारीजीको नेतृत्वमा एउटा अभियान सुरु भयो - कम्तीमा पनि २० प्रतिशत महिलाको सहभागिता स्थानीय तहमा हुनैपर्छ भन्ने । स्थानीय निकायहरूमा २० प्रतिशत महिला सहभागिता हुनैपर्छ, भन्ने कुरामा उहाँले ज्यादै नै जोड गर्नुभयो । अरू राजनीतिक पार्टीका महिलाहरूसमेतलाई सँगसँगै लिएर उहाँले त्यस विधेयकलाई पारित गराएरै छोड्नुभयो, जसले गर्दा त्यसपछिका निर्वाचनहरूमा स्वासगरी २०५४ को स्थानीय निर्वाचनमा २ लाख निर्वाचित जनप्रतिनिधिमध्ये ४० हजार महिला जनप्रतिनिधिको सहभागिता रहन पुग्यो । यो ठूलो ब्रेकथ्रु थियो । २ लाखमध्ये ४० हजार निर्वाचित महिला जनप्रतिनिधिको सहभागिता कानुनी हिसाबले नै हुन आयो ।

महिला सहभागिता आन्दोलनमा मात्र होइन, हरेक ठाउँमा छ तर त्यो सहभागिताअनुसार महिलाले अधिकार पाएका छैनन् । यतिबेला हामी आधुनिक समाजमा छौँ, लोकतान्त्रिक समाजमा छौँ, जनताले संविधानसभामार्फत आफैले बनाएको, आफूलाई अधिकारसम्पन्न बनाएको, लोकतान्त्रिक संस्थाले लोकतान्त्रिक प्रक्रियाबाट बनाएको लोकतान्त्रिक संविधान कार्यान्वयन भइरहेको समयमा छौँ । आज पहिलोपल्ट सामान्य प्रशासन मन्त्रालयले निजामती सेवामा रहेका महिला दिदीबहिनीहरूको सहभागितालाई लिएर यो अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको छ । मलाई खुसी लागेको छ । अधिकृत तहमा पनि अब नेपालमा महिलाको सहभागिता राम्रो सङ्ख्यामा छ । अघि पनि कुरा उठ्यो - विश्वमा चर्चित महिलाहरू भए र नेपालमा पहिलो महिला राष्ट्रपति भइसक्नुभएको छ । त्यसमा मलाई सन्तोष लागेको छ । नेपालमा महिला राष्ट्रपति हुनुहुन्छ, महिला सभामुख हुनुहुन्छ । मैले प्रस्ताव राख्नसक्ने, मैले क्याम्पेन गर्नसक्ने दिशामा मैले यस विषयमा ध्यान दिएको छु ।

हामीले हाम्रा पूर्वज, हाम्रा पुर्खा, हाम्रा आमाहरूलाई सम्झनुपर्छ, जसले हजारौँ वर्ष बुहार्तनमा बसेर बिताए । सुख्को इच्छा त जैविक इच्छा हो, त्यो त पढेका नपढेका जस्तोसुकै समाजका हुन्, हरेकलाई हुन्छ । जाडो जसलाई पनि हुन्छ, भोक जसलाई पनि लाग्छ, थकाइ जसलाई पनि लाग्छ, आरामको आवश्यकता र भोजनको आवश्यकता सबैलाई हुन्छ । मान्छेलाई अलिकति स्नेहपूर्ण व्यवहारको पनि आवश्यकता हुन्छ, सम्मानको पनि आवश्यकता हुन्छ । त्यस्ता कुराहरू देख्नै नपाई हजारौँ वर्षसम्म हाम्रा आमाहरू दिवङ्गत भए । अन्याय सहेर, अपमान सहेर, दुःखमा कहिले सङ्गिनी गाएर, कहिले मेलापातमा पीडाहरू पोख्तेर, कहिले तीजका गीतमार्फत् आफ्ना वेदनाहरू व्यक्त गरेर तिनले आफ्नो जीवन बिताए । अरू केही गर्नसक्ने समय थिएन त्यतिखेर । त्यसक्रममै अलिकति आवाज उठाएर सङ्घर्ष गर्ने महिलाहरू पनि देखापरे । ती सङ्घर्षशील वीराङ्गनाहरू सबैप्रति म भित्री मनदेखि नै श्रद्धासुमन अर्पण गर्दछु ।

आज जो आमाहरू हुनुहुन्छ, दिदीबहिनीहरू हुनुहुन्छ आफ्नै दाजुभाइ, आफ्नै पति, आफ्नै ससुरा, आफ्नै छिमेकी, आफ्नै नातागोताबाट अपमानित हुनुपर्ने अवस्था अझै पनि छ । पढ्न लेख्न पाएको छैन, त्यस्तो अवस्थामा देउता खेलाउँछे, मसानघाटका मसान खेलाउँछे रे, कठैबरी ! पढ्न लेख्न

पाएको छैन, यत्रायत्रा देवता खेलाउँछे, फलाना ठाउँका देवी खेलाउँछे रे ! आफ्नै सासूससुराले प्रताडित गरिराखेको अवस्था छ, आफ्नै लोग्नेले आफूलाई वास्ता गरिराखेको छैन, यस्तोबेलामा त्यहाँ मसानघाटका मसानहरू खेलाउँछे, दोबाटोमा केके खेलाउँछे, कुन्नि के के भनेर याताना दिने गरिन्छ । यस्ता आरोपहरू हाम्रा आमाहरूले, दिदीबहिनीहरूले व्यहोर्नुपर्‍यो । त्यस अवस्थाबाट आज हामी उन्मुक्त भएका छौं र हामीले अब ठोस कदमहरू पनि चालेका छौं । हाम्रो संविधानले महिलाका लागि ३३ प्रतिशत आरक्षणको व्यवस्था गरेको छ ।

मैले अन्तरव्यवस्थापिका सङ्घको एउटा आकडा हेरेको थिएँ, त्यहाँ विकसित देशका महिलाहरूको पनि आकडा थियो । स्केन्डेनिभियन देशका महिलाहरू कसरी अगाडि बढेका छन् वा बढाइएका छन् भन्ने कुरा त्यसमा थियो । त्यसपछि मैले त्यहाँ क्युबाको प्रतिशत देखें । शिक्षकमा यति, डाक्टरमा यति, पाइलटमा यति, अरू कुरामा यति भनेर क्युबाले योजनाबद्ध ढङ्गले नै हरेक क्षेत्रमा महिलालाई अगाडि बढाएको पाएँ । उनीहरूको प्रतिशत धेरै माथि छ महिला सहभागितामा । त्यसको कारण के हो भने क्युबा शिक्षामा अगाडि छ । हामीले पनि वास्तविक अर्थमा महिला शिक्षामा ध्यान दिनुपर्छ । आमाबाबुले नपढाएको भए, आफूहरूले नपढेको भए, तपाईंहरू अफिसर हुन सक्नुहुन्नथ्यो । शिक्षा नै नभएपछि त के गर्ने ? त्यसैले महिला सहभागिता बढाउनका लागि शिक्षामा जोड दिनु आवश्यक छ ।

स्विडेनमा त्यहाँका एकजना सेक्रेटरीसँग मेरो कुरा भएको थियो । उनले मलाई गाइड गरिरहेकी थिइन् । उनलाई नेपालको बारेमा धेरै जानकारी रहेनछ । नेपालका बारेमा एउटा अचम्मको कुरा सुनेको उनले बताइन् । उनले सुनेकी रहिछन् - नेपलामा छोरी बिग्रिन्छे रे ! बिग्रिने भनेको के हो भन्दा त - बिग्रिने भनेको या त तल्लो जातसँग जाने या त तल्लो आर्थिक स्थितिको सँग जाने भन्ने रहेछ । यो बाहेक अर्को परिभाषा रहेनछ । हाम्रो निम्ति सामाजिकीकरणका लागि अहिले पनि यी दुइटा कुरा समस्याको रूपमा रहेका छन् । छोरी बिग्रने चिन्ता अभिभावकलाई छ । सामाजिकीकरणमा जानका लागि यो अहिले पनि समस्या छ । बिग्रने भन्ने डर । त्यसकारण सामाजिकीकरणमा लागेका हामीले छोरीहरूलाई प्रोत्साहित गर्नुपर्दछ, महिलाहरूलाई प्रोत्साहित गर्नुपर्दछ र अगाडि बढाउनुपर्छ ।

सबभन्दा मुख्य कुरो विभिन्न क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गर्ने कुरा अन्ततोगत्वा नीति निर्माण र शासनसँग जोडिने गर्छ । शासनमा र नीति निर्माणमा महिला सहभागिता कुन स्तरमा गरिएको छ, मुख्य कुरा त्यो हो । म दुनियाँमा जहाँ गए पनि छाती फुलाएर कुरा गर्न सक्छु - छोटो समयमा हामीले ३३ प्रतिशत महिलाहरूको सहभागिता गराएका छौं । केहीकेही देशमा मात्रै यस्तो छ, बाँकी देशले त्यो गर्न सकेका छैनन् । स्थानीय निकायमा ४० प्रतिशत हामीले सुनिश्चित गरेका छौं । यो कुरा पनि छाती फुकाएर भन्न सकिन्छ । निजामती सेवामा कति सचिव छन्, त्यसमध्ये पुरुष कति महिला कति भन्यो भनेचाहिँ अरु नै कुरा गर्नुपर्ने हुन्छ । एउटा पनि सचिव महिला छैनन् । एउटा पनि सचिव नहुनु भनेको साह्रै गलत कुरा हो । तत्कालै हामी बनाउन पनि सक्दैनौं । आउट अफ द ट्र्याक गएर बनाउन सकिँदैन । विधि-विधानभित्रबाट अहिले तत्काल कुनै सम्भावना छ कि छैन भनेर अहिले भर्खरै सामान्य प्रशासन मन्त्रीज्यूलाई सोधें । उहाँ पनि महिला हुनुहुन्छ । उहाँ आफैं महिला भएर पनि के गर्ने र ? म आफैं पनि महिलाको हितैषी, तर पनि अहिले तत्काल बनाउनसक्ने अवस्था छैन । यो हाम्रो निम्ति अत्यन्त बिझाएको, खट्केको कुरा हो ।

कसैले यदि तपाईंहरूको उच्च ओहदामा, सरकारी ओहदामा, निजामती सेवामा, महिलाहरूको स्थिति के छ भन्यो भने के कर्मचारीको कुरा गरिराख्येको, राष्ट्रपति र सभामुख हेर न भन्नुपर्ने अवस्था छ । यो उपयुक्त जवाफ होइन, यो हाम्रो तर्किने मेलो मात्र हो । यस स्थितिमा भिन्नता ल्याउनुपर्छ र महिलाहरूलाई उचित महत्वका साथ अगाडि बढाउनुपर्छ । अब पनि महिलालाई पछाडि पार्ने काम कसैले पनि गर्नु हुँदैन । हुन त म महिलालाई अगाडि बढाउनुपर्छ भनेर भन्नेमा पनि धेरै छैन, पछाडि नपारे आफैं अगाडि बढिहाल्छन् नि । पछाडि नपारे पुग्छ ।

मान्छेको अस्तित्व थिएन भने यस धर्तीको केही पनि अर्थ हुँदैनथ्यो । कुनै फुलेको फूल पनि थाहा पाउने, कुनै झरेको झरना पनि थाहा पाउने कोही नभएपछि सारांशमा भन्दा मान्छे नै नभएपछि यस धर्तीको के काम ? यो धर्तीको यसकारण महत्व छ कि यहाँ मान्छे छ । यहाँ मान्छे किन छ भने महिलाहरू छन् । महिलाहरूको त्यो गुणलाई मान्छेले बुझेका छन् । त्यसकारण हाम्रा व्यवहार, हाम्रा सामाजिक व्यवहार र हाम्रा सम्पूर्ण व्यवहारहरूमा ती गुणहरूलाई

अवगुणको रूपमा नबुझी गुण र योगदानको रूपमा बुझेर नीतिहरू निर्माण गर्नुपर्छ ।

हामीले ठूलो परिवर्तन गरेका छौँ, तर पनि एउटा हल्ला चल्ने गरेको छ - महिलाहरूको स्थिति जहाँको तहीँ छ, केही पनि भएन भन्ने । राणा शासनको समयमा १९८० मा दासप्रथा उन्मूलन गरियो । यसको आसपासतिरै सतीप्रथा उन्मूलन गरियो । हाम्रो समाज त्यहाँ थियो, त्यस ठाउँबाट आज हामी उन्मुक्त खुला समाजमा, आरक्षणको समयमा, राष्ट्रपति, सभामुखसमेत भएको समयमा कमसेकम नीति निर्माणको ठाउँमा, यो कार्यक्रम गरिरहँदा पनि महिला मन्त्री, महिला अध्यक्ष, महिला सभापति भएको ठाउँमा त आइपुगेका छौँ नि । प्रधानमन्त्री आएका ठाउँमा कार्यक्रमको सभापति त महिला नै हुनुहुन्छ । अनि केही पनि भएन भन्ने कुरा हुन्छ र ? हाम्रा दिदीबहिनीहरूले त्यत्रो सङ्घर्ष गर्नुभएको छ, त्यत्रो बलिदान गर्नुभएको छ, त्यत्रो त्याग गर्नुभएको छ, त्यसको उपलब्धि केही पनि छैन र ? यो पनि त एउटा उपलब्धि हो । तर हामी यत्तिमै चित्त बुझाउँदैनौँ, हाम्रो गन्तव्य यति मात्रै होइन । हाम्रो गन्तव्य पूर्णसमानता, पूर्णविकास हो । पूर्ण सन्तुष्टिको अवस्था हो । हाम्रो लक्ष्य त्यो हो, त्यहाँसम्म हामी पुग्छौँ । त्यसका निम्ति हामी प्रयास गर्छौँ । त्यसभित्र बनावटी कुरा, देखावटी कुरा, अल्मल्याउने कुराको केही पनि अर्थ छैन ।

अघि पनि कुरा उठ्यो, महिलाहरूको एटिच्युड खूब पोजिटिभ हुन्छ । मनोवैज्ञानिक हिसाबले नै पोजिटिभ एटिच्युड हुन्छ । घरका परिवारलाई यो सब्जी मन पर्छ कि पर्दैन, यो मन पर्दैन भने त्यो बनाऊँ । त्यहीँदेखि एटिच्युड पोजिटिभ र कम्प्रोमाइजिङ हुन्छ । फर्सी मनपर्छ कि, लौका मनपर्छ कि, घिरौँला मनपर्छ कि भनेर विचार गरेरमात्र काम गर्ने एटिच्युड । त्यहाँ पुरुष भयो भने आज फर्सीमात्र छ, लौ खा त्यही भन्छ । उसले अनेकथरी विकल्पका कुरा गर्दैन, अलिकति एग्रेसिभ स्वभावको हुन्छ पुरुष । त्यो बाइ नेचर नै हुने हो । त्यसो भन्दैमा पुरुषलाई मात्र लखेट्नु पनि राम्रो हुँदैन । पुरुषले पनि आफूलाई बदल्नैपर्छ । समानताकै आधारमा अगाडि बढ्नुपर्छ । मिलेर अगाडि बढ्नुपर्छ । तपाईंहरूले देख्नुभएको छ - दुइटा गाई भेट भएर कहिल्यै लडाइँ गरेको ? झगडा गरेको देख्नुभएको छ ? दुइटा गोरू भेट भयो भने लडाइँ सुरु गरिहाल्छन् । कुखुराका दुइटा पोथीमात्र भए भने लडाइँ गर्दैनन् । दुइटा भाले

भए भने लडाइँ सुरु भइहाल्छ । विकास र परिवर्तनका लागि यस्तो स्थितिमा पनि परिवर्तन हुनु आवश्यक छ ।

नेपालका धेरै राजनीतिक आन्दोलनहरूमा महिलाहरूको सहभागिता राम्रो रह्यो । फलस्वरूप हाम्रा राजनीतिक पार्टीको नेतृत्व तहमा पनि महिलाहरूको सहभागिता राम्रो रहेको छ । आफ्नो सहभागिता अनुचित लागेको कुरामा महिलाहरू स्वयम् सहभागी हुँदैनन् । देख्नु भएकै होला वीरगञ्ज नाकाको धर्नामा एउटै पनि महिला छैनन् ।

अन्तमा, यस्तो राम्रो कार्यक्रमको आयोजना भएकोमा आयोजकलाई धेरैधेरै धन्यवाद । पुनः कार्यक्रमको पूर्ण सफलताको कामना गर्दछु ।

(२०७२ पुस २२ गते निजामती सेवामा महिला सहभागिताका विषयमा स्टाफ कलेज, जाउलाखेलमा व्यक्त गर्नुभएको मन्तव्य)

८

सेवा र परोपकारी भावना – समयको माग

नेपाल स्काउटका अध्यक्ष माननीय मन्त्रीज्यू, स्काउटसँग धेरै निकटको सम्बन्ध राखिराख्नुभएका पूर्व उपप्रधानमन्त्री तथा गृहमन्त्री माननीय वामदेव गौतमज्यू, स्काउटका पदाधिकारी र भेट्रान्स साथीहरू, उपस्थित स्काउटहरू र यस कार्यक्रममा सहभागी हुनुभएका अन्य साथीहरू,

आज मलाई पनि तपाईंहरूले शपथ-ग्रहण गराउनुभएको छ । शपथ-ग्रहण गरिसकेपछि यसअनुसारको काम पनि गर्नैपर्ने हुन्छ । विधिवत् म स्काउट परिवारको सदस्य भएको छु, खुसी लागेको छ । तपाईंहरूसँग खुसी सेयर गर्न चाहन्छु, साट्न चाहन्छु । म सबै साथीहरूलाई धन्यवाद भन्न चाहन्छु । स्काउट संस्थालाई धन्यवाद भन्न चाहन्छु ।

नेपाल स्काउटले लामो समयदेखि विभिन्न ढङ्गले महत्वपूर्ण सेवाहरू विभिन्न क्षेत्रमा पुऱ्याइरहेको छ । म यसको प्रशंसा गर्न चाहन्छु । मलाई थाहा छ, त्रिसट्ठी-चौसट्ठी वर्षअगाडिदेखि नेपाल स्काउटले आफ्नो ढङ्गले सेवा पुऱ्याउँदै आएको छ । यसैकारणले यो संस्था आज विश्वका २ सय १६ वटा देशमा फैलिन सफल भएको छ ।

१ सय ८ वर्ष भएको छ यसको स्थापना भएको । स्थापनायताको अन्तर्राष्ट्रिय अस्तित्व र अनुभवलाई हेरेर भन्नुपर्दा यसमा प्रत्यक्ष भौतिक लाभको पक्ष केही पनि छैन । लिने पक्ष नभएको, दिने पक्ष भएको छ स्काउट । यस संस्थामा लागेकाहरूसँग लिउँला भन्ने कुरा केही हुँदैन, दिने कुरामात्र धेरै हुन्छ । समय दिने, मेहनत दिने, सेवा दिने र परोपकारी काम गर्ने । अनुशासनमा बस्नु, एकताबद्ध हुनु, सकारात्मक ढङ्गले सोच्नु यसका विशेषता हुन् । अनुशासन

त यसको आधारभूत कुरा नै हो । एकता यसको आधारभूत कुरा हो । सेवा र परोपकार यसको उद्देश्य नै हो ।

सामान्य अवस्थामा मात्र होइन कुनै विशेष र विपद्का अवस्थामा समेत आवश्यक परेका ठाउँहरूमा यसले आफ्नो ढङ्गले सेवा पुऱ्याउँदै आएको छ । नेपालमा र विश्वका विभिन्न ठाउँमा यसले महत्वपूर्ण सेवा गरिआएको छ । नेपालमा यस संस्थाले आफूलाई अझ बढी विशेषतासहित; नेपाल स्काउट भनेपछि तदनुसार नै राष्ट्रिय अवधारणा, राष्ट्रिय एकता, राष्ट्रिय आवश्यकता, राष्ट्रिय भावनाका साथ यो अगाडि बढेको छ र सोहीअनुसार काम गर्दै आएको छ । सङ्कीर्णता होइन, राष्ट्रिय भावनाका साथ यो संस्था अगाडि बढेको छ ।

विभिन्न अप्ठ्यारा परिस्थितिहरूमा पनि संस्थालाई जीवित राख्नेर लगातार सेवा पुऱ्याउने र योगदान गर्ने काममात्र यस संस्थाले गरेको छैन, यसको महत्व र भूमिकालाई प्रभावकारी बनाइराख्ने कुरामा पनि म साथीहरूको प्रशंसा गर्न चाहन्छु । तपाईंहरूले राम्रो काम गर्नुभएको छ, धन्यवाद छ ।

सरकारका तर्फबाट प्रशिक्षक प्रशिक्षण तालिमका निम्ति केही सहयोग मन्त्रालयमार्फत विनियोजन भएको छ भन्ने मैले जानकारी पाएको छु । तत्सम्बन्धमा स्काउटका काम हेरेर, यसका आवश्यकतालाई हेरेर र यसको प्रभावकारितालाई हेरेर सहयोग बढाउन नसकिने भन्ने कुरा हुँदैन, वृद्धि गर्न सकिन्छ । यहाँहरूले हरेक निर्वाचन क्षेत्रमा, हरेक विद्यालयमा स्काउटलाई पुऱ्याउने जुन अभियानलाई अगाडि बढाउनुभएको छ, त्यो सकारात्मक छ । नयाँ पिँढीमा यसलाई पुऱ्याउन एकदमै जरुरी छ, किनभने यसले एउटा व्यापक दृष्टिकोण, आधुनिक दृष्टिकोण, वैज्ञानिक दृष्टिकोण अपनाउन सिकाउँछ । सङ्कीर्ण, जातिवादी, धार्मिक समुदाय विशेषको, एउटा भूगोलको नारा बोकेर हिँड्ने, एकथरीप्रति मित्रता र अरूप्रति वैरभाव राख्ने सोचहरू स्काउटले अपनाउँदैन । यसले मानवतावादी सोच अपनाउँछ, को अप्ठ्यारोमा परेको छ, कसलाई सङ्कट आइपरेको छ भन्ने कुरा मान्छेको अनुहार हेरेर होइन, जोसुकैलाई परेको सङ्कट पनि समाधान गरिनुपर्छ भनेर यो दौडन्छ । सबैप्रति यसको समभाव हुन्छ, प्रेमभाव हुन्छ, सहयोगी भाव हुन्छ र सबैप्रति सकारात्मक सोचका साथ यो अगाडि बढ्छ । यसले मानवतालाई जोड दिन्छ, यसले राष्ट्रियतालाई जोड दिन्छ र यसले देशभक्तिलाई जोड दिन्छ ।

अहिले विभिन्न प्रकारका गलत कुराहरू फिँजाउन खोजिएको छ, साम्प्रदायिक विद्वेषका कुरा, भौगोलिक हिसाबमा विभेदजस्ता कुरा, कटुता, वैमनस्यता फैलाउने जस्ता कुरा । त्यस्तो परिस्थितिमा मानवजातिलाई फराकिलो रूपमा, आफ्नो दाजुभाइको रूपमा हेर्नसक्ने र सबैको परोपकार गर्नुपर्छ भन्ने परोपकारी भावनाका साथ काम गर्ने यस्तो संस्थाका गतिविधिहरूलाई तीव्रता दिनु समयको माग नै भएको छ । यसकारण म नेपाल स्काउटलाई आफ्ना कामहरू तीव्रताका साथ अगाडि बढाउन सुझाव दिन चाहन्छु, आग्रह गर्न चाहन्छु र त्यसो गर्दाखेरि सरकारका तर्फबाट यहाँहरूलाई चाहिने मद्दत सरकारले गर्नेछ, त्यो विश्वास पनि म यहाँहरूलाई दिन चाहन्छु ।

अहिले नेपाल स्काउटले म जस्तो स्काउटप्रियलाई संरक्षक बनाउनुभएको छ । यसमा के गर्नुपर्छ म छँदैछु, तपाईंहरूले काम अगाडि बढाउनोस् । संरक्षणका निम्तिमात्र होइन, यसको बिस्तारका निम्ति पनि, यसको सक्रियताका निम्ति पनि, यसको प्रभावकारिताका निम्ति पनि के गर्नुपर्छ, त्यो म गर्छु । संरक्षक भनेको त अप्ठ्यारो पर्दा रक्षा गर्नका लागिमात्र हाजिर हुने होइन, यसलाई स्वतरामा पर्नै नदिने गरी हाजिर हुने हो । त्यस कुरामा पनि म सचेत बनेको छु ।

यसको बिस्तारका क्रममा अभिभावकहरूलाई भन्नुपर्छ - तपाईंहरू हरेकले आफ्ना छोराछोरीलाई स्काउटमा लगाउनोस् किनभने चर्को बोल्ने बानी परेका केटाकेटीहरू स्काउटमा आएपछि नरम बोल्ने हुन्छन् । हातखुट्टा बजार्नेहरू हातखुट्टा नबजारी राम्ररी बोल्ने हुन्छन् । आनीबानी राम्रो नभएकाहरू स्काउटमा आएपछि राम्रा हुन्छन् । अनुशासन थाहा नपाएकाहरूलाई यसले अनुशासन सिकाउँछ, अनुशासनमा बस्न, अनुशासन बुझ्न प्रेरित गर्छ । मान्छेलाई जातको आधारमा भिन्न देख्ने, भूगोलको आधारमा भिन्न देख्ने वा अरू विभिन्न प्रकारका सम्प्रदायका आधारमा भिन्न देख्नेजस्ता कुराहरूलाई नहेरेर आफ्नै दाजुभाइ देख्ने मानवीय भावना यसले सिकाउँछ । अनि यसले सबैभन्दा ठूलो कुरो लेऊ, लेऊभन्दा पनि के दिन सकिन्छ भन्ने भावना सिकाउँछ । त्यसो भएको हुनाले नयाँ पिँढीलाई सानैदेखि हामीले स्काउटतर्फ आकर्षित गर्ने, स्काउटमा आबद्ध गर्ने, उनीहरूलाई स्काउट भएर काम गर्न प्रेरित गर्ने गर्नुपर्दछ ।

मानिसले सेवा गर्न पायो भने र उसले सेवाको अर्थ बुझ्यो भने पानी परिरहेका बेला पनि उसलाई आनन्द आउँछ, घाम लागिरहेका बेला पनि उसलाई आनन्द आउँछ । चर्को घाम लागेको बेला पनि उसले सेवा गरेको हुन्छ,

पानी परिरहेका ठाउँमा पनि सेवा गरिरहेको हुन्छ । यतिसम्म कि आगलागीले ध्वंस गरिरहेको ठाउँमा पनि उसले आफ्नो ज्यान खतरामा पारेर अरूको सेवा गरिराखेको हुन्छ । ज्यान खतरामा पार्दा पनि आनन्द आउँछ । बाढी आएका ठाउँमा उसलाई बाढीले बगाउने खतरा हुन्छ, तर अरूलाई बचाउने कुरामा उसलाई जुन आनन्द छ, त्यसले आफूमाथिको खतरा पनि उसले कम ठान्छ । सम्पूर्ण मानिसको, विशेषगरी विपद्मा परेका मानिसको भावनाका साथ काम गर्ने संस्था हो यो । यस्तो संस्थालाई बढाउनुपर्छ, फैलाउनुपर्छ । म तपाईंहरूको प्रयासको सराहना गर्छु । यो संस्था निरन्तर अगाडि बढ्नेछ भन्ने विश्वास मैले लिएको छु ।

अहिले धेरै कुरा गर्ने भन्दा पनि मैले अघि नै भनें, अध्यक्ष माननीय मन्त्री सत्यनारायण मण्डल हुनुहुन्छ । उहाँ अध्यक्ष भएको बेलाको फाइदा लिनोस् संस्थाका लागि । उहाँ केही गराँै भन्ने भावनाको मान्छे हुनुहुन्छ । त्यस्तो भावना भएको मान्छे भएका बेला यो लाभ संस्थाले लेओस् भन्ने म चाहन्छु । संरक्षकमात्र भएर नबस्ने भनिसकेँ मैले । यसलाई गतिशील बनाउने कुरा, यसलाई अगाडि बढाउने कुरालाई तीव्रता दिने कुरामै लाग्छु म भनेपछि भन् के चाहियो । स्काउटलाई विद्यालयहरूमा लाने जुन कुरा छ, यसलाई सर्वत्र नै योजनाबद्ध ढङ्गले विकास गर्दै लानुपर्छ । तपाईंहरूको योजनाका सम्बन्धमा फेरि म यसको नेतृत्वसँग बसेर पनि विचार विमर्श गराँैला, कुरा गराँैला । सबैमा धेरैधेरै शुभकामना ।

(२०७२ पुस २१ गते नेपाल स्काउटको दीक्षान्त समारोहमा दिनुभएको मन्तव्य)

१

असहमति लोकतन्त्रमा ठूलो कुरा होइन

पत्रकार साथीहरू, देशका समस्याहरूप्रति चिन्तित हुँदै ती समस्याहरूको समाधान हुनुपर्छ भन्ने भावनाबाट ओतप्रोत भएर कसैले पनि आफ्ना विचार वा स्वार्थहरूमा अह्रो हुने होइन, लचिलोपनका साथ सम्वाद र सहमतिको बाटोबाट समाधान पहिल्याउनुपर्छ भन्ने उत्कट अभिलाषाका साथ तपाईंहरूले जुन ज्ञापनपत्र दिनुभएको छ, त्यसलाई हार्दिक स्वागत गर्न चाहन्छु । तपाईंहरूको ज्ञापनपत्रले देशको परिस्थिति, देशले भोग्नुपरेको समस्या, तिनका समाधानका सम्भावित र उपयुक्त उपायहरू आदिको सम्बन्धमा सङ्क्षिप्तमा राम्रो व्याख्या गरेको छ । म त्यसको समर्थन गर्न चाहन्छु । जहाँसम्म तपाईंहरूको सरोकारको प्रश्न छ, जायज छ, चिन्ताको प्रश्न छ । समाधानका जो उपायहरू सुझाउनुभएको छ, ती सर्वोत्तम उपायहरू छन्।

हामीले संविधान प्राप्त गरेका छौँ । अत्यन्तै लोकतान्त्रिक संस्थाबाट, लोकतान्त्रिक प्रक्रियाबाट, लोकतान्त्रिक संविधान प्राप्त गरेका छौँ । जनताको संविधान प्राप्त गरेका छौँ । यस संविधानले जनतालाई आफैँले बनाएको संविधानमार्फत संवैधानिक हिसाबले अत्यन्तै सुदृढताका साथ सार्वभौम बनाएको छ । जनताका हकअधिकारहरू - शोषणबाट उन्मुक्तिको हक, न्याय प्राप्त गर्ने हक, नीति निर्माण र शासन सञ्चालनमा सहभागिता, हिस्सेदारीको हक, अधिकार, अवसर, सुरक्षा र सम्मान बराबर प्राप्त गर्ने हक, सामाजिक न्याय र समानता प्राप्त गर्ने हक, मौलिक हक, स्वतन्त्रताका हकदेखि लिएर सम्पूर्ण हकहरू जनताले प्राप्त गरेको अवस्था छ । यतिबेला लामो समयको प्रतीक्षा, आकाङ्क्षा र प्रयत्नपछि प्राप्त भएको यस लोकतान्त्रिक संविधानलाई कार्यान्वयन गर्नु सबैको साझा दायित्व रहेको छ । जनताले संविधानसभाबाट संविधान प्राप्त गर्ने लामो समयदेखिको चाहना र प्रयास सफल हुँदा पनि

त्यसलाई उपलब्धिको रूपमा बुझाउन नसक्नु, यस्तो संवैधानिक हैसियतका साथ सामाजिक न्याय र समानता प्राप्त हुँदा पनि उपलब्धिको रूपमा बुझ्न नसक्नु विडम्बनापूर्ण कुरा हो । सम्पूर्ण लोकतान्त्रिक अभ्यासमा विकास गर्नका लागि, समाजका पछाडि परेका हिस्साहरूलाई अगाडि बढाउनका निम्ति विशेष प्रबन्धहरू जे गरिएका छन् वा आरक्षण जस्ता जे कुराहरू गरिएका छन्, तिनको महत्वलाई बुझ्नुपर्‍यो । एक जातले अर्को, एक भूगोल वा क्षेत्रकाले अर्को ठाउँका, एउटा पेसा व्यवसायकाले अर्को पेसा व्यवसायकालाई, एउटा पार्टीले अर्को पार्टीका मान्छेलाई विरोधीको रूपमा, शत्रुको रूपमा बुझ्नु वा त्यसरी बुझाउन खोजिनुले अत्यन्तै असामयिक, अनुचित र हानिकारक प्रवृत्तिहरू पनि देखापरेका छन्, जुन विल्कुलै अनुपयुक्त र अनुचित छ । यस्तो अवस्थामा संविधानको कार्यान्वयनका लागि यो सरकार बनेको छ । म यहाँहरूमार्फत भन्न चाहन्छु सरकार आग्रहहीन छ, पूर्वाग्रहहीन छ, यसको निष्ठा देशप्रति हो, यसको निष्ठा जनताप्रति हो, यसको निष्ठा मानवजातिको सर्वोपरि हितप्रति हो, यसको निष्ठा त्यसबाट सिर्जित अनेकन् कुराहरू वा त्यसका निम्तिका उपकरणहरूको निम्ति हो, जस्तो संविधानको, यो एउटा माध्यम हो त्यसका लागि । त्यसैगरेर लोकतान्त्रिक प्रणाली एउटा प्रणालीगत मान्यता वा अभ्यास हो । यी सब कुराहरूप्रति अहिलेको सरकार प्रतिबद्ध छ । समाजमा सामाजिक सुव्यवस्था कायम गर्ने, लोकतान्त्रिक मूल्यमान्यता कायम गर्ने, असमानता र विभेदको अन्त्य गरेर सामाजिक न्याय र समानता स्थापना गर्ने, विविधताको बीचमा एकता अथवा भिन्नतालाई पारस्परिक सम्मानका आधारमा, समझदारीका आधारमा, सामाजिक सद्भाव कायम गर्ने र त्यस सद्भावको माध्यमबाट राष्ट्रिय एकतालाई सुदृढ गर्ने काममा सरकार लागेको छ । नेपाली जनता गरिबीबाट छुट्टी चाहन्छन्, समृद्धि चाहन्छन् र सुख चाहन्छन् । त्यसका लागि आर्थिक उन्नतिका दिशामा अगाडि बढ्नु आवश्यक छ । त्यतापट्टि हामीले ध्यान दिइरहेका छौँ ।

यहाँहरूलाई थाहा छ, मैले लगातार केही घोषणाहरू गरेको छु । कोहीकोही राजनीतिक स्वार्थवश, बङ्ग्याइटिङ्ग्याई पनि लेस्छन्, बोल्छन्, विरोध गर्छन् । ती राजनीतिक स्वार्थका कुरा बेग्लै हुन् । जतिबेला यो सरकार बन्यो, त्यतिबेला मधेसमा आन्दोलन थियो र ४५-४६ जनाको ज्यान गइसकेको थियो । नाकाबन्दी भइसकेको थियो । सामानको आपूर्ति थिएन, बन्द थियो । भूकम्पको सम्बन्धमा समयमा अध्यादेशलाई कानुनको रूपमा परिणत गर्न संसदमा पेस नभएको अवस्था थियो र त्यो अगाडि बढ्न सकिरहेको थिएन । विभिन्न राजनीतिक

स्वार्थका कारण त्यो अल्झिरहेको, अल्मलिरहेको थियो । प्राधिकरण ऐन पनि थिएन, पुनर्निर्माणसम्बन्धी प्राधिकरण बनेको पनि थिएन । अरू पनि धेरै जटिलताहरू थिए । केही तयारी थिएन । त्यति लामो समयसम्म केही पनि नभएको अवस्थामा अहिले हामीले कामहरू अगाडि बढाउनु परेको छ । केहीकेही रेडिमेड धारणाहरू आएका देख्निछन् । हामी त्यतापट्टि अल्मलिने होइन, अब शान्ति, सुव्यवस्था र सुशासन कायम गर्दै समृद्धिको बाटोमा अगाडि बढ्छौं । त्यसका निम्ति आवश्यक कदम चाल्छौं । विकास निर्माणका कुरामा व्यवधान पुऱ्याउने कुरालाई हामी मानिरहँदैनौं । हामी सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा छौं । यहाँ राजतन्त्र छैन । यहाँ लोकतान्त्रिक प्रणाली छ । यसमा तानाशाहीको विरोध गर्न आन्दोलन गर्नुपरिरहेको अवस्था छैन । अहिले जनताको सरकार छ, जनताद्वारा निर्वाचित सरकार छ, संसदबाट निर्वाचित सरकार छ, यसलाई फरक ढङ्गले बुझ्नु आवश्यक छैन । म विश्वास गर्छु, छिट्टै नै परिस्थितिमा सुधार आउँछ । हामी सघन ढङ्गले कुराकानी गरिरहेका छौं । आजमात्रै पनि हामी प्रमुख तीन दलले गम्भीरताका साथ केही सयम लिएर नै छलफल गऱ्यौं । अझ तीव्रताका साथ, अझ सुदृढ ढङ्गले अगाडि बढ्ने कुरा हामीले गरेका छौं ।

विभिन्न समुदायहरू, आन्दोलनरत भनिएका विभिन्न पक्षहरू अहिले बुझ्दै जाने क्रममा छन् । एउटा सानो तप्का बाँकी रहेको छ, त्यसलाई हामी सम्झाउने प्रयास गरिरहेका छौं । यदि कुनै कुरा छन् भने अहिलेको अहिल्यै हुन्छ भन्ने पनि छैन । अहिलेको अहिल्यै नभएर हामी छलफल गर्दै, विचार विमर्श गर्दै अगाडि जान पनि सक्छौं । संविधान असंशोधनीय दस्तावेज, अपरिवर्तनीय दस्तावेज होइन, त्यसमा संशोधन हुनसक्छ । संसारका विभिन्न देशमा सङ्घीयताका मामलामा सङ्ख्या, नाम, सीमा आदि कुराहरू परिवर्तन भएका छन् । हाम्रोमा पनि परिवर्तन हुनै नसक्ने भन्ने कुरा छैन । हाम्रा आवश्यकताले, हाम्रा अनुभवले के देखाउँछन्, त्यहीअनुसार हामीले गर्नुपर्ने हुन्छ तर आग्रहवश होइन । झापाका जनताले हुल्लाको माग गरेर कहाँ हुन्छ ? त्यहाँका जनतालाई नचाहिएका कुरा अर्कोले थोपरिदिएर अथवा जिद्दीलाई राजनीतिक मागको रूपमा बुझ्नुपर्ने जस्ता कुराहरूलाई हामीले अलिकति होसियारीका साथ नै हेर्नुपर्छ । त्यसबाट देशलाई नोक्सान पर्छ भने त्यस्ता कुराहरूमा होसियार हुनुपर्छ ।

पारदर्शिता र लोकतान्त्रिक मूल्यमान्यता हाम्रा आदर्श हुन् । ती हाम्रा बाटा हुन्, तिनैबाट हामी अगाडि बढ्छौं । मैले विश्वास लिएको छु, छिट्टै समस्या

समाधान हुन्छ । यदि सम्पूर्ण समाधान भएन भने पनि समस्याको मात्रा कमजोर हुँदै जान्छ र कामचलाउ स्थितितर्फ जानसक्छ । संसदलाई प्रभावहीन बनाउने, संसदलाई काम गर्न नदिने, संसदले केही काम गरेन भन्ने पार्ने, संसदीय प्रणाली काम लाग्दैन भन्ने पार्ने अथवा यी जनप्रतिनिधि काम लाग्दैनन् भन्ने पार्ने, प्रतिनिधिमूलक व्यवस्था काम लाग्दैन भन्ने सन्देश दिने, त्यसका निम्ति संसद नै चल्न नदिने वा संसद नचलाउने जस्ता कुराहरू उचित हुँदैनन् । संसद जनताका समस्या, देशका समस्याका सम्बन्धमा छलफल गर्ने, निष्कर्ष दिने थलो हो । त्यसलाई त्यसैगरी अगाडि बढाइन्छ ।

हाम्रो संविधानले दुनियाँभरिबाट विश्वास प्राप्त गरेको छ, समर्थन प्राप्त गरेको छ । अलिकति अन्योल भारतमा थियो, त्यसकारण भारतले स्वागत भन्ने शब्द भन्न पाएको थिएन, अहिले संशोधन हामीले राखिसकेपछि भारतले पनि स्वागत गरेको छ । त्यसकारण अब स्वागत गर्न बाँकी कुनै देश, कुनै राष्ट्र, कुनै सरकार, कोही पनि छैन, खुलस्त सबैले स्वागत गरिसकेको अवस्था, स्वागत गर्नैपर्ने अवस्था छ । स्वागत नगर्नुपर्ने कुनै कारण छैन ।

आन्दोलनको नाममा तराई धेरै पछाडि छ, सबभन्दा पीडा तराईले भोगेको छ । अब हामी यही अवस्थालाई अगाडि जान दिइरहन सक्दैनौँ । बहुदलीय व्यवस्था हाम्रो बाध्यता होइन, हाम्रो रोजाइ हो । प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्था हामीले रोजेर ल्याएका हौँ । कारण, बहुदलीय व्यवस्थाका प्रकृति र प्रवृत्तिहरू हाम्रो लागि नयाँ कुरा होलान्, तर यतिबेला हामी सबैले गम्भीरताका साथ जिम्मेवार भएर चल्नुपर्छ । अब यस्तो अवस्थामा तपाईंहरूले ज्ञापनपत्र दिनुभएको छ, म तपाईंहरूलाई धन्यवाद भन्न चाहन्छु ।

सरकारको आलोचनाका बारेमा दुइटा कुरा छन् । एउटाचाहिँ सरकारले बेठिक कदम चालेर नै पनि आलोचना हुन्छ । अर्कोचाहिँ बहुदलीय प्रतिस्पर्धात्मक राजनीतिक प्रणालीमा यसै पनि आलोचना हुन्छ । यो सरकार बन्नुभन्दा अगाडिदेखि नै आलोचनाहरू छँदैथिए, यो सरकार बन्नुहुन्न भन्नेहरू पनि थिए । यसलाई बन्न नदिन अर्कोतिर भोट हाल्नेहरू पनि थिए । भनेपछि यो असहमतिको कुरा लोकतन्त्रमा कुनै ठूलो कुरा होइन । असहमतिलाई धेरै अनौठोरूपमा लिनुहुँदैन । कुनै अर्थपूर्ण विरोध छैन । हामीले असाधारण ढङ्गले कामलाई अगाडि बढाएका छौँ; जस्तो लोडसेडिङको उदाहरण लिऊँ । यो लोडसेडिङ आजको उपज होइन । मैले भनेको थिएँ, एक वर्ष जतिमा

लोडसेडिङ समाप्त पार्छु । उहिलेदेखिको अकर्मण्यताले जुन लोडसेडिङ छ, २४ घण्टामा २ घण्टा बिजुली दिने अवस्था छ भने यो त दयनीय अवस्था भयो । ८३ हजार मेगावाट क्षमता छ, दुनियाँको दोस्रो जलस्रोतको धनी देश छ, १ सय ५ वर्षमा जम्मा ७ सय मेगावाट, त्यो पनि बाढीको बेला । हिउँदमा त ३ सय मेगावाट । मन्त्रालय छ, प्राधिकरण छ, गर्छन् के त ? यत्रो वर्षमा भयो के त ? त्यसकारण तपाईंहरूमार्फत म भन्न चाहन्छु, यही सिलसिलामा अर्को १ सय ५ वर्षमा अर्को ७ सय मेगावाट बनाउने ढाँचाको कार्यशैलीमा म बस्दिनँ । १ सय ५ वर्षमा गरेको जति काम हो, त्योभन्दा डबल काम म १ वर्षभित्र गर्छु । देशका लागि, जनताका लागि राजनीति नगर्ने, आफ्ना लागि राजनीति गर्ने एकथरी मान्छे, अर्कोथरी आफ्नो बौद्धिक स्तरको करामत देखाउनका लागि कुरा फिटिराख्ने, अर्कोथरी पनि हुनसक्छन्, करेन्टहरू आउनसक्छ, त्यो धेरै ठूलो कुरा होइन । म फेसबुक हेरेर, ट्विटर हेरेर काम गर्ने मान्छे होइन । काम गर्छु, जसलाई जे भन्न मन लाग्छ भने हुन्छ । राम्रो काम गर्ने र राम्ररी काम गर्ने लक्ष्यमा म अगाडि बढेको छु ।

मलाई सानो र छरितो सरकार बनाउने मन थियो । बरु एकजना मन्त्रीले दुई वटा मन्त्रालय लिने र १७ जनाभन्दा बढीको सरकार नबनाउने मनसाय थियो तर म ताक्छु मुढो, बञ्चरो ताक्छ घुँडोजस्तो परिस्थिति बन्यो । अकल्पनीय ढङ्गले सहकार्य गरिरहेको एउटा प्रमुख शक्ति जिम्मेवार ढङ्गले सोचेर सँगै जाने जुन सहमति थियो, जुन देशको आवश्यकता पनि थियो, त्यसैगरी अगाडि जाला भन्ने नै मैले ठानेको थिएँ, त्यो भएन । दुई वा तीनवटा प्रमुख पार्टीको सरकार भएको भए त्यो कुरा पूरा हुन्थ्यो । यो त धेरै पार्टीहरूको संयुक्त सरकार हो । धेरै पार्टीको संयुक्त सरकार भएपछि अलिकति त्यसले फरक पार्ने नै भयो । राष्ट्रिय सहमतिको सरकार बनाएर जाऔँ, विकास निर्माणतर्फ केन्द्रित भएर जाऔँ भन्ने मेरो उद्देश्यलाई जसले साथ दिएन वा त्यस उद्देश्यबाट विमुख हुने कुरा जुन भयो, त्यसले नयाँ परिस्थिति जन्मायो ।

मान्छेहरू विचित्र विचित्रका कुराहरू गर्छन्, अपव्याख्या गर्छन्, भ्रमपूर्ण कुराहरू मच्चाउँछन् । केपी ओलीले यस्तो भन्यो, प्रधानमन्त्रीले उस्तो भन्यो भनेर भन्छन् । कुनै समयमा केही गर्न पऱ्यो भने उपयुक्त आधारमा अध्ययन विश्लेषण गरेर आवश्यकता र अनुभवले देखायो भने जनताको इच्छाअनुसार गर्ने कुरा आफ्नो ठाउँमा छ । अहिले प्रधानमन्त्रीको हैसियतले संविधानको पालना

गर्ने प्रतिज्ञा गरेर म आएको छु । म संविधानको पालना गर्छु । संविधानले जुन सीमा भनेको छ, प्रदेशहरूको जुन सीमा संविधानले भनेको छ, त्यही मैले मान्ने हो । अन्यथा केही संवैधानिक प्रक्रियाबाट, राजनीतिक सहमतिको बाटोबाट भोलि अध्ययनमा आधारित भएर अघि मैले भनेका आधारहरूका साथ भयो भने त्यसलाई मान्ने कुरा एउटा हुन्छ तर कसैको लहडबाजीमा मैले अरूअरू कुरा गर्न मिल्दैन । एक इञ्च छोड्दिन, छोड्छु भन्ने आफ्नो निजी कोठेबारी जस्तो भ्हैं न भन्न हुन्छ, न जिद्दी गर्न हुन्छ, कसैले गर्न हुँदैन । त्यसकारण खास आधारहरू हुन्छन् । मैले एक इञ्च, दुई इञ्चका कुरा गरेको होइन । एक ठाउँको मान्छे हुन्छ, अर्को असम्बन्धित ठाउँमाचाहिँ यस्तो हुनुपर्छ भन्ने ? यस्तो कुराले त्यहाँको विकासमा बाधा पुग्छ, त्यहाँको विकासलाई नराम्रो हुन्छ, त्यहाँको प्रशासनिक सुविधा, त्यहाँको शान्ति, सुरक्षा, सेवा, सुविधाहरू, स्वास्थ्य, शिक्षाजस्ता कुराहरूदेखि लिएर सामाजिक बनोट अनि सर्वोपरि विकासका कुराहरूमा प्रतिकूल असर पर्छ । त्यसैले त्यस्तो गर्नुहुँदैन भनेर त्यहाँका जनता भन्ने, अन्त कतैका मान्छेले होइन त्यो त यसै गर्नुपर्छ भन्ने कुरो सदर गरिरहनुपर्ने वा त्यसबाट निर्देशित हुनुपर्ने जस्तो म देख्दिनँ । त्यो निर्देशित हुनुपर्ने विषय होइन । मसँग कुनै आग्रह छैन, पूर्वाग्रह छैन ।

मान्छेहरूले आन्दोलनका नाममा, अरू नाममा जे गतिविधि जसरी गर्ने गरेका छन्, त्यसमा म कुनै जुहारी खेल्न पनि जान्न । दोहरी गाउनु पनि छैन मलाई । मैले देश र जनताको हित कायम गर्ने हो । एउटा क्षेत्र विशेषको, जाति विशेषको कुरा म गर्दिन किनभने म क्षेत्रीय पार्टी पनि होइन, क्षेत्रीय सङ्गठन पनि होइन, जातीय सङ्गठन पनि होइन, धार्मिक सङ्गठन पनि होइन, म राष्ट्रिय पार्टीको अध्यक्ष हुँ । नेपालको प्रधानमन्त्री हुँ । त्यसकारण मैले हुम्ला होस् कि दार्चुला होस्, कञ्चनपुर होस् कि ताप्लुजुङ होस्, झापा होस् कि ओखलढुङ्गा होस् अथवा धनुषा होस् कि महोत्तरी, सर्लाही होस् कि कञ्चनपुर, यी सबै ठाउँ मेरा आफ्ना हुन् र यी सबै ठाउँका जनता बराबर हुन् भन्ने धारणाअन्तर्गत म कुरा गर्छु । क्षेत्रीय, जातीयजस्ता कुरा म गर्दिन ।

सम्वादबाट समस्याहरू समाधान गर्नुपर्छ भन्ने मेरो धारणा हो । म सबै पक्षलाई जिम्मेवाररूपमा आवेश, उत्तेजनमा होइन, गम्भीरताका साथ सोचविचार गर्न र सम्वादबाट समस्या टुङ्ग्याउन आग्रह गर्छु । देश यति जटिल अवस्थामा

भएको बेला कसैले पनि खिचलोको राजनीति गर्नु वाञ्छनीय हुँदैन । सबै पक्ष देश र जनताप्रति जिम्मेवार हुनुपर्छ ।

हामी दुनियाका मित्र हौँ, दुनियामा हाम्रा कोही शत्रु छैनन् । हामी सबैसँग मैत्री भाव राख्छौँ । भारत र चीन दुइटै हाम्रा मित्र हुन् । भारतसँग हाम्रो खुला सीमा छ, सामाजिकदेखि लिएर, आर्थिकदेखि लिएर धेरै कारोबार ज्यादै ठूलो मात्रामा भारतसँग छ । यो हाम्रो भौगोलिक अवस्थितिले र हाम्रो विगतदेखि चलिआएको सम्बन्धका आधारमा रहेको छ । त्यो सम्बन्ध निकै महत्वको छ र त्यही गहिराइमा छ । हाम्रो अर्को छिमेकी चीन हो । चीनसँग हाम्रो परम्परादेखि नै सुमधुर सम्बन्ध छ । हामी दुबै मित्रराष्ट्रसँगको सम्बन्धलाई पारस्परिक लाभ र पारस्परिक सम्मानका आधारमा नै अगाडि बढाउन चाहन्छौँ । हामीले एउटा छिमेकीसँग मित्रता छ भन्यौँ भने अर्को छिमेकीसँग मित्रता छैन, गर्दैनौँ भन्ने कुरा होइन । हामी दुबै छिमेकीसँग मित्रता गर्छौँ, सुमधुर सम्बन्ध राख्छौँ । पारस्परिक सहयोगात्मक भावना राख्छौँ । हाम्रो भूमि कसैका विरुद्ध प्रयोग हुन दिँदैनौँ । हामी हाम्रा मित्रहरूका लागि कति उपयोगी हुनसक्छौँ, उचित ढङ्गले हामी हाम्रा मित्रहरूका लागि प्रतिकूल नहोस्, राम्रो होस्, हामी त्यही चाहन्छौँ । हामी एउटा छिमेकीका विरुद्ध अर्कोलाई र अर्को छिमेकीका विरुद्ध अर्कोलाई प्रयोग गर्ने खालका कुरा गर्दैनौँ । हाम्रो नीति स्पष्ट छ । त्यसकारण कसैले यसलाई उछालेर वातावरण बिगार्ने प्रयास गर्छ भने त्यो अनुचित छ, बेठीक छ ।

(२०७२ पुस ११ गते रिपोर्टर्स क्लब, नेपालका प्रतिनिधिमण्डलसँग व्यक्त गर्नुभएका विचारहरू)

१०

उत्कृष्टको पगरी होइन, काम चाहिएको छ

कार्यक्रमका सभापतिज्यू, उपस्थित नेताज्यूहरू र सहभागी कमरेडहरू, आज पार्टीले चलाइरहेको विशेष अभियानअन्तर्गत तपाईंहरूले यो भेलाको आयोजना गर्नुभएको छ । यो अत्यन्तै सामयिक छ, सान्दर्भिक छ, यसलाई अत्यन्तै सार्थक उपलब्धि मान्नुपर्छ ।

तपाईंहरूले संविधानसम्बन्धी पुस्तिका प्राप्त गर्नुभएकै छ । यसमा थुप्रै विश्लेषणहरू ठीक ढङ्गले प्रस्तुत भएका छन् । केहीकेही अङ्क र आकडामा तलमाथि भएको हुनसक्छ । त्यो ठूलो कुरा होइन, त्यो प्राविधिक विषयमात्र हो । यसमा विश्लेषणहरू अत्यन्तै उपयुक्त ढङ्गले प्रस्तुत गरिएको छ र यो पुस्तिका पढेर पनि हामी संविधानका विशेषताहरू, हाम्रा उपलब्धिहरू र हामीले के प्राप्त गरेका छौं यसबाट, नेपाली जनताले के प्राप्त गरेका छन् यस संविधानबाट भन्ने कुराहरू यसमा उल्लेखित छन् । जुन कुरा बुझेर हामी कहींकतै पनि हरेक विषयमा बहस गर्न सक्षम हुन सक्दछौं । यो पुस्तिका पढेपछि मलाई लाग्छ, हरेक विषयमा अथवा संविधानसम्बन्धी मूलभूत विषयमा सबै प्रश्नहरूको जवाफ आउँछ र सही जवाफ आउँछ ।

अहिले संविधान जारी भएको छ । देशले ठूलो उपलब्धि हासिल गरेको छ । जनताले लामो समयदेखि गर्दै आएका सङ्घर्षहरू, तिनका उतारचढाव, बलिदान, सबै चीजबाट अन्तिममा के निष्कर्ष निस्केको छ भने जुन सफलता हामीले प्राप्त गरेका छौं, त्यसलाई अत्यन्तै संवैधानिक हिसाबले, संवैधानिक संस्थाबाट संस्थागत गरेका छौं । यो धेरै ठूलो उपलब्धि हो, तर विचित्रको कुरा के छ भने एकातिर हामीले यत्रो उपलब्धि हासिल गरेका छौं, अर्कातिर उपलब्धिको कुरै छैन, चर्चै छैन, उल्टै नराम्रो काम भएको हल्ला पिटाउने

गरिएको छ । कतिपय आफूलाई लोकतान्त्रिक भन्ने व्यक्तिहरू, लोकतन्त्रवादी भन्ने बुद्धिजीवीहरू, सञ्चारमाध्यमहरूसमेत आफूलाई लोकतान्त्रिक कलेवरमा राख्नचाहिँ खोज्ने तर भन्दाचाहिँ संविधान जारी भएर समस्या पैदा भयो भन्दै हिँडेका छन् । अलिक ढिलो किन नगरेको हो भन्छन् । अलिक ढिलो गरेको भए हुन्थ्यो पनि भन्छन् ।

जनताका अधिकारहरू संस्थागत गरेर समस्या पैदा भयो ? समस्या बल्झियो, समस्या निस्कियो, जनता अधिकार सम्पन्न भए, त्यसकारण समस्या पैदा भयो ? साँच्चै नै जनता सार्वभौमसत्ता सम्पन्न भए । त्यसकारण समस्या पैदा भयो ? अनेक प्रकारका भ्रम फिँजाउने र त्यो भ्रममा आधारित ढङ्गले हल्ला मच्चाउने कामहरू भएका छन् । हाम्रा सम्पूर्ण कमरेडहरू स्पष्ट हुनुहुन्छ भन्ने मलाई लाग्छ । के स्पष्ट हुनुहुन्छ भने यो संविधान नेकपा (एमाले)को अगुवाइमा, पहल र प्रयासमा भएको हो । नेकपा (एमाले) को अगुवाइमा संविधान बनेको यो नेपालमा पहिलो पटक हो ।

२००४ सालदेखि अहिलेसम्मको संवैधानिक इतिहास हामीले हेऱ्यौँ भने एमालेको अगुवाइमा संविधान बनेको थिएन । यसपल्ट एमालेकै अगुवाइमा संविधान बन्यो । यो कुरा सबैलाई थाहा छ भन्ने मलाई लाग्छ । एमालेको अगुवाइमा संविधान बन्यो भने त्यो संविधान लोकतान्त्रिक नभएर, प्रगतिशील नभएर, जनमुखी नभएर अरू केही हुनसक्छ ? अहिलेसम्मका सबै संविधानभन्दा यो उत्कृष्ट छ । एमालेले अगुवाइ गरेर बनाएपछि उत्कृष्ट हुँदैन ? उत्कृष्ट त भइहाल्छ नि । संविधानसभाका अध्यक्ष यहाँ हुनुहुन्छ । उहाँको अध्यक्षतामा बनेको संविधान । हामीले बल गरेर, विभिन्न ढङ्गले विभिन्न शक्तिहरूलाई सम्झाएर, बुझाएर, सहमत गराएर र तानेर यो संविधान बनाएको हो ।

होला, सानातिना कमीकमजोरीहरू रहनसक्छन् । संविधान एउटा गतिशील दस्तावेज हो । अहिलेको चेतना, चेतना पनि हाम्रोमात्र चेतनाले हुँदैन, सामाजिक चेतना चाहिन्छ; राजनीतिक दलहरूबीचको चेतना चाहिन्छ । ती सबै कुराको स्तरमा हेर्ने हो भने अत्यन्त राम्रो संविधान बनेको छ ।

२०४७ सालको संविधान संवैधानिक राजतन्त्रसहितको संविधान थियो । हामीले त्यसमा तत्कालीन अवस्थाअनुसार असहमतिका कुराहरू राख्वेका थियौँ, बाँकी आमरूपमा भन्ने हो भने त्यो संविधान प्रगतिशील नै थियो । पञ्चायती

व्यवस्थालाई ढालेर, निर्दलीय निरङ्कुशतालाई ढालेर, निरङ्कुश राजतन्त्रलाई पराजित गरेर बहुदलीय लोकतान्त्रिक प्रणाली, संवैधानिक दायरामा राजतन्त्रलाई ल्याउने कबुल गराएर गरिएको संविधान तुलनात्मक रूपमा उत्तम थियो । त्यो संविधानलाई वास्तवमा ठीक ढङ्गले कार्यान्वयन गरेर अगाडि जानसकेको भए राजतन्त्रलाई पनि संसदले नै बिदा गर्नसक्थ्यो, संसदले संविधान संशोधन गर्नसक्थ्यो अनुकूल परिस्थितिमा, ती ठाउँहरू थिए । त्यसपछि जुन परिस्थिति आयो, तीनवटा कारणले आयो । एउटा, त्यसको उपयुक्त ढङ्गले कार्यान्वयन गर्ने र त्यसलाई जनस्तरमा अनुभूत हुने गरी परिवर्तनलाई अगाडि बढाउने त्यसको वास्तविक कार्यान्वयनको पक्ष एउटा । त्यसपछि पैदा भएको हिंसात्मक क्रियाकलापहरूको, त्यस मारमा पैदा भएको सामन्ती राजतन्त्रको फेरि निरङ्कुश बन्ने चाहनाले फेरि लोकतन्त्रलाई खोस्ने, निरङ्कुशतन्त्र कार्यान्वयन गर्ने प्रयास । यी कुराहरूका कारणले गर्दा हामीलाई अर्को एउटा सशक्त आन्दोलन गर्नुपर्ने, नयाँ ढङ्गले अगाडि बढ्नुपर्ने अवस्था आयो र हाम्रा अधिकारहरू अब फरक ढङ्गले कार्यान्वयन गर्नुपर्ने, फरक ढङ्गले संस्थागत गर्नुपर्ने अवस्था आयो । हामीले यो महसुस गऱ्यौँ । अत्यन्त वैधानिक ढाँचामा संविधान जारी गरिएपछि त्यसको अर्थ बेग्लै हुने भयो । नत्र फेरि संविधान गलत निस्कन्छ, त्यो फेरि कुल्चिन्छ, फेरि मिचिने खालको स्थिति आउँछ ।

विभिन्न समयमा संविधान बने तर ती सबै मिचिँदै आए । बल्लबल्ल हामीले २०१९ सालको संविधान २०४६ मा गएर रद्द गऱ्यौँ । त्यसलाई हिंसाबाट उल्टाउने दुईवटै प्रयास भए । त्यसको श्रेय एक्लै लिन खोज्ने नेपाली काङ्ग्रेसको चरम याथास्थितिवादी रूप प्रकट भयो । हामीले संविधान सभाबाटै संविधान निर्माण गर्नुपर्ने र सबभन्दा उन्नत वैधानिकता, संवैधानिकता प्राप्त गर्नुपर्ने स्थिति बन्यो । धेरैले भन्छन् किन हतार गरेको भनेर । एउटा संविधानसभा, दुई वर्षका लागि बनाएको संविधान सभा चार वर्ष म्याद बढाउँदा पनि संविधान बनाउन नसकेर असफल भएको अवस्था । अर्को संविधानले बाटो नदिने, जनताका निर्वाचित निकायहरू नहुने, संवैधानिक र राजनीतिक दुईटै रिक्तताको एउटा जटिल अवस्था देशमा देखापऱ्यो । राज्यका विभिन्न अङ्गहरू समाप्त हुँदै गए । चुनाव गराउन निर्वाचन आयोग थिएन । अरू अङ्गहरू खत्तम हुँदै गएका थिए । अदालत पनि समाप्त हुने बिन्दुतिर जाँदै थियो । यसरी राज्यका विभिन्न अङ्गहरू नै समाप्त हुने र अन्ततोगत्वा संवैधानिक र राजनीतिक दुईटै शून्यताको स्थितिमा राज्यका अङ्गहरू निष्प्रभावी हुने अथवा असफल राज्यतिर

जाने एउटा परिस्थिति रह्यो । त्यसमा हामीले अत्यन्त सावधानीका साथ संविधानसभाको दोस्रो निर्वाचन गरायौँ । एक वर्षभित्र संविधान बनाउँछौँ भन्दा बनाउन सकिएन । बनाउनै दिइएन । विभिन्न प्रकारका खेलहरू भए । हामीले अलि फरक ढङ्गले अगाडि बढ्ने कुरा सोच्यौँ । हाम्रा विश्लेषणहरू, हाम्रा तरिकाहरूलाई अलिकति बदल्यौँ । हामी संविधान बन्न सम्भव हुने बिन्दुतिर लाग्यौँ ।

कमरेडहरूलाई थाहा छ, जब संवैधानिक र राजनीतिक रिक्तता आयो; बाबुराम भट्टराईको नेतृत्वको सरकारले खास योजना र खास उद्देश्यका साथ नै संवैधानिक रिक्तता र राजनीतिक रिक्तता कायम गऱ्यो । खास उद्देश्यका साथ नै गरेको हो, अञ्जानमा होइन । त्यतिबेला सहज संवैधानिक र राजनीतिक उपयुक्त प्रक्रिया र प्रणालीबाट देश अगाडि बढ्ने सम्भावना नै रहेन । राजनीतिक निकाय पनि छैन । अर्को निकाय बनाउन पनि सकिँदैन । संविधानले बाटो दिँदैन, संविधानलाई बाटो दिलाउन राजनीतिक निकाय छैन, जन-प्रतिनिधिको संस्था छैन । अत्यन्तै जटिल अवस्था । हामीले अलिकति अन्योल-अन्योल, द्विविधा-द्विविधा जस्तो स्थितिमा पनि त्यस स्थितिलाई पार लगाउनैपर्छ भनेर दृढताका साथ अगाडि बढ्यौँ । त्यसबीचमा हामीले अत्यन्तै सावधानीका साथ थुप्रै कदमहरू चाल्यौँ । अत्यन्तै सावधानीका साथ यस्ता कदमहरू चाल्यौँ जो मानिसले अलिकति पछि काम भइसकेपछि बुझिहाल्थे । पहिले नै बुझेको भए असफल बनाउँथे । सफल हुन नदिने धेरै नै षडयन्त्रहरू थिए, तर हामीले त्यसलाई सफल बनाउँदै लग्यौँ । संविधान बनायौँ । असाधारण बाटोबाट संविधान बनायौँ । एमाओवादी, मधेसी मोर्चा लोकतान्त्रिकसमेतलाई साथमा लिएर १६ बुँदे सहमति गर्नु, १६ बुँदे सहमतिबाट संविधान निर्माणका लागि दुई तिहाइको अत्यधिक सङ्ख्या पूरा गर्नु सहज कुरा थिएन । त्यो हामीले पूरा गऱ्यौँ । त्यो बाटोबाट हामीले संविधान निर्माणको कुरालाई सफल बनायौँ । धेरै शक्तिहरूलाई मन परेको थिएन, जो नेपाललाई एउटा असफल राष्ट्रतर्फ लान चाहन्थे । जसले नेपालको भलोभन्दा कुभलो चाहन्थ्यो त्यस्ता तत्वहरूलाई पराजित गर्दै संविधान जारी भयो ।

संविधान बनाउने प्रक्रियाका क्रममा संविधान बन्न नदिनका निम्ति विभिन्न प्रकारका क्रियाकलापहरू भए, मैले भनिरहनुपर्दैन । हाम्रो पार्टी दृढ थियो, एकताबद्ध थियो, सक्रिय थियो, संविधान बनाएर छोड्यो । हाम्रो त्यही

बलमा संविधान बन्यो । अब कतिलाई सहिनसक्नु, स्वपिनसक्नु भएको छ, स्वाभाविक हो जो संविधान बन्नुभन्दा अगाडि संविधान बन्न नदिने प्रयासमा थिए ।

हामी एउटा ठूलो उपलब्धिका साथ अगाडि बढेका छौँ, तर देशमा उपलब्धि हो कि होइन भन्ने खालको नकारात्मक वातावरण बनाइएको छ । नेपाली जनताले लामो समयदेखि सङ्घर्ष गरेर सङ्घर्षको अन्तिम किस्ताको रूपमा सफलतापूर्वक संविधान बनाएर आफ्ना हक अधिकारलाई सुरक्षित गर्ने सफलता प्राप्त गरेका छन् । यस उपलब्धिलाई नजरअन्दाज गर्ने, अवमूल्यन गर्ने प्रयासहरू भइरहेका छन् । जनतामा जुन दुष्प्रभाव र भ्रम फिँजाउन खोजिएको छ, तिनलाई हामीले स्पष्ट पार्नुपर्छ । हाम्रा यी कार्यक्रमहरूको अर्थ, हाम्रा भेलाहरूको अर्थ, हाम्रा छलफलहरूको अर्थ संविधानका कमीकमजोरी अर्थात् कहीं गल्ती पो भयो कि यस्तो सोच्नु पर्ने कुनै आवश्यकता छैन । ठूलो उपलब्धि भएको छ, उपलब्धिका साथ हामी अगाडि बढेका छौँ । भ्रम फिँजाउन खोज्ने तत्वहरूका भ्रमबाट जनतालाई मुक्त गर्नुपर्छ र अगाडि बढ्नुपर्छ । समस्याको समाधान, समस्याको सम्बोधन गर्ने कुरा आधारभूत रूपमा लोकतान्त्रिक संस्था, लोकतान्त्रिक विधि, लोकतान्त्रिक प्रक्रिया र बाटोबाट नै हुसक्दछ । संविधानसभाले बनाएको संविधान नमान्ने भनेको के ? त्यो त चरम अराजकता, चरम अलोकतान्त्रिकता हो । संविधानसभाका ९२ प्रतिशत सदस्यहरूले हस्ताक्षर गरेर, मतदान गरेको संविधान । अत्यन्त लोकतान्त्रिक विधिबाट संविधान सभाले प्रस्तावनादेखि लिएर अन्तिमसम्म धाराधारामा छलफल गरेर, प्रत्येक धारामा मतदान गरेर पारित गरेको संविधान । अनि यो मान्दिन भन्ने ?

संविधान मानेर संविधानका दायराभित्रबाट मात्रै कुनै पनि समस्याको समाधान खोज्न सकिन्छ । असंवैधानिक, संविधान विपरीतका समाधान खोज्न सकिँदैन । जनताका उपलब्धिलाई रक्षा गरेर मात्रै समाधान खोज्न सकिन्छ । यो संविधान कुनै राजा-महाराजाले जारी गरेको होइन, चारजना बसेर जारी गरेको होइन । यो अन्तरिम संविधानजस्तो मात्रै पनि होइन । यो निर्वाचित संविधानसभाले जारी गरेको संविधान हो । संविधान मानेर यसै संविधानभित्रबाट समाधान खोज्न सकिन्छ । म भन्छु, संविधान गतिशील दस्तावेज हो, यसमा परिवर्तन, परिमार्जन, संशोधन हुनसक्दछ, तर संवैधानिक प्रक्रियाबाट । केही केहीले पुनर्लेखनजस्ता कुराहरू अत्यन्त विषाक्त भावनाका साथ गरेका छन् ।

पुनर्लेखन भन्ने जुन कुरा छ, त्यसभित्र अलोकतान्त्रिकता, जनविरोधी, देशलाई नोक्सान पार्ने र हानिकारक भावनाहरू छन् । आवश्यकताअनुसार र अरू अनुभवका अनुसार संविधानमा संशोधन हुनसक्दछ । सबैले संविधानको स्वागत गरेका छन् र भनेका छन्- अब संविधानको प्रभावकारी कार्यान्वयनतिर जानोस् । म कमरेडहरूलाई आग्रह गर्न चाहन्छु, हामीहरूमा अस्पष्टता हुनुहुँदैन । हामी स्पष्टताका साथ सक्रिय ढङ्गले लाग्नुपर्छ ।

अहिले यसो हेर्दाखेरि सरकारका विरुद्ध हमला भएको देखिन्छ । सरकारको नेतृत्व एमालेले गरिराखेको छ, त्यसकारण हमला भइरहेको छ । सरकार के गरिरहेको छ ? अत्यन्त गहन कुराहरू, त्यसमा बढ्ता ध्यान गएको छ सरकारको । हामी नेपाललाई नयाँ युगमा प्रवेश गराइराखेका छौँ । हामीले नेपाललाई आधुनिकतातर्फ लानु छ । एउटा धारणा के थियो भने नेपाल भूपरिवेष्ठित हो, तर नेपाल भारतवेष्ठित होइन । हाम्रा सीमानाहरू चीनतिर पनि छन् । समुद्रसम्म पुग्ने पारवहन सुविधा चीनतिरबाट पनि हुनसक्छ । भारतबाट पनि आउनसक्छ, तर हामी जहिले पनि भारतबाट मात्रै ध्यान दिने, अर्को पाटो पनि छ भन्ने कुरामा ध्यान नदिने अवस्थामा रह्यौँ ।

अहिले हामीले स्मरण गर्नसक्छौँ, २०५१/०५२ मा एमालेको सरकार नराम्रो काम गरेर नहटाई नहुने अवस्थामा पुगेको थिएन । राम्रो काम गरेको थियो । राम्रो काम नै अरू पार्टीहरूका लागि आतङ्क बनेको थियो । त्यस आतङ्ककै कारण उनीहरू जसरी भए पनि त्यस सरकारलाई विस्थापित गर्ने अवस्थामा थिए । अहिले एमालेको नेतृत्वको सरकारले यस्तो अवस्थामा, यस्तो विषम परिस्थितिमा, एमालेसँग बहुमत छैन, गणितीय हिसाबमा एमाले प्रमुख पार्टी पनि होइन, तर एमालेले संविधान निर्माण गर्ने कुरामा पनि अगुवाइ गऱ्यो, सरकारको पनि नेतृत्व गरिरहेको छ,। आज नेपालको राजनीति भनेको एमालेले जे भन्छ त्यही हो । यो कुरा त सुन्दैखेरि कतिलाई झनन्न झनन्न आउँछ । एमालेले राष्ट्रपति जो भन्यो, त्यही बनायो, एमालेले उप-राष्ट्रपति जसलाई भन्यो, त्यसलाई बनायो । एमालेले सभामुख जसलाई भन्यो त्यसलाई बनायो । एमालेले उप-सभामुख जसलाई भन्यो, त्यसैलाई बनायो । एमालेले जसलाई प्रस्ताव गऱ्यो, त्यही प्रधानमन्त्री भयो । यो त कास्टिङ हो, सुरुआत । एमालेले गर्दै जान्छ । हामीलाई उत्कृष्टताको पगरी चाहिएको छैन, उत्कृष्ट काम चाहिएको छ । एक वर्षभित्रै हामीले लोडसेडिङ समाप्त पाछौँ भनेका छौँ ।

सबै आत्तिएका छन् । उनीहरूलाई पिर त्यही छ । मैले भनें - अलिकति समय पर्ख्नोस् ग्याँसका सिलिन्डर काँधमा बोकेर, कारमा बोकेर, मोटरसाइकलमा बोकेर कुद्नुपर्दैन, सिलिन्डरको फेज समाप्त गरिदिन्छु, घरघरका चुल्हा-चुल्हामा पाइप ल्याइदिन्छु । यो सुनेपछि आत्तिएकाहरूले सोचे - संसदमा सरकारविरुद्ध सदस्य सङ्ख्या कसरी बहुमत पुऱ्याउने होला ? यसले त मार्ने भयो । मैले फेरि भनें - अब फुरुरुरु धुवाँ छोड्ने डिजेलको बस होइन, इलेक्ट्रिक बस चलाउँछौं । बनेपादेखि नागढुङ्गासम्म, दक्षिणकालीदेखि बुढानीलकण्ठसम्म । काठमाडौंमा बिजुलीबाट चल्ने रेल चलाउने । अब बाटो खन्न, पिलर बनाउन सुरु गरिहालिन्छ । त्यसपछि त यसले बिताउने भयो भन्ने उनीहरूलाई लाग्यो र उनीहरू सरकार ढाल्ने काममा लागे ।

हामी भूकम्पसम्बन्धी पुनर्निर्माणको माहौल माघ २ बाट देशभरि प्रारम्भ गर्दैछौं । यत्रो समयसम्म न कानुन छ, न केही छ । यो स्थिति हामी समाप्त पार्छौं । अब हामी फास्टट्रायक तुरुन्त बनाउँछौं । तपाईंहरूले सुन्नुभएको होला, भर्ख्वै हावाबाट चल्ने बिजुली टिस्टुङ, पालुङमा सुरु गरेर गाउँ झलमल्ल भएको छ । अब आधुनिक नेपालको निर्माण सुरु हुन्छ, नयाँ नेपाल बन्छ । काठमाडौंका शहरमा फोहर थुप्रिँदैन । त्यस फोहरबाट हामी ग्याँस निर्माण गर्छौं, घरघरमा ग्याँस पुऱ्याउने कुरा मैले अघि नै गरिसकें ।

कृषिलाई अगाडि बढाइन्छ, आधुनिक ढङ्गले । स्वस्थानी व्रतकथा होइन, यो राष्ट्रनिर्माणको अभियान हो । स्वस्थानी व्रत कथामा के हुन्छ ? यस्तो छाप्रोमा ल्याएर राख्यो मलाई भनेर सतीदेवीले शिवजीलाई भनेपछि छाप्रो उधारेर हेरभन्दा उतापट्टि त झलमल्ल दरबार रहेछ । हामीले स्वस्थानी व्रतकथा सुनाउन लागेको होइन, देश बनाउन खोजेका हौं, त्यसकारण यसो च्यातेर हेर्दा महल बन्दैन, महल बनाउनुपर्छ हामीले । नयाँनयाँ योजनाहरूका साथ सरकार अगाडि बढ्छ । हामीले तातोपानी भनेको कहिलेकाहीँ जाँदाखेरि नुहाउनेमात्र बुझेका थियौं, अब हामीले त्यहाँबाट जियोथर्मल इलेक्ट्रिसिटी निकाल्छौं । तातोपानी मात्रै हुँदैन त्यहाँ, तातोपानी जमिनबाटै आउँछ, तताउनुपर्दैन, बिजुली निकाल्छौं, हट वाटरको स्विमिङ पुल बनाउँछौं । फाइभ स्टार होटल बनाउँछौं । हिमालका फेदमा गएर मान्छे तातोपानीको पुलमा झम्लङझम्लङ पौडी खेल्न लाग्छन् । हामी काम अगाडि बढाउँछौं, बढाउँछौं ।

हामी कुनै देशसँग वैरभाव राख्दैनौँ । हाम्रा छिमेकीहरूसँग मैत्रीपूर्ण सम्बन्ध राख्छौँ । कसैको अहित चिताउँदैनौँ । हाम्रो भूमि कसैका विरुद्ध प्रयोग गर्न दिदैनौँ । आजको जमानामा कसैसँग गोडलागी हैन, सबैसँग हात मिलाउन तयार छौँ । त्यसै भएर हाम्रा अन्तर्राष्ट्रिय सम्बन्धहरू बहुत राम्रा छन् ।

असहमत पक्षहरूसँग कुरा भइरहेको छ । मुस्लिम समुदायसँग पनि डिल गर्छौँ । अर्को मधेसी गठबन्धनसँग पनि कुरा गरिराखेका छौँ । हिजो वार्ता भयो । आज पनि भइराखेको छ । मिल्न सक्नेसम्म, मिलाउनसक्नेसम्म, हुनसक्नेसम्म मिलाएर जान सरकार तयार छ, तर कानुन हातमा लिने, तोडफोड गर्ने, आगजनी गर्ने, हिंसा फैलाउने वा राष्ट्रलाई विखण्डित गर्ने कुरा वा नीतिका साथ गतिविधि गर्ने कुराहरूलाई सहन सकिँदैन । ती कुराहरूलाई राज्यले मान्दैन, ती कुराहरूलाई राज्यले नियन्त्रण गर्नुपर्छ । शान्तिसुरक्षा, राष्ट्रिय एकता, अखण्डतालाई कायम गर्नु राज्यको कर्तव्य हो । अलिक समय चुप लागेको रहेछ भनेर यस्तै चल्ने रहेछ भनेर कसैले पनि नसोचे हुन्छ । शान्ति सुरक्षा कायम गरिन्छ, विखण्डनका विचार र प्रवृत्तिहरूलाई रोकिन्छ, हिंसावादी प्रवृत्तिहरूलाई रोकिन्छ । यो सरकारको कर्तव्य हो, त्यो दायित्व सरकारले निर्वाह गर्छ । वार्ता गरेर अनुकूल वातावरण बनाउनका लागि हामीले दश लाख दिने कुरा थियो दिएका छौँ, उपचार गराउने कुरा गराएका छौँ ।

अब जहिले निर्वाचन होस्, जहिले निर्वाचन हुँदाखेरि पनि नेकपा (एमाले) को सङ्घर्षको इतिहास, बलिदानको इतिहास, यसको सही दृष्टिकोण, यसले गर्न खोजेका कामहरूको उद्देश्य, यसले नेपाललाई कता लान खोजेको छ भन्ने कुरा जनताले बुझ्नेछन् । जनताका निम्ति हामीले गर्ने हो, जनतालाई त्यो कुरा बुझाउनुपर्‍यो । मैले अघि भनेँ, चुल्हाचुल्हामा ग्याँसको पाइप पुर्‍याउँछु, सिलिन्डरको युग समाप्त हुन्छ भनेर । यही कुरा गर्न नदिन, भ्रम फिँजाउन अर्काथरी लागेका छन् । त्यसकारण भ्रम फिँजाउन नदिइकन हामी लाग्नुपर्‍यो । अहिलेको सरकारबारे विचार गर्नोस् त, प्रमुख पार्टी प्रतिपक्षमा छ । कस्तो अप्ठ्यारो परिस्थिति छ, हामी सबैलाई थाहा छ । यस्तो परिस्थितिमा गोरेटोसम्म नभएको, केही नभएको भीरको बाटोबाट हिँड्नुपरेको छ । भीरको बाटो भए पनि यस्तो तीव्रताका साथ कुदेको छ, यो सरकार ।

हामी ठूला अभियानमा लागेका छौँ, ती ठूला अभियानमा हामी हरेकले लाग्नुपर्छ । अब पनि काठमाडौँ उपत्यकामा अरू कसैले जित्छ भने त एमालेलाई

लाज हुनुपर्छ तर अब अरू कसैले जित्दैन । महिला राष्ट्रपतिको कल्पना कसैले गरेको थियो ? एमालेले मात्रै गरेको थियो । महिला सभामुख कसैले कल्पना गरेको थियो ? एमालेले नै गरेको थियो । ३३ प्रतिशत महिलाको सहभागिता एमालेले बनायो । स्थानीय निकायहरूमा ४० प्रतिशत महिलाको आरक्षण कसले बनायो ? जनतालाई अगाडि बढाउने एमाले हो, एमालेले नै बनायो । हामी खेतमा रोपाइँ गर्छौं, बाली लगाउँछौं । अरू आलीमा बसेर कुरा काट्छन् । आलीमा बसेर कुरा काट्नेलाई काटिरहन दिनुपर्छ, केही गर्न सकिँदैन । हामी काम अगाडि बढाउँछौं । आजको आवश्यकता यही हो । यसमा मैले अलिकति फरक पाटोबाट साथीहरूलाई भनेको हुँ ।

यो सरकारले भ्रष्टाचार गर्दैन । एउटा पत्रिकाले अघिल्लो सरकारले बाँडेको लिस्ट देखाएर यसलाई बाँड्यो, त्यसलाई बाँड्यो भनेर अन्योलमा पर्ने गरी भनेको रहेछ । गोरेबहादुर खपाङ्गी भनेको नेपालमा लोकतान्त्रिक आन्दोलनमा, शिक्षक आन्दोलनमा लामो समयसम्म योगदान गरेका व्यक्ति हुन् । हामीसँग भएको, हामीलाई सहानुभूति राख्ने मान्छे होइनन्, तर नेपालमा योगदान गरेका मानिस हुन्, बिस्तरामा परेको कति भो, देश विदेशमा कहाँकहाँ उपचार गरे, कसैले वास्ता गरेका थिएनन्, अहिलेको सरकारले हेऱ्यो । अलिकति सहयोग गऱ्यो । उहाँको उपचारमा मद्दत पुगोस् भनेर १० लाख रुपैयाँ हामीले दियौँ । गोरेबहादुर खपाङ्गीलाई दश लाख दियो रे, भनेर तमासा गरियो । सांसद महिम सुब्बा क्यान्सर जस्तो गम्भीर बिमारी हुनुहुन्छ, उहाँलाई हामीले केही गऱ्यौँ । प्युठानका पुराना योद्धा खगुलाल गुरुङ, ९६ वर्षका वृद्ध मान्छे । उनलाई पनि सरकारले केही सहयोग गऱ्यो । नेपालको सामाजिक जागरण र परिवर्तनमा योगदान गरेका मान्छेको सम्मान गरेको हो, उपचारमा सहयोग गरेको हो ।

साथीहरूले मलाई भन्छन्, प्रधानमन्त्रीले धेरै यसो गर्छु, त्यसो गर्छु भन्नुभएन । तर म भन्छु - जनतालाई थाहा दिनुपऱ्यो नि के गर्दैछौं हामी । हाम्रा विपक्षीहरूले के ठानेका छन् भने सरकारबाट हटाउँछौं भनेर यिनीहरूलाई निदहराम गरिदिन्छौं । सरकारमा बसिरहन आएकै होइन, केको निदहराम हुन्छ ? अब हाम्रो तर्फबाट हाम्रो विरोधीलाई भनिदिन चाहन्छौं, देश त अगाडि बढ्ने भयो, अब गर्छौं के ? देश त अगाडि बढ्छ । म आग्रह गर्न चाहन्छु, आउनोस्, सबै मिलेर देश बनाऔं । हामी खुला छौं, हामी उदार छौं, हामी फराकिला छौं । आन्दोलन गरिरहेका मधेसी मोर्चाका साथीहरूलाई म भन्न चाहन्छु, - आउनोस्

न, सरकारमा बसेर तराईमा के के गर्नुपर्छ गर्नोस् । उद्योग बन्द गराइदिने, स्कूल बन्द गराइदिने, त्यहाँका टमाटर पानीमा कुहाइदिने अनि मधेसी जनताका लागि भनेर भन्ने ? के गर्नुपर्छ मधेसका लागि, ल आउनोस् गरौँ । त्यहाँका सुकुम्बासी, गरिबका लागि आवासको व्यवस्था गर्नुपर्छ कि ? त्यहाँका गरिब बालबच्चाका लागि पढाइको व्यवस्था गर्नुपर्छ कि ? के गर्नुपर्छ गरूँला, आउनोस् सरकारमा ।

नेकपा (एमाले) देशको नेतृत्वदायी पार्टी हो । देशलाई नेतृत्व गर्नुपर्छ यस पार्टीले । सफल नेतृत्व दिनुपर्छ, सही नेतृत्व दिनुपर्छ यो पार्टीले । त्यसकारण हामी अल्झिने, अल्मलिने सानातिना कुरामा लाग्नु हुँदैन । अगाडि बढ्नुपर्छ । हामी अगाडि बढ्दै जाऊँ ।

(२०७२ पुस १८ गते संविधान कार्यान्वयन र राष्ट्रिय एकता सुदृढीकरण अभियान अन्तर्गत नेकपा (एमाले) को विशेष सम्पर्क कमिटीले काठमाडौँमा आयोजना गरेको कार्यक्रममा प्रस्तुत मन्तव्य)

११

सही उद्देश्यका अगाडि गलत विचार टिक्न सक्दैनन्

यस कार्यक्रमका सभापतिज्यू,माननीय मन्त्रीज्यूहरू, राज्यमन्त्रीज्यूहरू, सांसदज्यूहरू, अतिथि महानुभावहरू, खेलकुद क्षेत्रका विशिष्ट एवं गन्यमान्य व्यक्तित्वहरू, स्पोर्टस एकेडेमीका साथीहरू, विभिन्न सङ्घसंस्थाबाट आउनुभएका साथीहरू, खेलाडी भाइबहिनीहरू र कार्यक्रममा सहभागी सम्पूर्ण दाजुभाइ, दिदीबहिनीहरू ।

आज मदन भण्डारी स्पोर्टस् एकेडेमीले ७ वर्ष पूरा गरेर ८ औँ वर्षमा प्रवेश गरेको दिन हो । यसले अप्ठ्यारा ७ वर्ष पारगरिसकेको छ र अब भविष्यमा विगतका अनुभवहरूलाई लिएर अगाडि बढ्ने नै छ । म स्पोर्टस् एकेडेमीको सफलताको निम्ति, उज्ज्वल भविष्यका निम्ति हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । स्पोर्टस् एकेडेमीलाई सङ्गठित गर्ने, योगदान गर्ने काममा अगाडि बढाउने मदन भण्डारी फाउन्डेशनलाई धन्यवाद भन्न चाहन्छु । मदन भण्डारी फाउन्डेशनको नेतृत्वमा युवा व्यक्तित्व उषाकिरण भण्डारी अध्यक्षमा आउनुभएको छ, बधाइ छ । उहाँको मन्तव्य अघि हामीले सुन्यौँ । आशालाग्दो छ, उत्साहप्रद छ । मदन भण्डारी फाउन्डेशन अगाडि बढ्नेछ, स्पोर्टस् एकेडेमीलाई अगाडि बढाउनेछ, मैले विश्वास लिएको छु ।

स्पोर्टस् एकेडेमीले थुप्रै खेल क्षेत्रका कामहरूलाई अगाडि बढाएको छ । यही दशरथ रङ्गशालाभित्र पूर्व राष्ट्रपति रामवरण यादवजीले जनवरी १ का दिन यसको प्रारम्भ गर्नुभएको थियो । त्यहाँदेखि यसले देशका विभिन्न भागमा विभिन्न कार्यक्रमहरूसहित आफूलाई अगाडि बढाएको छ, अझै अगाडि बढाउनेछ भन्ने विश्वास मैले लिएको छु ।

नेपालीहरू उन्नति, प्रगति गर्न सक्छन् । नेपालीहरू कुनै पनि हिसाबले पछाडि छैनन् । पछाडि पर्दैनन् तर पछाडि पर्न गए, पारिए विगतमा । अब पछाडि परिरहन, गरिब भइरहन नेपालीलाई मञ्जुर छैन, नेपाल अवश्य नै अगाडि बढ्छ । हामीले हाम्रो खेलकुद क्षेत्रलाई व्यापकताका साथ फराकिलोपनका साथ राष्ट्रको उन्नति, प्रगति, विकासका निम्ति खेल क्षेत्रको व्यापक महत्वलाई बुझेर नै तदनुसार अगाडि बढाउनुपर्छ । आफ्नो स्वार्थ, निजी स्वार्थ, समूहका स्वार्थ, दलका स्वार्थ, गुटका स्वार्थजस्ता सङ्कीर्ण कुराहरूभन्दा माथि उठाएर मानवजातिको हितको निम्ति, राष्ट्रको हितको निम्ति, राष्ट्रको उन्नतिका निम्ति, राष्ट्रमा शारीरिक, मानसिक हरेक हिसाबमा स्वस्थ, सक्षम जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ खेलकुद जगतलाई अगाडि बढाउनुपर्छ । नेपालले आगामी दिनमा त्यसै गर्नेछ । नेपालले खेलकुद क्षेत्रमा उन्नति गर्नेछ ।

यो सगरमाथाको देश हो । यो बुद्धको देश हो । यो उचाइ भएको देश हो । अरूतिरका मानिसहरू यहाँका पहाडतिर आए भने सास फेर्नै गाह्रो हुन्छ, यहाँका मान्छेहरू अरूलाई सास फेर्न गाह्रो ठाउँमा दौडिरहेका हुन्छन् । यो यस्तो ठाउँ हो । यस्तो देश हो यो । नेपालमा प्रगतिका सम्भावनाहरू धेरै छन् ।

आज हामी केही कठिनाइहरूमा छौँ, अप्ठ्यारामा छौँ, सङ्क्रमणकालमा छौँ । सङ्क्रमणकाल आकार लिँदैछ । सङ्क्रमणकाललाई कसरी उपयुक्त ढङ्गले टुङ्ग्याउने ? विचारका विविधता छन् । सोचका विविधता छन् । कतिका स्वार्थहरूमा पनि विविधता होलान् । ती चीजहरूलाई हामीले समयक्रममा सम्झाउँदै जानुपर्छ, बुझाउँदै जानुपर्छ । राम्रा कुराहरूले, राम्रा व्यवहारले उनीहरूलाई पराजित गर्दै लानुपर्छ । राम्रा विचार, राम्रा व्यवहारले उपलब्धि दिन्छ, उपलब्धिका अगाडि कोही पनि टिक्न सक्दैन । गलत विचारहरू, गलत मनसायहरू, गलत उद्देश्यहरू सही विचार र उद्देश्यहरूका अगाडि टिक्न सक्दैन । हामी त्यसैगरी अगाडि बढ्छौँ, सही उद्देश्य लिएर अगाडि बढ्छौँ र हाम्रो अगाडि देखिएका चुनौतीहरू, भूकम्पले पारेका समस्याहरू, पीडाहरूलाई पनि हामी सामना गरेर अगाडि बढ्छौँ । अहिले देखापरेका केही समस्याहरूलाई पनि सामना गरेर अगाडि बढ्छौँ । राजनीतिक क्षेत्रमा रहेका वा राखिएका मतभेदहरू जुन छन्, तिनीहरूलाई पनि हामी उचित ढङ्गले सम्बोधन गर्छौँ । देशलाई दृढताका साथ डोऱ्याउँछौँ । देशको शान्तिसुरक्षा, जनताको हकअधिकारको रक्षा,

देशको लोकतान्त्रिक प्रणालीलाई सुदृढ गर्दै समृद्धिको बाटोमा अगाडि बढ्ने आकाङ्क्षालाई हामी पछाडि पर्न दिँदैनौँ, अगाडि बढाउँछौँ ।

यो एउटा सार्वभौमसत्ता सम्पन्न, स्वाभिमानी राष्ट्र हो । यसको स्वाभिमान, यसको सार्वभौमसत्ता अत्यन्त महत्वपूर्ण छ । यसको रक्षा गर्दै हामी समृद्धिको बाटोमा तीव्रताका साथ अगाडि बढ्नेछौँ ।

खेलकुदले देशको विकासको स्तर, सामाजिक सभ्यताको स्तरसममेतलाई प्रतिबिम्बित गर्छ । तसर्थ हामीले हाम्रो देशको पहिचान, हाम्रो देशको नाम माथि उठाउने गरी खेलकुद जगतलाई उठाउनु जरुरी छ । यतापट्टि सरकारको ध्यान छ । अघि मन्त्रीज्यूले पनि भन्नुभयो खेलकुद क्षेत्रलाई अगाडि बढाउने सन्दर्भमा सरकारको तर्फबाट के के गर्नुपर्छ ती कुराहरू गर्न सरकार तयार छ । त्यो कुरा म पनि यहाँहरू समक्ष दोहऱ्याउन चाहन्छु ।

मदन भण्डारी स्पोर्टस् एकेडमीले आगामी दिनमा झन् ठूल्ठूला सफलताहरू प्राप्त गर्दै जाओस् । सिङ्गै खेल जगतमा यसले महत्वपूर्ण स्थान बनाओस् । यसले राम्रा खेलाडीहरू विविध क्षेत्रमा उत्पादन गर्ने खेलमैत्री वातावरण बनाओस्, खेलमार्फत सिङ्गै नेपाललाई मैत्री वातावरणमा हिँडाओस् । हिमाल, पहाड, तराई, जातजाति, भाषा, संस्कृति, पूर्व, पश्चिम, कुनै कुराका सङ्कीर्ण, साम्प्रदायिक, देशलाई नबुझ्ने, देशबन्धुहरूलाई नबुझ्ने, देशका दाजुभाइ, दिदीबहिनीहरूलाई आफ्नै नठान्ने सोचहरूलाई खेल जगतको एकता र एकताको भावनाले पराजित गर्न सक्छ, राष्ट्रिय एकतालाई मजबुत पार्नसक्छ, आजको आवश्यकता यही हो । आज खेलाडी भाइबहिनीहरूले असाध्यै सुन्दर, राम्रो खेल प्रदर्शन गर्नुभएको छ, म धन्यवाद भन्न चाहन्छु हाम्रा खेलाडी भाइबहिनीहरूलाई उहाँहरूको प्रदर्शनले सुन्दर सम्भावनाहरू, उज्ज्वल सम्भावनाहरू देखाएको छ, म प्रशंसा गर्न चाहन्छु । यस कार्यक्रमको आयोजनाका निम्ति आयोजक संस्थालाई धन्यवाद । सहभागी सबै उत्साहित खेलाडीहरू, दाजुभाइ, दिदीबहिनीहरूलाई धेरैधेरै धन्यवाद भन्न चाहन्छु । हामीले आज सञ्चार क्षेत्रबाट स्पोर्टस् एकेडेमीका गतिविधिहरूलाई अगाडि बढाउनका निम्ति एउटा थप कामको पनि प्रारम्भ गरेका छौँ । यो प्रभावकारी ढङ्गले अगाडि बढ्नेछ भन्ने मैले विश्वास लिएको छु ।

(२०७२ पुस १६ गते मदन भण्डारी स्पोर्टस एकेडेमीद्वारा दशरथ रङ्गशालामा आयोजित कार्यक्रममा गर्नुभएको सम्बोधन)

१२

हाम्रो नारा–समृद्ध नेपाल, सुखी नेपाल

सम्माननीय राष्ट्रपति महोदय, आदरणीय नेताज्यूहरू, मदन भण्डारी फाउन्डेशनका पदाधिकारी साथीहरू, आज सम्मानित हुनुहुने विशिष्ट व्यक्तित्वहरू र यस कार्यक्रममा उपस्थित हुनुभएका महानुभावहरू,

आज शताब्दी नायक जननेता मदन भण्डारीको ६५ औँ जन्मजयन्ती । आज यसै अवसरमा मदन भण्डारी फाउन्डेशनद्वारा छानिएका स्रष्टाहरूलाई सम्मान गर्ने कार्यक्रम पनि राखिएको छ । यतिवेला म सर्वप्रथम जननेता मदन भण्डारीलाई स्मरण गर्न चाहन्छु । उहाँप्रति हार्दिक श्रद्धान्जलि व्यक्त गर्न चाहन्छु । आज मदन भण्डारी फाउन्डेशनले राष्ट्रिय पुरस्कारद्वारा भिन्नभिन्न क्षेत्रका सुपरिचित व्यक्तित्वहरूलाई सम्मानित गर्दैछ । व्यक्तित्व छनोटको लागि म छनोट समितिलाई धन्यवाद भन्न चाहन्छु । यति धेरै मान्छे भएको ठाउँमा राम्रो मान्छे छनोट गर्न सजिलो थिएन । छनोटकर्ता फाउन्डेशन धन्यवादको पात्र छ ।

डा. भगवान कोइराला र महावीर पुन ! उहाँहरू दुबै जनालाई धेरैधेरै बधाइ र शुभकामना भन्न चाहन्छु । दुबै जना सम्मानयोग्य व्यक्तित्व । उहाँहरूले ठूलठूला काम गर्नुभएको छ । हामी सबै समयको चेपमा छौँ भने यहाँहरूले थाहा पाइसक्नु भएको छ । वास्तवमा डा. भगवान कोइरालाको सम्बन्धमा हामी सबै स्पष्ट छौँ भन्ने लाग्छ । उहाँका योगदानबारेमा के भन्ने ? भगावनजस्ता भगवान । महावीर भन्न लायकको काम, महावीर ।

जननेता मदन भण्डारीको सम्बन्धमा हामी सबैलाई थाहै छ । नदेखेको भए बेग्लै, उहाँलाई देख्नु भएको छ, सुन्नु भएको छ भने केही न केही त थाहा पाउनु भएकै छ । उहाँको विचारको खास के त्यस्तो प्रभाव छ नेपालमा,

नेपाली समाजमा र नेपालको राजनीतिमा ? वास्तवमा नेपालको राजनीतिमा, सामाजिक जागरणमा र नेपालको परिवर्तनमा हामीले अनुभव गरेका छौं - जननेता मदन भण्डारीको सबभन्दा ठूलो योगदान भनेको उहाँको अगुवाइमा जनताको बहुदलीय जनवाद भन्ने सिद्धान्त र चिन्तनको प्रतिपादन । यो सबभन्दा ठूलो र महत्वपूर्ण कुरा हो । जनताको बहुदलीय जनवाद जडसूत्रवाद होइन ।

जनताको बहुदलीय जनवाद मार्क्सवादी दर्शनको सिर्जनात्मक विकासको अत्यन्तै सफल सिद्धान्त हो । नेपाली समाजको राजनीतिक-वैचारिक नेतृत्वका लागि यो जति सफल सिद्धान्त अरू छैन ।

आमरूपमा जनताको जीवनमा सकारात्मक, न्यायपूर्ण, समानतापूर्ण समाजको स्थापना गर्न र समृद्ध समाजको निर्माण गर्ने सिद्धान्त हो, जनताको बहुदलीय जनवाद । कसैले मानोस् या नमानोस् समृद्ध र सुखी नेपालको निर्माण गर्ने एकमात्र चिन्तन हो - जनताको बहुदलीय जनवाद । यसलाई विस्थापित गर्ने, यससँग मुकाबिला गर्ने, सामाजिक परिवर्तन र रूपान्तरणसम्बन्धी कुनै अर्को विचार नेपालमा छैन । असमानताको अन्त, समतामूलक समाज, समृद्ध समाज र सम्पन्न राष्ट्रको निर्माणका निम्ति जनताको बहुदलीय जनवादसँग प्रतिस्पर्धा गर्ने र यसलाई चुनौती दिने व्यवस्था र विचार अरूसँग छैन । कहींकतै आंशिक पक्षका कुराहरू केही होलान्, तर जनताको बहुदलीय जनवादजस्तो समृद्ध विचार कसैसँग छैन । यो विचारले नै नेपालमा एउटा परिपूर्ण सामाजिक रूपान्तरणको सन्देश दिन्छ । व्यवस्थापनको क्षेत्रमा यसले समग्रतामा काम गर्ने क्षमता बोकेको छ । समग्र क्षेत्रमा यसको दृष्टिकोण बिस्तारित छ । हरेक क्षेत्रका लागि यसले बाटो तय गरेको छ । यसकारण जनताको बहुदलीय जनवाद मदन भण्डारीले नेपाली समाजलाई लगाएको सबभन्दा ठूलो गुनको रूपमा रहेको छ ।

सरकारको तर्फवाट म भन्न चाहन्छु - जनता पीडामा छन् । असासाधारण झट्का महसुस गर्नु परेको छ देशले । ८ लाख घर भत्किएका छन् । विद्यालय भत्किएका छन् । अस्पताल भत्किएका छन् । अनेक संरचना, धार्मिक स्थल, पुरातात्विक संरचना भत्किएका छन् । यो पीडालाई अहिलेको सरकारको नेतृत्व गरिरहेको हिसाबले मैले सरकारको तर्फबाट भन्न चाहन्छु - यो राजनीति गर्ने विषय होइन । हामी यसमा राजनीति नगरौं । पुनर्निर्माणको पक्षमा सबै लागौं, सबैले सहयोग पुऱ्याऔं ।

संविधान कार्यान्वयन गर्नु छ । २०७४ साल माघ ७ गतेभित्र रूपान्तरित संसदको समय सकिन्छ । हामीले समयमै स्थानीय निकायको निर्वाचन, प्रादेशिक निर्वाचन, तिनका सीमाहरूको निचोडदेखि लिएर प्रतिनिधिसभाको निर्वाचन, राष्ट्रियसभाको निर्वाचन, राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन गरिसक्नुपर्ने हुन्छ । कमसेकम माघ ७ गतेभित्र हामीले प्रतिनिधिसभासम्मको निर्वाचन गरिसक्नुपर्ने हुन्छ । त्यसमा हामी सहमत छौँ । थोत्रो राजनीति, झूट र बेइमानीमा आधारित राजनीति र निरर्थक गतिविधिमा अल्मलिने समय अब छैन । हामी दृढताकासाथ अगाडि बढ्नु, तीव्रताका साथ अगाडि बढ्नु जरुरी छ । संविधानको कार्यान्वयन गर्दै देशलाई तीव्रतर आर्थिक उन्नतिको दिशामा अगाडि बढाउनु छ । समृद्ध नेपाल र सुखी नेपाली हाम्रो नारा हो । हामी त्यसका निम्ति तीव्रताका साथ अगाडि बढ्नुपर्छ, हामी बढ्छौँ ।

जननेता मदन भण्डारीको अगुवाइमा प्रतिपादित जनताको बहुदलीय जनवादले हामीलाई मार्गदर्शन गरेको छ । अर्थतन्त्र, सामाजिक व्यवस्था र समृद्धिका सबै पक्षहरूमा यसले निर्देश गरेको छ । हामी तदनुसार अगाडि बढ्नेछौँ । कार्यक्रमको आयोजनाका लागि मदन भण्डारी फाउन्डेसनप्रति आभार व्यक्त गर्दछु । आज सम्मानित हुने व्यक्तित्वहरूलाई पुनः बधाइ दिन चाहन्छु ।

(२०७३ असार १४ गते जननेता मदन भण्डारीको ६५औँ जन्मजयन्तीको अवसरमा नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजित मदन भण्डारी राष्ट्रिय पुरस्कार वितरण समारोहमा प्रस्तुत मन्तव्य)

१३

आफै नाकामा बस्ने अनि नाकाबन्दी खोल्नुपर्‍यो भन्ने ?

यहाँहरूलाई लागेको होला, केके कामले प्रधानमन्त्रीले बोलायो भन्ने । तपाईंहरूसँग भेट्न मन लागेरै बोलाएको हो, एकपल्ट भेटिहालौँ भनेर । तपाईंहरूलाई स्वागत छ, भेट भयो, खुसी लाग्यो ।

मैले १९९७ मा हङकङमा एउटा पत्रिकामा एउटा लेख्न हेरेको थिएँ । त्यसमा सन् २००२ मा के हुन्छ र हाम्रो गार्मेन्ट इन्डस्ट्रीजको सम्बन्धमा हामीले के गर्नुपर्छ, कसो गर्नुपर्छ भन्ने कुरा थियो । त्यो एकजना विज्ञले नै लेख्नेका थिए । त्यसमा धेरै कुराहरू थिए । मैले त्यसपछि आएर यहाँ एफएनसिसिआइका नेताहरू, अरू गार्मेन्ट इन्डस्ट्रीजका अगुवाहरू, सबै साथीहरूसँग भेटेर कुरा गरेको थिएँ, त्यस्तो लेख्न मैले पढेँ भनेर । चीनले यस्तो भन्छ, हामीले जान्नु जरुरी छ भन्ने कुरा पनि गरेँ ।

त्यसबेला त्यस्तै पर्‍यो । अब अहिले तपाईं-हामी सबैलाई थाहा छ जस्तो लाग्छ, अमेरिकाले नेपाललाई गार्मेन्ट र कार्पेटमा कोटा फ्री र ड्युटी फ्री गर्ने कुरा दुई वटै सदनबाट पारित भइसकेको छ । अब राष्ट्रपतिले हस्ताक्षर गरिसकेपछि त्यो कार्यान्वयनमा आउँछ । मलाई लाग्छ यो नेपालका लागि असाधारण उपलब्धि हो, अनुपम मौका हो । हामी फ्री ढङ्गले जान सक्छौँ । अर्को करमुक्त ढङ्गले हामीले व्यवहार गर्नसक्छौँ । यस्तो अवस्थामा हाम्रो तयारी कस्तो हुन्छ ? हामी काम कसरी गर्छौँ ? यसमा मैले अरू पक्षहरू पनि सहभागी गर्न खोजेको थिएँ, यस सम्बन्धमा तपाईंहरूको तयारी भएपछि अरू पक्षहरूसमेत बसेर पनि कुरा गर्नुपर्छ ।

हामीले हाम्रो व्यापार असन्तुलन भयो, व्यापार घाटा भयो भनेर कुरामात्र गरेर केही पनि हुँदैन । हरेक ठाउँबाट हामीले निर्यात बढाउनुपर्छ । हरेक ठाउँबाट हामीले निर्यातमूलक उद्योगहरू बढाउनुपर्छ । बढी दिगो र टिकाउ ढङ्गले हामीले ती उद्योगहरू सञ्चालन गर्नुपर्छ । मैले यहाँहरूसँग अघिल्ला भेटहरूमा पनि धेरैपल्ट भनेको छु । पहिलो कुरा त गुणस्तरमा हाम्रो प्रतिस्पर्धा हुनुपर्‍यो । दुनियाँमा कार्पेट इन्डस्ट्रीजमै पनि बेल्जियम भयो, इरान भयो, बंगलादेशनै भयो, अरू पनि धेरै अगाडि छन् । अत्यन्तै स्तरीय, कलात्मक देखिने, आकर्षक देखिने गुणस्तर छन् । हामीले बनाउने पनि आकर्षक, कलात्मक अनि टिकाउ पनि हुनुपर्‍यो । त्यो गुणस्तरीय पनि हुनुपर्‍यो । त्यसमा शुद्धताको प्रश्न आउँछ, ती कुराहरूमा हामीले ध्यान दिनुपर्‍यो । हामीलाई करबाट मुक्त गरेपछि पनि हामीले मूल्यमा प्रतिस्पर्धा गर्न सक्दैनौँ भने, नेपालजस्तो सस्तो श्रमशक्ति भएका ठाउँमा उत्पादन गरेर पनि मूल्यमा प्रतिस्पर्धा गर्न सक्दैनौँ भने त्यो उपयुक्त हुँदैन । भनिँदै आएअनुसार - हामी त भूपरिवेष्ठित राष्ट्र हौँ नि ! हामीसँग कलकत्ता पनि छैन, हामीसँग चटगाउँ पनि छैन, हामीसँग साङ्घाई पनि छैन । चीनकै सबै उद्योगहरू साङ्घाईकै किनारमा त छैनन् नि, अन्तअन्त पनि छन् । अन्तबाट त्यसैगरी ढुवानी गरेरै लाने हो । पश्चिमोत्तर चीनमा पनि उद्योगहरू छन् । तिनीहरू निर्यातमा जान्छन् । त्यसो हुनाले तिनको मूल्यमा प्रतिस्पर्धाको हिसाबले पनि हामी अगाडि बढ्नुपर्छ । तेस्रो कुरा, हामीकहाँ भएको, मैले अघि पनि भनेँ, अरू पनि पक्षहरू बसेर सरसल्लाह गर्नुपर्छ, गर्ने हो । त्यो सल्लाह हो हामीले समयमा उपलब्ध गराउने-टाइमली डेलिभरी-अथवा उचित समयमा डेलिभरी गराउने कुरा । यदि उचित समयमा हामीले दिन सकेनौँ भने कसैले आफ्नो बिजनेस हामीप्रति सहानुभूति राखेर कोटा फ्री गरिदिन सक्छ, कर फ्री गरिदिन सक्छ तर हाम्रा निम्ति व्यापारले पर्खेर त बस्दैन नि । कसैले हाम्रा निम्ति शोरूम त खाली राखेर बस्दैन नि ।

हामीले समयमा डेलिभरी गर्नुपर्छ । समयमा डेलिभरी गर्नका निम्ति हाम्रो समग्र उत्पादन सेक्सन-उद्योगपति अथवा लगानीकर्ता, त्यहाँको व्यवस्थापन र त्यहाँका श्रमिकहरू सबैको जिम्मेवार तरिका हुनु जरुरी छ । यो उद्योगमा लगानी कसैको होला, तर पनि उद्योग मेरो हो, यस देशको उद्योग हो, हामीले यस उद्योगमार्फत यस देशको अर्थतन्त्रलाई अगाडि बढाउनुपर्छ, जनताको जीवनस्तरलाई अगाडि बढाउनुपर्छ, अलिअलि एउटै उद्योगले त सबै कुरा सक्दैन, तर त्यसमार्फत जति गर्न सकिन्छ, त्यति गरेर देशलाई आधुनिकतामा

लानुपर्छ, नवीनतामा लानुपर्छ, औद्योगिकीकरणमा लानुपर्छ । यी कामहरू गर्नुपर्छ भन्नका निम्ति हडतालजस्ता कुरा, व्यवधानजस्ता कुरा, बैंक, लोडअनलोड कतै पनि व्यवधान हुनुभएन, हरेक जिम्मेवार हुनुपऱ्यो, नत्रभने अहिलेको अवस्थामा हाम्रो अर्थतन्त्रले धान्ने अवस्था छैन । हामी त कस्तो भने - क्रान्तिकारी हुने, तर के क्रान्तिकारी हो, के क्रान्तिकारी हो, आफैँलाई ध्वस्त पार्ने क्रान्तिकारी । उद्यमीहरू, लगानीकर्ता अलि छिटो डराउँछन् पनि । मैले त्यो फिल गरेको छु । माओवादी द्वन्द्वका बेला माओवादीलाई पैसा दिएर खुसी पार्न खोज्ने, अर्कोचाहिँ माओवादीका कामदार राखिदिएपछि खुसी हुन्छ, अनि चल्छ भन्ने, अनि टम्म भरिएपछि बन्द गरिदिन्छ अनि सिद्धियो । डराएरै राम्रो चलोस् न त भनेरै होला । यता पछिल्लो समयमा पनि जसले बन्द गर्छु भन्यो, त्यसैलाई खुसी पारेभैँ गर्ने । अब अलिकति जिम्मेवार तरिकाले जानुपर्छ । मैले यहाँहरूसँग सल्लाह, छलफल गर्न खोजेको कुरा, झन्डै ७० प्रतिशत जनसङ्ख्या कृषिमा आधारित छ । कृषिमा त्यत्रो जनसङ्ख्या आधारित देश आज पछाडि परेको छ, अविकसित छ । अथवा देश आधुनिकतातर्फ गएको छैन, देश औद्योगिकीकरणतर्फ गएको छैन, देश विकासतर्फ गएको छैन, देशमा राम्रो पूर्वाधार छैन, देश विद्युतीकरणतर्फ गएको छैन । देश पर्यटनतर्फ गएको छैन । सेवाका क्षेत्रहरूतर्फ गएको छैन ।

अहिले पनि परम्परागत कृषितर्फ अत्यन्त ठूलो सङ्ख्या रहेको छ । यसको अर्थ ब्याकवार्डनेस हामीसँग छ । त्यसलाई हटाउने हो भने पनि त्यहाँबाट, कृषिबाट, गाउँगाउँबाट तानेर ल्याएर रत्नपार्कमा थुपारेर त हट्दैन, त्यहाँबाट हट्नका लागि उसले जाने ठाउँ त हुनुपऱ्यो । कहाँ जान्छ ? जाने ठाउँ चाहियो । यस सन्दर्भमा मैले उद्योगमन्त्रीसँग पनि कुरा गरेको छु । तपाईंहरूसँग पनि कुरा गरेको छु ।

हामीसँग समय रहेन, लामो समय रहेन, राम्रो ढङ्गले सोच्नका लागि । यो सैद्धान्तिक सोचाइमात्र होइन, व्यावहारिक र जुन कुरा व्यवहारमा कार्यान्वयन गर्नुपर्छ, त्यसका निम्ति हो । तपाईंहरूका सोचहरू स्पष्ट रूपमा आऊन् । कृषिको क्षेत्रमा हामीले २ वर्षभित्र खाद्यान्नमा आत्मनिर्भर बनाएरै छोड्ने भनेका छौँ । यो त खाद्यान्नको कुरा भयो । यसका अनेक पक्षहरू छन् । हामीले उद्योग, कृषिलाई अनि पशु विकासलाई अलगअलग गरेका छौँ । उद्योगको क्षेत्रमा पनि कुनकुन सेक्टरलाई, मैले केही ठाउँमा बोल्दा भन्ने गरेको छु, रुग्ण उद्योगहरू जो थला परिसकेका छन्, तिनलाई पनि हामी सञ्चालन गर्छौँ किनकि त्यहाँ

पूर्वाधारहरू छन् । अलिकति तयारी गर्दाखेरि त्यो चल्नसक्छ, तर चल्ने गरी चलाउनुपर्‍यो । नयाँ उद्योगहरू स्थापना गर्नुपर्‍यो ।

अहिले अमेरिकाले जुन निर्णय गरेको छ, त्यो मलाई लाग्छ, धेरै ठूलो कुरा हो । अर्को कुरा हामी उद्योगसँग र कृषिसँग पनि धेरै कुराहरू टाइ-अप गर्नसक्छौँ । वातावरणसँग टाइअप गर्नसक्छौँ । वनसँग टाइअप गर्नसक्छौँ । प्लाइउडका लागि भेनेयर उत्पादनदेखि हामीलाई रेसम उत्पादन गर्नुपर्ला । अथवा हामीलाई कटनमा आत्मनिर्भर हुनका लागि कपास लगाउनेदेखि लिएर निर्यात गर्नेसम्म गर्नुपर्ला । बटनदेखि गार्मेन्टसम्म गर्नसक्छौँ हामी । यसकारण चेन अफ इन्भेस्टमेन्ट फ्रम कटन फार्मिङ टु गार्मेन्ट एस्पोर्ट । हाम्रो आफ्नै देशका लागि पनि धेरै कामहरू गर्नसकिन्छ । अब हामी आफैँचाहिँ किन गर्दैनौँ ? म यहाँहरूलाई भन्न चाहन्छु, अस्ति नै सरकार बन्ने बेलामा कतिकतिलाई अलिअलि डर पनि लागेको थियो होला । ढुक्क हुनुहोस्, अहिलेको सरकार आधुनिकीकरण गर्न, व्यावसायिकीकरण गर्न, औद्योगीकीकरण गर्न, उद्योगलाई संरक्षण दिन, प्रोत्साहन गर्न, सुविधासहुलियत दिन र अगाडि बढाउन कृतसङ्कल्पित छ । मेरो एउटा आग्रह छ - त्यसमा तपाईंहरूका योजनाचाहिँ आऊन् ।

गुणस्तरको प्रतिस्पर्धा, मूल्यको प्रतिस्पर्धा र डेलिभरीको प्रतिस्पर्धा भनेको कुनै पनि चीज हामीले कस्तो समयमा उपलब्ध गराउने हो भन्ने कुरा हो । यदि समयमा गराउँदैनौँ भने कसैले हामीलाई पर्खेर बस्दैन । जहाँ आपूर्ति व्यवस्था ठिक छ, जहाँबाट ठिक ढङ्गले सप्लाई हुन्छ, त्यतापट्टि खोज्छ र त्यहाँको सामानलाई उपयोग गर्छ । यसको अर्थ हामीले हाम्रा धेरै कुराहरूमा परिवर्तन गर्नुपर्छ ।

साथीहरूले राजनीतिक समस्याको समाधान होस् भन्ने कुरा उठाउनुभएको छ । बिल्कुल जायज हो, राजनीतिक समस्याको समाधान हुनु जरुरी छ । यथार्थमा भन्ने हो भने राजनीतिकरूपमा नेपाल खुसी हुनुपर्ने, कुनै चित्त दुखाउनुपर्ने, छाती पिट्नुपर्ने, लौ बर्बाद भयो भन्ने यी सबै हल्ला नगरीकन, फेरि प्रधानमन्त्रीले यसो भन्यो भन्ने कुरा आउँछ, तर सुटुक्क तपाईंहरूलाई भन्दाखेरि यो अधिकार भएन, त्यो अधिकार भएन भन्ने कुरा बेकारको कुरा हो । संविधानसभाबाट संविधान बनेको छ, सबैलाई बराबर अधिकार दिइएको छ, केही पछाडि परेकालाई अगाडि बढाउने कुरा छ, फेरि भएन भन्नु कुनै अर्थपूर्ण कुरा होइन । बेग्लै राजनीतिक उद्देश्यहरू त्यसभित्र घुसेका छन् । ती

कुराहरूलाई हामी सम्बोधन गर्न चाहिरहेका छौँ, फेरि पनि सम्बोधन गर्नुपर्छ जस्तासुकै उद्देश्य भएपनि । हामी तिनीहरूलाई सम्बोधन गर्न सोचिराख्देका छौँ ।

हामीले राजनीतिक असहमति र असन्तुष्टिका नाममा हिंसा, तोडफोडजस्ता अनुत्तरदायी प्रवृत्तिलाई उत्साहित गर्नु हुन्न । तोडफोड गऱ्यो, आगजनी गऱ्यो अनि वक्तव्य दिएर म जिम्मा लिन्छु भन्यो । के जिम्मा लिन्छौँ भन्दा, केही न केही । जिम्मा लिएपछि त कि कानुनबमोजिमको कारबाही भोग्न तयार हुनुपऱ्यो । मेरो संस्था जिम्मेवार छ भनेर एउटाले वक्तव्य दिन्छ । जिम्मेवार भनेको के ? सरकारले यस्ता कुराहरूलाई जिम्मेवार बनाउँछ । स्पष्टताका साथ म राख्न चाहन्छु, तोडफोड, आगजनी, हिंसाजन्य कुराहरू लोकतन्त्रमा स्वीकार्य हुँदैनन् । असन्तुष्टि र असहमति शान्तिपूर्ण ढङ्गले कानुनका दायराभित्र राख्न पाइन्छ तर देशलाई बर्बाद गर्न, उद्योगधन्दालाई बर्बाद गर्न, अर्थतन्त्रलाई बर्बाद गर्न, सामाजिक जनजीवन अस्तव्यस्त पार्न र अवरोध पुऱ्याउन पाइँदैन । जसलाई जतिखेर मन लाग्छ, त्यतिखेर बन्द गर्ने कुनै क्रान्तिकारिताको कुरा होइन, त्यसलाई हामीले सभ्यताका दायराभित्रबाट, मर्यादाका दायराभित्रबाट, लोकतन्त्रका दायराभित्रबाट, शान्ति र कानुनी दायराभित्रबाट नै समाधान खोज्नुपर्छ, त्यो भन्दा बाहिर गएर समाधान खोजेर दिन सकिँदैन । सरकारले शान्तिसुरक्षा कायम गर्छ, शान्तिसुरक्षा कायम गर्ने बाटोतर्फ सरकार अगाडि बढ्छ । फेरि यसो भन्नु पनि अपराध हो कि जस्तो अवस्था छ नेपालमा । शान्ति सुरक्षा कायम गर्छु भन्न पनि नपाइएला कि जस्तो । तर, अब शान्ति सुरक्षा सरकारले कायम गर्छ, संवैधानिक र शान्तिपूर्ण, कानुनी बाटोभन्दा बाहिरबाट असन्तुष्टि, विरोध वा केही कुराहरू प्रकट गरिरहने गैर-जिम्मेवार प्रवृत्ति, आगजनी, तोडफोडजस्ता कुराहरू अब समाजले सहन मान्दैन ।

अर्को कुरो, हामीले ऊर्जा सङ्कट र आर्थिक असहजतालाई सहज बनाउनका निम्ति केही प्रभावकारी कदम चाल्ने कोसिस गरेका छौँ । श्वेतपत्रमा आएका जुन निर्माणसम्बन्धी कुराहरू छन्, त्यससम्बन्धमा वर्कआउट भएको छ, हामी त्यही गर्छौँ । यहाँहरूले जुन मागहरू राख्नुभएको छ, वातावरण अनुकूलताका लागि, त्यससम्बन्धमा हाम्रो ध्यान गएको छ, त्यही गर्छौँ हामी । यहाँहरूले आफ्ना तयारीहरू गर्नोस्, मैले आज बोलाउन खोजेको यो कुराका लागि पनि हो । सरकार तयारीको पक्षमा छ र तयारी अगाडि बढाउँदैछ । त्यसकारण सरकार र यहाँहरू सबै मिलेर नै देशलाई अगाडि बढाउनुपर्छ,

यससम्बन्धमा यहाँहरूलाई अनुकूल वातावरण प्रदान गर्नका निम्ति सरकार दत्तचित्त छ ।

यहाँहरूलाई थाहा छ, यो सरकार त बन्द हडताल भएका बेला, मान्छे मारिराखेको बेला, नाकाबन्दी भएका बेलामा बन्यो । देशलाई सामान्य अवस्थातर्फ फर्काउन यो सरकार प्रयासरत रहेको छ । सबै प्रकारका प्रयासहरू भइरहेका छन् । अहिलेको सरकारको विशेषता नै हो - सत्यसँग सिङ नजोड्ने, असत्य, अनुचित खालका कुराहरूसँग नझुक्ने । त्यसरी नै यो सरकार अगाडि बढ्छ ।

आज यहाँहरूले उठाउनुभएका केही महत्वपूर्ण कुराहरू छन् । तिनमा सरकारको पनि ध्यान गएको छ । मैले भनेका कुराहरू पनि तपाईंहरूलाई इन्डिकेसन गर्ने खालका छन्, त्यसमा ध्यान जाओस् भन्ने चाहन्छु ।

(२०७२ पुस १३ गते नेपाल उद्योग वाणिज्य महासङ्घ, चेम्बर, परिसङ्घका प्रतिनिधि उद्योगी, व्यापारीहरूलाई बालुवाटारमा गर्नुभएको सम्बोधन)

१४

हाम्रो संस्कृति - हाम्रो गौरव

आज सम्मानित हुनुहुने सम्पूर्ण विशिष्ट महानुभावहरू, सम्पूर्ण ज्यापू दाजुभाइ, दिदीबहिनीहरू र १२ औँ ज्यापू दिवस एवम् योमरी पुन्हिलाई सफल पार्न यहाँ आउनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरू ।

नेपाल भौगोलिक विविधताले युक्त, बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक देश हो । धेरै अगाडिदेखि यो देश विभिन्न प्रकारका विविधताले युक्त छ । यो देश भाषा, संस्कृति, हाम्रा अनेक प्रकारका चाडबाडहरू, रीतिरिवाजहरू, वेशभूषा, पहिरन, परिकार, वाद्यवादन, गीतसङ्गीत, कलासंस्कृति अनेकले सम्पन्न रहिआएको छ । यो देशको विशेषता, यसको सम्पन्नता, यसको ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक गौरव हाम्रा विविधताहरूमा झल्किएको छ । यस्ता विविधताहरूकै सन्दर्भमा यहाँहरूले विविधतामा एकता र अनेकतामा एकता देखाउने अनुपम उदाहरण प्रस्तुत गर्नुभएको छ । आफ्नो संस्कृति, वेशभूषा, पहिरन, वाद्यवादन र प्रचलनहरूलाई कायम राख्नका लागि हाम्रो सांस्कृतिक सम्पन्नता, हाम्रो वैभव, हाम्रो कला, हाम्रो सांस्कृतिक परम्परा र समग्रतामा हाम्रो गौरवपूर्ण संस्कृतिलाई सम्झिरहन, त्यसलाई कायम राख्न, त्यसलाई अगाडि बढाउनका निम्ति यहाँहरूले जुन प्रकारले १२ औँ ज्यापू दिवस मनाइराख्नुभएको छ, यो अत्यन्तै खुशीको कुरा हो । म यस दिवसको सन्दर्भमा यहाँहरू सबैमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

हामी आधुनिक युगमा प्रवेश गरेका छौँ, २१ औँ शताब्दीमा । एकातिर २१ औँ शताब्दीका आधुनिकतासँगै हामी दौडिनु छ, आजको प्रतिस्पर्धात्मक दुनियाँमा आजको विज्ञान र प्रविधिले गरेको विकासको रफ्तारमा हामीले अगाडि बढ्नुछ, अर्कातिर हामीले हाम्रा सभ्यता, संस्कृतिहरूलाई, उपयुक्त परम्पराहरूलाई

र सुन्दर संस्कृतिहरूलाई कायम राख्दै लोप हुन नदिएर तिनलाई सुरक्षित राख्दै, तिनलाई अगाडि बढाएर समृद्ध बनाउँदै, तिनलाई विकसित गर्दै अगाडि जानुपर्ने पनि छ । स्वासगरी हाम्रा सांस्कृतिक वैभवहरू, हाम्रा ऐतिहासिक परम्पराहरू, हाम्रा सम्पन्नताहरू र हाम्रा पहिचानहरूलाई कायम राख्दै आजको आधुनिकतासँगै यिनलाई अनुकूल बनाउँदै संयोजनकारी ढङ्गले अगाडि बढ्नुपर्ने आवश्यकता छ ।

हामी ऐतिहासिक हिसाबले सम्पन्न छौँ । ऐतिहासिक, सांस्कृतिक पक्षहरूलाई हामीले अगाडि लिएर जानुपर्नेछ । सँगसँगै आधुनिकतालाई पनि हामी छोड्न सक्दैनौँ, त्यसलाई पनि समातेर अगाडि बढ्नुपर्नेछ । यी सबै पक्षहरूमा तपाईंहरूको ध्यान पुगेको मैले पाएको छु । वास्तवमा नेपालका संस्कृतिहरू, नेपालका कला, नेपालका अनेक प्रकारका विविधतामा नेवार संस्कृति, नेवारभित्रका अनेक प्रकारका बाजागाजाहरूदेखि लिएर धेरै कुराहरूमा विशेष मौलिकता रहेको छ । तिनमा नेपालीपन रहेको छ । नेपाल चिनाउने पन रहेको छ । ती कुराहरूको एउटा पक्षको रूपमा, एउटा हिस्साको रूपमा ज्यापू संस्कृति पनि कायम रहिआएको छ । यसलाई तपाईंहरूले अगाडि बढाउनुभएको छ । म यसमा खुसी व्यक्त गर्न चाहन्छु ।

केही समय अगाडिदेखि सरकारले यससम्बन्धमा अक्षय कोष राख्नका निम्ति केही सहयोग पुऱ्याएको थियो । यसपछि केही समयमै मन्त्रिपरिषद्को बैठक बस्दैछ । यहाँहरूलाई यस सन्दर्भमा के कस्तो सहयोग पुऱ्याउन सकिन्छ, अहिलेको अवस्थाअनुसार त्यसमा मैले छलफल गर्नेछु र केही सहयोग पुऱ्याउने कुरा म यहाँहरूलाई जानकारी गराउन चाहन्छु ।

भूकम्पबाट हामी पीडित छौँ । भूकम्पबाट धेरै क्षति भएको छ । हामीले ठूलो समस्या झेलेका छौँ, तर पनि हाम्रो राष्ट्रिय गौरवलाई हामीले तलमाथि पर्न दिएका छैनौँ । नेपाली जनता नेपाललाई एउटा स्वाभिमानी राष्ट्रको रूपमा अगाडि बढाएर विकासको बाटोमा अगाडि बढ्नेछ ।

अहिले हामीले जुन संविधान पाएका छौँ, यो संविधानले नेपालका सबै भाषा-संस्कृतिका, विभिन्न भूगोलमा बस्ने, सबै पेसा, व्यवसायका जनतालाई अधिकार सम्पन्न बनाएको छ । सबैका अधिकारहरू सुनिश्चित गरेको छ । अब हामी आर्थिक समृद्धिको बाटोमा अगाडि बढ्दैछौँ । सामाजिक उन्नतिको बाटोमा

अगाडि बढ्दैछौँ । हाम्रो संविधानले हामीलाई सांस्कृतिक समानता, जातीय र भाषिक समानता, संरक्षण र विकासका अवसरहरू उपलब्ध गराएको छ । ती अवसरहरूको उपयोग गर्दै हामी अगाडि बढ्नेछौँ ।

हामी नेपालका संस्कृतिहरू, हाम्रा कलाहरू, हाम्रा साहित्यिक वा अरू पहिचानहरूको सुरक्षा र सम्वर्द्धन गर्दै अगाडि बढ्नेछौँ । अहिलेको सरकारले विभिन्न भाषा, जाति, धर्म, संस्कृतिका जनतालाई, विभिन्न भूगोलका, विभिन्न पेसा व्यवासायमा संलग्न जनताका अनेक प्रकारका पौराणिक, ऐतिहासिक वा सांस्कृतिक परम्पराहरूलाई अगाडि बढाउँदै जाने कुरामा म यहाँहरूलाई आश्वस्त पार्न चाहन्छु ।

म यहाँहरूको बीचमा लामो समय लिन चाहन्न । म यहाँहरूसमक्ष के भन्न चाहन्छु भने तपाईंहरूको यो कार्यक्रममा जुन खालको उत्साह देखिएको छ, त्यसको म अत्यन्तै प्रशंसा गर्न चाहन्छु, सम्मान गर्न चाहन्छु । तपाईंहरूको साथमा अहिलेको सरकार छ । अहिलेको सरकार भनेको सबै नेपालीको सरकार हो, सबै नेपाली जनताको सरकार हो, यो सबै जातिका जनताको सरकार हो, सबै भेगमा बस्ने जनताको सरकार हो, सबै जातिका सबै भाषाका जनताको सरकार हो । यसले सबैका समस्याहरूलाई हेर्छ, सबैको उन्नतिका लागि काम गर्छ ।

मलाई यस कार्यक्रममा आमन्त्रण गर्नुभयो, यसका लागि धन्यवाद भन्न चाहन्छु । पुरस्कृत साथीहरूलाई फेरि पनि बधाइ भन्न चाहन्छु । अन्तमा ज्यापू दिवसका अवसरमा यहाँहरू सबैमा धेरैधेरै शुभकामना भन्न चाहन्छु ।

(२०७२ पुस १० गते ज्यापु दिवसका अवसरमा काठमाडौँमा दिनुभएको मन्तव्य)

१५

शिक्षा जीवनका लागि हुनुपर्छ

सहकुलपतिज्यू, उपकुलपतिज्यू, विश्वविद्यालय सभाका विद्वान् सदस्यहरू, प्राध्यापक, विद्यार्थी तथा अभिभावकहरू र आज उपाधि प्राप्त गर्नुहुने विद्यार्थीहरू, यस विश्वविद्यालयको २१ औँ दीक्षान्त समारोहको यस कार्यक्रममा उपस्थित हुनुभएका यहाँहरू सबैमा हार्दिक स्वागत गर्न चाहन्छु । गत हप्ता मात्रै यस विश्वविद्यालयको स्कूल अफ मेडिकल साइन्सेसअन्तर्गतका विभिन्न विधामा स्नाकतोत्तर तथा स्नातक विद्यार्थीहरूलाई उपाधि प्रदान गर्न आयोजित २१ औँ दीक्षान्त समारोहको प्रथम चरणमा मेरो सहभागिताको म स्मरण गर्न चाहन्छु । आज फेरि दोस्रो चरणमा आयोजित यसै विश्वविद्यालयको स्कूल अफ एजुकेशन, आर्टस्, म्यानेजमेन्ट, साइन्स र इञ्जिनियरिङका विभिन्न विधामा स्नातकोत्तर तथा स्नातक विद्यार्थीहरूको दीक्षान्त समारोहमा सहभागी हुन पाएकोमा म खुसी व्यक्त गर्दछु ।

बदलिँदो परिस्थितिमा उच्च शिक्षामा यस विश्वविद्यालयले पुऱ्याएको महत्वपूर्ण योगदान सबैमा विदितै छ । यस्ता औपचारिक समारोहहरूमा मैले भन्दै आएको छु - शिक्षा जीवनका लागि हुनुपर्छ, मानव जाति र राष्ट्रहितका लागि हुनुपर्छ । यसभन्दा अगाडि आजका प्रमुख अतिथि विद्वान् मदनमणि दीक्षितज्यूले जुन दृष्टिकोणहरू प्रस्तुत गर्नु भएको छ, ती अत्यन्तै मननयोग्य छन् । ती कुराहरूलाई म दोहऱ्याइरहन चाहन्न । यसैगरी उपकुलपतिज्यूले कार्यक्रमको प्रारम्भमै अत्यन्तै दार्शनिक ढङ्गले जुन विषयहरू प्रारम्भ गर्नुभएको छ, आज दीक्षान्त प्राप्त गर्ने विद्यार्थीहरू र अरु सबैका निम्ति पनि उपयोगी दृष्टिकोणहरू र विचारहरू प्रस्तुत गर्नुभएको छ, त्यसको महत्वको बारेमा मैले प्रकाश पार्न चाहेको हुँ । दोहऱ्याउन चाहेको होइन ।

वास्तवमा यस सृष्टिको उपादेयता, यस धर्तीको उपादेयता, यहाँ जीव छ, त्यसकारण यहाँ मानव जाति छ, वास्तवमा यसकारण यस धर्तीको महत्व छ । यदि मानवजाति हुँदैनथ्यो भने यस धर्तीको स्वास अर्थ रहँदैनथ्यो । मान्छे छैन, सुन्दरता बुझ्दैन भने सुन्दर फूल फुलेको छ कि छैन, के थाहा ? के मतलब ? मान्छे छ, मान्छेले जान्दछ, मान्छेले बुझ्दछ, आज अन्तरिक्षको महत्व पनि मान्छेले अध्ययन गर्ने, चन्द्रमामा टेक्ने कुराले बढाएको छ । नत्र निर्जीव पिण्डहरूको के अर्थ हुन्छ ? यो धर्तीको महत्व, यसको अर्थ, यसको सार्थकता मानवजातिसँग छ, जब मानवजातिसमेत यसको अस्तित्वकै महत्व छ भने, सार्थकता छ भने सचेत, अझ सचेत, सुखी मानवजाति यस धर्तीको वास्तविक हकदार हो । हाम्रो शिक्षा यसैमा केन्द्रित छ । हाम्रो धर्तीलाई अझ सार्थक, यसको अस्तित्वलाई अझ सार्थक बनाउनका निम्ति मानवजातिलाई कसरी सुखी बनाउने ? हाम्रो शिक्षा त्यसैमा केन्द्रित छ । यस कुरालाई आज दीक्षित हुनुभएका तपाईंहरूले गम्भीरताका साथ मनन गर्नुहुनेछ भन्ने मैले अपेक्षा गरेको छु । यस विश्वविद्यालयबाट दीक्षित तपाईं विद्यार्थीहरूले आफूले सिकेको र जानेको ज्ञान, सीप, कला, कौशल मातृभूमिका लागि र मानवजातिका लागि समर्पण गर्नुहुनेछ भन्ने मैले विश्वास लिएको छु ।

धेरै पछिमात्र स्वतन्त्र र सार्वभौम भएका विश्वका कतिपय मुलुकहरूले आश्चर्यजनक उन्नति गरेका छन् तर हामी सदैव स्वतन्त्र रहेरपनि पछाडि परिरहेका छौं । कतिपय देशहरू हाम्रोजस्तो प्राकृतिक सम्पदाले सम्पन्न छैनन्, तर पनि विकासको यात्रामा धेरै अगाडि बढेका छन् । मैले धेरै ठाउँमा भन्ने गरेको छु, मरुभूमिका भनेर चिनिएका देशहरूमा हाम्रोजस्तो जीवनमय देशबाट जीवनको खोजीमा हाम्रो नयाँ पुस्ता, युवा पुस्ताले जानुपर्ने, भौंतारिनुपर्ने अत्यन्तै तीतो र दुःखपूर्ण अवस्था आज छ । हाम्रो देश गरिब छ, पछाडि छ । हामी सँधै स्वतन्त्र रह्यौं र हामीसँग अथाह स्रोत छ, तैपनि हामी पछाडि परेका छौं, हाम्रो विकासको गति सुस्त छ । यस्तो अवस्थाबाट देशलाई पार लगाउनका लागि विश्वविद्यालयले दिने शिक्षा सहयोगी र सार्थक हुनुपर्दछ । शैक्षिक प्रमाणपत्र वा हामीले यति उत्तीर्ण गरेका छौं, यति तहको शिक्षा हासिल गरेका छौं भनेर मात्रै यसको उपादेयता हुँदैन । त्यस ज्ञानलाई, त्यस शिक्षालाई हामीले व्यवहारमा उतारेरमात्रै हामीले त्यसको सार्थकता पाउन सक्दछौं । हामीले सिकेको ज्ञान वास्तवमै व्यवहारमा कार्यान्वयन गर्नसक्ने भयो भने मात्रै अथवा त्यसको व्यवहारमा कार्यान्वयनबाट मात्रै मुलुकको आवश्यकता पूरा हुनसक्छ ।

विभिन्न स्कूलहरूमार्फत टेस्टिङ ल्याब, विभिन्न विधामा प्रयोग हुँदै आएको प्रविधि, व्यावसायिक तालिम, मध्यम तथा उच्चस्तरीय व्यवस्थापन, अध्ययन, सूचना तथा प्रविधिको अध्ययन, अध्यापन, निर्माण प्रविधि, औषधि विज्ञान प्रविधि, जडीबुटी, जीव तथा वन्यजन्तुको स्थलगत अध्ययन, अनुसन्धान तथा तिनीहरूको व्यावहारिक प्रयोगजस्ता कुरामा समेत यस विश्वविद्यालयले चालेका कदमहरू प्रशंसनीय छन् । यस विश्वविद्यालयले सहकार्यको क्षेत्रमा एउटा नमूनाको रूपमा काम गरेको छ र त्यसलाई असाधारण उपलब्धिका साथ अनुकरणीय, अनुसरणीय ढङ्गले अगाडि बढाएको छ । समुदाय-समुदाय बीचको सहकार्य, जनता र समुदायबीचको सहकार्य, सरकार र निजी क्षेत्रबीचको सहकार्य र निजी-निजी क्षेत्रबीचको सहकार्यजस्ता अवधारणाहरूलाई आत्मसात गरेर यो विश्वविद्यालय अघि बढेको छ । यसो गर्दा नै यसले सफलता पाएको छ ।

आजको जमाना सहकार्य र सहयोगको जमाना हो । यस विश्वविद्यालयले सहकार्यको अवधारणालाई व्यवहारमा राम्ररी उतारेको छ । म खुसी व्यक्त गर्न चाहन्छु । यस विश्वविद्यालयसँग नेपाल सरकारका विभिन्न निकायहरूले गर्दै आएको सहकार्यलाई पनि म यहाँ स्मरण गर्दछु ।

काठमाडौँ विश्वविद्यालय र भूमिसुधार मन्त्रालयबीच भएको सहकार्यअनुरूप नेपाल सरकारका कर्मचारीहरूले यहाँ अध्ययन गर्ने अवसर पाएको र यस वर्षको चान्सलर पद सहकार्य कार्यक्रमअन्तर्गत सञ्चालित जियोम्याट्रिक्स इञ्जिनियरिङमा उत्कृष्टता हासिल गरेको थाहा पाउँदा मलाई खुसी लागेको छ । संसारका जुनसुकैले पनि पत्याउन सक्ने गरी उच्चकोटिका जनशक्ति उत्पादन गर्ने विश्वस्तरीय संस्थाको आवश्यकताप्रति म सचेत छु । आधुनिक विज्ञान र प्रविधिको क्षेत्रमा उच्च शिक्षाको गुणस्तरीयताप्रति सबैको विश्वास जित्दै यस विश्वविद्यालयलाई उत्कृष्टताको केन्द्र बनाउनेतर्फ विश्वविद्यालय परिवारको प्रयत्न जारी रहेकोमा म खुसी व्यक्त गर्न चाहन्छु ।

मलाई थाहा छ, काठमाडौँ विश्वविद्यालयले आफ्नो रजत वर्ष स्थापनाका चौबीस वर्ष पूरा गरेर रजत महोत्सव मनाउने क्रममा छ । विभिन्न कठिनाइहरू यस विश्वविद्यालयले पार गरेको छ । एउटा चौथाइ शताब्दीको अवधिमा भएका आफ्ना प्रगतिहरूको विवरण प्रस्तुत गर्दै आगामी अर्को चौथो शताब्दी अर्थात् अर्को २५ वर्षमा यस विश्वविद्यालयलाई कहाँ पुऱ्याउने योजना छ भन्ने

जानकारी हामीले भर्स्वरै पायौँ । म त्यो योजनाप्रति हर्ष व्यक्त गर्न चाहन्छु । यसैगरी विश्वविद्यालयको तर्फबाट रजत पार्क निर्माण गर्ने लगायतका विभिन्न रचनात्मक काम गर्ने जानकारी पनि यहाँ दिइएको छ । म त्यसमा समर्थन जनाउँछु र त्यसमा सरकारको तर्फबाट के कस्तो सहयोग गर्नुपर्छ, सरकार तयार छ भन्ने कुरा यहाँहरूलाई जानकारी गराउन चाहन्छु ।

यस विश्वविद्यालयको उन्नति-प्रगतिको लागि र यसलाई नमूना विश्वविद्यालयको रूपमा विकास गर्दै जाने कुरामा सरकारको पूरा साथ रहनेछ । आजको यस गरिमामय दीक्षान्त समारोहमा यसरी सम्बोधन गर्ने अवसर मिलेकोमा मलाई धेरै खुसी लागेको छ, म विश्वविद्यालयलाई यसका निम्ति हार्दिक धन्यवाद ज्ञापन गर्दछु, सबैमा धेरैधेरै शुभकामना । खासगरी आज दीक्षित हुनुहुने सम्पूर्ण विद्यार्थीहरूमा उज्ज्वल भविष्यको निम्ति, सफलताको निम्ति धेरैधेरै शुभकामना व्यक्त गर्दछु ।

(काठमाडौँ विश्वविद्यालयको दीक्षान्त समारोहमा प्रस्तुत गर्नुभएको मन्तव्य)

१६

नेपाल विरुद्ध काम गर्नेलाई जनताले अस्वीकार गर्नुपर्छ

यस कार्यक्रमका सभापति महोदय, पार्टीका महासचिव क. ईश्वर पोखरेलज्यू, यहाँ उपस्थित हुनुभएका अन्य नेतागण, प्रतिनिधि साथीहरू र यस कार्यक्रमलाई सफल पार्न विभिन्न भूमिकामा र सहभागिताका लागि उपस्थित हुनुभएका दाजुभाइ, दिदीबहिनीहरू,

नेकपा (एमाले) को जिल्ला परिषद् बैठकको उद्घाटन सत्रमा हामी छौँ । हामीलाई थाहा छ, नेकपा (एमाले) का कार्यक्रमहरू भव्यताका साथ, उपलब्धिपूर्ण, सफलतायुक्त ढङ्गले सम्पन्न हुनेछन्, तैपनि म पार्टी केन्द्रको तर्फबाट र मेरो आफ्नो तर्फबाट पनि यस कार्यक्रमको पूर्ण सफलताको निम्ति हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

आज यहाँ यस्तो पार्टीको परिषद्को बैठक आयोजना भइरहेको छ, जुन पार्टीले आफ्नो स्थापनाकालसँगै सर्वाधिक नवीन चेतना, वैज्ञानिक चेतना, न्यायपूर्ण चेतना, लोकतान्त्रिक चेतना, गणतन्त्रात्मक चेतना, समतामूलक चेतना, अग्रगामी चेतना र जनताको निम्ति सुख, समृद्धिको चेतनासहित आफ्ना लक्ष्यहरूलाई अगाडि बढाएको छ । यस्तो पार्टीको आज यहाँ कार्यक्रम भइरहेको छ, जुन पार्टीले विगत ६५-६६ वर्षदेखि नेपाली समाजलाई सचेत गराउने, सङ्गठित बनाउने, आफ्ना जायज मागहरूका लागि, सामाजिक परिवर्तनका लागि जनतालाई आन्दोलित गर्ने र त्यस क्रममा अनेकौँ ठूला बलिदानी सङ्घर्षहरू सञ्चालन गरेर अत्यन्तै ठूलो योगदान गरेको छ । यहाँ त्यस्तो पार्टीको आज कार्यक्रम भइरहेको छ, जुन पार्टी आज देश अप्ठ्यारोमा परेको बेला त्यसबाट मुक्त गर्न अगुवाइ गर्ने भूमिकामा रहेको छ र त्यो जिम्मेवारीलाई

आमनेपाली जनताको विश्वासका साथ सम्पन्न गर्ने नेतृत्वदायी भूमिकामा रहेको छ ।

नेपाली जनताले लामो समयदेखि सङ्घर्ष गरे । विभिन्न समयमा आन्दोलनहरूलाई सफलतामा पुऱ्याए, तर ती सफलताहरूलाई संस्थागत गर्न दिइएन, चिरस्थायी हुन दिइएन र विभिन्न प्रकारका बनावटी, नक्कली, आकर्षक नाराहरूबाट जनता अल्मल्याउने, भड्काउने, बर्गल्याउने तरिकाहरूबाट जनतामाथि दमन गर्ने दमनकारी प्रवृत्तिहरूबाट अथवा हिंसाको चपेटाबाट, हिंसाको भरमा जनतालाई तर्साएर फेरि जनताका अधिकारहरू खोस्ने काम पटकपटक भइरहे ।

नेकपा (एमाले) आज जुन ठाउँमा छ, यसले इतिहासका धेरै उतारचढावहरू देखेको छ । यो पार्टी निर्वाचन आयोगमा दर्ता गरेर, समानुपातिक मत सङ्कलन गरेर, एक दुई सांसद, सभासद् बनाऊँ भनेर गठन भएको पार्टी होइन । यो पार्टी राणाशासनको अन्धकार युगमा पढ्नलेख्न समेत नपाइने, जनतामा हकअधिकार नभएको, स्वतन्त्रताको हक, मौलिक हक, मानवअधिकार वा कुनै प्रकारको राजनीतिक हक अधिकार नभएको, जहानियाँ राणा शासनको समयमा, एकातिर जहाँनिया राणाशासन, अर्कातिर सामन्ती राजतन्त्रात्मक शासन- यी दुइटा सामन्ती घरानियाँको द्वैध शासनको मातहतमा नेपाल थिचिएको, जनता अन्धकारमा परेको अवस्थामा धेरैलाई अचम्म लाग्ला, २००६ सालमा यो पार्टीको स्थापना भयो, २००७ सालमा राणा शासन ढल्यो । यस्तो हुने गर्छ, अँध्यारो प्यारो लाग्नेहरूको आँखामा टर्चलाइट बालिदियो भने तिरीमिरी हुन्छ, केही पनि देख्दैन । नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएपछि सामन्तवादी शक्तिहरू, अँधेराका प्रतिनिधिहरू, जनतालाई अल्मल्याउने शक्तिहरू तिरिमिरी भए । जनतामा एउटा नयाँ आशा, भरोसा, विश्वासको स्थिति बन्यो । यही पार्टी हो, जसले सामाजिक न्याय र समानताका कुरा पहिलोपल्ट गऱ्यो नेपालको राजनीतिमा । महिला र पुरुषका बीचमा समानताका कुरा पहिलोपल्ट यही पार्टीले गऱ्यो ।

जातीय भेदभाव, छुवाछूतजस्ता कुराहरूलाई हटाउने कुरा यही पार्टीले गऱ्यो, समानताका कुरा यही पार्टीले गऱ्यो । हकअधिकार सबैले बराबरी पाउनुपर्छ भन्ने मान्यता यही पार्टीले अगाडि साऱ्यो । नेपाल जनताको शासन भएको लोकतान्त्रिक अथवा जनतान्त्रिक अथवा जनवादी देश हुनुपर्छ भनेर

यही पार्टीले भन्यो । जन्मँदै कोही शासक हुन जन्मने सामन्ती परिपाटी होइन, आधारहीन, अवैज्ञानिक, जन्मँदाकै जन्मसिद्ध श्रेष्ठताका पाखण्डी सिद्धान्त होइन, वैज्ञानिकताका आधारमा जनताको शासन हुने गणतन्त्रात्मक व्यवस्था चाहिन्छ भनेर यही पार्टीले भन्यो । त्यस समयदेखि नेपाली समाजलाई सचेत गर्दै, सङ्गठित गर्दै, आन्दोलन गर्दै यो पार्टी यहाँ आइपुगेको छ । यो पार्टी कुनै क्रेनले टिपिदिएर माथि पुऱ्याइदिएको पार्टी होइन, दमनचक्र चलाएर, बुटले कुल्चिएर, गोली, जेलनेल, अनेक प्रकारका हत्कण्डा, आतङ्क सबैलाई पराजित गरेर यो पार्टी आज यहाँ आइपुगेको छ ।

आज नेकपा (एमाले) सिटको हिसाबले संसदमा दोस्रो पार्टी छ, तर यहाँहरू सबैलाई थाहा छ, नेपाली जनतालाई थाहा छ, विश्वलाई थाहा छ - गणितीय हिसाबले एमाले दुई चार सिट पछाडि भए पनि आजको नेपाली समाजलाई सही बाटोमा अगाडि बढाउनका निम्ति, जनतालाई अलमलमा पर्न नदिनका निम्ति, नेपाली समाजलाई अग्रगामी बाटोमा लानका निम्ति नेकपा (एमाले) प्रमुख पार्टीको हैसियत, नेता पार्टीको हैसियत, गुरू पार्टीको हैसियत, समानताको चेतना बोकेर हिँड्ने संवाहक पार्टीको हैसियतमा स्थापित छ । हामी सबैलाई थाहा छ, संविधान बन्न नदिन कति कोसिस भए, कत्रा षडयन्त्र भए, जालझेल भए । भ्रम फिँजाउन खोजियो । संविधान बनाउँछु भनेर जनताबाट आएका मान्छेहरू संविधान सभाभन्दा बाहिर गएर ढुङ्गा हान्न थाले । संविधान बनाउन संविधान सभाभित्र आएका मान्छेहरू संविधान बनाउन छोडेर के भएन भनेर बाहिर गए ? उनीहरू संविधान बन्न नदिन भ्रम फिँजाउनका लागि बाहिर गए । अरू कुनै कारण थियो र ? बेठिक संविधान बन्यो भन्ने हो भने संविधान बनेकै थिएन । संविधान त बन्दै थियो, बनेकै थिएन, आफ्ना कुरा केही थिए भने त्यहीं राख्न सकिन्थ्यो, छलफल गर्न सकिन्थ्यो तर त्यहाँ भ्रम फिँजाउन नसकेपछि बाहिर गएर समस्याहरू खडा गर्ने प्रयासहरू भए ।

तपाईं हामीलाई थाहा छ - नेपाल विविध जातजाति र भाषाभाषी बसोबास गरेको भौगोलिक विविधताले युक्त देश हो । यो देश एउटा जातको देश होइन, जातैजात छन् यहाँ । १ सय २५ जातजाति छन्, १ सय २३ भाषाभाषी छन् । अनेक धर्मावलम्बी जनता छन् यहाँ । हिमाल, तराई, पहाडमा जनता बसोबास गर्छन् । पूर्वदेखि पश्चिमसम्म नेपाली छौं तर नेपालीहरूका बीचमा पूर्वेली र पश्चिमा भनेर हिमाली, पहाडी, तराईका वा मधेशी भनेर, यो जात र त्यो जात

भनेर, पहिचानका अनुचित, अनावश्यक नाराहरू उचालेर जनतालाई भ्रममा पार्ने, जनतामा मध्ययुगीन खालका असभ्य धारणाहरू घुसाउने, साम्प्रदायिक विद्वेष भड्काउने प्रकारका कोसिसहरू भए । नेपाली जनता र नेपाल राष्ट्रको विविधतामा बेठीक ढङ्ले जाति-जातिका कुरा गरेर लडाइँ गराउने, जहाँनिर भिन्नता देखिन्छ, त्यहाँ लडाइँको विषय बनाइदिने, पहाडमा बस्ने र तराईमा बस्ने, होचोअग्लो भूभागमा बस्ने र समथरमा बस्नेका बीचमा लडाइँ गराउने प्रयत्नहरू भइरहेका छन् । त्यसले के हुन्छ ? केही पनि हुँदैन । त्यस्तो चाहनेहरूका सपना पूरा हुनेछैनन् ।

आज नेपालको आवश्यकता नेपालको विकास हो । पूर्वाधारको विकास हुनुपरेको छ यहाँ । बाटाहरू बनाउनुपरेको छ, एयरपोर्टहरू बनाउनुपरेको छ, कृषिको आधुनिकीकरण गर्नुपरेको छ, व्यावसायिकीकरण गर्नुपरेको छ । उद्योगधन्दाहरू स्थापना गर्नुपरेको छ । रोजगारीका अवसरहरू दिनुपरेको छ । विदेश पलायन हुने युवाहरूलाई यहीँ रहेर काम गर्ने स्थितिको निर्माण गर्नुपरेको छ ।

भुइँचालोले देश ध्वस्त भएको छ । ८ लाखभन्द बढी घरहरू भत्किएका छन् । ९ हजार मान्छे मरेका छन् । २३ हजार घाइते भएका छन् । सरकारी संरचनाहरू, भवनहरू भत्किएका छन् । हाम्रा कतिपय ऐतिहासिक भवनहरू भत्किएका छन् । यस्तो अवस्थामा हामीले देश निर्माण गर्नु छ । चिसो बढेको छ, हिमाली क्षेत्रमा हिउँ पर्न थालेको छ । हिमाली भेगका जनता कस्तो दुःखमा छन् । म भर्ख्वैरै विभिन्न दुर्गम ठाउँहरू हेरेर आएँ, पानी जमेको छ । बग्दै गरेका खोला जमेका छन् । त्यो खोलामाथि हिउँ यसरी जमेको छ, त्यसमा टेकेर पार गर्नुपर्ने अवस्था छ । त्यस्तो ठाउँमा मान्छे प्लास्टिकमुनि छ । त्यस्तो ठाउँमा मान्छे त्रिपालमुनि छ । अनि नेपाली जनताकै नेता हौँ भन्नेहरूचाहिँ नाकाबन्दी गरेर सामान ल्याउन नदिने र त्यहाँ निर्माण हुन नदिने काम गरिरहेका छन् । यत्रो लामो समयसम्म जनता दुःखकष्टमा छ, पुनर्निर्माण विधेयक पारित गर्न नदिएर अन्तिममा सरकारले भन्नुपऱ्यो- अब सहमति हुँदैन भने पनि हामी अगाडि बढ्छौँ । बल्ल विधेयक पारित भएको छ । काम हुन नदिने, विधेयक पारित हुन नदिने, सामान ल्याउन नदिने, हिंसा मच्चाउने, तोडफोड मच्चाउने, घृणा फैलाउने, अनि भन्ने - सरकारले केही पनि गरेन । प्रहरीमाथि आक्रमण गर्ने, जिल्ला कार्यालयमा आक्रमण गर्ने, जिल्ला कार्यालयमा गएर कम्प्युटर तोडफोड

गर्ने, कार्यालयमाथि आक्रमण गर्ने, प्रहरीमाथि आक्रमण गर्ने, आक्रमण गरेपछि प्रहरीले अलिकति रोक्न खोज्यो भने भन्ने - सरकारले उत्पात गऱ्यो, दमन गऱ्यो भन्ने । अहिलेको सरकार नेपाली जनताको सरकार हो । तमाम जनताको सरकार हो । हिमाल, पहाड, तराईमा बस्ने पूर्व वा पश्चिम सबैतिर बस्ने जुनसुकै पनि पेसा व्यवसाय अपनाएका तमाम जनताको साझा सरकार हो यो । यो सरकारले कुनै पनि नेपालीमाथि दमन गर्ने त कुरै छोडिदिऊँ, त्यसबारे सोच्न पनि सक्दैन ।

कानुन हातमा लिने, प्रहरीमाथि आक्रमण गर्ने काम कहाँबाट सुरु भयो ? कैलालीमा आठ जना निर्दोष प्रहरीमाथि आक्रमण भयो र मारिए । घटना त्यहाँबाट सुरु भयो । शान्तिपूर्ण आन्दोलन भन्ने, प्रहरीलाई क्रूरतापूर्ण ढङ्गले हत्या गर्ने । हत्या गर्नेहरू समातिए भने हाम्रो मान्छे गिरफ्तार भयो भनेर कोकोहोलो मच्चाउने ? तोडफोड गर्ने, पुलिस चौकीमा आगो लगाउने, बिरामीलाई एम्बुलेन्सबाट तानेर मार्ने, हस्पिटलबाट निकालेर बिरामीलाई चुट्ने, पिट्ने, अनि त्यसलाई रोक्यो भने सरकारी दमन भयो भन्ने ? म भन्न चाहन्छु, अहिलेको सरकार शान्तिको निम्ति काम गर्छ । हिंसा भड्काउन, कानुन हातमा लिन, मार्न, तोडफोड गर्न, आगो लगाउन, काटमार गर्न पाइने कुरा लोकतन्त्रमा हुनसक्दैन । सरकारले अहिलेसम्म धेरै संयम अपनाएको छ, तर म भन्न चाहन्छु, सरकारले शान्ति सुव्यवस्था कायम गर्नुपर्छ र गर्छ । कसैमाथि अन्याय गर्दैन, जथाभावी गर्न दिइँदैन, त्यो कुरा सबैले बुझ्नुपर्छ ।

यहाँहरूले सुन्नुभएको छ, कतै बसेका मान्छेलाई झापा, मोरङ, सुनसरी नभई भएन रे । यहाँका जनतालाई होइन, जनकपुरभन्दा अलि परतिरका मान्छेले झापा, मोरङ, सुनसरी मेरो हुनुपर्छ भन्छन् । के भनेको हो, म बुझ्दिन । झापा, मोरङ, सुनसरीका जनता मिलेर बसेका छन्, त्यहाँ फाटो कसरी पार्ने, ती परतिर बसेकालाई चिन्ता छ । यस ठाउँमा विकास भइरहेको छ, त्यस विकासलाई कसरी कुठाराघात गर्ने ? त्यसमा उनीहरूको ध्यान छ । यो ठाउँका जनता जातीय लडाइँमा परून्, पहाड र तराईको झगडामा फसून्, त्यो उनीहरूको इच्छा छ, तर म भन्न चाहन्छु - मेची, कोशी, सगरमाथा अहिले हामीले जुन १ नम्बर प्रदेश भनेका छौँ, यो १ नम्बर प्रदेशका कुनै पनि जिल्ला, कुनै पनि ठाउँ तलमाथि पर्दैनन्, जोसुकै कराओस् । यहाँ विकास जरुरी छ । मैले तपाईंहरूको इच्छा बुझेको छु । किमाथाङ्का जाने बाटो, दुई वर्षभित्र दुई

लेनको पक्की सडक, बडा आरामदायी पक्की सडक यो सरकारले निर्माण गर्ने योजना बनाइसकेको छ । त्यो निर्माण हुन्छ । हुलाकी राजमार्ग हामी निर्माण गर्छौं, आरामसँग चल्ने ढङ्गले । मध्यपहाडी राजमार्गको हामी स्तरोन्नति गर्छौं । त्यसबाहेक धनकुटा-तेह्रथुम बाटोलाई हामी विकसित गर्छौं । वसन्तपुर हुँदै अन्ततिर जाने बाटाहरू अथवा मेचीका बाटाहरू पनि हामी स्तरोन्नति गर्छौं । यस ठाउँमा उद्योगहरूको स्थापना, उद्योगहरूको विकास, रोजगारीहरूको सिर्जना, त्यसै गरेर कृषिको आधुनिकीकरण, पशुहरूको नश्लसुधारजस्ता कुराहरू गरिनेछ । यहाँ साथीहरूले भन्नुभएको छ, सर्पको विष झार्ने वा सर्पको विषलाई उपचार गर्ने औषधि बाहिरबाट ल्याएर काम गरिएको छ, अब यहीँ उत्पादन गर्ने भनेर साथीहरूले भन्नुभएको छ । यस कुरामा सरकारले सहयोग पुऱ्याउँछ । म यहाँहरूलाई कुनै भावनामा नबग्नका लागि आग्रह गर्न चाहन्छु ।

नेपाल यसै पनि सुन्दर छ, यस क्षेत्रमा सगरमाथा, ल्होत्से, मकालु, कञ्चनजङ्घा जस्ता ८ हजार मिटरभन्दा माथिका ५ वटा हिमालहरू रहेका छन् । त्यसैगरी ५ हजारभन्दा माथिका ५ वटा हिमालहरू छन् । यसै ठाउँमा प्रसिद्ध गुराँसका अनेक प्रजातिहरू छन्, पक्षीहरूमा भन्ने हो भने धेरै प्रकारका पक्षीहरू यहीं धनकुटा, मिल्के क्षेत्रमा, भोजपुर, तेह्रथुमका क्षेत्रहरूमा, संखुवासभाका क्षेत्रहरूमा पाइन्छन् । मैले भनेको छु, यहाँका तीर्थस्थलहरूलाई विकास गरिनेछ । पाथीभरा जानका लागि केबलकारको व्यवस्था गरिनेछ । दुर्गम ठाउँहरूका लागि केबलकारको व्यवस्था गरिनेछ । अरू बाटाघाटाहरू पनि हामी बनाउनेछौं । चतराबाट पुल बनेको छ, सिन्धुली सोझै निस्कने बाटो खुला गर्नेछौं, स्तरोन्नति पनि गर्नेछौं । यस ठाउँमा तपाईंहरूले देख्नुहुनेछ, आगामी दुई वर्षभित्रमा अहिलेको सरकारले के के गर्छ भन्ने कुरा तपाईंहरूले थाहा पाउनुहुनेछ । काग कराउँदै गर्छ हामी विकास गर्दै गर्छौं । उता काग कराउँदै गर्छ, यो क्षेत्र अगाडि बढ्दै जान्छ । काग कराउँदै गर्छ, हाम्रो किमाथाङ्का बाटो बन्दै गर्छ । काग कराउँदै गर्छ, हामी विकासका आयोजनाहरू बनाउँदै गर्छौं ।

मैले यसभन्दा अगाडि नै घोषणा गरेको छु - एक वर्षभित्रमा हामीले लोडसेडिङ समाप्त पार्छौं, विजुली हरेकले प्रयोग गर्न पाउनेछन् । हामी आफ्नै ग्याँस उत्पादन गरेर, नेपालमा नै कुकिङ ग्याँस उत्पादन गरेर नेपालमा नै उपभोग गर्नसक्ने स्थितिमा पुऱ्याउँछौं । अब अरूलाई टाउको किन दुख्ने ? नेपालले ग्याँस उत्पादन गर्छ, केही समय तपाईंहरू हेर्दै जानुस् । अलिकति

समय हामीलाई घाँटी अँठ्याइयो, अलिकति समय हामीलाई अप्ठ्यारोमा पारियो, तर हामी ती अप्ठ्याराहरू पार गरेर अब अगाडि बढ्छौँ । मैले भनेको छु, काठमाडौँमा त केही महिनाभित्र इलेक्ट्रिक कारहरू, इलेक्ट्रिक बसहरू सुरु गर्छु । काठमाडौँमा इलेक्ट्रिक रेल सुरु गर्छु, काठमाडौँमा चारैतिरबाट - दक्षिणकालीदेखि बुढानीलकण्ठ, पूर्वदेखि पश्चिमसम्म रिङ्गरोडमा विद्युतीय रेलको सुरुवात गर्छु भनेर मैले भनेको छु । त्यसो भएपछि हाम्रो फ्यूल अथवा पेट्रोलियमको खपतको, प्रदूषणको धेरै मात्रा घट्छ । अहिले फोहरमैलाबाट ग्याँस उत्पादन गर्ने, फोहरमैलाबाट बिजुली उत्पादन गर्ने काम सुरु भएको छ । ती कुराहरूमा आजको उच्चस्तरीय प्रविधिको प्रयोग गरेर हामी अगाडि बढ्छौँ । यी कुरा सुनिसकेपछि भरे केहीलाई चित्त दुरुछ, ती छट्पटाउँछन् । तिनलाई निद्रा लाग्दैन । तिनलाई पिर पर्छ, नेपाल साँच्चै बन्छ कि क्या हो ? कतिपय पार्टीहरूलाई लाग्छ यहाँ एमालेको प्रधानमन्त्रीले, एमालेबाट गएको प्रधानमन्त्रीले यसो भन्यो । एमालेले जस लियो भने अरूलाई टेक्न गाह्रो हुन्छ । खुट्टै टेक्न दिँदैन कि क्या हो ? पहिले नै ढाल्नुपर्छ ।

मैले धेरै ठाउँमा भन्ने गरेको छु - मलाई कति समय बाँच्छु भन्ने कुराको मतलब छैन । जति समय बाँच्छु, देश र जनताका लागि इमान्दारिताका साथ काम गर्छु । कति समय प्रधानमन्त्रीको पदमा बस्ने मेरो सरोकारको विषय होइन, जुन दिन जतिबेलासम्म बस्छु, त्यतिबेलासम्म जनताका विकासका निम्ति तीव्रताका साथ काम गर्छु । तपाईंहरूलाई सुनाइदिऊँ अहिले पनि १६ देखि १८ घण्टासम्म काम गरिरहेको छु ।

नेपाल सुन्दर मात्रै होइन, अत्यन्तै ठूला सम्भावनाहरू बोकेको सम्पन्न देश हो । यस सम्पन्न देशलाई त्यसैगरी अगाडि बढाउनुपर्छ । यस पूर्व-पश्चिम राजमार्गलाई वन क्षेत्रमा, शहर क्षेत्रमा प्राविधिक कारणले ४ लेनदेखि ६ लेन र ८ लेनसम्म बनाएर लगिनेछ । यसलाई ठूलो बनाइन्छ । हुलाकी राजमार्गको निर्माण कामलाई तीव्रताका साथ अगाडि बढाइनेछ । तपाईंहरूलाई मैले एउटा कुरा भन्नैपर्छ - हामी विकास निर्माण गर्न चाहन्छौँ, विकास निर्माण गर्ने काममा कुनै प्रकारका बाधा व्यवधान, कुनै प्रकारका अल्झाउने कुराहरू, देश र जनतालाई सरकारले सुख-सुविधा पुऱ्याउन आँट्यो भनेर व्यवधान गर्ने कुराहरू मान्य हुन सक्दैनन् । म सबैलाई आग्रह गर्न चाहन्छु - राजनीति गर्नोस्, आफ्ना विचार राख्नोस् । लोकतन्त्रमा विचार राख्न पाइन्छ, असहमति राख्न पाइन्छ, तर आगो

लगाउन पाइँदैन । अरुणको कार्यालय जलाइयो, करिब करिब ४०, ५० लाखको नोक्सानी भयो । कसैले कुनै पनि कार्यालय, कुनै आयोजनामा आगो लगाउँछ भने थाहा पाउनुपर्छ, कानुनबमोजिम कारबाही हुन्छ । बसले के अपराध गऱ्यो र तोडफोड गर्ने ? सरकारले सहनसम्म सहेको छ, अब सरकार सहँदैन ।

तपाईंहरूले अखबारमा देख्नुभयो होला, राजिनामा गर भन्ने । मलाई अघि पत्रकारहरूले सोधेका थिए, राजिनामा गर् भने नि भनेर । उसैबेला भोट नदिएकाले अहिले राजिनामा गर् भनेर भन्यो भने कुन ठूलो कुरा भयो ? भोट पनि दिएका थिएनन् । त्यतिबेलै भोट नदिएको त मान्दिनँ भनेर भनेकै हो नि । भोट दिनेले मागेको भए त भोट दिएको थियो भन्नुहुन्थ्यो । त्यस्तो कुरा होइन ।

नेकपा (एमाले) एकजुट छ, एक ढिक्का छ, एमालेका नेता, कार्यकर्ताहरूले अत्यन्त सुझबुझका साथ आज देशको जिम्मेवारी बहन गरेका छन् । मान्छेहरूले यसो चर्चा गरेको सुनिन्छ, एमाले त राष्ट्रपति पनि भयो, एमाले त प्रधानमन्त्री पनि भयो । एमालेले वामपन्थी उपराष्ट्रपति पनि बनायो, सभामुख पनि बनायो । नेपाली काङ्ग्रेसलाई हामीले राष्ट्रपति खाऊ न त भनेकै हो । होइन सबै चाहिन्छ भन्यो । त्यसो भएदेखि सकेको गर् भनिदियौँ हामीले । भएको त्यो मात्र हो । अहिले पनि म नेपाली काङ्ग्रेसलाई आग्रह गर्न चाहन्छु, यतिबेला आक्रोश, आवेश, उत्तेजनामा चल्ने समय छैन, देशले लोकतान्त्रिक शक्तिहरूका बीचमा एकताको आवश्यकता माग गरेको छ । जनता चाहन्छन्- पार्टीहरू मिलेर चलून् । नेपाली काङ्ग्रेसका हरेक नेताका दुइवटै कान देखिन्छन्, सुन्छन् कि सुन्दैनन् त्यो ?

हामीले हाम्रो तर्फबाट काङ्ग्रेसको राष्ट्रपति पनि मान्यौँ, प्रधानमन्त्री पनि मान्यौँ । सबै कुरा काङ्ग्रेसै हुँदाखेरि हामीले सहयोग गऱ्यौँ । काङ्ग्रेसलाई हामीले साथ दियौँ । हामीले भनेको होइन, काङ्ग्रेसले नै भनेको हो - अहिले हामीलाई साथ देऊ, पछि संविधान बनेपछि एमालेले नेतृत्व गर् भनेर । हामीले मागेको थिएन, काङ्ग्रेसले नै भनेको हो । हामीले हुन्छ नि त भन्यौँ । संविधान बनेपछि काङ्ग्रेस के भो ? कसले उल्क्यायो कि ? काङ्ग्रेसले भाका फेऱ्यो । हामीले भन्यौँ, हामीले भनेको होइन, तपाईंले भनेको कुरा गर्नुहोस् न । काङ्ग्रेसले मानेन । कसैले भनिदियो, राष्ट्रपति पनि तिम्रै हुन्छ, प्रधानमन्त्री पनि तिमी नै हुन्छौ । सभापति पनि तिमी नै हुन्छौ, सबै तिमी नै हुन्छौ । अनि काङ्ग्रेस सबै आफैँले लिनका लागि कस्सिएर मैदानमा उत्रियो ।

म आग्रह गर्न चाहन्छु, एउटा च्याप्टर सिद्धियो, अब मिलेर अगाडि बढौँ, मिलेर अगाडि जाऔँ, देश बनाऔँ । अहिले देश बनाउने बेला छ, जसले राम्रो काम गर्छ, जसले देशलाई अगाडि बढाउँछ, जनताले उसलाई साथ दिइहाल्छ । काङ्ग्रेसले यो कुरालाई बुझ्नुपर्छ । नेकपा (एमाले)को तर्फबाट म भन्न चाहन्छु - नेकपा (एमाले) यी प्रश्नहरूमा छोटो मन, छोटो बुद्धि, साँघुरो मन वा तत्कालीन स्वार्थ, दलगत स्वार्थ यस्तोमा अल्मलिएर राष्ट्रका हित, जनताका हितलाई पछाडि पार्ने काम गर्दैन । एमाले अगाडि छ, फराकिलोपनका साथ । अहिले तपाईंहरू विचार गर्नसक्नुहुन्छ, राप्रपा नेपालदेखि, राप्रपादेखि अनेक पार्टीहरू - एमाओवादीसम्म हुँदै गएर कहिले पनि सरकारमा नआउने भनेको राष्ट्रिय जनमोर्चासमेत सरकारमा सहभागी भएको छ । एउटा ध्रुवदेखि अर्को ध्रुवका शक्तिहरू सरकारमा आएका छन् । देश बनाउने साझा सङ्कल्पमा एक ठाउँमा उभिएका छन् । यस ठाउँमा काङ्ग्रेस फुत्त परतिर गएर पिर्कामा बसेर कहिले कपाल लुछ्छ, कहिले पाखुरा सुर्किन्छ, कहिले के गर्छ । तमासा भयो । म आग्रह गर्न चाहन्छु, काङ्ग्रेसजस्तो परिपक्व पार्टीले यस प्रकारको व्यवहार देखाउनु हुँदैन । सरकारमा आउनोस्, मिलेर चलाऔँ । मैले प्रधानमन्त्रीको निर्वाचनपछि भनेको थिएँ - काङ्ग्रेसलाई हात्ती घोडा के चाहियो, दिन तयार छु, आउनुहोस् सँगै जाऔँ तर उहाँहरू आउनु भएन ।

अहिले तराईमा भ्रम फिँजाउन खोजिएको छ । तराईका जनताले केही पाएनन्, मधेसीले केही पाएनन् भनेर । मधेसीले के पाउने ? संविधानको कुनै धारामा कसैप्रति असमानता र विभेद छ ? बिल्कुल छैन । यो संविधान कुनै राजा, महाराजाले जारी गरिदिएको संविधान होइन, सबै क्षेत्र, वर्ग, तह, तप्काका प्रतिनिधिहरूले सोची विचारीकन, जनताका सुझावहरू लिएर धेरै लामो प्रयास गरेर बनाएको संविधान हो । यसमा जनताका समानताका हकहरू, लोकतान्त्रिक प्रणालीका मूल्यमान्यताहरू सबै सामेल छन् । प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्था, जनउत्तरदायी सरकार यस्ता कुराहरू सबै छन् । शक्तिको बाँडफाँडदेखि लिएर सबै कुरा छन् । संसारमा कहीं हुँदैन होला, १६ देखि ४८ धारासम्म लगातार मौलिक हकको सम्बन्धमा व्यवस्था गरिएको छ । जम्मा ३३ वटा धारा मौलिक हकसम्बन्धी छन् । धारा ४६ सम्म मौलिक हकहरू, ४७ औँ धारा ती मौलिक हकहरूको कार्यान्वयन कसरी हुने भन्ने सम्बन्धमा छ । ४८ औँ धारामा नागरिकका कर्तव्य पनि छन् भन्ने कुरा सम्झाइएको छ । त्यसकारण संविधानमा यो भएन, त्यो भएन भन्ने कुरा होइन, अहिले धेरैलाई भ्रम परेको

छ र भ्रम फिँजाइएको छ । विवाह गरी ल्याएका हाम्रा बुहारीहरूले अङ्गीकृत नागरिकता पाउँदैनन् भन्ने भ्रम फैलाइएको छ । तपाईंहरूलाई बताऊँ, तीन दिन अगाडिसम्म मैले डाटा लिँदा आश्विन ३ गते संविधान जारी भइसकेपछि ५९६ जना बुहारीहरूले भारतबाट बिहे गरेर आएर नेपालको नागरिकता लिइसकेका छन्, अनि संविधानमा व्यवस्था छैन भनेको के हो ? साँचो कुरा कतै नहेर्ने, राम्रो कुरा नसुन्ने । सत्य बोल्दै नबोल्ने, देख्दा पनि नदेख्ने । अचम्मको रोग र भ्रम फिँजाउन मन पराउने । झूट बोल्न मन पराउने । त्यसप्रकारका प्रवृत्तिहरू देखिएका छन् ।

एउटा कुरा, विदेशी कोही आयो भने उसले अङ्गीकृत नागरिक हुनेमात्रै अधिकार होइन, राष्ट्रपति, उपराष्ट्रपति, प्रधानसेनापति सबै हुन पाउनुपर्छ भन्ने छ । यस देशमा यहाँका बासिन्दा, वंशजका आधारमा नागरिक भएका, यहाँका नागरिकहरूचाहिँ राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख हुन योग्य छैनन् र बाहिरबाट आएर नागरिकता लिएर बन्नुपर्छ ? अङ्गीकृत नागरिकलाई त्यो दिइँदैन, तिनका सन्तानले प्राप्त गर्नेछन् । त्यो कुरा यहाँको मात्र होइन, धेरै देशको संविधानमा छ, संविधानमा छैन भने व्यवहारमा छ । भारतमा हामीले हेर्‍याँ, बहुमत ल्याएर प्रधानमन्त्री हुन खोज्दा एक जनालाई अर्को देशको उत्पत्ति भएको हुनाले प्रधानमन्त्री हुनुहुँदैन भनेर रोक्ने काम भएको छ । यो दुनियाको अभ्यास हो ।

हाम्रो संविधानले पछाडि परेको समुदायलाई अगाडि बढाउनका लागि विशेष व्यवस्था गरेको छ । दुनिया आश्चर्यचकित भएको छ, नेपालको संविधान देखेर । संसारको कुनै पनि संविधानमा ३३ प्रतिशत अनिवार्य महिला आरक्षण छैन, नेपालको संविधानमा मात्रै हो, दुनिया आश्चर्यचकित भएको छ । हामीले कुरा गरिराखेका छौँ, दुनियाका अनेक नेताहरूसँग, राजदूतहरूसँग, सबै मित्रहरूसँग कुरा गरिराखेका छौँ, उनीहरू चकित परेका छन् । जनजाति, आदिवासी, दलित, महिला, मधेसी, थारू, मुस्लिम, अल्पसङ्ख्यक र पछाडि परेका समुदायका लागि ४५ प्रतिशत आरक्षणको व्यवस्था छ । ५५ प्रतिशत खुल्ला प्रतिस्पर्धामा पनि उनीहरूले भाग लिन पाउने व्यवस्था छ । ५५ प्रतिशतमा पनि भाग लिन पाउने र ४५ प्रतिशत ती समुदायका लागि मात्र आरक्षणको व्यवस्था छ । संसारको कुनै संविधानमा त्यस्तो छ ? कुनै संविधानमा त्यस्तो छैन । त्यो नेपालको संविधानमा छ । त्यसो भएर हामीले कुनै भ्रम राख्नुहुँदैन । संविधानले कसैलाई

ठग्यो, मधेसलाई ठग्यो, पहाडलाई ठग्यो, पूर्वलाई ठग्यो, पश्चिमलाई ठग्यो भन्ने कुरा भ्रममात्रै हो । संविधानले सबैलाई समानताको हक दिएको छ । बरु पछाडि परेको हिस्सालाई अगाडि बढाउने व्यवस्था गरेको छ ।

राष्ट्रिय सभामा हरेक प्रदेशबाट ८ जना जान्छन्, ८ जनामध्ये ३ जना महिला आनिवार्य हुनुपर्दछ । एकजना दलित अनिवार्य हुनुपर्दछ । शारीरिकरूपमा अशक्त एकजना हुनुपर्दछ । ५ जना आरक्षित, ३ जनामात्रै राज्यले अरू पठाउन सक्दछ । संसारको कुनै संविधानमा यस्तो छैन । त्यसकारण म दाजुभाइ दिदीबहिनीहरूलाई आग्रह गर्न चाहन्छु - अनेक प्रकारका भ्रमहरू फिँजाउने प्रयासहरू हुनसक्दछ, सचेत रहनु होला । अरूका हितका निम्ति नेपाललाई दुःख दिने, अरूका हितका निम्ति नेपालको विरुद्ध काम गर्ने, अन्तका मान्छे खुसी पार्न नेपाली जनतालाई दुःख दिने- यस्ता प्रवृत्तिलाई जनताले अस्वीकार गर्नुपर्दछ । तराईका जनताले यति दुःख पाएका छन् कि यस्ता प्रवृत्तिहरूले गर्दा स्कूलमा केटाकेटी पढ्न पाएका छैनन् । बिरामी अस्पताल जान पाएका छैनन् । सुत्केरी हुने महिलाहरू अस्पताल जान पाएका छैनन् । अस्पतालमै गएर बिरामीलाई कुट्ने गरिएको छ । अस्पताल लाने एम्बुलेन्स जलाइएको छ । अस्पताल जाने बिरामीलाई बाटैमा हत्या गरिएको छ । यस्तो अमानवीयता, यस्तो बर्बरता ! यो कुनै मानवीय तरिका हो र ?

यहाँहरूले सुन्नुभयो, अस्ति १ गते महामहिम राष्ट्रपति जनकपुर जानुभयो, जानकीको दर्शन गर्न । यो सांस्कृतिक प्रचलन हो । सांस्कृतिक परम्परा हो । राष्ट्रपति जाँदा केहीले महान् अग्रगामी, क्रान्तिकारी भनिनेहरूले राष्ट्रपति जानुहुँदैन भने । राष्ट्रपति फर्केर आएपछि नेपालको राष्ट्रपतिले छोएर मन्दिर अपवित्र भयो भनेर भारतबाट पानी ल्याएर छम्किए । नेपालको राष्ट्रपतिले छुँदा अपवित्र भयो, भारतबाट पानी ल्याएर छम्किएपछि पवित्र भयो, कठैबरी ! भक्तिको पनि त एउटा तरिका हुन्छ । उनीहरूले अपमान गरे, महिला भएको हुनाले । महिला राष्ट्रपति किन पसेको ? अर्को उनीहरूले भने, राष्ट्रपति त विधवा हुनुहुँदो रहेछ, एकल महिला । आजको जमानामा महिला भएको कारणले अपमान गर्ने, असभ्य व्यवहारलाई आजको सभ्य संसारमा कसैले स्वीकार गर्छ ? राष्ट्रपति जस्तो देशको अभिभावकीय एकताको प्रतीक जस्तो । त्यस्तो संस्थालाई अपमानित गर्ने यस्ता उच्छृङ्खल क्रियाकलाप । जो नेताले तिनलाई खटाए, ती नेताहरू भन्छन्, राष्ट्रपति किन गएको त ? गल्ती भयो,

त्यो पनि छैन । असभ्यता देखाइयो, त्यो पनि छैन । सेना, प्रहरीले बाहिरबाहिर बुठ लगाएर हिँडेको थियो, त्यसमा उनीहरूको आपत्ति, मन्दिर भएको भित्र चाँदीको ढोकामा गएर उनीहरूले लात्ताले हानेर हाम्रो सांस्कृतिक परम्परा, हाम्रो मर्यादा, हाम्रो धार्मिक आस्थामाथि जघन्य, अपराधपूर्ण ढङ्गले आक्रमण गरे । जुत्तासहित चाँदीको ढोकामा हाने, चाँदीको ढोकालाई भित्र देवता राखेको गर्भाशय मानिन्छ । गर्भ भन्छौँ त्यसलाई । त्यसलाई लात्ताले हाने । संस्कृतिमाथि लात्तीले हान्ने । कसैलाई विश्वास लाग्छ बेग्लै कुरा होला । कसैलाई मन्दिरमा विश्वास नलाग्ला, कसैलाई मस्जिदमा विश्वास नलाग्ला, कसैलाई चर्चमा विश्वास लाग्ला, नलाग्ला, ती आफ्ना ठाउँमा छन् । आ-आफ्ना ठाउँको कुरा होलान् तर जनताको आस्था, विश्वासमाथि खेलबाड गर्ने, त्यसप्रकारको दुष्ट क्रियाकलाप, त्यस प्रकारको गैरजिम्मेवार प्रवृत्ति उचित हुन सक्दैन ।

अहिलेको सरकार नेपालको सरकार हो । नेपाल, नेपालका जनताको सेवा गर्न बनेको, नेपालको विकास गर्न बनेको सरकार हो । यसले देशको सार्वभौमसत्तालाई तल-माथि हुन दिँदैन । स्वाधीनतालाई तलमाथि हुन दिँदैन । स्वतन्त्रतालाई तलमाथि हुन दिँदैन । भौगोलिक अखण्डतालाई तलमाथि हुन दिँदैन । यसले नेपालको स्वाभिमानलाई झुक्न दिँदैन । यो यस नेपाल राष्ट्रको पहरेदार हो । हामीले भनेका छौँ - हामी आफ्ना समस्याहरूको आफैँ समाधान गर्छौँ । हाम्रो यतिबेलाको उद्देश्य संविधान कार्यान्वयन गर्दै देशलाई समृद्धिको बाटोमा अगाडि बढाउने हो । हामी समृद्धिको बाटोमा देशलाई अगाडि बढाउँछौँ ।

अब पनि नेपाल गरिब भइरहन सक्दैन । नेपाल पछाडि परिरहन सक्दैन । नेपाली जनता गरिब भइरहन, नेपालका युवायुवतीहरू विदेशमा भौँतारिरहन, अन्त गएर काम गरिरहन अब सक्दैनन् । यहीँ रोजगारीको विकास, यहीँ सीप विकास, यहीँ उद्योगधन्दा, यहीँ आधुनिकीकरण सबै चीज हामी गर्छौँ र केही वर्षभित्र विदेश गएका युवा बोकेर होइन, फर्किएर आउने, फेरि विदेश जान्न, आफ्नै देशमा काम गर्छु भन्ने अवस्था हामी सिर्जना गर्छौँ । हाम्रा यी प्रयासहरूमा म सञ्चार माध्यमहरूलाई आग्रह गर्न चाहन्छु - सञ्चार माध्यमहरूले अत्यन्तै जिम्मेवारीपूर्ण ढङ्गले देश विकासको, राष्ट्र निर्माणको यस अभियानमा सकारात्मक भूमिका खेल्नुपर्दछ । म धन्यवाद भन्न चाहन्छु, उहाँहरूले त्यो भूमिका खेल्नुभएको छ । म धन्यवाद भन्न चाहन्छु - हाम्रा बुद्धिजीवीवर्गलाई । आमजनतालाई धन्यवाद भन्न चाहन्छु, जसले राष्ट्रिय दृष्टिकोण, राष्ट्रिय अडान

देखाउनुभएको छ र दुःखकष्ट परेपनि राष्ट्रिय स्वाभिमानलाई झुक्न नदिने, जुन देशभक्ति प्रकट गर्नुभएको छ, त्यसलाई म साँच्चै नै सम्मान गर्न चाहन्छु ।

वर्तमान अवस्थामा सरकारको नेतृत्व गरिरहेको, सामान्य अवस्थाको सरकारको नेतृत्व होइन, अत्यन्तै जटिल अवस्थामा सरकारको नेतृत्व गरिरहेको पार्टीको यस सुनसरी जिल्लामा यति महत्वपूर्ण कार्यक्रम छ, यसले आफ्ना अभिभाराहरू पूरा गर्ने गरी आफूलाई प्रस्तुत गर्नेछ भन्ने मैले विश्वास लिएको छु । अहिले म अरू धेरै कुरा भन्ने भन्दा पनि यहाँहरूको साथ सहयोगको अपेक्षा गर्दछु र भन्न चाहन्छु - तपाईंहरूले जुन विश्वास दिनुभएको छ, त्यसलाई तलमाथि पर्न दिइने छैन । तपाईंहरूले जुन आशा गर्नुभएको छ, त्यसलाई पूरा गरिनेछ । तपाईंहरूले जुन भरोसा गर्नुभएको छ, त्यसलाई पूरा गरिनेछ । जनताले गरेको विश्वास एमालेले तलमाथि हुन दिँदैन । यो विकासको अगुवा हो, यो देशभक्तिको पहरेदार हो र यो पार्टी राष्ट्रिय एकताका साथ अगाडि बढ्न चाहन्छ ।

(२०७२ पुस ६ गते इटहरीमा आयोजित सुनसरी जिल्ला परिषद् बैठकको उद्घाटन समारोहको सम्बोधन)

१७

बुझ्नेलाई श्रीखण्ड, नबुझ्नेलाई खुर्पा बिँड

आदरणीय नुवाकोट निवासी दाजुभाइ तथा दिदीबहिनीहरू, सबैमा हार्दिक अभिवादन ! यस कार्यक्रमका अध्यक्ष महोदय, पार्टीका नेताज्यूहरू, अतिथि महानुभावहरू र यस सम्मेलनमा उपस्थित हुनुभएका सम्पूर्ण प्रतिनिधि साथीहरू,

आज नेकपा (एमाले) नुवाकोट जिल्ला कमिटीको छैटौँ अधिवेशनको उद्घाटन भइरहेको छ । यस सम्मेलनको भव्य सफलताको निम्ति म पार्टी केन्द्रको तर्फबाट र मेरो आफ्नो तर्फबाट समेत हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

आज २१ फागुन । यस सन्दर्भमा आज हामीले केही कार्यक्रमहरू काठमाडौँमा पनि गर्‍यौँ । ४५ वर्ष अगाडि, २०२९ साल फागुन २१ गते झापा आन्दोलनमा जेल सार्ने नाममा झापा जेलबाट निकालेर झापा जिल्ला र इलाम जिल्लाको सिमानामा पर्ने सुखानी भन्ने ठाँउमा लगेर नेपाली जनताका पाँच जना सपूतको हत्या गरिएको थियो । त्यति बेलाको निरङ्कुश राजतन्त्रात्मक परिपाटी टिकाउनका लागि ती क्रान्तिकारीको हत्या गरिएको थियो । त्यस सन्दर्भमा कलाकारहरूले निर्माण गरेको एउटा फिल्म आज हामीले हेर्‍यौँ ।

फागुन २१ कै सन्दर्भमा हामीले काठमाडौँमा एउटा अर्को कार्यक्रम पनि गर्‍यौँ । अहिले त्यस कार्यक्रमबाट नै हामी यहाँ आएका छौँ । आज म, तानाशाही पञ्चायती व्यवस्था टिकाउन, निरङ्कुश राजतन्त्र टिकाउन हत्या गरिनु भएका हाम्रा आदरणीय र श्रद्धेय सहिदहरू रामनाथ दाहाल, नेत्र घिमिरे, नारायण राजवंशी, कृष्ण कुइँकेल र नारायण श्रेष्ठप्रति विशेष सम्मान र आदरकासाथ श्रद्धाञ्जलि अर्पण गर्न चाहन्छु । सँगसँगै अरू तमाम ज्ञात-अज्ञात सहिदहरूलाई

पनि यस विशेष दिनमा म अत्यन्त श्रद्धाका साथ स्मरण गर्न र श्रद्धासुमन अर्पण गर्न चाहन्छु ।

यहाँहरूलाई थाहा छ - वि.सं.१९९७ सालमा राणा शासनको विरुद्ध सङ्घर्ष गर्ने चार जनालाई राणा शासनले मारेको थियो । त्यसको १० वर्षपछि सात सालमा आन्दोलनको सफलतापछि उहाँहरूलाई सहिद घोषणा गरिएको थियो । त्यसपछि निरङ्कुश राजतन्त्र र पञ्चायती तानाशाहीका विरुद्ध, लोकतन्त्रका निम्ति, गणतन्त्रका निम्ति, सामाजिक न्यायका निम्ति, समानताका निम्ति, राष्ट्रिय हक- हितका निम्ति, राष्ट्रको सार्वभौमसत्ता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हितका निम्ति, स्वाभिमानका निम्ति, सामाजिक न्यायका निम्ति र उन्नति-प्रगतिको चाहनाका साथ बलिदान दिने सहिदहरूलाई आधिकारिकरूपमा सहिद हुन् भनेर सरकारले स्पष्टरूपमा भन्न सकेको थिएन । राजनीतिक दलहरूले आआफ्ना पार्टीका कार्यकर्ताहरूलाई सहिद भन्ने, अरूलाई नभन्ने खालको परिपाटी पनि थियो, तर यहाँहरूलाई थाहा छ, अस्तिको दिन मन्त्रिपरिषदको बैठकले आठ सालमा सहादत प्राप्त गर्नु भएका सुदूरपश्चिमका भीमदत्त पन्तदेखि २१ सालमा राजा महेन्द्रले आफ्ना विरुद्ध गतिविधि गरेकोमा फाँसी दिएका दुर्गानन्द झा, त्यसैगरी झापा जेलबाट निकालेर २९ साल फागुन २१ गते हत्या गरिएका ५ जना, झापामा गोली हानी हत्या गरिएका चन्द्र दाहाल, संखुवासभामा हत्या गरिएका हरि नेपाल, सिरहामा हत्या गरिएका सूर्यनाथ यादव, सिन्धुलीमा २०३७ साल फागुन १२ गते हत्या गरिएका ऋषि देवकोटा, टिम्बुरबोटे काण्डमा २०३१ सालमा हत्या गरिएका राम लक्ष्मण, लीला दाहाल, ठगी दाहाल, गोलघरबाट निकालेर २०३५ साल माघ २६ गते फाँसी दिएर हत्या गरिएका यज्ञबहादुर थापा, भीमबहादुर श्रेष्ठ लगायत २०३५ साल चैत २७ गते इलामको इवान भन्ने गाउँमा हत्या गरिएका लोकप्रिय नेता रत्नकुमार वान्तवासमेत गरी २२ जनालाई सहिद घोषणा गरेका छौं, जसका बारेमा कुनै विवाद छैन ।

सात सालभन्दा पछिको सन्दर्भमा र अन्य सन्दर्भमा सहिदका बारेमा राम्ररी अध्ययन हुनु जरुरी छ र सहिदहरूलाई सहिदको दर्जा दिनु जरुरी छ । सहिदहरूलाई राज्यले सहिदको रूपमा मान्न जरुरी छ भनेर हामीले एउटा समिति निर्माण गरेका छौं । तीन महिनाभित्र त्यसले अध्ययन गरेर आफ्नो प्रतिवेदन पेस गर्नेछ र हामीले सही ढङ्गले टुङ्गो लगाउनेछौं । मानिसहरूले देशका

लागि, जनताका लागि, लोकतन्त्रका लागि आफ्नो ज्यान बलिदान दिएका छन् तर त्यसरी बलिदान दिनेहरूलाई सहिद भन्न नसक्नु र त्यससम्बन्धमा छानबिन हुन नसक्नु राम्रो कुरा होइन । त्यसैकारण अस्तिका दिन मैले विवाद नभएका व्यक्तित्वहरूलाई सहिद घोषणा गरेको छु, जसका बारेमा छलफल आवश्यक छ या जसका बारेमा तथ्यहरूको राम्ररी जानकारी हामीसँग छैन, तिनको छानबिन र अध्ययन गर्न हामीले समिति बनाएका हौँ ।

तपाईंहरूलाई थाहा छ, नेकपा (एमाले) कस्तो पार्टी हो भन्नेबारेमा । यो पार्टी विगत ६६ वर्षदेखि नेपालमा सामाजिक चेतना, देशभक्तिको भावना, लोकतन्त्रको भावना, जनता अधिकार सम्पन्न हुनुपर्छ भन्ने भावना, जनताको शासन हुनुपर्छ भन्ने भावना बोकेर जन्मसिद्ध श्रेष्ठताको सामन्ती सिद्धान्त, राजतन्त्रात्मक सामन्ती प्रणाली उपयुक्त छैन, हामीलाई गणतन्त्र चाहिन्छ भन्दै अनेक प्रकारका सामाजिक भेदभावको परिपाटी उपयुक्त होइन, हामीलाई सामाजिक न्याय र समानता चाहिन्छ भन्दै र जनताले प्राप्त गर्नुपर्ने मानव अधिकारदेखि लिएर स्वतन्त्रताको हकदेखि लिएर, तमाम हक - अधिकारहरू प्राप्त गर्नुपर्छ भनेर सङ्घर्ष गर्दै आएको पार्टी हो । हामीले दस्तावेजहरू हेर्‍यौँ भने कम्युनिस्ट पार्टीको स्थापना २००६ साल वैशाखमा जतिबेला भयो, त्यसैबेलादेखि नेपालमा एउटा नयाँ चेतना आएको देखिन्छ र कम्युनिस्ट पार्टीले यी ६६ वर्षमा नेपाली समाजलाई सचेत गराउने, सङ्गठित गर्ने, आन्दोलित गर्ने र नेपाली समाजमा परिवर्तन ल्याउन असाधारण योगदान गर्ने काम गरेको छ, अद्वितीय योगदान गरेको छ । अरू कसैले राणाशाहीका विरुद्ध आन्दोलन गरेका हुन् या नहुन्, राणा शासनको विरुद्ध गरेका पनि होलान्, तर सामन्तवादको अन्त्य हुनैपर्छ, राजतन्त्रको अन्त्य हुनैपर्छ, गणतन्त्रको स्थापना हुनैपर्छ भनेर कम्युनिस्ट पार्टीबाहेक अरू कसैले आन्दोलन गरेको थिएन । सामाजिक न्याय र समानता हुनुपर्छ भनेर अरू कसैले भन्न सकेको थिएन । राष्ट्रिय एकता हुनुपर्छ भन्ने कम्युनिस्ट पार्टी नै हो, जसले लोकतन्त्र, गणतन्त्र, सामाजिक न्याय, समानता, राष्ट्रिय एकताजस्ता कुराहरूमा जोड दिँदै आयो । शोषणकारी व्यवस्थालाई हटाएर समृद्ध र समतामूलक व्यवस्थाको निर्माण गर्नुपर्छ भन्ने विचार, दृष्टिकोण र लक्ष्य पनि कम्युनिस्ट पार्टीले नै अगाडि सारेको हो ।

यसबीचमा बलिदानका धेरै शृङ्खलाहरू भए । समस्याका धेरै गाताहरू भए । हामीले यहाँ अहिले भर्खरै साथीहरूलाई सम्मानित गर्‍यौँ । जनतामा

चेतना फैलाउनका लागि काम गर्ने युवराज कार्की जो झापाबाट आउनुभएको छ, उहाँलाई सम्मानित गर्याँ । सुरेश कार्की, जसलाई सम्मानित गर्याँ उहाँ उदयपुरबाट आउनु भएको छ । नरनाथ लुइँटेल पहिला झापामा हुनुहुन्थ्यो, अब धादिङतिर हुनुहुन्छ, उहाँलाई पनि सम्मानित गर्याँ । यस्ता धेरै साथीहरूले विभिन्न ठाउँमा देशभरि बत्ती बाले, अनि अरूहरूले त्यसलाई सल्काउदै गयौँ । त्यसैगरी कम्युनिस्ट पार्टीले कार्यकर्ताहरूमार्फत जनतामा चेतनाको बत्ती सल्काउँदै गयो । नेपालमा राणा शासनको विरुद्ध सङ्घर्ष भयो । कम्युनिस्ट पार्टीले मात्रै लोकतान्त्रिक गणतन्त्र र सामाजिक न्यायको कुरा उठाएको थियो । पहिलो पल्ट झापा आन्दोलनमा गणतन्त्रका निम्ति राजतन्त्रको विरुद्ध, निरङ्कुशतन्त्रका विरुद्ध आमनेसामने लडाइँ भयो । त्यसक्रममा ४४ वर्षअघि आजकै दिन हाम्रा पाँच जना क्रान्तिकारी योद्धालाई हत्या गरेका थिए, तानाशाही पञ्चायती व्यवस्थाका शासकले ।

त्यो राजतन्त्र विरोधी आन्दोलन थियो । हुनत आजकल केही आफूलाई गणतन्त्रका पिता ठान्छन् । संविधान बनाउन नमानेर हैरान पारेको बेला तिनलाई कठालोमा समातेर, लतारेर ल्याएर संविधान बनाइयो । अहिले त तिनीहरू नै गणतन्त्रका पिता भएका छन्, अङ्कल पनि भएका छन्, संविधानका हजुरबा अनेक भएका छन् । नेपाली जनतालाई थाहा छ, कहाँकहाँ कतिकति बेला घिसारेर ल्याउनु परेको थियो तिनलाई । यसमा मैले धेरै भनिरहनु पर्दैन - नेपालका कम्युनिस्ट पार्टीहरू विभाजित भएर टुक्राटुक्रा भएको अवस्थामा झापा आन्दोलनले लोकतान्त्रिक गणतन्त्रको एउटा राजनीतिक अभियान सुरु गर्‍यो, सँगसँगै विभाजित भएर टुक्रामा बाँडिएका कम्युनिस्टहरू क्रान्तिकारी विचारका साथ, जनपक्षीय विचारका साथ, व्यावहारिक र अग्रगामी विचारका साथ अगाडि जानुपर्छ र एकताबद्ध भएर लड्नुपर्छ भन्ने विचार अगाडि सार्‍यो । त्यसअगाडि देशमा राष्ट्रव्यापीरूपमा एकताबद्ध पार्टी थिएन । त्यस आन्दोलनबाट हामीले नयाँ एकता र एकीकरणको अभियान सुरु गर्याँ । त्यस अभियानले जनताको व्यापक समर्थन प्राप्त गर्दै गयो र आज यस ठाँउमा आइपुगेको छ । यो पार्टीले अहिले जुन सरकारको नेतृत्व गरिरहेको छ, यो कुनै भवितव्यमा परेर खडा भएको होइन, यो कुनै गाई कि त्रिशूल खेलेजस्तो खेल्या होइन । यो लामो सङ्घर्षको परिणाम हो ।

नेपालको संविधान निर्माण गर्ने प्रश्नमा, गणतन्त्र स्थापना गर्ने प्रश्नमा, जनतालाई सार्वभौम बनाउने सन्दर्भमा, राष्ट्रको स्वाभिमानलाई उठाउने सन्दर्भमा र विकास निर्माणलाई अगाडि बढाउने सन्दर्भमा आज नेकपा (एमाले) एउटा स्वास हैसियतका साथ अगाडि बढेको छ । हिजो एउटा पार्टीको महाधिवेशनको उद्घाटनमा एक जनाले भन्नुभयो - संविधान हामीले बनाएकोले हामीले यसको कार्यान्वयनको नेतृव गर्नुपर्छ भनेर । त्यसमा मैले केही भनिरहने आवश्यकता ठानिनँ किनभने स्वास कुरा जनतालाई थाहा छ, कसरी बन्यो संविधान ? संविधान बनाउने बेला कोको केके बोल्दै थिए ? केके आदेश दिँदै थिए ? ती कुराहरू संसदलाई थाहा छ । नेपाली काङ्ग्रेसभित्रका संविधान बनाउनुपर्छ भन्ने केही नेताहरू, जसलाई हामीले धेरै जोड गर्यौं - संविधान बनाउनुपर्छ, गलत बाटो जानु हुँदैन भनेर । नेकपा (एमाले) को त्यस अभियानलाई उहाँहरूले साथ दिनुभयो । उहाँहरूलाई म धन्यवाद दिन चाहन्छु । संविधान निर्माणका क्रममा अनेक प्रकारका दबाबहरू चारैतिरबाट आए । कहिले भेटर त कहिले तारबाट, कहिले अनेक प्रकारका कुराहरू आए । नेकपा (एमाले) ले त नेपाल र नेपालीहरूको हित सर्वोपरि राखेर सोच्छ । संविधान बनाउने काममा नेकपा (एमाले) ले गोल गर्‍यो र संविधान बनाउने काममा जसरी होस् सबैलाई सहमत गराएर दुनियाको इतिहासमा यति जटिल संविधानसभाबाट ९२. ५ प्रतिशतभन्दा बढीले संविधान जारी गर्नु, हस्ताक्षर गर्नु सानो कुरा होइन । भारतको संविधान कति प्रतिशतले बनाएका थिए ? ६५.५ प्रतिशतले । त्यसमा ३५.५ प्रतिशतको विरोध थियो । अमेरिकाको संविधान ५२.५ प्रतिशतले बनाएका थिए । ४८.५ प्रतिशतको विरोध थियो । नेपालको संविधान ९२.५ प्रतिशतले बनाए, बाँकी पनि सबैको विरोध होइन । जसले संविधानमा सही गर्न पाएनन् उनीहरूले हामीसँग भने - पार्टीको निर्णयको कारणले संविधान बनाउने यस्तो ऐतिहासिक काममा, कलम त भिरेर आएको थिएँ, तर सही गर्न पाइन । यत्रो वर्ष संविधानसभामा बसेर पनि मैले हस्ताक्षर गर्न पाइन, दुःख लागेको छ । साँच्चै आँसु बगाउँदै भने - जनताले मलाई संविधान बनाउन पठायो तर म संविधान बनाउन छोडेर बाहिर बस्नु पर्‍यो, दुःख लाग्या छ ।

आज नेकपा एमालेले सरकारको नेतृत्व गरिरहेको छ । कसैकसैले त भन्ने गरेको तपाईहरूले फाट्टफुट्ट सुन्नु भएको होला, अब काङ्ग्रेसको महाधिवेशनपछि सरकार परिवर्तन हुन्छ भनेर । त्यस भाषाले अलिकति अन्योल सिर्जना गरेको छ, त्यो भाषा त्यसरी भन्न खोजिएको होइन, तर पनि अलिकति

भ्रम परेको छ । त्यसलाई बुझिने भाषामा भन्नुपर्छ । काङ्ग्रेसको महाधिवेशनपछि सरकार बिस्तार हुन्छ, परिवर्तन होइन । काङ्ग्रेस पनि सरकारमा आउँछ, अरू पनि सरकारमा आउनेछन् । सरकार बिस्तार हुन्छ । यो सरकार फेर्ने भन्नेहरू संविधान बनाउने बेलामा बाहिर सडकमा जाने र एमालेलाई भोट नदिनका लागि संसदमा आउनेहरू हुन् ।

अहिले यतिबेला भुइँचालोले यस्तो थित्थिलो बनाएको छ देशलाई, त्यतिधेरै घरहरू भत्किएका छन्, वर्षा अगाडि कसरी बनाइसक्ने ? यति धेरै घरहरू बनाउन हामीसँग जनशक्ति खोइ ? हामीलाई चिन्ता परेको छ । हामी रातदिन एकएक गरेर काम गरिरहेका छौँ । यस्तो अवस्थामा विगत केही महिनाको नाकाबन्दीले ग्याँस नपाउने, तेल नपाउने, डिजल,पेट्रोल नपाउने कुराले नेपाल आर्थिकरूपमा र अरू धेरै अवसरहरूमा अप्ठ्यारो अवस्थामा पुगेको छ । त्यसको धेरै दूरगामी र नकारात्मक असर परेको छ । अब हामीले त्यसलाई पूरा गर्ने गरी आर्थिक समृद्धिको बाटोमा लाग्नु पर्दछ ।

हामीले एउटा राजनीतिक आन्दोलन, एउटा अभियान, एउटा परिवर्तनको काम सम्पन्न गरेका छौँ संविधान निर्माण गरेर । जनताका हक अधिकारहरू संविधानमा संस्थागत गरिएका छन्, सुरक्षित गरिएका छन् तर पनि कसैकसैले हल्ला चलाउने गरेका छन्, भ्रम फिँजाउने गरेका छन् कि संविधानबाट केही पाइएन भनेर । मैले सुनेको छु, गाउँतिर जान्छन् र तिनीहरू भन्छन्- संविधान आयो, केही पायौँ ? संविधानले दाल चामल दिने होइन नि, संविधानले अधिकार दिने हो । संविधानबाट जनताले हकअधिकार पाएका छन् । संविधानमा कहींकतै पनि भेदभाव र पक्षपात छैन । सबैलाई समान अवसरको व्यवस्था संविधानले गरेको छ ।

एउटा कुरा निश्चित हो कि केही मान्छेका उद्देश्य गलत छन् । नेपालको अहित हुने गरी सीमाका प्रश्नहरू उठाउँछन् भने, साम्प्रदायिकता वा क्षेत्रीय विद्वेषका कुरा हुन्छन् भने त्यो कुरा नेपाल र नेपालीका लागि मान्य हुन सक्दैन । नेपाल हिमाल, पहाड तराईको देश, १ सय २५ जातजाति, १ सय २३ भाषाभाषी भएको देश हो । हाम्रोमा जातीय विविधता, भाषिक र सांस्कृतिक विविधता छ । ती हाम्रा सम्पत्ति हुन, हाम्रो सम्पूर्णता हो, त्यस सम्पूर्णतालाई हामीले सदृढ गरेर अगाडि लिएर जानुपर्छ । हाम्रा जुनसुकै जातका जनता हुन्, जुनसुकै भाषाभाषी हुन्, जुनसुकै ठाउँमा बस्ने हुन्, जुनसुकै पेसा अपनाउने हुन्, ती

सबैको उत्थान नभईकन, तिनको विकास नभईकन, तिनको गरिबी नहटीकन, ती सबैका छोराछोरीले नपढीकन, तिनको उपचारको प्रबन्ध नगरीकन नेपाल सुखी हुन सक्दैन । अहिलेको संविधानअन्तर्गत बनेको यो सरकार यस कुरामा केन्द्रित छ । यो नेकपा (एमाले) को एकल सरकार होइन, नेकपा (एमाले) को नेतृत्वको सरकार हो ।

संविधान बनाउने जस्तो एउटा ऐतिहासिक सफलता प्राप्त गरेर, पटक-पटक खोसिने गरेका अधिकार अब खोस्न नपाउने प्रबन्ध गरिएको छ । बुझ्नेका लागि एउटा ठूलो श्रीखण्ड प्राप्त भएको छ, नबुझ्नेहरूका लागि के भन्ने ? केही त खुर्पाको बिँड भन्दै उफ्रिएर कराउँदै हिँडेका पनि छन् । त्यसले वातावरण बिगार्ने काम गरेको छ, तर अब हामी नेपाललाई नयाँ ढङ्गले निर्माण गर्ने र अगाडि बढाउने पक्षमा छौँ ।

आज नेकपा (एमाले) राज्यका महत्वपूर्ण ठाउँहरूमा छ । राष्ट्रपति त कुनै पार्टीको हुँदैन, तर राष्ट्रपति हुनुभन्दा अगाडि उहाँ एमालेमै हुनुहुन्थ्यो । एमालेले प्रस्ताव गरेर, एमालेले भोट दिएर राष्ट्रपति बनाइसकेपछि अब उहाँ एमाले हुनुहुन्न । अब नेपालमा जसलाई एमालेले उपराष्ट्रपति बनाउने भन्छ, त्यही उपराष्ट्रपति हुन्छ । एमालेले जसलाई सभामुख बनाउने भन्छ, त्यही सभामुख हुन्छ । एमालेले जस्तो भन्छ, त्यस्तै सरकार बन्छ । कसैले मानेनन् भने एकैछिन बाहिर बसेर कोसिस गर्छन् । लोकतन्त्रमा त्यो स्थितिले केही बिग्रिहाल्दैन ।

भरखरै मैले भारतको भ्रमण गरेँ । धेरै मान्छेलाई लाग्या थियो, हल्ला गरेका थिए, प्रधानमन्त्रीको भारत भ्रमण सफल हुँदैन, यस्तो हुन्छ, उस्तो हुन्छ भनेर । कतिलाई लाग्या थियो, अब सम्बन्ध सुध्रिँदै सुध्रिँदैन । मेरो भारत भ्रमण देखेपछि सबै छक्क परे । भारतले पूरै पञ्चेबाजा बजाएर स्वागत गऱ्यो । चीन जाँदैछु, चीनले पनि ड्रम बजाएर स्वागत गर्छ । हामीले भारतमा एउटा अर्को बन्दरगाह प्राप्त गरेका छौँ, बिशाखापटनम् बन्दरगाह । बंगबन्धुको बाटो प्राप्त गरेका छौँ । हामीले ट्रान्समिसन लाइनको उद्घाटन गरेका छौँ । भारतबाट थप ८० मेगावाट बिजुली प्राप्त गरेका छौँ । तपाईंहरूलाई लाग्ला ८० मेगावाट बिजुली किन काठमाडौँ आएन ? यसभन्दा अगाडिका सरकारले बिजुली जहाँ निकालेका छन्, त्यहाँ आगो बालेजस्तो मात्रै भो, बिजुली ल्याउने तारचाहिँ तानेको छैन । ल्यायौँ भनेको उतैपट्टि वितरण गरेको छ तर अब हामी बिजुली उत्पादन, बाटोको निर्माण धेरै कुराहरू गर्छौँ ।

यो नुवाकोटमा कस्तोकस्तो भएको छ भने आमाबाबुको मन छोराछोरीमाथि, छोराछोरीको मन ढुङ्गामुढामाथि भनेजस्तो । एमालेको मन नुवाकोटमाथि, नुवाकोटको मन अन्तअन्तै । भोटचाहिँ अरू पार्टीलाई । तर केही छैन, जे भए पनि एमालेले नुवाकोटको विकासमा ध्यान दिएको छ, ध्यान दिन्छ । नुवाकोटका तमाम दाजुभाइ तथा दिदीबहिनीहरूलाई म आग्रह गर्न चाहन्छु तपाईहरू ढुक्क हुनोस्, एमालेको नेतृत्वमा सरकार बन्या छ, यो सरकार जनताको सरकार हो । यो तपाईंहरूको सरकार हो । यो सङ्घर्षबाट आएको सरकार हो । त्यसो भएर ढुक्क हुनोस् । यसले देशको विकास गर्छ । म आज तपाईंहरूको अगाडि एमाले अध्यक्षमात्रै होइन, देशको प्रधानमन्त्रीको रूपमा बोल्दै छु, यो नुवाकोटभन्दा धेरै दुर्गम मेरो जिल्ला छ । म त्यो दुर्गम जिल्लामा गाईभैँसी, बाख्रा चराएर, घाँस काटेर त्यस ठाँउबाट आएर प्रधानमन्त्री भएको हुँ । त्यस कारण मेरो जिन्दगीमा मैले देशका निम्ति इमानदारिताका साथ काम गर्ने, जनताको समृद्धि र सुखका निम्ति काम गर्ने, तिनको विकासका निम्ति काम गर्नेबाहेक मेरो अरू कुनै उद्देश्य छैन । नेपालका सम्पूर्ण केटाकेटीले पढ्न पाउनुपर्छ, बच्चाबच्चीको पढ्ने व्यवस्था कहींकतै भएको छैन भने त्यो काम यो सरकारले गर्छ ।

आज यहाँ नेकपा (एमाले) को जिल्ला अधिवेशन भइरहेको छ । म यस जिल्ला अधिवेशनका हाम्रा प्रतिनिधिहरूलाई भन्न चाहन्छु - यो पक्ष कि त्यो पक्ष, यो गुट कि त्यो गुट भन्न छोडिदिनोस् । ती अब इतिहासका कुरा भए । एमाले जनताको पार्टी हो, एमाले जनताको निम्ति हो, देशका निम्ति हो । पक्ष-विपक्ष भन्ने कुरा एमाले कार्यकर्तालाई सुहाउँदैन । एमाले एउटा माध्यम हो देशको सेवा गर्ने । त्यसैले पक्ष-विपक्षको निम्ति लडाईं छोडिदिनोस् । पदका निम्तिको लडाइँ छोडिदिनोस् । एमाले जस्तो पार्टीले नुवाकोटमा किन हार्छ ? अहिले पनि मान्छेहरू अरू अरू पार्टीलाई किन भोट दिन्छन्, के भएर हो जनता एमाले जस्तो पार्टी हुँदाहुँदै अरू पार्टीलाई भोट दिएर जिताइरहेका छन् ? हामी एमाले कार्यकर्ताहरूले अधिवेशनमा विचार गर्नुपर्ने कुरा हो यो ।

एमाले सोझो र इमानदार पार्टी हो । त्याग, तपस्या र बलिदान एमालेले गर्छ । यहाँ मञ्चमा बस्ने कतिले २०-२५ वर्ष भूमिगत भएर काम गऱ्या छौं । कति वर्ष जेल र भूमिगत बसेका साथीहरू छन् यहाँ । म पनि त्याग-तपस्या गरेरै आएको हुँ । कोही यदि सङ्घर्षका गफ नै गर्छन् भने भन्न चाहन्छु - म चौध वर्ष जेल बस्या छु । अरू पार्टीमा कोही चौध वर्ष पूरा जेल बस्या कोही छ भने

आउनोस् । ६ वर्ष मैले भूमिगत काम गऱ्या छु । । हामीले आन्दोलन सुरु गरेको ४४ वर्ष अगाडि मेरा साथीहरू मारिएका थिए । त्यसबेला हामीले खाटमा वरिपरि बसेर पप्लु खेलेर समय बिताएको होइन, हामीले हाम्रो जिन्दगी सङ्घर्षमा, आन्दोलनमा बिताएका हौँ । एमाले त्यो खालको पार्टी हो । म एमालेका यहाँका साथीहरूलाई भन्न चाहन्छु - जनतालाई गएर बताउनोस् र भन्नोस् - एमाले नै हो देश बनाउने पार्टी, भ्रममा नपर्नोस् ।

मैले एक ठाउँमा भनेको थिएँ - एउटा बच्चाको कुरा । २०४८ सालमा राष्ट्रिय सभामा एक जना महिला पनि मनोनित भएर आउनुभएको थियो । उहाँको एउटा बालक छोरो थियो । छोरो पनि उहाँ सँगसँगै आउँथ्यो । बच्चा खूब रमाउँथ्यो । मैले बच्चालाई प्रायः सोधिरहने गर्थें - ए बाबु कुन पार्टी मन पर्छ ? उसलाई कति राम्ररी सिकाइएको रहेछ भने उसले फटाफट जवाफ दिन्थ्यो - काङ्ग्रेस मन पर्छ, रुख मनपर्छ । मलाई त्यो कुरा राम्रो लाग्याथ्यो ।

तसर्थ, यहाँ हाम्रो पार्टीले जनतामा गएर सम्झाउनु पऱ्यो, कुराहरू बुझाउनु पऱ्यो । नेकपा (एमाले) का उद्देश्य र नीतिहरूबारे जनतालाई जानकारी दिनु पऱ्यो । आजको आवश्यकता हो यो । विगतका कामहरूको समीक्षा गर्नोस् । नेकपा (एमाले) ले देश हाँक्न अनिवार्य छ । एमालेले हाँक्नुपर्छ । एमालेले हाँकेन भने देश हाँकिदैन । अहिले यो देशमा एमाले हुँदैन थियो भने छाला जाने गरी घुँडा टेकिसक्या हुन्थ्यो । एमाले नै हो जसले देशलाई घुँडा टेक्न लगाएन । यो कुरा जनताका बीचमा पुऱ्याउनोस् । म यहाँका सबै साथीहरूलाई, कमरेडहरूलाई भन्न चाहन्छु, कसलाई अध्यक्ष छान्ने, कसलाई उपाध्यक्ष छान्ने भन्ने कुरा ठूलो होइन, त्यसमा विवाद नगर्नोस् । पार्टीको नीति र उद्देश्यलाई अगाडि बढाउनोस्, सबै ठिक हुन्छ ।

नुवाकोट जिल्लालाई मेरो शुभकामना छ । यहाँ २ वर्षभित्र २ लेनको बाटो बन्छ । यहाँ ग्याँस, पेट्रोलियमको भण्डारण गर्ने काम हुन्छ । व्यापारिक केन्द्र जस्तो हुन्छ यो ठाउँ । त्यसपछिको अर्को योजना केरुङ, काठमाडौँ, पोखरा, लुम्बिनी रेल मार्ग बनाउने मेरो योजना छ । तपाईहरू केही वर्षको प्रतीक्षा गर्नोस् । गर्नेलाई पछाडि धकेल्ने, नगर्नेलाई अगाडि सार्ने ? सरकारमा एमालेले त्यस ढङ्गले अगाडि जान नपाउने, अरूले पाउने कहाँबाट हुन्छ ? अहिले एमालेको नेतृत्वमा सरकार बनेपछि आलोचना गरौँ, विरोध गरौँ, समर्थन गरौँ अथवा जे गरौँ तर विकास निर्माणका कुराहरूमा विरोध नगरौँ । विकास के हो,

कसरी गर्नुपर्छ, यो सरकार बनेपछि जसरी तपाईहरूले सुन्नुभयो, कहिल्यै सुन्नु भएको थियो यस्ता विकासका कुरा ? कसैको सोचमा थिएन । नेकपा (एमाले) स्वानका लागि बनेको र जन्मिएको पार्टी होइन । यो जनताका लागि केही काम गर्न भनेर जन्मिएको पार्टी हो । यसले देश विकासको अभियान चलाएको छ । यस काममा सहयोग पुऱ्याउन म सबै दाजुभाइ, दिदीबहिनीहरूलाई आग्रह गर्न चाहन्छु । त्यसका निम्ति एमालेका साथीहरूले जनताका बीचमा गएर काम गर्नुपर्छ । यस अधिवेशनले समीक्षा गरेर आउने दिनका निम्ति आफ्ना नीति, योजनाहरूसहित अगाडि बढ्ने निर्णय लिनेछ । यस अधिवेशनले यस जिल्लामा महत्वपूर्ण भूमिका खेल्ने निर्णय लिनेछ भन्ने विश्वास मैले लिएको छु ।

(नेकपा (एमाले), नुवाकोट जिल्ला कमिटीको छैटौँ अधिवेशनको सम्बोधन)

१८

सार्वभौमसत्ता सम्पन्न राष्ट्र, स्वाधीन भएरै चल्छ

देश अप्ठ्यारो परिस्थितिसँग जुधिरहेको बेला, अप्ठ्यारो परिस्थितिलाई सहज परिस्थितिमा रूपान्तरण गर्नका निम्ति तपाईंहरू असाधारण उत्साहका साथ यहाँ भेला हुनुभएको छ । यो सभाबाट के स्पष्ट हुन्छ भने अब नेपालमा कसैले अल्मल्याएर कोही अल्मलिनेवाला छैन । यो देश अब भ्रमबाट मुक्त भएर अगाडि बढ्छ भन्ने कुराको एउटा बलियो सङ्केत हो । यो कुरा तपाईंहरूको सङ्कल्पबाट प्रकट भएको छ ।

नेपाली जनताले सदैव न्याय र समानताको चाहना राखे । नेपाली जनताले सदैव अधिकार, अवसरको चाहना राखे । नेपाली जनताले शान्तिपूर्ण समाज र कानुनको राज चाहे । नेपाली जनताले देशलाई एकताबद्ध बनाएर राष्ट्रिय एकताका साथ विकास र समृद्धिको बाटोमा अगाडि बढ्न चाहे र सम्पन्न जीवन बिताउन चाहे । लामो समयदेखि जनताले सङ्घर्षहरू गरे, बलिदानपूर्ण सङ्घर्षहरू भए र ती बलिदानपूर्ण सङ्घर्षहरू पटकपटक सफल भए । उपलब्धिहरू हासिल भए, तर तिनीहरूलाई जनविरोधी शक्तिहरूले मौका पाएपछि समाप्त पार्ने र असफलतामा पुऱ्याइदिने लगातारको सिलसिला रह्यो ।

२००७ सालको आन्दोलन सफल भयो, तर २०१७ सालमा सम्पूर्ण अधिकारहरू खोसिए । २०४६ सालको आन्दोलन सफल भयो, त्यसका उपलब्धिहरूलाई संस्थागत गरिएपनि पूर्णता प्राप्त गर्न सकिएको थिएन । त्यसबाहेक भ्रम फिँजाउन खोज्ने तत्वहरूले र अप्ठ्यारो परिस्थितिबाट फाइदा लिन खोज्ने तत्वहरूले, देशलाई फेरि एकपल्ट हिंसामा लान खोजे, हिंसातर्फ लगेर देशलाई समस्याग्रस्त बनाउने प्रयासहरू भए। त्यसलाई उपयोग गर्दै राजतन्त्रलाई फेरि सक्रिय बनाउने, फेरि निरङ्कुश बनाउने, जनताका अधिकार

फेरि खोस्ने प्रयासहरू भए । त्यसका विरुद्ध २०६२/०६३ मा नेपाली जनताले देशभरि नै ऐतिहासिकरूपमा शान्तिपूर्ण सङ्घर्ष, विशाल जनआन्दोलन, त्यसको आँधीबेहरी सिर्जना गरे, जसले राजतन्त्रलाई समाप्तिको बाटोमा लग्यो र त्यसबेलासम्म चलिरहेको हिंसालाई युद्धविराममार्फत शान्तिप्रक्रिया सुरु गराएर अगाडि बढायो । सँगसँगै जनताले प्राप्त गरेका हकअधिकारहरू अब गुम्न दिनुहुँदैन, अब जनताले प्राप्त गरेका हकअधिकारहरूलाई सुरक्षित गरेर, संस्थागत गरेर अगाडि जानुपर्छ भन्ने मान्यता दृढताका साथ अगाडि बढ्यो । त्यसअनुसार नै संविधानसभाको निर्वाचन भयो, तर पहिलो संविधानसभा दुई वर्षको कार्यकाल भएपनि चार वर्षसम्म यसले संविधान दिन सकेन, समय थप्दै गए पनि त्यसले संविधान दिन सकेन र संविधान नदिइकन पहिलो संविधानसभा असफल भयो ।

नेपाललाई संवैधानिक सङ्कट, राजनीतिक सङ्कट खडा गरेर, जनप्रतिनिधि संस्थाहरूको रिक्तता बढाएर, संविधानले बाटो दिन नसक्ने अवस्था, अदालत, अस्तियार, लोकसेवा आयोग, निर्वाचन आयोगजस्ता सबै संवैधानिक अङ्गहरूलाई समाप्त पारिदिने र राज्यका विभिन्न अङ्गहरू समाप्त भएपछि असफल राष्ट्रमा परिणत गराउने बाटोतर्फ लाने अवस्था बन्यो । त्यस अवस्थामा फेरि विशेष व्यवस्थाका साथ संविधानसभाको दोस्रो निर्वाचन गराइयो र हामीले त्यसबेला भन्यौँ - दोस्रो निर्वाचनपछि यो संविधानसभा संविधान नबनाइकन, राष्ट्र र जनतालाई संविधान नदिइकन असफल भएर समाप्त हुनेछैन । संविधानसभालाई सफल बनाएरै छाड्ने घोषणा हामीले गर्‍यौँ । त्यो प्रयास हामी सबैलाई थाहा छ भन्ने मलाई लाग्छ । नेकपा (एमाले) ले दृढ प्रयास नगरेको भए संविधान निर्माण हुनसक्दैनथ्यो । दोस्रो संविधानसभाबाट पनि संविधान बन्न नदिनका लागि अनेक प्रकारका जालझेल, षड्यन्त्रहरू भए, राजनीतिक शक्तिहरूका बीचमा खेल्ने, फुटाउने र संविधानसभालाई फेरि असफल बनाउने प्रयासहरू भए । ती सबैलाई परास्त गर्दै संविधान निर्माण गर्न सफल भइयो किनभने यस अभियानमा नेकपा (एमाले)ले अगुवाइ लिइरहेको थियो । नेकपा (एमाले) संविधान निर्माण गरेरै छोड्ने कुरामा सङ्कल्पबद्ध थियो र जनताले प्राप्त गरेका हकअधिकारहरूलाई संस्थागत गर्ने र देशलाई एउटा सङ्क्रमणकालीन अवस्थाबाट स्थिरता र स्थायित्वतर्फको अवस्थामा अगाडि बढाउने कुरामा यो पार्टी कृतसङ्कल्पित छ । अरू राजनीतिक शक्तिहरूलाई

पनि नेकपा (एमाले)ले आफ्नो बाटोमा, आफ्नो धारमा डोऱ्याएर ल्यायो र संविधान बन्यो । संविधान बन्न नदिने शक्तिहरू संविधान बनेकोमा अत्यन्तै क्रुद्ध भए । यो संविधान जनताबाट निर्वाचित संविधानसभा, समानुपातिक र समावेशी प्रतिनिधित्वको संविधानसभा, पहिलो संविधानसभा असफल भइसकेपछि संविधान बनाएरै छाड्ने अठोटका साथ फेरि दोहऱ्याएर निर्माण गरिएको संविधानसभा, जसको काँधमा संविधान निर्माण गर्ने अभिभारा थियो, त्यस संविधानसभाबाट संविधान बनाइयो । अत्यन्तै लोकतान्त्रिक विधिबाट संविधान बन्यो ।

म केहीकेही टिप्पणीहरू सुन्ने गर्छु । अचानक, रातारात, एकै छिनमा संविधान बनाइयो भन्ने । आठ वर्षदेखि हामी संविधान निर्माणको प्रक्रियामा थियौँ, तर बनिरहेको थिएन । यस्तो अवस्थामा देशमा भूकम्प गयो, भूकम्पले धेरै ठूलो क्षति पुऱ्यायो । ९ हजारभन्दा बढी मानिसको ज्यान गयो, २३ हजारभन्दा बढी मानिसहरू घाइते भए । ८ लाख घरहरू भत्किए । विद्यालयहरू भत्किए, सरकारी संरचनाहरू भत्किए, पुरातात्विक महत्वका, धार्मिक महत्वका, ऐतिहासिक महत्वका अनेक धरोहरहरू भत्किए । जनता विस्थापित हुने अवस्था बन्यो । देश एउटा कोलाहलको स्थितिमा गयो । त्यस अवस्थालाई साम्य पार्ने, संविधान दिएर जनताका अधिकारहरूलाई सुनिश्चित गर्ने र देशलाई आर्थिक उन्नतिको बाटोमा अगाडि बढाउनुपर्ने टड्कारो आवश्यकता त्यहाँ देखापऱ्यो । त्यसकारण नेकपा (एमाले) ले त्यस सन्दर्भमा अविलम्ब संविधान बनाउने जुन नीति लियो, त्यो अत्यन्तै जायज, अत्यन्तै उचित नीति थियो । अचानक बन्यो भन्ने कुरा हुँदैहोइन, जनताका बीचमा सुझाव टिप्पणीका लागि सभासद्हरू आफैँ गएर राय, सुझाव, टिप्पणी लिने काम भयो । संविधानका हरेक धारा छलफलमा जाने, हरेक धारामा बेग्लाबेग्लै मतदान हुने, हरेक धारा मतदानबाट पारित हुने, ८३ प्रतिशतभन्दा बढी सर्वसम्मत ढङ्गले, ९२ प्रतिशतले केहीकेही असहमतिका साथ संविधान जारी गर्नुपर्ने कुरा अगाडि सारे र संविधान जारी भयो । असन्तुष्ट तत्वहरू, संविधान मन नपराउनेहरूले हल्ला मच्चाउन थाले - अचानक बन्यो । अर्को हल्ला सँगसँगै चलाइयो हामीले केही पाएनौँ भन्ने । गाउँघरतिर गएर तपाईंहरूले संविधानबाट के पाउनुभयो भनेर सोध्ने र भ्रम फिँजाउने काम भयो । गाउँका जनताले तत्काल त केही पाएको छैन, पाउने कुरा पनि भएन । संविधानले हकअधिकार दिने हो, संविधानले अवसर दिने हो ।

संविधानले कुनै दालचामल जस्तो कुरा दिने त होइन । संविधान दिएर केही पायौ त भन्दा जनताले भन्छ, पाएको छैन । त्यसो भएपछि जनतालाई भ्रमपूर्ण ढङ्गले भड्काउने काम सुरु भयो । कहिले प्रदेशको सीमाङ्कन मिलेन भन्ने, कहिले सङ्ख्या मिलेन भन्ने, कहिले नागरिकता मिलेन भन्ने, कहिले समावेशी भएन भन्ने, समानुपातिक भएन भन्नेजस्ता अनेक कुराहरू गर्ने काम भयो ।

वास्तवमा ती सबै कुराहरू झूटा हुन् । नेपालको संविधान नेपाली जनताका लागि बनाइएको हो, अरू कसैका लागि होइन । नेपाली जनता, पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका जनता, चाँदनी, दोधारासम्मका, हिमाली भेगदेखि तराईसम्मका, पहाड, मधेस सबैतिरका जनता, विभिन्न जातजाति, विभिन्न भाषाभाषी, अनेक धर्म, संस्कृति, अनेक परम्परा, अनेक चाडहरू, यसमा आबद्ध विभिन्न पेशा, व्यवसायका जनता सबै नै मिलाउँदा नेपाली जनता हुन्छ र सबैका लागि नेपालको संविधान बनेको छ, किनभने नेपाली जनताको संविधान, जनताले बनाएको संविधान, जनताका लागि बनेको संविधान हो यो । जनताका सम्पूर्ण अधिकारहरू यसमा सुरक्षित छन् । शान्ति खल्बलिन नदिने, अशान्तिका कारणहरूलाई समाप्त पार्ने, लोकतान्त्रिक मूल्य मान्यताहरू आवधिक निर्वाचन, प्रतिस्पर्धात्मक बहुदलीय राजनीतिक प्रणाली, शक्ति पृथकीकरणको सिद्धान्त, स्वतन्त्र न्यायालयजस्ता कुराहरू, कसैलाई अन्याय पऱ्यो भने न्यायका लागि अदालत जान सकिने र न्याय प्राप्त गर्नसक्ने अवस्थालगायत मानवअधिकारका अनेक पक्षहरू संविधानमा प्रत्याभूत छन् र तिनको ग्यारेन्टी गरिएको छ । संविधानमा सबै जनताका हकअधिकारहरू समान छन् । संविधानले सबै जनतालाई समान हकअधिकार, बराबरी अवसर, सबैका लागि सम्मानको अवस्था सिर्जना गरेको छ । त्यसबाहेक राष्ट्रिय एकतालाई जोड दिने, त्यसका निम्ति हिजो सामन्तकालीन समयमा नेपाली जनताका बीचमा अनेक प्रकारका असमानता र विभेदहरू, भिन्नतालाई विभेदको रूपमा प्रयोग गरेर शोषण, दमन गर्ने परिपाटी थियो, त्यसलाई समाप्त पारेर सबैलाई सामाजिक न्याय र समानता उपलब्ध गराउने कुराहरूका साथ संविधान आयो । अब समानताका आधारमा सामाजिक सद्भाव कायम गर्दै, सम्पूर्ण नेपाली जनता एकजुट छौँ, हामी सबै दाजुभाइ दिदीबहिनीहरू हौँ, जुनसुकै जातका भए पनि, जुनसुकै पेसा व्यवासाय गर्ने भए पनि, जुनसुकै भाषा बोल्ने भए पनि, जहाँसुकै बस्ने भए पनि हामी नेपाली हौँ र हामी सबै दाजुभाइ दिदीबहिनीहरू हौँ । यस भावनाका साथ संविधान बनेको छ र संविधानमा केही विशेष व्यवस्थाहरू पनि गरिएका छन् ।

हाम्रो समाजको केही हिस्सा पछाडि परेको छ, महिलाहरू सदियौँदेखि पछाडि पारिए, त्यसकारण महिलाहरूलाई अगाडि ल्याउन, पुरुषहरूको दाँजोमा बराबरी अवस्थामा पुऱ्याउन अहिलेका निम्ति राज्यका सबै निकायमा महिलाहरूको ३३ प्रतिशत आरक्षण गर्ने व्यवस्था गरिएको छ । स्थानीय निकायहरूमा ४० प्रतिशत महिला सहभागिताको व्यवस्था गरिएको छ । त्यसैगरेर जाति, जनजाति, आदिवासी, मधेसी, थारू, दलितलगायतका पछाडि परेका, पारिएका समुदायहरूलाई अगाडि ल्याउनका लागि ४५ प्रतिशत आरक्षणको व्यवस्था गरिएको छ, जहाँ भनिएका बाहेक अरूले प्रतिस्पर्धा गर्न पाउँदैन । त्यही समुदायले मात्र प्रतिस्पर्धा गर्न पाउँछ । ५५ प्रतिशतमा चाहिँ खुल्ला प्रतिस्पर्धा गर्न पाउनेछ । त्यसमा ४५ प्रतिशत आरक्षित भएको समुदायले पनि प्रतिस्पर्धा गर्न पाउनेछ । दुनियाको कुनै पनि संविधानमा अहिलेसम्म ३३ प्रतिशत महिलाका लागि आरक्षणको व्यवस्था छैन । ४५ प्रतिशत पछाडि परेका जाति, जनजाति, थारू, मधेसी भनेर आरक्षण गरिने व्यवस्था संसारको कुनै संविधानमा छैन । यहीँको संविधानमा छ । यहाँ विशेष प्रकारका व्यवस्थाहरू यस ढङ्गले गरिएका छन् । प्रदेशबाट केन्द्रमा जाने ८ जनामध्ये ३ जना अनिवार्यरूपमा महिला हुनुपर्दछ, १ जना दलित हुनैपर्दछ, १ जना शारीरिकरूपमा अपाङ्ग, अशक्त हुनैपर्दछ । यसरी ८ जनामध्ये ५ जना आरक्षित अवस्थामा जान्छन्, तीन जनामात्रै फरक ढङ्गले प्रतिस्पर्धाबाट जान्छन् । यसको अर्थ पछाडि परेको समुदायलाई, देशको पछाडि परेको जनताको हिस्सालाई अगाडि बढाउनका निम्ति संविधानले विशेष प्रबन्ध, विशेष व्यवस्थाहरू गरेको छ । नागरिकताको हकमा कुनै प्रकारको विभेद छैन, बिहे गरेर ल्याइएका बुहारीहरूले, विदेशबाट ल्याइएका बुहारीहरूले नागरिकता प्राप्त गर्न सक्दैनन् भन्ने एउटा भ्रम फिँजाइएको छ, तर त्यो सत्य होइन । बिहे गरेर ल्याइएका बुहारीहरूलाई हामीले नागकिता दिइरहेकै छौँ । केही मान्छेहरू बुहारीलाई नागरिकता दिइन्छ भने बिहे गरेर छोरी पठाएपछि ज्वाइँलाई पनि नागरिकता दिएर पठाउनुपर्छ भन्ने ठान्छन् । कुनै देशमा यस्तो चलन हुन्छ र ? हामी बुहारीलाई बिहे गरेपछि परिवारको सदस्य मान्छौँ । परिवारमा, सम्पत्तिमा उनको हकअधिकार हुन्छ । ती सबै कुरा उपलब्ध गराउनका लागि उनलाई माइती देशको नागरिकता परित्याग गराउने र नेपालको नागरिकताका लागि आवेदन गरेपछि तत्काल नागरिकता पाउने कुराको संवैधानिक व्यवस्था छ । त्यसकारण संविधानमा कुनै भेदभाव छ भन्ने कुरा होइन ।

अहिले तथाकथित आन्दोलनको नाममा तराईमा जे भइरहेको छ, तराईका जनताप्रति, मधेसका जनताप्रति अत्यन्तै ठूलो बेइमानी भएको छ । तराईमा खासगरी जुन क्षेत्रमा आन्दोलनका चर्चाहरू चलिरहेका छन्, ती क्षेत्रमा त्यहाँका सामन्तहरूले त्यहाँका गरिबहरूलाई, त्यहाँका दलितहरूलाई माथि उठ्न अहिले पनि दिएका छैनन् । अहिले पनि दलित या पछाडि परेको समुदाय, त्यसलाई जातको आधारमा प्रतिनिधित्व गर्नबाट पछाडि पारिएको छ, अन्यत्र सबैमा भएजस्तै तराईको प्रतिनिधित्व गर्न उनीहरूले पाएका छैनन् किनभने त्यहाँका सामन्त, जमिन्दार र माथिल्लो जातका मान्छेहरूले नै सबै प्रतिनिधित्वका ठाउँहरू लिनुपर्ने त्यहाँका तथाकथित नेताहरूको भनाइ छ । स्कूल बन्द गरिदिएर गरिबका छोराछोरीको पढाइ चौपट गरिदिएका छन् । ती नेताका छोराछोरीचाहिँ दिल्ली, बनारस, पटना, बैँगलोरमा पढ्छन् । जनताका छोराछोरी पढ्ने गाउँका स्कूलचाहिँ बन्द गरिदिएका छन् । आफ्ना छोराछोरी देहरादून पठाउने, गरिबका छोराछोरी पढ्ने स्कूल बन्द गरिदिने ?

संविधानमा केहीकेही कुराहरू लोकतन्त्रतर्फ जाने हाम्रो सङ्कल्पको कारणले, केही पूर्णरूपले लोकतान्त्रिक मूल्य र मान्यताभन्दा विशेष प्रबन्धहरू पनि गरिएका छन् । यदि कसैलाई लाग्छ केही कुरा भने, कुनै कुरामा कुनै असन्तुष्टि छ भने त्यस असन्तुष्टिलाई छलफलमा बसेर, कुराकानी गरेर त्यसबाट सच्याउन सकिने जति कुरा सच्याउन सकिनेछ । संविधान भनेको अपरिवर्तनीय दस्तावेज होइन, संविधान परिवर्तनीय दस्तावेज हो । यसलाई संशोधन गर्न सकिने छ । कुनै मागहरू केही छन् भने कुरा गर्न सकिन्छ । म यहाँहरूलाई भन्न चाहन्छु - बिनासित्ति, अनावश्यक ढङ्गले, अनुचित ढङ्गले जनतालाई भड्काएर, खल्बल्याएर, भ्रम फिँजाएर, अल्मल्याएर, जातीय, साम्प्रदायिक नारा दिएर, जनताको बीचमा मारकाट मच्चाएर अशान्ति मच्चाउने जुन काम हुन्छ, त्यसमा कोही पनि लाग्नु हुँदैन ।

यो संविधानले कुनै प्रकारको विभेद र अन्याय नेपाली जनताको विरुद्ध गर्ने छैन । यो जनताले आफूले बनाएको हो, यो राजा, महाराजाले दिएको संविधान होइन । कसले गर्छ भेदभाव ? भेदभावको प्रश्न होइन, तराईबाट संविधान बनाउने पक्षमा रहेका १ सय १६ मध्ये १ सय ५ जनाले संविधानको पक्षमा मतदान गरेका छन् । तराईका प्रतिनिधिहरू पनि सबैले संविधानको पक्षमै मतदान गरेका छन् । मात्र ११ जना बाहिर गएका छन् । त्यो ११ जनामध्ये

पनि संविधान बनाउने कुरामा आफूले सही गर्न नपाएको, संविधान बनाउँदा आफूले मतदान गर्न नपाएको, पार्टीको निर्णयका कारण आफू अल्झिनुपरेकोमा कतिपय सभासद् दुःखी छन् । त्यसकारण म सबै दाजुभाइ, दिदीबहिनीहरूलाई आग्रह गर्न चाहन्छु - कुनै प्रकारको भ्रममा नपरौँ, भ्रमबाट मुक्त होऔँ । अब हाम्रो राजनीतिक आन्दोलनको मुख्य अवधि समाप्त भएको छ, जनताले प्राप्त गरेका अधिकारहरूलाई संस्थागत गरेका छौँ, सुनिश्चित गरेका छौँ, अब आर्थिक उन्नतितर्फ लाग्छौँ ।

यो सरकार कुरामात्र गर्ने होइन, यसले काम गर्ने, देशलाई अगाडि बढाउने, जनताका समस्या सम्बोधन गर्ने नीति लिएको छ । अहिले तपाईंहरूले सुन्नुभएको छ, मधेसका समस्याको सम्बोधन हुनुपर्छ भनेर । तपाईंहरूले केही बुझ्नुभएको छ, मधेसको समस्या के हो ? केलाई सम्बोधन गर्ने हो ? त्यतिकै निहुँ खोजिएको छ । नचाहिने कुरामा भ्रम फिँजाइएको स्थिति छ । सम्बोधन गर्ने कुरा भनेको बास नपाएको जनतालाई बास दिने कुरा हो । यो सरकारले त्यस कुरालाई सम्बोधन गर्छ । कसैले खान पाएको छैन भने जनता खान नपाएर भोकै नमरून् भन्दै त्यसको सम्बोधन यो सरकारले गर्छ । कोही पनि बालबालिका पढ्नबाट वञ्चित नहोस्, त्यसको व्यवस्था यो सरकारले गर्छ । जहाँ उद्योगधन्दा खोल्ने, कृषिको आधुनिकीकरण गर्ने, व्यापार व्यवसाय बढाउने काम सरकारले गर्छ, खुट्टा तान्ने, काम गर्न नदिने, आन्दोलन र क्रान्तिका नाममा केही पनि हुन नदिएर वातावरण बिगार्ने र बिथोल्ने कुराहरू भइरहेका छन् । यस कुरामा होसियार रहन म दाजुभाइ, दिदीबहिनीहरूलाई आग्रह गर्न चाहन्छु ।

नेकपा (एमाले) मेचीदेखि महाकालीसम्मका सबै जाति, हिमाल, पहाड तराई सबै ठाउँका, सबै पेसा व्यवसायका जनताको साझा पार्टी हो । तपाईंहरूको नेतृत्व एमालेले गर्छ । तसर्थ म आग्रह गर्न चाहन्छु, कुनै भ्रममा नपरौँ । अलिकति समस्या भएको छ, समस्या हुने नै भयो, अझै नेकपा (एमाले) को तर्फबाट म यहाँहरूसँग भन्न चाहन्छु, एमालेले पर्याप्त काम गर्न सकेन, चित्त बुझाउन सकेन, गर्नुपर्ने काम गर्न सकेन, काम गऱ्यो भने पनि अलिक पूरा गर्न सकेन । म यहाँहरूसँग आग्रह गर्न चाहन्छु, संविधान बनाउने अगुवाइ एमालेले गऱ्यो । एमाले यस देशका बहादुर पुर्खाका उत्तराधिकारी हो । नेकपा (एमाले) यस देशका विद्वान् पुर्खाको उत्तराधिकारी हो । नेकपा (एमाले) यस देशका मेहनती जनताको प्रतिनिधि हो । नेकपा (एमाले) यस देशको चेतना, सङ्गठन

र सङ्घर्षको संवाहक हो । नेकपा (एमाले) नै यस देशको निर्माणको अगुवाइ गर्ने नेता हो । म आग्रह गर्न चाहन्छु, यो कुरा नेकपा (एमाले) का कार्यकर्ता साथीहरूले गाउँघरमा गएर सम्पूर्ण दाजुभाइ, दिदीबहिनीहरूलाई, सबै भाषा, जाति, धर्म, संस्कृतिका दाजुभाइ, दिदीबहिनीहरूलाई, जुनसुकै पेसा, व्यवसाय गर्ने दाजुभाइ, दिदीबहिनीहरूलाई सम्झाउनुपर्दछ, बुझाउनुपर्दछ ।

तपाईं हामीले देख्वेका छौं, अफ्रिकामा एउटा रुवान्डा भन्ने देश छ, त्यहाँ हुतु र तुत्सी भन्ने दुइटा जातको लडाइँ चलिरहेछ । त्यो पनि उनीहरूले लड्न खोजेर होइन, अरूहरूले लडाइदिए । तपाईंहरू कतिपयले हेर्नुभएको छ, छैन भाले जुधाइ भन्ने एउटा खेल हुन्छ । ती भालेहरू लड्न खोजेका होइनन्, एउटाले अर्कै गाउँबाट भाले ल्याउँछ, अर्कोले अर्कै गाउँबाट भाले ल्याउँछ, न कहिले देख्वेको नजानेको ती दुइटा भालेलाई लडाइदिन्छन्, सर्वनाश हुन्छ । दुइटै घाइते हुन्छन् । रुवान्डा त्यस्तै भयो । बाहिर बाहिरकाले हतियार लिएर आए । रूवान्डाका गरिब जनता; गज्जी फाटेको छ, कट्टु फाटेको छ, तर ज्यादै महँगो, दशौं लाख, बीसौं लाख पर्ने हतियार बोकेको छ, गोलीको माला भिरेको छ । छिमेकीलाई मारेको छ । त्यसरी मान्छे सन्काइदिएर तीन महिनाभित्र दश लाख मान्छे मरे त्यहाँ । किन मरे ? के पाए त्यसबाट ? मान्छे गाड्ने, दफनाउने सम्भावना पनि भएन, दश लाख मान्छे ! विचार गर्नुहोस् एउटा सानो देशमा दश लाख मान्छे ३ महिनाभित्र मर्छ भने कस्तो हालत होला ? मरेको विदेशी होइन, विदेशीले आएर मारेको पनि होइन, आपसमा लडाइँ लडेर मरेका । कैलालीको टीकापुरबाट यस्तै कुराको सुरुवात गर्न खोजिएको थियो । कैलालीवासी दाजुभाइ दिदीबहिनीहरूलाई म समझदारीका लागि सलाम गर्न चाहन्छु, तपाईंहरूले त्यसलाई पराजित गर्नुभएको छ । एकतालाई बल दिनुभएको छ । एकतालाई अगाडि बढाउनुभएको छ । तपाईंहरूको एकता कायम रहनुपर्छ, कायम रहोस् । नेपाल रुवान्डा बन्न सक्दैन ।

नेपाल भनेको म मात्रै हुँ, मेरो जात मात्रै हो भन्ने ठान्नु भनेको अत्यन्तै त्रुटिपूर्ण कुरा हो । हामीले देशलाई समग्रतामा बुझ्नुपर्दछ । म यहाँहरूलाई भन्न चाहन्छु - अहिले नेपालले संविधान जारी भएपछि पनि जुन समस्याहरू भोगिरहेको छ, यी समस्याहरू अस्थायी हुन् । यो देश सार्वभौमसत्ता सम्पन्न देश हो । यसको सार्वभौमसत्तालाई सबैले मान्नुपर्दछ । सम्पूर्णले सम्मान गर्नुपर्दछ भन्ने

कुरा नेपाली जनताले एकमुष्ठ सन्देश दुनियालाई दिइसकेको छ । त्यसकारण अब समस्या समाधान हुँदै जान्छ । यो कुरा बताउन जरुरी थियो दुनियालाई नेपाल एउटा सार्वभौमसत्तासम्पन्न राष्ट्र हो, यो त्यसैगरी स्वाधीन भएरै चल्छ । यो आफ्नो भौगोलिक अखण्डतालाई तलमाथि पर्न दिँदैन । राष्ट्रिय हितलाई तलमाथि पर्न दिँदैन । राष्ट्रिय स्वाभिमानलाई निहुरन दिँदैन । यो कुरा हामीले दुनियालाई भन्नु थियो । हामीले बताएका छौँ, दुनियाले बुझेको छ । आज दुनिया हाम्रै साथमा छ । दुनियाले हाम्रो संविधानलाई असाधारण लोकतान्त्रिक संविधान भनेर प्रशंसा गरेको छ । संयुक्त राष्ट्रसङ्घलगायत सबैबाट अत्यन्त प्रशंसित भएको छ हाम्रो संविधान । नेपालीहरूले गर्व गर्नुपर्दछ, संविधान बन्न नदिने, नेपाललाई अघि बढ्न नदिने अनेक प्रकारका प्रयासहरूलाई असफल पार्दै जनताको सुझबुझ र एकताका साथ नेपाललाई अगाडि बढाउने काममा नेपाली जनताले ठूलो साहस र दृढता देखाएको छ । म प्रशंसा गर्न चाहन्छु । यस क्षेत्रको विकासका लागि, यहाँका समस्याको समाधानका लागि जे गर्नुपर्छ, ती कामहरू सरकारको तर्फबाट गरिनेछ । तैपनि हामी वार्ता गरिरहेका छौँ । वार्ताबाट समस्याको समाधान हुन्छ होला, होइन भने यो देश अब कानुनको राजका हिसाबले संविधानसम्मत ढङ्गले कानुन कार्यान्वयन गर्दै अगाडि बढ्छ । कानुन हातमा लिने, शान्ति खल्बल्याउने, हिंसा मच्चाउने, देशद्रोही कुरा गर्ने, विखण्डनका कुरा गर्ने अधिकार कसैलाई छैन, त्यस्ता कुराहरूलाई अब सरकारले नियन्त्रण गरेर अगाडि बढ्छ ।

अब हाम्रा अगाडिका समस्याहरू समाधान हुँदै जानेछन् । हामीले पुनर्निर्माण प्राधिकरण गठन गर्नेछौँ । पुनर्निर्माणसम्बन्धी विधेयक आइसकेको छ । संविधान संशोधन स्वासै अर्थपूर्ण कुरा होइन, तर पनि संविधान संशोधन गरिदिएमात्रै पनि समस्या समाधान हुन्छ भन्ने कुरा आइराखेको छ । त्यसकारण देशलाई नोक्सान नपर्ने गरी संविधान संशोधन गर्दा केही बिग्रिँदैन । त्यसैकारण हामी संविधान संशोधन पनि गर्दैछौँ । धेरै अर्थपूर्ण कुरा होइन, तर पनि गर्छौँ । त्यसबाट देशलाई घाटा होइन, त्यसले देशलाई फाइदै पुग्छ ।

अब नेपाल नयाँ चरणमा प्रवेश गरेको छ । नेपाल एकताको चरणमा प्रवेश गरेको छ । नेपाल विकासको चरणमा प्रवेश गरेको छ । हामीले केही घोषणाहरू गरेका छौँ सरकारको तर्फबाट, ती कामहरू हामी गर्दै अघि बढ्नेछौँ । विकासका

हरेक क्षेत्रहरूलाई कसरी अगाडि बढाउने ? ती कामहरू हामी गर्दै जानेछौँ । हामी सबैको एकताबद्ध प्रयासले नै नेपाललाई अगाडि बढाउनेछ । म विश्वास गर्छु - सुदूरपश्चिमका जनताबाट भएको यस प्रकारको एकताले हामी देशभरका सबैलाई एकताबद्ध भएर अगाडि बढ्न घच्घच्याउने छ ।

(२०७२ पुस ३ गते नेकपा (एमाले) कैलालीद्वारा अत्तरियामा आयोजित जनसभाको सम्बोधन)

१९

यो माघीले राष्ट्रिय एकताको सन्देश दिनुपर्छ

यस कार्यक्रमका अध्यक्ष महोदय, पूर्व सांसदज्यूहरू र विभिन्न सङ्घसंस्थाहरू खासगरी थारू समुदायसँग सम्बन्धित सङ्घसंस्थाहरूबाट आउनुभएका अगुवा साथीहरू, सम्पूर्ण अतिथि महानुभावहरू र यस उल्लासमय चाडलाई आत्मसात गर्न र यसलाई मनाउन यहाँ उपस्थित हुनुभएका सम्पूर्ण थारू दाजुभाइ, दिदीबहिनीहरू, नेपाल सरकारको तर्फबाट र मेरो आफ्नो तर्फबाट पनि माघीको यस अवसरमा हार्दिक शुभकामना भन्न चाहन्छु । सबैमा धेरैधेरै शुभकामना ! साथै, यहाँहरूमार्फत यस कार्यक्रममा सहभागी नहुनुभए तापनि देशभरिका र विदेशमा समेत पुगेका हाम्रा सम्पूर्ण थारू दाजुभाइ, दिदीबहिनीहरूलाई शुभकामना भन्न चाहन्छु । त्यसैगरी सबै नेपाली दाजुभाइ, दिदीबहिनीहरूलाई पनि माघीको शुभकामना भन्न चाहन्छु ।

यो माघी अथवा माघे सङ्क्रान्ति सबै नेपालीको चाड हो । विभिन्न ढङ्गले सबै नेपालीहरूले यसलाई मनाउने गरेका छन् । परिकारको केही थोरै भिन्नता होला । तरिकाको केही थोरै भिन्नता होला, तर हाम्रो संस्कृतिमा मकर सङ्क्रान्ति वा माघे सङ्क्रान्तिलाई साधारणतया मौसम गर्मीतर्फ लाग्ने समय-क्रमका रूपमा लिइन्छ । थुप्रै ठाउँहरूमा, थुप्रै देशहरूमा यस अवसरलाई नयाँ वर्षको रूपमा मानिन्छ र अरू समाजले पनि यसलाई आफ्नो नयाँ वर्षको रूपमा मनाउँछन् । थारू समुदायको यो सबभन्दा महत्वपूर्ण चाडको रूपमा रहेको छ । यस अवसरमा तपाईंहरू सबैमा म फेरि पनि खुसीयाली साट्नका निम्ति, शुभकामना साट्नका निम्ति र सबैमा शुभेच्छा व्यक्त गर्नका निम्ति यस अवसरलाई प्रयोग गर्न चाहन्छु ।

मान्छेमा अलिकति भ्रम पनि छ । जाडोले मान्छे कठ्याङ्ग्रिएका छन्, तर सरकार कानमा तेल हालेर बसेको छ भन्ने भर्स्वरभर्स्वर पनि सुनेको सुन्यै छौं हामी । सरकारले कानमा तेल हालेको छैन । सरकार भर्स्वरभर्स्वर बन्यो । यसले आफूले गर्नुपर्ने काम स्लिपिङ ब्यागदेखि लिएर सबै कुराहरू कसरी पुऱ्याउन सकिन्छ, ती कुराहरू तदारुकताका साथ पुऱ्याउन कोसिस गरेको छ । पुनर्निर्माणका लागि कानुन थिएन, त्यो कानुन अहिले बनेको छ । पुनःनिर्माण प्राधिकरण थिएन, त्यो बनेको छ । गृह मन्त्रालयमार्फत तीन दिन अगाडिमात्र मैले विभिन्न ठाउँहरूमा तत्काल गएर अवस्था बुझ्न, त्यहाँ के गर्नुपर्छ भनेर जानकारी लिन र ती ठाउँहरूमा सहयोग पुऱ्याउन बहुतै स्पष्ट आदेश दिएको छु । यहाँहरूलाई बताऊँ - भूकम्पबाट क्षति भएका ठाउँहरूको पुनर्निर्माणका लागि भोलि माघ २ गतेबाट हामी राष्ट्रिय पुनर्निर्माणको एउटा महाअभियान सुरु गर्दैछौं । भोलि ११.४५ बजे रानीपोखरीबाट सम्माननीय राष्ट्रपतिज्यूले त्यस राष्ट्रव्यापी महाअभियानको सुरुआत गर्नुहुनेछ, जहाँ नेताहरू, सबै क्षेत्रका विशिष्ट व्यक्तिहरूको उपस्थिति हुनेछ । हामीले योजना बनाएका छौं, हामीले समितिहरू बनाएका छौं र कामलाई अगाडि बढाएका छौं । माघ ५ गतेबाट देशका विभिन्न ठाउँबाट अर्को चरणमा फेरि न्याना कपडाहरू, ज्याकेटहरू, स्लिपिङ ब्यागहरू, कम्बलहरू वितरण गर्ने पनि हामीले कार्यक्रम राखेका छौं । सरकारले मात्र नसकेका ठाउँमा बाह्य संस्थाहरूलाई पनि आग्रह गरेर हामीले सामान वितरण गर्नेछौं । पर्सि आइतवार पनि केही सामानहरू आउँदैछन् र हामी तिनलाई वितरण गर्दैछौं ।

हाम्रो देश गरिब छ, नाकाबन्दीले भन्सार चलेका छैनन्, राजस्व उठेको छैन । पेट्रोल डिजलको अभावमा सामानहरू पुऱ्याउन सजिलो छैन । हिमाली भेग चुरेभावर जस्तो वा तराई जस्तो सजिलो छैन, हिमाली भेग एउटा गाविसबाट अर्को गाविसमा जान १ हप्ता लाग्छ । एउटा वडाबाट अर्कोमा पुग्न कतिपय ठाउँहरूमा केही दिन लाग्छ । त्यहाँ बाटो छैन । त्यस्ता ठाउँहरूमा हामी पुगेका छौं र जनतालाई सक्दो सहयोग पुऱ्याउने कोसिस गरेका छौं ।

आज हामी माघे सङ्क्रान्ति मनाइरहेका छौं, घिउ चाकु, तरुल अथवा खिचडी आफ्नो ढङ्गले प्रचलनअनुसारका परिकारहरू खाइरहेका छौं तर मलाई चिन्ता छ - मेरो देशका दाजुभाइ, दिदीबहिनीहरूलाई अहिले पनि चिसोमा कठ्याङ्ग्रिएर अप्ठ्रोमा बाँचिरहनु परेको छ । मैले त्यहाँ स्वास्थ्य सामग्रीहरू

पठाएको छु, त्यहाँ राहतका सामग्रीहरू पठाएको छु । त्यहाँ न्याना कपडाहरू पठाएको छु । अहिलेसम्ममा हामीले लगभग ६ अर्ब रुपैयाँ न्याना कपडाका लागि बाँडेका छौं । त्यसकारण साथीहरूलाई यो भ्रम नहोस् कि सरकार कानमा तेल हालेर बसेको छ ।

तपाईं हामीलाई थाहा छ, हाम्रो देशको क्षमता कति छ, देशको अवस्था कस्तो छ भन्ने । दुर्गम पहाडी, हिमाली भेगसमेत हाम्रो देशमा छ । हामी अभावको बीचमा छौं, सम्पूर्ण जनता अभावको बीचमा छन् । अर्को पाटोमा भन्न चाहन्छु - जनता दुःखको अवस्थामा छन्, पीडाको अवस्थामा छन्, त्यसप्रति म अत्यन्तै गम्भीर छु । सरकार गम्भीर छ र हामी सक्दो प्रयास गरिरहेका छौं र छिट्टै नै यस दुःखको अवस्थाबाट पीडित जनतालाई माथि उठाउन अथवा मुक्त गर्न हामी चाहन्छौं ।

नेपाल जस्तो सुन्दर देश, नेपाल जस्तो समृद्ध देश गरिब छ । यहाँ टाठाबाठाले गरिखाए, सोझासीधा जनतालाई सदैव पछाडि पारे । म यहाँहरूलाई भन्न चाहन्छु - अहिले आएको यस प्रधानमन्त्रीले यो अवस्थामा जनतालाई पुऱ्याएको होइन । यो अवस्थामा यसभन्दा अगाडिका सरकारले पुऱ्याए, यो कुरा मैले धेरै ठाउँमा भन्ने गरेको छु । यही ढङ्गले अघि जान सक्दैन नेपाल । अब तीव्र विकासका साथ एक वर्षभित्र लोडसेडिङ समाप्त पार्छु । किन त्यसो भनिस् भनेर भन्नेहरू पनि छन्, तर मेरो ठम्याइ छ - अब यो कछुवा गतिमा नेपाल हिँड्न सक्दैन ।

मैले भन्ने गरेको छु, गाउँमा जन्मिएर हुर्केर आएको एउटा किसानको छोरो देशको प्रधानमन्त्रीको ठाउँमा छ भने मैले किसानका समस्या हेर्नुपर्छ, जनताका समस्या हेर्नुपर्छ । म सिंहदरबारमा फोटो झुन्ड्याउन गएको होइन, देशमा परिवर्तन गर्न गएको हुँ, विकास गर्न गएको हुँ । म काम गर्छु, कराउने कराउँदै गर्छन् । हामी फोहरमैलाबाट ग्याँस निकाल्छौं । उत्खनन गरेर ग्याँस निकाल्छौं । अन्यत्रबाट ग्याँसका पाइपलाइन ल्याउँछौं, जे सुकै गरेर भए पनि अहिलेको जमानामा चुलाचुलामा ग्याँस पुग्नुपर्छ । अलिकति समय लाग्छ तर हामी गर्छौं । बुद्धिजीवीहरूलाई थाहा होस्, कलमबाजहरूलाई थाहा होस् यहीं हाम्रो छिमेकको बङ्गलादेश, हाम्रोजस्तै देशमा चुलाचुलामा ग्याँसको पाइप पुगेको छ । विद्वान्हरूलाई थाहा छ कि छैन ? त्यही पाकिस्तानमा चुलाचुलामा पुगेको छ । हाम्रो यहाँ कठिनाइ छ, अब सबैले कठिनाइमा बानी पार्ने ? अब यसमा

बानी पर्ने होइन । अब हाम्रो देशका कुनै पनि जातजातिका जनता, भाषाभाषीका जनता, कुनै पनि ठाउँमा बस्ने जनता बेरोजगार र गरिब हुनुहुँदैन । अशिक्षित हुनुहुँदैन । स्वास्थ्य उपचार पाउन नसक्ने अवस्थामा हुनुहुँदैन । सरकारको काम विकासको योजनालाई अगाडि बढाउने हो । जनतालाई सुख सुविधा दिने हो । त्यो कामतिर अहिलेको सरकार लागेको छ । अब कसैलाई सुनेपछि डर लाग्छ । अब यो सरकारले त्यस्तै काम गरेपछि त बर्बादै भो । यो सरकारले त्यस्तै काम गर्नेछ । मैले भनेँ काठमाडौँमा इलेक्ट्रिक बसहरू चलाउने, कारहरू चलाउने । मान्छे हाँसे । दुनियाका अनेक शहरहरूमा अहिले इलेक्ट्रिक बसहरू चल्छन्, कारहरू चल्छन् । नेपालमा चाहिँ चल्न नहुने भन्ने छ र ? दिल्लीमा जानुभयो भने त्यहाँ मेट्रो रेल अथवा इलेक्ट्रिक रेल चलेको देखिन्छ अनि काठमाडौँमा चलाउन मिल्दैन ? काठमाडौँमा चलाउन मिल्छ र काठमाडौँमा केही समयभित्रै इलेक्ट्रिक रेलको काम सुरुआत गर्छु । काठमाडौँ, पोखरा, उत्तर दक्षिण बाटाहरू बन्छन्, बनाइन्छन् । नयाँ काम नगरेर के गर्ने त ? बालुवाटार र सिंहदरबार, सिंहदरबार र बालुवाटारमा गरेर म समय काटूँ ? त्यसो गर्ने होइन, काम गरेर देशलाई अगाडि लाने हो ।

एउटा धारणा छ, हामी ठगियौँ भनेर भन्ने । दुई दिनमा बाटो बनेन, उहाँलाई पिर छ । कुनै बहादुर छ, नेपालमा दुई दिनमा केही गरिहाल्ने, इलेक्ट्रिक रेल ल्याइहाल्ने ? छ भने भन्नुपर्‍यो, होइन भने मेरो योजना छ, त्यो योजना अगाडि बढ्छ । जनता निरास हुनु पर्दैन । सम्पूर्ण जनता अधिकारसम्पन्न छन् । यो जनताको शासन हो । यो लोकतान्त्रिक प्रणाली हो । यो कुनै राजा महाराजाको शासन होइन । चीन त्यत्रो ठूलो देश विकसित हुनसक्छ भने नेपाल विकसित हुनुहुँदैन ? अर्को देश विकसित हुनुहुने, नेपाल विकसित हुन नहुने पनि कहीँ हुन्छ ? अन्तका जनता गाडीमा कुद्ने, नेपाली जनता गाडीमा कुद्ने अवस्था आउनुहुँदैन ? गर्छु भन्यो भने केहीलाई रिस उठ्छ । अचम्म लाग्छ मलाई गर्छु भन्दा रिस उठ्ने मान्छेहरू देख्दा । गर्छु भन्न पनि नपाइने ?

संविधानले सबैलाई समानरूपमा अधिकार र अवसर दिएको छ, कसैमाथि विभेद गरेको छैन । थारू समुदायलाई अगाडि बढाउनका निम्ति सायद यो पहिलोपल्ट होला यो कार्यक्रम मनाउनका निम्ति सरकारका तर्फबाट ६ लाख रुपैयाँ दिएको । यो पर्याप्त होइन, यो यस कार्यक्रमका लागिमात्र हो । थारू जनताको विकासका लागि, उन्नतिका लागि, तिनका खेतहरूमा सिँचाइ पुर्‍याउन,

तिनको कृषिलाई आधुनिकतामा लान, तिनका ठाउँहरूमा उद्योगहरू खोल्न र तिनलाई रोजगारीका अवसर दिन, तिनका निम्ति शिक्षाका अनुकूल अवस्था उपलब्ध गराउनका लागि अहिलेको सरकारले काम गर्छ । पण्डितजीहरूले भन्ने गर्छन् नि - मङ्गलम् भगवान् विष्णु, मङ्गलम् गरुडध्वजः । यस्तोमात्र होइन, यो मङ्गलम् गरुडध्वजमात्र होइन, मङ्गलम् भगवान् विष्णुमात्र होइन, यो मङ्गलम् गर्ने उद्देश्यका साथ यो सरकार अगाडि बढेको छ । यसकारण म आग्रह गर्न चाहन्छु - हामी कठिनाइमा छौं, हामीकहाँ आपूर्तिको व्यवस्थामा बहुतै कठिनाइ छ । अहिले ग्याँस, पेट्रोल, डिजेल हामी पाइरहेका छैनौं । हामीले कसैको केही बिगारेका छैनौं । कसैको केही नोक्सान गरेका छैनौं तर पनि हामी कठिनाइमा छौं । तैपनि यो कठिनाइ अब धेरै लामो समय चल्दैन । यो कठिनाइ समाप्त हुन्छ । त्यसपछि हाम्रो विकासको रफ्तारलाई कसैले पनि रोक्न सक्दैन ।

अब पूर्व-पश्चिम राजमार्गलाई चौडा गरिन्छ । फास्ट ट्र्याकलाई छिटो बनाइन्छ, द्रुततामा साथ । मध्य-पहाडी लोकमार्गलाई अगाडि बढाइन्छ । अरू थुप्रै आयोजनाहरू अगाडि बढाइन्छ ।

यो आरोप-प्रत्यारोप लगाउने, ठूला कुरा गर्नेमात्र समय होइन, हामीले देशका निम्ति केही गर्नुछ । हाम्रो देश हामीले नै बनाउनुछ । हामी एकजुट भएर, एकताबद्ध भएर विकासको बाटोमा लाग्नुछ, आधुनिकताको बाटोमा लाग्नु छ, परिवर्तनको बाटोमा अगाडि बढ्नुछ । यस माघीले पनि हामीलाई यो एकताको सन्देश दिनुपर्छ ।

म सुन्दैछु, थारू समुदायको अर्को समूहले अर्कातिर अर्कै कार्यक्रम गर्दैछ । चाहिएको छ राष्ट्रिय एकता, यस्तो महान् सांस्कृतिक पर्वमा पनि फेरि अलिकति राजनीति गर्ने, फेरि अर्को भान्छा अर्कोतिर बसाउने ? थारू समुदायको प्रचलनअनुसार एउटा परिवार पनि संयुक्त परिवार हुन्छ, ठूलो परिवार हुन्छ । यो देशमा सबभन्दा ठूलो परिवार कसैको हुन्छ, सबभन्दा ठूलो भान्छा कसैको हुन्छ, संयुक्त परिवार कसैको हुन्छ भने थारू समुदायको हुन्छ । यस्तो संस्कृतिबाट आएको थारू समुदायले परतिर अर्को चौको बसाल्नु, अर्को कार्यक्रम गर्नु कतिको सुहाउँदो कुरा होला ? यसमा म अरू केही भन्न चाहन्न । सबैमा मेरो शुभकामना छ । तापनि हामी सबैमा एकताको चेतना आउनुपर्छ ।

यो कुरा काट्ने समय होइन, काम गर्ने समय हो । खट्ने समय हो । यस चाडबाट हामीलाई अगाडि बढ्ने प्रेरणा मिलोस् । नेपालीहरूको एकता अमर रहनुपर्छ । हाम्रो विकासको चाहना, उन्नतिको चाहना अगाडि बढ्नुपर्छ । त्यसलाई साकाररूप दिनुपर्छ । म यहाँहरू सबैलाई माघीको सन्दर्भमा फेरि एकपल्ट शुभकामना भन्न चाहन्छु ।

(२०७२ माघ १ गते माघी महोत्सवका अवसरमा
काठमाडौँमा गर्नुभएको सम्बोधन)

२०

नेपाल प्रहरी खरो उत्रिएको छ

६० औँ प्रहरी दिवस - २०७२ का अवसरमा आयोजित कार्यक्रममा उपस्थित हुनुभएका महान्यायाधिवक्ताज्यू, मुख्य सचिवज्यू, सचिवज्यूहरू, प्रहरी महानिरीक्षक, नेपाली सेना, सशस्त्र प्रहरी, प्रहरी र निजामती क्षेत्रका अधिकृत महानुभावहरू, प्रहरी परिवारहरू, सम्पूर्ण तह र दर्जाका प्रहरी एवम् राष्ट्रसेवक मित्रहरू, अमर तथा वीर प्रहरीका परिवारका आदरणीय सदस्यज्यूहरू र कार्यक्रममा उपस्थित सम्पूर्ण दाजुभाइ, दिदीबहिनीहरू,

आज हामी नेपाल प्रहरी स्थापनाको ६० औँ वर्ष पूरा गरेको अवसरमा यहाँ उपस्थित भएका छौँ । यो बितेका ६० वर्षमा प्रहरीहरूले गरेको योगदान, देखाएको वीरता, पुऱ्याएको सेवा, अर्पण गरेको बलिदान सबैलाई अत्यन्तै गौरवका साथ, अत्यन्तै सम्मानका साथ स्मरण गर्ने बेला हो । यसक्रममा अमरत्व प्राप्त गर्ने र वीरगति प्राप्त गर्ने सम्पूर्ण प्रहरी अधिकृत एवम् जवानहरू सबैमा म हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहन्छु र सबैप्रति आदरसम्मान व्यक्त गर्न चाहन्छु । सम्पूर्ण अमर तथा वीर प्रहरी परिवार जनमा सम्मान व्यक्त गर्न चाहन्छु, उहाँहरूको दुःखमा सहभागिता जनाउन चाहन्छु ।

जनता ढुक्कले बाटोमा हिँड्छ, ढुक्कले बजारमा घुम्छ, राति ढुक्कले आरामको निद्रा सुत्छ, किनभने देशमा प्रहरी छ । प्रहरी भएको हुनाले प्रहरीले सुरक्षा गर्छ, त्यस विश्वासमा जनता निदाउँछ, जनता ढुक्कले आफ्नो पेसा, व्यवसाय, कारोबार सञ्चालन गर्छ । नेपाल प्रहरीले आफ्ना कामहरूमार्फत कानुनको पालना, कर्तव्यनिष्ठता, देश र जनताको सेवामा समर्पणभाव आफ्ना व्यवहारबाट देखाएको छ । यतिबेला, ६० वर्षको यस लामो सेवाका निम्ति र विगतका अझै कष्टकर समयहरू र कहिलेकहिले भएका विभिन्न प्रकारका

परिस्थितिका अनुचित अवस्थाहरूले पारेको अप्ठ्यारोको सामना प्रहरीले जसरी गर्दै आएको छ, त्यो अत्यन्तै प्रशंसनीय छ । यसक्रममा अपाङ्ग भएका, घाइते भएका, विभिन्न ढङ्गले क्षति ब्यहोर्नुपरेका प्रहरी अधिकृत र जवानहरूप्रति म सम्मान व्यक्त गर्न चाहन्छु र जो घाइते छन्, उनीहरूको शीघ्र स्वास्थ्यलाभको कामना पनि गर्दछु ।

नेपाल प्रहरी एउटा अनुशासित सङ्गठनको पर्यायको रूपमा रहिआएको छ । देशभित्रमात्र होइन, देशबाहिर पनि आफ्नो कर्तव्यपालना, अनुशासितपन, कामका लागि सदैव तत्पर रहने र अत्यन्तै निष्ठाका साथ काम गर्ने प्रवृत्ति नेपाल प्रहरीले व्यवहारमा प्रकट गरेको छ । यतिबेला म नेपाल प्रहरीको यस गौरवपूर्ण इतिहासको अत्यन्तै उच्च मूल्याङ्कन गर्न चाहन्छु र सम्मान गर्न चाहन्छु । प्रहरीहरूको काम, त्यसले यी क्षेत्रहरूमा पुऱ्याएको योगदानको फेरि पनि उच्च प्रशंसा गर्न चाहन्छु । चाहे दुनियाका विभिन्न ठाउँमा शान्ति स्थापना गर्ने प्रश्नमा होस्, चाहे देशभित्र अप्ठ्यारा परिस्थिति र स्थानहरूमा अग्रपङ्क्तिमा रहेर, साधनस्रोतको अभाव समेतको स्थितिमा जसरी घामपानी, भोक निद्रा नभनी नेपाल प्रहरीले सेवा पुऱ्याउने गरेको छ, त्यो अत्यन्तै स्मरणीय छ, प्रशंसनीय छ र म अपेक्षा गर्दछु, नेपाल प्रहरीले आफ्नो छवि, आफ्नो मर्यादालाई आगामी दिनमा अझ उन्नत ढङ्गले अगाडि बढाउनेछ । समाजमा शान्ति, सुव्यवस्थाको स्थिति कस्तो छ ? अपराध नियन्त्रण कस्तो छ ? दण्डहीनता छ कि अपराधकर्मीहरूले कानुनको कठघरामा उभिनु परेको छ ? त्यसका आधारमा समाजको, विकासको र व्यवस्थाको आकलन गरिन्छ । यस सम्बन्धमा नेपाल प्रहरी खरो उत्रिएको छ भन्ने मैले ठानेको छु । म के भन्न चाहन्छु भने नेपाल प्रहरीलाई वृत्ति विकासको निम्ति, दक्षता अभिवृद्धिका निम्ति, साधनस्रोत सम्भव भएसम्म उपलब्ध गराउनका निम्ति, यस संस्थाको प्रभावकारिता, दक्षता र मर्यादा अभिवृद्धिको निम्ति सरकारको तर्फबाट गरिने काम कुनै पनि कसर नराख्नीकन, कुनै कसर बाँकी नराख्नीकन नेपाल प्रहरीलाई अगाडि बढाउने काममा लागिनेछ भन्ने कुरा म विश्वास दिलाउन चाहन्छु ।

हामी सबैलाई थाहा छ, विभिन्न समयमा नेपाल प्रहरीले अत्यन्तै महत्वपूर्ण कामहरू गरेको छ । केही महिना अगाडि भूकम्पको सन्दर्भमा नेपाल प्रहरीले देखाएको जनताप्रतिको समर्पणभाव अत्यन्तै उच्च र प्रशंसनीय रहेको छ, म त्यसको अत्यन्तै सम्मानका साथ स्मरण गराउन चाहन्छु, प्रशंसा गर्न चाहन्छु

र कदर गर्न चाहन्छु । यसैगरी हामीले केही कार्यक्रमहरू भूकम्प भन्दापछि पनि आयोजना गर्‍यौं, ती कार्यक्रमहरूमा प्रहरीको भूमिका अत्यन्तै प्रशंसनीय र प्रभावकारी रह्यो । त्यसबाहेक सार्कको शिखर सम्मेलन आयोजना गर्‍यौं, त्यसमा रहेको नेपाल प्रहरीको भूमिका अत्यन्तै प्रशंसनीय रह्यो । कुनै खोट लगाउने ठाउँ नराखीकन नेपाल प्रहरीले अत्यन्त व्यवस्थित ढङ्गले सेवा उपलब्ध गरायो । यी सबै प्रसङ्गहरूमा र सन्दर्भहरूमा म यी ६० वर्षहरूमा नेपाल प्रहरीलाई आफ्ना पसिनाहरूले, विवेकले, बुद्धिले, मेहनतले अगाडि बढाउने र यहाँसम्म ल्याइपुर्‍याउने पूर्व महानिरीक्षकहरूलगायत सम्पूर्ण अधिकृत र सम्पूर्ण प्रहरी जवानहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । उहाँहरूको मेहनतले नै यी कामहरू भएका छन् ।

अहिले नेपाल प्रहरीमा पुरुष र महिला त्यत्तिकै सफलतापूर्वक अगाडि बढिरहनुभएको छ । नेपाल प्रहरी एउटा दृष्टान्त पनि बनेको छ, जेन्डर ब्यालेन्सको । जेन्डर ब्यालेन्समात्र होइन, कामको सफलतामा पनि नेपाल प्रहरीभित्रका महिला अधिकृत र जवानहरूले देखाएको उत्कृष्टता, प्रतिस्पर्धी क्षमता प्रशंसनीय छ, म सबैलाई धन्यवाद भन्न चाहन्छु । अघि भर्खरै पनि लाइफ टाइम अवार्ड प्राप्त गर्नुहुने पूर्व एआइजीले अलिकति विगतका तीता अनुभवहरूको पनि सन्दर्भ उठाउनुभयो । म के भन्न चाहन्छु भने नेपाल प्रहरी सङ्गठन देश, जनता र मानवजातिप्रति समर्पित, कानुनद्वारा निर्देशित, कर्तव्यबाट अभिप्रेरित सङ्गठन हो । यस सङ्गठनले आफ्ना कर्तव्यहरू, देश, जनता र मानवजातिप्रति आफ्नो निष्ठा र कानुनको परिधिमा रहेर बिनाबाह्य हस्तक्षेप सम्पूर्णरूपमा स्वतन्त्र ढङ्गले पूरा गर्दैआएको छ । प्रहरी सङ्गठनलाई अत्यन्तै जिम्मेवारीका साथ, भेदभाव, पक्षपात नगरीकन, कुनै प्रकारका अरू भावना नलिइकन, देश र जनताप्रतिको निष्ठाका साथ कानुनका अधीनमा रहेर स्वतन्त्रढङ्गले आफ्ना अधिकारको प्रयोग गर्दै काम गर्न म निर्देशन पनि दिन चाहन्छु । हस्तक्षेपबाट निर्देशित, सञ्चालित हुने होइन, कर्तव्य र कानुनबाट, उद्देश्यहरूबाट निर्देशित र सञ्चालित हुनुपर्दछ । यसको अर्थ मैले चेन अफ कमान्ड कायम हुनुपर्दैन भनेको होइन । माथिदेखि तलसम्म सकल दर्जामा चेन अफ कमान्ड, कानुनको राज, कानुनको शासन, कानुनको अग्राधिकार, देश र जनताप्रतिको कर्तव्यनिष्ठताजस्ता कुराहरूमा अडिग रहनु नै भनसुन, हस्तक्षेपजस्ता कुराहरूबाट मुक्त हुने आधार तयार हुनु हो । म निर्भीकताका साथ काम गर्न सबैलाई आग्रह गर्न चाहन्छु । अनुचित कार्य गर्न कसैले पनि

दबाब दिन मिल्दैन, सक्दैन र पाउँदैन । त्यो कुरा म राख्न चाहन्छु, तर जिम्मेवार भूमिकामा प्रहरी उत्रिनैपर्छ, जिम्मेवार प्रवृत्तिका साथ, भावनाका साथ लाग्नै पर्दछ, त्यतापट्टि म जोड दिन चाहन्छु ।

आज हामीले अमर प्रहरीका र वीर प्रहरीका परिवारजनलाई प्रशंसा, सम्मान गरेका छौँ, म उहाँहरूप्रति फेरि एकपल्ट समवेदना व्यक्त गर्न चाहन्छु । हामी एउटा परिवारको रूपमा, एक-अर्काका समस्याहरूलाई हेरेर, देखेर, बुझेर अगाडि जानेछौँ । अमर प्रहरीका परिवार जनलाई प्रहरी सङ्गठनले र नेपाल सरकारले पनि उहाँहरूका समस्यालाई आफ्नो समस्याको रूपमा बुझ्ने र समाधान गर्न कोसिस गर्नेछ ।

यो अत्यन्त गौरवको दिन हो । मैले अघि नै पनि भनेँ, यस गौरवमा हामी सबैले आफूलाई हिस्सेदारको रूपमा पाएका छौँ । मलाई यस कार्यक्रममा आएर यसरी आफ्ना विचार राख्ने मौका मिलेकोमा सन्तोष लागेको छ । म आयोजक नेपाल प्रहरीलाई धन्यवाद भन्न चाहन्छु ।

(२०७२ कार्तिक ३० गते ६०औँ प्रहरी दिवसका अवसरमा
प्रहरी प्रधान कार्यालय, नक्सालको सम्बोधन)

२१

पुनर्निर्माणको बाटो खुलेको छ

आज हामी पुनर्निर्माण परामर्श परिषदको पहिलो बैठक बस्दैछौँ । पुनर्निर्माण विधेयक पारित भइसकेको छ र हामीलाई काम अगाडि बढाउनका निम्ति कानुन प्राप्त भएको छ । कामहरू विभिन्न ढङ्गले अगाडि बढाउन सुरु गरिएको छ, यद्यपि धेरै साथीहरूले उठाउनुभएको चिन्ता, चासो, सरोकार जायज हो । अत्यन्तै ढिलो भएको छ । ढिलो हुनुका पछाडि थुप्रो कारणहरू छन् । यी हामीले देखेका पनि छौँ ।

२०७२ साल वैशाख १२ गते भूकम्पको पहिलो र सबभन्दा शक्तिशाली, सबभन्दा विनाशकारी झट्का गयो। त्यस यता १३ गते, २५ गते, २९ गते गर्दै विभिन्न झट्काहरू गए । अहिले पुस महिना सिद्धिनै लाग्यो । आज २९ गते भयो । भोलि एक दिनमात्रै छ । यति अन्तिममा पुग्दासम्म हाम्रो गति आवश्यकताअनुसार, अपेक्षाअनुसारको हुन नसकेको मात्र होइन, अलिक कमजोरै रह्यो । त्यसका पछाडि हाम्रा कानुनका जटिलताहरूलगायत अन्य धेरै जटिलताहरू पनि रहे । कतिपय कुराहरूमा अनावश्यक ढङ्गले समय खर्चने कामहरू पनि भए । अहिले हामी अलिकति अगाडि बढेका छौँ । पुनर्निर्माणमा व्यवस्थित ढङ्गले अगाडि बढ्नका लागि बल्ल बाटो खुलेको छ ।

पहिलो, ऐन बनिसकेको छ । दोस्रो, कार्यकारिणीको गठन भइसकेको छ । तेस्रो, निर्देशक समिति बनिसकेको छ र यसले बैठक गरेर काम अगाडि बढाइसकेको छ । कानुनको अभावमा, कानुन बन्न नसकिरहेको अवस्थामा योजना आयोगको तर्फबाट पनि कामहरू अगाडि बढाउन योजना आयोगलाईं हामीले मन्त्रिपरिषद्बाट केही जिम्माहरू दियौँ र योजना आयोगले केही तयारीहरू गऱ्यो । अब परामर्श समितिसमेत गठन भएर हामी अगाडि बढिसकेका छौँ । परामर्श समिति सबभन्दा

विस्तृत समिति हो । यसमा हाम्रो कानुनी व्यवस्थाअनुसार प्रधानमन्त्री यसको अध्यक्ष हुन्छ । प्रमुख विपक्षी दलको नेता यसमा उपाध्यक्ष हुन्छ । प्रधानमन्त्रीले तोकेका ६ जना मन्त्रीहरू सदस्य हुन्छन् । पूर्व प्रधानमन्त्रीहरू सबै सदस्य हुन्छन् । संसदमा उपस्थित दलका सबै प्रमुखहरू सदस्य हुन्छन् । भूकम्पबाट सबभन्दा प्रभावित १४ वटा जिल्लाहरू छन् । ती १४ जिल्लाबाट एक-एक जना सांसदहरू हामीले मनोनीत गर्छौं र ती सदस्य हुन्छन् । हामीले प्रधानमन्त्रीको कार्यालय, मन्त्रिपरिषद्समेतबाट प्रतिनिधिहरू लिन्छौं । यसरी बनेको समितिमा सामाजिक जीवनका विभिन्न क्षेत्रहरूबाट पनि, विज्ञहरूबाट पनि, सम्बन्धित पक्षहरूबाट पनि हामीले लिनेछौं । गैर-सरकारी संस्थाबाट पनि लिनेछौं । हामीसँग आज पनि विभिन्न संस्थाबाट, विभिन्न क्षेत्रबाट प्रतिनिधित्व रहेको छ ।

प्रारम्भिक काम भएको हुनाले साथीहरूले जुन कुरा उठाउनुभएको छ, यससम्बन्धमा तयारीका पक्ष जस्तो अघि पनि कुरा आयो, सबै एजेन्डाहरू पहिले नै बाँडिने, त्यससम्बन्धमा पहिले नै विचार विमर्श गरेर आउन पाउने अवस्था हुँदा राम्रो हुन्थ्यो तर हामीहरूको कामको चाप र छिटो गरिहाल्नुपर्ने जस्ता कुराहरूले अलिकति यसलाई व्यवस्थित गर्न नसकिएको हो । आगामी दिनमा यस्ता कुराहरू व्यवस्थित गरियुन् भनेर साथीहरूले सुझाव राख्नुभएको छ, ती सुझावहरू जायज छन् । यसलाई व्यवस्थित गरेर नै अगाडि लान जरुरी हुन्छ । त्यस्तो गर्दासम्मेरि हाम्रा बैठकहरू फलदायी पनि हुन्छन् र छिटा, छरिता पनि हुनसक्दछन् । पहिले नै राम्रो तयारी भयो भने छलफल भएर आउँदासम्मेरि मान्छेहरूले भन्ने कुराहरू पनि एकाध जे छ ट्वाक्क भन्न पाउने र त्यसलाई स्वीकार गर्ने, अस्वीकार गर्ने समितिले गर्नसक्ने अथवा त्यसलाई निष्कर्षमा तुरुन्त पुऱ्याउन सक्ने, ग्रहण गर्न वा नगर्न तत्काल निर्णय गर्न सहज पर्ने, विचार गर्नेलाई पनि सजिलो हुने, यस्ता कुराहरू राम्रो तयारी र गृहकार्य राम्रो भयो भने हुनसक्दछन् । यससम्बन्धी साथीहरूको सुझाव राम्रो छ । यस बैठकमा हामीले पत्रचाहिँ सबैलाई पठाएका छौं, तर नेपालको चलनअनुसार पत्रमात्र होइन कि फलो अप पनि राम्रो हुनुपर्दछ । फेरि फोन गर्नुपर्छ, बोलाउनुपर्छ, अनेक गर्नुपर्छ । यसमा अलिकति कमी भएको छ । पत्र पठाइएको छ, कहीँ फोन भयो, कहीँ भएन । मैले बिर्सिएछु भन्ने खालको स्थिति पनि छ । बिर्सिन्छ, अब बिर्सिनेलाई के उपाय छ ? सम्झाउने बाहेक केही उपाय छैन ।

परामर्श परिषदका अन्य कुराहरू लगभग पूरा भइसकेका छन् । एक जना विज्ञको पूर्ति गर्न बाँकी छ क्यारे, त्यसलाई हामी गर्नेछौँ । प्रधानमन्त्री यसको अध्यक्ष हुने कानुनी व्यवस्था रहेको छ । प्रमुख विपक्षी दलको नेता उपाध्यक्ष रहने व्यवस्था छ । मैले प्रधानमन्त्रीको हैसियतले केही दलका नेताहरूलाई समितिको सदस्यमा चयन गरेको छु । सबै पूर्व प्रधानमन्त्रीहरू यसको सदस्य हुनुहुन्छ र यसको सदस्यमा संसदमा उपस्थित दलका नेताहरू हुनुहुन्छ । पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत हुनुहुन्छ । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, नेपाल सरकारका मुख्य सचिव, प्रधान सेनापति, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरीका महानिरीक्षक, नेपाल राष्ट्र बैंकका गभर्नर र प्रधानमन्त्रीले तोकेका सरकारका सचिवहरू सदस्य रहनु हुनेछ । त्यसैगरी विश्वविद्यालय, गैर-सरकारी संस्था, नागरिक समाज, निजी क्षेत्रका विज्ञमध्येबाट प्रतिनिधित्व हुने गरी नेपाल सरकारले मनोनित गरेका कम्तीमा २ महिलासहितका सदस्य हुन्छन् । एकजना सचिव समितिका सदस्य सचिव रहने छन् । यसरी यो परामर्श परिषद्को गठन भएको छ । कानुनी व्यवस्थाअनुसार नै मन्त्रीहरूमध्येबाट मैले भीम रावलजी, टोपबहादुर रायमाझीजी, दीपक बोहराजी, शान्ता मानवीजी, रामकुमार सुब्बाजी र रामजनम चौधरीजीलाई तोकेको छु । अरू कुरामा कुनै समस्या छैन । १४ वटा जिल्लामध्ये केही जिल्लामा अहिले तोक्न नमिल्ने अवस्था छ, किनभने अलिकति कन्सल्टेसन पुगेन भनेर मैले स्वीकार गर्नुपर्छ । नेपाली काङ्ग्रेसको तर्फबाट परामर्श गरेपछि नै नामहरू दिनसक्ने खालको कुरा भएको छ । पछि परामर्श भएर नाम आएपछि अध्यक्षले नै सामेल गरिदिने गरी निर्णय गर्दा पनि हुन्छ । कुनै ठाउँमा विज्ञ पुगेको छैन भने पनि त्यसलाई पछि अध्यक्षले पूरा गर्नेगरी अथोरिटी दिए हुन्छ । यसलाई पूरा भएको मानौँ र कुनै नमिलेको भए पनि पछि मिलाऔँ भन्ने मेरो आग्रह छ । नमिलेको धेरै छैन किनभने वैधानिक व्यवस्था छ र त्यहीअनुसार हुने हो ।

हिमपात भइरहेको छ । हाम्रा दुर्गम भेगको जिन्दगी सधैँ कष्टकर छ, त्यसमाथि भूकम्पबाट भएको क्षतिको कारणले थप कष्ट थपेको छ । यसलाई हामीले तुरुन्तै पूरा गर्नुपर्नेछ । यसतर्फ हाम्रो समितिले प्राधिकरणलाई तीव्रताका साथ काम गर्न निर्देशित गर्नुपर्छ ।

पुनर्निर्माण प्राधिकरणलाई पर्याप्त अटोनोमी नहुने हो कि, काम गर्नका लागि यसलाई पर्याप्त अथोरिटी नरहने हो कि भनेर यसको नाम नै 'अथोरिटी' राखिएको छ । त्यसकारण यसमा कानुनी वा व्यावहारिक कुनै कदम आवश्यक पर्छ भने त्यस

आवश्यकताअनुसार काममा व्यवधान नपर्ने गरी अरू कुराहरू मिलाउन सकिन्छ । अहिलेको हाम्रो प्राथमिकता भनेको जनतालाई सेवा पुऱ्याउने हो । पुनर्निर्माणको कामलाई कसरी तीव्रतासाथ अगाडि बढाउन सकिन्छ भन्ने हो ।

राहत वितरणको काम र पुनर्निर्माणको काम अलिकति पृथक् ढङ्गले हामीले गरिरहेका छौँ । राहत वितरणको काममा गृह मन्त्रालयले स्थानीय प्रशासनहरूमार्फत तिनको समन्वयका साथ सरकारी निकायहरूलाई त्यसमा परिचालित गर्ने व्यवस्था रहेको छ । अन्तर्राष्ट्रिय गैर सरकारी संस्था वा गैर सरकारी संस्था पनि त्यसमार्फतबाट परिचालित हुने स्थिति रहेको छ भने पुनर्निर्माणका कामहरू यो प्राधिकरणमार्फत जाने कुरा रहेको छ । त्यसकारण यी दुइटा कुरालाई अब पुनर्निर्माणको कुरा गर्दा गृह मन्त्रालयले अथवा अर्को निकायले आलोचना पाउने अथवा राहत वितरणको अथवा अहिले तत्काल हेर्नुपर्ने कुराको सन्दर्भमा फेरि प्राधिकरणको कार्यक्षेत्र नै नभएको, पुनर्निर्माणको कार्य गर्नुपर्नेलाई राहत पुऱ्याएन भनेर आलोचना हुने, विरोध हुने टिप्पणी हुने पनि स्थिति छ । वास्तवमा त्यो स्थितिभन्दा हामीले यथार्थ स्थितिमा जानुपर्छ, त्यो राहत पुऱ्याउने कुरा गृहतर्फबाट र पुनर्निर्माणको काम प्राधिकरणको तर्फबाट हुने कुरा हो । प्राधिकरणको बैठक यद्यपि धेरै छिटोछिटो बस्दैन । हामीले कम्तीमा ६ महिनामा एकपटक भनेका छौँ तर हामी त्यो भन्दा बढी बस्छौँ किनभने हामीलाई काममा बढी चासो छ, बढी हतारो पनि छ र हामीले यस कामलाई सामान्य निर्देशन दिएर पुग्दैन । यसले अलि सघन ढङ्गले नै हेर्नुपर्छ । प्रस्तावहरू पनि परामर्श समितिमा ल्याउँछौँ र परामर्श समितिलाई जानकारी पनि गराउने र सामेल पनि गराउने कुरातर्फ अध्यक्षको हिसाबले मेरो ध्यान रहनेछ भन्ने कुरा म साथीहरूलाई बताउन चाहन्छु ।

अरू धेरै प्रस्तावहरू छैनन् । मलाई लाग्छ, अरू विभिन्न समयमा ब्रिफिङका लागि पनि साथीहरूलाई अलिकति दुःख दिन्छौँ । सुझावका लागि पनि हामी दुःख दिन्छौँ । हाम्रा सुझावहरू पनि महत्वपूर्ण हुनेछन् र ब्रिफिङ आवश्यक पनि हुन्छ, जसले हामीलाई कामलाई अगाडि बढाउन जोड दिन्छ । साथीहरू आज यसरी उपस्थित हुनुभयो, म धन्यवाद भन्न चाहन्छु ।

(२०७२ साल पुस २९ गते राष्ट्रिय पुनर्निर्माण परामर्श समितिको पहिलो बैठकको मन्तव्य)

२२

राष्ट्रिय हितअनुकूल अन्तर्राष्ट्रिय सम्बन्ध

सम्पूर्ण उपस्थित नेताज्यूहरू, माननीयज्यूहरू, दलको बैठक गर्न र परिस्थितिको बारेमा माननीयज्यूहरूलाई जानकारी गराउन पनि अलिक समय भ्याइरास्वेको स्थिति थिएन । परिस्थिति जटिल त छँदैछ, समय अगाडि बढिरहेकै छ फेरि । समयको नियम नै यही हो । हामी यस जटिल परिस्थितिमा पनि अगाडि बढिरहेका छौँ । यस जटिल परिस्थितिमा हामी अत्यन्तै ऐतिहासिक र महत्वपूर्ण अभिभारा बहन गर्ने दिशामा दृढताका साथ अगाडि बढिरहेका छौँ ।

अहिले विपक्षीहरूको र विपक्षी जस्तो नलाग्ने विपक्षीहरूको तीव्र आक्रमण हामीमाथि भएको छ । आक्रमण त्यत्तिकै भएको होइन । राम्रो काम गर्न खोज्दा लखन थापालाई पनि त मारिहालेका थिए नि होइन ? योगमायालाई हामफालेर मर्नुपर्नेमा पुऱ्याएका थिए । परिवर्तनका अग्रगामी कुरा गर्दा १९९७ सालमा चार जनालाई झुण्ड्याएकै थिए । आज झुण्ड्याउन सक्दैनन्, छेउमा बसेर गाली गर्छन्, सराप्छन्, धारे हात लगाउने काम गर्छन् । समय परिवर्तन भयो, इच्छा, आकाङ्क्षा, मनोवृत्ति, बानी, परिवर्तन भएको छैन । सामर्थ्य भिन्नै भयो, अब ती १९९७ सालमा जस्तो झुण्ड्याउन सक्ने अवस्थामा छैनन् तर मतिचाहिँ उस्तै छ । हमला गर्छन् । किन हमला गर्छन् भन्दा नेपालमा केही नयाँ हुँदैछ, परिवर्तन हुँदैछ, त्यसकारण हमला गर्छन् ।

टोलमा मान्छेले आगो ताप्छन्, जहाँ तापेको भए पनि फोटो छापिहाल्छन् । अझ यसपल्ट त भूकम्पले बर्बाद गरेको छ । उत्तरी भेगमा, हिमाली भेगमा जनतालाई साह्रै कष्ट भएको छ । अघिल्लो सरकारले ६ महिनासम्म केही पनि गरिदिएन । हामी आइसकेपछि पनि प्राधिकरण विधेयक पास हुन दिइएन । अहिले हामीले अनेक हिसाबले लिगमा ल्याउँदैछौँ सबै कुरालाई । माघ २

गतेबाट हामी पुनर्निर्माणको महाअभियान सुरु गर्दैछौँ । १९९० साल माघ २ गते भूकम्प गएको थियो । त्यसै दिनबाट हामी पुनर्निर्माणको महाअभियान सुरु गर्छौँ ।

अब हामीसँग कानुन छ, हामीसँग प्राधिकरण छ, त्यस प्राधिकरणलाई हामी पूर्णता दिएर सम्पूर्णरूपमा गतिशील बनाउँछौँ । हामीले सकेसम्म सहमतिका साथ अगाडि बढ्ने प्रयास गरेका छौँ । कति कुरामा विलम्ब भइरहँदा पनि, नराम्रो लाग्दालाग्दै पनि प्रतीक्षा गरेर, पर्खेर हामी सबैलाई अगाडि बढाउन खोजिरहेका छौँ । कतिपय कानुनी प्रावधान, प्रक्रियागत जटिलता, सामान्य अवस्थाबाहेक विशेष अवस्थाको कानुन पनि छैन, तत्काल गर्नुपर्ने कानुन पनि छैन, त्यस्तो अवस्थामा हामी छौँ, त्यसलाई परिवर्तन गरेर हामी तीव्रताका साथ अगाडि लान्छौँ ।

आपूर्ति व्यवस्था सहज बनाउने दिशामा हामी काम गर्दैछौँ । नेपाल भूपरिवेष्ठित हो तर एउटैमात्र देशवेष्ठित होइन । भूपरिवेष्ठित हो, हाम्रा दुईतिर छिमेकी छन् । एकातिर ट्रान्जिट ट्रिटी छ, अर्कोतिर ट्रिटीको कसैले वास्ता पनि गरेका छैनन् । यी सबै कुरामा नेपालमा हामी नयाँ ढङ्गले, साँच्चै सार्वभौमसत्ता सम्पन्न राष्ट्रको रूपमा, सार्वभौमसत्तासम्पन्न स्वतन्त्र राष्ट्रको हैसियतले यसले आफ्ना गतिविधि गर्ने अभ्यासको प्रारम्भ गरेको छ । कतिलाई मन पर्छ, कतिलाई मन पर्दैन, त्यो बेग्लै कुरा हो, तर हाम्रो देशको आवश्यकता यही हो । हाम्रो देशको आवश्यकताअनुसार, हाम्रो देशको हक हो त्यो । यो कसैको विरुद्धको कुरा होइन, हाम्रो देशको पक्षको कुरा हो ।

काठमाडौँमा इलेक्ट्रिक रेल अथवा मेट्रो रेल चलाउने कुरा हामीले अगाडि सारेका छौँ । त्यस्तो भन्न पाइन्छ ? भन्नेहरू पनि छन् । भन्न पाइने मात्र होइन, हामी त गर्न अगाडि बढिसकेका छौँ । अब यसको तयारी हुँदैछ । काठमाडौँका जनता रेल चढेर हिँड्छन् अब । अलिकति समय लाग्छ तयार हुन । हामी सार्वजनिक यातायातका साधन खासगरी बस, इलेक्ट्रिक बस सञ्चालन गर्ने, इलेक्ट्रिक कार सञ्चालन गर्ने व्यवस्थाका लागि तयारीमा लागेका छौँ । यहाँ फोहरमैलाको डुङ्गुर हुन्छ । नाक थुनेर हिँड्नुपर्ने अवस्था हुन्छ । त्यसबाट ग्याँस निकाल्ने, अरू वैकल्पिक ऊर्जा निकालेर त्यसलाई सम्पत्तिको रूपमा परिणत गर्ने काममा पनि हामी लागेका छौँ । त्यो काममा हामी लामो समय लगाउँदैनौँ, अब छिट्टै गर्छौँ । तातोपानीबाट बिजुली निकाल्छौँ । हाम्रो कुरा सुनेर

कोहीकोही छक्क पर्छन् । लुतो फाल्ने भनेको अँध्यारो फाल्ने पनि रहेछ भनेर छक्क पर्छन् मान्छेहरू । हामीसँग म्याग्दीमा तातोपानी छ । यहाँ सिन्धुपाल्चोकमा तातोपानी छ, अरू विभिन्न ठाउँमा छ । ग्याँसहरूको हामी अध्ययन गर्दैछौं, पेट्रोलियमको अध्ययन गर्दैछौं । हामी उत्खनन गरेर आफ्नै देशमा पेट्रोलियम उत्पादन गर्छौं । कतिलाई यो कुरा पनि राम्रो लाग्दैन । नेकपा (एमाले) ले ९ महिनामा राम्रो काम गऱ्यो । त्यसबेला जालझेल, षड्यन्त्र गरेर एमालेलाई धारे हात लगाएर हटाउनुपरेको नराम्रो काम गरेर होइन, राम्रै काम गरेकाले हटाइएको थियो । अहिले पनि त्यही एउटै धुन छ, एमालेको नेतृत्वको सरकार हटाउने ।

अहिलेको सबभन्दा ठूलो मुद्दा के छ भने ६ जना उप-प्रधानमन्त्री भए । टोपी निकालिदिएर उपप्रधानमन्त्रीको पगरी लगाइदिएको त हो । उप-प्रधानमन्त्रीले के नै खाने हुन् र ? दुई-दुई मानाको भात खान्छन् ? हेर्दाखेरि पगरी लगाइदिएका ६ जना उप-प्रधानमन्त्री । के गर्न लागेको छ देशमा, त्यतापट्टि ध्यान छैन । यो पाराले त सरकार ढल्दैन कि क्या हो भन्ने पिरमात्र छ । मुख्य कुरा देश बनाउने हो । बनेपादेखि नागढुङ्गासम्म रेल चल्छ । उता केरुङबाट गल्छी र पोखरा फर्स्ट लटमा हामी केही वर्षभित्र रेल चलाउँछौं । यता हामी उत्तरतिरका पासहरूलाई सिगात्सेबाट नजिकै पर्ने, हरेक मौसममा चल्ने किमाथान्काको पासलाई सुचारू गर्छौं । दुई वर्षभित्र केरुङ-गल्छी सडकलाई दुई लेनको पक्की बनाउँछौं । पेट्रोलियम पदार्थको स्टोरेज विकास गर्छौं । भुइँचालो गयो राहत, उद्धार पुऱ्याउने ठाउँमा न बाटो छ, न हेलिप्याड छ । अब एक छिनपछि सुरु हुने क्याबिनेटमा हामी निर्णय गर्दैछौं, नेपालको हरेक गाविसमा एउटा हेलिप्याड हुनेछ भनेर । धेरै ठूलो खर्चको कुरा होइन । त्यो दृष्टिकोणको कुरा हो । अभर पऱ्यो भने अभर पर्दाको निम्ति विदेशका हेलिकप्टर आए कि आएनन् भनेर कताबाट आउँछ भनेर हेर्नुपर्ने, हामी आफ्नै हेलिकप्टरको बन्दोबस्त किन नगर्ने ?

दुई चारजना राज्यमन्त्री थप्नुपऱ्यो भनेर माननीयहरूको लिस्ट हेर्ने । राज्यमन्त्री हुन नसक्ने कोही छैन, सबै राज्यमन्त्री हुन लायकै लायक छन् । कस्तो आपत् ! दुई जना थप्दा कोको हुन्छ, धेरै थप्न पनि मिलेन, सबै योग्य साथीहरू छन्, कसलाई बनाउने, कसलाई नबनाउने ? एमालेमा योग्य मान्छेहरूको त पल्टन नै छ, थोरै भइदिएको भए पो । यो एक जनाको पार्टी, एक जना दलको नेता, एक जना सचेतक, एक जना मन्त्री भएजस्तो त होइन । यसमा त बहुमतमा पुग्न अलिकति पाएको छैन, चुनावसम्म पर्खनु परेको छ

तर पनि यो एउटा हैसियतमा भएको पार्टी हो । यसमा धेरै साथीहरू हुनुहुन्छ । मिलाएर हामी अगाडि लान्छौँ । म हाम्रा कमरेडहरूलाई, माननीयहरूलाई आग्रह गर्न चाहन्छु - हामी डिमोरलाइज हुनुपर्ने कारण छैन, हामी अगाडि बढ्छौँ । अस्ति एक ठाउँमा तुइनले हात चेपिएर आँलाहरू बिग्रिएकी एउटी बच्ची भेटिइन् । मैले त्यहीँ भनेँ अब उप्रान्त तुइनले हात बिगार्ने, हात चेप्ने स्थिति हुनुहुन्न । त्यसलाई विस्थापित गरियो । अरू तुइनलाई हामी गर्दैछौँ । मैले भनेको छु, एकैचोटि सयौँ झोलुङ्गे पुलहरूको निर्माण सुरु गर्ने र तुइन हटाइहाल्ने कुरा । अब सोलार इनर्जी हामी सुरु गर्छौँ, जियोथर्मल हामी सुरु गर्छौँ, क्लिन इनर्जी हामी सुरु गर्छौँ र हाइड्रोपावरको सेक्टरमा लज्जाजनक कुरा होइन, मैले धेरै ठाउँमा भन्ने गरेको छु, नेपाल जस्तो ८३ हजार मेगावाट क्षमता भएको देशमा, दक्षिण एसियामै सबभन्दा अगाडि हाइड्रोपावर सुरु गरेको देशले १ सय ५ वर्षमा यथार्थमा तीन सय, सवा तीन सय, बाढीमा साढे तीन सय मेगावाट विद्युत उत्पादन गरेको छ । बाढी आएको बेला वर्षामा ७ सय ५० मेगावाटसम्म उपलब्ध छ । १ सय ५ वर्षदेखि जलस्रोतका गोष्ठी, सेमिनार यति भए, जलस्रोतकाबारे अध्ययन गर्न बाहिर कति गए, कति एक्स्पर्ट आए, कति के भए सबै हिसाबकिताब गर्ने हो भने कतिवटा आयोजना बन्नुपर्थ्यो ? हामी मुलुकलाई यस्तो अवस्थामा रहन दिँदैनौ । हाम्रो हावा, हाम्रो देशमा लागेको घाम, हाम्रो बारीपाखामा लागेको घाम, हाम्रो ठाउँमा आएको भूगर्भीय, भूतापीय क्षमता आदिलाई प्रयोग गरेर हामी एक वर्षभित्रमा एक हजार मेगावाट उत्पादन गर्न सक्छौँ, लोडसेडिङ हटाउन सकिन्छ, विद्युत्मा आत्मनिर्भर हुन अब ढिलो हुनुहुँदैन ।

हामीले विद्युत्मा पूराका पूरा फेरबदल गर्नुपर्छ र जमानाअनुसार चल्नुपर्छ । एउटा क्षेत्रमा मात्र होइन, सम्पूर्ण क्षेत्रमा आजको विज्ञान प्रविधिको प्रयोग गर्नुपर्छ, आइटीको जमानामा हामी प्रवेश गर्नुपर्छ । इ-गभर्नेन्समा प्रवेश गर्नुपर्छ । हामी अत्यन्त ठूला, ज्यादै महत्वपूर्ण, अग्रगामी र तीव्रताका साथ अगाडि बढ्ने खालका सोचहरू, मैत्री योजनाहरू लिएर अगाडि बढ्न खोजिरहेका छौँ ।

हाम्रो काँधमा विशेष अभिभारा छ । त्यो अभिभारा हिजो पनि हामीले सजिलैसँग पूरा गरेका थिएनौँ । राणाशासन ढल्दा वा ढाल्दा सजिलोसँग ढालिएको थियो र ? ढाल्ने अभिभारा त थियो, तर ढाल्न सजिलो थिएन । राजाको निरङ्कुशता फाल्न जरुरी थियो, फाल्न सजिलो थियो त ? हाम्रो

शक्तिलाई अगाडि बढाउन अत्यन्तै जरुरी थियो तर अगाडि बढाउन सजिलो थिएन तर हामीले अगाडि बढायौँ ।

जेन्टलमेन एग्रिमेन्टहरू भङ्ग भए । किन भए होलान् विचार गर्नोस् त? हामीले साथ दियौँ अरूलाई, अरूले हामीलाई साथदिने भनेका ठाउँमा साथ दिन्न भन्छ भने त्यो के को जेन्टलमेन एग्रिमेन्ट ? संविधान बनाउन संविधान सभामा नबसेका शक्तिहरू हामीलाई हराउनका निम्ति मखुण्डोसकुण्डो फुत्त फालेर कुद्दै हामीलाई हराउन उपस्थित भए । संविधान बनाउन नआउने, संविधान बनाउने बहसमा नउत्रिने, छोडेर हिँड्यौँ भन्ने, कसैले राजिनामा लेखेर पठाउने, ती नै मान्छे मखुण्डो फ्याँकेर हाम्रो विरुद्ध, हाम्रो सरकार बन्न नदिन, हाम्रो नेतृत्वमा सरकार बन्न नदिन अनेक गतिविधि गर्ने ? धेरै तमासा भयो, तपाईं हामीलाई थाहै छ । ती तमासाका बाबजुद, दुनियालाई थाहा छ, जगजाहेर छ, हामीले भनेको राष्ट्रपति, हामीले भनेको उप-राष्ट्रपति, हामीले भनेको सभामुख, हामीले भनेको उपसभामुख, हामीले भनेको प्रधानमन्त्री हामीले बनाएकै हो । यो कुनै लुकेको कुरा छ र ? नेकपा (एमाले) ले त्यसरी बनायो भनेपछि मान्छेहरूलाई पिर त पर्ने नै भयो । प्रचारको शैली देख्नुभयो । म एउटा पुल उद्घाटन गर्न गएँ अस्तिको दिन । १५ मिनेट उडाएपछि हेलिकप्टर खराब भयो, बिग्रियो । अर्को हेलिकप्टरले लिएर आयो । एउटा कार्यक्रममा दुई वटा हेलिकप्टर भनेर उधुम मच्चाइयो । जसरी हुन्छ विरोध गर्ने । हामीले सङ्कटमा के गऱ्यौँ, कसरी अगाडि बढ्यौँ, कसरी सामना गऱ्यौँ, त्यो नहेर्ने । त्यस विपरीत प्रचार गर्ने । यी कुराहरूसँग हामीले हरेस खानुपर्ने छैन, हामी दृढताका साथ अगाडि बढ्छौँ र दृढताका साथ अगाडि बढेर नै आगामी दिनमा जुन कुराहरू हामीले घोषणा गरेका छौँ, ती कामहरू हामी गर्दै जान्छौँ ।

अहिले खूब प्रचार छ, के.पी. ओलीले एक वर्षभित्र लोडसेडिङ हटाउँछु भनेको हेर्नोस् त ! बत्ती नै आउँदैन, लोडसेडिङ हटाउँछु रे !

त्यही भएर त लोडसेडिङ हटाउँछु भनेको, कस्तो थाहा नपाएको ? यही बत्ती नआउने भएको हुनाले, यही विद्युत् पर्याप्त उत्पादन नहुने भएकोले, लोडसेडिङ हुने भएको हुनाले एक वर्षभित्र हटाउँछु भनेको । केपी ओलीले लोडसेडिङ हुने बनाइदिएको त होइन नि !

नाकाबन्दी छँदैथियो हामी आउँदा । बीस दिन अगाडिदेखि नाकाबन्दी थियो । मधेसको आन्दोलन छँदै थियो । वार्ता सम्वाद हामीले जारी राख्वेका छौँ, कोसिस गरेका छौँ, मिलाउने कोसिस गरेका छौँ । म यहाँहरूलाई भन्न चाहन्छु, सबै कुराको आधार, निर्णयको आधार, अघि बढ्ने आधार, एकताको आधार, मिलनको आधार कानुनी राजको सिद्धान्त हो, संविधानको कार्यान्वयन हो । फेरि एकपल्ट म साथीहरूलाई भन्न चाहन्छु - वार्ता, सम्वाद जहाँ जे गरे पनि सबै चीजको आधारचाहिँ संविधानको कार्यान्वयन हो, त्यसको परिपालना हो, त्यसको सम्मान हो । कानुनी प्रक्रिया, विधिको शासनजस्ता कुराचाहिँ मुख्य कुरा हुन् । ९२ प्रतिशतले पास गरेको संविधान नहुने रे ! ४ जनाले मान्दिन भनेपछि नमानिने ? क-कसका केके भूमिका थिए त्यो त अहिले बोल्दै हिँडेका कुराहरूबाट पनि सबैलाई थाहा भएको छ ।

हामी सबैलाई थाहा छ, नेकपा (एमाले) यस देशमा छ, त्यसै कारणले संविधान बन्यो । संविधानसभाको निर्वाचनभन्दापछि मैले संसदमा बोल्दाखेरि भनेको थिएँ - अहिलेको संविधानसभा संविधान नबनाइकन असफल भएर टुङ्गिन सक्दैन । एमाले थियो, सबल एमाले थियो, होसियार एमाले थियो र संविधान बनाएरै छोड्यो । संविधानसभाको दोस्रो निर्वाचनबाट संविधान बनाउने बाटोमा हामी लाग्यौँ, हामीले शासन होइन, संविधान बनाउने भूमिकातर्फ, संविधान प्राप्त गर्ने ऐतिहासिक उपलब्धितर्फ बढ्ता ध्यान दिएर काम गर्‍यौँ । त्यसपछि अर्को चरण सुरु भएको छ । हामी दृढताका साथ अगाडि बढ्छौँ । साथीहरूलाई ढुक्क रहन म आग्रह गर्न चाहन्छु ।

अन्तर्राष्ट्रिय सम्बन्धहरू हामी बिस्तारै सन्तुलित बनाउँदै लान्छौँ । सबै अन्तर्राष्ट्रिय सम्बन्धहरू सन्तुलित हुनेछन् । नेपालको हित अनुकूल नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता, यसको भौगोलिक अखण्डता, राष्ट्रिय एकता र स्वाभिमानलाई तलमाथि पर्न नदिइकन राष्ट्रिय हितलाई अगाडि बढाएर अन्तर्राष्ट्रिय सम्बन्धलाई अगाडि लगिन्छ । बहुतै जिम्मेवार, बहुतै कूटनीतिक, मर्यादित अन्तर्राष्ट्रिय सम्बन्ध कायम हुनेछ । भाइचारापूर्ण, पारस्परिक लाभ, एकअर्काको अस्तित्वलाई स्वीकार गर्ने सम्बन्धको विकास हुनेछ । यसमा ढुक्क रहन म साथीहरूलाई आग्रह गर्न चाहन्छु ।

बहुदलीय प्रतिस्पर्धात्मक प्रणाली हामीले नै मागेको हो । बहुदलीय प्रतिस्पर्धाको राजनीतिमा विरोधी भएन भने त राजनीति नै हुँदैन । एमालेजस्तै

भलादमी पाराले सबैले प्रतिस्पर्धा गर्ने भए यस्तो किन हुन्थ्यो ? हामीले अरूलाई सिकाउनुपर्छ । मैले उहिलेदेखि भन्दै आएको छु - नेकपा (एमाले) भनेको त गुरू पार्टी हो । चेतनाको गुरू, समानताको गुरू, लोकतन्त्रको गुरू, लोकतान्त्रिक अभ्यासको गुरू । यसको काम भनेको अरूलाई सिकाउँदै लाने हो । हामी सिकाउँदै लान्छौं, त्यसैले त यो देश लोकतान्त्रिक हुनेछ, प्रगतिशील हुनेछ, जनपक्षीय रहनेछ । जसले जति रिस गरे पनि अब यो देश एमालेमय हुनेछ । एमालेले यस देशलाई अगुवाइ गर्छ । हामीले भनिआएका छौं र गरिआएका छौं - हाम्रो पार्टीसँग जनताको बहुदलीय जनवाद छ । हाम्रो पार्टीसँग त्यस विचारलाई कार्यान्वयन गर्ने सङ्गठन छ । त्यस सङ्गठनलाई संसदमा प्रतिनिधित्व गर्ने सशक्त अनुभवी संसदीय दल छ । हामीसँग जनताको असाधारण साथ, सहयोग र समर्थन छ । हामी दृढताका साथ अगाडि बढ्छौं ।

(२०७२ पुस २१ गते संसदीय दलको बैठकमा सम्बोधन)

२३

अबको सरकार कोदालो खन्नेहरूको हो

अध्यक्ष महोदय, माननीय मन्त्रीज्यू, माननीय सांसदज्यूहरू, पार्टीका नेताज्यूहरू, डोलिडारका प्रमुखज्यू, राष्ट्रसेवक मित्रहरू, समाजसेवक साथीहरू र यहाँ उपस्थित हुनुभएका सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरू,

आज एउटा राम्रो काम सम्पन्न गरिएको छ । तुइनलाई विस्थापित गरेर झोलुङ्गे पुलको स्थापना गरिएको छ । हामीले झोलुङ्गे पुलमै जान खोजेका होइनौँ । हामीले सजिलो र सहज यात्रा, राम्रो बाटो, फराकिलो पुलको कुरा गरेका हौँ । सुरक्षित यात्रा, सुरक्षित बाटो, सुरक्षित पुल र सुरक्षित आवागमनको कुरा गरेका हौँ । अहिले तत्कालका लागि हामीले सजिलैसँग छिटै तयार गर्नसक्ने झोलुङ्गे पुल नै हो । त्यसकारण तुइनलाई विस्थापित गरेर झोलुङ्गे पुल स्थापना गर्ने यो हाम्रो पहिलो कदम हो । यस ठाउँमा हाललाई तुइन विस्थापित गरेर झोलुङ्गे पुल निर्माण भएको छ ।

यहाँका जनताले राइटार, मकवानपुरको फाफरबारी हुँदै वागमती करिडोरबाट फास्टट्राकमा निस्कने अथवा अर्को कान्तिपथमा मिसिने बाटोको कुरा गर्नुभएको छ । तपाईंहरूले एउटा पक्की पुलको माग पनि गर्नुभएको छ । मैले त्यो भन्दा अलि बढी नै कुरा सोचेको छु ।

हाम्रो देश अत्यन्तै उर्वर छ, अत्यन्तै सुन्दर छ, साधनस्रोतहरूले सम्पन्न छ तर हाम्रो देशमा विकास गर्नेतिर कसैको ध्यान गएन । विकास गर्नेतिर ध्यान नजाने, माथिमाथिकाको शासनमा मात्र ध्यान जाने । तलतलका तलतलै बस्ने, तलतिरकाले माथितिर हेर्ने, के के भन्छन्, के के भन्छन्, कुरा बुझिनसक्नुजस्तो हुने । माथिकालाई शासन बनाउने, टिकाउने, खोस्ने, हेरफेर गर्ने यसैमा समय

जाने । मैले हिजो पनि एक ठाउँमा बोलेको थिएँ । नेपाल संसारमा जलस्रोतको दोस्रो धनी देश, ब्राजिलभन्दा पछि नेपाल संसारको धनी देश । दक्षिण एसियामा कसैले पनि जलविद्युत् आयोजना सुरु नगर्दा नेपालमा १ सय ५ वर्ष अघि फर्पिङबाट चन्द्रज्योति सुरु भएको थियो । नेपालमा १ सय ५ वर्षमा कति विद्युत उत्पादन भयो त ? बर्खायाममा बाढी आएका बेला ७ सय ५० मेगावाट, बाढी नआउँदा हिउँदको निम्ति भन्ने हो भने ३ सयदेखि ३ सय ५० मेगावाट । ८३ हजार मेगावाटको क्षमता हामीसँग छ । अहिले तत्काल लोडसेडिङ हटाउन पनि हामीलाई १ हजार ५ सय मेगावाट आवश्यक छ । यो चाहिने कुरा हो, सुहाउने कुरा हो ? यो सुहाउने कुरा होइन । खोलामा एउटा झोलुङ्गे पुल हाल्न, अलिकति बाटो बनाउन, एक दुई वटा पुल बनाउन पनि नसक्ने हो भने सरकारमा बस्ने किन ? म तपाईंहरूलाई भन्न चाहन्छु - राई गाउँ, फाफरबारी समेतलाई हामी योजनाभित्र पार्छौं, शीघ्रातिशीघ्र यसलाई अगाडि बढाउँछौं र बाटोलाई कालोपत्रे गर्छौं । तपाईंहरूले एउटा पक्की पुल भन्नुभएको छ, मैले एउटाभन्दा बढी पक्की पुलको आवश्यकता देखेको छु । वारिबाट बाटो लान जरुरी छ भने वारिबाट बाटो लाने, पारिबाट लान भौगोलिक हिसाबले अनुकूल छ भने पारिबाट लाने; पुल त चाहिहाल्यो । त्यसो गर्दा ललितपुर र मकवानपुर दुबै क्षेत्रको विकास हुने भयो ।

अब मान्छेहरूले भन्छन्, एक हप्तापछि तपाईंहरूले अखबारमा देख्नुहुन्छ, ललितपुर र मकवानपुरको बीचमा गएर पक्की पुल बनाउँछु भन्थ्यो, खै त ? विरोध गर्नु न छ । जसरी भए पनि विरोध गर्नु छ । म कहिलेकाहीँ सोध्छु, विरोध किन गरेको भनेर । लोकतन्त्रमा विरोध भनेको त धर्म नै हो नि भन्छन् । चाहिने कुरा नगर्ने, नचाहिने कुरा गर्ने लोकतन्त्र होइन । लोकतन्त्र जनताको शासन व्यवस्था हो, जनताको प्रणाली हो । जनताको विकासका निम्तिको प्रणाली हो । तपाईंहरूका धेरै कुरा मैले सुन्न पाएको छैन, तर यस देशलाई विकास गरिछोड्ने, विकास निर्माणका पूर्वाधारहरू तयार गरिछोड्ने, बाटाघाटा, पुलहरू बनाइछोड्ने, दुई वर्षभित्र कमसेकम देशका सबै तुइनहरू विस्थापित गर्ने योजनासहित म अगाडि बढेको छु । यहाँ एउटी बच्चीको हात तुइनले विगारेको मैले देखेँ । उनको हात तुइनले खाएको रहेछ । आजको महँगीमा पनि ८२ लाखले यो झोलुङ्गे पुल बनेको छ भने त्यो बेला कति सस्तोमा बन्थ्यो होला ? १० लाखमै बन्न सक्थ्यो ।

म पनि यस्तै दुर्गम गाउँमा जन्मेर बाख्रा चराएर, गाईगोठ गरेर, गाईभैँसी चराएर हुर्केर आएको गोठालो केटो यहाँ आइपुगेको छु । मेरो काम तपाईंहरूको जीवनमा अनुकूल परिवर्तन ल्याउने हो, देश विकास गर्ने हो । तपाईंहरूलाई समृद्ध बनाउने हो । कसैकसैले मलाई बाख्रा चराएको कुरा किन गर्ने भन्छन् । बाख्रा चराएकै हो, गाईभैँसी चराएकै हो, झूट बोल्न आउँदैन मलाई । मैले भन्न खोजेको के हो भने अबको नेपाल गाईभैँसी चराउनेहरूको हो । अबको शासन, अबको सरकार भनेको कोदालो खन्नेहरूको हो । अबको नेपाल भनेको चुलाचौकामा खाना बनाउने र भाँडा माझ्नेहरूको हो । अब हाम्रा गाउँघरमा जन्मेका दिदीबहिनीहरू राष्ट्रपति हुन्छन्, कसैले टाउको दुखाएर हुन्छ र ? लोकतन्त्र सबैका लागि हो तर अबको समय जनताको समय हो, अबको समय आमजनताको समय हो, अहिलेका नेताको समय होइन ।

हामी जुनसुकै पार्टीका भए पनि, जतासुकै भोट हाल्ने भए पनि झोलुङ्गे पुल सबैलाई चाहिएको छ । एकताबद्ध भएर तपाईंहरूले साथ सहयोग दिनुभयो, यहाँ झोलुङ्गे पुल बन्यो । बाटो चाहिएको छ भने तपाईंहरू एकजुट हुनोस्, बाटो बन्छ । तपाईंहरू एकजुट हुनुहोस्, पुल बन्छ । तपाईंहरू एकजुट भएर प्रयासहरू अगाडि बढाउनोस् गाउँको विकास हुन्छ । केके गर्नुपर्छ, तपाईंहरूको प्रतिनिधि, गाउँको प्रतिनिधि यहाँ प्रधानमन्त्री भएर बसेको छ । तपाईंहरूको समस्या नहेर्ने हो भने मेरो के काम ? त्यसकारण म तपाईंहरूका कठिनाइहरूलाई हेर्छु । देशलाई विकासमा अगाडि बढाउने कुरामा म सधैँ जनताको साथमा हुनेछु ।

नेपाल बल्ल सार्वभौम देशको सार्वभौमसत्ता सम्पन्न बनेको छ । संविधानसभाले हाम्रा अधिकारहरू प्रदान गरेको छ । संविधानसभा जस्तो संवैधानिक संस्थाबाट वैधानिकताप्राप्त लोकतन्त्र, सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई अगाडि बढाउनुपर्छ । विभिन्न प्रकारका मतभेद र विभेदहरू छन्, तिनको अन्त्य गर्नु आवश्यक छ । त्यसमा टेकेर हाम्राबीचमा विरोध उछाल्न खोज्ने, लडाइँ लडाउन खोज्ने, यो जात र त्यो जात भनेर मारामार गराउन खोज्ने, विकासका हाम्रा प्रयासहरूमा अवरोध गर्न खोज्ने कुराहरू पनि भइरहेका छन् । त्यसप्रति हामी सजग हुनुपर्छ । यो देश हिमाल, पहाड, तराईमा बस्ने हामी सबै नेपालीको साझा हो । हामी सबै मिलेर यसलाई बनाउँछौँ । सरकारको काम तपाईंहरूको सेवा गर्ने हो । सरकारको काम तपाईंहरूलाई सुशासन दिने

हो, शान्ति सुरक्षा दिने हो र पछाडि परेका ठाउँहरूको विकास गर्ने हो, जनताका निम्ति काम गर्ने हो ।

आज म भन्छु - अब उप्रान्त नेपालमा हाम्रा चेली, हाम्रा छोराहरूले तुइनबाट खोलामा झरेर मर्नुपर्ने छैन । हामी त्यो अन्त्य गर्छौं । कसैले पनि तुइनबाट आफ्नो हात बिगार्नुपर्ने छैन । हामीले त्यसलाई अन्त्य गर्ने बाटो समातिसकेका छौं ।

साधनस्रोत प्रयोग गरेर, मुहान प्रयोग गरेर यदि सिँचाइ पुऱ्याउन सकिने ठाउँ छ भने हामी सिँचाइको प्रबन्ध गर्छौं । माटोको परीक्षण, उन्नत जातको बीउबीजन, पशुहरूको नश्ल सुधार, किसानलाई प्राविधिक सहायता दिने कुरा, यसमार्फत कृषिको व्यावसायिकीकरण, आधुनिकीकरण गर्छौं । आधुनिकीकरणपछि, व्यावसायिकीकरणपछि हामीलाई बाटो चाहिन्छ, बजार चाहिन्छ । त्यसकारण एकातिर आधुनिकीकरण, व्यावसायिकीकरण र अर्कोतिर बाटो र बजारको व्यवस्था । सबै कुरामा व्यवस्थित ढङ्गले सरकारको ध्यान पुगेको छ । एउटा क्षेत्रमा मात्र होइन, शहरमा मात्र होइन, शहरदेखि गाउँ, पूर्वदेखि पश्चिम सबैतिर, सबै पेसा व्यवसायका जनतालाई अगाडि बढाउने अहिलेको सरकारको सङ्कल्प हो । त्यो सङ्कल्प सरकारसँग छ । सङ्कल्पसँगै प्रतिबद्धता पनि छ । त्यही प्रतिबद्धताअनुसार हामी अगाडि बढ्छौं।

तपाईंहरूलाई बधाइ छ, तपाईंहरूले सफलता प्राप्त गर्नुभएको छ । आगामी दिनमा अझै ठूल्ठूला सफलताहरू प्राप्त गर्नुहुनेछ । अहिलेको सरकार तपाईंहरूको सेवाको निम्ति तयार छ । तपाईंहरूले सम्झनोस्, तपाईंहरूका विकासका कामहरू अगाडि बढाउने काम सरकारले गर्नेछ । तपाईंहरू सबैमा म धन्यवाद पनि भन्न चाहन्छु । यो झोलुङ्गे पुल निर्माण कार्यमा योगदान पुऱ्याउनु हुने सम्पूर्ण सङ्घसंस्थाहरू, डोलिडारलगायत, हाम्रा इञ्जिनियरहरूदेखि लिएर हाम्रा प्रशासकहरू, हाम्रा राजनीतिक दलहरू र आमजनता जसको यस काममा महत्वपूर्ण सहयोग रहेको छ, यसका निम्ति आवाज उठाउनेदेखि लिएर निर्माण सम्पन्न गर्नेसम्म सबैलाई धन्यवाद छ ।

(ललितपुर र मकवानपुर जोड्ने झोलुङ्गे पुल उदघाटन कार्यक्रममा प्रस्तुत मन्तव्य)

२४

अबको समय – विकास निर्माण र समृद्धिको समय

यहाँ उपस्थित हुनुभएका सम्पूर्ण विद्वान् मित्रहरू, हामी एउटा अप्ठ्यारो परिस्थितिमा, देशले नोक्सान ब्यहोरेको बेला, देशले धक्का खाएको बेला देशलाई त्यस धक्काबाट उठाएर अगाडि बढाउने सङ्कल्पका साथ यहाँ भेला भएका छौँ । आज थुप्रै कार्यक्रमहरू यस सन्दर्भमा आयोजना भएका छन् । एउटा त प्रोफेसनल्स इञ्जिनियरहरूले भूकम्प प्रतिरोधक, हाम्रो संस्कृति अनुकूलका र सस्तो मूल्यका घरहरू कसरी बनाउन सकिन्छ, स्थानीय तवरका सरसामानहरू, सामग्रीहरू प्रयोग गरेर हामी कसरी पुनर्निर्माण गर्नसक्छौँ जस्ता कुराहरूलाई केन्द्र भागमा राखेर जुन प्रदर्शनी आयोजना गर्नुभएको छ, डिजाइनसम्बन्धमा जेजे प्रस्तुत गर्नुभएको छ, प्रतिस्पर्धा गर्नुभएको छ, यो धेरै खुसीको कुरा हो । थुप्रै साथीहरू पुरस्कृत हुनुभएको छ, म पुरस्कृत हुने साथीहरूलाई बधाइ ज्ञापन गर्न चाहन्छु । अरू सहभागी सबैलाई पनि शुभकामना भन्न चाहन्छु । सहभागिता आफैँमा ज्यादै महत्वपूर्ण छ ।

हामी भौतिक हिसाबले अप्ठ्यारामा परेका, धक्कामा परेका मात्र होइन, अरू पनि हिसाबले आक्रमणको शिकार भइरहेका छौँ । यो कुनै चानचुने कुरा छैन । अघि भर्खर मेरो अगाडि एउटा म्यागजिन राखिएको थियो । म्यागजिनमा मैले यसो हेर्दै - दुइटा प्रधानमन्त्रीका फोटा थिए, एउटा ऋषिमनको प्रधानमन्त्री र अर्को राक्षसी प्रवृत्तिको प्रधानमन्त्री भनेर । नेपालकै नागरिकता खल्तीमा हालेर लेखिएको कुरा हो त्यो । उद्देश्य कसका हुन् भनिरहन म चाहन्न, म न्यायाधीश पनि होइन ।

सरकारले केही गरेन, बाह्र लाखको भोज खाएर समय बितायो, बाह्र लाखको भोज ! प्रधानमन्त्री निवासमा प्रायः चिया पनि दूधचिनी होइन, आजकाल

ग्रीन टी चल्ने गरेको छ । २ वटा पात हालिदियो, तातो पानी खन्यायो, चिया भइहाल्यो । स्वाउने चलन त्यो छ, चर्चाचाहिँ बाह्र लाखको ? म त्यसमा केही रुचि राख्दिनँ । मैले केमात्र शङ्का गर्न खोजेको हो भने अहिले पनि सर्टिफिकेट हातमा लिई काम गर्ने बुद्धिजीवीहरू छन् । तिनीहरू आरामसँग लेख्छन्, लाज नमानी, अप्ठ्यारो नमानीकन लेख्छन् - संविधान बनेरै समस्या पैदा भयो ।

सङ्क्रमणकाल मुख्यरूपमा टुङ्गियो, जनताका अधिकारहरू संस्थागत गरिए, राजनीतिक अधिकारको प्राप्तिको निम्ति र सामाजिक न्याय र समानता प्राप्तिका निम्ति हाम्रा जुन सङ्घर्ष थिए, ती उपलब्धिमा गएर टुङ्गिए, तिनलाई संस्थागत गरियो । यति ठूलो वैधानिक हैसियत प्राप्त गरियो, संविधानसभाबाट संविधान आयो, निर्वाचित संविधान सभाबाट । लामो प्रयासपछि, एउटा संविधानसभा असफल भयो, संविधानसभा नै असफलतामा गयो । फेरि संविधानसभाको निर्वाचन गरियो, संविधान जारी हुन नदिने कोसिसहरू थिए, षड्यन्त्रहरू थिए । हामीले ती षड्यन्त्रहरूलाई सफल हुन दिएनौँ । कोही कडा भाषामा, कोही गुलिया मीठा भाषामा संविधान बन्न हुँदैन भन्ने उद्देश्यहरू राख्थे । हामीले त्यसलाई मानेनौँ । हाम्रो देशका निम्ति संविधान चाहिएको थियो । संविधान जारी गर्ने कुरासँग त्यत्रो विरोध किन ? अन्तरिम संविधान त केही पार्टीहरूले मिलाएर बनाएको हो, त्यसलाई कसैले अस्वीकार गर्दा पनि हुन्छ । यो त संविधानसभाले बनाएको हो, जनताका निर्वाचित प्रतिनिधिले बनाएको । यसको असाधारण वैधानिकता छ । यसको संवैधानिक हैसियत छ । दुई तिहाइमात्र होइन, कुनैकुनै देशमा टुपुक्क दुई तिहाइ हुन्छ, कुनैकुनै देशमा दुई तिहाइ पनि नभईकन संविधान जारी हुन्छ । हाम्रो देशमा ९२ प्रतिशतभन्दा बढीले संविधान जारी गरेको छ । यो वैधानिकता कसैले यताउति गर्नै सक्दैन । त्यो रुवाबासी किन त भन्दा यसले यत्रो वैधानिकता पायो कि यसलाई उलटफेर गर्ने नसकिने भयो । २०१७ साल पनि आउन सक्दैन, २०५९ साल पनि आउन सक्दैन, २०६१ साल पनि आउन सक्दैन, आपत् पर्ने भयो, यही हो । अब उहाँहरूका लागि के गर्न सकिन्छ र ? साह्रै पिर मान्नुभएको छ, संविधान बनेकोमा, आँसु पुछिदिन सकिन्छ, अरू केही गर्न सकिँदैन । संविधान बन्यो, देश अगाडि बढ्छ ।

हामी यस्तो भूगोलमा छौँ, जहाँ बेलाबेलामा भुइँचालो जान्छ । वि.सं. १९९० सालमा गयो । २०४५ सालमा पनि गएको थियो । यसपालि ठूलो गयो, धेरै नोक्सान भयो । हामी दुःखित छौँ ।

यस विषयमा अहिलेको प्रधानमन्त्रीमाथि बेस्सरी आक्रमण हुनेगरेको छ । वैशाख १२ गते भुइँचालो गयो, आश्विन २५ गते म प्रधानमन्त्री भएँ । ६ महिना लगभग बितेको थियो । ती छ महिनामा के के भएको थियो ? ती छ महिनामा अस्ति मैले सुनेँ, प्रधानमन्त्री कानमा तेल हालेर बसेको छ । कसले भनेको भनेँ, म प्रधानमन्त्री बन्नुभन्दा अगाडि सरकार चलाउने साथीहरूले भनेको हो । अहिलेको प्रधानमन्त्री कानमा तेल हालेर बसेको छैन र बस्दैन । विधेयक पनि थिएन, विधेयक ल्याउन नदिएर विभिन्न ढङ्गले व्यवधान खडा गरेर, एकातिर विधेयक ल्याउन नदिने, अर्कोतिर विधेयक ल्याएन भन्ने । राजनीति ढाँटछलको विषय होइन तमासाको विषय होइन, मैले देशको माया गर्ने देखाउनका लागि होइन, पर्दामा हिरोले खेलेको जस्तो कुरा पनि होइन । मैले फिल्मको पर्दामा होइन, मैले देश र जनताका निम्ति केही जवाफदेही, केही जिम्मेवारी, केही उत्तरदायित्व लिएर आएको छु र मलाई कामसँग मतलब छ । मलाई अभिनय गर्नु छैन । अहिले विधेयक बनेको छ, प्राधिकरण बनेको छ, हामीले काम अगाडि बढाएका छौँ । भोलिबाट तत्कालै ठूला टहराहरू-ट्रसहरू बन्ने, शीतको चिसोमा बसेका मान्छेहरूलाई त्यसमा बसाउने काम सुरु हुनेछ ।

आपूर्ति व्यवस्थामा भएको समस्या हामी सबैले बुझेका छौँ । कच्चा पदार्थ छैन, ढुवानीका निम्ति सामग्री छैन । प्राधिकरणसम्बन्धी विधेयक पारित भएको छ । कसैले नमाने पनि सरकारले पारित गर्ने भएपछि मात्रै उहाँहरूले पारित गर्ने काममा लाग्नु भएको छ, नत्र भने पास गर्ने नदिने, पेस गर्ने नदिने स्थिति उहाँहरूले बनाउनुभयो । कसैले मान्दैन भने पनि जनता मरिराखेको छ, म चुप लागेर बस्न सक्दिनँ, म अगाडि बढेँ, अब यो पास गर्ने भनेर म अगाडि बढेपछि पास भयो ।

जनतालाई भोकै मार्ने कुरा, जनतालाई तड्पाएर मार्ने कुरा, चिसोमा कठ्याङ्ग्रिन लगाउने कुरा, समस्या समाधान गर्न नदिने कुरा कहींबाट हुन्छ भने म त्यो मान्दिनँ । अगाडि बढ्छु म । यसो गर्दा अलिक आरोप आउँछ, अलिकति जबर्जस्ती गर्नुपर्छ । जबर्जस्ती नगरेको भए राणाशासन हट्दैनथ्यो, जबर्दस्ती गरेरै हटाएको हो । पञ्चायत खुसीले हट्थ्यो ? राजाले छोडेको हो र ? जबर्जस्ती नै

गर्नुपऱ्यो । संविधान बन्न दिन्थे ? जबर्जस्ती नै गर्नु परेको होइन र ? जबर्जस्ती गरेरै भए पनि यो देशलाई अगाडि बढाइन्छ । कसैले यस देशलाई अगाडि बढाउने कुरामा टाङ अडाउन नआए हुन्छ, हामी त्यसलाई स्वीकार गर्दैनौँ ।

भुइँचालोले हामीलाई मर्माहत बनायो, हामी मर्माहत छौँ । हामीले समयमा जनताका लागि जे गर्नुपर्थ्यो, त्यो सकिएन । हामीसँग तयारी नै थिएन । अहिले भर्खर पनि हामीले चर्चा गऱ्यौँ, बेरोजगार इञ्जिनियर भनेर । बनाउनुपर्ने देश, देश बनाउन चाहिने इञ्जिनियर । यत्रो पुनर्निर्माण गर्नुपर्नेछ, इञ्जिनियर बेरोजगार छन् । के भनेको त्यो, इञ्जिनियर पनि बेरोजगार ? बनाउने काम सिद्धिसक्यो ? पुल पनि बनिसक्यो, घर पनि बनिसक्यो, विद्यालय भवन पनि बनिसक्यो, के के बनिसक्यो त ? इञ्जिनियरको काम छैन यस देशमा? काम लाखौँ इञ्जिनियरको छ, तर इञ्जिनियर बेरोजगार छ । हाम्रो काम गराइ कस्तो छ ? ८३ हजार मेगावाट बिजुली निकाल्ने क्षमता हामीसँग छ, ब्राजिलपछि दोस्रो जलस्रोतको धनी देश हो हाम्रो । १ सय ५ वर्षअगाडि हामीले फर्पिङबाट चन्द्रज्योति हाइड्रोपावर सुरु गर्दा दक्षिण एसियामा कतै पनि विद्युत आयोजनाको सुरुआत भएको थिएन, नेपाल पहिलो हो । १ सय ५ वर्षमा हामीले कति निर्माण गऱ्यौँ भन्दा लगभग ७ सयदेखि ७ सय ५० मेगावाट । अब त्यो सबै पापको जिम्मा अहिलेको केपी ओलीले लिनुपर्ने ? तैपनि म भन्छु - एक वर्षभित्र लोडसेडिङ समाप्त पारिन्छ, पारिन्छ । अस्ति नै तपाईंहरूले जनताका साथमा इञ्जिनियर भन्ने अभियान चलाउनुभयो । अब इञ्जिनियरहरूको साथमा सरकार छ, आउनोस् देश बनाऔँ ।

प्रधानमन्त्री भएपछि मैले अगाडि बढ्ने योजनाहरूबारे सोचेँ तर पाइलो सार्न पाइने कानुन छैन । एउटा पाइलो सार्न दुई महिना लाग्छ । अर्को पाइला सार्न चार महिना लाग्छ । १५ दिनमा हुने काम २ वर्षमा हुँदैन, अहिलेको अवस्था यस्तो छ । खरिद ऐन भनेको छ, घर भत्केको छ, टेन्डर गर, कुन्नि केके गर, समय त्यसै जान्छ । ६ महिनाको सूचना निकाल्यो, सूचना निकाल्दा निकाल्दै मान्छे जाडोले मरिसकेको हुन्छ । यस्ता खालका कुरालाई म सच्याउँछु । छोटो बाटोबाट, छिटोछरितो ढङ्गले अगाडि बढ्ने परिस्थिति मिलाइन्छ । भ्रष्टाचार कसैले गर्छ भने निर्मम ढङ्गले कारवाही गरिन्छ । भ्रष्टहरूलाई जेल हालिन्छ । पारदर्शिताका साथ काम गरिन्छ ।

संसारमा भुइँचालो जान्छ, समुद्री आँधी जाने हुन्छ, बढी पहिरोको समस्या हुन्छ । प्राकृतिकरूपमा केही न केही समस्या विभिन्न देशमा हुन्छन् नै । जेजे प्राकृतिक समस्या आइलाग्न सक्छ, त्यसको सामना गर्ने तयारीमा समाज बस्नुपर्छ, राज्य बस्नुपर्छ तर हाम्रो त केही पनि छैन । हामीले कुनै तयारी नै गरेनौँ । त्यसो भएर अहिले हामीलाई असाधारण आपत्ति आइलाग्यो । यस विपत्तिबाट हामीले देशलाई अगाडि बढाउनुपर्छ ।

इञ्जिनियर्स एसोसिएशनले राम्रो काम गरेको छ, म प्रशंसा गर्न चाहन्छु । तपाईंहरूले भूकम्पपछि जनतालाई राहत सहुलियत पुऱ्याउने काममा आफूहरूलाई लगाउनुभएको छ । विद्यार्थीहरूको प्रदर्शन अहिले मैले हेर्ँ, डिजाइनहरू बहुतै राम्रा छन्, सुन्दर छन् । प्रोफेसनल इञ्जिनियरहरूले जो राख्नुभएको छ, कन्सल्टान्सीहरूबाट जुन राख्नुभएको छ, ती अत्यन्तै सुन्दर छन्, इनोभेटिभ छन् र अझ मलाई के लाग्छ भने जुनजुन आइडिया निकाल्नुभएको छ, ती आइडियाहरूका बीचमा, ती आइडियाहरूलाई सम्मिश्रण गरेर अरू पनि आइडियाहरू बनाउन सकिन्छ । कसैको कस्टमा अलि बढ्ता ध्यान छ । कसैको भूकम्प प्रतिरोधक पक्षमा बढी ध्यान छ, कसैको स्थानीय सामग्री प्रयोग गर्ने कुरामा बढी ध्यान छ, कसैको ढुवानीको कुरालाई ध्यानमा राख्ने कुरामा बढी ध्यान छ, कसैको हाम्रो परम्परागत डिजाइन वा सांस्कृतिक पक्ष पनि नमरोस् भन्ने कुरातिर ध्यान छ । यी सबै कुरा आवश्यक छन् र सबैको सम्मिश्रण हामीले गऱ्याँ भने झन् उत्कृष्ट कुरा हुनसक्छ । यसका निम्ति हामीलाई छलफल कार्यक्रमको बढी आवश्यकता होला । यिनको औचित्य त छँदैछ; जस्तो बाटोघाटो नभएका एकदम दुर्गम ठाउँमा कसरी तपाईंले सामग्री पुऱ्याउनुहुन्छ ? त्यसकारण स्थानीय उपलब्ध सामग्रीहरूको प्रयोग गर्नु राम्रो हुनेछ । काठमाडौँजस्तो ठाउँमा, पोखरा वा दमौलीजस्तो ठाउँमा अथवा पुग्न सजिलो ठाउँमा अलिकति फरक होला । त्यहाँ हामीले फरक सामग्रीहरू प्रयोग गर्न सकौँला । त्यसमा विभिन्न ढङ्गले यहाँहरूको ध्यान गएको मैले पाएको छु । मलाई खुसी लागेको छ ।

हिजो मात्रै हामीले दश दिनभित्र दश हजार रकम पुऱ्याउने भनेर निर्णय गरेका छौँ । अरू सन्दर्भमा हामीले पुनर्निर्माण अभियानलाई अगाडि बढाएका छौँ । विकासका सम्बन्धमा हामीले छलफल गरेका थियौँ । विकासमा देखिएका समस्याहरूको समाधानहरूको सम्बन्धमा पनि हामीले छलफल गरेका छौँ । मन्त्रिपरिषद्बाट पनि हामीले निर्णय गरिसकेका छौँ । भूकम्पपीडितलाई सहुलियत

पुऱ्याउने ठाउँमा कतिपय संस्थाहरूबाट ती ठाउँहरूमा राहत सामग्रीहरू पुऱ्याउने काम भएको छ । लत्ताकपडाजस्ता कुराहरू पुऱ्याउनेसम्बन्धमा जुन कुराहरू भएको थियो, मलाई लाग्छ, कतिपय ठाउँमा त्यसअनुसार पुगेको छैन होला । नपुगेका कुराहरू पुऱ्याउनका निम्ति सम्बन्धित निकायहरू तत्काल लागिहाल्नेछन् । कतिले ढुवानीका समस्या, इन्धनका समस्याका कुराहरू पनि गरिरहनुभएको छ । ती समस्याहरूलाई मिलाएर अविलम्ब ती ठाउँहरूमा सामान पठाउन म सबैसँग आग्रह गर्न चाहन्छु ।

नेपालमा धेरैले ठूला कुरा गर्ने गरेका छन् । बाबुआमाले स्वर्च गरेर पढाइलेखाइ दिएको हुनाले पढ्न जानेका छन् । मजाले लेख्दिन्छन् तर ती लेख्नेहरूलाई म एउटा कुरा फेरि सम्झाउन चाहन्छु, भुइँचालो जाने बित्तिकै आफ्नै खाना, आफ्नै स्वर्च, आफ्नै सबै कुरामा स्वयंसेवक खटाएर सबै जिल्लाहरूमा अभियान चलाउने काम मैले नै सुरु गरेको होइन ? नेकपा (एमाले) ले नै एक महिना लगातार आवासीय ढङ्गले, कम्ती भएको दिन २२ हजार नत्र दैनिक ३० हजारका दरले भोलिन्टियर परिचालन गरेको होइन ? त्यो अभियानबाट २७ हजार २ सय ७६ वटा अस्थायी आवासहरू बनाएर भूकम्पबाट प्रभावित जनतालाई उपलब्ध गराएको होइन ? डटपेन बहादुरहरू थुप्रो भेटिनुहुन्छ । कुरा गर्न सजिलो छ । १ हजार १३ वटा विद्यालय भवन बनाएर हस्तान्तरण गर्ने काम एमालेले नै गरेको होइन ?

स्वयंसेवी हिसाबले काम गर्ने तपाईंहरूको जुन उत्साह मैले देख्को छु, म त्यसको अत्यन्तै प्रशंसा गर्न चाहन्छु, सम्मान गर्न चाहन्छु । हामी देशका निम्ति हौँ, हामी जनताका निम्ति हौँ । हामी भोलिन्टियर सर्भिस गर्न सक्छौँ । आवश्यक पर्दाखेरि म इञ्जिनियर साथीहरूलाई आग्रह गर्न चाहन्छु, तयार रहेर बस्नोस्, कुनै पनि समय भोलिन्टियर सर्भिसका लागि सरकारका तर्फबाट आह्वान गर्नुपर्ने हुनसक्छ । देश गरिब छ, जनता गरिब छन् । देख्नुभएको छ, राजस्व उठेको छैन । यस्तो बेलामा किनारमा बसेर कास्की बजाउनु कुनै ठूलो कुरा हुँदैन । काम गरेर देखाउने बेला हो यो । समस्याहरूको समाधान गरेर देशमा परिवर्तन ल्याउने बेला हो यो ।

म यहाँहरूसमक्ष एउटा कुरा राख्न चाहन्छु । म भन्न चाहन्छु - कन्सल्टेन्सीका नाममा, वैदेशिक सल्लाहकारका नाममा, एउटा पाँच अर्वको आयोजना आयो भने चार अर्वचाहिँ कन्सल्टेन्सीका नाममा फिर्ता जाने परिस्थिति

अब अन्त्य हुन्छ । बिल्कुल अत्यावश्यकबाहेक नेपाली इञ्जिनियरहरूले गर्नसक्ने कामहरू विदेशीलाई दिइँदैन । अनुभव कति वर्षको भन्छन् । खुट्टा टेक्नै नदिएपछि अनुभव कति वर्षको हुन्छ ? मादल बजाउने दुई वर्षको अनुभव भएकालाईचाहिँ साङ्गीतिक क्षेत्रमा, वाद्यवादनको क्षेत्रमा मादल छुन नदिने अनि दुई वर्षपछि फेरि त्यही सूचना निकाल्ने - दुई वर्षको अनुभव भएकाले पाउने भनेर ? हाम्राहरूलाई अनुभव गर्न दिऊँ न, हाम्राहरूलाई बजाउन दिऊँ न, अरूको भन्दा राम्रो गर्छन् । त्यसकारण इञ्जिनियरहरूलाई नै ठाउँ दिनुपर्छ, अवसर दिनुपर्छ । अरूले बनाइदिएर बन्ने होइन देश । चीनजस्तो विशाल देश केही दशक अगाडिसम्म गरिब थियो, कङ्गाल थियो । चीनको जनसङ्ख्या यति ठूलो छ, कसैले चिनियाहरूलाई एक छाक भात पनि ख्वाउन सक्दैन । एक अर्व पचास करोड ! विचार गर्नोस् त, मात्र एक कप चिया ख्वाउनुपऱ्यो र एक-एक डलरको मात्र चिया ख्वाउने हो भने एक अर्व पचास करोड डलर चाहिन्छ, एक कप चिया ख्वाउनका लागि । कसले ख्वाउँछ ? सिङ्गै देश उठाउनका लागि कसैले दिएर वा अलिकति मद्दत गरेर हुन्छ ? आफैंले गरेर मात्र हुन्छ । चिनियाँहरूले त्यत्रो चीन बनाउन सक्छन् भने हाम्रो नेपाल हामी बनाउन सक्दैनौं ? हाम्रो नेपाल, यति सानो नेपाल, यति मेनेजेबल पपुलेसन, हामी यो देशलाई यस्तो चिटिक्क पार्न सक्छौं, अझै सुन्दर बनाउन सक्छौं, ज्यादै रमणीय बनाउन सक्छौं, सम्पन्न बनाउन सक्छौं । हामीसँग हिमाल छ, ग्लेसियर छ, खोला छन्, पहाड छ, तराई छ । हामी सबै एक भएर लाग्यौं भने केके हुन्छ केके ।

कतैकतै लडाइँको कुरा हुँदैछ । केको लागि लडाइँ ? लडाइँ त अधिकारको लागि हुनुपर्छ । अधिकारको लागि हाम्रो लडाइँ हिजो थियो । आज केको अधिकारको लडाइँ ? के पाउनुभएन तपाईंले ? अरूले के पायो, तपाईंले के पाउनुभएन भन्यो भने थाहा छैन । लडाइँ अधिकारको, कुन अधिकार पाएन, भोटिङ राइट पाएन कि ? उम्मेदवार हुन पाएन कि ? कुनै अधिकार पाइनँ भन्ने विद्वान्ले नमूना देशको संविधान ल्याएर मलाई देखाइदेओस् । ३३ प्रतिशत महिलाका लागि आरक्षण गरिदिऊन् न त तिनले, पढेलेखेका विद्वान्हरू छन् नि त । इन्टरनेट खूब खेलाएर बसेका छन्, गरे हुन्छ । कुनचाहिँ देशलाई नमूना, कुनचाहिँ लोकतन्त्रलाई नमूना मानेको हो, त्यो देशको संविधानलाई देखाइदिए भो नि त ३३ प्रतिशत महिलाका लागि आरक्षण । ४५ प्रतिशत पछाडि परेको समुदायका लागि आरक्षण कुनै संविधानमा देखाइदिए भइहाल्यो

नि ? राष्ट्रियसभामा आउँदाखेरि ८ जनामध्ये कम्तीमा ३ जना महिला अनिवार्य, १ जना दलित अनिवार्य, १ जना अपाङ्गता भएका समेत अनिवार्य । कुनै पनि संसारको संविधानमा देखाइदिनोस् त यस्तो ? अपाङ्गता भएको भनेको कुद्न, उठ्न नसक्ने, एउटा कुनामा थन्केर बसेको हो, त्यसलाई पनि अहिलेको संविधानले देखेको छ । कुनै कुरो बाँकी छैन । देखाइदिनोस् त अन्त कहाँ छ ? धारा १६ देखि ४८ सम्म मौलिक अधिकार छ । यति धेरै मौलिक अधिकार संसारका कुनै संविधानमा देखिँदैन ।

यो देशमा यस्तो विष छरियो, डरलाग्दो गरी - पहिचानका नाममा, जातीय नाममा, जातीय राज्य, जातजातको राज्य, १ सय २५ जातजाति छ, छरिएको जातजाति छ, एउटा जाति एक ठाउँमा भइदिएको भए पनि एक जातिको राज्य भनिदिँदा हुन्थ्यो होला, छरिरहेको जात छ, तिनीहरू सबैलाई राज्य दिने कुरा गर्दै हिँड्ने ? यो जनतालाई लडाइरहने कुराबाहेक केही होइन । मैले अक्सर भन्ने गर्छु - रुवान्डा भन्ने एउटा देश छ, विचरा देश । सय दिनमा १० लाख मान्छे मरे । कसले माऱ्योभन्दा दाजुभाइले, दिदीबहिनी आफैँले । आपसमा मारामार गरेर, वल्लो घरकाले पल्लो घरकालाई मारे, पल्लो घरकाले वल्लो घरकालाई मारे । त्यस प्रकारको स्थिति रुवान्डामा भयो र दश लाख मान्छे ३ महिनामा मरे । अनि जात भन्न नपाइने भन्ने शब्द त्यहाँका जनताले संविधानमै लेखे । जात भन्ने कुरा त विष रहेछ भन्ने बुझे । छिमेकीबाट छिमेकी किन मऱ्यो ? कुनै देशको आक्रमण भएको होइन, कहींबाट केही भएको होइन । त्यहींकाले त्यहींकालाई मारे ।

रुवान्डाको लडाइँका फोटोहरू हेर्नुभयो भने देख्नुहुनेछ - फाटेको गञ्जी लगाएका छन्, फाटेका कट्टू लगाएका छन्, फाटेका गन्जी फेर्न सकेका छैनन्, तर हातमा १५-२० लाखका नयाँ-नयाँ बन्दुक समातेका छन् । टलक्क टल्कने नयाँ गोलीको माला दुई तिरबाट भिरेका छन् । तिनलाई गन्जी कसैले दिँदैन, तर २० लाखको बन्दुक दिन्छ किनभने ऊ अधिकारको लडाइँ लड्दैछ । अधिकारको लडाइँ कसका विरुद्ध ? आफ्नै घरछिमेकीका विरुद्ध । छिमेकीका विरुद्ध, कठै ! मान्छेमा सनक चढाइदिएपछि । कुरा बुझेपछि त्यो सनक रुवान्डामा उखेलिएको थियो । रुवान्डामा उखेलिएको विषको विरुवा यहाँ ल्याएर रोप्न खोजिएको थियो, हामीले उखेलिदिएपछि पुर्पुरोमा हात लाएर छाती पिटेर रोइराखेका छन् ।

१ सय २५ जातजाति भएको, १ सय २३ भाषाभाषी भएको यो देश । कतिले भन्छन् यहाँ जातीय राज्य थियो भनेर । मैले अस्ति पनि एक ठाउँमा बोल्दाखेरि भनें - राणाशासनमा कुनै जातले पढ्नलेख्न पाउँथ्यो कि ? कुनै जातले चुनाव लड्न पाउँथ्यो कि ? कुनै जातले पार्टी खोल्न पाउँथ्यो कि ? कुनकुन अधिकार दिइएको थियो, पार्टीलाई ? त्यस्तो त थिएन । दाजुभाइ त काटाकाट गरेर मर्थे । त्यो एउटा नितान्त जहाँनियाको पनि सामन्ती निर्मम परिपाटी थियो । केको जातीय शासन ? पञ्चायती व्यवस्थाको कुरा पनि त्यस्तै हो । त्यही समयमा शेरबहादुर देउवाजी पनि हुनुहुन्थ्यो, म पनि थिएँ । म १४ वर्ष झ्यालखानामा बसेको थिएँ, गोलघरमा ४ वर्ष बसेको थिएँ, नेल हथकडी लगाएर बसेको थिएँ । अनि बाहुनका राजमा म त बाहुनकै छोरा भएर झुक्किएर भए पनि त्यहीँ जन्मेको हुँ नि त । बाहुनको राज्यमा क्षेत्रीबाहुनकै छोरालाई गोलघर किन हाल्यो होला ? त्यो भ्रमपूर्ण धारणा हामीले राख्नुहुँदैन । समाज विकासका क्रममा अनेक तानाशाही प्रयासहरू हुने गर्छन्, जनतालाई अल्मल्याउनका निम्ति, बर्गल्याउनका निम्ति, अहिले पनि नेपाललाई अगाडि बढ्न नदिनका निम्ति अनेक प्रयासहरू भएका छन् । हामी सबै त्यसमा सचेत रहनुपर्छ ।

हामी यस देशलाई अब पनि यस्तै अवस्थामा लामो समय रहनदिन सक्दैनौँ । हामी एकताबद्ध भएर देशलाई अगाडि बढाउँछौँ । हामी अधिकारसम्पन्न भएका छौँ । सम्पूर्ण जनताले अधिकार, अवसर, सुरक्षा, सम्मान, समानरूपमा प्राप्त गर्छन् अब यस देशमा । भूकम्पबाट प्रभावित क्षेत्रहरू अहिले हाम्रा प्राथमिकताका क्षेत्र हुन् । ती जनतामा केन्द्रित भएर काम गर्छौँ । उद्योगधन्दा हिमालमा खोल्ने होइन, ठावैँ छैन, तराईमा खोल्नुपर्ने बन्द हडतालले कोही खोल्नै नमान्ने अवस्था भइसक्यो । मान्दैमान्दैन कोही मान्छे । कसरी खोल्ने ? हडताल हुन्छ, बन्द हुन्छ । यस्तो अवस्थामा हामी यस्तो प्याकेज लिएर जान्छौँ त्यहाँ विकासको, केहीलाई फेरि पिर पर्छ, हल्ला गर्न थाल्छन्; झुक्याउन, अल्मल्याउनका लागि तराईमा पनि कार्यक्रम दिन आयो भनेर । तराईमात्र होइन अब सिङ्गै नेपाललाई अगाडि बढाइन्छ, सिङ्गै नेपाली जनतालाई अगाडि बढाइन्छ । यस अभियानमा इञ्जिनियरहरूको सर्वाधिक महत्व रहन्छ । म यहाँहरूलाई अगाडि बढ्न आग्रह गर्न चाहन्छु । विशेष आग्रह हाम्रा प्रोफेसनल्स, हाम्रा इञ्जिनियर, हाम्रा कन्सल्टेन्सी र इञ्जिनियरिङ विषय पढिरहेका, राम्रो ज्ञान भएका हाम्रा विद्यार्थीहरू जसले आज पनि विभिन्न डिजाइनहरू प्रस्तुत गर्नुभएको छ ।

उहाँहरूको पनि काम यसमा धेरै आउँछ, जसले हिजो पनि धेरै काम गर्नुभएको छ, भूकम्प भन्दापछि पनि । हाम्रो आत्मविश्वास मर्न हुँदैन । जुन देशका जनता निरास हुन्छन्, सबभन्दा दुर्भाग्यको कुरा त्यहाँ हुन्छ । जब जनता आशावादी बन्छ, त्यो देश अगाडि बढ्छ । अबको समय विकास निर्माण र समृद्धिको समय बन्छ, बनाउनुपर्छ । त्यसकारण म आशावादी बनेर आत्मविश्वासका साथ अगाडि बढ्न सबै साथीहरूलाई आग्रह गर्दछु ।

(नेपाल इन्जिनियर्स एसोसिएशनद्वारा इन्जिनियरिङ कलेज, पुल्चोकमा आयोजित कार्यक्रममा व्यक्त विचारहरू)

२५

हामी नेपाललाई विभिन्न जातजाति र भाषाभाषीको एकताको राष्ट्र बनाउँछौं

सम्पूर्ण तमु दाजुभाइ, दिदीबहिनीहरूमा छ्याजलो ! यस कार्यक्रमका सभापतिज्यू,

विशिष्ट अतिथि पूर्व प्रधानमन्त्री, मेरा पुराना, अत्यन्तै आदरणीय मित्र शेरबहादुर देउवाजी, विशिष्ट महानुभावहरू, अतिथिगण, आयोजक साथीहरू, यस तमु ल्होसारमा उल्लासमय ढङ्गले उपस्थित हुनुभएका सम्पूर्ण दाजुभाइ, दिदीबहिनीहरू,

सबभन्दा पहिले म यस तमु ल्होसारको यस अवसरमा यहाँहरू सबैमा धेरैधेरै शुभकामना भन्न चाहन्छु । यो कार्यक्रम त सफल भइ नै सकेको छ । सफल नहुने कुरै छैन । पुस १५ वर्ष परिवर्तनको दिन ! स्वासगरी नेपालका गुरुङ जाति अथवा तमुहरूले मनाउने तमु ल्होसार यो नयाँ वर्षमा प्रवेश गरेको छ, प्र-ल्होमा प्रवेश गरेको छ । तपाईंहरूले यत्रो भव्य कार्यक्रमको आयोजना गर्नुभएको छ । म तपाईंहरूको यस उत्साहका लागि धन्यवाद भन्न चाहन्छु । आज यहाँ उपस्थित हुनुभएका, यहाँ उपस्थित नभएका, देशभित्र रहेका र दुनियाको जुनसुकै भागमा रहेका भए पनि सबै तमुहरूमा, गुरुङ दाजुभाइ, दिदीबहिनीहरूमा धेरैधेरै शुभकामना भन्न चाहन्छु । गुरुङ भाषामा आशिमाल भन्छ क्यारे । आशिमाल दुनियाकै तमुहरूमा । यो तमुहरूकै मात्र चाड होइन, यो हामी सबै नेपालीहरूको चाड हो । सबै नेपालीहरूमा पनि आशिमाल !

हाम्रो देश भौगोलिक विविधताले युक्त छ । हाम्रो देश हिमाल, पहाड, तराईको देश हो । पूर्वपश्चिम फैलिएको छ । हामी धेरै जातिका, धेरै समुदायका, धेरै भाषा बोल्ने, धेरै भेषभूषा लगाउने जनता यस देशमा बसोबास गर्छौं ।

नेपाल हामी सबैको देश हो । कहिले-कहिले अलिकति भड्किएका-भड्किएका धारणाहरू देखिन्छन् । हाम्रा धारणाहरू भड्किनु हुँदैन । हामी एउटा जात र अर्को जातका भनिएपनि दाजुभाइ, दिदीबहिनी हौँ । हामी एउटा जात र अर्को जात भन्ने गरिए पनि छिमेकी पनि हौँ । हामी जुनसुकै जातको भए पनि नेपाली हौँ । नेपालबाहेक अन्त तमु हुँदैन, गुरुङ हुँदैन । तमु भाषा पनि नेपालकै उत्पत्ति हो । यो संस्कृति, यो भेषभूषामा हाम्रो मौलिकता छ । आज मैले झाँकीहरू हेर्ँ । झाँकी प्रदर्शन गर्ने सम्पूर्ण तमु दाजुभाइ, दिदीबहिनीहरूलाई म धन्यवाद भन्न चाहन्छु । उहाँहरूले हाम्रो संस्कृतिलाई, हाम्रो सभ्यतालाई, हाम्रो पहिचानलाई हाम्रो परिचयलाई, जीवित राख्नुभएको छ । त्यसको आकर्षण बढाउनुभएको छ । हामीसँग हाम्रा संस्कृतिहरू छन् । राम्रा संस्कारहरू छन् । राम्रा परम्पराहरू छन् । ती राम्रा संस्कृति र परम्पराहरूलाई हामीले अगाडि बढाउनुपर्छ । हामी एक्काइसौँ शताब्दीमा छौँ । हामी पुराना कुरामा माात्र अल्झेर बस्न सक्दैनौँ । हामीले त्यसलाई आधुनिकतासँग पनि मिसाउनुपर्छ । हाम्रा संस्कृति हामीले कायम राख्छौँ, संरक्षण गर्छौँ, विकास गर्छौँ । त्यसभित्र आधुनिकता पनि मिसाउँछौँ र विकास गर्छौँ ।

हिजो हामी डुङ्गामा खोला तर्थ्यौँ, तर आज पक्की पुलमा बाटोबाट तर्छौँ, यो हाम्रो संस्कृतिको अपहेलना होइन, विकास हो । कतिपय विकासको स्तरमा भएका कुराहरूलाई आजको आधुनिकतासँग जोडेर लानुपर्छ ।

हामी नेपाललाई धेरै जातजाति, भाषाभाषीको एकताको एउटा राष्ट्र बनाउन चाहन्छौँ, तब मात्र हाम्रो सगोलको राष्ट्र हुन्छ । अलिकति म यहाँहरूलाई भनुँ, राणाशासनमा क्षत्री, बाहुनलाई स्कूल खोल्ने अधिकार थियो र ? राणाशासनमा कसैलाई पनि थिएन । राणाशासनमा क्षत्री बहुनलाई मौलिक अधिकार थियो र ? त्यो पनि थिएन । गुरुङलाई मात्र नभएको होइन, मगरलाई पनि थिएन, नेवारलाई पनि थिएन, बाहुनलाई पनि थिएन, क्षत्रीलाई पनि थिएन, तामाङलाई पनि थिएन । राणाबाहेक कसैलाई छँदै थिएन । उनीहरूको मात्रै शासन थियो । कस्तो शासन थियो ? आफ्नै दाजुभाइलाई काटेर आफैँ शासन गर्ने । त्यसलाई चाहिँ एउटा जातको शासन भनेर भनियो । भाइ काटेर शासन गरेको छ, केको एउटा जातको शासन भन्ने ?

पञ्चायतकालमा बाहुनलाई चाहिँ पार्टी खोल्न दिइएको थियो र ? २०३२ सालमा शेरबहादुर देउवासँग मेरो सेन्ट्रल जेलमा भेट भएको थियो; म बाहुन,

उहाँ क्षत्री । पार्टी खोल्न त दिइएको थिएन, नेविसङ्घ खोल्न दिइएको थिएन । उहाँ नेविसङ्घको अध्यक्ष हुनुहुन्थ्यो त्यसबेला । नेविसङ्घ खोल्दाखेरि उहाँलाई थुनिएको थियो । एकपटक शेरबहादुर देउवाजी रिसाउनु भएछ कि जस्तो लागेको थियो मलाई । म यतापट्टि छु, उहाँ उतापट्टि । म उहाँतिर फर्केर हेरिरहेछु तर उहाँ मतिर फर्केर हेर्दै हेर्नुहुन्न । यसो मुन्टो फर्काए हुन्थ्यो भन्ठान्यो फर्काउँदै फर्काउनु हुन्न । किन रहेछ त भनेर हेर्दा त हनुमानढोकामै सोझ्याएर ल्याएका रहेछन् । अनि त्योचाहिँ क्षत्रीको शासन थियो ? त्यसकारण हामीले केही भ्रम राख्नुहुन्न । सामन्ती शासनहरू, सामन्ती व्यवस्थाहरू जनतालाई विभाजन, गरेर दमन गरेर, फुटाएर, चेतनालाई दबाएर त्यसरी नै चलाइएका थिए ।

राणाको विरुद्ध लड्ने लखन थापा के थिए ? महिलाको चेतना उठाउने योगमाया के थिइन् ? अनि जातीय विभेद हट्नुपर्छ भनेर बाग्लुङमा लडाइँ लड्ने ती भगत विश्वकर्मा के थिए ? प्रश्न त्यो मात्र होइन, १९९७ सालमा मारिएका, कारवाही गरिएका, जेल हालिएका के थिए ? तसर्थ हामीले स्पष्ट हुनुपर्दछ, एउटा वर्गीय शासनमा, तानाशाहीमा, पञ्चायती शासनमा आमजनतामाथि दमन थियो, गुरुङमाथि दमन थियो, तामाङमाथि थियो, दलितमाथि थियो, सबैमाथि दमन थियो । म चौध वर्ष जेल बसेँ, बाहुनको राज थियो ? चार वर्ष गोलघरमा बसेँ, बाहुनको राज थियो ? कसरी कसरी बाँचेर आइयो, उमेर भएको हुनाले । चार वर्ष गोलघरभित्र, शेरबहादुरजीलाई थाहा छ । गोलघरभित्र चार वर्ष, एक जना मान्छे नभेटी ६ वर्ष । म त बाहुनकै कोखबाट जन्मेको थिएँ नि त ? बाहुनको शासन क्या मजा छ, नेल हथकडी ठोकेको छ । गोलघरमा हालेको छ, १४ वर्ष झ्यालखानामा राखेको छ ।

त्यसकारण हामीले कुनै भ्रममा पर्नुहुँदैन । हामी हिजोको सामन्ती शासनबाट मुक्त भएका छौँ । अब नेपाली जनता सबै जातिका जनता, १ सय २५ जातजाति यस देशमा बस्छौँ, १ सय २३ भाषाभाषी बस्छौँ । सबै जातिको, सबै भाषाको, सबै संस्कृतिको उत्थान हुनुपर्दछ, संरक्षण हुनुपर्दछ, विकास हुनुपर्दछ । सबैको विकासस्वरूप नेपालमा राष्ट्रको विकास हुनुपर्दछ, नेपाली जनताको विकास हुनुपर्दछ । नेपाली जनता सुखी हुनुपर्छ भनेको गुरुङबाहेक अरू सुखी हुँदा नेपाली जनता सुखी हुन्छ ? तामाङबाहेक, मगरबाहेक अरू सुखी भयो भने नेपाली जनता सुखी हुन्छ ? राई वा लिम्बुबाहेक अरू सुखी भयो भने नेपाली जनता सुखी हुन्छ ? होइन, हिमाल, पहाड, तराई जुनसुकै, जहाँको

भए पनि जुनसुकै भाषाभाषी भए पनि, जुनसुकै जातको भए पनि र जुनसुकै पेसा अपनाउने भए पनि नेपाली जनता हो ।

हिजोका कुरा सुनेर हामी अल्मलिनु हुँदैन । अहिलेको सरकार सबै जातिको सरकार हो । यो सरकारले जनताको उत्थानको निम्ति काम गर्छ, विकासको निम्ति काम गर्छ । नेपालमा राष्ट्रिय गान एउटै छ । हामी सबैले एउटै राष्ट्रिय गान र एउटै राष्ट्रिय झण्डाको नाममा गोलबन्द हुने, एकताको भावनालाई अगाडि बढाउने काम गर्नुपर्दछ । कसैले कसैमाथि अन्याय, थिचोमिचो, विभेद गर्न पाइँदैन ।

तमु ल्होसारको यस सुखद अवसरमा म फेरि पनि तपाईंहरूलाई शुभकामना व्यक्त गर्न चाहन्छु । सबैमा धेरैधेरै शुभकामना !

(२०७२ पुस १५ गते तमु ल्होसारका अवसरमा
आयोजित कार्यक्रममा सम्बोधन)

१६

कला, साहित्य र संस्कृतिले देशलाई प्रतिबिम्बित गर्छन्

चलचित्र क्षेत्रका अगुवा साथीहरू र सम्पूर्ण कलाकार साथीहरू, आज एउटा राम्रो काम प्रारम्भ भएको छ, नेपाली जनताले मनोरञ्जन प्राप्त गर्नेछन् । मैले अहिलेसम्म सबै हेरेको छैन, यसमा सन्देश र शिक्षाका पाटा पनि अवश्य नै होलान् भन्ने मैले ठानेको छु ।

कला, साहित्य, सङ्गीत र खेलकुदको विकासको स्तरले देशको विकासको स्तरलाई प्रतिबिम्बित गर्छ । देश कहाँ छ, त्यस कुरालाई प्रतिबिम्बित गर्छ । अझ कला, संस्कृति र साहित्यको स्तरले देशको सांस्कृतिक स्तर कस्तो छ, देशको चेतनाको स्तर कस्तो छ र देशको वर्तमान कस्तो छ भन्ने कुरालाई प्रतिबिम्बित गर्छ । यस अर्थमा कला, साहित्य र संस्कृति धेरै महत्वपूर्ण छन् ।

हाम्रो देश कला र संस्कृतिको क्षेत्रमा बहुतै पुरानो इतिहास भएको देश हो । कला, गायन, सङ्गीत, वाद्यवादन, नाटक र अभिनयको क्षेत्रमा यो देश, धर्तीको यो भूभाग इतिहासमा धेरै अगाडि रहिआएको थियो । वास्तवमा सङ्गीत, वाद्यवादन, धुनहरू यहीँ प्रकट भए, यहीँ आविष्कार भए । उहिले-उहिले पनि हाम्रा पूर्वजहरू मनोरञ्जन मन पराउँथे । काममा र त्यसबेलाको जीवनअनुसार जीवनका विविध पक्षहरूमा पनि तिनीहरूको रुचि थियो । उनीहरू मेहनती थिए, सँगसँगै मनोरञ्जन पनि खूब मन पराउँथे । संसारमा सोमरस अन्त उत्पत्ति भएको थिएन होला, त्यसबेला नेपालमै उत्पत्ति भएको हुनुपर्छ । चाडहरू, पर्वहरूको पनि प्रादुर्भाव यहीँ भएको थियो । हामी हाम्रा पुर्खाहरूको बारेमा बुझ्न सक्छौँ, हाम्रा पुर्खाहरूले कस्ताकस्ता अन्वेषण गरेका थिए भन्ने कुरा ।

हाम्रो देश आशुकविहरूको देश हो । हाम्रो देश प्रतिभाहरूको देश हो । साङ्गीतिक र सांस्कृतिक प्रतिभाहरूको देश हो । वनमा गाई चराउँदा चराउँदै धेरै वटा गीत आविष्कार हुन्छन् । घाँस काट्दाकाट्दै, दाउरा खोज्दाखोज्दै धेरै वटा गीत आविष्कार गरिन्छन् । तिनले लय प्राप्त गर्छन् । नेपालीमा मैले सुनेको छु, गीत नै छ - दोहरीमा कुरा गर्छौं भन्ने । दोहरीमा अथवा गीतमा, सङ्गीतमा, धुनमा तादात्म्यताका साथ कुरा गर्नु, सङ्गीतमय पाराले कुरा गर्नु, कवितामय पाराले कुरा गर्नु, गीतमय पाराले कुरा गर्नु, कुरा नै गीतबाट गर्नु सजिलो अवश्यनै होइन । एउटा गीतको रचना गर्न एउटा गीतकारलाई निक्कै गाह्रो पर्छ, हम्मेहम्मे पर्छ, तर हाम्रो गाउँघरतिर उहिलेदेखि गीतकारहरूले तत्काल चाहिएका गीतहरू रचना गर्छन् र गाउँछन् । हाम्रो त्यो परम्परा छ ।

जे होस्, यो सांस्कृतिक परम्पराहरूको धनी देश हो । यस देशमा परम्परागत हिसाबले, इतिहासको हिसाबले हामी धनी छौं । आज विज्ञान र प्रविधिले उन्नति गरेको छ । विज्ञान र प्रविधिलाई हाम्रा सम्पन्नतासँग, हाम्रा पुराना वैभवहरूसँग हामी मिश्रित गर्न सक्छौं र उन्नतस्तरको कला, संस्कृति हामी सिर्जना गर्नसक्छौं । हामी चिन्तकहरूका, कलाकारहरूका, कविहरूका, गीतकारहरूका, सङ्गीतज्ञहरूका सन्तान हौं । यसमा आजको विज्ञान प्रविधि मिसाएपछि त्यसले स्तरीयता प्राप्त गर्न सजिलो हुन्छ । उहिलेदेखि नै सुमधुर स्वरमा हाम्रा कलाकारहरू, गायकहरू, गायिकाहरू गाउँथे । एउटा गायकले गाइदिएपछि धेरै युवतीहरू त्यो स्वरमा हुरुक्क हुन्थे । एउटी गायिकाले गाएपछि धेरै युवकहरू भुतुक्क हुन्थे । त्यसमाथि हाम्रा भोकल ट्रेनिङहरू आएका छन् । हाम्रा पुर्खाले सप्तस्वर बनाएका थिए, त्यसलाई अहिलेसम्म कसैले च्यालेञ्ज गर्न सकेको छैन । फल्याटमा जाऊ, सार्पमा जाऊ, जेसुकै भने पनि त्यही हो । हाम्रो पुर्खाले हजारौं वर्ष अगाडि त्यो आविष्कार गरे । आधुनिक विज्ञान प्रविधि, आजको लाइटिङ, आजको विज्ञान-प्रविधिले हामीलाई दिएका अरू चीजहरूको सुविधा सबै मिसाएर हामी हाम्रो कलासंस्कृतिलाई उन्नत गर्नसक्छौं ।

मैले भनेको छु, गोरखा जिल्लाको पश्चिमी-दक्षिणी भूभाग, तनहुँको पूर्वी, मर्स्याङ्दीको किनारतिर, लमजुङको दक्षिणतिर, गोरखाको पालुङटार, चुँदीरम्घा, भानु गाविसको यो क्षेत्र, भोटेओढारतिर मैले एउटा स्मार्ट सिटीको परिकल्पना गरेको छु र त्यस स्मार्ट सिटीमा अत्यन्तै सुविधासम्पन्न, अन्तर्राष्ट्रियस्तरको फिल्म सिटी पनि बनाउने भन्ने मैले योजना राखेको छु, जहाँ पछिल्लो पुस्तामा

होइन, तपाईंहरूकै पुस्तामा केही वर्षभित्र तपाईंहरूले यस फिल्म सिटीमा आफ्नो इन्डस्ट्रीलाई, आफ्नो सीपलाई, आफ्नो ज्ञानलाई, आफ्नो कलालाई बढी मुखरित गर्ने अवसर पाउनुहुन्छ भन्ने मैले विश्वास लिएको छु । तपाईंहरूले फिल्म सिटी दोलखाको डाँडोमा राख्ने कुरा गर्नुभएको छ, दुई दिन घाम लाग्छ, दुइ घण्टा । मैले अलिक अगाडि पनि कलाकार साथीहरूसँग भेटें । हिरोसँग साह्रै रिस उठेका बेला हिरोइनले गएर खोलामा हाम्फाल्ने पनि ठाउँ हुनुपर्छ । अनि हिरोले त्यहाँ बचाउनु नि पऱ्यो । त्यहाँ पुल चाहियो । झोलुङ्गे पुल चाहियो । गाडीमा स्वाट्ट माइत हिडँ भनेर हिँड्ने ठाउँ पनि चाहियो । दोलखाको डाँडामा त्यो सम्भव छैन । मैले सङ्केतमात्र गरेको छु ।

यहाँ एउटा नयाँ कृतिको सुरुआत गरिएको छ । मलाई खुसी लागेको छ । यस्तो अवस्थामा पनि तपाईंहरू सिर्जना गरिरहनुभएको छ । यस्तो प्रतिकूलतामा पनि सिर्जना गरिरहनुभएको छ, । यस्तो अभावका बीचमा पनि सिर्जना गरिरहनुभएको छ । म तपाईंहरूलाई धन्यवाद भन्न चाहन्छु, बधाइ भन्न चाहन्छु । यसभित्र तपाईंहरूका उद्देश्य मैले जो सुनें, प्रशंसायोग्य छन्, ती उद्देश्यहरूको म प्रशंसा गर्न चाहन्छु । जे होस् तपाईंहरूका उद्देश्य सफल रहून् ।

म लामो समय लिएर धेरै कुराहरू भन्न चाहन्न । नेपाललाई विकसित बनाउनु छ, आधुनिक बनाउनु छ। आधुनिक बनाउँदा हाम्रा गौरवपूर्ण परम्पराहरू, हाम्रा सुन्दर सम्पन्न संस्कृतिहरू, हाम्रा विविधताको सम्मान गर्नुपर्छ । यो विविधता हाम्रो सम्पन्नता हो । ती भौगोलिक, भाषिक, जातीय अनेक प्रकारका छन् । मैले रेडियोमा कसले गायो भनेर त्यति ध्यान दिन पाउँदिन तर पूर्वतिरको राईले गायो भने म थाहा पाउँछु, यो राईको स्वर हो । म कुनचाहिँ गायक हो भनेर धेरै थाहा पाउँदिन, तर यो राईले गाएको हो भन्नेचाहिँ थाहा पाउँछु । यसको अर्थ के हो भने हाम्रा गायनभित्र पनि आफ्ना छाँटकाँटहरू छन् । आफ्ना तरिकाहरू छन् । आफ्ना विशेषताहरू छन् । कहीँ न कहीँ, कतै न कतै त्यो विशेषता मिसिएको हुन्छ । माया लाएको गीत सुन्यो भने त्यहाँ कतै न कतै कलाकारमा मायालु मात्र मिसिएको हुँदैन, त्यहाँ राई पनि मिसिएको हुन्छ । हाम्रा ती सम्पन्नतालाई सम्मान गर्ने, यी विविधतालाई सम्मान गर्ने, तिनको विकास गर्ने, पारस्परिक सहयोगको भावनाले अगाडि बढाउनुपर्छ । नेपाल हाम्रो हो, हामी नेपालीहरूले नेपाललाई कसैले हेप्न, मिच्न नसक्ने गरी समृद्ध बनाउनुपर्छ । धेरै वर्ष लाग्दैन, यहाँ त काम नगर्ने, काम गर्न नदिने, कुरा गर्ने, कुरा काट्ने

प्रवृत्ति धेरै छ । ती प्रवृत्तिहरूलाई तोड्न म यस ठाउँमा आएको छु । यसलाई तोडेर हामी अगाडि बढ्छौँ ।

कला, सङ्गीत र फिल्मका क्षेत्रमा के कस्तो सहयोग पुऱ्याउनुपर्छ, सरकार तयार छ । फिल्म क्षेत्रलाई साधनस्रोतका हिसाबले हलिउड र बलिउडको स्तरमा पुऱ्याइहाल्छु भन्ने कुरा म गर्न चाहन्न । तैपनि हामी आफ्नो अवस्थाबाट तीव्रताका साथ अगाडि बढ्छौँ । त्यसमा मेरो सहयोग हुन्छ । तपाईहँरूलाई धन्यवाद । आज हामीले जुन सुरुआत गरका छौँ, 'फूलैफूलको मौसम तिमीलाई !' कति राम्रो नाम छ, यो सफल रहोस् । शुभकामना छ !

('फूलैफूलको मौसम तिमीलाई' को समारोहमा
कलाकारहरूका बीच प्रस्तुत मन्तव्य)

२७

म भन्छु – हामी एकताबद्ध भएरै अगाडि बढ्नुपर्छ

नेपाली काङ्ग्रेसका सभापति एवम् विपक्षी दलका नेता, पूर्वप्रधानमन्त्री सुशील कोइरालाज्यू, उच्चस्तरीय राजनीतिक समन्वय समितिका संयोजक तथा एनेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड)ज्यू, नेकपा (एमाले) लगायत विभिन्न पार्टीका नेताज्यूहरू, माननीय उपप्रधानमन्त्रीज्यू र मन्त्रीज्यूहरू, माननीय सांसदज्यूहरू र उपस्थित साथीहरू,

यहाँहरू सबैलाई म यस सङ्क्षिप्त भेटघाट र दिवाभोजसमेतको कार्यक्रममा हार्दिक स्वागत गर्न चाहन्छु । यहाँ हामी केही औपचारिकताका थोरै शब्दहरू मात्रै प्रयोग गरिरहेका छौँ । म यस कार्यक्रममा उपस्थित सबै साथीहरूलाई फेरि पनि हार्दिक स्वागत गर्न चाहन्छु ।

हामीले लगातार लोकतान्त्रिक अभ्यास गरेका छौँ र त्यस अभ्यासलाई प्रतिफलयुक्त बनाएका छौँ । हाम्रो राजनीतिक यात्रा सकारात्मक दिशामा उपलब्धिका साथ अगाडि बढिरहेको छ । हामीले केही समय अगाडिमात्रै संविधानसभाबाट नेपालको संविधान जारी गरेका छौँ । त्यसपछि हामीले संविधानको कार्यान्वयनको अभ्यास र अवधि प्रारम्भ गर्यौँ । तत्सम्बन्धमा हामी केही अगाडि बढिसकेका छौँ । हामीले संविधानको कार्यान्वयनकै सन्दर्भमा संविधान जारी भएपछि त्यसको कार्यान्वयनको प्रसङ्गमा नै राष्ट्रपतिको निर्वाचन गरिसकेका छौँ । हामीले सोचेका थियौँ, राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन एकैचोटि गछौँ तर केही प्राविधिक, संवैधानिक अप्ठ्यारोहरू रहेछन्, जसका कारण हामी उपराष्ट्रपतिको निर्वाचन पर्सि गर्नेछौँ । आज तीन बजे नवनिर्वाचित राष्ट्रपतिज्यूलाई शपथग्रहण गराउने कार्यक्रम छ र हामी त्यहाँ

बधाइ ज्ञापन पनि गर्छौं । त्यसपछि २ घण्टापछि निवर्तमान राष्ट्रपति जो बिदा हुँदै हुनुहुन्छ, उहाँको विदाइ कार्यक्रम पनि हामीले राख्देका छौं ।

राष्ट्रपति निर्वाचनचाहिँ हामीले पहिले पनि गरेका थियौं । राष्ट्रपतिको शपथग्रहण र राष्ट्रपतिलाई कार्यालयमा प्रवेशको व्यवस्था मिलाउने जस्ता कामहरू अहिले गरेका छौं । त्यो एउटा नयाँ अभ्यास नै भए पनि हामीसँग एउटा नजिर थियो । कार्यकाल टुङ्ग्याएर निवर्तमान राष्ट्रपतिलाई विदाइ गरेको हामीसँग कुनै नजिर, दृष्टान्त छैन, अनुभव छैन । त्यसकारण हामीले नयाँ कुरा पनि बनाउनु पर्नेछ ।

सम्पूर्ण नेताज्यूहरू र माननीयज्यूहरू, माननीय सांसदहरू, हामीमध्ये कोही संसदभित्र वा हिजोको संविधानसभाभित्र रहेका छौं, थियौं वा थिएनौं अथवा कोही सत्तापक्ष वा प्रतिपक्षमा हौंला, तर पनि हामी हरेकले संविधान निर्माणको सन्दर्भमा आफ्नो ठाउँबाट आफ्नो ढङ्गले प्रयासहरू केन्द्रित गरेका हौं । सकारात्मक योगदान गरेका हौं । यस्तो स्थितिमा यहाँसम्म ल्याइपुऱ्याउने काममा जुन सक्रिय सहभागिता हामी सबैको रहेको छ, योगदान रहेको छ, त्यसका निम्ति सम्पूर्ण नेताज्यूहरूमा, राजनीतिक दलहरूमा र माननीय सांसदज्यूहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

हिजो राष्ट्रपति निर्वाचित हुनुभएको छ । शपथग्रहण कार्यक्रम ३ बजे छ, त्यस कार्यक्रममा हामी बधाइ ज्ञापन गर्नेछौं, शुभकामना व्यक्त गर्नेछौं । म सबै नेताज्यूहरू, माननीयज्यूहरू र सबै साथीहरूलाई त्यस कार्यक्रममा सरिक हुन आग्रह गर्दछु । यदि कार्ड पुगेको छैन, निम्ता पुगेको छैन भने यहींबाट अहिले नै आमन्त्रण गर्न चाहन्छु, साथीहरूलाई । हार्दिक निमन्त्रणा छ, त्यस कार्यक्रमको आयोजना मैले नै गर्ने हो। त्यसकारण म सबै साथीहरूलाई हार्दिक आमन्त्रण गर्न चाहन्छु ।

अब एकछिन पछिदेखि पूर्व राष्ट्रपतिज्यू भन्नुपर्ने निवर्तमान राष्ट्रपतिज्यूले यी बितेका वर्षहरूमा राष्ट्रप्रमुखका हैसियतले देशमा अत्यन्तै ठूलो योगदान गर्नुभएको छ, महत्वपूर्ण योगदान गर्नुभएको छ, त्यसका निम्ति हामी उहाँप्रति आभारी छौं । हामी उहाँलाई धन्यवाद दिन्छौं ।

अहिले देशले केही समस्याहरू झेलिरहेको छ । अनावश्यक ढङ्गले समस्या झेल्नुपरिरहेको छ । कुनै औचित्यपूर्ण कारण भएर होइन, त्यसै समस्या भोग्नुपरेको छ र गम्भीर समस्या भोग्नुपरेको छ । यस्तो बेलामा जनताले पाएको दुःखमा म संवेदनशील छु । सरकार संवेदनशील छ । म ठान्छु, हामी सबै संवेदनशील छौँ । ती समस्या समाधान गर्न हामी लागिरहेका छौँ । एकताबद्ध भएर नै यी समस्याहरूको समाधान गर्ने प्रयासलाई मैले अगाडि बढाउनेछु, यद्यपि यसको अगुवाइ स्वाभाविकरूपले सरकारले गर्नुपर्छ र गर्नेछ ।

अहिले सरकारमा रहेको, सरकारको नेतृत्व गरिरहेको र सरकारमा रहेका दलहरूको समग्रको तर्फबाट म सबै साथीहरूलाई भन्न चाहन्छु, हामीले लोकतान्त्रिक अभ्यास गरेका छौँ, प्रधानमन्त्रीकै पनि निर्वाचन भयो, राष्ट्रपतिकै निर्वाचन भयो, त्यसमा जसरी जनताले अपेक्षा गरेको हो त्यसअनुसार कता-कति हामी जानसकेनौँ होला, तैपनि हामी राष्ट्रिय हितहरूको, जनताका सुखसुविधाहरूको, जनताले भोग्नुपरेका समस्या हटाउने सन्दर्भमा र देशलाई विकासको बाटोमा अगाडि बढाउने सन्दर्भमा एक छौँ भन्ने कुरामा म विश्वास गर्छु । अहिलेको सरकारको नेतृत्व गरिरहेको पार्टीको तर्फबाट र सरकारको नेतृत्व गरिरहेको प्रधानमन्त्रीको हिसाबमा म के स्पष्ट राख्न चाहन्छु भने अहिलेको सरकार सरकारमा रहेका मेरो पार्टीलगायत सम्पूर्ण पार्टीको सहमतिका साथ अगाडि बढ्न चाहन्छ । हामी सबैमा आग्रह पनि गर्न चाहन्छौँ - हामी मिलेर अगाडि बढौँ । हाम्रा अगाडि केही समस्याहरू छन्, ती समाधान गरौँ । संविधानको संशोधन गर्नुपर्ने, कानुनको निर्माण गर्नुपर्ने, कानुनको संशोधन गर्नुपर्ने, सङ्घीय मामिलासम्बन्धी प्रश्न जसले एउटा संविधानसभालाई संविधान बनाउन नदिइकन असफल बनायो, अर्को संविधान सभामा जटिलताहरू बनेका छन्, केही साथीहरू त्यस प्रश्नमा संविधानसभा वा संसदबाट समेत बाहिर छन्, त्यस्तो अवस्थामा सङ्घीयताको प्रश्न, त्यसका सङ्रचनाको, नामको, सिमानाको अथवा यी सबै प्रश्नमा हामी खुला छौँ । यी सबै प्रश्नहरू देशका लागि, नेपालको दीर्घकालीन हितका लागि, सार्वभौमसत्ता, स्वतन्त्रता, भौगोलिक अखण्डताका लागि, राष्ट्रिय हितका लागि अनुकूल हुने गरी हामी अगाडि लान तयार छौँ । यसमा विभिन्न पक्षका मागहरूलाई सम्बोधन गर्न हामी तयार छौँ । यो म साथीहरूलाई विश्वास दिलाउन चाहन्छु ।

आन्दोलनरत साथीहरूलाई, पार्टीहरूलाई, पक्षहरूलाई अनुरोधका साथ भन्न चाहन्छु - यो आत्मघाती गोलजस्तो भयो । खेलहरूमा कहिलेकहिले खासगरी फुटबलमा आत्मघाती गोल भन्ने हुन्छ । आफ्नो सिमानामा आफूले अवरोध गर्ने, आफैँले नाकाबन्दी गर्ने, आफैँले ग्याँस, पेट्रोल भित्र ल्याउन नदिने, अनि आफैँ घरमा आएर तेल छैन, ग्याँस छैन भनेर नराम्रो मान्ने । त्यसो गर्नु भएन । अरू उद्देश्यहरू त्यसभित्र मिसिएका छन् भने पनि बोर्डरमा गएर नबसिदिए पछि त कसैले केही भन्ने ठाउँ नै हुँदैन । अरूले यसो गरे, बाटो छेके, त्यसकारण आएन भन्ने ठाउँ नै हुँदैन । नेपाली जनतालाई नै कष्ट पर्ने, नेपाली जनताको चुल्हो बाल्न गाह्रो पर्ने, नेपाली जनताले सवारी साधन चलाउन नपाउने, नेपालका एम्बुलेन्स चल्न नपाउने, नेपालका बालबालिकाले, विद्यार्थीले पढ्न नपाउने, नेपालका मजदुरहरूले काम गर्न नपाउने र नेपालको अर्थतन्त्र, नेपालको व्यापार बर्बाद हुने, नेपाली उत्पादनहरू बर्बाद हुने, नेपाली उत्पादनहरू बर्बाद हुने यसप्रकारका कामहरू गर्नु उपयुक्त हुँदैन । त्यसकारण म आग्रह गर्न चाहन्छु, यस्ता कुराहरूलाई कसैले यदि बाहाना बनाएर नै केही गर्न चाहन्छ भने त्यो बाहाना किन बनाइदिने ? म नेपालका सम्पूर्ण राजनीतिक पार्टीहरू, नेताजीहरूलाई सिमानाका नाकाहरूमा समस्या पैदा नगर्नका निम्ति, त्यहाँको आवागमनजस्ता कुराहरूलाई व्यवधान पुऱ्याउने काम नगर्नका लागि अनुरोध गर्न चाहन्छु।

हामी सम्वादबाट कुराहरू टुङ्ग्याउन सक्छौँ । सम्वादबाट, कुराकानीबाट उहाँहरूका सबै जायज मागहरूलाई हामी सम्बोधन गर्नसक्छौँ, माग पूरा गर्नसक्छौँ र अगाडि बढ्नसक्छौँ । अरू विभिन्न प्रयासहरू पनि हामी गरिरहेका छौँ । यसबीचमा हाम्रा प्रयासहरू सबै माननीयज्यूहरू, नेताज्यूहरू र साथीहरूलाई थाहा छ भन्ने म ठान्छु । त्यसकारण यसमा मैले धेरै भनिरहनु पर्ला जस्तो मलाई लाग्दैन र म विश्वस्त छु, केही दिनभित्र केही समयभित्र यसको समाधान निस्कनेछ ।

हिजो राष्ट्रपतिमा निर्वाचित सम्माननीय विद्या भण्डारीजीले नेकपा (एमाले), त्यसको उपाध्यक्षको पद, त्यसका अन्य कमिटीहरूका पद, त्यसको सदस्यताको जिम्मेवारी, सांसदको जिम्मेवारी समेतबाट अवकाश लिनुभएको जानकारी आइसकेको छ, त्यो म साथीहरूलाई अवगत गराउन चाहन्छु ।

फेरि एकपल्ट म साथीहरू, नेताज्यूहरू, सभासद्ज्यूहरू सबैलाई यस कार्यक्रममा हार्दिक स्वागत गर्न चाहन्छु । सबै साथीहरूलाई दिवाभोजमा सरिक हुन हार्दिक अनुरोध गर्न चाहन्छु ।

(२०७२ साल कार्तिक १३ गते प्रधानमन्त्री निवास, बालुवाटारमा आयोजित विभिन्न पार्टीका नेता तथा सांसदहरूबीचको भेटघाट एवम् दिवाभोज कार्यक्रममा व्यक्त विचारहरू)

१८

मानवअधिकार मेरो नैसर्गिक मान्यता हो

मानवअधिकार आयोगका अध्यक्ष ज्यू तथा माननीय सदस्यहरू, आज मानवअधिकार आयोगको १७ औँ स्थापना दिवस । १६ वर्षअघि यस आयोगको स्थापना भएको थियो । नेपालमा मानवअधिकार आन्दोलनको इतिहास निक्कै लामो छ । मानवअधिकार आन्दोलनलाई, मानवअधिकारसम्बन्धी नेपाली जनताका चाहनालाई संस्थागत गर्नका लागि संवैधानिकरूपमा मान्यता दिने र त्यसलाई तदनुसार अगाडि बढाउने सोचअनुरूप १६ वर्ष अगाडि राष्ट्रिय मानवअधिकार आयोगको स्थापना भएको थियो ।

निश्चय नै हाम्रो समाज एउटा निर्दलीय परिपाटीबाट, निरङ्कुशतन्त्रबाट आयो । हामीले निरङ्कुशता विरुद्ध र निर्दलीयताका विरुद्धमा मानवको बाँच्न पाउने अधिकारका लागि लामो समयदेखि सङ्घर्ष गर्‍यौँ । त्यसकै परिणामस्वरूप निरङ्कुशतन्त्र समाप्त भयो । लोकतान्त्रिक प्रणाली आयो । मानव अधिकारको स्थापना सम्भव भयो । आज हामी गणतन्त्रात्मक अवस्थामा छौँ । हाम्रा सङ्घर्षहरूले एकपछि अर्को सफलता प्राप्त गरेका छन् । मानवअधिकारको अवस्थामा ठूला सफलता प्राप्त गरेका छौँ ।

अहिले पछिल्लो समयमा नेपालको संविधानसभाबाट जुन संविधान जारी भएको छ, त्यस संविधानले नेपाली जनताका मानवअधिकारसम्बन्धी आकाङ्क्षाहरूलाई मूर्तरूपमा व्यवस्थित गरेको छ । अहिले हामी मानवअधिकारको सुरक्षित अवस्थामा छौँ ।

वस्तुतः र व्यावहारिकरूपमा मानवअधिकारको अवस्थालाई कसरी अझ सदृढ गर्न सकिन्छ, सुनिश्चित गर्न सकिन्छ त्यस दिशामा काम गर्नुपर्छ । म

सरकारको तर्फबाट भन्न चाहन्छु सरकारको नेतृत्व प्रधानमन्त्रीको हैसियतमा मैले गरिरहेको छु । मैले आधा शताब्दीदेखि मानवअधिकारका निम्ति अनवरत सङ्घर्ष गरिरहेको छु । मानवअधिकार मेरो आवधिक जिम्मेवारी होइन, आजीवनको मेरो आस्था हो । आजीवनको मेरो सङ्घर्ष हो । मानव अधिकार मेरा निम्ति कुनै निर्धारित, आवधिक, निर्दिष्ट वा प्रदत्त कुराभन्दा पनि मेरो नैसैर्गिक मान्यता पनि हो । त्यसैरूपमा मैले मानवअधिकारलाई लिएको छु । त्यसैका निम्ति मैले लामो समयदेखि सङ्घर्ष गरेको छु । जनताको बाँच्न पाउने, समान अधिकार, समान अवसर, सुरक्षा र सम्मान प्राप्त गर्ने मानवअधिकारका जुन मूलभूत कुराहरू हुन् तिनीहरूप्रति म अत्यन्तै प्रतिबद्ध छु ।

मानवअधिकारको क्षेत्रमा हामीले अझ माथि, अझ उचाइमा जानुपर्छ भन्ने म ठान्छु । सर्वत्र राजनीतिक भागबण्डाका परिपाटीहरू र त्यसका प्रतिबिम्बहरू अहिले पनि देखिन्छन् । त्यसलाई हामीले अन्त्य गर्नुपर्छ । मानवअधिकार एउटाले हेर्दा एक खालको, अर्कोले हेर्दा अर्को खालको होइन, मानवअधिकार मानव अधिकार हो । एकनासको हुन्छ, एकनासकै हुनुपर्छ । यो विनासङ्कोच, विनास्वार्थ सबैलाई उपलब्ध हुनुपर्छ । मैले विश्वास गरेको छु, मानवअधिकारसम्बन्धी चेतनामा हामी अगाडि नै छौँ, पछाडि छैनौँ । समानताको प्रश्न, सुरक्षाको प्रश्न, सम्मानको प्रश्न, अधिकारको प्रश्न,न्यायको प्रश्नजस्ता कुराहरूमा हाम्रो संविधानले नेपाललाई पछाडि राख्नेको छैन, नेपाललाई अग्रभागमै राख्नेको छ । मानवअधिकारको विषयलाई हामीले सामान्यतया एउटा बाँच्न पाउने, दुःखकष्ट नपाउने विषयका रूपमा लिने गर्दछौँ । दुःखकष्ट पाउनु भनेको मानवअधिकार होइन । दुःखकष्ट, गरिबी मानवअधिकार विपरीतका कुरा हुन् तर हामीले एउटा कुरा के बुझ्नुपर्छ भने गरिबी अहिलेको अहिल्यै नेपालबाट हटाइहाल्न सकिँदैन होला । गरिबी हटाउने प्रयासचाहिँ अहिले तीव्रताका साथ चलेको छ ।

गरिबी उहिलेदेखि थियो । गरिबी भो, जनताले खान पाएनन् भन्ने कुरा सरकारले मानवअधिकार उल्लङ्घन गरेको बिषय होइन तर यसलाई हटाउन सरकार प्रयत्नशील रहनैपर्छ । वर्तमान सरकार त्यसमा प्रतिबद्ध छ । गरिबी हटाउने कुरामा सरकार तीव्रताका साथ लागिपरेको छ । भूकम्प आयो, ठूलो क्षति भयो । ९ हजार मान्छेको बाँच्न पाउने अधिकार खोसियो । घाइते हुनु पनि मानवअधिकार विपरीत हो तर यो कसैले हनन् गरेको विषय नभएर प्राकृतिक विपत्ति हो ।

हामीले नेपाली समाजका कतिपय पक्षहरूलाई बुझ्नैकै छौँ । हाम्रो आपूर्ति व्यवस्था हामी सबैलाई थाहै छ । त्यसले पैदा गरेका कतिपय कुराहरूलाई पनि हामीले देखिरहेकै छौँ । हामीले आधारभूतरूपमै मानवअधिकारको प्रत्याभूति गराउने कुरा गरेका छौँ । सबभन्दा बढी चासो राज्यको हुन्छ । यसमा अन्यको पनि भूमिका हुन्छ । अरू कुनै सङ्गठित समूह र व्यक्तिसमेतले बलप्रयोग गरेर बलजफ्ती वा हिंसात्मकढङ्गले कसैको अधिकारको उल्लङ्घन गर्न नपाओस् । मानवअधिकारको सरोकारको क्षेत्र र विषय प्रमुखरूपमा यो पनि हो । यसमा सरकार विल्कुलै दृढ छ ।

यतिबेला मानवअधिकार आयोगको कार्यालय नै भत्केको अवस्थामा छ । आयोगको कार्यालय नै पाल, त्रिपालमुनि राख्नुपरेको छ । मैले सरकारको नीति कार्यक्रममा पनि यो कुरालाई सामेल गरेको छु । विभिन्न कार्यलयहरूको पुनःनिर्माणको सन्दर्भमा मानवअधिकार कार्यालयको पनि पुनःनिर्माण गरिन्छ भनेको छु । यसमा हामी तीव्रताका लागिरहेका छौँ ।

राजनीतिक असहमतिहरूलाई सम्वादको माध्यमबाट समाधान गर्न सरकारले ध्यान दिइरहेको छ । असन्तुष्ट पक्षहरूलाई हामीले वार्तामा बोलाइराख्वेका पनि छौँ । अनौपचारिक ढङ्गले कुरा भइरहेको पनि छ । हामी सम्वादबाटै समस्याको समाधान गर्नेछौँ ।

आज, मानवअधिकार दिवसको सन्दर्भमा म सरकारको तर्फबाट फेरि एकपटक भन्न चाहन्छु - अहिलेको सरकारले कहीँ पनि, कतै पनि मानवअधिकार उल्लङ्घन हुन दिनेछैन । मैले अघि नै पनि भनेँ - मानवअधिकार मेरो आवधिक विषय नभएर आजीवन विषय हो । त्यसमा म प्रतिबद्ध छु । सरकार पनि प्रतिबद्ध छ ।

(२०७३ जेठ १३ गते मानव अधिकार आयोगको स्थापना दिवसमा प्रस्तुत मन्तव्य)

२९

अर्को इतिहास आरम्भ भएको छ

यस संयुक्त संसदीय दलको बैठकमा उपस्थित हुनुभएका एनेकपा (माओवादी) का अध्यक्ष, पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डज्यू, पूर्वप्रधानमन्त्री झलनाथ खनालज्यू, पूर्वप्रधानमन्त्री माधवकुमार नेपालज्यूलगायत सबै दलका नेता साथीहरू, माननीय मन्त्रीज्यूहरू, सांसदज्यूहरू र अन्य साथीहरू ।

आज हामी एउटा इतिहासको रचना गर्ने मोडमा, यस घडीमा यहाँ उपस्थित भएका छौँ । हामीले साधारण काम गरेको जस्तो लाग्छ, एउटा कागजमा यसो रेजा चिन्ह लगाउँछौँ, तर त्यो चिन्ह राष्ट्रलाई नयाँ बाटोमा, नयाँ उचाइमा, नयाँ मोडमा र नयाँ दिशा दिएर अगाडि बढाउने चिन्ह हुन्छ । हामीले संविधान बनाउने सफलता प्राप्त गरेका छौँ । यो वास्तवमै ऐतिहासिक सफलता हो । हाम्रोजस्तो संविधानसभा जो बहुतै जटिल छ, त्यस्तो संविधान सभाबाट हामीले अत्यधिक सहभागिता र सहमतिमा संविधान जारी गर्ने सफलता पायौँ र नेपाली जनताको लामो समयदेखिको आकाङ्क्षालाई मूर्तरूप दियौँ । सङ्घर्ष र बलिदानका गाथाहरूलाई सम्मान गर्‍यौँ । उपलब्धिहरूलाई संस्थागत गर्‍यौँ । एउटा इतिहासलाई सुखद् ढङ्गले बिट मार्‍यौँ । अर्को इतिहास आरम्भ भएको छ र इतिहासको आरम्भ नयाँ सडकेतका साथ अगाडि बढेको छ ।

यतिबेला हामीले लिइरहेको बाटोले सर्वोपरिरूपमा देशभक्ति, जनताप्रतिको निष्ठा, विकास, उन्नति, अग्रगमन, परिवर्तनप्रतिको प्रतिबद्धताजस्ता कुराहरूलाई स्पष्ट पारेको छ । यस्तो बेलामा म सबै नेताज्यूहरू, माननीयज्यूहरूलाई यस बैठकमा हार्दिक स्वागत गर्न चाहन्छु । यो ऐतिहासिक घडीमा, यस प्रकारको बैठक यस्ता मोडहरूमा कहिलेकाहीँ मात्र बस्छ, यो पनि एउटा ऐतिहासिक घडी हो हाम्रा लागि । हामी एउटा नयाँ इतिहासको रचना गर्दैछौँ । नेपालमा हामीले

सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरेका छौँ, नयाँ संविधानले त्यसलाई संस्थागतरूप दिएको छ, जनता सार्वभौमसत्तासम्पन्न भएका छन् र सँगसँगै हामीले नयाँनयाँ कीर्तिमानहरू बनाउँदै गएका छौँ । इतिहास दोहोरिएको मात्र छैन, नयाँ इतिहासको रचना भइरहेको छ । सभामुख भन्ने शब्द लोकतन्त्र आएपछि उहिलेउहिले पनि अलि सुनिए, महिला सभामुख नयाँ इतिहास रचिएको छ । गणतन्त्र ल्यायौँ, राष्ट्रपति पनि बन्नुभयो । राष्ट्रपति भन्ने शब्द पनि अब नयाँ रहेन, तर महिला राष्ट्रपति भन्ने नयाँ इतिहास रचिएको छ ।

यस क्षण हामी इतिहासको निरन्तरताको, व्यवहारको निरन्तरताको, धर्मको निर्वाहमात्रै गरिरहेका छैनौँ, युगान्तकारी अर्थात् एउटा युगलाई अन्त्य गर्ने र अर्को युग प्रारम्भ गर्ने इतिहासको रचना गरिरहेका छौँ । यी हाम्रा अभ्यासहरू उन्नत छन्, मानवीय मर्यादा, गरिमा, सामाजिक न्याय र समानताजस्ता पक्षहरूलाई अत्यन्तै न्यायोचित ढङ्गले, वैज्ञानिक ढङ्गले, आधुनिक ढङ्गले, विकसित ढङ्गले अगाडि बढाउने सोच छ । यहाँनिर खाली लैङ्गिक सन्तुलनको मात्र प्रश्न होइन, यसले त्योभन्दा बढी हाम्रो समग्र सामाजिक न्याय, समानता र सन्तुलनतर्फका हाम्रा प्रयासहरूलाई जाहेर गरेको छ, प्रकट गरेको छ, प्रतिबद्धतालाई फेरि मुखरित गरेको छ । यस्तो बेलामा हामीले हाम्रा साझा उम्मेद्वारको रूपमा माननीय विद्या भण्डारीलाई अहिले ११ बजेबाट प्रारम्भ हुने राष्ट्रपति पदको निर्वाचनका लागि प्रस्तुत गरेका छौँ । उहाँ हाम्रो साझा उम्मेद्वार हुनुहुन्छ । यतिबेला म हामी सबैको तर्फबाट, हामीले भोट दिन त बाँकी नै छ, हामीले जिताउन त बाँकी नै छ, शुभकामना भन्न चाहन्छु ।

हामी साँच्चै नयाँ नेपाल निर्माण गर्ने उद्देश्य र उद्घोषका साथ अगाडि बढेका छौँ । नयाँ भावनाका साथ हामी विभिन्न दलहरू जुटेका छौँ, विभिन्न दलहरूको संयुक्त सरकार छ, म त्यसको प्रधानमन्त्रीको रूपमा काम गरिरहेको छु । म यहाँहरूलाई के भन्न चाहन्छु भने नेकपा (एमाले)को अध्यक्ष, संसदीय दलको नेताको हिसाबमा म प्रधानमन्त्री भएको छु, तर म एमालेको प्रधानमन्त्री होइन, देशको प्रधानमन्त्री हुँ । नेकपा (एमाले) का नेताजीहरू, माननीयजीहरू, कार्यकर्ताहरू र अरू पार्टीका नेताजीहरू, र कार्यकर्ताहरूलाई त्यसैरूपमा मलाई पनि र अहिलेको सरकारलाई पनि बुझिदिन हुन आग्रह गर्न चाहन्छु ।

देश बनाउने हाम्रो साझा सङ्कल्प छ, देश बनाउँछौँ । देश बनाउने अठोटका साथ हामी अगाडि बढ्छौँ । यस अठोटमा हामीले साझा उम्मेद्वारका

रूपमा विद्या भण्डारीजीप्रति विश्वास गर्नुपर्छ । राष्ट्रपति पदको मर्यादा, गरिमा, त्यसको निष्पक्षता, त्यसको संवैधानिकता, त्यसको राष्ट्र प्रमुखको हैसियतको गरिमा, यी सबै कुराहरूलाई बढाउनुहुनेछ, उहाँले समृद्ध गर्नुहुनेछ । उहाँले रक्षामन्त्री हुँदाखेरि पनि आफ्नो प्रभाव देखाउनुभएको थियो, अब नेपाली सेनाको परमाधिपतिसमेत र नेपालको राष्ट्रप्रमुखको हिसाबले समेत त्यस मर्यादालाई कायम राख्नुहुनेछ भन्ने विश्वास म व्यक्त गर्न चाहन्छु ।

(२०७२ कार्तिक १२ गते अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ वानेश्वरमा आयोजित संयुक्त संसदीय दलको बैठकमा व्यक्त गर्नुभएका विचार)

३0

शिक्षा नै देश विकासको पहिलो आधार

पोखरा विश्वविद्यालयको १३ औँ दीक्षान्त समारोहमा प्रमुख अतिथिको रूपमा उपस्थित हुनुभएका राष्ट्रकवि माधवप्रसाद घिमिरेज्यू, सहकुलपति शिक्षामन्त्रीज्यू, यस विश्वविद्ययालयका, उपकुलपति र अरू विश्वविद्ययालयका उपकुलपति साथीहरू, अरू विश्वविद्यालयसभाका सदस्य विद्वानहरू, उपस्थित हुनुभएका अभिभावक दाजुभाइ दिदीबहिनीहरू, आज पुरस्कृत हुने र दीक्षित हुने सम्पूर्ण विद्यार्थी भाइबहिनीहरू, यस विश्वविद्यालयसँग सम्बन्धित सम्पूर्ण प्राध्यापकहरू, कर्मचारी र अरू सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरू,

धेरै खुसीको कुरा हो - पोखरा विश्वविद्यालयको १३ औँ दीक्षान्त समारोह यहाँ अत्यन्तै भव्यताका साथ आयोजना भएको छ । यो समारोह एउटा कर्मकाण्ड मात्र होइन, विश्वविद्यालयले गरेका कामहरू, प्रतिफलका रूपमा विद्यार्थीहरूले गरेको मेहनत, अभिभावकको लगानी र सपनाजस्ता सबै चीजको एउटा किनारामा पुगेको असाधारण एउटा क्षण हो यो ।

पोखरा प्रकृतिले बनाएको असाधरण ठाउँ हो । प्रकृतिले असाधारण बनाएको यो ठाउँमा कुनै विश्वविद्याालय थिएन । केही वर्ष अगाडि पोखरा विश्वविद्यालय बन्यो । यो आवश्यक थियो । छोटो समयमा यस विश्वविद्यालयले महत्वपूर्ण योगदान पुऱ्याएको छ । आगामी दिनमा यसले अझै राम्रा र ठूल्ठूला योगदान गर्नुपर्नेछ । म यस विश्वविद्यालय परिवारलाई शुभकामना दिन चाहन्छु ।

पोखरा नेपालमा मात्रै हैन विश्वमै प्रसिद्ध स्थल हो । पर्यटकीय हिसाबले, प्राकृतिक सुन्दरताको हिसाबले फेवाताल, बेगनासताल, रूपातालजस्ता तालतलैयाहरू यहाँ रहेका छन् । त्यसै गरेर मनोरम हिम शृङ्खलाहरूले यसको

आकर्षण बढाएका छन् । हिमालहरूको काखमा अवस्थित यो पोखरा अत्यन्तै महत्वपूर्ण पर्यटकीय गन्तव्य हो । विश्वका पर्यटक यहाँ आइपुग्छन् । यस ठाउँको महत्वलाई हेरेर नै यहाँ अन्तर्राष्ट्रिय विमानस्थल बनाउने निर्णय सरकारले गरेको छ । २०७३ साल वैशाख १ गतेका दिन त्यसको आरम्भसमेत भइसकेको छ । अब पोखरा प्राकृतिक हिसाबले मात्र होइन विकास निर्माणका दृष्टिले पनि तीव्रतर प्रगतिको बाटोमा अगाडि बढेको छ ।

शिक्षा देश विकासको पहिलो आधार हो । मानवीय संसाधन, पहिलो सम्पत्ति, पहिलो क्षमता जे भने पनि त्यो संसाधनसँग जोडिएको एउटा महत्वपूर्ण कुरा भनेकै शिक्षा हो । हाम्रो शिक्षा कस्तो छ, कुन स्तरको छ, हामी कस्तो जनशक्ति तयार गर्छौं भन्ने कुराले हाम्रो देशको भविष्य, हाम्रो विकासको गति र हाम्रा गन्तव्यहरूलाई निर्धारण गर्छ । म यहाँहरू सबैमा आग्रह गर्न चाहन्छु - यी कुराहरूलाई ध्यानमा राख्वेर आगामी दिनमा आफूलाई तदनुसार अगाडि बढाउनुपर्छ । दक्ष जनशक्तिको उत्पादन गर्न र देश विकासका निम्ति आवश्यक आधुनिक विज्ञान प्रविधिका बारेमा थप खोज-अनुसन्धानसहित अगाडि बढ्नु अहिलेको आवश्यकता हो । आजको शिक्षाले देश विकास र जनताको जीवनस्तर उकास्ने कुरामा योगदान गर्नसक्यो भने नै त्यसको महत्व रहन्छ ।

यस विश्वविद्यालयको कुलपतिको हैसियतले म यहाँहरूलाई भन्न चाहन्छु - सरकारको तर्फबाट यस विश्वविद्यालयको उत्थानको लागि गर्नुपर्ने कामहरूमा सहयोग हुने नै छ । म कुलपति सँगसँगै देशको प्रधानमन्त्री पनि भएकाले म भन्न चाहान्छु - सरकार यस विश्वविद्यालयका समस्या समाधान गर्न, यसलाई अगाडि बढाउन, यसको उन्नति-प्रगतिका निम्ति अनुकूल वातावरण तयार गर्न सदैव तत्पर रहनेछ । ।

अहिले पनि हामीलाई डाक्टरहरूको अपर्याप्तता छ । अहिले पनि हामीलाई इन्जिनियरहरूको अपर्याप्तता छ । अहिले पनि हामीलाई म्यानेजमेन्ट र अरू क्षेत्रका विज्ञहरूको आवश्यकता छ । औपचारिक शिक्षामा जान नसक्ने देशको जुन जनसङ्ख्या छ त्यसलाई अनौपचारिक अथवा सीप विकासका कुराहरू, व्यावसायिक तलिमका कुराहरूमार्फत्, विभिन्न व्यवसायहरूमार्फत् देशलाई कृषि, उद्योग वा अन्य व्यवसायका क्षेत्रहरूमा अगाडि बढाउने सन्दर्भमा पनि सरकारको ध्यान गएको छ । हामी त्यसमा योजनाबद्ध ढङ्गले अगाडि बढ्न चाहन्छौं ।

आज देश एउटा अनुकूल वातावरणमा आएको छ । देशमा अनुकूल परि स्थितिको निर्माण भएको छ । हाम्रा सङ्घर्षका, लडाइँका समयहरू सिद्धिएका छन् । संविधान बनेर त्यसमार्फत् सामाजिक समानता र सम्मानका हाम्रा चाहनाहरू अथवा राजनीतिक अधिकारका चाहनाहरू संविधानमा व्यवस्थित भइसकेको अवस्था छ । यस्तो अवस्थामा हामी अब विकास निर्माणको कामतर्फ अगाडि बढ्नुपर्छ ।

म हाम्रा गुरूहरूलाई भन्न चाहन्छु - हामी तक्षशिलाको परम्पराबाट आएका हौँ । हाम्रा गौरवपूर्ण परम्पराहरू छन् । हामी अर्को विश्वविद्यालय नालन्दा विश्वविद्यालय, नालन्दाको परम्पराबाट आएका हौँ । गुरूकुलका परम्पराबाट आएका हौँ हामी । हामीलाई सबभन्दा बढ्ता जिम्मेवार, शालीन, ज्ञानले भरिपूर्ण हुन सिकाइएको छ । ज्ञानले ओतप्रोत तर घमण्ड गरेर गमक्क पर्ने, नबोल्ने संस्कार र परम्परा हाम्रो होइन । हामी ज्ञानले भरिपूर्ण हुन्छौँ तर अहङ्कार गर्दैनौ । हाम्रो शैक्षिक परम्पराको विशेषता नै त्यही हो । यो दीक्षान्त समारोह पनि अरूले अहिले पछिआएर गर्न थाले, तर हाम्रो परम्परामा यो कुरा उहिल्यै थियो । हाम्रा गुरूहरूले शिक्षा दिइसकेपछि आफ्ना शिष्यहरूलाई त्यो शिक्षाले सिकाएको कुरा समाजमा लागू गर्न र सबैलाई शिक्षित गर्ने, ज्ञान दिने काममा लगाउन दीक्षित समेत गर्ने गरेका थिए । गुरूहरूले दिने त्यो दीक्षा विद्यार्थीहरूका लागि आफ्नो भविष्यको निर्माण गर्ने मार्गदर्शन बन्थ्यो ।

म लामो समय लिन चाहन्न । पोखरा विश्वविद्यालयलाई यहाँसम्म ल्याइपुऱ्याउने कुरामा सहयोग गर्ने सबैप्रति म आभार व्यक्त गर्दछु । आज दीक्षित हुने विद्यार्थीहरूमा हार्दिक बधाइ ज्ञापन गर्न चाहन्छु ।

(२०७३ वैशाख ८ गते पोखरा विश्वविद्यालयको १३औँ दीक्षान्त समारोहमा प्रस्तुत मन्तव्य)

३१

सरकार जनताको सेवाका लागि समर्पित छ

यस कार्यक्रमका सभापतिज्यू, स्थापित नेता सोमनाथ अधिकारी प्यासीज्यू, माननीयज्यूहरू, नेताज्यूहरू, मेरा पुराना मित्रहरू, जेके थापा, शुक्रराज शर्मालगायतका पुराना जेलमेट साथीहरू र उपस्थित सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरू,

मलाई खुसी लागेको छ - हामीले भवनहरूको शिलान्यास गरेका छौँ, उद्घाटन गरेका छौँ र कृषि क्याम्पसको शुभारम्भ पनि गरेका छौँ ।

म यहाँ आउनसक्ने अवस्थामा थिइनँ तर दुईवटा कारणले म आएँ । एउटा, पोखरा विश्वविद्यालयको १३ औँ दीक्षान्त समारोह थियो । त्यसमा कुलपतिको हैसियतले मैले आउनै पर्थ्यो । अर्को, यो पुरनचौरमा आउने मलाई साह्रै ठूलो इच्छा थियो । २०४५ सालमा यही पुरनचौरको अलिकतिमाथि मिटिङ गरेर पञ्चायत ढाल्ने निर्णय हामीले गरेका थियौँ । त्यसबेला मलाई साथदिने यस ठाउँका साथीहरूलाई आज यहाँ देख्दा मलाई अर्को खुसी लागेको छ ।

पुरानो पुरनचौर, जहाँ म लुक्दैलुक्दै आएको थिएँ, यो त्यही पुरानो पुरनचौर, जहाँ म कति दिन लुकेरै बसेको थिएँ । हामी रातिमात्र घरबाहिर निस्कन्थ्यौँ । दिउँसो-दिउँसो नीलकण्ठजीको टारमाथि बसेर, तलामाथि बसेर मिटिङ गर्ने गरेका थियौँ । पोखराबाट यहाँसम्म पैदलै आएको थिएँ म । यहाँबाट पोखरा पनि पैदलै गएको थिएँ । त्यतिबेलाको पुरनचौर र यतिबेलाको पुरनचौरको भिन्नतालाई हेर्ने मन पनि मेरो थियो ।

यस ठाँउका जागरूक, सचेत दाजुभाइ, बहिनीहरूको चेतनालाई मैले त्यसैबेलादेखि चिनेको हुँ । त्यसकारण पनि मलाई आउन मन थियो ।

घाँटी खराब भए पनि, घाँटीमा घाउ आए पनि, बोल्न नमिल्ने भए पनि म आज तपाईहरूको बीचमा आएको छु ।

आज हामीले कृषि क्याम्पसको शिलान्यास गरेका छौँ, आजै हामीले यहाँ भवनको उद्घाटन गरेका छौँ र कक्षा प्रारम्भ गरेका छौँ । बिएससी.एजीको कक्षा सुरु गरेका छौँ । एउटा नयाँ विधाबाट क्याम्पस अगाडि बढ्ने भएको छ । आजै हामीले यसरी विद्यालयलाई भवन निर्माण गरिदिएर गुन लगाउने दातालाई सम्मान पनि गरेका छौ । त्यसकारण मलाई खुसी लागेको छ । तपाईंहरूका प्रयासहरू सफल हुँदै आएका छन् । तपाईंहरूका सपनाहरू साकार हुँदै आएका छन् ।

हाम्रो देश कृषिप्रधान देश हो । हामीले कृषिलाई आधुनिकीकरण गर्नु छ । कृषिलाई व्यावसायीकरण गर्नु छ र कृषिमा आधारित उद्योगहरूलाई अगाडि बढाउनु छ । कृषिमा आधारित ग्रामीण अर्थतन्त्रको कुरामात्रै हैन, कृषिमा आधारित ग्रामीण समाजलाई आधुनिक ग्रामीण समाजमा रूपान्तरित गर्नुछ ।

हामी एउटा नयाँ अभियानमा छौँ । हामीले देशलाई नयाँ ढङ्गले व्यवस्थित, आधुनिक र विकसित बनाउनु परेको छ । हाम्रो देश प्राकृतिक हिसाबले साह्रै सुन्दर छ । यसलाई हामीले अलिक सिँगारेर चिटिक्कै बनायौँ भने सुन्दरता हेर्न संसारमा कतै जानै पर्दैन । स्विटजरल्याण्ड, स्विटजरल्याण्ड भन्छन् मान्छेले, स्विटजरल्याण्डभन्दा नेपाल राम्रो छ । मैले धेरैपल्ट स्विटजरल्याण्ड हेरेको छु । स्विटजरल्याडको कपाल तेल लगाएको छु, कोरेको छु, साँच्चै राम्रो कपाल नेपालकै छ । तपाईंहरूले कुरा बुझ्नुभो होला भन्ने मलाई लाग्छ । नेपाल कोरेको छैन, तेल लगाएको छैन, तर केशको सुन्दरताको कुरा गर्नुभो भने नेपालसँग छ । अरूले तेल लगाएका छन्, कोरेका छन्, छाँटेका छन्, चिटिक्कै पारेका छन् । त्यसो नगर्दा पनि साँच्चैको सुन्दर नेपाल छ । अरूले जस्तै हामीले चिटिक्कै पारेपछि कस्तो होला ? तेल लगाएर कोरेपछि कस्तो होला ?

मेरो भनाइको अर्थ हो - हाम्रो देश नेपाल संसारकै सबैभन्दा सुन्दर मुलुक हो । पर्यटकीय हिसाबले सिङ्गै देश पर्यटकीय गन्तब्य जस्तै छ । जहाँ गएपनि पर्यटक आश्चर्यचकित हुन्छ । जुनसुकै ठाउँबाट आउने मान्छेहरू आश्चर्यचकित हुन्छन् । देश विकसित भइसकेपछि त झन् के होला ?

देश बनाउनका लागि योग्य, सक्षम र दक्ष जनशक्ति आवश्यक हुन्छ । हामी त्यस बाटोमा लागेका छौँ । त्यसैकारण आज शिक्षाका गतिविधिहरूमा कास्की जिल्ला सिङ्गै लागेको छ । हाम्रो मञ्चमा माननीयहरू हुनुहन्छ । एउटामात्रै पार्टीका हैन, धेरै वटा पार्टीका माननीयहरू हुनुहुन्छ । एमालेका हुनुहुन्छ, काङ्ग्रेसका हुनुहुन्छ, अरूका पनि हुनुहुन्छ । एउटै मञ्चमा बसेर, एकै ठाउँमा उपस्थित भएर शिक्षाको अभियानलाई अगाडि बढाउने साझा सङ्कल्प हामीले गरेका छौँ । यसरी नै देश विकासको क्रम अगाडि बढ्छ । हामी हाम्रो देशलाई विकासको बाटोमा अगाडि लैजान्छौँ ।

यो सरकार, मात्र सरकार हुनका निम्ति, मन्त्री हुनका निम्ति, प्रधानमन्त्री हुनका निम्ति होइन । यो सरकार देशमा जनताले चाहेअनुसारको परिवर्तन गर्नका निम्ति, अग्रगामी परिवर्तन गर्नका निम्ति, जनताका समस्या समाधान गर्नका निम्ति, गरिबी हटाउनका निम्ति, विकासको काम अगाडि बढाउनका निम्ति, देशलाई समृद्ध बनाउनका निम्ति गठन भएको हो । हामीले विकास निर्माणको गतिलाई निरन्तर अगाडि बढाएका छौँ । दैनिकैजसो हाम्रा ठूलाठूला कामहरू अगाडि बढेका छन् । कतिपय मान्छेहरू मैले बोलेका कुराहरूलाई नै घृणा गर्छन् । कतिपय मान्छेले किन त्यस्तो बोल्नु पऱ्यो पनि भन्छन् तर मलाई त्यसबारेमा केही भन्नु छैन ।

यहाँहरूलाई थाहा छ, मैले सरकारको नेतृत्व गर्दा तराई बन्द थियो । बोर्डरमा नाकाबन्दी थियो । ४७/४८ जना मान्छे झडपमा मरिसकेका थिए । कैलालीमा ७/८ जना प्रहरीको ज्यान गएको थियो । भारतसँग असमझदारी भएर चिसोपन आएको र सम्बन्ध बिग्रिएको अवस्था थियो । पेट्रोल नपाउने, ग्याँस नपाउने र जनताको चुल्हो नबल्ने अवस्था थियो । हाहाकारको अवस्था थियो देशमा । एउटाले अर्कोलाई देख्यो भने साम्प्रदायिक विद्वेषका ढङ्गले घृणा गर्ने अवस्था पैदा भएको थियो । एउटाले अर्कोलाई, अर्कै जातको भनेर घृणा गर्ने, अर्को ठाउँको भनेर घृणा गर्ने, क्षेत्रको आधारमा, जातको आधारमा, भाषाको आधारमा घृणा गर्ने अवस्था बनिसकेको थियो । हामीले त्यो स्थितिलाई समाप्त पार्दै ल्यायौँ । हामीले भन्यौँ - अब संविधान बनिसकेपछि देश विकासतर्फ केन्द्रित हुनुपर्दछ । कृषिको आधुनिकीकरण हुनुपर्छ, व्यावसायिकीकरण हुनुपर्छ । हामी कान्लाकान्लामा किम्बु लगाउन सक्छौँ । खेर गएका कान्लामा किम्बु लगाइदिएर रेसम कीरा त्यसमा छोडिदिने हो भने रेसम बन्छ । ठूलो खर्च गर्नु

पर्दैन । नेपाल रेसमको देश हुन्छ । त्यो गर्न नेपालीले हुँदैन र ? तर यहाँ यसो गर्नुपर्छ भनेर जनतालाई बाटो देखाउने सरकार बन्दैन, गफमात्र गर्ने सरकार बन्छ । सरकार बनेपछि भोलिपल्टैबाट सरकारमा अडिनका लागि कुर्सी समातेर बस्ने, अर्कोले त्यसलाई ढाल्नका लागि कुर्सी तान्न खोज्ने प्रवृत्तिले नै हामीलाई पछाडि पारेको छ । मैले भन्दिएको छु कुर्सी जजसलाई तान्न मन लाग्छ त्यसले ताने हुन्छ । कुर्सी लगे हुन्छ । अहिले मेरो ध्यान काममा छ, कुर्सीतिर हैन । मेरो एउटै मात्र ध्याउन्न छ - अब देश बनाउनुपर्छ ।

हामीले एउटा आँपको बिरुवा रोप्यौँ भने अहिले त दुई वर्ष पनि लाग्दैन, एकै वर्षमा फल्छ । लिची पनि उसै वर्ष फल्छ । मेवा रोपिदियौँ भने फल्छ । केरा रोपिदियौँ भने त्यो पनि फल्छ, हामीलाई थाहा छ, तर हामी रोप्दैनौँ । हाम्रो यस्तो बानी राम्रो होइन । हामीले आफूलाई पनि बदल्नु पऱ्यो, आफ्नो बानीलाई पनि बदल्नु पऱ्यो । हामीले केही गर्न जान्नु पऱ्यो । आधुनिकतातर्फ जानु पऱ्यो । जनसङ्ख्या बढ्दो छ, जमिन बढ्दैन । भएको जमिनलाई कसरी हामी ठीक ढङ्गले सदुपयोग गर्न सक्छौँ ? त्यो कुरामा हामीले सोच्नु पऱ्यो ।

हामीले शिक्षालाई उपयोगी बनाउनुपर्छ । शिक्षा व्यक्तिका लागि उपयोगी हुनुपर्छ, समाजका लागि उपयोगी हुनुपर्छ र देशका लागि उपयोगी हुनुपर्छ । शिक्षाले परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्छ । हाम्रो समाज र देशलाई परिवर्तन गर्ने र समृद्ध बनाउने शिक्षा हाम्रो आवश्यकता हो । हामी सभ्य, आधुनिक र विकसित नेपालको निर्माण गर्न चाहन्छौँ । हाम्रो शिक्षाले हाम्रो त्यो उद्देश्य पूरा गर्ने कुरामा भूमिका खेल्नुपर्छ । यतातिर तपाईहरूका प्रयासहरू सफल हुने विश्वास मैले लिएको छु । केही समस्या छन् भने सरकारको तर्फबाट म भन्न चाहन्छु - यो सरकार तपाईंहरूको सरकार हो । यो सरकारलाई कुरा सुनाउनका लागि तपाईंहरूले टायर बाल्नु पर्दैन, नाराजुलुस गरेर उत्पात मच्चाउनु पर्दैन । यो सरकारलाई सुनाउनका निम्ति हड्ताल र तालाबन्दी पनि गर्नु पर्दैन । यो सरकारलाई भन्दिएमात्र पनि हुन्छ, सरकारले सुन्छ, किनकि यो तपाईंहरूको सरकार हो ।

अहिले हामी नीति कार्यक्रम बनाउने, बजेट बनाउने काममा लागेका छौँ । मैले भन्ने गरेको छु - अहिलेको नीति तथा कार्यक्रम र बजेट सधैँझैं एउटा नियमित प्रकृयामात्रै हैन, कार्यक्रम र बजेटले नयाँ नेपालको नक्सा कोर्ने

छ । एउटा कोसेढुङ्गाको रूपमा बजेट आउनेछ । कराउनेहरू कराउँदै गर्छन् ट्याउँट्याउँ गर्दै गर्छन् । हामी काम गर्दै अगाडि बढ्छौँ ।

रेल आउने अरे, पोखरामा रेल आउने अरे ! काठमाडौँमा मजाक गर्नेहरू पनि छन् । तिनले देख्दा देख्दै छिटो कुद्ने, सुलुक्क परेको थुतुनो भएको रेल आउँछ यहाँ । कराउनेहरू कराउँदै गर्छन्, हामी बाटो बनाउँदै गर्छौं । दुनियाँमा रेल कुद्न हुने नेपालमा नहुने ?

नेपालमा अब हामी फलाम खानी सुरु गर्दैछौ । अरू खानीहरूको अध्ययन गर्छौं । आफ्नै ढङ्गले अब यो देशमा केही गर्छु भन्यो भने गर्छु भन्नेसँग अरू डराउँछन् । यसले त सर्वनाश गर्नेभो, स्वत्तम पार्दिनेभो भन्ठान्छन् अनि विरोध गर्छन् ।

मैले जहाँ पनि भन्ने गरेको छु - यो सरकार तपाईंहरूको सेवाका लागि समर्पित छ, नेपाल राष्ट्र र नेपाली जनताको सेवाका लागि समर्पित छ । तपाईंहरू ढुक्क भए हुन्छ - तपाईंहरूकै प्रतिनिधिको हैसियतले मैले नेपालको इज्जत, नेपालीको इज्जतलाई अलिकति पनि, कहींकतै तलमाथि पर्न दिने छैन । कहीं पनि, कतै पनि नेपालको हितका निम्तिमात्र काम हुन्छ, नेपालको भलाइका लागिमात्र काम हुन्छ । कसैलाई खुसी पारेर एकातिर एउटा व्यवहार गर्ने, अर्कोतिर अर्कै व्यवहार गर्ने काम यो सरकारले गर्नेछैन ।

तपाईंहरूले मलाई प्रधानमन्त्रीको ठाउँमा पुऱ्याइदिनुभएको छ । अब यो भन्दा बढी के ? यो भन्दामाथि जाने ठाउँ पनि छैन, जानु परेको पनि छैन । त्यसकारण म नेपाली जनताले जे भन्छन् त्यो गर्छु, अरूले भनेको हैन । नेपाली जनताको भलाइका लागि गर्छु, अरूका लागि हैन । नेपाली जनताको आदेशमा गर्छु अरूको आदेश मान्दिन । यस क्याम्पसको, यस विद्यालयको, यस ठाउँको विकासका लागि मैले के गर्नुपर्छ, भन्नुहोला । मलाई निमन्त्रणा गर्नु भएकोमा खुसी लाग्यो, धेरैधेरै धन्यवाद । यस ठाउँमा यहाँहरूका सपना साकार हुनेछन्, सबैलाई शुभकामना ।

(२०७३ बैशाख ८ गते पोखराको पुरनचौरस्थित कृषि क्याम्पसको भवन शिलान्यासमा प्रस्तुत मन्तव्य)

३२

म नेपाली जनताप्रति ऋणी छु

यहाँ उपस्थित हुनुभएका र हुन नसक्नुभएका सबै पार्टीका, सबै जातिका, सबै पेसा, व्यवसायका, सबै नगर, गाउँका झापाली दाजुभाइ दिदीबहिनीहरूमा बडादर्शै २०७२ को धेरैधेरै शुभकामना व्यक्त गर्न चाहन्छु । सबैलाई धेरैधेरै शुभकामना !

कार्यक्रमका अध्यक्ष महोदय, नेपाली काङ्ग्रेसका महामन्त्री कृष्ण सिटौलाज्यू, एमालेका महासचिव ईश्वर पोखरेलज्यू, मालेका महासचिव सिपी मैनालीज्यू, मेरा पुराना मित्र राधाकृष्ण मैनालीज्यू, सम्पूर्ण नेतागण, माननीय मन्त्रीज्यूहरू, सभासद्ज्यूहरू, उद्योग, व्यवसाय र अन्य विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्नुहुने सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरू, नेकपा (एमाले)का तमाम कमरेडहरू र हाम्रो पार्टीप्रति आस्था र विश्वास राख्ने समग्र साथीहरू, दाजुभाइ दिदीबहिनीहरू,

म यहाँहरूलाई सबभन्दा पहिले दर्शैंको शुभकामना व्यक्त गर्न चाहन्छु । सबैमा दर्शैंको धेरैधेरै शुभकामना ।

यहाँहरूले स्वागत अभिनन्दन गर्नुभएको छ । मलाई धेरै पुष्पगुच्छाहरू, मालाहरू, खादाहरू, अभिनन्दन पत्रहरूले थप जिम्मेवारी बोकाउनुभएको छ । तपाईंहरूले दिनुभएको कुनै पनि पुष्पगुच्छा, कुनै पनि खादा खेर जाने छैन, तपाईंहरूको विश्वास खेर जाने छैन, यो विश्वास म दिलाउन चाहन्छु ।

हामीले नेपालको संविधान बनाएका छौं, जननिर्वाचित संस्थाबाट, लोकतान्त्रिक संस्थाबाट, लोकतान्त्रिक विधिबाट लोकतान्त्रिक संविधान बनाएका छौं । तत्सम्बन्धमा धेरै व्याख्या गर्ने समय अहिले हामीसँग भएन । म अलिकति छोटोमा मात्र केही कुराहरू राख्न चाहन्छु ।

म देशको प्रधानमन्त्री छानिएको छु । मलाई प्रधानमन्त्री यहाँहरूले बनाउनु भएको हो । म यहाँहरूप्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु, आभार व्यक्त गर्न चाहन्छु र हार्दिक धन्यवाद भन्न चाहन्छु । धेरै लामो समयदेखि सहकार्य गरेका साथीहरू हाम्रो बीचमा हुनुहुन्छ, राधाकृष्ण मैनालीज्यूलाई मैले हेरिरहेको छु । मलाई सम्झना भएसम्म २०२५ सालदेखि हामी सँगै छौं । हरिचरण सिवाकोटी पनि २०२५ सालदेखिकै मेरो साथी हुनुहुन्छ । आन्दोलन गर्न सिक्दादेखिका, देशलाई कसरी अगाडि बढाउन सकिन्छ भन्ने सम्बन्धमा विचार विमर्श छलफल गर्दा देखिका थुप्रै साथीहरू यहाँ हुनुहुन्छ । मैले सहिदका परिवारहरूलाई देखिरहेको छु । जानुका दाहाललाई मैले देखिरहेको छु । कृष्ण सेढाईंलाई देखिरहेको छु, मेरो पुरानो साथी । सूर्य उप्रेती हुनुहुन्छ, मेरो साथी । प्रेम कोइराला, प्रकाश सुवेदीजी हुनुहुन्छ । दुर्गाप्रसाद अधिकारी हुनुहुन्छ, त्यो पनि सानोतिनो होइन, ठूलो दुर्गाप्रसाद ।

मैले २०४७ साल वैशाख १९ गते सुरूङमा तत्कालीन मालेको तर्फबाट बोल्दाखेरि एउटा कथा सुनाएको थिएँ । त्यो कथा मलाई दुर्गाप्रसाद अधिकारीजीले सुनाउनुभएको थियो । उहाँले कथामा बाबुछोराको उदाहरण ल्याउनुभएको थियो । कथा यस्तो थियो : बाबु र छोरा रहेछन् । छोराको नाम रहेछ, ठेउवा । बरको छेउमा मकैबारी रहेछ । बाँदरले मकै खायो भनेर बाबुले ठेउवालाई भनेछ । ठेउवाले बाँदर खेद्यो । एकैछिनमा ठेउवा फर्केर आयो । बाबुले सोधेछ - बाँदर खेद्न पठाएको त तँ घरमै छस् ? ठेउवाले भनेछ - खेदेर आएँ बा । सबै खेदेको हो त, खेदैं । अनि फर्केर आउँदैनन् त ? भनेर बाबुले सोध्यो । ठेउवाले भन्यो - पल्ला छेउमा पुऱ्याएको थिएँ बा । पल्ला छेउमा पुऱ्याएपछि त फर्किएर आउँदैनन् भनेको त, सबै उतातिर फर्किएर बसेछन् बा ।

कथा समय सान्दर्भिक छ । हामीले सफलता हासिल गरेका छौं, हामीले जितेका छौं, तर पराजित हुनेहरू जसलाई हामीले लखेट्यौं, ती पनि भागिसकेका छैनन् । दुर्गाप्रसाद अधिकारीले मलाई सिकाएको बाँदर उता पल्ला छेउमा फर्किएर मात्र बसेको छ, यतै फर्किन सक्छ भनेजस्तै अलिकपछि हामीले देख्यौं, ज्ञानेन्द्र त पर्खाल नाघेर फर्किहाले ।

यहाँ पुराना साथीहरू हुनुहुन्छ । विष्णु प्रसाईं पनि यहीँ हुनुहुन्छ । २०२७ साल फागुन १६ गते आइतबार बिर्ताबजारदेखिको मैदानबाट उहाँ, सिपी र म सँगै समातिएका थियौं । त्यसपछिको समयमा थुप्रो साथीहरू, मैले भनिरहनुपर्दैन

हामी झापा आन्दोलनमा सँगसँगै काम गरिरहेका राधाकृष्ण मैनाली, सिपी मैनाली अनेक साथीहरू छन् । तपाईंहरूलाई लाग्ला, सिपी मैनालीचाहिँ किन अहिलेसम्म अर्को पार्टीमा हुनुहुन्छ भनेर । म भन्न चाहन्छु, सिपी मैनाली अब लामो समय अर्को पार्टीमा हुन सक्नुहुन्न । यो नेकपा (एमाले), आजको नेकपा (एमाले) कस्तो एमाले हो भने काङ्ग्रेसले अलिकति निहुँ खोज्यो भने काङ्ग्रेस एक छिन बाहिर बस्छ, अलिपछि समातेर काङ्ग्रेसलाई हामी सरकारमा ल्याउँछौं । अहिलेको सरकार कस्तो छ ? नेपालमा कहिल्यै पनि यस्तो सरकार बनेको थिएन । गिरिजाप्रसाद कोइरालाले भन्नुहुन्थ्यो - माले, मसाले, मण्डले एकै हुन् भनेर । त्यो सबै एकै ठाउँमा छौं । दक्षिणपन्थी पनि त्यहाँ छ, वामपन्थी पनि त्यहाँ छ, एमाओवादी पनि त्यहाँ छ, एमाले पनि त्यहाँ छ । चित्रबहादुर के.सी.जीको जनमोर्चा कहिल्यै सरकारमा नजाने भनेर नीति बनाएर हिँडेको पार्टी, हेर्नुहोला, उहाँ पनि एक जना मन्त्री हुनुहुनेछ, त्यो पार्टी पनि सरकारमा आउनेछ । राप्रपा नेपाल, राप्रपा, एमाओवादी, मधेसी जनअधिकार फोरम, विश्वेन्द्र पासवान, अरू विभिन्नको सहभागिता सरकारमा हुनेछ ।

एउटा हिन्दी गीतमा भनिएको छ - कोही बच न पाए । काङ्ग्रेस पनि बाहिर बस्न पाउँदैन । सिपीजी पनि अर्को पार्टीमा बस्न पाउनहुन्न । करकाप लाउँदैनौं, तर आफैं आउनुहुनेछ । अब यो देश बनाऔं हामी, सानातिना कुरामा अल्झिन छोडौं । ठूला उद्देश्यमा लागौं । अब राजनीति गर्नका लागि राजनीति होइन, देश बनाउनका लागि राजनीति गरौं, देश बनाउनका लागि बाँकी राजनीति गरौं । अहिले सिपीजी सरकारमा हुनुहुन्छ । नेपाली काङ्ग्रेस पनि अलिपछि सरकारमा आउँछ । नेपाली काङ्ग्रेस एउटा लोकतान्त्रिक पार्टी हो, इतिहास भएको पार्टी हो । केहीकेही मान्छेले कसोकसो गरेर काङ्ग्रेस सरकारभन्दा बाहिर छ । मैले कसोकसो गरेको मात्र भनेको छु, के गरेको भनेको छैन तर त्यहाँभित्रका इमान्दार साथीहरू, इमानजमानका पक्का साथीहरू, लोकतन्त्रप्रति निष्ठा, देशप्रति निष्ठा भएका साथीहरूको यत्रो ठूलो सहयोग नभएको भए संविधान नै बनाउन सकिँदैनथ्यो । नेपाली काङ्ग्रेसभित्र देशलाई माया गर्ने, लोकतन्त्रलाई माया गर्ने साथीहरू हुनुहुन्छ । कोशीको पानी खाएका, झापाको पानी खाएका, झापाको हावामा सास फेरेका साथीहरू समेत छन् । त्यसैले तिनले अवश्यनै असल कुरा सोच्ने छन् ।

मैले अघि नै साङ्केतिक रूपमा केही भनें । म तपाईंहरूप्रति आभारी छु । तपाईंहरूप्रति ऋणी छु, सम्पूर्ण नेपाली जनताप्रति ऋणी छु । राजनीति गरेर, दुःख पाएरमात्रै कोही सफलतामा वा कोही जिम्मेवारीमा पुग्छ भन्न सकिँदैन, कार्यकर्ता र जनताको साथ भएन भने । तपाईंहरूको साथ भएकै हुनाले मैले त्यो मौका पाएको छु । पोहरपरार मैले एउटा कार्यक्रममा भनेको थिएँ, मलाई पत्रकारहरूले सोधे, तपाईंलाई त हलीको छोरो, के राजनीति आउँछ भनेका छन् नि विपक्षीले ? मैले भनें, यही जिल्लाका मान्छेहरूले हलो जोतेको देखेको हुँदो हो, हलीको छोरो । कोही साथीले भन्यो, भैंसी गोठालोलाई के राजनीति गर्न आउँछ भनेर । मैले कुनै आपत्ति गरिनँ, मैले के भनें भने, भैंसी चराएको देखेको हुँदो हो । अब कत्रो ठाउँको मान्छे गाई चराएर आएको, भैंसी चराएर आएको मान्छेलाई देशको प्रधानमन्त्री हुन पाउँदा मैले के गर्छु त ? देश बनाउने हो, म देश बनाउनमा लाग्छु ।

मैले शपथग्रहण गरेको दिन एउटा तारमा झुन्डिएर खोला पार गर्नुपर्ने तुइन युग समाप्त गर्ने घोषणा गरें । दुई वर्षभित्र हामी तुइनका ठाउँमा पुल बनाइदिन्छौं । अब नेपालका कोही पनि मेरो घर छैन, बस्न पाइँन भन्ने हुने छैनन् । २ वर्षभित्र मैले बस्न ठाउँ पाइनँ भन्ने कुनै मान्छे खोजेर ल्याउनेलाई पुरस्कारको व्यवस्था गर्नेछु । अबको एक वर्षभित्र नेपालमा लोडसेडिङ हुनेछैन । एक वर्षभित्र लोडसेडिङ समाप्त हुन्छ । लोडसेडिङ समाप्त पार्ने मात्र होइन कि तपाईंहरूले सिलिन्डर बोकेर कुद्नु पनि पर्नेछैन । सिलिन्डर नै चाहिँदैन । पाइपबाट ग्याँस सप्लाइ हुनेछ । ग्याँस चुल्होको तार प्लगमा घुसारेर भात पकाउन सकिने छ । त्यसको व्यवस्था पनि हामी गर्नेछौं ।

अबको नेपालमा पढ्न पाइनँ भन्ने कोही हुने छैनन् । मैले छोराछोरी पढाउन सकिनँ भनेर कुनै बाबुआमाले भन्न पाउने छैनन् । स्कूल नजाने कोही बालबालिका वा विद्यार्थी हुने छैनन् । सबैको पढ्ने प्रबन्ध गरिने छ । मैले आज सुनें, जेष्ठ नागरिकहरूले केही महिनादेखि भत्ता पाउनुभएको छैन भन्ने । दुःख लाग्यो । दशैंको बेला छ । अरूले त नाकाबन्दी गरे गरे, आफ्नै सरकारले जेष्ठ नागरिक भत्तामा किन नाकाबन्दी गऱ्यो ? मलाई अचम्म लाग्यो । म यो पैसा तुरुन्तै गाउँमा पठाउने व्यवस्था मिलाउने छु।

मलाई भ्रष्टाचार गर्नु छैन । म त्यस्तो गर्दिन । तपाईंहरूले देशको प्रधानमन्त्रीसम्म बनाइदिइसक्नुभयो, भगवान्को कृपाले छोराछोरी छैनन् ।

छोराछोरी नभएपछि भ्रष्टाचार मैले गर्ने, अनि फाइदा अर्काले लिने, मैले के गर्नु ? एउटा गीत गाउने गरिन्छ - बाटो बनायो दाइले, अर्कैले मोटर गुडायो । मैले भ्रष्टाचार गर्ने, मोटर अर्कैलाई गुडाउन दिने काम म किन गरूँ ? मेरो काम देश बनाउने हो । देश बनाउने कुरामा तपाईंहरूको साथ होस् । देश बनाउने कुरामा तपाईंहरूको सहयोग होस् । यो पार्टी वा त्यो पार्टी भन्ने छैन । मैले देशको पूर्वाधारको विकास गर्ने, विद्युतीकरण गर्ने, कृषिलाई आधुनिकीकरण गर्ने, व्यवसायिकीकरण गर्ने, नयाँ नयाँ बस्तीहरू निर्माण गर्ने कामहरू गर्छु । अहिले नै धेरै कुराहरू नगरौँ, के के कुरा गर्छौँ भनेर अलि पछि भनौँला ।

केही मान्छेहरू भन्न थालेका छन्, दश दिन भइसक्यो प्रधानमन्त्री भएको, केही पनि काम भएन भनेर । काम कसरी अगाडि बढाउने भन्ने सन्दर्भमा म दृढताका साथ यहाँहरूलाई भन्छु - देशमा शान्ति, सुव्यवस्था कायम गरिन्छ, कानुनको राज कायम गरिन्छ, उद्योगका क्षेत्रहरूलाई लगानीमैत्री, लगानीअनुकूल बनाइन्छ, आन्तरिक र बाह्य लगानी आकर्षित गर्ने उद्योगहरू स्थापना गरेर अगाडि बढाउने काम गरिन्छ । क्रान्ति, आन्दोलन र हडतालको संस्कृतिमात्र होइन, देश विकासको संस्कृतितर्फ हामी अगाडि बढ्छौँ । सरकार कुरामात्र होइन, ठूला कामहरू पनि सुरु गर्दैछ ।

अन्तमा म ज्ञात-अज्ञात सहिदहरूको स्मरण गर्दै आफ्नो मन्तव्य टुङ्ग्याउन चाहन्छु । झापा आन्दोलनका श्रद्धेय सहिदहरू रामनाथ दाहाल, नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुइँकेल, नारायण राजवंशी, नारायण श्रेष्ठ, रामप्रसाद प्रधान, चन्द्र डाँगीलगायतका सम्पूर्ण सहिदहरूप्रति सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्न चाहन्छु । उहाँहरूको सपना साकार पार्ने बाटोमा हामी अगाडि बढ्नेछौँ । तपाईंहरूले देख्नुभएको छ, यो मञ्चमा नेपाली काङ्ग्रेसको उपस्थिति छ, एमालेको उपस्थिति छ, मालेको उपस्थिति छ, एमाओवादीको उपस्थिति छ । हाम्रो पार्टी फरक-फरक भएपछि हाम्रा हातहरू पनि फरक फरक होलान्, तर हामीले हाल्ने ओइरो एउटै छ, जताबाट हाले पनि । यहाँहरू सबैलाई विश्वास दिलाउन चाहन्छु, - नेपालको स्वाभिमान कायम राखिनेछ, नेपाल गरिब भइरहन सक्दैन, अब नेपाललाई अगाडि बढाइने छ । यसमा सबैको साथ-सहयोग पाउने विश्वास लिएको छु ।

(२०७२ कातिक ४ गते नेकपा एमाले झापा र विभिन्न सामाजिक सङ्घ संस्थाहरूद्वारा आयोजित अभिनन्दन कार्यक्रममा सम्बोधन)

33

हामीले नयाँ अध्यायको सुरूआत गरेका छौँ

महामहिम चिनियाँ राजदूत, लेखक तथा परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठज्यू, नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपतिज्यू र उपस्थित मित्रहरू,

यो खुसीको कुरा हो, आज हामीले हिरण्यलाल श्रेष्ठजस्ता प्रबुद्ध विद्वान् र माझिएका कूटनीतिज्ञद्वारा लिखित 'नेपाल र चीनको गतिशील कूटनीतिका साठी वर्ष' शीर्षकको पुस्तक विमोचन गरिरहेका छौँ । यो एउटा महत्वपूर्ण पुस्तक हो भन्ने मलाई लागेको छ ।

यस पुस्तकमार्फत लेखक हिरण्यलाल श्रेष्ठले नेपाललाई गुन लगाउनु भएको छ, नेपालीहरूलाई गुन लगाउनु भएको छ । हामी नेपाल र चीन दुई घनिष्ट छिमेकी हौँ । हामी दुईको सम्बन्ध अत्यन्तै पुरानो पनि छ । औपचारिक कूटनीतिकै पनि साठी वर्ष पूरा भइसकेको छ । आज विमोचित पुस्तकले बितेका साठी वर्षका बारेमा महत्वका साथ चर्चा र विश्लेषण गरेको छ । लेखकले यथार्थपरक र वस्तुपरक ढङ्गले पुस्तक तयार गर्नुभएको छ । यस पुस्तकको आकारले पनि बताउँछ कि उहाँले कति धेरै मेहनत गर्नुभएको छ भन्ने कुरा ।

लेख्ने कुरा सजिलो छैन तर हिरण्यलालजीले यस्तो असहज अवस्थामा पनि यति ठूलो किताब लेख्नुभयो । उहाँले समग्र पक्षमा चर्चाहरू गर्नुभएको छ । म उहाँको कृतिको प्रशंसा गर्न चाहन्छु र लेखक हिरण्यलाल श्रेष्ठज्यूलाई धन्यवाद भन्न चाहन्छु ।

नेपाल र चीन दुइटा छिमेकी राष्ट्रहरू, जहाँ कुनै समस्या छैन । चीनसँगको हाम्रो मित्रता पारस्परिक लाभभन्दा पनि पारस्परिक सम्बन्धमा आधारित रहेको छ भन्दा हुन्छ । दुई देशबीचको मित्रता समझदारीको आधारमा रहेको छ ।

चीनले नेपालप्रति सदैव अत्यन्तै सहयोगी र सम्मानपूर्ण व्यवहार गर्दै आएको छ । सम्मानको हिसाबमा बराबरीको सम्बन्ध र सहयोगको हिसाबमा सकारात्मक दृष्टिकोणका साथ नेपाल-चीन मित्रता कायम रहँदै आएको छ, जुन कुरा हामी सबैले अनुभव गरेकै छौँ ।

केही समय अघिमात्रै मैले चीनको भ्रमण गरेँ । दुई देशको सम्बन्धलाई नयाँ उचाइमा उठाउने काम भएको छ । नयाँ परिस्थितिमा नेपाल-चीन सम्बन्ध अझै प्रगाढ बन्दै जानेछ ।

आज हामी २१ औँ शताब्दीमा हिँडिरहेका छौँ । नेपालले नयाँ संविधान प्राप्त गरेको छ । अब हामीले आफ्ना विकासका उद्देश्यहरूलाई अगाडि बढाउनु परेको छ र उपलब्धिहरू पनि हासिल गर्नुपर्नेछ । यसका लागि हामीले चीन र भारत जस्ता दुई छिमेकीको सहयोगलाई पनि महत्वका साथ हेर्नु पर्नेछ । हामीले राष्ट्रको हितलाई हेरेर छिमेकी मित्रराष्ट्र चीनसँग समुन्द्रसम्मको पारवहन सम्झौता गरेका छौँ । नेपाल र चीन दुबैतर्फबाट हामीले सम्बन्धमा नयाँ अध्यायको सुरुआत गरेका छौँ । यसबाट नेपाल- चीन सम्बन्ध भविष्यमा अझै बलियो बन्न पुग्नेछ ।

यी सबै प्रसङ्गमा आगामी दिनमा नेपाल-चीन सम्बन्ध र सहयोगका क्षेत्रहरू अझै बिस्तार हुँदै जानेछन् । यो कुरा हाम्रा विगतका अनुभवहरूका आधारमा पनि हामी भन्न सक्छौँ । यस पुस्तकमा हाम्रा विगतका सम्बन्धहरू कसरी अगाडि बढ्दै आए, कसरी सुदृढ हुँदै आए भन्ने सवालमा राम्रोसँग, यथार्थपरक ढङ्गले विवेचना गरेको मैले पाएको छु ।

अन्तमा, म खुसी व्यक्त गर्न चाहन्छु - हामीले भर्खरै जुन पुस्तक विमोचन गरेका छौँ त्यो नेपालको कूटनीतिक अनुभवको सँगालोका दृष्टिले एउटा उपहारको रूपमा देखापरेको छ । यसका निम्ति म लेखक हिरण्यलाल श्रेष्ठजीलाई हार्दिक बधाइ दिन चाहन्छु र उहाँको उत्तरोत्तर प्रगतिका लागि शुभकामना पनि दिन चाहन्छु ।

(२०७३ असार ३ गते परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठको पुस्तक विमोचन कार्यक्रममा प्रस्तुत मन्तव्य)

३४

साम्प्रदायिक र विद्वेषकारी विचारलाई राष्ट्रले अस्वीकार गरेको छ

पार्टीका आदरणीय महासचिव, सचिवज्यूहरू, नेतागण, कार्यक्रमका सभापति, महासङ्घका पदाधिकारी साथीहरू, विभिन्न सङ्घसंस्थाको प्रतिनिधित्व गर्दै आउनुभएका अतिथिज्यूहरू र पेसागत महासङ्घको छैँटौँ महाधिवेशनको उद्घाटन सत्रमा सहभागी हुनुभएका सम्पूर्ण दाजुभाइ दिदिबहिनीहरू,

पेसागत महासङ्घले ५ वटा महाधिवेशन यसभन्दा अगाडि नै गरिसकेको छ र हामी छैटौँ महाधिवेशनको उद्घाटन सत्रमा छौँ । छैटौँ महाधिवेशन प्रारम्भ भएको छ । यस महाधिवेशनमा ठूला क्रियाशील समुदायहरू, सङ्गठनहरू आबद्ध छन् र राष्ट्रनिर्माणका लागि, देशको आकाङ्क्षाअनुरूपको विकास निमार्णका कामहरूलाई अगाडि बढाउनका निम्ति यो सङ्गठनले विगतमा असाधारण भूमिका खेलेको छ । अब पनि यसले असाधारण भूमिका खेल्नुपर्ने परिस्थिति हाम्रो अगाडि आएको छ ।

संविधान जारी भएपछि संविधानले व्यवस्था गरेका संरचना र निकायहरूको गठन, संविधानको कार्यान्वयनको निम्ति गर्नुपर्ने कानुनहरूको निर्माण र संशोधन, स्थानीय निकायको निर्वाचन, प्रादेशिक निर्वाचन, प्रतिनीधिसभा र राष्ट्रियसभाको निर्वाचन, राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्पन्न गरेर सङ्क्रमण काललाई टुङ्ग्याउनु पर्नेछ । ती काम सम्पन्न नगरेसम्म संविधान कार्यान्वयन अगाडि बढ्दैन र सङ्क्रमणकालीन अवस्थाको एक किसिमको निरन्तरता पनि रहिरहन्छ । हामीले कानुनहरू निर्माण गरेर ती निर्वाचनहरू सम्पन्न गर्नुपर्नेछ ।

संविधान जारी भइसकेपछि अब हाम्रो मुख्य जोड संविधान कार्यान्वयनका क्रममा विभिन्न निर्वाचनसँगै देशको आर्थिक विकास र समृद्धितर्फ रहेको छ । अब आर्थिक विकास प्रमुख विषय बनेको छ । तदनुसार नै हामी अगाडि बढ्नु पर्नेछ । सरकारले सोहीअनुसार योजनाहरू तय गरेको छ । हामीले विकासतर्फको हाम्रो प्रयासलाई पूर्वाधारहरूको निर्माण, कृषिको आधुनिकीकरण, उद्योगहरूको स्थापना, कृषिको व्यावसायिकीकरण, सेवाका क्षेत्रहरूको बिस्तारजस्ता कुराहरूलाई प्रभावकारी ढङ्गले अगाडि बढाउनेछौँ । एकातिर सङ्क्रमणकालीन जिम्मेवारी, अर्कातिर विकास र समृद्धिको पक्ष; दुबै कुरामा हामी अगाडि बढ्नु आवश्यक छ ।

पेसागत महासङ्घमा विविधताको प्रतिनिधित्व छ । विविध पेसा व्यवसायका प्रतिनिधिहरू यस सङ्गठनमा आबद्ध हुनुहुन्छ । देश विकासका लागि आवश्यक पर्ने मुख्य भागको प्रतिनिधित्व तपाईंहरूले गर्नुहुन्छ । प्रशासन, सेवा, विकास निर्माण, शिक्षा, स्वास्थ्य, सञ्चारदेखि अनेक क्षेत्रमा तपाईंहरू हुनुहुन्छ । विभिन्न संस्थामार्फत तपाईंहरू देशको विकास निर्माणमा क्रियाशील हुनुहुन्छ । ती संस्थामार्फत नै तपाईंहरू यस महासङ्घमा हुनुहुन्छ । तसर्थ राष्ट्र निर्माणका निम्ति तपाईंहरूको दृष्टिकोण, तपाईंहरूको सङ्कल्प, तपाईंहरूको अठोट, तपाईंहरूको आत्मविश्वास र तपाईंहरूको मनोबल राष्ट्र निर्माणका लागि असाधारण महत्वका रहेका छन् । त्यसकारण तपाईंहरूको यो महाधिवेशन अत्यन्तै भव्यताका साथ सफल हुनुपर्दछ । यस महासङ्घले एउटा कर्मकाण्डको रूपमा होइन, देशको भविष्य निर्माणमा प्रभाव पार्ने गरी आफ्नो महाधिवेशन सम्पन्न गर्नुपर्नेछ । महाधिवेशनले अब नेपाल कसरी अगाडि बढ्नुपर्छ, कुनकुन क्षेत्रमा कस्ता नीतिहरू लिइनु पर्दछ भन्ने सम्बन्धमा गहन छलफल गर्नेछ भन्ने विश्वास मैले लिएको छु ।

तपाईंहरू देश विकासका स्वम्बा हुनुहुन्छ । देश विकास तपाईंहरूमार्फत नै हुने हो । जनताले प्राप्त गर्ने डेलिभरी र राष्ट्रले प्राप्त गर्ने उत्पादन तपाईंहरूमार्फत नै प्राप्त हुने हो । त्यसकारण तपाईंहरूमा नयाँ सोच, नयाँ विचार र नयाँ जाँगरको पनि आवश्यकता छ । त्यस्तो भएन भने विकास निर्माणका कुरा अगाडि बढ्न सक्दैनन् । मलाई थाहा छ, तपाईंहरूमा नयाँ सोच र नयाँ चिन्तनहरू छन् । तपाईंका तिनै सोच र चिन्तनहरूमा हाम्रो विकास निर्माणको प्रभावकारिता झल्किन्छ । हामीले कार्य सम्पादन कसरी गर्छौँ ? त्यसैमा हाम्रो सोच र चिन्तन

पनि प्रतिबिम्बित भएको हुन्छ । त्यसैले पेसागत महासङ्घले देशको विकास र समृद्धिलाई कसरी अगाडि बढाउन सकिन्छ भन्ने सवालमा गहन छलफल गरेर एउटा ठोस निष्कर्ष निकाल्नु पर्दछ । म यहाँहरू सबैलाई त्यो कुरामा आफ्ना सोचहरू निर्माण गर्न र चिन्तनहरू गर्न आग्रह पनि गर्दछु ।

सरकारको तर्फबाट कतिपय नयाँ कुराहरू अगाडि सारिएका छन् । सरकार नयाँ ढङ्गले अगाडि बढ्ने, तीव्रताका साथ अगाडि बढ्ने क्रममा छ । उच्चआर्थिक वृद्धिको उद्देश्यका साथ हामी अगाडि बढ्दैछौँ । हामी कसरी आर्थिक वृद्धिदरलाई उच्चदरमा लान सक्छौँ, त्यसलाई तीव्रता कसरी दिन सक्छौँ भन्ने सन्दर्भमा गम्भीरतापूर्वक लागिरहेका छौँ । अर्को कुरा, हामी समुचित न्यायपूर्ण वितरण प्रणालीका बारेमा पनि काम अगाडि बढाउने सोचिरहेका छौँ । त्यसका निम्ति समयलाई चिन्नसक्ने, समयलाई बुझ्नसक्ने दक्ष जनशक्ति कसरी तयार गर्न सकन्छि भन्ने बारेमा पनि नीतिगतरूपमा छलफल गरिरहेका छौँ । भोलिका लागि त्यस्तो जनशक्ति कसरी तयार गर्न सकिन्छ, जसले समयभन्दा पछाडि नपरी समयको अग्रभागमा बसेर समयलाई तान्न सकोस्, समयको गतिलाई पक्डन सकोस्, त्यसप्रकारको जनशक्ति कसरी तयार गर्न सकिन्छ भन्ने बारेमा पनि हामी सोचिरहेका छौँ । मैले विश्वास लिएको छु, तपाईंहरूको महाधिवेशनले यस सन्दर्भमा पनि सोच्नेछ, काम गर्नेछ ।

अहिले परिवर्तनका लागि नयाँ कुरा गर्दा कतिलाई अचम्म लागेको छ । कतिपय मान्छेलाई साँचो कुरा, सत्य कुरा स्वीकार गर्न मुस्किल परिरहेको छ । हिजोका गलत सोच, गलत सङ्गत र गलत सम्पर्क - सम्बन्धहरूले परिवर्तनका नयाँ कुरालाई स्वीकार गर्न सकिरहेका छैनन् । तिनीहरू राष्ट्रको परिवर्तनका लागि नयाँ कुरा गर्दा स्यालठट्टा ठानिरहेका छन् । त्यस्तो ठान्नेहरू ठानिरहुन् तर हामी परिवर्तन र विकास-समृद्धिमा अगाडि बढ्छौँ, बढ्छौँ ।

अहिले पनि हामीहरूमा कताकता आन्दोलनका कुराहरू गर्न पाए अलिकति एडभान्स होइन्छ कि, अलिक क्रान्तिकारी भइन्छ कि भन्ने भ्रम छ । कुनैपनि कुरा समय अनुकूल हुन्छ । विगतमा हामीले सङ्घर्षहरू गर्‍यौँ, तानाशाहीका विरुद्ध सङ्घर्ष गर्‍यौँ, पछौटेपनका विरुद्ध सङघर्ष गर्‍यौँ, अन्धविश्वासको विरुद्ध सङ्घर्ष गर्‍यौँ, विभेदका विरुद्ध सङ्घर्ष गर्‍यौँ र लोकतान्त्रिक प्रणालीको स्थापना गर्‍यौँ । राजतन्त्रात्मक तानाशाहीको विरुद्ध सङ्घर्ष गर्‍यौँ र गणतन्त्रको

स्थापना गर्‍यौं । यति भइसकेपछि फेरि के सङ्घर्ष गर्ने ? अब त्यसैगरी सङ्घर्ष गर्नु पर्दैन । हामी सतर्क हुनुपर्दछ देश फेरि पछाडि नफर्किंयोस् ।

विचारको कुनै लडाइँ हुँदैन वा छैन भन्ने होइन । अहिले पनि विचारका लडाइँहरू भइरहेका छन्, तर ती हिंसात्मक हुनुपर्ने कुनै आवश्यकता छैन । त्यस्तै, स्वार्थहरूका लडाईं, टकरावहरूका लडाइँ हुन सक्दछन्, तर अब लोकतन्त्रमा त्यस्ता कुराहरू मान्य हुँदैनन्, स्वीकार्य हुँदैनन् । अहिलेपनि कतिपय राष्ट्रिय संरचनाहरूको नोक्सान गर्ने काम भइरहेको पाइन्छ । अहिले पनि त्यसप्रकारका गैरजिम्मेवार, असामयिक, असान्दर्भिक, अनुचित प्रवृत्तिहरू देखापरिरहेका छन् । हामीले त्यस्ता प्रवृत्तिहरूलाई अस्वीकार गर्नु पर्दछ । अब हामी सबैले संविधानसम्मत र कानुनसम्मत ढङ्गले अगाडि बढ्नु पर्दछ । देशलाई विकासको बाटोमा अगाडि बढाउनु पर्दछ ।

शान्तिपूर्ण र संवैधानिक बाटोबाटै सबैले अगाडि बढ्नुपर्छ । निरङ्कुश शासनको बेला जनताले आफ्ना अधिकारको कुरा गर्नु ठीकै हो । संवैधानिक र शान्तिपूर्ण मार्गहरू अवरुद्ध भएको बेला जनताले दमनका विरुद्ध प्रतिवाद गर्नु एउटा कुरा हो, तर शान्तिपूर्ण र संवैधानिक मार्गहरू खुल्ला भएको बेला ध्वंसात्मक र हिंसात्मक बाटो मान्य हुँदैन । जनताद्वारा निर्वाचित हुनसक्ने, परिवर्तन गर्नसक्ने, जनताको प्रतिनिधिले शासन गर्नसक्ने, जनताको प्रतिनिधिले कानुन बनाउने लोकतान्त्रिक प्रणालीमा हिंसाको राजनीति आवश्यक पनि हुँदैन, स्वीकार्य पनि हुँदैन । राजनीतिक उद्देश्यका लागि राजनीतिक बाटो नभएर अराजनीतिक हिंसाको बाटो अङ्गीकार गर्ने कुरा पनि स्वीकार्य हुनै सक्दैन ।

जुन देश अगाडि बढ्न तयार हुन्छ, जुन देश अगाडि बढ्छ, जुन देश इतिहासका असङ्गत कुरामै रुमलिएर बस्दैन त्यसले विकास गर्नु अनिवार्य हुन्छ । हामीले हाम्रा छिमेकहरूमा देख्देका छौं, बीसौं शताब्दीको उत्तारार्ध अथवा बीसौं शताब्दीको पछिल्लो खण्ड तीव्र विकास र परिवर्तनको असाधारण कालखण्ड रह्यो । धर्तीको इतिहासमा, मानवजातिको इतिहासमा, विज्ञान प्रविधि अनेकका उपलब्धिको इतिहासमा यद्यपि २० औं शताब्दी सिङ्गै नै असाधारण उपलब्धिको शताब्दी हो । त्यसमा पनि पछिल्लो अवधि, विश्वयुद्ध भइसकेको अवधि, संयुक्तराष्ट्र सङ्घ बनिसकेको अवधि, संयुक्त राष्ट्रसङ्घ बडापत्रले असाधारण उचाइका मान्यताहरू अगाडि सारिसकेपछिको स्थितिमा विभिन्न परिवर्तनहरू भए । विभिन्न आन्दोलनहरू, राष्ट्रिय मुक्तिआन्दोलन, जनताका

मुक्तिका आन्दोलनहरू, असमानता, विभेदविरूद्धका आन्दोलनहरू, समनताका आन्दोलनहरू, रङ्गभेद विरोधी आन्दोलनहरूले मानवीय चेतनाको उचाइलाई निकै माथि उठाए । कला, संस्कृति, साहित्यका क्षेत्र, अरू अनेक क्षेत्रहरूमा खोज-अनुसन्धान, औषधि विज्ञान, शिक्षाजस्ता कुराहरूमा जुन उपलब्धि हासिल भएका छन्, तिनीहरू हाम्रो मानवजातिले गरेका उपलब्धि हुन् जसको जगमा विभिन्न मुलुक अगाडि बढेका छन् । हाम्रो मुलुक पनि त्यही जगबाट अगाडि बढिरहेको छ ।

यो सरकार विचारमा स्पष्ट छ, गन्तव्यमा अझ स्पष्ट र देशको विकास र समृद्धिका योजनाहरूमा त झनै स्पष्ट छ । कता जानुपर्छ, कसरी जानुपर्छ र के गरी जानुपर्छ भन्ने कुरा राम्रोसँग, बडो गम्भीर ढङ्गले बुझेको सरकार हो यो । यो सरकारसँग विगतका अनुभवहरू छन् । ती अनुभवको समीक्षा गर्ने र कार्यान्वयन गर्ने इमानदार प्रयासहरू छन् । हामीले राष्ट्रियमात्र हैन मानवजातिका सम्पूर्ण असल कुराहरू चाहे डार्बिनको विकासवाद होस् अथवा कार्लमार्क्सका दर्शन हुन्, अथवा अन्य अर्थशास्त्रीका अर्थशास्त्रीय विश्लेषणहरू नै किन नहुन्, सबैका सकारात्मक र हाम्रो परिस्थितिअनुसारका निष्कर्षहरूलाई राम्रोसँग बुझेर काम गर्ने सरकार हो यो । सरकारसँग सही विचार छ, जुन विचारकै आधारमा सरकारले देशलाई विकास र समृद्धिमा अगाडि बढाउने कुरा गरिरहेको छ । त्यसैले त बल्ल नेपाली जनतामा आशा पलाएको छ ।

सरकारले राष्ट्रलाई गौरव अनुभूत गरेर अगाडि बढ्ने बाटोमा फर्काएको छ । हामी आफ्नो स्वाभिमानका साथ खडा हुन सकेका छौँ । हामी आफ्नो स्वाधीन अस्तित्वको रक्षामा फेरि पनि अगाडि बढेका छौँ । नेपाल र नेपालीको शिर झुकाउने काम यो सरकारले गरेको छैन र गर्ने पनि छैन ।

हामी राष्ट्रिय एकताका साथ अगाडि बढ्ने कुरालाई जोड दिइरहेका छौँ । राष्ट्रिय एकता नै एकमात्र उचित बाटो हो भन्ने हामीलाई लागेको छ । पहिचानको नाममा जात-जातमा, क्षेत्र-क्षेत्रमा, भूगोल- भूगोलमा, भाषा-भाषामा लडाइँ मच्चाउने खालका हानिकारक कुराहरू पनि सुनिन्छन् । त्यस्ता साम्प्रदायिक र विद्वेषकारी विचारहरूलाई राष्ट्रले अस्वीकार गरेको छ । राष्ट्रले त राष्ट्रिय एकतालाई नै एकमात्र उचित कुरा मानेर त्यसैमा जोड दिएको छ । हाम्रा विविधताहरू हाम्रा सम्पत्ति हुन् । भौगोलिक विविधता, जातीय विविधता, सांस्कृतिक विविधता, भाषिक विविधता जस्ता अनेक विविधताहरू

हाम्रा सम्पत्तिका रूपमा रहँदै आएका छन् । यी सबैको संरक्षण हुनुपर्छ । हरेक विविधताले अगाडि बढ्न पाउनुपर्छ । यिनका बीच लडाइँ झगडा हुनुहुन्न । राष्ट्रिय एकताको भावधारामा सबैलाई अगाडि लिएर जानुपर्छ । यसबारेमा सबै सजग हुनुपर्छ । मलाई विश्वास छ - यसमा हामी सबै स्पष्ट छौँ, तपाईंहरू पनि स्पष्ट हुनुहुन्छ । पेसागत महासङ्घको महाधिवेशनले यस विषयमा पनि उल्लेखनीय भूमिका खेल्ने विश्वास मैले लिएको छु ।

अन्तमा, तपाईंहरूको यो महाधिवेशन बडो भव्यताका साथ सुरु भएको छ । यसको समापन पनि यस्तै भव्यताका साथ होओस् । म यस महाधिवेशनको पूर्ण सफलताको कामना गर्दछु ।

(२०७३ असार ३ गते पेशागत महासङ्घको छैटौँ महाधिवेशनका अवसरमा काठमाडौँमा आयोजित समारोहमा सम्बोधन)

३५

अब दुराहरू डाक्टर, इन्जिनियर बन्नुपर्छ

कार्यक्रमका सभापतिज्यू, उपप्रधान तथा रक्षामन्त्रीज्यू, नेताज्यूहरू, संस्थाका पदाधिकारी साथीहरू, अन्य अतिथिहरू र सम्पूर्ण दाजुभाइ दिदिबहिनीहरू,

आज दुरा सेवा समाजको २३ औँ वार्षिक उत्सव यहाँ प्रारम्भ भएको छ र अगाडि बढिरहेको छ । म यस सन्दर्भमा खुसी व्यक्त गर्न चाहान्छु । यस अवसरमा दुरा जातिको उत्थान, विकास, सुख र समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्न चाहान्छु ।

यस समारोहमा उपस्थित हुनका लागि मलाई साथीहरूले आग्रह गर्नुभयो । समय मिलाउन निकै गाह्रो थियो । तैपनि अलिकति भए पनि समय निकाल्न सकिन्छ कि भनेर मैले कोसिस गरेँ । यहाँ उपस्थित नहुने कुरालाई पनि मनले त्यति मानेन । बलजफ्ती समय मिलाएर यहाँहरूको बीचमा उपस्थित भएको छु । यहाँहरूसँग ऐक्यबद्धता जनाउनका लागि, यहाँहरूको साथमा सरकार छ भन्ने बताउनका लागि, यहाँहरूको विकासका निम्ति काम गर्न म तयार छु भन्नका लागि, यस जातिको संस्कृतिको संरक्षण र विकासका निम्ति सरकार खास सोच र योजनाका साथ अगाडि बढ्न चाहन्छ भन्ने कुरा बताउनका लागि नै म यहाँ उपस्थित भएको छु ।

नेपाल १ सय २५ जातजातिको बसोबास रहेको देश हो । यो हिमाल, पहाड, तराईका पूर्वदेखि पश्चिमसम्म फैलिएको छ । यो देश बहुजातीय छ, हामी धेरै जातजातिहरू यस देशमा छौँ । हामी सबैको सुरक्षा, संरक्षण र उन्नति चाहन्छौँ । यसमा नै देशको पनि उन्नति हुन्छ भन्ने हामीलाई लाग्छ ।

हाम्रो देशमा पछाडि परेको, सानो सङ्ख्यामा रहेको, लोपोन्मुख प्रायः अवस्थामा रहेको दुरा जाति राष्ट्रले ध्यान दिनैपर्ने जाति हो । सरकारले ध्यान दिएकै हुनाले म तपाईंहरूको यस कार्यक्रममा उपस्थित भएको हुँ । हामी पछाडि परेका धेरै अल्पसङ्ख्यक र लोपोन्मुख जातिहरूका निम्ति केही विशेष योजनाहरू, केही विशेष कार्यक्रमहरू ल्याउने भन्ने कुरामा छलफल गरिराखेका छौं । ती कार्यक्रमहरू तपाईंहरूको संरक्षण र विकासका निम्ति हुनेछन् ।

मसँग केही विशेष योजनाहरू पनि छन् । अहिले नै मैले केही भनिहाल्नु वाञ्छनीय हुँदैन । म कतिचाहिँ भन्छु भने सरकारको ध्यान तपाईंहरूमाथि छ, तपाईंहरूका समस्याहरूमाथि छ, तपाईंहरूको सुरक्षा, सम्मान, विकास, सुख र समृद्धिका निम्ति छ ।

हाम्रो पार्टी नेकपा (एमाले) को केन्द्रीय कमिटीको बैठक चालू छ । हामी नीति कार्यक्रम बनाउने सन्दर्भमा छलफल गरिरहेका छौं र बजेट तयार गर्ने सन्दर्भमा छलफल गरिरहेका छौं । यसपटकको नीति कार्यक्रम देशलाई तीव्र उन्नतिका साथ विकासको बाटोमा अगाडि बढाउने उद्देश्यका साथ आउँदैछ। त्यसमा नेपाल र नेपाली जनताको हितलाई ध्यनमा राखिने छ । तपाईंहरूको हितलाई पनि ध्यान दिइने छ ।

देशको वार्षिक आर्थिक वृद्धिदर यसपल्ट निकै कमजोर हुने देखिएको छ । भुइँचालोले गर्दा गत वर्ष हामीलाई थिलथिलो बनायो । त्यसपछि नाकाबन्दीले हामीलाई थिलथिलो बनायो । तराईका घटना, अशान्ति, हिंसा र बन्दजस्ता कुराहरूले हाम्रो अर्थतन्त्रलाई ठूलो धक्का दिएको छ । त्यसकारण हाम्रो आर्थिक वृद्धिदर कमजोर देखिएको हो । लगभग वृद्धिदर नै छैन भन्दा पनि हुन्छ । एउटा रोकावटको स्थितिमा छ भन्दा हुने अवस्था छ । अब हामी त्यसलाई तीव्र आर्थिक वृद्धिदरमा लान चाहन्छौं । यसपल्ट हामी उतारचढावको अवस्थाबाट त्यो स्थितिमा रहे पनि आगामी आर्थिक वर्ष हामी धेरै ठूलो, नेपालको इतिहासमा सायद त्यति तीव्र आर्थिक वृद्धिदर नहोला, त्यति तीव्र आर्थिक वृद्धिदर हामी हासिल गर्नेछौं । त्यस दिशामा हामी लागिसकेका छौं ।

सबैभन्दा महत्वपूर्ण कुरा एमाले तपाईंहरूको साथमा छ । एमालेको ध्यानमा तपाईंहरू हुनुहुन्छ । तपाईंहरूको सुरक्षा, सम्मान, सुख, समृद्धिका निम्ति एमाले

क्रियाशील छ । एमाले चाहन्छ - थोरै भएपनि दुरा जाति अब माथिल्लो तहमा पुग्नुपर्छ, डाक्टर इन्जिनियर हुनुपर्छ, पाइलट हुनुपर्छ, व्यवस्थापक हुनुपर्छ ।

म यस कार्यक्रमको सफलताको लागि शुभकामना व्यक्त गर्न चाहन्छु । दुरा जाति थोरै भएपनि अब यसको भविष्य चम्किनुपर्छ । यस जातिभित्र कोही निरक्षर हुनुहुन्न, कोही अशिक्षित रहनुहुन्न । दुरा जातिभित्र कम्तीमा पनि स्नातक नगरेको मानिस कोही नहोओस् भन्ने म चाहन्छु । अधिकार र अवसर दुबै दुरा जातिलाई उपलब्ध हुनैपर्छ । सरकारले त्यसमा ध्यान दिएको छ । दुरा समाजको वार्षिक उत्सवका अवसरमा म सबैमा पुनः हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

(२०७३ वैशाख २ गते दुरा समाजको वार्षिक उत्सवको अवसरमा आयोजित समारोहमा प्रस्तुत मन्तव्य)

३६

एक वर्षमा लोडसेडिङ समाप्त हुन्छ

यस कार्यक्रमका अध्यक्ष महोदय, माननीय मन्त्रीज्यू,विशिष्ट व्यक्तित्वहरू, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका पदाधिकारी मित्रहरू, वैकल्पिक ऊर्जालाई बढावा दिँदै ऊर्जा क्षेत्रमा नेपाललाई अगाडि बढाउने सङ्कल्प बोकेर उपस्थित हुनुभएका सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरू,

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले तीन दिने वैकल्पिक ऊर्जासम्बन्धी यो प्रदर्शनीको आयोजना गरेको छ । यो ज्यादै खुसीको कुरा हो । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रलाई हार्दिक धन्यवाद भन्न चाहन्छु ।

यस कार्यक्रमबाट हामी ऊर्जाको सम्बन्धमा र वैकल्पिक ऊर्जाको सम्बन्धमा थुप्रै सामान्य र प्राविधिक ज्ञानहरू प्राप्त गर्नेछौँ । यसले हाम्रो अभिरुचि, हाम्रो उत्सुकता, हाम्रो तत्परता अगाडि बढाउनेछ । त्यो पनि मैले विश्वास लिएको छु । यस कार्यक्रमको भव्य सफलताको निम्ति म हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

केही संस्थाका केही साथीहरूले, विभिन्न प्रकारका वैकल्पिक ऊर्जाको प्रयोग, त्यसको सुरुआतको सम्बन्धमा समझदारी-पत्र, सम्झौता-पत्रजस्ता कुराहरूमा हस्ताक्षर गर्नुभएको छ । म उहाँहरूलाई धन्यवाद भन्न चाहन्छु, बधाई भन्न चाहन्छु, उहाँहरूलाई शुभकामना दिन चाहन्छु । उहाँहरूले गर्नुभएको प्रयोग सबैका लागि मार्गदर्शक बन्न सकोस् । यो उपयोगी हुन सकोस्, उहाँहरूका निम्ति, सबैका निम्ति अनुसरणीय हुन सकोस् । यस प्रसङ्गमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले जुन सेवा पुऱ्याइआएको छ, विभिन्न हिसाबले बायो ग्याँसको सम्बन्धमा अथवा वैकल्पिक विद्युत् उत्पादनको सम्बन्धमा खासगरी

ग्रामीण क्षेत्रमा जुन काम भएको छ, त्यसका निम्ति म यस संस्थालाई धन्यवाद भन्न चाहन्छु । अहिले पनि यो कार्यक्रमको आयोजना गरेको छ, धेरै खुसीको कुरा हो ।

हामी एउटा नयाँ परिस्थितिमा, नयाँ परिवेशमा हुर्किएका छौँ । हामीले संविधानसभाबाट संविधान पाएका छौँ । हिजो राजनीतिक अधिकार प्राप्तिको अथवा सामाजिक असमानता, विभेदको विरुद्ध, न्याय र समानताका हकहरू प्राप्तिको सङ्घर्ष गर्नुपरेको थियो, त्यसको निम्ति लडाइँ गर्नुपरेको थियो, अब त्यो टुङ्गिएको छ । अब ती अधिकारहरू संविधानमार्फत संस्थागत भएका छन् । हामी अब नयाँ चरणमा, उन्नतिको चरणमा, हाम्रा पूर्वाधारहरूको विकासको चरणमा, हामीले देशलाई आधुनिकतातर्फ अगाडि बढाउने चरणमा, विभिन्न ढङ्गले चौतर्फीरूपमा हाम्रा उन्नतिका प्रयासहरूलाई अगाडि बढाउने सन्दर्भमा र एउटा समृद्ध नेपाल बनाउने बाटोमा अग्रसर हुने चरणमा प्रवेश गरेका छौँ । ऊर्जाको सम्बन्धमा मैले भन्नुपर्दैन, ऊर्जा देशको विकासका निम्ति असाधारण महत्व राख्ने कुरा हो । हाम्रा निम्ति सौभाग्यको कुरो, ८३ हजारभन्दा बढी मेगावाटको हामीसँग हाइड्रोपावरको क्षमता छ । ८३ हजारभन्दा बढी मेगावाट हामी उत्पादन गर्न सक्छौँ, तर फर्पिङमा चन्द्रज्योति १ सय ५ वर्ष अगाडि सुरु भयो, १ सय ५ वर्षपछि अहिले हामी ७ सयदेखि ७ सय ५० मेगावाटको आसपासमा मात्रै उत्पादन गरिरहेका छौँ । संसारको दोस्रो जलस्रोतको धनी देश, यत्रो सम्भावना भएको देश, तर हामीले उत्पादन गर्‍यौँ, ८ सय मेगावाटभन्दा कम, त्यो पनि १ सय ५ वर्षमा । कस्तो इतिहास ? कछुवा पनि यति ढिलो हिँड्दैन । कमसेकम पाँच-दश हजार त उत्पादन हुनुपर्थ्यो होला नि ।

यसप्रकारको शिथिलताको अवस्था, अकर्मण्यताको अवस्था छ, एउटा निकम्मापनको अवस्था; भन्न पनि अप्ठ्यारो लाग्छ । १ सय ५ वर्षमा लगभग ८ सय मेगावाट, कस्तो ठाउँमा भन्दा जहाँ ८३ हजार मेगावाटभन्दा बढी क्षमता छ, जुन संसारको दोस्रो ठूलो जलस्रोतको धनी देश हो । अब यस इतिहासलाई छोडिदिनुपर्छ । मैले भन्दै आएको छु - म एक वर्षभित्र लोडसेडिङ समाप्त पार्छु । मैले यो कुरा प्रधानमन्त्री भएदेखि नै निरन्तर भन्दै आएको छु । यहाँ फेरि पनि भन्छु - एक वर्षमा लोडसेडिङ अन्त गर्छु । ढिलो हिँड्ने बानी परेका मान्छेहरू, बामे सर्ने बानी परेका मान्छेहरू एक वर्षभित्र लोडसेडिङ समाप्त हुनै सक्दैन भन्छन् किनभने १ सय ५ वर्षमा त लगभग ७ सय मेगावाट बल्ल

निस्केको छ, कसरी हुन्छ एक वर्षमा लोडसेडिङ समाप्त ? अर्को ७-८ सय मेगावाट हामीलई चाहिन्छ, कसरी हुन्छ ? कसैलाई के लागेको छ भने यदि सौर्य ऊर्जामा गयो भने, यदि हावाबाट बिजुली निकाल्ने वायु ऊर्जामा गयो भने अथवा बायो ग्याँसमा गयो भने अथवा जियो-थर्मलमा गयो भने वा अरू प्रकारका कुराहरूमा गयो भने हाम्रो जलस्रोतको महत्व त सिद्धिहाल्यो नि ! कोही त्यस्तो लाग्नेहरू पनि छन् । म के भन्न चाहन्छु भने जलस्रोत पनि हाम्रो हो, सौर्य पनि हाम्रो हो, हावा पनि हाम्रो हो । यो जमिनभित्रको ताप पनि हाम्रो हो, अथवा जिओ-थर्मल पनि हाम्रो हो । अरू विभिन्न प्रकारका ऊर्जाका स्रोतहरू हुन सक्दछन् । फोहरमैला व्यवस्थापनबाट पनि हामी निकाल्न सक्दछौँ । ग्याँस निकाल्न सक्दछौँ । बिजुली निकाल्न सक्दछौँ, अनेक निकाल्न सक्दछौँ । यी कुराहरू, यी सबै हाम्रै हुन् । हामी सबैलाई प्रयोग गर्दै तीव्रताका साथ अगाडि बढ्नुपर्दछ । अब खाली पाखुरा सुर्कन जान्ने, चर्का कुरा गर्न जान्ने, ठूलाठूला कुरा गर्न जान्ने भएर मात्र देश बन्दैन ।

एउटा कण्ठ भएको मन्त्र छ नेपालमा - अधिकारका निम्ति लडाइँ भन्ने । अधिकारका निम्ति हामी लडिरहेका छौँ, अधिकारका निम्तिको लडाइँ हो, अधिकार के चाहिएको हो, कुन अधिकारका निम्तिको लडाइँ हो ? राणाशासन पनि सकियो, राजतन्त्र पनि सकियो, गणतन्त्र आएको छ, असमानता र विभेद संवैधानिक र व्यावहारिकरूपमा समाप्त पारिएको छ, कसैको भन्दा कसैलाई कम अधिकार छैन । सबैलाई अधिकार छ, अझ ती अधिकार प्रयोग गर्नका निम्ति, पछाडि परेका समुदायलाई अगाडि बढाउनका निम्ति विशेष प्रबन्धहरूको व्यवस्था गरिएको छ । अधिकारमा सबै बराबर छन् । अनि अधिकारको लडाइँ के ? एउटा भ्रमको खेती गर्न खोजिएको छ, अधिकार पाएन जनताले भन्ने । हल्ला चलाइन्छ - अधिकार त सिंहदरबारमा बस्नेहरूले पाए, हामीले पाएनौँ । सिंहदरबार कार्यालयमात्र हो, कोही पनि बस्दैन । त्यो सिंहदरबारमा कसैको घर पनि छैन, डेरा पनि होइन । भ्रम फिँजाइएको छ, सिंहदरबारमा बस्नेहरूले अधिकार पाए, अरूले पाएनन् भनेर ।

नेपाली जनता साँच्चै नै सार्वभौमसत्तासम्पन्न भएको छ, नेपाली जनताले अधिकार पाएको छ, त्यस अधिकारलाई उपयोग गर्नसक्ने गरी हामीले अब विकास गर्नुपर्नेछ । हामी घर बनाउन पाउँछौँ, घर बनाउने सामर्थ्य हामीले विकास गर्नुपऱ्यो । रोजगारी गर्नसक्छौँ, हामीमाथि कुनै विभेद हुनसक्दैन, बरु केही

आरक्षण, केही संरक्षणका कुराहरू होलान् । छोराछोरी पढाउने अधिकार पाउँछौँ हामीले, यो राणाशासन होइन, तर पढाउन सक्ने वातावरण बनाउनुपऱ्यो ।

यो संविधानसभाबाट लोकतान्त्रिक संविधान नेपालले पाइसकेपछि बनेको जनताको सरकार हो, यसले जनताका अधिकारलाई उपयोग गर्नसक्ने गरी सुनिश्चित गर्न आफूलाई अगाडि बढाउनुपर्दछ । अब छोराछोरी पढाउन पाउने जनताको अधिकार उपयोग गर्न यस सरकारले सक्ने स्तरमा जनतालाई उठाउन परेन ? आधुनिकतामा जानुपरेन ? विकासतर्फ ल्याउनुपरेन ? अहिलेको आवश्यकता त्यो हो र हामी त्यो गर्दैछौँ ।

अधिकारहरू प्राप्त भएका छन् तैपनि हामी अधिकारको लडाइँ जारी छ भन्छौँ, क्रान्तिकारी कुरा गर्छौँ । अस्ति कसैले पावरहाउसमा आगो लगायो भन्ने सुनियो । विद्युत् आयोजनाको कार्यालयमा आगो लगाउने अनि नयाँ नेपाल बनाउने कुरा गर्ने ? बिजुली निकाल्न नदिने, बाटो बनाउन नदिने, नयाँ नेपाल बनाउने कुरा गर्ने ?

हामीले विज्ञान र प्रविधिको उपयोग गर्नुपर्छ । सम्पूर्ण क्षेत्रलाई आधुनिकीकरण गर्नुपर्छ । वातावरण अनुकूल नवीकरणीय ऊर्जा नै नेपालमा दिगो विकासको आधार हो । यो त देशै यस्तो छ, यहाँको जलस्रोत, यहाँको हावा, यहाँको सौर्य- यी सबै नवीकरणीय ऊर्जाका स्रोत हुन् । हामी कुनै न्युक्लियर प्लान्ट जडान गर्न गइरहेका छैनौँ । जुन देशमा हिमालहरू छन्, जुन देशमा पहाडहरू छ, जुन देशमा चीसो हावा छ, जुन देशमा ग्लेसियर हिमाल र नदीहरू बग्छन् । यति उर्वर छ यो देश, खोलामा माछाको बीउ हाल्नुपर्दैन, माछा आफैँ हुर्केको हुर्क्यै हुन्छ । यो वातावरण अनुकूल जीवनमय देश हो । यस देशलाई अझ सुन्दर बनाउनुपर्छ ।

यस सन्दर्भमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले जुन काम गरेको छ, यसमा काँधमा काँध मिलाउन नेपाल प्रहरी, अरू उद्यमीहरू, अरू व्यवसायीहरू जसरी लाग्नुभएको मैले पाएको छु, यो अत्यन्तै प्रशंसायोग्य कुरा छ । म सबैलाई हार्दिक धन्यवाद भन्न चाहन्छु । यो ज्ञानमूलक, शिक्षामूलक, विकासमुखी जुन प्रदर्शनीको आयोजना भइरहेको छ यो सफल हुने नै छ, सफल होस् । यसले सफलताका अरु ढोकाहरू खोल्न योगदान पुऱ्याओस्, म धेरैधेरै शुभकामना भन्न चाहन्छु । सरकारको तर्फबाट, यो सरकारी निकाय नै हो, त्यसमाथि

मन्त्रिपरिषद्को तर्फबाट अरू हिसाबले कानुनी वा व्यावहारिक हिसाबले कदम चाल्नुपर्‍यो थप अनुकूलता प्रदान गर्न भने माननीय मन्त्रीज्यू हुनुहुन्छ, म उहाँलाई भन्न चाहन्छु, प्रधानमन्त्रीको हिसाबले म तपाईंको साथमा छु, वातावरण मन्त्रालयको साथमा छु, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको साथमा छु । यस दिशामा अगाडि बढ्न चाहने उद्यमी, व्यवसायीहरूको साथमा सरकार छ । संघसंस्थाहरूको साथमा सरकार छ । हाम्रा सेना, प्रहरी र हाम्रा विभिन्न निकायहरू अगाडि बढ्नेछन्, प्रतिबद्धतातर्फका पाइला चाल्नेछन् ।

मलाई यहाँ आमन्त्रण गर्नुभयो, थप धन्यवाद भन्न चाहन्छु । सबैमा शुभकामना ।

(वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा काठमाडौँमा आयोजित वैकल्पिक ऊर्जा प्रदर्शनीको उद्घाटनका सन्दर्भमा व्यक्त विचारहरू)

३७

पुनर्निर्माणमा बाधा पुऱ्याउने काम नहोओस्

उप-प्रधानमन्त्रीज्यू, गृहमन्त्रीज्यू, योजना आयोगका उपाध्यक्षज्यू र सम्पूर्ण उपस्थित साथीहरू,

मैले अलिकति सङ्क्षिप्तमा नै केही कुराहरू राख्नुपर्नेछ, त्यसले यस समितिको बैठक, बैठकले लिनुपर्ने लाभ अथवा त्यसले गर्नुपर्ने निर्णय, त्यसले पुऱ्याउनुपर्ने मार्ग निर्देशनजस्ता कुराहरूमा कमी हुनेछैन किनभने साथमा उप-प्रधानमन्त्रीज्यू हुनुहुन्छ, गृहमन्त्रीज्यू पनि हुनुहुन्छ, मुख्य सचिव हुनुहुन्छ र यस सम्बन्धमा सम्बन्धित अन्य निकायका प्रतिनिधिहरू पनि हुनुहुन्छ ।

सबभन्दा पहिले त म यस समितिले धेरै अगाडिदेखि नै जुन रुचि राख्नेको छ र यससम्बन्धमा जसरी सरकारलाई पनि घच्घच्याउने काम गरेको छ, ध्यानाकर्षण गर्ने काम गरेको छ, जनतालाई राहत, सहुलियत पुऱ्याउनका लागि जुन सकारात्मक भूमिका खेलेको छ, त्यसका लागि धन्यवाद भन्न चाहन्छु । सायद समितिले वैशाख १२ गतेको भूकम्पपछि, दुई दिनपछि नै अत्यन्तै गम्भीर ढङ्गले गहिरो गरी रुचि लियो । जनप्रतिनिधि संस्थाको हिसाबले, त्यस संस्थाको सम्बन्धित संस्थाको हिसाबले यस समितिको भूमिकालाई म प्रशंसा गर्न चाहन्छु, धन्यवाद भन्न चाहन्छु, यहाँहरूले धेरै राम्रो गर्नु भएको छ । यससम्बन्धमा अहिलेसम्म विविध ढङ्गले सरकारी, गैर-सरकारी, राष्ट्रिय, अन्तर्राष्ट्रिय, विभिन्न निकाय र सङ्घसंस्थाहरूले उद्धार कार्यदेखि लिएर, राहत कार्यदेखि लिएर पुनर्निर्माणका कार्यहरूमा जुन प्रकारको तत्परता देखाउनुभएको छ, त्यो असाधारण छ, प्रशंसायोग्य छ, म यसको प्रशंसा गर्न चाहन्छु ।

सरकारको भूमिका होस्, गैर-सरकारी संस्थाहरूको भूमिका होस्, यसभित्र कलाकारहरू, साहित्यकारहरू समेत पनि, यसमा रेस्क्युका लागि प्रहरी, सेना, चिकित्सकहरू चिकित्सा क्षेत्रसँग सम्बन्धित व्यक्तिहरू वा सामाजिक सेवाका क्षेत्रहरूमा मात्र होइन कि अरू विभिन्न मान्छेहरू, कलाकारहरू, गायकहरू, गैर-आवासीय नेपालीहरूदेखि लिएर धेरै यसमा क्रियाशील छन् । जसमा मैले उहाँहरू सबैलाई धन्यवाद भन्नुपर्छ । धेरैको रुचि एकैचोटि प्रकट हुँदा सङ्कटका बेलामा कहिले कहिले समन्वयमा समस्या आउनु स्वाभाविक हो । समस्या आकस्मिक रूपमा तत्काल आइपऱ्यो । सेवाको भावना सबैतिरबाट देखियो, आवश्यकता र सेवाको भावना छ, तर नियमित अवस्थामा जस्तो अलि संयोजित अवस्थामा जान अलि गाह्रो हुन्छ त्यो । सुरुमा अलि संयोजनको अभाव जस्तो देखियो तर पछि बिस्तारै संयोजनपूर्ण ढङ्गले अगाडि बढ्यो । त्यसमा सरकारको भूमिका र यस समितिको पनि भूमिका संयोजित ढङ्गले जान सकोस्, व्यवस्थित ढङ्गले जान सकोस् र अधिकतम सदुपयोग हुन सकोस् । जनताले सीमित साधनस्रोतबाट पनि अधिकतम लाभ लिन सकून् भन्ने जुन भावना यी सबै ठाउँहरूमा प्रकट भए त्यो बहुतै राम्रो कुरा भएको छ ।

मैले धेरै भनिरहनुपर्ला जस्तो लाग्दैन, रेस्क्युको सम्बन्धमा हाम्रो सेना, हाम्रो सशस्त्र प्रहरी, हाम्रो प्रहरी, हाम्रो निजामती कर्मचारी, हाम्रा चिकित्सकहरू, हाम्रा समाजसेवीहरूले असाधारण काम गरेका छन् । यस सन्दर्भमा राजनीतिक दलहरू, दलका कार्यकर्ताहरूले पनि असाधारण काम गरेका छन् । ती सबैलाई पनि म धन्यवाद भन्न चाहन्छु । अहिले हामी पुनर्निर्माणको चरणमा छौँ, हामीले पुनर्निर्माणसम्बन्धी ऐन बनाइसकेका छौँ । पुनर्निर्माण प्राधिकरण गठन गरिसकेका छौँ र त्यसले काम अगाडि बढाइसकेको छ ।

एउटा यथार्थ के छ भने - एकातिर पुनर्निर्माणका चरणमा हामी प्रवेश गरेका छौँ, पुनर्निर्माण ऐन बनेको छ, पुनर्निर्माण प्राधिकरण पनि बनेको छ । यसले काम पनि अगाडि बढाइसकेको छ,। यसले योजना बनाएको छ, यसले अब पुनर्निर्माणसम्बन्धी, भवनसम्बन्धी र अन्य कुरासम्बन्धी कस्ता मापदण्ड कसरी कुन विधिबाट बनाउने भन्नेजस्ता कुराहरू गर्दै जान्छ । अर्कातिर, उद्धारका कामहरू पनि फेरि जारी नै रहेका छन् । विचित्र यहाँनिर छ । यतिपछि आइपुग्दा पनि हामी उद्धारका कामहरूमा लागिराखेका छौँ ।

आज हामीले सञ्चार माध्यमहरूमा हेर्‍यौं भने पनि देख्छौं हिमाली भेगका जनताहरूले घर बनाउन सकेका छैनन् । यत्रो ठूलो सङ्ख्यामा घरहरू भत्केका छन्, ध्वस्त भएका छन्, त्यस्तो ठाउँमा तत्काल घर बनाइहाल्न त्यति सजिलो कुरा थिएन, हाम्रो साधन, स्रोत, हाम्रो भूगोल, हाम्रा बाटाघाटा, ट्रान्सपोर्टेसन, ढुवानी आदिका अवस्थाहरूदेखि लिएर कच्चा पदार्थ, इन्धन आपूर्तिदेखि लिएर विभिन्न समस्याहरू छन् । यसबीचमा केही राजनीतिक गतिविधिहरूले पनि यस्ता कुराहरूलाई असर पारे जुन कुरा हामीलाई थाहै छ । अब यस्तो अवस्थामा अहिले फेरि हिउँ पर्ने कुराले हिमाली जिल्लाहरूमा अत्यन्त कष्टकर स्थिति छ । अहिले हामी यहाँ आउनुभन्दा अगाडि पनि राहतकै सम्बन्धमा रक्षामन्त्रीज्यू, गृहमन्त्रीज्यू, सेनाका जनरलहरू, आइजिपी, मुख्य सचिवसमेत बसेर छलफल गरिरहेका थियौं तत्काल राहत कसरी पुऱ्याउने भनेर । हामीले भर्खरमात्र पनि विभिन्न ठाउँमा तत्काल हेलिकप्टरबाट जाने, मेडिकल टिम पठाउने, न्याना कपडा पठाउनेदेखि लिएर र साह्रै बिमार अवस्थाका मानिसहरूलाई उद्धार गरेर अनुकूल ठाउँमा ल्याउने र त्यहाँ राहत प्रदान गर्ने, अथवा त्यहाँ सुविधा दिने जस्ता कुराहरू पनि गरेका छौं । जे होस् वैशाख १२ को भूकम्पपछि यतिबेला आएर पनि हामीले उद्धारकै कामहरू गर्नुपर्छ भन्ने कुरा सहज होइन, अन्यत्र त्यति हुँदैन, तर हाम्रो भूबनोटको कारणले सधैं हिउँ पर्छ, सधैं पहिरो जान्छ, यस्तो भइरहन्छ तर यसपल्ट आवासहरू भत्किएका र त्रिपालहरूले नथामिरहेको अवस्थामा कसरी व्यवस्थापन गर्ने ? अर्को ठूलो सङ्ख्यामा प्रभावित मानिसहरूलाई कसरी व्यवस्थापन गर्ने ? दुर्गम ठाउँमा जहाँ गाडी पुग्दैन, न त्यहाँ लत्ता कपडा पुग्छ, न त्यहाँ खाद्यान्न पुग्छ, मानिस हिँडेर जाने हो भने धेरै दिन लाग्छ । त्यस्ता ठाउँहरूमा उद्धार कसरी गर्ने जस्ता कुराहरूमा हामी आजैमात्र पनि लागेका थियौं र सरकारका तर्फबाट गम्भीरतापूर्वक कुरा टुङ्गिएको छ ।

हामीले पहिले पहिले पठाएका रकमहरूका सन्दर्भमा समितिलाई जानकारी छ भन्ने मलाई लाग्छ । अहिले भर्खरै मात्र पनि १० हजार रुपैयाका दरले हामीले पठाउने भनेर जुन भनेका छौं, लगभग ५ अर्ब ९९ करोड रुपैया पठाइएकोमा ४ अर्व ९० करोड वा सोभन्दा अलि बढी जस्तो रकम अस्ति शुक्रवारसम्ममा वितरण भइसकेको छ । अब लगभग ५० करोडको हाराहारीमा मात्र बाँकी छ । त्यसैगरी आजमात्रै पनि हामीले राहतका केही सामग्रीहरू पुऱ्याउँदैछौं । उद्धार कार्यहरू पनि गर्दैछौं । हामीले त्यहाँ प्रशासनका इकाईहरू वा प्रतिनिधिहरू

वा सेनाका, प्रहरीका प्रतिनिधिहरू, त्यहाँका संस्थाहरू अथवा अरू त्यहाँ काम गरिरहेका शिक्षासम्बन्धी, स्वास्थ्यसम्बन्धी अन्य सरकारी, गैर-सरकारी संस्थाहरू, गैर-सरकारी वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू जहाँ जो काम गरिहेका छन्, अथवा त्यहाँका राजनीतिक पार्टीहरू वा उनीहरूका कार्यकर्ताहरूसमेत सबैबाट यथार्थ विवरण लिने, परिस्थितिको वास्तविकता बुझ्ने र तत्सम्बन्धमा के गर्न सकिन्छ भनेर गर्ने भन्दै त्यही काममा लागिरहेका छौं । भिन्न भिन्न डाटा र विवरण आएको सम्बन्धमा त्यसरी नआओस् र रकमको दुरुपयोग नहोस् भन्ने कुरामा सरकार सचेत छ ।

अस्ति ५ गतेबाट हिमाली भेगका लागि केही राहत वितरण गर्दैछौं । ६ हजार परिवारका लागि न्यानो कपडाको प्याकेज वितरण गर्दैछौं । सेल्टर बनाउने कुरा पनि हामी तदारुकताका साथ गर्दैछौं । अहिलेका लागि हामीले ५० वटा ट्रसहरू बनाउँदैछौं, जहाँ धेरै मान्छे अटाउन सकिन्छ, कमसेकम यस्ता परिस्थितिमा त्रिपालमुनिबाट ल्याउन सकिन्छ र बचाउन सकिन्छ । हरेकलाई जमिन छुट्याउन, घर बनाउन समय लाग्ने, अनेक कुराहरू पर्ने भएको हुनाले तत्काल टहराहरू छिटोभन्दा छिटो निर्माण गर्ने र त्यसमा मान्छेलाई सारिहाल्ने कुरा भएको छ । हामी चाहन्छौं - कुनै पनि हिसाबले काममा ढिलाइ नहोओस्, पुनर्निर्माणको काममा कसैले बाधा पुऱ्याउने काम नगरोस्, तत्कालका विकासका कतिपय कामहरूमा बाधा पुग्ने गरी कुनै कुरा नहोओस् ।

समितिले कसरी घर बनाउने भन्ने सम्बन्धमा जुन कुरा उठाएको छ यससम्बन्धमा मैले धेरै भन्नुपर्ला जस्तो लाग्दैन, हाम्रा प्राविधिकहरू, हाम्रा इञ्जिनियरहरू सबै आफ्नाआफ्ना ढङ्गले कसरी गर्ने भनेर लागिरहेका छन् । जस्तो ढुवानीबाट सबै कुरा पुऱ्याउन सकिँदैन भने स्थानीय सामग्रीहरू प्रयोग गरेर पनि बनाउनुपर्ने अवस्था छ । त्यसलाई भूकम्प प्रतिरोधक कसरी बनाउने त ? त्यहींका सामान प्रयोग गरेर पनि बनाउन सकिन्छ भने कसरी बनाउने भन्ने सन्दर्भमा पनि विचार विमर्श भएका छन् । त्यतापट्टि पनि हामीले ध्यान दिएका छौं । जनतालाई छिटोछरितो ढङ्गले कसरी ऋण सुविधा उपलब्ध गराउन सकिन्छ ? सरकारको तर्फबाट पहिले दिएको रु. २ लाखको सम्बन्धमा कसरी छिटो डेलिभरी गर्न सकिन्छ ? किनभने रु. २ लाख पनि जाने, केही पनि नहुने जस्ताको त्यस्तै रहने अवस्था नबनोस् भन्ने कुरामा ध्यान दिइएको छ । त्यसपछि सामूहिक जमानीमा रु ३ लाख अरू थप ऋण दिने व्यवस्था गरिएको छ । रु.

५ लाखसम्ममा बन्ने घरहरू मानिसहरूले बनाउन सक्ने बन्छ तर सबै ठाउँमा त्यस प्रकारको लाग्दैन । केहीले हामीसँग प्रस्तावहरू पनि ल्याइरहेका छन्, तीन लाखमा नै हामी यस्तायस्ता घर बनाउँछौं भनेर । कतिले २ लाखमा, कतिले ४ लाखमा, कसैले ७ लाखमा, जसले जतिमा बनाएपनि कमसेकम भूकम्प प्रतिरोधी घर हुनै पर्दछ । यी घर अलिकति आवासयोग्य हुनैपर्दछ । केही दशक त ती घरहरू जानै पर्ने हुन्छ । एउटा पाटो यो छ र अर्को योसँगै जोडेर हामीले जुन घरहरू भत्किएका छैनन्, त्यहाँ पनि भूकम्पको झट्का नगएर नभत्केको मात्र हो । पश्चिम र पूर्वी नेपालका पहाडी ठाउँहरूमा जुन कच्ची घरहरू छन् ती किन भत्किएका छैनन् भने झट्का नगएर मात्र हो । जहिले पनि झट्का जानसक्छ, हाम्रो क्षेत्र भूकम्पीय क्षेत्र नै हो र ती घरहरू भत्कन सक्छन् । त्यसकाराण यतापट्टि पनि हामीले विनाविलम्ब जिम्मेवार ढङ्गले अग्रिम सोचाइ राख्न आवश्यक छ । यी सबै कुराहरूलाई समेत राखेर सरकारको तर्फबाट हामी स्टेप लिइरहेका छौं । बाँकी छलफल उपप्रधानमन्त्रीज्यू हुनुहुन्छ, गृहमन्त्रीज्यू हुनुहुन्छ, उहाँहरूले राख्नुहुनेछ । म साथीहरूलाई धेरैधेरै धन्यवाद भन्न चाहन्छु ।

(उद्धार तथा राहतसम्बन्धी समितिको बैठकमा व्यक्त विचारहरू)

३८

कहिल्यै बिर्सन नसकिने व्यक्तित्व

यस कार्यक्रमका अध्यक्षज्यू, विशेष अतिथि पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाज्यू, मेरा अत्यन्तै आदरणीय मित्रहरू, सहभागी सबै दाजुभाइ दिदीबहिनीहरू,

नेपाल राष्ट्रका महान् सपूत कृष्णप्रसाद भट्टराईज्यू, जसलाई किसुनजी भनेर पनि चिनिन्छ, जसलाई साधारणतया सन्त नेता भनेर बुझिन्छ, आज उहाँको ९२ औँ जन्मजयन्ती । प्रकृतिको अत्यन्तै ठूलो निष्ठुर प्रवृत्ति, एक दिन न एक दिन जो पनि दिवङ्गत हुनैपर्ने । किसुनजी पनि दिवङ्गत हुनुभयो । उहाँ हाम्रो बीचमा हुनुहुन्न । त्यसैकारण हामीले जयन्ती भन्यौँ । यतिबेला म उहाँप्रति अत्यन्तै सम्मानका साथ हार्दिक श्रद्धा-सुमन अर्पण गर्न चाहन्छु ।

कृष्णप्रसाद भट्टराईजीलाई नदेख्ने र नजान्ने सायद यहाँ उपस्थित हुनुहुन्न होला । चिनेजानेका साथीहरू हुनुहुन्छ, मैले धेरै भन्नुपर्दैन । अघि स्वागत मन्तव्यको क्रममा युवराजजीले राजनीतिक मान्छेका सन्दर्भमा एउटा प्रसङ्ग ल्याउनुभयो । मान्छे भूगोलमा एक ठाउँमा जन्मन्छ । एउटा परिवारमा जन्मिन्छ । एउटा समयमा जन्मिन्छ । त्यो उसको बुताको कुरा होइन । त्यसको कार्यक्षेत्र, कार्यथलो पनि एउटा हुन्छ । मुख्यरूपमा एउटा देशमा जन्मन्छ, एउटा परिवार, एउटा जात केही होला तर उसको सिमाना के हो त्यो हेर्नुपर्छ । कृष्णप्रसाद भट्टराईलाई हामीले त्यसरी हेर्‍यौँ भने, उहाँ हिजो कुन पार्टीमा हुनुहुन्थ्यो भनेर पार्टीको हिसाब गर्‍यौँ भने उहाँको धेरै अवमूल्यन हुनजान्छ ।

बीसौँ शताब्दी पूरा परिवर्तनको शताब्दी हो । बीसौँ शताब्दी असाधारण शताब्दी हो, विश्वको इतिहासमा । यसै त मानवजातिको उपस्थितिको कारणले पृथ्वी नामको ग्रहको र यो अन्तरिक्षको महत्व बढेको छ । मान्छे नै नभएदेखि

यसको के महत्व ? जीव नै नभएको भए यसको के महत्व हुन्थ्यो ? मान्छेको कारण महत्व भएको छ । मानवीय उपलब्धिहरू, मानवीय परिवर्तन, मानवीय चेतना सबै हिसाबले बीसौँ शताब्दी असाधारण शताब्दी रह्यो । यसै शताब्दीमा मान्छेहरूले उठ्न प्रारम्भ गऱ्यो र असाधारण विकास गऱ्यो । एक ठाउँको खबर अर्को ठाउँमा पुऱ्याउन सञ्चारको विकास, विज्ञानको विकास, प्रविधिको विकास, उपनिवेशवादबाट विकास, राष्ट्रिय स्वाधीनताको सङ्ग्राम । यसैगरी यस देशमा पनि अन्धकारयुक्त जहाँनिया शासनबाट उन्मुक्तिको चेतना र परिवर्तन । कृष्णप्रसाद भट्टराई तीव्र परिवर्तनको यस बीसौँ शताब्दीको दर्शक होइन, उहाँ यस शताब्दीलाई कता लानुपर्छ भनेर त्यसलाई दिशा दिने एउटा नाविक हुनुहुन्थ्यो । दर्शक भएर त्यस शताब्दीको त्यो समयले ल्याएको परिवर्तनको पछाडि पछाडि होइन, परिवर्तनलाई अगाडि उभिएर ड्राइभ गर्ने कुरा साधारण होइन । प्रधानमन्त्री थुप्रै हुन्छन् । पार्टी सभापति पनि थुप्रै हुन्छन् । कार्यबाहक सभापति पनि थुप्रै हुन्छन् तर उहाँमा त्यतिमात्रै विशेषता होइन, नेपाली समाजमा जुन आधुनिक चेतना आयो, मानवीय चेतना आयो, स्वाभिमानको चेतना आयो, शोषणबाट उन्मुक्तिको चेतना आयो, हकअधिकारको चेतना आयो, त्यो चेतना कुनै वर्षामा वर्षिएको पानीबाट होइन, सबैलाई बुझ्नेचिन्ने, आफू सचेत हुने र अरूलाई पनि सचेत बनाउने, परिवर्तनको पक्षमा लाग्ने अथक योद्धाहरूबाट आयो । कृष्णप्रसाद भट्टराई त्यस्तै असाधारण नायक हुनुहुन्थ्यो ।

उहाँ नेपालको राजनीतिक परिवर्तन हामी जसलाई भन्छौँ, नेपालको राजनीतिक परिवर्तनको, राजनीतिक आन्दोलनको, लोकतन्त्रको चर्चा गर्ने बित्तिक्कै बिर्सनै नसकिने, बिर्सनै नहुने, बिर्सन खोजे पनि पार नलाग्ने व्यक्तित्व हुनुहुन्छ । पहिलो सभामुख, लोकतन्त्र आयो भन्ने बित्तिकै नेपालमा पार्लियामेन्ट भयो, पार्लियामेन्ट भयो भन्ने बित्तिकै सभामुखको कुरा । नेपालको पहिलो सभामुख कृष्णप्रसाद भट्टराई । नेपालको लोकतान्त्रिक आन्दोलनमा अधि शेरबहादुरजीले अलिकति भन्नुभयो, २०४६ सालको आन्दोलन, २०४७ सालको संविधान, त्यसक्रममा उहाँले गरेको नेतृत्वको प्रश्न यी सबै असाधारण रहे, तर उहाँ यी सबै कुराको किनाराको साक्षी होइन, यी सबै कुरालाई आफैँ अग्रभागमा बसेर हाँक्ने व्यक्ति हुनुहुन्थ्यो । उहाँको सबभन्दा ठूलो विशेषता के भने अरूबाट अवाञ्छित ढङ्गले प्रभावित नहुने र अनुचित कुराहरूसँग नलतारिने । उहाँसँग धेरै अगाडिदेखि सँगै काम गर्ने मौका मलाई मिल्यो । हामी सानै हुँदा उहाँले धेरै काम गरिसक्नुभएको थियो तर पनि उहाँसँग जेलमा सँगै बस्ने मौका मिल्यो ।

पञ्चायतका विरुद्ध सङ्घर्ष गर्ने मौका मिल्यो, राजाका विरुद्ध सङ्घर्ष गर्ने मौका मिल्यो, अरू पनि धेरै कुराहरूमा मौका मिल्यो, म आफूलाई त्यसमा गर्व गर्न चाहन्छु । उहाँको जेलमेट हुने मौका पनि पाएँ । आन्दोलनका क्रममा, सङ्घर्षका क्रममा साथै हामी जेल पस्यौं । मैले भनें अब हामी पछिल्लो पुस्ताका पर्‍यौं । पछिल्लो पुस्ताको पर्नुचाहिं राम्रो भयो । एकै पुस्ताको भएको भए त उहाँ नै प्रधानमन्त्री हुनुहुन्थ्यो, आज म हुनै पाउँदिनथें ।

म उहाँका बारेमा धेरै जानकार छु भन्ने दाबी गर्दिन, तर म जति उहाँलाई जान्दछु, उहाँ नेपाली समाजलाई जागरुक गर्ने, नेपाली समाजमा परिवर्तन ल्याउने, नेपाली समाजलाई साँच्चै एउटा स्वाभिमानी जो समाज छ, त्यो समाजलाई आफ्नो पहिचानका साथ अगाडि बढाउने कुरामा उहाँको असाधारण योगदान रह्यो । उहाँका दृष्टिकोण र उहाँका व्यवहार असाधारण रहे । आज हामीले उहाँको पूर्ण कदको सालिक अनावरण गरेका छौं । उहाँ हाम्रो बीचमा हुनुहुन्न । उहाँको प्रतिकृतिको रूपमा सालिक हाम्रो स्मृतिका लागि, उहाँलाई सम्झिएर सम्मान अर्पण गर्नका लागि हामीले स्थापना गरेका छौं । फोटोहरू पनि बिग्रन सक्छन्, फोटोभन्दा बढी सालिक भयो भने नबिग्रेला, आगामी पुस्तासम्मले पनि देख्लान्, जान्लान् । नेपाल र नेपालीका निम्ति महान् योगदान गर्ने व्यक्तित्वको चेहरा कस्तो थियो, कस्ता खालका थिए, त्यो देख्दाखेरि चिनिने खालको होस् भन्नका निम्ति । यो मूर्तिपूजा होइन, यो कामको सम्मानको स्मृतिको निम्ति हो । बुद्धभन्दा मान्छेले जहाँ पनि सालिक देख्छ र चिनिहाल्छ । २ हजार ६ सय वर्षभन्दा बढी समयअगाडिको कुरा हो । झण्डै २ हजार ६ सय वर्ष बितेकै हुन लागेको अवस्थामा, बुद्धलाई हामी कसैले देखेको पनि होइन, चिनेको पनि होइन, तर बुद्ध भन्ने बित्तिकै हामी चिन्छौं । मलाई लाग्छ, आइन्स्टाइन भनेपछि एउटा चित्र हाम्रो दिमागमा आउँछ, कार्लमार्क्स भनेपछि एउटा चित्र हाम्रो दिमागमा आउँछ, गान्धी भनेपछि एउटा चित्र हाम्रो दिमागमा आउँछ, माओत्सेतुङ भने पछि एउटा चित्र हाम्रो दिमागमा आउँछ, यस्ता चित्रहरू त्यस्ता दिमागमा त्यसको मात्र आउँछ जसले असाधारण योगदान गरेको छ,। नेपाली समाजलाई सचेत बनाउन र अगाडि बढाउनका निम्ति थुप्रै नेताहरूले असाधारण योगदान गर्नुभएको छ । यतिबेला म पुष्पलाल, बिपी कोइराला, मनमोहन अधिकारी, गणेशमान सिंह, मदन भण्डारीजस्ता नेताहरू जसले नेपाली समाजलाई अगाडि बढाउनका लागि असाधारण योगदान गर्नुभएको छ, उहाँहरूलाई स्मरण गर्न चाहन्छु । उहाँहरू एउटा दल विशेषका होइन, हिजो जीवित हुँदा दल विशेषमा

हुनुहुन्थ्यो होला, आज हामीले उहाँहरूलाई दलको दायरामा राख्नुहुँदैन । दल माध्यम हो, बनाउन खोजेको नेपाली समाज हो । दल माध्यम हो, विकास गर्न खोजेको नेपाली समाज हो । त्यसकारण हामीले माध्यमलाई समातेर होइन कि उद्देश्यहरूलाई समातेर, उहाँहरूका लक्ष्यहरूलाई समातेर अगाडि जानुपर्छ, उहाँहरू दलविशेषको होइन, समग्र नेपालीमात्रका नेताहरू हुनुहुन्छ । अझ मान्छे दिवङ्गत भइसकेपछि दलविशेषको हुँदैन, दलभन्दा माथि हुन्छ । अहिले मैले नाम लिएका व्यक्तित्वहरू साधारणतया दलभन्दा माथि उठेका, देशका निम्ति केही काम गरौँ भन्ने र त्यसका निम्ति कुनै माध्यम चाहिने भएकाले दलसँग आबद्ध व्यक्तित्वहरू हुनुहुन्थ्यो ।

कृष्णप्रसाद भट्टराईजी आफ्ना खालका मान्यताबाट चल्ने मान्छे हो । नेपाली काङ्ग्रेसले आफ्ना खालका नीति तय गरेका बेलापनि उहाँको आफ्नै खालको नीति थियो । सशस्त्र सङ्घर्ष अरूले भन्यो भने होइन, शान्तिपूर्ण सङ्घर्ष भन्ने, अरूले निर्वाचनमा जान्छु भन्यो भने बरु जेलमा जान्छु भन्ने । लुक्नुभाग्नुपर्छ भन्दाखेरि गल्ती गर्ने राजासँग किन लुक्ने, किन भाग्ने भन्ने । बरु झ्यालखानामा बस्ने तर गल्ती गर्ने अरू छन्, म किन लुक्ने भन्ने । कसैले केही भन्लान् कि भन्ने हैन । यदि आज किसुनजी भएको भए पनि कसले कसरी गऱ्यो भनेर फेसबुक, ट्विटर हेरेर राजनीति गर्नुपर्ने । उहाँलाई जे लाग्छ, यहाँ भएका जति मान्छेलाई अर्कै लाग्दैछ भने पनि उहाँलाई जे सही लाग्छ, त्यही भन्ने आँट गर्ने, लोभलालच छैन, प्रशंसा गरौँ, ठीकै छ, विरोध गरौँ ठीकै छ । यसो भन्दा के गर्ला ? ताली ठोक्छन् कि ठोक्दैनन्, किसुनजीलाई कहिल्यै लागेन । ताली नठोके पनि मतलब छैन । सत्यको पक्षमा, जे सत्य लाग्छ, त्यसमा अडिने चरित्र । कहिले कहिले उहाँका व्यवहारहरू मान्छेका लागि टिप्पणीयोग्य पनि हुने गर्थे । किसुनजीलाई मतलब थिएन । उहाँ जे सही हो, त्यो गर्नुपर्छ, टिप्पणीका पछाडि कुदेर, प्रशंसा वा विरोधको पछाडि कुदेर या अरूको गलत बुझाइ वा भ्रमका पछाडि कुदेर हिँड्नु हुन्न भन्नुहुन्थ्यो । उहाँ असाधारण देशभक्त हुनुहुन्थ्यो, मैले त्यसमा चर्चा गरिरहनुपर्ला जस्तो लाग्दैन ।

आजको राजनीतिका सम्बन्धमा म केही भन्न चाहन्न । जिब्रो चपाएर भनेझैँ गरेर भन्नुभन्दा नभन्नु नै ठीक हो । आज म खालि 'सर्वे भवन्तु सुखिनः, सर्वे सन्तु निरामया' भन्न चाहन्छु । देश बनाउनुपर्नेछ, चाहिने काम, चाहिने विचार, चाहिने कुरा गर्नुपर्दछ । चाहिने विचार गरौँ, चहिने कुरा गरौँ, चाहिने काम

गरौँ । देश र जनताका हितका निम्ति काम गरौँ । यति आग्रह गर्न चाहन्छु । देश र जनताका हितका निम्ति जसले भने पनि मान्छु । देश र जनताको हित मान्छु । प्रधानमन्त्रीको हिसाबले भन्दा के भन्ने ? चाहिने कुरा जति देशको हितमा, जनताको हितमा, लोकतन्त्रको हितमा ज-जसले जे-जे भन्छ, सबै मान्छु । देशलाई नोक्सान पर्ने, जनतालाई नोक्सान पर्ने, लोकतन्त्रलाई घाटा पर्ने कुरा भने ...फेरि अप्रिय शब्द आउँछ, नभनौँ ।

एउटा राम्रो काम भएको छ, प्रतिष्ठानले सालिक निर्माण गरेको छ । हामीले अनावरण गरेका छौँ । प्रतिष्ठानलाई म हार्दिक धन्यवाद भन्न चाहन्छु । यस प्रतिष्ठानलाई सफल बनाउन सरकारको तर्फबाट गर्नुपर्ने कामहरूको सन्दर्भमा म तयार छु । मैले सहयोग पुऱ्याउँछु । जे गर्नुपर्छ, त्यो कुरा म यहाँहरूको बीचमा भन्न चाहन्छु - महान् मान्छेहरूलाई कञ्जुस्याइँ नगरी सम्मान गर्नुपर्छ । उहाँहरूबाट राम्रा कुराहरू हामीले सिक्नुपर्दछ । उहाँहरूबाट प्रेरणा पाउनुपर्छ । उहाँहरूको जीवन अनुसरणीय छ, हामीले अनुसरण गर्नुपर्छ । उहाँको विद्वता, उहाँको प्रत्युत्पन्नमति, उहाँको सेन्स अफ ह्युमरजस्ता कुराहरू असाधारण थिए । नेपालमा सेन्स अफ ह्युमर बुझ्ने मान्छे अलि कमै छन् ।

हामी कृष्णप्रसादजीबाट सिक्नसक्छौँ । उहाँले जीवनलाई कहिले पनि दुःखी बनाएर बसेको मैले देखिन । मेरो आफ्नो चलनअनुसार म कस्तै अप्ठ्यारोमा, कतिबेला पनि झोक्राएर, दुःखी भएर बस्दिन । जस्तै प्रतिकूल अवस्थामा पनि रमाइलो मानेरै बस्छु । आजका विशेष अतिथि र हामी चालिस वर्षदेखि सँगसँगै छौँ । चालिस वर्षअगाडि सेन्ट्रल जेलमा हाम्रो भेट भएको थियो । त्यसबेलादेखि पनि मलाई उहाँहरूले देख्नुभएको छ, म कहिल्यै पनि दुःखमनाउ गरेर बस्दिनथेँ । आनन्दले बस्दथेँ, दुःख हुँदा पनि । जेलमा हुँदाखेरिका अरू पनि साथीहरू छन् । तारानाथ रानाभाटजी, अरू थुप्रै साथीहरू जेलमेटहरू हुनुहुन्छ । अब त ती कुराहरू पनि पुराना हुन थालिसकेका छन् । म सेन्ट्रल जेलको गोलघरमा हुँदा गोलघरमा थुन्न हुँदैन, निकाल्नुपर्छ भनेर शेरबहादुरजीहरूले पनि कोसिस गर्नुभयो । उहाँहरूले पनि गोलघरमा राख्नुहुँदैन भनेर भन्नु भएको थियो । गोलघरमा किसुनजीसँग त्यति भेट हुने मौका मिल्दैनथ्यो, गोलघरबाट निकालेपछि देखादेखमात्र भएको थियो, पछि उहाँलाई नक्खु जेल लगियो । फेरि हामी नख्खुमा भेटियौँ । विभिन्न समयमा हामी सँगसँगै बस्यौँ । पञ्चायतकालभरि जेल बस्नु हाम्रो भाग्यकै विषय थियो ।

जे होस् आज हामी त्यस्तो एउटा महान् नेताको स्मरण गरिरहेका छौँ, जयन्ती मनाइरहेका छौँ र उहाँबाट प्रेरणा लिइरहेका छौँ । साथीहरूले जुन स्नेह देखाउनुभएको छ, आदरणीय भट्टराईजीप्रति, म सबैलाई धन्यवाद भन्न चाहन्छु । मलाई आमन्त्रण गर्नुभयो, सबैमा धन्यवाद भन्न चाहन्छु ।

(२०७३ पुस ८ गते पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको स्मृति दिवसका अवसरमा ललितपुरको बोडेमा आयोजित कार्यक्रममा प्रस्तुत मन्तव्य)

३९

हामी सबै एक भएपछि नै नेपाल हुन्छ, नेपाली हुन्छन्

यस कार्यक्रमका सभापति महोदय, हजी साथीहरू, खुशी मनाउन उपस्थित भएका दाजुभाइ दिदीबहिनीहरू,

आज हामीले तपाईंहरूको सफल हजको सन्दर्भमा यहाँहरूलाई बधाइ ज्ञापन गरेका छौं, शुभकामना भनेका छौं । म यहाँहरू सबैलाई नेपाल सरकारकै तर्फबाट र सिङ्गै नेपाली जनताको तर्फबाट धेरैधेरै बधाइ र शुभकामना भन्न चाहन्छु ।

जीवनका महत्वपूर्ण उपलब्धिहरू, सफलताहरूमध्ये हज यात्रा एउटा महत्वपूर्ण कार्य, महान कार्य र पवित्र कार्य मानिन्छ । यसमा यहाँहरूले सफलता प्राप्त गर्नुभएको छ । म यहाँहरूलाई बधाइ भन्न चाहन्छु । यहाँहरूको जीवन आगामी दिन सुखमय रहन सकोस्, शुभकामना व्यक्त गर्न चाहन्छु । यस काममा सहयोग पुऱ्याउने काश्मीर मस्जिद तकियाका प्रमुख, इत्तिहाद एयरलाइन्सका प्रतिनिधिज्यू, सबै धन्यवादका पात्र हुनुहुन्छ ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक देश हो । सबै जातिका जनता, सबै भाषा बोल्ने जनता, विविध प्रकारका संस्कृति र धार्मिक विविधताले युक्त, विविध भौगोलिक विशेषता भएको यस देशमा; हिमाल, पहाड, तराई सबैतिर बस्ने जनता अधिकारसम्पन्न हुनुपर्छ, सबैले अवसर प्राप्त गर्नुपर्छ । सबैको सुरक्षा र सम्मान हुनुपर्दछ । सबैले उन्नतिको अवसर पाउनुपर्छ । बहस, विवादहरू हुनसक्दछन्, छलफलहरू हुन सक्दछन्, विचारका भिन्नताहरू हुन सक्दछन् । विचारका भिन्नताहरू चल्दै गर्छन् र अधिकारको भिन्नता, अवसरको भिन्नता, भिन्नभिन्नका लागि सुरक्षाको भिन्नता वा बेग्लैबेग्लै

प्रकारको सम्मानको स्थिति हुनसक्दैन । सबैलाई समान अधिकार हुन्छ, सबैलाई समान अवसर हुन्छ, सबैलाई उत्तिकै सुरक्षा हुन्छ र सबैको उत्तिकै अवसर हुन्छ, चाहे जुनसुकै भूगोलमा बस्ने जनता होस्, जुनसुकै जातका हुन्, जुनसुकै धर्म मान्ने हुन्, जुनसुकै भाषा बोल्ने हुन्, जुनसुकै पेसा व्यवसाय गर्ने हुन् । जुनसुकै पेसा व्यवसाय गर्नेको पनि सम्मान उत्तिकै हुनुपर्छ । सबै जनता बराबरी हकको हकदार छ ।

मुस्लिम समुदाय नेपालका अनेक समुदायहरूमध्येको एक समुदाय हो जो बराबरीको हक राख्दछ । यो देश मुस्लिमहरूको पनि देश हो, हिन्दूहरूको पनि हो, क्रिस्चियनहरूको पनि हो । अरू पनि सबैको हो । धार्मिक आस्था ती व्यक्तिहरूको विषय हो, तर यो देश सबैको साझा हो । यो देश हिमाली भेगमा बस्ने, पहाडी भेगमा बस्ने, तराईमा बस्ने सबैको साझा हो । आफ्ना-आफ्ना विश्वास, आफ्ना-आफ्ना सांस्कृतिक परम्परा, आफ्ना-आफ्ना रीतिरिवाज, आफ्ना-आफ्ना विश्वासहरू, आफ्ना-आफ्ना प्रचलित मूल्य-मान्यता र परम्पराहरू जुन समाजका लागि हानिकारक छैनन्, समाजको एकताका लागि हानिकारक छैनन्, जो अरूका हकअधिकारलाई उल्लङ्घन गर्दैनन्, जसले अरूप्रति पनि सम्मान गर्छ, सिङ्गै समाजलाई सम्मान गर्नुपर्छ । एउटा समुदायको हकको नाममा अर्को समुदायको हक खोसिनुहुँदैन । एउटा समुदायको सम्मानका नाममा अर्को समुदायको सम्मान तलमाथि पारिनु हुँदैन ।

यो देश हरेक समुदायको साझा हो, उत्तिकै हकका हकदार हामी जनता हौँ । मैले धेरै भनिरहनुपर्छ जस्तो लाग्दैन, जबसम्म यस देशका विभिन्न जाति, भाषा, धर्म, संस्कृतिका जनता सुखी हुँदैनन्, सम्पन्न हुँदैनन्, तबसम्म नेपाल सुखी हुँदैन, सम्पन्न हुँदैन । नेपाल सुखी हुनु भनेको सबै जनता सुखी हुनु हो । नेपालमा बेरोजगारी हट्यो भन्नका लागि सबै पेसा-व्यवसायका जनता, सबै भाषा, जाति, धर्म, संस्कृतिका जनता र सबै ठाउँमा बस्ने जनता रोजगार हुनुपऱ्यो, अनि बेरोजगारी समाप्त हुनुपऱ्यो । सबै जनता सम्पन्न हुनुपऱ्यो, तब नेपाल सम्पन्न भएको मानिने छ ।

एउटा फेसन छ, मान्छेहरूले कुरा उछालिहाल्छन् । एउटा मुस्लिम प्रतिनिधिमण्डल मसँग आएको थियो । एकजना मुस्लिम महिला साथी मेरो व्यक्तिगत तवरमा पनि राम्रो सम्बन्ध रहेको छ, श्रीमान्सहित आउनुभएकोमा मैले खुसी व्यक्त गरेको थिएँ । भरे त एसएमएस देखियो, सातवटा श्रीमान्

हुनुपर्ने, कसरी एउटामात्र श्रीमान् भयो भनेर बोल्यो भन्ने । म आफैँ छक्क परेँ । महिलाहरूप्रति मेरो मनमा सदैव सम्मान छ । म अत्यन्त सम्मान गर्छु । महिलाहरूप्रतिको अपमान म आफ्नै आमाप्रतिको अपमान ठान्छु । महिलाको छोरो हुँ म । मेरी हजुरआमा महिला हुनुहुन्थ्यो, मलाई असाध्यै माया गर्ने दिदीबहिनीहरू महिला हुन् । अत्यन्त सम्मान गर्छु । अनि मैले त्यस्तो कुरा बोलेँ भनेर म आफैँ आश्चर्यचकित भएँ । मैले सुनेँ, पार्लियामेन्टमा पनि एक-दुईजना साथीहरूले कागले कान लग्यो भनेपछि कान छाम्नु भएन, कागको पछि कुद्नुभो भनेर पनि हामीले सुन्यौँ ।

समाजमा महिला र पुरुषको समान उत्थान नभईकन समाजको पनि उत्थान हुँदैन । महिला र पुरुषको उत्तिकै विकास हुनुपर्दछ । समाजका विभिन्न उन्नति प्रगतिमा नेकपा (एमाले) निक्कै अगाडि छ । अहिले पनि नेकपा (एमाले) का तीनजना महिला सभासद्हरू हाम्रो अगाडि बस्नुभएको छ । मुस्लिम समुदायलाई अलिकति कसोकसो लागेको होला, चित्त नबुझेको होला । केपी ओलीजस्तो मुस्लिमहरूको मित्र, मुस्लिमलाई अत्यन्त मनपराउने, माया गर्ने मान्छे प्रधानमन्त्री भएको बेला मुस्लिम किन परेन भनेर । अलि चित्त नबुझेको होला । थुप्रै छौँ हामी नेपालमा, धेरै भाषा, जाति, धर्म, संस्कृति छन् । कहिले कहिले अलिकति मिल्दो रहेनछ । पहिला मिलाउन खोजिएको हो । हल्ला नहुने भएदेखि, मान्छे नकराउने भएदेखि आजै थपिदिन्थेँ होला । अलिकति पर्स्वनुपर्छ, पालो आउँछ । म कतिमात्र भन्छु भने मुस्लिम समुदायप्रति, कुनै धार्मिक समुदायप्रति, कुनै जातिप्रति, कुनै भाषाप्रति, कुनै प्रकारको किञ्चित वैरभावले मेरो मनमा प्रवेश पाउँदैन । त्यहाँ ढोका खुल्ला छैन, खुल्ला हुँदैन, वैरभावका लागि । साम्प्रदायिक विद्वेष, कलह, झगडामा म विश्वास गर्दिनँ । सामाजिक सद्भावमा विश्वास गर्छु, एकतामा विश्वास गर्छु । म बाल्यावस्थादेखि नै मुस्लिम साथीहरूसँग खेलेर हुर्केको हुँ । भूमिगत हुँदासमेरि पनि म मुस्लिम साथीहरूसँग बसेको छु । जेलमा बस्दा पनि मुस्लिम साथीहरूसँग बसेको छु । अहिले कामको दौरानमा र संसदमा पनि मुस्लिम दाजुभाइ दिदीबहिनीहरूसँगसँगै छौँ । त्यसकारण मेरो त जिन्दगीभरि सधैँ मुस्लिम साथीहरूसँग अत्यन्त आत्मीयता छ । मैले मुस्लिमका समस्याहरू बुझेको छु, हिजोआजका समस्याहरू बुझेको छु, मस्जिदका कुराहरू बुझेको छु, मदरसाका समस्याहरू बुझेको छु । म आफू गृहमन्त्री हुँदा २०५१ सालमा मदरसा बोर्ड गठन गरेर त्यससम्बन्धमा अध्ययन गराएको थिएँ । म यहाँहरूलाई भन्न चाहन्छु - अहिले पनि नेपालका सबै

जाति, भाषा, धर्म,संस्कृतिका जनतामा कुनै भेदभाव हुन नदिईकन पछाडि परेको समुदायलाई अगाडि बढाउने सन्दर्भमा काम गरेको छु ।

पहिलेको संविधानमा मुस्लिम समुदायलाई मधेसीभित्र राख्ने र केही हिन्दूवादी ब्राह्मणहरूले त्यसको लाभ लिने चलन थियो । अहिलेको संविधानमा मुस्लिम समुदायलाई बेग्लै अल्पसङ्ख्यक समुदायको रूपमा व्यवस्था गरिएको छ । हामी सबै जातका जनतालाई, सबै भाषाभाषी जनतालाई उचित प्रतिनिधित्व, समानुपातिक प्रतिनिधित्वको कुरा गर्छौं भने वास्तविक समानता, समावेशिता, समानुपातिक प्रतिनिधित्व वास्तविक अर्थमा हुनुपर्छ । नाम एउटाको, फाइदा अर्कोको हुनुहुँदैन । यसो भन्दा कसैलाई चित्त दुख्नुपर्ने कुनै कारण म देख्दिनँ ।

मुस्लिम समुदाय भावनामा बग्न हुँदैन भन्ने मलाई लाग्छ । मैले बुझेअनुसार दान आफ्नो सम्पत्तिबाट गरिनुपर्छ । सबै दानको महत्व यही हो । तपाईंहरूको कुरामा मैले प्रतिवाद गरेको हैन । हज, हाजीहरूले आफ्नो सम्पत्ति, आफ्नो खर्च गर्नुपर्छ, त्यसबाट पुण्य हुन्छ । सरकारका तर्फबाट के गर्नुपर्छ म तयार छु । के गर्नुपर्छ, कसो गर्नुपर्छ म तयार छु तर मैले ठानेको, मैले बुझेको आफ्नो खर्चमा गरेको हज साँच्चै हज हुन्छ । अरूको खर्चमा हुँदाखेरि पुण्य यता जाने कि उता जाने ? अल्लाहलाई पनि गाह्रो पर्छ । खर्च हालिदिनेलाई पुण्य दिने कि त्यहाँ पुऱ्याउन जानेलाई पुण्य दिने ? मेरो सोझो हिसाब हो । यसको अर्थ तपाईंहरूले खर्च गर्नुभयो भनेर सरकारले कञ्जुस्याइँ गर्न खोजेको होइन । सरकारको तर्फबाट के गर्नुपर्छ म तयार छु, गर्छु ।

मुस्लिम समुदायको समस्या, मुस्लिम समुदायको मात्र समस्या होइन नेपालको समस्या हो, नेपालीको समस्या हो, नेपालीहरूको एउटा समुदायको समस्या हो । नेपाली भनेको त यता बस्ने नेपाली, त्यता बस्ने अनेपाली होइन । यो पनि, त्यो पनि सबै भएपछि बल्ल नेपाल हुन्छ, नेपाली हुन्छ । हामी सबै भएपछि नै नेपाल हुन्छ, नेपाली हुन्छ । हामी सबैका समस्या समष्टिमा नेपाली समस्या हो, सबैका समस्याको समाधान नेपालका समस्याको समाधान हो । सबैको उद्धार नेपालको उद्धार हो ।

हजमा जाने पाँच जनाको निधन भएको छ । धार्मिक हिसाबले भन्ने चलन छ, - खुदाका प्यारा हो गए । खुदाका प्यारा भए पनि छँदाखाँदाका मान्छे दुर्घटनामा बिल्नु साह्रै दुःखको कुरा हो । इस्लामभित्र, मुस्लिम रीतिरिवाजमा

यस्तो बेलामा दुःख व्यक्त गर्नु हुन्छ कि हुँदैन, थाहा छैन । वास्तवमा दुःखको कुरा हो । म दुखका साथ श्रद्धाञ्जलि व्यक्त गर्दछु । उहाँहरूको परिवार दुःखित छ । परिवारलाई राहत पुऱ्याउन जरुरी छ । केही राहत पुगेको छ भन्ने मैले सुनेको छु । म कुरा बुझेर के कसो थप गर्न सकिन्छ, या जरुरी छ, त्यस सम्बन्धमा जानकारी लिनेछु । सम्बन्धित पदाधिकारीहरूसँग सल्लाह गरेर निर्णय दिने काम गरौँला ।

अन्तमा, तपाईंहरू जीवनको एउटा ज्यादै खुसीको काम सम्पन्न गरेर फर्कनुभएको छ । फर्किएका हजी सबै साथीहरूलाई म बधाइ, शुभकामना भन्न चाहन्छु । तपाईंहरूलाई सरकारका तर्फबाट धेरैधेरै स्वागत छ, धेरैधेरै बधाइ छ, धेरैधेरै शुभकामना छ । मलाई यहाँ आमन्त्रण गर्नुभयो, खुसी लागेको छ । म सबैलाई, आयोजक संस्थालाई धन्यवाद भन्न चाहन्छु ।

(हजबाट फर्किएका मुस्लिमहरूको समारोहलाई सम्बोधन)

४०

प्रणालीगत लोकतन्त्र हाम्रो सामाजिक जीवनपद्धति हो

यस कार्यक्रमका सभाध्यक्षज्यू, कार्यपत्र प्रस्तोता विद्वान् साथीहरू, टिप्पणीकार साथीहरू, आयोजक साथीहरू र सम्पूर्ण सहभागी साथीहरू,

तपाईंहरूले पार्टीको लोकतान्त्रीकरणको माध्यमबाट लोकतन्त्रको सबलीकरण गर्ने सम्बन्धमा जुन विचार गोष्ठी राख्नुभएको छ, यो महत्वपूर्ण छ, हामीले यसलाई गम्भीरताका साथ अगाडि लिएर जानुपर्छ भन्ने कुरामा सहमति जनाउन र शुभकामना दिन म यहाँ आएको हुँ । कार्यक्रमले उत्तम निष्कर्षहरू निकाल्न सकोस्, राजनीतिक दलहरूलाई र तिनको लोकतान्त्रीकरणमार्फत सिङ्गो समाजको लोकतान्त्रीकरण, राज्यको लोकतान्त्रीकरणमा मद्दत पुग्न सकोस् भन्ने विचार म व्यक्त गर्न चाहन्छु ।

हामी सङ्क्रमणकालीन अवधिलाई टुङ्ग्याउँदै अगाडि बढिरहेका छौँ । समाज गतिशील छ । परिवर्तन भइ नै रहन्छ । एउटा परिवर्तनपछि अर्को परिवर्तनको सिलसिला सुरु हुन्छ । हामी पनि एउटा सङ्क्रमणकाल टुङ्ग्याएर अर्को चरणमा अगाडि बढ्ने क्रममा छौँ ।

लामो समयदेखि नेपाली समाज अन्धकार युगबाट आधुनिक युगतर्फ, तानाशाहीबाट लोकतन्त्रतर्फ, सामाजिक असमानता र विभेदबाट सामाजिक न्याय र समानतातर्फ अगाडि बढ्दै आएको छ । त्यस सिलसिलामा नेपाली जनताले लामो सङ्घर्ष गरेका छन् । तेन्जिङ नोर्गेले सगरमाथा चढ्ने, असफल हुने, फेरि चढ्ने, फेरि असफल हुने र फेरि चढ्ने फेरि असफल हुने भन्ने कथाजस्तै हाम्रो आन्दोलन सफल भयो । तेन्जिङको जस्तो चढ्नै नसकिएको होइन, चढ्यो फेरि असफल भयो, फेरि पुरानै बिन्दुमा आइपुगियो, त्यस प्रकारले

असफल भयो । चढ्यो, फेरि झऱ्यो, चढ्यो, फेरि झऱ्यो । २००७ सालको आन्दोलन २०१७ सालमा सिद्धियो । २०४६ को आन्दोलन कतिबेला सिद्धियो, कतिबेला सिद्धियो । २०५२ मा सिद्धियो कि, २०५१ मा सिद्धियो कि, २०५९ मा सिद्धियो कि, २०६१ मा सिद्धियो । २०६२/०६३ को आन्दोलन भयो । यसलाई पनि त्यसैगरी बिनाउपलब्धि सिध्याउने प्रयासहरू भए, त्यसका निम्ति अस्तव्यस्त बनाउनुपर्दथ्यो, संविधान जारी हुन दिन हुँदैनथ्यो । सजिलो थियो, संविधान लेख्न नदिए सिद्धिगो नि । संस्थागत नभएपछि उपलब्धि भन्ने कुरा सिद्धिन्थ्यो, तर यसपल्ट नेपाली जनताको सजगता, नेपाली जनताको दृढता अलिकति उचाइमा उठेको देखियो । संस्थागत भए जनताका अधिकारहरू । अब हामी आर्थिक उन्नतिको दिशामा, विकासको दिशामा, समृद्धिको दिशामा अगाडि बढ्नुछ । यस चरणमा हामी प्रवेश गरिसकेका छौँ ।

हामीले लोकतन्त्र प्राप्त गरेका छौँ । हामीले संविधान ल्याएका छौँ । यसको अर्थ लोकतन्त्र प्रणालीगत हिसाबमा ल्याएका छौँ । प्रणालीगत लोकतन्त्र हाम्रो सामाजिक जीवनपद्धति हो । हरेक ठाउँमा यो सामाजिक जीवन पद्धति बन्नु पर्दछ । यो हाम्रो दैनिक आचरण हुनुपर्दछ । यो सरकारको आरचरण हुनुपर्दछ, यो समाजको आचरण हुनुपर्दछ । सङ्घसंस्थाहरूको आचरण हुनुपर्दछ । अनि लोकतन्त्र साँच्चै लोकतन्त्र हुन्छ । ट्राफिक नियम बताइएपछि सवारी चालकहरूले पनि ट्राफिक नियमको पालना गरौँ । सवारी साधनबाहेक पैदल हिँड्नेले पनि पालना गरौँ । जो सुकैले पनि त्यसको पालना गरौँ ।

लोकतन्त्र वास्तवमा सचेत आत्मनियन्त्रक, स्वबोधी प्रणाली हो । लोकतन्त्र उन्नत प्रणाली हो । अन्ततोगत्वा व्यक्ति-व्यक्तिको चेतना, व्यक्ति-व्यक्तिको अनुशासन, व्यक्ति-व्यक्तिको कर्तव्यपरायणता, व्यक्ति-व्यक्तिको जिम्मेवारीबोध, व्यक्ति-व्यक्तिको मानवीय भावना र त्यसको परिपालनामा जाँदाखेरिमात्रै लोकतन्त्र वास्तविक लोकतन्त्रको रूपमा सफल हुन्छ ।

भरसक चोर्न नपाउने, चोरेमा गिरफ्तार हुने र कारबाही हुने स्थिति बनोस् । लोकतन्त्रको प्रारम्भ त्यहाँबाट हुन्छ । तर चोर्ने भनेर मान्छेले सोच्दै नसोचोस्, यस्तो भयो भने लोकतन्त्रले पूर्णता पाउँछ । बाटामा ट्राफिक प्रहरी बस्नै नपरोस् । आफैँ चलोस् । मान्छेले दण्डनीय काम गर्दै नगरोस् । कानुन पढनुपर्दैन, किताब पढिरहन पर्दैन, दण्डनीय काम यो हो कि होइन भन्ने कुरा अरू मानिसमाथि आक्रमण गर्दा, अरूलाई थप्पड लगाउँदा कति सजाय हुन्छ

भन्ने कुरा नपढेको हुनसक्छ, तर त्यसो गर्नुहुँदैन भन्ने कुरा हरेकलाई लाग्छ । बेठिक गर्नुहुँदैन भन्ने हरेकलाई थाहा हुन्छ । थाहा भएकै कुरामा कानुनले गर्ने त कतिमात्र भने कसैलाई दुई थप्पड लगाएको जरिवाना पाँच सय गर्ने कि हजार गर्ने भन्ने कुरा मात्र हो । झ्यालखानामा ३ महिना थुन्ने कि २ महिना थुन्ने फरक हुनसक्छ तर गर्नुहुँदैन भन्ने त सबैलाई थाहा छ नि ।

हामीले संविधान बनाएका छौँ । हामीले लोकतान्त्रिक संस्थाबाट, लोकतान्त्रिक विधिबाट लोकतान्त्रिक संविधान बनाएका छौँ । त्यसको कार्यान्वयन एउटा महत्वपूर्ण चुनौतीको विषय हुन्छ । यसको कार्यान्वयन राज्यले गर्ने, यसको कार्यान्वयन सङ्घसंस्थाले गर्ने- यो त छँदैछ, यो त मोटो परिभाषा हो । हामी हरेकले यसको कार्यान्वयन गर्नुपर्दछ । यसको मर्मको तहमा गएर कार्यान्वयन गर्नुपर्दछ । तबमात्रै यो वास्तवमा सफल हुनसक्छ । त्यसकारण हामीले यसलाई कार्यान्वयन गर्दै अगाडि बढ्नुपर्छ र मात्रै हामी आर्थिक उन्नति कति मात्रामा गर्नसक्छौँ भन्ने हुन्छ । संविधान आर्थिक उन्नतिको कुनै जादूको छडी बोकेर आएको दस्तावेज होइन । त्यसको कस्तो कार्यान्वयन हामी गर्न सक्छौँ, त्यसमा पनि निर्भर भने रहन्छ ।

यो दलीय व्यवस्था हो । दलीय व्यवस्थामा दलहरू शासनमा हुन्छन् । शासनमा रहेका दलहरूले आफूलाई लोकतान्त्रिक चिन्तन, अभ्यास, आचरणजस्ता कुराहरूमा लगेनन् भने त्यसको नकारात्मक असर शासनमा पर्छ, सरकारमा पर्छ । त्यसले स्वेच्छाचारिता वा अरू प्रकारका असन्तुलनहरू समाजमा पैदा गर्छ । त्यसकारण ती असन्तुलनहरू समाजमा पैदा नहोऊन् भन्नका निम्ति लोकतान्त्रिक मूल्यमान्यता अन्तर्गत दलहरूले आफूलाई सन्तुलित राख्नुपर्छ । राजनीतिका नाममा हिंसा स्वीकार्य हुन सक्दैन । जतिबेला कुनै प्रकारका पनि विरोधहरू शान्तिपूर्ण ढङ्गले, संवैधानिक ढङ्गले, कुनै पनि विरोध, असहमति वा न्याय प्राप्तिका चाहनाहरू अभिव्यक्त गर्न कतै सम्भव छैन भने त्यहाँ जनताले सङ्गठितरूपमा राज्यद्वारा गरिने सङ्गठित हिंसालाई प्रतिवाद गर्नसक्छ । त्यसलाई हामीले क्रान्ति भन्ने गरेका छौँ । त्यसका केही कन्डिसनहरू छन्, सर्तहरू छन् । त्यो व्यवस्था तानाशाही नै हुनुपर्छ र शान्तिपूर्ण ढङ्गले विचार व्यक्त गर्न नपाएको, शान्तिपूर्ण ढङ्गले जनताको बीचमा जान नपाएको, लोकतान्त्रिक विधि वा संवैधानिक विधिबाट जान नपाएको अवस्था हुनुपर्दछ । त्यस्तो अवस्थामा जनताले शान्तिपूर्ण ढङ्गले आवाज उठाउन पाउनुपर्छ भनेर

परिवर्तनको शङ्खघोष वा जनताको इच्छाअनुसार शान्तिपूर्ण ढङ्गले गर्न पाउनुपर्छ भनेर सङ्गठित प्रतिवाद गर्ने एउटा कुरा हुन्छ, तर संविधान छ, शान्तिपूर्ण ढङ्गले जनताको बीचमा जान पाइन्छ, लोकतान्त्रिक प्रणाली छ, कानुनी हिसाबले जान पाइन्छ भने त्यहाँ हिंसा गैर-कानुनी हुन्छ, अनुचित हुन्छ, अनावश्यक हुन्छ, हानिकारक हुन्छ र नियन्त्रणयोग्य हुन्छ ।

भर्खरै संविधान जारी भएको छ । त्यसको कार्यान्वयनका सम्बन्धमा तनावयुक्त ढङ्गले होइन, सहमतिका साथ जाउँ भन्नका निम्ति अनुचित क्रियाकलाप, हिंसा, अथवा अराजक खालका गतिविधि, आगजनी, तोडफोड, हत्याजस्ता कुराहरू छोडौँ र सम्वादकै माध्यमबाट समस्याको समाधान गरौँ भन्ने प्रयास सरकारको तर्फबाट भइरहेको छ । लोकतन्त्रमा हिंसा, अराजकता, तोडफोडजस्ता कुराहरू सह्य हुँदैनन् । प्रेस स्वतन्त्रता भनेको पनि राज्यका विरुद्ध, स्वतन्त्र प्रेस भनेको देशका विरुद्ध, राष्ट्रिय एकताका विरुद्ध, राष्ट्रको सार्वभौमसत्ताका विरुद्ध, हिंसा भड्काउन, सामाजिक सद्भाव खल्बल्याउनका निम्ति र संविधानका विरुद्ध चल्नका निम्ति होइन । स्वतन्त्रताको पनि सीमा हुन्छ । कोही मान्छे वैयक्तिकरूपमा पूर्ण स्वतन्त्र छ, तर समाजको मूल्य-मान्यताभन्दा पर गएर स्वतन्त्रताको प्रयोग गर्न खोज्यो भने, अरूको हकअधिकार वा अरूको स्वतन्त्रताको हनन हुने वा व्यापक सामाजिक स्वतन्त्रता र हितको कुठाराघात हुने अवस्थामा नियन्त्रण गर्नुपर्ने हुन्छ । यस पक्षलाई हामीले ध्यान दिन जरुरी छ र सरकारले शान्ति, सुव्यवस्था कायम गर्ने जिम्मेवारीतर्फ जानैपर्ने हुन्छ ।

हाम्रा पार्टीहरू लोकतान्त्रिक छन् । संविधान लोकतान्त्रिक छ । यो संविधान लोकतान्त्रिक छ भन्नुको अर्थ लोकतान्त्रिक अभ्यासमा, लोकतान्त्रिक व्यवहारमा सम्पूर्णरूपमा पुग्नका निम्ति संविधानले बाटो समातेको छ । पूर्ण लोकतान्त्रिक अभ्यासका निम्ति बाटो समातेको छ । अहिले हामीले गरेका विशेष प्रबन्धहरू शीघ्र लोकतन्त्रमा पुग्नका निम्ति हो, लोकतान्त्रिक अभ्यास पूर्णरूपमा गर्नका निम्ति हो । त्यसो भएर हामी अब २१ औँ शताब्दीको गतिमा चल्नुपर्छ । लोकतान्त्रिक समाजलाई अथवा लोकतान्त्रिक प्रणाली र त्यसका संस्कार-संस्कृतिलाई सामाजिक, संस्थागत, वैयक्तिक, राजकीय, जनताको जनजीवनदेखि लिएर सर्वत्र फिँजाउन राजनीतिक दलहरूको भूमिका असाधारण, अद्वितीय छ । यसका धेरै आयामहरू छन् । यहाँहरूले पछि छलफलका

क्रममा यी कुराहरू उठाउनुहोला । उठाइरास्नुभएकै पनि छ । पार्टीहरूको लोकतान्त्रीकरणको व्यापकतालाई, महत्वलाई, अर्थलाई, त्यसको प्रभावलाई उजागर गर्ने काम यहाँहरूले गरिरहनुभएको छ । त्यसका निम्ति फेरि पनि हार्दिक धन्यवाद । तपाईंहरूको कार्यक्रम सफल रहोस् ।

(राजनीतिक पार्टीको लोकतान्त्रीकरणको माध्यमबाट
लोकतन्त्रको सबलीकरण गर्ने सम्बन्धमा आयोजित
विचार गोष्ठीमा व्यक्त विचारहरू)

४१

नयाँ–पुराना सबै पाप कट्ने गरी काम गर्नुपऱ्यो

माननीयज्यूहरू र साथीहरू, विकास समितिले बहुतै सङ्क्षिप्तमा बुँदागतरूपमा तर सबै कुराहरू समेटेर आफ्ना धारणाहरू बनाएको रहेछ । त्यो यहाँ प्रस्तुत भएको छ । यसमा वास्तविक चिन्ता पनि जाहेर भएको छ र उपायहरू पनि सुझाइएको छ । आज यस कोठामा हामी देशलाई राजनीतिक र नीतिगत रूपमा नेतृत्व गर्नेहरू, व्यावहारिकरूपमा काम गर्नेहरू सबै छौँ ।

फर्पिङको चन्द्रज्योति सुरु भएको सन् १९११ मा हो । जलस्रोतमा संसारको दोस्रो ठूलो धनी देश, यहाँ ८३ हजार मेगावाट विद्युत उत्पादनको क्षमता छ, तर १ सय ५ वर्षमा लगभग ७ सय मेगावाट उत्पादन । अन्त सबै कुरामा बहादुर गोर्खा भनिन्छ । यसमा त गोर्खा त खत्तमै भयो नि । बहादुर गोर्खा भएर १ सय ५ वर्षमा ८३ हजार मेगावाट क्षमता भएको ठाउँमा लगभग ७ सय मेगावाट ? हाइड्याम सकिएन भने पनि रन अफ द रिभर त सकिन्छ होला नि । त्यो पनि भएन, यी सबै कुराहरूप्रति हामीले कसैलाई दोष लाउने कुराभन्दा पनि आफैँ लज्जित हुनुपर्ने अवस्था छ ।

सुरु गर्दा हामी धेरै अगाडि थियौँ, । धेरै पछाडि पऱ्यौँ । अरू सबै अगाडि बढे, हामी सबै पछाडि पऱ्यौँ । अहिले यस अवस्थालाई ध्यानमा राखेर नै मैले एक वर्षभित्र लोडसेडिङ समाप्त पार्ने कुरा गरेको हुँ । यो उद्देश्य, यो अठोट प्रस्तुत गरेको हुँ । एक वर्षभित्र हामी लोडसेडिङ मुक्त पाछौँ नै । धेरै मान्छेलाई यो कुरा विश्वासिलो लाग्दैन । १ सय ५ वर्षमा लगभग ७ सय मेगावाट निकालेको छ, १ हजार ५ सय मेगावाट न्यूनतम खपतको कुरा छ, फेरि सुख्खा मौसम आउँछ, त्यो सुख्खा मौसमसम्ममा हामीले लोडसेडिङ समाप्त पाछौँ भनेपछि असाधारण कुरा भयो । गाउँघरतिर एउटा भनाइ छ, एउटा मान्छेले त्यो

फलाना ठाउँमा पुग्न कति समय लाग्छ भनेर सोधेछ । अर्कोले भनेछ - पहिला हिँडिहेर अनि भन्छु । बिस्तारै हिँड्यो भने अलि समय लाग्छ, छिटो हिँड्यो भने छिट्टै पुग्छ । भनेपछि गतिमा भर पर्ने कुरा भयो । हाम्रो पनि कति समयमा गर्न सकिन्छ भन्दा गति के छ भन्ने कुरालाई हेर्नुपर्ने भयो ।

हाम्रो गति अहिलेसम्म हुँदैभएन । त्यसकारण म एउटा कुरा यस समितिलाई जानकारी गराउन चाहन्छु - अहिलेसम्म काम नगरेबापत नकारात्मक मूल्याङ्कन, कारबाही वा दण्ड हुँदैन । किन काम उपयुक्त ढङ्गले अगाडि बढेन, त्यसको हिसाबकिताब हुनुपर्छ । उपयुक्त ढङ्गले अगाडि बढ्नुपर्ने काम पनि बढेन भने त्यसको पनि हिसाबकिताब गर्नैपर्ने हुन्छ । एउटा तरिका छ - हामीलाई यसले दुःख दिन्छ, उसले दुःख दिन्छ, यसले मिलेन, उसले मिलेन भन्ने । जस्तो हामीले विद्युत् प्राधिकरण भनेर भनेका छौँ । प्राधिकरण भनेको के ? सुझाव सङ्कलन तथा सम्प्रेषण समिति हो ? प्राधिकरण भनेको सुझाव सङ्कलन गर्ने, सुझाव सम्प्रेषण गर्ने, सुझावदाता संस्था हो र ? प्राधिकरण भनेको त अङ्ग्रेजीमा अथोरिटी भन्छन्, अथोरिटी भनेको के ? अथोरिटी बनाउने तर अथोरिटीलेस । त्यसरी हुँदैन । अथोरिटी बनाएपछि अथोरिटीसहितको हुनुपर्छ । कुनै चीजको कसैलाई जिम्मा दिइन्छ भने त्यो त्यसले गर्न पाउनुपर्छ । एक ठाउँमा एउटा अल्झिन्छ, अर्को ठाउँमा अर्को अल्झिन्छ । यो खालका अल्झिने र अल्झाउने कुराहरू अब समाप्त गर्नुपर्छ । म समितिलाई आग्रह गर्न चाहन्छु - कुनै पनि अल्झो पर्ने खालका कामहरू वा अल्झाउने कामहरूलाई समाप्त पारिन्छ । मैले भर्खरै अस्तिको दिनको बैठकमा भनेको छु - हामीले वातावरणीय मूल्याङ्कन गराउनुपर्ने र त्यसका प्रतिवेदनका आधारमा मात्र काम गर्न पाइने, वातावरणीय मूल्याङ्कन गर्ने ठाउँमा चार जना वातावरणविद् राख्ने त्यो बिना छिर्न नपाउने तर त्यसले दुई वर्ष रिपोर्ट बुझाउन लगाइदिने खालको स्थिति हुँदैन । त्यसकारण त्यसलाई स्ट्रेन्थन गर्नु पऱ्यो । अनावश्यक समय होइन, नो वेटिङ । काम गर्न जति समय लाग्छ, त्यति मात्रै । काम गर्नलाई एक महिना लाग्छ भने एक महिना, ७ दिन लाग्छ भने सात दिन, तर ६ महिना वेटिङ अनि ७ दिनको काम, त्योचाहिँ हुँदैन ।

लगानीजस्तो कुरामा मान्छेले आफ्नै किसिमको मानसिकता बनाउँछ । ऋण लिन्छ, त्यसमा लगानी गरिसकेको हुन्छ । बिनालगानी त्यहाँ पुग्दैन । लगानी भइसकेको हुन्छ, अड्केको अड्क्यै हुन्छ, अल्झेको अल्झ्यै हुन्छ ।

एकातिर हामीले टाइम फोल्ड गरेर समयभित्र बनाउनै पर्ने बनाउनुपर्छ । यति समयभित्र गर्नैपर्छ नत्र लाइसेन्स, इजाजत खारेज । होल्ड गरेर बस्ने जो चलन छ, त्यो गर्न पाइँदैन । लाइसेन्स खारेज गरिदिनुपर्छ । दुई वर्षसम्म सरकारको तर्फबाट उसलाई कुनै सहयोग भएन, काम भएन, दुई वर्ष पुग्यो, लाइसेन्स खारेज भनिदियो भने त्यो त सोझै उसप्रति अन्याय हुन्छ । त्यो चरम अन्याय हुन्छ । त्यस्तो अन्याय गर्न मिल्दैन तर जानीजानी काम गर्दैन भने उसको लाइसेन्स किन राख्विरहने ?

सरकारको तर्फबाट कुनै पनि हिसाबले अब ट्रान्समिसन लाइन बनाउनुछ, जग्गा उपलब्ध हुँदैन । विद्युत आयोजना हामीले बनाउँछौँ कि बनाउँदैनौँ ? जब विद्युत आयोजना हामी बनाउँछौँ भने ट्रान्समिसन लाइन त चाहिएला । ग्रिडमा त लानुपर्ला । विद्युत बेच्नुपर्ला अथवा विद्युत् खरिद गर्नुपर्ला । त्यो ट्रान्समिसन लाइन चाहिन्छ भन्ने हो भने ट्रान्समिसन लाइन त बनाउनुपऱ्यो । वनबाट कसरी बनाउने ? वा ऐलानी वा सार्वजनिक जमिनहरूबाट कसरी बनाउने वा निजी जमिन प्राप्त गर्दा कसरी गर्ने ? २ लाख, ४ लाख नपर्नेलाई करोड भनेर अल्झाउने प्रवृत्ति ग्राह्य हुनसक्दैन । जतिपर्ने हो त्यति यथार्थ मूल्य दिनुपर्छ । अधिग्रहण गर्नुपर्छ र काम अगाडि बढाउनुपर्छ । वातावरणको सन्दर्भमा पनि विकास निर्माणलाई अवरोध गरेर वा हुन नदिएर वातावरण जोगिन्छ नै भन्ने पनि छैन । खेत जोतेन भने त वातावरण जस्ताको तस्तै बन्छ । त के खेतै नजोत्ने ? वातावरणलाई न्यूनतम असर पर्ने अथवा भरसक असर नपरोस् । त्यो के हुनसक्छ, हामी ती कामहरू गर्छौँ । वातावरण नोक्सान नपरोस् । अथवा न्यूनतम वातावरणीय क्षतिमा अधिकतम विकासका लाभहरू हामीले लिनुपर्छ । अब कुनै पनि हिसाबले जग्गा अधिग्रहणका कुरा होस्, ट्रान्समिसन लाइनका कुरा होस् अथवा वन क्षेत्रका कुराहरू होऊन्, काम अगाडि बढाउनुपर्छ ।

एउटा आयोजना हामीले बनायौँ, एउटा खोलामा, त्यसका लागिमात्र धान्ने गरी ट्रान्समिसन लाइन बनायौँ । अर्को आयोजना बन्दा त्यो ट्रान्समिसन लाइनले धान्दैन फेरि । फेरि अर्को रिप्लेस गर्नुपऱ्यो । त्यसपछि अर्को बनायो । त्यसपछि झन् धान्दैन । त्यसकारण सबै आयोजनालाई धान्ने गरी ट्रान्समिसन लाइन हामीले ग्रिडमा पुऱ्याउने कुरा गर्नुपर्छ । अर्को कुरा अनावश्यक, अनुचित, गैरकानुनी व्यवधान हुन नदिने । अहिलेसम्म नेपालका अनेक प्रकारका तोडफोड,

आगजनीजस्ता कुरा छन्, अहिले भर्खरै पनि देखिएको छ, त्यस्ता कुराहरूलाई चाहिँ नियन्त्रण गर्ने काम गर्नुपर्छ ।

हामी इन्भेस्टमेन्ट फ्रेन्डली वातावरण बनाउने भन्छौँ, इन्भेस्टमेन्ट के हुन्छ ? उहाँ अरुणमा आगो लगाइएको छ । को आउँछ, त्यस्तो गरेपछि ? इन्भेस्टर को हुन्छ त्यसको ? ल केही भएन, क्षतिपूर्ति पनि पायो तर तीन महिना बनाउन ढिलो हुन्छ नि । जब अर्बौंको लगानी छ, एक ठाउँ जलाइदिएपछि तीन महिना ढिला भएपछि त्यसले पार्ने समग्र क्षति के होला ? त्यो ५० लाखको सामग्री जल्यो भन्नेमात्र कुरा होइन, त्यहाँ लगानीको सारा प्रतिकूल प्रभाव के पर्छ, त्यस्ता कुरामा ध्यान दिनुपर्छ ।

ऊर्जा नीतिको सम्बन्धमा अहिले हामी ऊर्जाका स्रोतहरूको विविधीकरणमा पनि जाँदैछौँ किनभने हाइड्रो त हाम्रो हो, सोलारचाहिँ हाम्रो होइन भन्ने कुरा होइन, सोलार पनि त हाम्रै हो नि । सोलर पनि हाम्रो हो, हाइड्रो पनि हाम्रो हो, विन्ड पनि हाम्रो हो । तत्काल हुनसक्ने के छ त भन्दा जस्तो हाइड्रोपावरका चालू केही परियोजनाहरू जो छिट्टै तयार हुनसक्दछन् । मैले अहिले हेरेको स्टेप नम्बर एकमा एक वर्षभित्र लोडसेडिङ अन्त्य हुने गरी, स्टेप २ अहिलेको संविधानले भनेको अहिलेको सरकारको दुई वर्षको कार्यकाल अथवा संसदको दुई वर्षको कार्यकाल, यसभित्र हामीले गर्ने काम । तीव्रतर ढङ्गले हामीले काम गर्नसक्नुपर्छ । एक वर्षभित्र लोडसेडिङ हामी समाप्त पार्छौँ र ऊर्जा क्षेत्रलगायत अरू क्षेत्रहरूलाई पनि एउटा बाटोमा चाहिँ लगाउँछौँ । नयाँ चरणमा प्रवेश गराउँछौँ । हाम्रो कार्यशैली, हाम्रो कामको तरिका, हाम्रा अठोटहरू, हाम्रा कार्यान्वयनका तरिकाहरू, जिम्मेवारीबोधलाई कसरी बढाउने ? ती तरिकाहरूको पनि एउटा नयाँ फेजमा प्रवेश गर्छौँ र नयाँ अभ्यास गर्छौँ ।

अघि मैले ऊर्जाका स्रोतहरूको विविधीकरण भनेँ । मेरो माइन्ड अलि अन्यतिर बहकिएको पनि हुनसक्छ । अरू ऊर्जाको स्रोतमा भन्दा हाइड्रोपावरमा ध्यान दिनुपर्छ भन्ने कुरामा मुख्यरूपमा हामीले हाइड्रोपावरमै ध्यान दिने हो, तर हाइड्रोपावर निकाल्न, त्यसबाट इनर्जी निकाल्न समय पनि लाग्छ । धेरै समय लाग्छ । हामीलाई अहिले नै तत्काल पनि केही चाहिएको छ । त्यसकारण हामी सोलार एनर्जीमा जान्छौँ । अरू एनर्जीमा जान्छौँ । जियो-थर्मलमा जान्छौँ । वेस्ट म्यानेजमेन्टबाट प्राप्त गर्नेमा जान्छौँ । यस्ता कुराहरूतर्फ हाम्रो ध्यान गएको छ । हाम्रो चलन के रहेछ भने तीन वर्ष स्टडी गर्नलाई दिने, अर्को दुई

वर्ष प्रतिवेदन पेस गर्न दिने, अर्को दुई वर्ष फेरि के गर्नुछ कुन्नि अनि कहिले पनि काम हुँदैन । अहिले, केही कम्पनीहरू आएका छन्, केही लगानीकर्ताहरू आएका छन् । जस्तो ग्याँसको सम्बन्धमा । सरकारले निर्णय गरेको १५ दिनभित्र हामी यति ग्याँस दिन्छौँ, २ महिनाभित्र हामी काठमाडौँमा ७ हजार सिलिन्डर दिन्छौँ । यदि ३ ठाउँमा हामीलाई काम गर्न दिइन्छ भने ३० हजार सिलिन्डर हामी दिन्छौँ । त्यो खालका आएका छन् । एउटा कम्पनीलाई कति वर्ष अगाडि दिएको हो, यो जनवरीतिर म्याद पुग्छ रे भन्ने सुनेँ । अर्कोले भन्छ, निर्णय गरेर मलाई दिएको १५ दिनमा त्यति ग्याँस निकाल्छु भनेर अहिले भन्छ । अब स्टडीलाई किन लामोलामो समय दिनुपऱ्यो ? स्टडी त एकै छिनमा हुने रहेछ । तुरुन्त फोहर ल्याउँछ, थुपार्छ, ग्याँस सुरु गरिदिन्छ । यो खालका तरिकाहरूमा हामी जान्छौँ । विज्ञान र प्रविधिले असाधारण प्रगति गरेको छ र हामीले त्यो असाधारण प्रगतिको लेटेस्ट प्रविधि जुन छ, त्यसलाई प्रयोग गर्नुपर्छ । फास्टेस्ट बाटो हामीले छान्नुपर्छ ।

मैले हेर्दा हामी थर्मलमा धेरै जानुहुँदैन । थर्मलमा हामी किन धेरै जानुहुँदैन भने त्यसका पछाडि मैले धेरै तर्क दिनुपर्छ जस्तो लाग्दैन । एक, हामीसँग छ भने पनि हामीले एनर्जी त्यसरी प्राप्त गरिराख्वेका छैनौँ । अथवा कतै कोइलाखानी छ भने पनि त्यो उत्खनन् गरिराख्वेका छैनौँ । त्यसमा समय पनि लाग्छ र त्यसले प्रदूषण पनि गर्छ । अरू अनेक चीजहरू त्यसका पछाडि छन् । अरू चीजहरूबाट हामी त्यसलाई अगाडि लान सक्छौँ । त्यस सम्बन्धमा म समितिलाई जानकारी गराउन चाहन्छु - सिंहदरबार एरियालाई छिट्टै नै सोलारबाट आत्मनिर्भर बनाउने, यहाँ बाहिरको एनर्जी ल्याउन नपरोस्, यहींको एनर्जीबाट तत्काल गर्ने । आर्मी ब्यारेकहरू, प्रहरीका ठाउँहरू, स्कूलहरूले आफ्ना निम्ति सोलार राख्न सक्छन्, कलेजहरूले आफ्नो निम्ति सोलार राख्न सक्छन् । अरू नीतिहरू हामीले दिन्छौँ, जसले गर्दाखेरि आफ्ना घरमा आफ्नै बिजुली हुन्छ र त्यो बिजुली उनीहरूले आवश्यक परेको भन्दा बढी बिक्री गर्न सक्छन् । त्यसमा ठाउँको पनि धेरै अप्ठ्यारो पर्दैन ।

त्यसबाहेक पनि हामीले केही कुराहरू भनेका छौँ । केही समयभित्रै हामीले इलेक्ट्रिक भेहिकल ल्याउने भनेका छौँ । यो हाम्रो फ्युललाई चाहिँ विस्थापित गर्ने, इनर्जी सेक्टरका कुरामा मद्दत पुऱ्याउने, तर विद्युतीय एनर्जीचाहिँ यसमा खर्च हुन्छ । जसले गर्दा हामीलाई त्यसको पनि ध्यान दिनुपर्नेछ । हामीले

काठमाडौँमा इलेक्ट्रिक रेलको कुरा गरेका छौँ । काठमाडौँ जस्तो ठाउँमा जहाँ खाल्डो परेको छ, बढी डिजेल भेहिकलभन्दा इलेक्ट्रिक भेहिकल उपयुक्त छ । हाम्रो काठमाडौँको सन्दर्भमा पहिलेदेखि भनिएको छ, यो कचौरा जस्तो छ, यहाँ एसिड जम्मा हुन्छ र त्यो बाहिर धेरै जाँदैन र प्रदूषण जम्छ । यसलाई कसरी हामी क्लिन सिटी बनाउने भन्ने कुरा छ । ऊर्जा उत्पादन, ऊर्जाको प्रयोग अथवा हाम्रो जनजीवन यसलाई एकअर्कासँग जोडेर वातावरणीय अनुकूलता, सुविधा, सहुलियत, मानवीय सुख, विकासका कामजस्ता विषयसँग समन्वय गरेर लिएर जान्छौँ ।

हाम्रा जुन अनगोइङ हाइड्रोपावर प्रोजेक्टहरू छन्, तिनको काम सम्पन्न गर्ने कुरामा कुनै पनि हिसाबले, कुनै पनि बहानामा, कुनै पनि नाममा, कुनै पनि कारणले विलम्ब हुनु हुँदैन । अर्को ट्रान्समिसन लाइनका कुराहरूमा कुनै पनि विलम्ब हुनुहुँदैन । विवाद हुन्छ भनिन्छ, विवाद भनेको के ? कानुनबमोजिम हुनुपर्छ, अन्याय नहुने गरी हुनुपर्छ । यो विवाद भनेको दुई जना मान्छे आयो, विवाद पऱ्यो । मेरो गाउँबाट बिजुली निस्केको, मलाई धनी बनाउनुपऱ्यो भन्यो, अनिखेरि विवाद गऱ्यो । यस खालका विवादहरूको कुनै अर्थ छैन, हामी मान्छेका विभिन्न खालका कुराहरूलाई सम्बोधन गरिरहने नाममा अल्झिरहन र देशलाई नोक्सान पुऱ्याइरहन सक्दैनौँ ।

यस्तै, हाम्रा अरू प्रकारका कुराहरू छन् । ग्याँसका कुराहरू, विभिन्न अन्वेषण गर्ने, उत्खनन गर्ने कुराहरू । पेट्रोल, डिजेलको हामी अन्वेषण गर्न सक्छौँ, उत्खनन गर्न सक्छौँ, ग्याँस उत्पादन गर्नसक्छौँ र जियो-थर्मलको पनि मलाई अलिक अगाडि धेरै जानकारी थिएन, जियो-थर्मलको तातो पानी भएका ठाउँहरूबाट सस्तोमा विद्युत् निकाल्न सकिनेरहेछ । तिब्बतका धेरै प्रतिशत विजुलीचाहिँ तातोपानी जहाँ छ, त्यसबाट उत्पादन हुनेरहेछ । त्यहाँ असाधारण ऊर्जा त छँदैछ, यो तातोपानी बाहिरसमेत निस्केको छ भने त्यसबाट विद्युत् प्राप्त गर्न सकिन्छ, किनभने त्यो तापले टर्बाइन घुम्ने व्यवस्था सजिलोसँग हुने रहेछ । त्यो पनि हाम्रै हो । त्यसलाई मल्टिपल ढङ्गले हामी प्रयोग गर्न सक्दछौँ ।

माननीयज्यूहरूले धेरै मेहनत गर्नुभएको छ, दुःख गर्नुभएको छ, राष्ट्रसेवक मित्रहरूले आफ्ना अनुभवहरू यहाँ जम्मा गर्नुभएको छ र एउटा गाइडलाइनका रूपमा यसलाई सरकारले लिन्छ । सबैले नयाँ ढाँचाले, नयाँ तरिकाले, नयाँ सङ्कल्पका साथ, नयाँ अठोटका साथ नयाँ गतिका साथ कुरा उठाउनु भएको

छ । यहाँनिर प्रश्न गतिको छ । म माननीयज्यूहरूलाई भन्न चाहन्छु, सरकारको तर्फबाट सरकारको लिडरसिपले सबै कुरालाई अनुकूल बनाउन कहाँकहाँ के के गर्नुपर्छ त्यो गर्न म तयार छु । सरकारको तर्फबाट काम गरिन्छ, तत्काल के गर्नुपऱ्यो ? त्यसमा विलम्ब नगरौँ । किताबका पाना, फाइलका पाना पल्टाउँदै समय जाने कुरा उचित हुँदैन । आवश्यक पल्टाउने, निर्णय गर्ने अगाडि बढ्ने, लगानीको समस्या पनि हुँदैन । समस्या केमा छ त भन्दा हामी आफैँले उल्झन बनाउँछौँ, हामी आफैँ त्यो उल्झनमा अल्झिन्छौँ र काम अगाडि बढ्दैन । यत्रो समयमा किन भएन त ? यत्रो समय भन्नोस्, १ सय ५ वर्षभन्दा बढीको समयमा ८३ हजार मेगावाट क्षमता भएका ठाउँमा, घरछेउछेउमा हरेक ठाउँबाट खोला बगेका छन्, बिजुलीचाहिँ लगभग ७ सय मेगावाट । अनि हामीले के गऱ्यौँ त ? ऊर्जा मन्त्रालय छ, मन्त्रालय नै छ । विद्युत् प्राधिकरण छ । छन् ती संस्था । नाफा नोक्सान जोड्ने हो भने कति वर्षदेखि विद्युत् प्राधिकरण, ऊर्जा मन्त्रालय, जलस्रोत मन्त्रालयमा जति खर्च भएको छ, त्यसको उपादेयता खोजी गर्ने हो भने हामीलाई अप्ठ्यारो लाग्ने स्थिति छ । त्यसकारण नयाँ-पुराना सबै पाप काट्ने गरी काम गर्नुपऱ्यो । युद्धस्तरमा काम गर्नुपऱ्यो, काम अगाडि बढाउनुपऱ्यो । हामी सरकारको तर्फबाट त्यसका लागि तयार गर्छौँ ।

म सभापतिज्यूलाई आग्रह गर्न चाहन्छु, कृषिको सम्बन्धमा सकेसम्म छिटो यस्तै एउटा गोष्ठीको आयोजना गरियोस् जसले कृषिको आधुनिकीकरण, कृषिको व्यवसायिकीकरण, कृषिका विविध क्षेत्रहरू, विविध पक्षहरूको सम्बन्धमा पनि विस्तृत अध्ययन गरोस् । किनभने अहिले पनि लगभग ७० प्रतिशत जनसङ्ख्या कृषिमा आधारित छ । किसानहरू काठमाडौँ आएर तालिम लिने होइन, त्यहीँ गएर किसानलाई नयाँ प्रविधि दिनुपर्छ । बीउबिजन त्यहीँ पुऱ्याउनुपर्छ । माटो परीक्षण सरकारले गरिदिनुपर्छ । कस्तो ठाउँमा कस्तो बाली लगाउने, यो काम सरकारले गरिदिनुपर्छ । त्यो सरकार गर्न चाहन्छ । ऊर्जाको क्षेत्रमा जसरी सुझाव आएको छ, त्यसैगरी कृषिमा पनि यहाँहरूको समितिले अध्ययन गरेर दियो भने त्यो सरकारका लागि गाइडलाइन पनि हुन्छ ।

हामीले असर्टिभ ढङ्गले कदम चाल्नुपर्छ । हामीले संसदको निष्कर्षलाई कार्यान्वयन गर्ने हिसाबले पनि ती राम्रा कामहरूलाई अगाडि बढाउन बल पुग्छ । हाम्रा मन्त्रालयहरूले के गर्छन् भने, यद्यपि मेरो आरोप होइन, कसैले पनि काम गर्दा आफ्नो सेफसाइड राख्वेर गर्नसक्छ, समितिलाई कसैसँग सेफ साइड राख्ने

आवश्यकता छैन । म समितिसँग आग्रह पनि गर्न चाहन्छु - यस्ता फिडब्याकहरू आइरहुन् । आजको फिडब्याकका लागि म धेरै धन्यवाद भन्न चाहन्छु । यस्ता छलफलमा यो भन्दा धेरै बिस्तारमा जान आवश्यक नहोला । योजना आयोगका उपाध्यक्षज्यू हुनुहुन्छ, उहाँले प्लानिङ गर्ने कुरा यहाँहरूको बीचमा छलफलमा राख्नु नै हुनेछ । समितिका विचारहरू व्यवस्थितरूपमा प्रस्तुत गरेर जानकारी गराउनुभयो, सबै साथीहरूलाई धन्यवाद ।

(विकास समितिको बैठकमा व्यक्त विचारहरू)

४२

हामीले ठूलो फड्को मारेका छौं

पुस्तकका लेखक, प्रकाशक, सम्पूर्ण चिकित्सक साथीहरू र दाजुभाइ दिदीबहिनीहरू, म डा. अरुण साय्मि र उहाँका सहलेखक साथीहरूलाई हार्दिक बधाइ ज्ञापन गर्न चाहन्छु । धेरैधेरै शुभकामना पनि भन्न चाहन्छु । उहाँहरूसँग अरू धेरै अपेक्षा पनि राख्न चाहन्छु । उहाँहरूले आफूले प्राप्त गरेका ज्ञान र अनुभवहरूलाई आफूसँगमात्र सीमित राख्नुभएन, अरूलाई पनि दिनुभयो । यो पुस्तक, जसले चिकित्सा शिक्षा र सेवाको क्षेत्रमा उल्लेख्य योगदान गर्नेछ । आगामी दिनमा आफ्ना अनुभवहरूसमेतलाई लिएर अझ महत्वपूर्ण पुस्तकहरू प्रकाशित गर्न सक्नुहोस्, शुभकामना छ ।

उपचार हरेकलाई चाहिन्छ । कुनकुन कुरा शरीरलाई उपयोगी हुन्छ, के गर्नुहुन्छ, के गर्न हुँदैन, कुन रोगको रोकथामका विधिहरू केके हुन्, के गर्दा मान्छे निरोगी हुनक्छ भन्ने कुरामा सबैले सोचिरहेकै हुन्छन, जानकारी लिन खोजिरहेकै हुन्छन् । जान्दाजान्दै पनि कहिलेकाहीँ केही भइहाल्यो भने उपचार आफैँले गर्ने त होइन, डाक्टरकहाँ जानै पऱ्यो । हामी डाक्टरी उपचारमा लाग्छौं । त्यही उपचार नै हो जसले हामीलाई फेरि स्वस्थ बनाउँछ ।

उपचार धेरै महत्वपूर्ण कुरा हो । उपचार नहुँदा यदि अहिलेको स्वास्थ्य विज्ञानको वा चिकित्सा विज्ञानको यति उन्नति हुँदैनथ्यो भने मेरो पनि धेरै वर्ष भइसकेको हुन्थ्यो पुण्य तिथिको । किड्नी फेल भएको छ, किड्नी अर्को लिएको छ, त्यसलाई राख्वेको छ, औषधिहरू गरेको छ, तलमाथि पारेको छ । पोहर साल त मेनिन्जाइटिसले अट्याक गऱ्यो । उपचार व्यवस्था नभएको भए गइहालिन्थ्यो । त्यो पनि डेढ वर्ष भइसक्थ्यो । त्यसभन्दा अगाडि निमोनिया भएको थियो, उपचार नपाएको भए सायद दोस्रो पुण्यतिथि भेट्थ्यो ।

६१ वर्ष अगाडि मेरी आमा बित्नुभयो विफरबाट । ६० वर्ष अगाडि मेरी आमाको मितेनी, मेरी मीत आमा बित्नुभयो, उहाँलाई सायद क्यान्सर भएको हुनुपर्छ । पेटमा डल्लोडल्लो थियो, निकै साह्रो भएको थियो अनि कब्जियत पनि । क्यान्सर भएको जस्तो लाग्छ मलाई तर त्यसबेला गानो तान्ने काम खूब गरियो । बिरामीको गानो तान्ने काम भएपछि कस्तो भयो होला । गानो तानेर निको भएन, उहाँ बित्नुभयो । गानो तानेर क्यान्सर निको हुने कुरा पनि थिएन तर अहिले हामीसँग चेतना छ, प्रविधि छ र तत्सम्बन्धमा औषधि पनि छ, हामीलाई उपचार गर्ने चिकित्सकहरू हुनुहुन्छ र त हामी जीवनलाई लम्ब्याउन सक्ने भएका छौँ ।

हाम्रो समाजले असाधारण कष्ट सहेको छ, स्वास्थ्यको क्षेत्रमा । हामी आफैँ जान्नसक्छौँ, हाम्रो समाजमा उहिले उहिले हर्ट अट्याक हुँदैनथ्यो । ब्रेन हेमरेज हुँदैनथ्यो । शिकारी लाग्थ्यो । मैले गाउँघरमा हर्टअट्याक भएको कहिल्यै थाहा पाइन, सानो हुँदा । हर्टअट्याक नहुने, शिकारी लाग्ने, शिकारीको वाण लाग्ने र फुत्रुक्क मान्छे मर्ने । कहिले कहिले कुनै रोगमा चाहिँ बोक्सीले हान्थ्यो । कहिले कहिले मसान लाग्थ्यो । त्यसबाट हामी कति अगाडि बढ्यौँ ? मलाई लाग्छ - स्वास्थ्य उपचारको क्षेत्र अगाडि बढेको छ । अहिले हामीलाई हर्टअट्याक भए उपचार गर्ने व्यवस्था छ । ब्रेन हेमरेज भएपनि उपचारको प्रबन्ध छ । अरूअरू उपचार पनि हुन्छन् । यस प्रसङ्गमा हामीले ठूलो फड्को मारेका छौँ ।

जब नेपाल आधुनिक युगमा प्रवेश गऱ्यो, जब नेपालले शिक्षा, स्वास्थ्यका क्षेत्रमा प्रवेश गऱ्यो, प्रारम्भिक दिनहरूमा आमरूपमा हाम्रा शिक्षा, खालि लेखपढमै र साक्षरता बढाउने कुराकै सेरोफेरोमा रह्यो । त्यो स्थितिबाट हामी बिस्तारै जीवनका लागि आवश्यक जीवनोपयोगी शिक्षा, स्वास्थ्यको सम्बन्धमा स्वास्थ्य शिक्षा, निर्माणका सम्बन्धमा इञ्जिनियरिङका शिक्षा, सञ्चालन र व्यवस्थापनका लागि म्यानेजमेन्ट शिक्षा जस्ता व्यावहारिक शिक्षा, समाज सञ्चालन गर्न चाहिने शिक्षा, परिवार सञ्चालन गर्न चाहिने शिक्षा, समाजका निम्ति चाहिने शिक्षा, मानवजातिका निम्ति उपयोगी हुने शिक्षा, आफ्ना निम्ति र अरूका निम्ति पनि उपयोगी हुने शिक्षातिर हामी अगाडि बढेका छौँ । प्रगति पनि काफी भएको छ । विकृति पनि सँगसँगै आएका छन् । विकृति हामीले हटाउनुछ र राम्रा कामहरू र पक्षहरूलाई सुरक्षित गर्नुपर्नेछ । ती प्रयासमा हामी लागिरहेका छौँ ।

समग्रतामा भन्ने हो भने नेपालको शिक्षा क्षेत्रलाई जो विकासको सबभन्दा पूर्व सर्त हो, दक्ष जनशक्तिको निर्माण सबभन्दा ठूलो चुनौती पनि हो, विकासका निम्ति, अग्रगतिका निम्ति, परिवर्तनका निम्ति सबभन्दा ठूलो आधार पनि यही हो । यसको एउटा पाटो चिकित्सा शिक्षा हो जुन शिक्षाको अर्थ स्वाभाविकरूपमा जनतालाई स्वस्थ राख्ने हो र बिरामी परे उपचार गराउने हो ।

हामी सबैलाई थाहा छ - एउटा बिन्दु यस्तो आउँछ जहाँ संसारको कुनै चिकित्सकको पनि केही लाग्दैन, अस्पतालको पनि केही लाग्दैन, कुनै औषधिको पनि केही लाग्दैन । त्यो बिन्दुमा नपुगेर धरै छैन, प्रकृतिको नियम हो । कुनै डाक्टरले केही पनि गर्न सक्दैन । एउटा बिन्दु हुन्छ, त्यहाँ पुगेपछि औषधिले पनि केही गर्दैन । मैले पनि त्यस बिन्दुमा पुग्नुपर्छ तर त्यस अगाडि धेरै सिलसिलाहरू हुन्छन् । यसभन्दा अगाडि म धेरै टर्निङ प्वाइन्टमा उपचारको माध्यमबाट अगाडि बढेको छु । यस्तो सबैलाई पर्छ । बिरामी हुन्छ, उपचार गर्छ, फेरि चुस्त दुरुस्त हुन्छ, ठीक हुन्छ । त्यसमा यस पुस्तकले अवश्य नै महत्वपूर्ण योगदान गर्नेछ भन्ने मैले विश्वास लिएको छु ।

स्वासगरी कार्डियोलोजीको क्षेत्रमा, क्रिटिकल केयरको क्षेत्रमा, भास्कुलर ट्रिटमेन्टको क्षेत्रमा, लिभर ट्रिटमेन्टको क्षेत्रमा, लङ्स्को ट्रिटमेन्टको क्षेत्रमा तपाईंहरूले जुन काम गर्नुभएको छ, त्यससम्बन्धमा पनि यसले मद्दत पुऱ्याउँछ । कार्डियोलोजीको सम्बन्धमा र त्यससम्बन्धी क्रिटिकल केयरको सम्बन्धमा त यस पुस्तकले विशेष भूमिका नै खेल्नेछ । यो मेरो विश्वास हो । मेरो मेडिकल फिल्ड होइन, त्यसमा म जानकारी राख्दिनँ । मैले विश्वास गर्ने कुरामात्र हो । विश्वास गरिनँ भने त अस्पताल जानु नै बेकार कुरा हुन्छ फेरि । हाम्रो त झन् डाक्टरहरूलाई जति ज्ञान हुन्छ, त्यस्तो पनि होइन । डाक्टरले बचाइहाल्छ नि भन्ने विश्वास हुन्थ्यो अनि बाँचिहालियो । कहिले त डाक्टरले पनि त सक्दैन नि बचाउन । साँच्चै उस्तै परिदियो भने त बच्दैन तर पनि आफूलाई कस्तो लाग्ने भने - डाक्टर हुँदाहुँदै के को चिन्ता ? ल्याब छँदैछन् । डायलोसिस गर्ने छँदैछ । औषधि छँदैछ । डाक्टरले दिइहाल्छन् । हेरविचार गरिहाल्छन् । हामी, जसको यो पेसा होइन तिनले यही विश्वासमा चल्नुपर्छ ।

इतिहासदेखि नै यो चेतनाको अग्रणी स्थान हो, ज्ञानको अग्रणी स्थान हो, अग्रणी भूभाग हो । यो कुरा मैले धेरै ठाउँमा भन्ने गरेको छु । जुनबेला दुनियाँ अन्धकारमा थियो, त्यसबेला धर्तीको यो भूभागचाहिँ इनलाइटेन्ड थियो,

एजुकेटेड थियो । यस्ता इनोभेटिभ थिए हाम्रा पुर्खाहरू जसले चिकित्सा विज्ञान, चिकित्साशास्त्र यहीं त पत्ता लगाए । यहीं पत्ता लागेको हो जडीबुटी, हर्बल्स, कुन औषधिमा के तत्व छ भन्ने कुरा । त्यसबेला ल्याब थिएन, आफैँलाई ल्याब बनाएर हाम्रा पुर्खाले यति ठूलो अध्ययन अनुसन्धान गरे, यसले गर्दा कुन झारपात, कुन बोक्रा, कुन जरा, कुन मुन्टाले कुन बिरामीलाई राम्रो गर्छ, कुनलाई राम्रो गर्दैन भन्ने कुरा पत्ता लगाए । आयुर्वेद विकास भयो, धेरै उपचार विधिहरू, उपचारका पद्धतिहरू विकसित भए यही ठाउँमा । केही शताब्दीयता दुर्भाग्यवस हामी अलि पछाडि पऱ्यौँ, अरूचाहिँ अगाडि बढे । अब हामीले हाम्रो जुन बौद्धिक परम्परा हो, त्यसमा आधुनिकता मिसाउनुछ, आधुनिक विज्ञान प्रविधिका खोज अनुसन्धानहरूलाई मिसाउनुछ, उपलब्धिहरूलाई मिसाउनुछ र अगाडि बढाउनुछ । एउटा राम्रो के छ भने हामीसँग जेनेटिक मेमोरी अर्थात् हाम्रा पुर्खाहरू जो विद्वान् थिए, तिनको जिन हामीसँग छ र त्यो जेनेटिक मेमोरीले हामीलाई छिट्टै सिक्न दिनेछ ।

डा. अरुण साय्मि विविध चित्रमा देखिनुहुन्छ । चित्रकारहरूले एउटै चित्रमा विविधताको झल्को दिने चित्र बनाउँछन् नि, त्यस्तै । त्यो चित्र जसलाई अगाडिबाट हेर्दा एउटा चित्र देखिन्छ, पछाडिबाट हेर्दा अर्कै देखिन्छ । दाहिनेपट्टिबाट हेर्दा एउटा देखिन्छ, देब्रेपट्टिबाट हेऱ्यो भने अर्कै देखिन्छ । डा. अरुण साय्मिलाई हेर्दा त्यस्तै लाग्छ । अस्पतालमा हेऱ्यो डाक्टर देखिनुहुन्छ । साहित्यिक गोष्ठीहरूमा हेऱ्यो भने साहित्यकार देखिनुहुन्छ । कहिले कहिले बोल्दै जाँदा राजनीतिक विश्लेषकजस्तो पनि देखिनुहुन्छ । विभिन्न पाटाहरू, विभिन्न आयामहरू छन् उहाँका । अलिकति ध्यान दियो भने र लागिपऱ्यो भने यी सबै कुरा मान्छेले नै गर्न सक्दो रहेछ ।

बहुआयामिक प्रतिभाका धनी हुनुहुन्छ डा. अरुण सायमि । कविता पनि लेख्ने, कथा पनि लेख्ने, उपन्यास पनि लेख्ने, सबै कुरा लेख्ने । त्यतिमात्र नभएर उहाँले चिकित्साशास्त्रको किताब पनि लेख्नुभयो । उहाँले कार्डियोलोजी एन्ड क्रिटिकल केयर भनेर गम्भीर विषयमा लेख्नुभएको छ । विद्यार्थीहरूलाई पढाइ पनि रहनुभएको छ । कहिले विद्यार्थीको मास्टर, कहिले उपचार गर्ने डाक्टर, कहिले साहित्यकार, कहिले लेखक, यी विभिन्न आयामहरू डा. सायमिमा देखिन्छन् । कहिलेकाहीँ डा. सायमिको खास विधा कुन हो भन्नेजस्तो पनि लाग्छ । सर्टिफिकेट हेर्दा डिएम, काम हेर्दा डिन, कलेजतिर हेऱ्यो पढाइराखेको

गुरूजीको रूप देखिन्छ, अस्पतालमा हेर्‍यो उपचार गराइरास्वेको डाक्टरको रूप देखिन्छ । कहिले बत्ती बालेर लेखिरास्वेको देखिन्छ, कहिले लोडसेडिङ नो केयर भन्छ । उहाँको यो मल्टिडाइमेन्सनल ट्यालेन्ट जुन छ, त्यो असाधारण छ, म प्रशंसा गर्न चाहन्छु ।

मैले डा. सायमिलाई २०५१ सालमा म गृहमन्त्री भएपछि नै राम्रोसँग चिनेको हो । त्यसयता उहाँसँग राम्रो सम्बन्ध छ । उहाँले मेरो उपचारमा पनि धेरै मेहनत गर्नुभएको छ । व्यक्तिगत तवरमा पनि धन्यवाद भन्न चाहन्छु म ।

आज माघे सङ्क्रान्तिको दिन । डा. अरुण सायमिले त तिलको लड्डु, घिउचाकुभन्दा मीठो कुरा नै हामीलाई उपहार दिनुभएको छ । धेरै खुसीको कुरा हो । तरुल खनेर ल्याएभन्दा ठूलो स्वास्थ्य विज्ञानका क्षेत्रका नयाँ-नयाँ कुराहरू उत्खनन यति महत्वपूर्ण पुस्तक ल्याउनुभएको छ । धन्यवाद भन्न चाहन्छु । आज उहाँकी आदरणीय माता वसुन्धराजीको पुण्यतिथि पनि रहेछ । म उहाँप्रति श्रद्धा सुमन अर्पण गर्न चाहन्छु । फेरि एकपल्ट यस पुस्तकका प्रमुख लेखक र सहलेखकहरूलाई धेरैधेरै धन्यवाद ।

(२०७२ माघ १ गते डा. अरुण सायमिद्वारा लिखित 'कार्डियोलोजी एन्ड क्रिटिकल केयर' नामक पुस्तक विमोचन कार्यक्रममा व्यक्त विचारहरू)



मैले सपना किन देखें ?

प्रधानमन्त्री ओलीको बिदाइ अन्तर्वार्ता

कुनै देश जब भविष्यप्रति आशावादी हुन्छ, सुन्दर भविष्यको सपना देख्छ, राम्रा दिन, सुदिनहरू आउँछन् भन्ने विश्वास गर्छ, तब नै ऊ बाँच्नसक्छ, तब नै उसले मिहेनत गर्नसक्छ, तब नै उसले काम गर्न सक्छ। मेरो काम मूर्छित सपनाहरूलाई जगाउनु र तिनीहरूप्रति विश्वास बढाउनु, र ती विश्वासहरू साकार पार्नका निम्ति हरेकले प्रयास गरून्, जसबाट देश विकास सम्भव बनाउन सकिन्छ, समाज विकास सम्भव बनाउन सकिन्छ, त्यही कोसिस मैले गरेको हुँ। त्यो गर्नुपर्छ।

हाम्रो कथा : कति बजे उठ्नुहुन्छ ?

केपी ओली : जति बजे सुत्यो, त्यसको आधारमा हुन्छ । कति समय सुत्ने भन्ने हिसाब हुन्छ मेरो ।

हाम्रो कथा : सुत्नचाहिँ कति बजे सुत्नुहुन्छ ?

केपी ओली : राति १ बजे, २ बजे । १२ बजे छिटोमा ।

हाम्रो कथा : के गर्नुहुन्छ ? त्यतिबेलासम्म ?

केपी ओली : पढ्ने समय त चाहियो ।

हाम्रो कथा : राति पत्रपत्रिका पढ्नुहुन्छ ?

केपी ओली : पत्रपत्रिका, किताब, लेख्य ।

हाम्रो कथा : राति सधैं पढ्नुहुन्छ ?

केपी ओली : सकेसम्म राति पढ्ने । जानकारी लिनुपर्‍यो नि, के कसो भइरा छ । पुराना शास्त्र के रहेछ, नयाँ विचार के आउँदैछ, हेर्नुपर्‍यो नि ।

हाम्रो कथा : साधारणतया कति घन्टा सुत्नुहुन्छ ?

केपी ओली : ६ घन्टा ।

हाम्रो कथा : सपना चाहिँ के देख्नुहुन्छ ?

केपी ओली : दुइटा कुरालाई सपना भन्ने गर्छन्, एउटा निदाएको बेला देखिने सपना । अर्को ब्युँझिएको बेला देख्ने सपना । निदाएको बेला देखिने सपना खास अर्थका हुँदैनन् । त्यसकारण म सम्झिने झन्झट पनि गर्दिन ।

हाम्रो कथा : प्रधानमन्त्री हुँदा राति देखिने सपना र प्रधानमन्त्रीबाट राजिनामा दिएपछि देखिने सपनामा केही परिवर्तन भएको छ ?

केपी ओली : तपाइँले सोध्नुभएको कुरा मानसिक अवस्थासँग सम्बन्धित छ । अथवा कुनै कुराले मानिसमा खुशी अथवा दुःख हुन्छ । संस्कृतमा एउटा श्लोक छ, **उदय सवितारक्त रक्ताश्चाष्टोमयस्तथा** । जसको अर्थ हुन्छ, घाम झुल्किने अवस्थामा पनि रातै भएर झुल्किने गर्छ, अस्ताउने दुःखमा पनि रातै भएर अस्ताउने गर्छ । सूर्यमा चेत छैन । त्यो एउटा भौतिक पिण्ड हो । अथवा त्यो एउटा विशाल अग्निकुण्ड हो । चेतबिनाको भौतिक तत्वमा आफ्ना जड धर्म हुन्छन्, जड नियम हुन्छन् । म त्यस्तो जड त होइन, तर म खुशी, उन्माद अथवा धेरै हर्ष, विस्मातजस्ता कुराहरूबाट पीडित हुन्न । प्रधानमन्त्री हुँदा खुशी हुने, प्रधानमन्त्रीबाट हट्नुपर्दा दुःखी हुने, त्यो म गर्दिन । अधिपछि पनि मलाई धेरै पीर, चिन्ताजस्तो कुराले सताउँदैन । म सोचेर, विचार गरेर काम गर्छु, काम गरिसकेपछि सिद्धियो । मलाई धेरै चिन्ता हुँदैन । त्यसकारण प्रसन्नता र अप्रसन्नताको प्रभाव तपाइँले सोधेजस्तो सपनामा प्रतिबिम्बित हुँदैन । एकनास हुन्छ ।

हाम्रो कथा : तर मानवीय संवेदना भन्ने त हुन्छ नि ?

केपी ओली : मैले अघि भने म जड होइन, त्यसकारण जडधर्म होइन, जीवधर्म स्वाभाविक हो । तर त्यसलाई मानसिकता, परिवेश, परिस्थिति र मान्छेका इतिहासलगायतको धेरै कुराहरूले प्रभावित गरेका हुन्छन् । म त्यस्ता कुराहरूमा धेरै लतारिन्न । खुशीहरूमा लतारिने, या मानसिक दुःखहरूमा भौतिक परिस्थिति आफ्नो ठाउँमा छन्, तर त्यसले मानसिकतामा पार्ने प्रभाव, त्यसमा लतारिने त्यति बानी छैन मेरो ।

हाम्रो कथा : तर तपाइँको राजिनामा पछि त देशभित्र मात्र हैन, विदेशमा पनि खुशीयाली छायो भन्छन्, खुसीयाली मनाए भन्छन् ।

केपी ओली : हिन्दीमा भन्छन्, कहीँ खुशी, कहीँ गम । खुशी हुनेहरू पनि हुन्छन्, दुःख मान्नेहरू पनि हुन्छन् । ती विचारहरूका, उद्देश्यहरूका, हितहरूका प्रतिबिम्ब हुन् । कतै खुशी, कतै गम, कतै आनन्द, कतै हर्ष, कतै विस्मात, कतै दुःख । खुशी नै खुशी छायो होइन, केही खुशी भए, किन खुशी भए ? उनीहरू जान्दछन् ।

हाम्रो कथा : तपाइँलाई थाहा छैन ?

केपी ओली : थाहा छ, तर त्यसमा मैले समय खर्च गरिरहनु आवश्यक छैन । खुशी प्रकट हुन्छ कतै कतै, त्यसभित्र तीनै पक्ष छन् । एउटा खुशीको पक्ष, अर्को दुःखको पक्ष, दुःखी हुने पनि छन्,। सबै हाँस्ने र रुने नै गर्छ भन्न सकिँदैन, सरोकार नभएको पनि ठूलो समुदाय छ नि । कति मान्छेहरू जसलाई स्वार्थ, अहंकार, जिद्दी होला, खुशी होला, जो अलिकति मानवजातिका प्रगति र उन्नतिका निम्ति, समृद्धि र सुखका निम्ति सोच्ने होलान्, तिनलाई दुःख पनि होला ।

हाम्रो कथा : प्रधानमन्त्री छोड्नुपरेकोमा भन्दा पनि प्रधानमन्त्री भएर केही गर्न सक्थेँ तर गर्न पाइन भन्ने कुराले दुःखी बनाउँदैन ?

केपी ओली : म त्यसलाई दुःख भन्दिनँ, मैले प्रधानमन्त्री किन स्वीकार गरेँ, किन भएँ, भन्दा तपाइँले भन्नुभएजस्तै केही गर्न सकिन्छ, देशका लागि जनताका लागि, अर्को शताब्दीमा मैले केही गर्न सक्दिन । यति बेला म गर्न सक्छु, त्यसैकारण मैले त्यो स्वीकारेको थिएँ । मलाई थाहा थियो, दुनियाँ निष्कण्टक छैन । दुनियाँ कण्टक छैन । कण्टकै कण्टक अथवा काँडैकाँडाले भरिएको । मैले हाम्रो समयलाई नदेख्वेको छैन, नबुझेको छैन । हाम्रो भूगोल, हाम्रो घर-परिवार जहानहरू, परिवारका सदस्यहरू नजान्या छैन, हाम्रा छिमेकीहरू पनि नजान्या छैन । हाम्रो गाउँ, ठाउँ पनि नचिनेको छैन । त्यसो भएपछि यस्तो केही हुनु, धेरै अनौठो पनि छैन ।

हाम्रो कथा : तपाई जति समय प्रधानमन्त्री हुनुभयो नि, तपाइँले गरेका भाषणहरू सुन्दा, तपाइँले बेला बेलामा दिने वक्तव्यहरू हेर्दाखेरि कति धेरै सपना बाँडे जस्तो लाग्छ । कति धेरै सपना बाँडेको जनतालाई ?

केपी ओली : अस्ति राजिनामा दिँदै गर्दा, यही साउन ९ गतेको संसदको मेरो मन्तव्यमा पनि मैले भनेको थिएँ, यस्ता परिस्थितिहरूमा खास गरी द्वन्द्वोत्तर अथवा लडाइ, झगडाबाट एउटा सिलसिलाबाट थिलथिलो भएको देश तानाशाही मुकाबिलाबाट थिलथिलिएको, अतिवादका गतिविधिबाट थिलथिलिएको अवस्थामा मान्छेहरूमा प्रायः सपनाहरू खजमजिन्छन्, मान्छेहरूका आकाङ्क्षहरू पनि त्यतिकै कोपिलामै झर्न थाल्छन् । मैले त्यस वक्तव्यमा पनि भनेको छु, सपनाहरू मूर्छित हुन्छन् त्यस्तो बेलामा । ती सपनाहरू मूर्छित भइरहन दिनुहुँदैन । कुनै देश जब भविष्यप्रति आशावादी हुन्छ, सुन्दर भविष्यको सपना देख्छ, राम्रा दिन, सुदिनहरू आउँछन् भन्ने विश्वास गर्छ, तब नै ऊ बाँच्नसक्छ, तब नै उसले मिहेनत गर्नसक्छ, तब नै उसले काम गर्न सक्छ । मेरो काम मूर्छित सपनाहरूलाई जगाउनु र तिनीहरूप्रति विश्वास बढाउनु, र ती विश्वासहरू साकार पार्नका निम्ति हरेकले प्रयास गरुन्, जसबाट देश विकास सम्भव बनाउन सकिन्छ, समाज विकास सम्भव बनाउन सकिन्छ, त्यही कोसिस मैले गरेको हुँ । त्यो गर्नुपर्छ ।

अर्को मैले भन्ने गरेको के हो भने हामीले आफूलाई चिन्नुपर्छ । संसार अन्धकार भएको बेला हाम्रा पुर्खाहरू विद्वान थिए । मैले भन्ने गरेको छु, हातमा ढुंगा बोकेर झण्डै झण्डै पत्थरयुगमै छँदा, शिकारको खोजीमा जङ्गलमा भौंतारिदा हाम्रा पुर्खा त नाटकको रचना गर्दै थिए । काव्यको रचना गर्दै थिए । वेदको रचना गर्दै थिए । औषधि विज्ञानको आविष्कार र विकास गर्दै थिए । तारा, नक्षत्रहरूको गिन्ती गरेर त्यसको आधारमा तिनको धर्तीसँगको सम्बन्धलाई हेर्दै थिए । ग्रहण कतिखेर लाग्छ, कहिले लाग्छ ? हजारौं वर्षसम्मका, ग्रह, नक्षत्रहरूका गतिहरूको हिसाब गर्दै थिए । यस्ता अनेक कुराहरू संगीत, ज्ञान, विज्ञान, दर्शन यी सबै कुराहरूको विकास गर्दै थिए । पछि त्यसलाई साङ्ख्य दर्शन भनियो, पछि त्यसलाई चारवाक दर्शन भनियो, पछि त्यसलाई लोकायत भनियो, ती जनताले दर्शन निर्माण गरेको होइन, अनुभूतिहरू संकलन गरेका

सङ्गृहीत गरेका र अभिव्यक्त गरेका हुन् । ती दर्शन भए । हाम्रा पुर्खा त त्यसो गर्दै थिए । त्यस्ता पुर्खाका हामी सन्तान, कुनै कारणवश अलिक समय हामी पछाडि पर्‍यौं । तर हामी सधैं पछाडि पर्न सक्दैनौं । सम्भवै छैन । किनभने पहिलो कुरा हामीसँग मैले जो पुर्खाको कुरा गरेँ, ती हाम्रा रचनात्मक, सिर्जनात्मक कामका सर्जक र अनुसन्धाता र अन्वेषक चरित्रै, आचरणै हाम्रो पुर्खाको त्यस्तै हो । त्यसले कुनै वनस्पतिको पात छैन, बोक्रो छैन, मुन्टो छैन, जरा छैन, जो नजागेका हुन्, त्यसको स्वाद, गन्ध, पाक, सबै पत्ता लगाएका हुन् । त्यसको अहिले हामी त्यसका रसायनिक प्रतिफलहरूका कुरा गर्छौं । दृश्यमा एउटा छ, त्यसको अन्तर्यमा के छ ? स्वादमा एउटा छ, गन्धमा एउटा छ, त्यसको स्वाद एउटा हुन्छ, पाक अर्कै हुन्छ । गुण अर्कै हुन्छ । यी कुराहरू हाम्रा पुर्खाहरूले उहिल्यै पत्ता लगाए, त्यस्ताका सन्तान हामीहरू । हामीसँग त्यो जीन छ । त्यसकारण हामी पछाडि पर्न सक्दैनौं, जीनको अर्थ हामीले बुझ्नुपर्छ, हाम्रो शरीरमा जुन कार्बोन छ, हरेक चीजमा कार्बोन त हुन्छ, जसले सन्तान सदृश्य पैदा गर्छ, देखाउँछ । मान्छेका सन्तान मान्छेजस्ता, अरू जीवका सन्तान अरु जीवजस्ता, कसरी हुन्छ भन्दा त्यो कोर्बोन तत्वले । त्यसका कार्बोन तत्वले खालि शारीरिक संरचनालाई त्यसरी प्रतिबिम्बित गरेको अथवा प्रतिरोध गरेको मात्रै हुँदैन, त्यस कार्बोनले मानसिक कार्बोन कपी गर्दाखेरि त्यसको खालि कपी मात्रै गरेको अथवा सदृश्य मात्रै हैन, त्यसको गुण, त्यसको अन्तर्यसमेतलाई पनि कपी गरेको हुन्छ । हाम्रो शरीरको कार्बोनको काम बाबुजस्तै छोरा, आमाजस्तै छोरा या छोरी त्यो निकाल्ने मात्र काम गर्दैन, तिनीहरूको पुस्तौंदेखिका सङ्कलित ज्ञानहरू पनि राख्ेको हुन्छ । त्यसैकारण पाँचवर्षभित्र बच्चाको मस्तिष्क पूर्णरूपमा विकास भइसक्छ भनेको के ? अथवा एउटा मान्छेको बच्चाले छोटो अवधिमा मानवीय गुणहरू, तरिकाहरू, भाषाहरू, सीपहरू कति छिटो सिक्छ, कसरी ? त्यसैकारणले हामी जे छौं, हाम्रो आफ्नै कमाइ, आज तपाईसँग जो विद्वता छ, जुन क्षमता छ, तपाईको कमाइ थोरै प्रतिशत छ । तपाईको बुवा, हजुरबुवा, हजुरआमादेखि हजारौं पुस्ताको, लाखौं पुस्ताको जुन योगदान छ त्यसमा, त्यसको जेनेटिक मेमोरी सबै तपाईमा जन्मिदै चढ्दै आएर यस्तो एउटा समृद्ध त्यो पूँजी ल्याउनुभएको थियो, त्यस पूँजीले तपाईलाई सबभन्दा ठूलो काम गरेको छ, त्यो पूँजी जसको

छैन, एउटा बाख्राको पाठालाई बोर्डिङ हाल्दिनुस्, पाँच वर्ष बोर्डिङमा पढाउनुस् म्याँ भन्दा माथितिर गर्दैन, किनभने त्यसका पुर्खाले गर्न सकेको थिएन, तिनले त्यो जेनेटिक मेमोरी उनले त्यही म्याँ मात्रै पाएको छ । त्यसकारण तपाइँसँग विद्वता किन छ भनेदेखि तपाइँको पुर्खाले गरेको छ, त्यसकारण त्यो कार्बोन इलेमेन्ट जसले मेमोरी तपाइँलाई कन्टिन्यु ट्रान्सफर गरेको छ, त्यो मानसिक क्षमता मस्तिष्कका गुण त्यसको विज्ञानले व्याख्या गरिरहेकोछ, अझ खोजिरहेको छ । त्यो गर्नुपर्छ । त्यसैले हामी पछाडि पर्न सक्दैनौं । आज हामी अनपढ, हामी बुद्धु, त्यस्ता पुर्खाका सन्तान, अरु अस्तिका चाहिँ विद्वान, यो टेम्पोररी फेनोमेना मात्रै हो । त्यो अस्थायी परिघटना हो । अस्थायी परिदृश्य हो । हामी पछाडि पर्न सक्दैनौं । अर्को त्यो हिमाल, त्यो पहाड, ती ग्लासियस, त्यो झरना, हिमताल, हाम्रा तालहरू, हाम्रा हरिया पहाड, झरनादेखि लिएर यी मैदान, यो साधारण कुरा छैन, यसभित्र । त्यति उर्बर छ । खानीका अन्यत्र कुरा चलेको छन्, हामीकहाँ खानीको केही कुरै भएको छैन । अब त्यस्ता पुर्खाका हामी सन्तान, यस्तो उर्बर धर्तीका हामी मान्छे, यति सम्भावना बोकेका हामी यस धर्तीका मान्छे, मैले आफूलाई चिन्नुपर्छ, आफूलाई चिन्नुपर्छ पहिले हामीले । प्रभु मान्ने बानी परेकाहरूलाई यस्तो भन्दा अलि चित्त दुख्ने होला फेरि । हाम्रा विद्वान पुर्खाहरू सम्झिदा, तिनको जीन बोकेका सन्तान हौं हामी सबै । हामीसँग क्षमता छ भन्दा अथवा हाम्रो धर्ती बुद्ध यहीँ किन जन्मिए, सगरमाथा किन यहीँ ठडियो ?

हाम्रो कथा : तपाइँले प्रभु भनेर, प्रभु मान्ने बानी परेका भनेर कसलाई भन्नुभा ?

केपी ओली : प्रभु भनेको शक्तिशाली ठूलाबडाहरूलाई भनिन्छ । मान्ने बानी परेका भनेको ठूलो देख्ने वित्तिकै नतमस्तक हुने बानी परेकालाई भनिन्छ ।

हाम्रो कथा : जनतालाई बुझ्ने भाषामा भनिदिनुस् न ?

केपी ओली : जनतालाई तपाइँले के ठान्नुभएको छ ? कस्ता पुर्खाका सन्तान भन्दैछु म । (हाँस्दै) मान्छेले यी जनताले बुझ्दैन भन्ठान्न्या छन् नि ? त्यस्तो होइन, वेद पढेर आएका जनता, पहिले पढ्न पाएनन् होला, चार सय, पाँच सय वर्ष अगाडिदेखि तिमी यी जातको तिमीले पढ्नु

हुँदैन, तिमीले यो गर्नुपर्छ, यस्तो गर्न पाउँदैनौं भनेर भनियो होला, त्यो केही शताब्दीको कुरा हो । यो शताब्दीको कुरा हैन, लास्वौं शताब्दीको इतिहास छ । त्यसकारण अलि वर्षदेखि केही शताब्दीदेखि पढ्न नपाएका छन् नि, हो तिनका छोराछोरीलाई पढाउनुस्, त्यही गति भ्याप्पै टिप्छन् उनीहरूले, किनभने उनीहरूको जेनेटिक मेमोरी त त्यही हो, गति समाइहाल्छन् ।

हाम्रो कथा : म फेरि सपनामै फर्किन चाहन्छु, तपाईंले एक ठाउँमा भन्नुभएको थियो, मैले सपना बेचेको होइन, मैले सपना बाँडेको हो । तपाइँले बाँडेको सपनाचाहिँ कति पाए त नेपालीले ?

केपी ओली : मैले भनेको के हो भने हामीले बनिबनाउ फल टिप्न खोज्यौं भने सम्भव छैन । अस्ति शायद शिशिर योगीले हो क्यार असाध्य सुन्दर ढंगले गीत गाउनुभो । 'म यहाँ एउटा मान्छे खोजिरहेछु, उहाँको आशय थियो, देश बनाइदिने मान्छे, हाम्रा पीरमर्का हेरिदिने मान्छे, हामीलाई यो दुःखको परिस्थितिबाट सुखको परिस्थितिमा पुऱ्याइदिने मान्छे खोजिरहेछु, मैले बोल्नुभन्दा अघि उहाँले गीत गाउनुभएको थियो, त्यही कार्यक्रममा भनें- अब हामीले मान्छे खोज्दै हिँड्ने होइन, म बनाउँछु, मेरो देश भन्नुपऱ्यो । हामी बनाउन सक्छौं । हामीले मान्छे, भगवानले पठाइदिन्छन् भन्ने ठान्नु हुँदैन, भगवानले पठाइदिन्छन् भने पठाइदिएका मान्छे हामी नै हौं । यस दुःखको परिस्थितिबाट सुखको परिस्थितिमा हामीले लानुपर्छ । बन्जरलाई हराभरा हामीले गराउनुपर्छ, सुख्खालाई सिञ्चित हामीले गर्नुपर्छ, यस निराश परिस्थितिलाई बदलेर हामीले अगाडि बढाउनुपर्छ ।

हाम्रो कथा : मैले भनेको चाहिँ तपाईंले भन्नुभएको थियो, म सपना बेच्ने मान्छे होइन, ठिक छ, नेपालीले सपना त किन्न सक्दैन, तर तपाइँले, बाँडेको चीज त भेट्टाउनु पर्ने नि ,

केपी ओली : भेट्टाउँछन्, त्यो एकै छिनमा मिल्ने कुरा होइन, एउटा आँपको कोया रोप्नुभो भने त्यो उम्रिन पनि टाइम लाग्छ । म के भनिरहेको छु भने तपाइँले आँपको कोया रोप्नुस् । रोपेपछि त्यो उम्रिन्छ, त्यो उम्रिएपछि त्यो हुर्किन्छ, बढ्छ, त्यो फल्छ । समय त लाग्छ । तपाईंले एकैचोटि अहिल्यैको अहिल्यै कुनै जादू गरेर सरक्क नेपाललाई केही महिनामा

धनी समृद्ध देश बनाइहाल्न सक्नुहुन्न । तपाइँले खेत यति बाँझो छ भने त्यसमा लटरम्म धान अहिलेको अहिल्यै फलाउन सक्नुहुन्न । तपाइँले त्यो जोत्नुपर्छ, त्यसमा पानी लाउनुपर्‍यो, त्यसमा खन्न पर्‍यो, धान रोप्नु पर्‍यो, त्यसलाई हुर्काउनुपर्‍यो, धेरै चीज गर्नुपर्छ, अनि हुर्कन्छ अनि पाक्छ । अनि मात्र तपाइँले काट्न पाउनुहुन्छ ।

अनि मैले भनेको सपना, वास्तवमा सपना बेच्ने कुरा होइन, बेचेको होइन । यो जगाइएको हो । हरेकका सपना छन् । हाम्रा पुर्खाहरूले उहिल्यैदेखि एउटा तत्व पत्ता लगाए । त्यो तत्व के हो भने मान्छे के चाहन्छन् भन्दा सुख चाहन्छ, अन्तिम निष्कर्ष त्यही नै हो । तपाईं के चाहनु हुन्छ भन्दा सुख, अर्कोले के चाहन्छ भन्दा सुख चाहन्छ । खुशीबाट पनि सुखको प्राप्ति हुन्छ । र मान्छेका सबै काम, काज, गतिविधि, अध्ययन, अनुसन्धान, खोज, अन्वेषण - सबै चीज खुशी प्राप्तिका निम्ति, सुख प्राप्तिका निम्ति हुन्छ । त्यसै कारण हाम्रा पुर्खाहरूले भने उहिलेदेखि मान्छेले के चाहन्छन् भन्दा - सर्वे भवन्तु सुखिनः, सर्वे सन्तु निरामया, सर्वे भद्राणि पश्यन्तु, मा कश्चित् दुःखभाग् भवेत् । कोही दुःखी नहोस्, सबै सुखी होउन् । अथवा सुख प्राप्ति नै मानिसको लक्ष्य हुने गर्छ । अन्तिम उद्देश्य नै सुख प्राप्ति । त्यो सुख कसरी प्राप्त हुन्छ - जैविक आवश्यकताहरू र मानवीय आवश्यकताको परिपूर्ति, यी दुईवटा कुरा अलिकति फरक छन्, जैविक आवश्यकता र मानवीय आवश्यकता । यसभित्र सुरक्षा, सुरक्षाभित्र दुईवटा खालका पर्छन् - एउटा भौतिक सुरक्षा, अर्को सम्मान आदिको सुरक्षा । तपाईंलाई भौतिकरूपले केही नगरे पनि अपमान कसैले गर्‍यो भने तपाईंको सम्मानको सुरक्षा भएन तपाईं दुःखित् बन्नु हुन्छ । मान्छे त अत्यन्त सचेत प्राणी हो, मान्छेलाई केही गर्नु पर्दैन, तपाईंको अनुहार सपार्दिन, तपाईंलाई हँसाउन वा तपाईंलाई रुवाउन वा तपाईंलाई दुःखी बनाउन नछोइकन टाढैबाट सकिन्छ । किनभने तपाईं सचेत हुनुहुन्छ । तपाईं टी.भी. हेर्दाहेर्दै हाँस्नु भएको थियो, मुस्कुराइरहनु भएको थियो, खुशी हुनु भएको थियो के कार्यक्रम हेरेर । फेरि अर्कोपल्ट टी.भी. हेरेर तपाईं बडो दुःखित पनि भइरास्नु भएको थियो । त्यहाँ कतै ट्राजिडी जस्तो केही देख्नु भएको थियो, तपाईं त्यो ट्राजिडीमा खुशी हुनुहुन्थ्यो । तपाईंलाई त्यो टी.भी.ले छोएको पनि थिएन नि, तर तपाईंलाई राम्ररी थाहा छ त्यो

बनावटी कुरा हो । त्यो टी.भी.ले साँचो कुरा पनि देखाइरहेको थिएन । तपाईंलाई मनोरञ्जनका लागि त्यत्तिकै देखाइराख्येको थियो, तर तपाईं घरी खुशी हुनुहुन्थ्यो, घरी दुःखी हुनुहुन्थ्यो । किनभने तपाईं सचेत हुनुहुन्छ, तपाईंको भस्तिष्क त्यो परिदृश्यसँगै, त्यहाँ रचना गरिएको कुरा सँगैसँगै दौडिराख्येको थियो । त्यसको असर तपाईंलाई छ भने मान्छेको सुरक्षाभित्र भौतिक सुरक्षासँगै उसका अधिकारहरूको, उसका सम्मानको आदि सुरक्षा पनि मान्छेलाई चाहिन्छ ।

हाम्रो कथा : तपाइँले यसलाई सपनामा कहाँनेर जोड्न खोज्दै हुनुहुन्छ ?

केपी ओली : मान्छे कसरी चाहन्छु सुख भन्ने कुरा, कसरी प्राप्त हुन्छ सुख भन्ने कुरा, कस्तो समाज बनाउनु पर्छ हामीले भन्ने कुरा, त्यससँग म जोडेर हेरिराख्येको थिएँ । समाज विकास भनेको आर्थिक उन्नति र समृद्धि हो । आर्थिक उन्नति र समृद्धिले मात्रै हुँदैन, अस्ति जापानमा एउटाले छुरी हानेर १५ जना हो कि कतिलाई ठाउँको ठाउँमै मारिदियो, ४०-४५ जना घाइते भए । त्यहाँ खान-लाउन नपाएको आदि कुनै विषय त थिएन । अमेरिकाको फ्लोरिडामा पचासौँलाई एउटाले बन्दुकले मारिदियो । त्यहाँ पनि कुनै भोकमरीको समस्या त थिएन । खान पाएन, मान्छे भोकै मऱ्यो भन्ने समस्या पनि थिएन । यदि समाज भौतिक हिसाबले त प्रगति भयो, तर त्यसको मानवीय महत्व, मानवीय मूल्यजस्ता कुरामा ध्यान गएन र मानवीय भावनाको श्रेष्ठताले स्थान पाएन भने त्यस्ता कुराहरू त जहाँ पनि हुँदा रहेछन् नि । त्यसैले समाजको समग्र विकास भित्र भौतिक उन्नती र चेतना, व्यवहार र आचरणगत उन्नति हुनु पर्छ - हार्डवेयरको पक्ष, सफ्टवेयरको पक्ष सबै विकास हुनुपर्छ । र, त्यो विकास गर्न मैले भौतिक उन्नतिका पक्ष र मानवीय भावनाका पक्ष अथवा हामी सभ्यता भन्छौँ नि कति नराम्रो गरी, कति डरलाग्दो गरी र कति घटिया पाराले सभ्यताभित्र असभ्यताहरू प्रकट भइरहेका छन्, जसले मानिसलाई समृद्धि र सुखी हुन दिँदैन । यसमा हामीले ध्यान दिनुपर्छ र मैले जुन भन्न खोजेका सपनाहरूको कुरा समग्र समृद्धिको कुरा हो ।

हाम्रो कथा : तपाइँले जति सपनाहरू बाँड्नु भयो, नेपालीहरूले तपाइँबाट जति सपनाहरू सुने, तपाइँले बाँडेका सपनाहरूप्रति के तपाइँलाई आफैँप्रति विश्वास थियो र छ पनि ?

केपी ओली : बिल्कुल । कसैले उखेल्न, निमोठ्न, मिल्काउन, फ्याँक्न नसक्ने गरी, ती जबर्जस्त सपनाहरू नेपाली धर्तीमा रोपिइसकिएका छन् । मैले त्यसो भनिरहँदा धेरै ठूला, धेरै महत्वका कुराहरू भएका छन् भन्दिन म । तर नेपाल, राजनीतिक थिचोमिचो र हस्तक्षेप, आर्थिक परनिर्भरता, समग्रतामा पछौटेपन र दरिद्रता, ती सबैको परिणाम सँधैको दुःख, सँधैको कष्ट । आधुनिकतातर्फ जान नसकेको, विकासतर्फ जान नसकेको । अरुको चकाचौंध हेरेर रमाइलो मान्ने । सिनेमामा राम्रा वस्त्रहरू लगाएका सबै हेर्ने अनि घर फर्केर, सिनेमामा हेर्दा त राम्रो राम्रो लन्च डिनर गरिराख्वेको हुन्छ, सबै चीज हुन्छ, राम्रा वस्त्रहरू लगाएका हुन्छन्, घरमा फर्केर आउँदा खानेकुरा हुँदैन, भुटेको मकै पनि हुँदैन, लगाउने पनि राम्रो हुँदैन, ओढ्ने ओछ्याउने पनि हुँदैन, जाडोले स्यूँ स्यूँ पारेको हुन्छ - नेपालीको अवस्था त्यस्तै भयो । सिनेमा हेरिन्जेल खुशी भयो, अनि घरमा आएर आफ्नो दुःख आफैसँग भनेको जस्तै । त्यसबाट हामी मुक्त हुनु पऱ्यो । हामीले खालि अरुका विकासका कहानी सुन्ने, अनि आफूचाहिँ दुःखमा रहने अवस्था हुनु भएन ।

हामीले बनाउन नसक्ने भन्ने कुरा केही पनि छैन । हामी हाम्रो देशको अनुसार, देशको भूगोल, परिवेश र परिस्थितिअनुसार विकास कुराहरूलाई अगाडि बढाउन सक्छौँ । आधुनिक नेपाल, समृद्ध नेपाल, सुखी नेपालीको आनन्दको नेपाल बनाउन सकिन्छ । मेरो त्यही सपना हो ।

हाम्रो कथा : बाँड्ने मान्छे तपाईंलाई त विश्वास रहेछ, पाउने मान्छे जनता हो, तपाईंलाई के लाग्छ तपाईंले बाँडेका सपनाहरू जनताले पनि विश्वास गरिराख्वेका छन् अथवा गर्छन् जस्तो लाग्छ ?

केपी ओली : विश्वास नगरेसम्म त नेपाल पछाडि पर्छ । जनताले पाउने होइन, जनताले ल्याउने हो, आफैले ।

हाम्रो कथा : जनताले विश्वास गर्ने पर्छ भन्नु भएको हो ?

केपी ओली : हो, गर्नै पर्छ । जनताले विश्वास गर्नै पर्छ । जनताले ती सपना आफैले साकार पार्नु पर्छ । अरु कोही मान्छे खोजिरहेछु भनेर केही पनि हुनेवाला छैन ।

हाम्रो कथा : अघि तपाईं भन्दै हुनुहुन्थ्यो, म २ बजेसम्म पढ्छु, फेसबुक पनि चलाउनु हुन्छ होला, जनताका प्रतिक्रियाहरू पनि सुन्नु हुन्छ होला, जनताले पत्याएका रहेछन् कि पत्याएका रहेनछन् कि ? तपाईंको आफ्नो अब्जरभेसन चाहिँ के छ ?

केपी ओली : म जहाँसम्म आइपुगेको छु, मलाई यो प्रधानमन्त्रीको पद पनि मेरो बुबाले अंश दिनु भएको होइन, नेपाली जनताले दिएको हो । त्यसमा म बहुतै स्पष्ट छु । यहाँ दुईटाबीच टग अफ वार छ, तानातान छ । कहिले जनतालाई तान्छन्, कहिले जनतालाई अलमल्याउनेहरू - विभिन्न प्रकारका हाउभाउ गरेर जनताका पंक्तिभित्र बसेका वा जनताको पंक्तिभन्दा बाहिरबाटै लल्कार्ने (बाहिरबाट लल्कार्ने समय रहेन) - यसको तरिका बदलिएको छ - जनता भित्रै छन् - जनताकै हुँ भन्ने गर्छन् - जनताका हितहरू र अरुका हित जनताका नाममा भजाउनेहरू - यसका बीचमा तानातान छ । त्यस तानातानमा म एउटा यस्तो पात्र हुँ जो जनताका निम्ति काम गर्छ, देशका निम्ति काम गर्छ, मानव जातिका निम्ति काम गर्छ । मेरो निष्ठा यही तीनवटा कुरामा छ - नेपाल राष्ट्र, नेपाली जनता र मानव जाति भन्नाले यो धर्ती र यसको भविष्य ।

हाम्रो कथा : तपाईंकहाँ आउनुभन्दा अगाडि मैले तपाईंका भाषणहरू यु-ट्युबमा पाएसम्म, भेटेसम्म हेर्ने प्रयत्न गरेको थिएँ । तपाईंले बाँड्नु भएका सपनाहरू, तपाईंले गर्नुभएका भाषणहरू अत्यन्तै रुचाइएका पनि छन्, तर ती भाषणका शीर्षकहरू यदि तपाईंले हेर्नुभयो भने अ फन्नी स्पिच अफ केपी ओली भनेर दिइएको छ । तपाईंले जनताले विश्वास गरे भन्नु भयो, तर त्यस्तो टाइटल किन दिइयो होला, तपाईंले सिन्सियरली राख्नेको कुरालाई मान्छेले त्यस्तो टाइटल किन दिए होला ?

केपी ओली : मैले अस्ति एक ठाउँमा भनेको थिएँ, लोकतन्त्र जहाँ कलिलो हुन्छ, लोकतन्त्रका नाममा अथवा लोकका नाममा अनेकथरी तत्वहरू क्रियाशील हुन्छन् । तिनलाई देशभन्दा, जनताभन्दा, सत्यभन्दा ठूलो

आफ्नो स्वार्थ हुन्छ । आफ्ना आग्रहहरू सबैभन्दा माथि राख्नेर त्यस्ता तत्वहरू रहेका हुन्छन् । अर्को, केही यस्ता मान्छेहरू छन् जसलाई अरुले आग्रह बोकाइदिएका हुन्छन्, तिनीहरूले भाडामा आग्रहहरू बोकेका हुन्छन् । त्यो भाडामा बोकेका आग्रहहरूले उनीहरू थिचिएका हुन्छन्, जसबाट मुक्त हुन सक्दैनन् । ती आग्रहका कैदी पनि हुन्छन् या भाडामा बोकाइएका आग्रहका पनि कैदी हुन सक्छन् । फेरि मान्छेको जात यस्तो छ, मान्छेले आफ्नो कुरा कम गरेको हुन्छ । तर उनीहरूले आफ्नै कुरा भन्छान्छ । मैले अहिले जे बोलिराखेको छु यो मेरो भाषा भन्छु मैले । मैले बनाएको एक शब्द पनि छैन । उहिल्यै कसले-कसले बनाएका शब्दहरू म बोलिराखेको छु, तर मैले के भनिरहेको छु भने यो मैले बोलिरहेको भाषा मेरो भाषा हो । मैले त बनाएको छैन नि, एक शब्द मैले बनाएको छ र ? मेरो विचार भन्छन् । प्रायः विचार बनाउने तहमा झन्झट नै गरेको हुँदैन मान्छेले । अरुले ल्याएर बोकाइदिएको हुन्छ । कहिले कहिले आफै मञ्जुरीसाथ पनि राम्रा कुराहरू बोक्नु पर्छ, राम्रा कुराहरू बोक्न खोज्दा नराम्रा कुराहरू बोकिन्छ । जस्तो मैले भनेँ मैले बोलिरहेको भाषा मेरो भाषा, मेरो भाषा मैले बनाएको भाषा होइन, अरुले बनाएको भाषा । यो त मैले बोक्नै पर्छ नि, यो त मैले ग्रहण गर्नै पर्छ, मेरो रूपमा मैले स्वीकार गर्नै पर्छ । त्यसै गरेर विचार, कतिवटा विचार मैले मेरो भन्छु नि, मैले बनाएको विचार नभएर मैले लिएको विचार हुन सक्छ, धेरै विचार त्यस्तै हुन्छ, मैले अरुबाट लिएको विचार हुन्छ । मैले लिइसकेपछि मेरै हुन्छ त्यो, मेरो हुँदा हुँदा यस्तो मेरो भइसक्छ त्यो विचार, त्यसमा म कहिले कहिले म आग्रह साथ लाग्ने पनि खतरा हुन्छ । मानवीय प्रवृतिको कुरा गरेको मैले । मैले विचार लिएँ र त्यसप्रति म कहीँ गलत पनि छ कि भने सोच्ने होइन, त्यसलाई मैले आफ्नो बनाइसकेपछि, आफ्नोप्रति म अलिकति आग्रह राख्न सक्छु, पूर्वाग्रह राख्न सक्छु । त्यसो भएपछि मैले त्यसमा कतै कमी पनि छ कि भनेर विचार गर्दिन । बोकाएका स्वार्थहरू, बोकाएका विचारहरू, बोकाएका उद्देश्यहरू वा आफ्नै भन्छान्दा - त्यो आफ्नै भन्छानेर बोकेकामा मिसाएर घुसाइदिएका । त्यस्ता विचारहरू अनेक उद्देश्यका रूपमा प्रकट हुन्छन् । तपाईंले जुन शीर्षकको कुरा गर्नुभयो - त्यसबाट जे सम्प्रेषित हुन्छ त्यो चाहिँ - जसरी हाँसले फोहोरबाट खानेकुरा मात्रै लिन्छ त्यसैगरी जनताले पनि लिन्छ । ती उद्देश्यका, अरुले बोकाइदिएका विचारका भारीहरू जसले बोकाइदिएका

छन् तिनले शिर्षक त्यस्तो राख्छन्, त्यसलाई के भ्रम हुन्छ भने यो शीर्षक राखेर मैले थला पार्ँे भन्ने । तर जनता भने हाँस जस्ता छन्, चाहिने कुरा मात्रै लिन्छ नचाहिने कुरा त्यहीँ छाड्छन् । (हाँस्दै) आमा-बाबुले खर्च गरेर शब्द सिकाएका उसैलाई छोडिदिन्छन् जनताले, ल आमा-बाबुको खर्च तिम्रै भागमा, मलाई चाहिएको यति म लिन्छु, सिद्धियो । त्यसकारण यहाँ दलीय व्यवस्था छ, यसको कलिलोपन, काँचोपनमा यसभित्र घुसेर आउने अन्य तत्वहरू - धानवारीमा निस्किने सामाहरू उस्तै उस्तै देखिन्छ र त्यसभित्र मिसिन्छ, त्यो शीर्षकचाहिँ सामा अग्लो भएर चट्ट फलेको देखिन्छ नि । त्यस्तै गरेर उसलाई चाहिँ के लागेको हुन्छ भने म धानभन्दा बढी पहिले नै ध्यान पुग्ने गरी अगाडि उठेको छु नि भन्ने पर्छ, तर काट्ने मान्छेले, त्यसलाई स्याहार्ने मान्छेले के बुझ्छ भने सामा त सर्लक्क देखियो, त्यो काम छैन भन्ने ।

हाम्रो कथा : मैले प्रश्न गरेको चाहिँ तपाईंले आफ्नो सपना बुझाउन नसकेको जस्तो, अथवा जनताले नबुझेको जस्तो लाग्दैन ?

केपी ओली : त्यो त छँदैछ, बुझ्ने क्षमता पुग्न सकेका छैनन्, तर सबै कुरा आफैले बुझेको छु भन्ठानेका छन् । आमजनताका कुरा बेग्लै छ, जनताको पंक्ति भित्रै पर्छन् ती पनि । तर जनताको पंक्तिभित्रै परे पनि तिनको उद्देश्य बेग्लै छ । ती उद्देश्यहरू तिनले आफ्ना भन्ने ठानेका होलान्, तर ती आफ्ना होइनन् । त्यस्ता केही अरु प्रकारका छन् । विचारमा विग लगाएका केही मान्छे हुन्छन् । तिनले विगलाई आफ्नै कपाल ठान्छन् । त्यसमा मैले धेरै जानु वाञ्छनीय ठान्दिन ।

हाम्रो कथा : म अब क्याटोगोरिकल्ली केही कुरा गर्न चाहन्छु । जति बेला विज्ञहरू सम्भव छैन भन्दै थिए, तपाईंले म एक वर्षभित्र लोडसेडिङ अन्त गर्छु भन्दै हुनुहुन्थ्यो । जानिफकारहरू हुँदैन, सकिँदैन भन्दै थिए । तपाईं भन्दै हुनुहुन्थ्यो, हो सामान्य अवस्थामा हुँदैन त्यसैले असामान्य अवस्थामा नै गर्ने हो । करिब करिब ९ महिना भयो तपाईं प्रधानमन्त्रीको कुर्सीमा बस्नु भएको १ वर्ष हुनलाई जम्मा तीन महिना बाँकी छ, देश लोडसेडिङ मुक्त हुने भयो त ?

केपी ओली : बेसिकल्ली मुक्त हुन्छ, २ वर्षभित्र पूर्ण रूपमा मुक्त हुन्छ । एक वर्ष भित्र बेसिकल्ली मुक्त हुन्छ । तामाकोशीको आउन बाँकी छ । भारतसँग पनि ३०० मेगावाट थप लिएका छौं र भारतसँग ५००-६०० मेगावाट जति लिन्छौं । हामीसँग ५०० मेगावाट जति विन्टर सिजनमा, ड्राई सिजनमा या त्यो भन्दा अलिकति बढी उत्पादन होला । यस वर्षबाट हामीले कतिपय आयोजनाहरू पूरा पनि गर्दैछौं । हाम्रो पूरा डिमाण्ड १४०० मेगावाट जति छ र १००० मेगावाटको आसपासमा हामी विद्युत दिन सक्छौं भने पनि आधारभूत रूपमा लोडसेडिङ अन्त हुने स्थिति तर्फ हामी जाँदै छौं । अब यसलाई मैले एउटा कुरा भनिरहनु उचित हुँदैन । यस अभियानलाई असफल पार्ने प्रयासहरू गम्भीर रूपमा भए । तर पनि हामीले विद्युत उत्पादन र नेपालमा त कसैले विद्युत दियो भने पनि ट्रान्समिसन लाइन छैन, त्यो विद्युत नै ल्याउनै सकिँदैन र लानै सकिँदैन । जहाँ उत्पादन हुन्छ, ती उत्पादन भएका ठाउँबाट पनि विद्युत ल्याउन ट्रान्समिसन लाइन नै छैन । नेपालको भद्रगोलको त अर्कै कहानी छ । त्यसलाई हामीले विस्तृत र परिपूर्ण ढङ्गले यसको समग्र योजनाका साथ देश बनाउने काम - यस अन्तर्गत यो पनि पर्छ ।

हाम्रो कथा : अर्को एउटा तपाईंले बाँडेको सपनाचाहिँ जति बेला नेपालीहरू भुसबाट चुल्हो बाल्दै थिए, दाउराबाट चुल्हो बाल्दै थिए, एक सिलिण्डर ग्यास घरमा लैजानको लागि लुछाचुँडी गर्दै थिए, हारालुस गर्दै थिए, लट्ठी खाँदै थिए, त्यति बेला तपाईं यो ग्यासका सिलिण्डर गए अब घरघरमा ग्यासको पाइप लैजाने हो भन्दै हुनुहुन्थ्यो । जनता सकसमा भएको बेला त्यस्तो सपनाचाहिँ किन बाँड्नु भएको हो ?

केपी ओली : एउटा अनिकाल परेको बेला, बच्चा बच्चीहरू खान नपाएर अत्यन्त छटपटाएको बेला एउटी आमाले के गरिछन् भन्दा - बाबु त अन्न खोज्न गइराख्येका छन् कतैबाट ल्याउला - बच्चाबच्ची त मर्न लागे, भोकले छटपटाएका छन् - अनि आमाले एउटा लौरो चुलामा राख्येर पाक्दै छ पख्व भन्दै थिइन्, त्यसले एउटा आशा जगायो बच्चाबच्चीहरूमा खान त पाइने रहेछ भनेर । तिनीहरूले बाँच्ने सहारा भयो, त्यसपछि बाबुले कतैबाट खोजेर ल्याई पुऱ्याए र जीविका चल्यो । तपाईं कतैबाट कुनै भारी लिएर जाँदै हुनुहुन्छ भने यहाँ गन्तव्यमा पुग्छु भनेर पुग्नु भयो भने

ठीक भयो, गन्तव्यमै पुगिएन भने कति बोक्ने । यति पर, यति पाइला, यति मिटर, यति किलोमिटर पर गन्तव्य छ भनेपछि तपाईं अब म यति हिँडे र यति हिँड्न बाँकी छ भनेर पुग्नु हुन्छ । कहाँ हो भनेर थाहा छैन भने किन बोकिरहने । पुऱ्याउनु कहीँ छैन, पुग्नु कहीँ छैन, पुग्ने सम्भावना छैन भने बोक्ने किन ? भारी किन बोक्ने, कष्ट किन सहने । त्यसपछि तपाईंले त्यसलाई फ्याँकी दिनु हुन्छ । असाधारण ढंगले, अत्यन्तै अमानवीय, असह्यै स्थितिमा हामी पऱ्यौं । हाम्रा आवागमन, यातायात, परिवहन सबै ठप्प भए । हामी दाउराबाट, मट्टितेल-ग्यास तिर भर्स्वर लागेका थियौं, त्यो पनि शहरमा । शहरको जीवन महेन्द्र मल्लको समय जस्तो दाउरा बालेर धुवाँ आयो कि आएन भनेर हेर्ने समय रहेन । अबको समय ग्यासको समयतिर गयो । तर अचानक हामीसँग चुल्हा छैनन्, हामीसँग दाउरा पनि छैन, हाम्रो त्यो सभ्यता हाम्रा घर पनि त्यो अनुकूल छैन, अरु कुनै वैकल्पिक व्यवस्था पनि छैन, विद्युत पर्याप्त छैन । नखाइ पनि हुँदैन, खानलाई पकाउनु पऱ्यो, मान्छेले काँचो खान हजारौं वर्ष पहिले देखि नै छोडिसक्यो, पकाएर खान जानेकै धेरै भइसक्यो । पकाउन ग्यास छैन । त्यस्तो बेला मैले भनेको हुँ हामी धेरै परनिर्भर भयौं । यो कष्ट हामीलाई किन पऱ्यो आज । परनिर्भरताले त हो । के यो परनिर्भरता अनिवार्य छ ? के हामी आफै प्रबन्ध गर्न सक्दैनौं ? फोहोर व्यवस्थापनबाट हामी ग्यास निकाल्न सक्छौं । बायोग्यासबाट निकाल्न सक्छौं । हामीसँग भएको प्राकृतिक ग्यासबाट हामी निकाल्न सक्छौं । अर्को, हामीले अरु विभिन्न ढंगले पनि प्रयोग गर्न सक्छौं ग्यासको कुरा । अर्को बिजुलीबाट पनि हामीले ग्यासलाई प्रतिस्थापन गर्न सक्छौं । हामीसँग सोलार पनि हाम्रो हो, विण्ड पनि हाम्रो हो ।

हाम्रो कथा : मान्छेहरूले चुल्हो बाल्न नपाएको बेलामा, ग्यास नभएको बेलामा, मट्टितेल नभएको बेलामा जसोतसो मिलेर काम चलाऔं, जसोतसो पुऱ्याऔं भन्नु पर्ने हो कि अथवा त्यो भन्दा झन ठूलो सपना देखाइदिने हो ?

केपी ओली : मैले के भनेको छु भन्दा अहिले हामीलाई कष्ट छ, हामीले दुःख पाएका छौं, हामीले ग्यास बाल्न पाएका छैनौं । मैले भनेको छु, पाउरोटी नपाउने अवस्था भयो, पाउरोटी पनि कहीँ त पकाउनु पऱ्यो - बिस्कुट

नपाउने अवस्था भयो - तातोपानी तताउन नपाइने अवस्था भयो - चिया खान नपाइने अवस्था भयो - कस्तो हाहाकारको अवस्थामा हामी पुग्यौँ । आज हामी ज्यादै दुःखदायी, कष्टकर अवस्थामा छौँ । यसको सामना त हामीले गर्नै पऱ्यो । कुनै हिसाबले त गर्नै पऱ्यो । हामीले यसको सामना गरौँ । तर अब ग्यासका सिलिण्डर, यो विदेशी सिलिण्डरहरू बोकेर कुद्ने, यो अवधिलाई हामीले समाप्त पार्नु पर्छ र चुल्हामा ग्यासका पाइपहरू पुऱ्याउने प्रबन्ध गर्नु पर्छ । अलिक समय हामीले पर्खनु त पर्छ । तर हामीले त्यो गर्न सक्छौँ ।

हाम्रो कथा : यसमा केही काम अगाडि बढेको छ ?

केपी ओली : छ । काठमाडौँमा अगाडि बढेको छ, अरु धेरै ठाउँमा अगाडि बढेको छ । हामीले ग्यासको अन्वेषणदेखि लिएर काठमाडौँ, भक्तपुर, ललितपुर, विराटनगर र अरु ठाउँहरूका फोहोर व्यवस्थापनबाट कति गर्न सक्छौँ, बायो ग्यासबाट कति गर्न सक्छौँ, अनेक वैकल्पिक ऊर्जाका व्यवस्थाहरू हामीले गरिराखेका छौँ, गर्दै गएका छौँ ।

हाम्रो कथा : यो सपना तपाईं आफैले देख्नु भएको हो कि, कसैले सुझाएको हो ?

केपी ओली : मैले आफैले हो । यो धेरै खोज अनुसन्धान गर्नु पर्ने विषय होइन । अमेरिका, चीनमा कतै सिलिण्डर देख्नु भएको छ ? त्यहाँ ग्यास त पाइपबाटै चुल्हामा पुऱ्याएका छन्, सिलिण्डर त बोकेर हिँडेको हुँदैन । अस्ति एउटा लोकगीत पाराले बनाएका रहेछन् - हामी पनि को भन्दा के कम भन्ने गीत बनाएछन् । अनि सिलिण्डरको समय गयो भन्दा रित्तो सिलिण्डरलाई लात्ताले हिर्काउर गुड्काएर देखाएका थिए । मलाई एकैचोटि धेरैवटा काम गर्नु पऱ्यो, मैले अलिकति काम गर्ने बित्तिकै मलाई हटाउने प्रयासहरू शुरु भए । हुन त पहिलेदेखि मेरो नेतृत्वको सरकार बन्न नदिने प्रयास पनि भएका थिए, बनेपछि पनि एक महिनामै हटाउँछु र तीन महिना पनि कट्न दिन्न भन्ने पनि थिए । त्यस्ता परिस्थितिमा मैले एकैचोटि धेरै कामहरू गर्नु पऱ्यो ।

हाम्रो कथा : सपनाहरू पनि धेरै देख्नु भयो ?

केपी ओली : बाटो त हामीलाई चाहिन्छ । नेपालीहरूले रेल कुदाउनु हुँदैन र ? अनि एउटा मुलुक बेस्ठित हुनु पर्ने, एउटा मुलुकमा निर्भर हुनु पर्ने, एउटा मुलुकले नाकाबन्दी गरिदियो भने भोकै मर्नु पर्ने, अर्कोतिर बाटो बनाउन नहुने, खोल्न नहुने, अर्कातिरबाट हाम्रो अन्तर्राष्ट्रिय पहुँच हुन नपर्ने, विश्वसँग हाम्रो सम्पर्क सम्बन्ध हुनु नपर्ने त्यस्तो केही छ र ? त्यो पनि त हामीले काम गर्नु पऱ्यो । यी सबै कामहरू हामीले एकैचोटि गर्नुपऱ्यो ।

हाम्रो कथा : तपाईंले अर्को देख्नेको सपनाचाहिँ तपाईंले अब हामी प्रशान्त महासागरमा, हिन्द महासागरमा आफ्नै पानीजहाज चालाउने हो भन्नु भयो, खूब उडाए तपाईंलाई, तपाईंले एक ठाउँमा भाषणमा त भन्नुभयो - मान्छेहरूले कागजको पानीजहाज बनाएर व्यङ्ग्य गरे त्यो पनि मैले थाहा पाएको छु भनेर । खूब उडाए है तपाईंलाई ?

केपी ओली : महाभारत युद्धको समाप्तिपछि एउटा यज्ञमा, एकजना विद्वानले, दार्शनिकले तथ्यपूर्ण कुरा गरेको थियो - तर प्रचलित मूल्य मान्यता अनुसार भएन भनेर अन्धविश्वासी किताब पढेका विद्वानहरूले यज्ञमा किच्याएर मारे, ढुंगाले हानेर । हामी त्यो जमाना पार गरेर आएका हौँ । किताब पढेका ज्ञान नभएका खतरनाक तत्वहरू, जो आफूलाई विद्वान् ठान्छन्, किताब पढेको छ तर ज्ञानचाहिँ छैन - त्यस्तो खतरनाक तत्वहरूको फेलामा परिन्छ ।

हाम्रो कथा : तपाईं त्यस्तै विद्वान्हरूको फेलामा पर्नु भयो ?

केपी ओली : त्यो कुरा तिनीहरूको आत्मसन्तुष्टी हो । उनीहरू के सोच्छन् भने सिध्याएर छोडिदिएँ आजै भन्छन् । तर त्यो उनीहरूको भ्रम हो, आत्मसन्तुष्टिका लागि । सिद्धिएको कोही पनि हुँदैन ।

हाम्रो कथा : हामी जस्तो सोसाइटीमा बाँचेका छौँ, जस्तो कथा छ जस्तो व्यथा छ, त्यस्तो समयमा तपाईंले हिन्द महासागर र प्रशान्त महासागरमा पानी जहाजको सपना किन देख्नु पर्थ्यो, मान्छेको प्रश्न त यस्तो पनि छ नि ?

केपी ओली : यो धर्ती हाम्रो हो । यस धर्तीमा सक्नेले उहीले मेरो यति यति हो भनेर कब्जा गरे, त्यो कब्जा भइसकेर पनि धर्ती छँदैछ । समुद्रहरू

छँदैछन् । ती समुद्रहरूलाई साझा समुद्रको रूपमा प्रयोग गर्न सक्छौँ । र समुद्रसम्मको आवागमन गर्ने, बन्दरगाह प्रयोग गर्ने, बन्दरगाह प्रयोग गर्ने सम्बन्धी आवागमनको ट्रान्जिट ट्रिटी भनिन्छ । र त्यहाँसम्म पुग्ने ट्रान्सपोर्ट ट्रिटी भनिन्छ । ट्रान्सपोर्ट र ट्रान्जिट ट्रिटीहरू हामीले पहिले भारतसँग गरेका थियौँ । किन मैले विशाखापटनमको ठूलो राम्रो, ठूला जहाज पनि आउन सक्ने, फराकिलो बन्दरगाह, त्यो पोर्ट पनि नेपाललाई चाहिन्छ भनेँ । कलकत्ताको हल्दिया सानो जहाज मात्रै चल्ने, पातलो अलि छिपछिपे पानी मात्रै भएको, ठूला जहाजहरू आउन नसक्ने त्यस्तो थियो । बंगलादेशसम्म हाम्रो आवागमन भएपछि चिट्टगाउँबाट पनि लिन सक्छौँ । अरु पनि ठाउँहरू लिन सक्छौँ हामी । चीनसँग हामीले पारवहन र आवागमनसम्बन्धी समझौताहरू गर्‍यौँ । जसबाट अब हामी बन्दरगाहसम्म पुग्न, प्रशान्त महासागरसम्म पुग्न सक्छौँ । भूपरिवेष्ठित देशहरूले पनि पानीजहाजहरू लिएका छन् र चलाएका छन् । मंगोलिया हामीजस्तो उर्वर भूभाग होइन । उसले समुद्रको कत्रो उपयोग गरेको छ । उसका २६५ वटा पानी जहाजहरू छन् । आफ्नो काम त गर्छ, तर उसलाई २६५ वटा पानीजहाजको आवश्यकता छैन । उसले त्यसलाई भाडामा प्रयोग गरेको छ र त्यसबाट नाफा पनि कमाएका छन् । समुद्र सबैको हो, त्यसमा जहाज चलाएर जसले पनि कमाउन सक्छ ।

हाम्रो कथा : भूकम्पले थिलोथिलो भएको बेला मान्छेहरूले दुई छाक गाँस पाएका थिएनन्, बास पाएका थिएनन्, नाकाबन्दीको चपेटामा हामी थियौँ, त्यस्तो बेलामा सपनाहरूको पनि प्राथमिकता हुन्छ होला नि, त्यस्तो बेला त्यस्तो सपनाचाहिँ किन देख्नु भयो ?

केपी ओली : त्यति बेला हामीलाई जे आइपर्‍यो, कतै भूकम्प, कतै नाकाबन्दी - जसका निम्ति अब नेपाललाई कसरी अगाडि बढाउने, हाम्रो भविष्य कस्तो हुने ? कुनै बाँझो बारी हेरेर त्यो बाँझो कै गीत गाएर बस्नुको केही अर्थ हुँदैन । यस बारीलाई उर्वर बनाउँछु, यस बारीमा यति फलाउँछु भन्ने सपना देखिएन भने बाँझोको गीत मात्रै गाएर केही पनि हुँदैन ।

हाम्रो कथा : केही कुरा अघि बढ्यो त पानीजहाजको विषयमा ?

केपी ओली : मैले केही अध्ययन गर्न लगाएको छु पानीजहाजको सम्बन्धमा । मैले कुरा गरिसकेपछि त्यससम्बन्धमा केही पानी जहाज कम्पनीका मानिसहरू पनि कुरा गर्न आएका थिए । उनीहरू काम गर्न तयार पनि छन् । तर मैले भ्याउने अवस्था रहेन अहिले ।

हाम्रो कथा : यी त भए तपाईंका केही चर्चित सपनाहरू, त्यस भन्दा बाहेक नवलपरासीमा फलाम खानी, केरुङ-काठमाडौँ-लुम्बिनी-पोखरा रेलमार्ग दुई वर्षभित्र, आफ्नै पेट्रोल खानी, तपाईंले भन्नु भएको थियो, भारतको पेट्रोल पनि नल्याउने, चाइनाको पेट्रोल पनि नल्याउने, दुई वर्षभित्र आफ्नै पेट्रोल बनाउने भन्नु भएको थियो, यी सबै सपनाहरूमा कसरी काम भइरास्वेको छ ?

केपी ओली : हामीले दैलेखमा र अरू केही ठाउँहरूमा पेट्रोलसम्बन्धी अन्वेषणका कामहरू गरेका छौँ । पेट्रोल हामीसँग छ भन्ने कुरा थाहा भएको छ । त्यो पेट्रोल हामी उत्खनन गर्न सक्छौँ र प्रयोग पनि गर्न सक्छौँ । हामीसँग ग्यास छ भन्ने थाहा भएको छ । त्यो अलिकति पर्याप्त छैन । तर पर्याप्त नभए पनि हामी फोहोरमैलाबाट उत्पादन गर्न सक्छौँ र लगभग हाम्रो ग्यास पर्याप्त हुने स्थितिमा हामी पुऱ्याउन सक्छौँ । हामी आवश्यकता पर्दा विभिन्न ठाउँबाट ग्यासको पाइपबाट ल्याउन सक्छौँ र त्यसको स्थायी व्यवस्था पनि गर्न सक्छौँ । अर्को कुरा केही वर्षभित्र ग्यासमा बढ्ता जोड नदिने, हाम्रो ग्यास हामीलाई काफी हुन्छ, हामीसँग विद्युत उत्पादनका सम्भावना साह्रै धेरै छन् । दुईचार वर्षभित्र हामी विजुली यति उत्पादन गर्न सक्छौँ जसले गर्दा ग्यास बालिरहनु पनि पर्दैन । विद्युतबाट नै हामी काम चलाउन सक्छौँ । धेरै चीजहरू हामी गर्न सक्छौँ र हामी इलेक्ट्रिक भेहिकल्समा पनि जान सक्छौँ । जसले गर्दा हामीले पेट्रोलियमको प्रयोग कम गर्न सक्छौँ । हाम्रो आफ्नै पेट्रोलियम प्रडक्ट छ जसमा हामीले भोलि निर्यात गर्ने स्थितिमा पुगौँला । भोलि हाम्रो स्थिति कस्तो हुन्छ हामी सबै त्यसमा अध्ययन गर्दैछौँ । हामीले युरेनियम पनि पत्ता लगाएका छौँ र युरेनियमको सुरक्षाका लागि सेनालाई जिम्मा दिइएको छ । हामीसँग यस्ता खानीहरू छन्, जसलाई हामीले केही अन्वेषण गरेका छौँ । जस्तो फलाम खानी । हामीसँग दशौँ खर्बभन्दा बढी त्यही नवलपरासीको एउटा पहाडबाट फलाम निस्किन्छ ।

दैलेख, सुर्खेतबाट पेट्रोलियम पदार्थ निस्किन्छ । काठमाडौँ र अरू केही ठाउँहरूबाट ग्यास निस्किन्छ । हामी विद्युत उत्पादन गर्न सक्छौँ - जियोथर्मल - अरूले नेपालमा चर्चा गरेको थिएन यसलाई मैले नै चर्चा गरेको हुँ । जियोथर्मलबाट विद्युत निकाल्न अध्ययन भइराखेको छ । हाम्रो रेल काठमाडौँबाट शाङ्घाई वा हेनानसम्म जाने र त्यहाँबाट हाम्रो पानीजहाजमा हाम्रा सामानहरू पुऱ्याउने, त्यसले अन्यत्र पुऱ्याउने । त्यहाँबाट सामान काठमाडौँ ल्याइपुऱ्याउने । त्यस्तो गर्न मिल्दैन र ?, पाप लाग्छ ? यहाँबाट हाम्रो सामान रेलमार्ग हुँदै विशाखापटनम जान हुँदैन र ? रक्सौलसम्म त भारतको रेल छ त, यहाँदेखि त्यहाँसम्म रेलमार्ग बनाउनु हुँदैन र ? काठमाडौँ शहरभित्र जहाँ यातायात पुग्न सक्दैनन् चारैतिर केबलकार राखेर यातायात सेवा दिन सक्दैनौँ र? जनताले बुझ्छन्, सर्वसाधारणले बुझ्छन्, तर केही आग्रहयुक्त मान्छेहरूले नबुझेको स्वाँग पारेर भ्रम सिर्जना गर्छन् । तर कुरा के हो भने उनीहरूकै जिन्दगीमा उनीहरूले नै लेखेका लेखहरू पल्टाएर १० वर्षपछि यो तिमीहरूले के लेखेका थियौ भन्यो भने तिनीहरूले के जवाफ देलान् ?

हाम्रो कथा : लेखको कुरा गरिहाल्नु भयो, तपाईंले बाँडेका सपनाहरू देखाएर केही पत्रिपत्रिकाहरूले, विभिन्न न्युजहरू लेखे, कसैले त सम्पादकीय नै लेखे, तपाईंले बाँडेका सपना जोडेर, तपाईंले खाने औषधिसम्मलाई पनि जोडेर, तपाईंको मानसिक स्थितिको पनि प्रश्न गरे, यसमा तपाईंलाई केही भन्नु छ ?

केपी ओली : मेरो विचारमा मान्छेले जब बोल्छ, नबोल्दासम्म ऊ के हो, कस्तो हो, कुन स्तरको हो थाहा पाउन गाह्रो हुन्छ । बोलेपछि परिचय यसै हुन्छ । आ-आफ्ना परिचय मान्छेले दिएका छन् । हतार किन गर्ने ?

हाम्रो कथा :सबै हिसाबकिताब राख्नु भएको छ ?

केपी ओली : त्यसको जरुरत नै पर्दैन । त्यस हिसाबले उनीहरूले आफै प्रश्न गर्छन् ।

हाम्रो कथा : अस्ति संसदमा तपाईंले भन्नुभयो, मैले खालि बोलेँ मात्रै भन्छन्, तिमीहरूले देखाउलाउ, दुई-चार महिनामा त देखिहालिन्छ हालेछ, तपाईंले पस्ल्यास्, खालास्, देस्ल्यास् भन्नु भएको हो ?

केपी ओली : होइन । मैले सहयोग गर्छु भनेको छु । तर मैले चिनेको छु, गर्ने खालका होइनन् । मैले जे गर्न खोजेँ बोलेको मात्रै छैन, गरेर देखाएको छु । मैले एउटा देशमाथिको निर्भरता - यसका धेरै पाटाहरू छन्, कृषि आत्मनिर्भरता, खाद्यान्नमा आत्मनिर्भरता, कृषिको आधुनिकीकरण, कृषिको व्यवासायिकीकरण, कृषिआधारित उद्योगको स्थापना, तलदेखि-माइक्रोफाइनान्स, सहकारीहरूबाट, गाउँगाउँबाट रोजगारीका अवसरहरू सिर्जना गर्ने, एउटा उद्योग स्थापना गऱ्यो, पाँचसय मान्छेले काम पाउला अथवा एकहजारले पाउला, वा दुईसयले पाउला - त्यसले के के न परिवर्तन हुन्छ भन्ने होइन, त्यसले केही न केही रेभिन्यु वाला काम गर्ला, करमा अलिकति मद्दत गर्ला । तर सिङ्गै उठाउने हो भने तलदेखि नै उठाउनु पर्छ । नेपालमा एउटा के देखियो भने ठूलाठूला अर्थशास्त्रीभन्दा साधारणहरूले नै बढी काम गरेको देखियो । केही केही विद्वानहरूको ताल कस्तो देखियो भने तिनका मूर्ख कुराहरू भजाउनको निम्ति मेरो सर्टिफिकेट हेर न भन्दै सर्टिफिकेट हातमा बोकेर देखाउँदै हिँड्छन् । मैले यस्तो यस्तो विषयमा यो यो गरेको छु । फलानो विश्वविद्यालयबाट यो, फलानो विश्वविद्यालयबाट यो, युरोपबाट यो, अमेरिकाबाट यो, जापानबाट यो, हेर सर्टिफिकेट । मेरो विद्वतामा शंका गर्ने भनेर मूर्ख कुरा गर्छन् । सर्टिफिकेट देखाउन पर्दैन कुराचाहिँ मूर्ख नगरेदेखि ।

हाम्रो कथा : अब म तपाईंको सपना मात्रै होइन, यो बीचमा तपाईंले लिएका अडान, तपाईंले गरेका सन्धिसम्झौताहरू पनि निकै चर्चामा रहे, धेरै मानिसहरूले राष्ट्रियताको मामिलामा तपाईंले भारतसित लिएको अडानको प्रशंसा गर्छन्, मैले बुझ्न नसकेको चाहिँ तपाईंले भारतसँग लिएको अडानचाहिँ के हो ?

केपी ओली : खास केही होइन, नेपालको राष्ट्रियताको कुरा गरेको हो । नेपाल एउटा सार्वभौमसत्ता सम्पन्न देश हो । यसको सार्वभौमसत्तालाई स्वीकार्नु पऱ्यो, मान्नु पऱ्यो । यो एउटा स्वतन्त्र देश हो, यसका आफ्ना मामिलामा निर्णय गर्ने अधिकार हुन्छ । त्यो कुरा स्वीकार गर्नु पऱ्यो,

मान्नु पर्‍यो । हामी कसैको अहित चाहँदैनौँ । अरुको अहित नगरीकन आफ्नो हित, स्वाभिमानको पक्षमा हामी अडिग छौँ । हाम्रो स्वाभिमानसँग कसैले चित्त दुखाउनु मनासिब होइन । नेपाल राष्ट्रको राष्ट्रिय स्वाभिमान हुन्छ । त्यत्ति भनेको हो । हामी आदेश तामेल गर्न बसेका होइनौँ । हामी मित्रताको हिसाबले पारस्परिक लाभ र पारस्परिक सम्मानको हिसाबले चल्छौँ । छिमेकीहरूको सम्बन्ध त्यसैगरी चल्छ ।

हाम्रो कथा : तपाईंले भारतलाई यही भन्नु भयो ?

केपी ओली : हो यही भनेँ । हामी आदेश तामेली गर्न बसेका होइनौँ ।

हाम्रो कथा : तपाईंले साँच्चि नै यसै भन्नु भयो ?

केपी ओली : किन नभन्नु, यो त पब्लिकली गरेको छु । मैले कुरा एक ठाउँमा एउटा र अर्को ठाउँमा अर्को गर्ने गरेको छैन ।

हाम्रो कथा : तपाईंलाई के आदेश दिएको थियो र, तपाईंले मान्दिन भन्नु भयो ?

केपी ओली : दिन पाइँदैन भनेको हो । दिन मिल्दैन कसैले ।

हाम्रो कथा : त्यो चाहिँ तपाईं मात्रै भन्नु हुन्छ कि अधिकांश हाम्रा नेताहरूले भन्छन् ?

केपी ओली : सुनिराख्नु भएकै छ, देख्नु भएकै छ ।

हाम्रो कथा : अनि चीनसँग पारवहन सन्धि कति गाह्रो भयो, नगर भने कि कसैले, अथवा कसैले चाँडै गर्न आऊ भने कि ?

केपी ओली : मसँग त्यति कसैले भन्दैनन् र भनेन् । मैले नेपालका लागि काम गर्ने हो, नेपालको हितका लागि काम गर्ने हो, त्यो मैले गर्छु ।

हाम्रो कथा : तपाईंले जति पनि सपना देख्नु भयो, के नेपालका कुनै पनि प्रधानमन्त्रीलाई सपना देख्न दिन्छन् ?

केपी ओली : रोक्न सक्दैनन् । हामीलाई सपना देख्न कसैको इजाजत चाहिने पनि होइन । सपना देख्न पाइन्न भन्ने बन्देज पनि हामी मान्दैनौँ ।

हाम्रो कथा : नदिने प्रयत्नचाहिँ गर्छन् कि गर्दैनन् ?

केपी ओली : हाल भइरास्वेको घटनाक्रम देख्नु भएकै छ, छर्लङ्गै छैन र ।

हाम्रो कथा : अब जाँदाजाँदै तपाईंले ९ महिना प्रधानमन्त्री भएर चलाउँदा तपाईंलाई साह्रै स्वट्किएको यो चाहिँ मैले गर्न पाइन भन्ने कुनै चीज छ ?

केपी ओली : एउटा भन्छन् नि वेभलेन्थ भनेर । मेरो वेभलेन्थ, मेरो स्पिड अरूसँग मिलेन । म अलिकति बढी स्पिडमा चल्न खोज्ने । मैले बडो अप्ठ्यारो परिस्थितिमा जिम्मा लिएँ । भूकम्पले क्षतविक्षत बनाएको देश । तराई बलेको अवस्था । नाकाबन्दीले जर्जर बनाएको स्थिति । त्यस्तो अवस्थामा म प्रधानमन्त्री भएँ । हुन नदिने कोसिस भयो, भइसकेपछि तत्कालबाट हटाउने कोसिस सुरु भयो । मैले चीनसँग पारवहन र आवागमनसम्बन्धी सम्झौता गरेपछि त्यहाँबाट झन् तीव्रता दिइयो हटाउने अभियानलाई । म चीनमा नै हुँदा यहाँ उद्यम शुरु भइसकेको थियो । मैले थाहा पाएको थिएँ । फर्केर आएपछि झन् धेरै थाहा भयो । सर्कसमा डोरीमा हिँड्छन् नै बिल्कुल त्यस्तै डोरीमा हिँडियो, सावधानी साथ । डोरी यस्तो खतरनाक चीज हो, त्यसमा हिँड्नेको गति खल्बलियो वा त्यसलाई चलाइदिएपछि गाह्रो हुन्छ । तर जुन पोलमा त्यो डोरी बाँधिएको थियो त्यो पोल गतिलो थिएन, मक्किएको थियो । सबैले हेरे, कहाँ हान्यो भने यो भत्किन्छ मक्काएको पोल हो सबभन्दा सजिलो आक्रमण गर्न । त्यस्तै भयो ।

हाम्रो कथा : अहिले त्यही पोललाई डोरी बनाए होइन ?

केपी ओली : त्यसैमा फेरि अलि जोडजाड पारेर, त्यसैलाई अलि डोरीको पोल बनाएका छन् अहिले । तर तपाईंले अघि भन्नु भयो नि म हेराँला भनेर, अलिकति तिनीहरूका ठूला गफलाई मैले भनेको हुँ । हामी पनि यहीँ छौँ हेराँ न त । तर फेरि अरु जस्तो होइन हामीचाहिँ सहयोग गर्छौँ है, रचनात्मक योगदानसहितको सहयोग हुन्छ । देश विकासका काममा हाम्रो साथ रहन्छ ।

हाम्रो कथा : जाँदाजाँदै तपाईंले देख्वेका सपनाहरूको निगरानी गर्नु हुन्छ ?

केपी ओली : अवश्यै । नेपालीमा जनतामा, खासगरी नयाँ पिँढीमा । आउँदो पिँढीका लागि राम्रो प्रबन्ध चाहिएको हो । समृद्ध नेपालको चाहिएको हो, आधुनिक नेपाल चाहिएको हो, विकसित नेपाल चाहिएको हो - आउँदो पिँढीका लागि । त्यो पिँढी सजग छ ।

हाम्रो कथा : प्रधानमन्त्रीज्यू समयको लागि धेरै धेरै धन्यवाद ।

केपी ओली : धन्यवाद ।

(केपी शर्मा ओली प्रधानमन्त्री भएका बखत देखेका सपनाहरूलाई लिएर हाम्रो कथा डट कमका लागि मनोज पाण्डेले यो अर्न्तवार्ता लिएका हुन् । २०७३ साउन १५ गते प्रधानमन्त्रीको सरकारी निवासमा गरिएको यसै कुराकानीमा आधारित रहेर हाम्रो कथा डट कमले- 'मैले किन सपना देखाएँ ?' 'आदेश तामेली हुन्न' 'उडाइएका सपना', 'म बनाउँछु मेरो देश' शीर्षकमा 'सपना शृङ्खला' शुरुमा प्रसारित गऱ्यो । एउटा प्रधानमन्त्रीका रूपमा केपी शर्मा ओलीले देखेका सपनालाई आमनागरिकले समेत निगरानी गर्न सकून ताकी सपना फेरि मूर्छित हुनबाट जोगियोस् भन्ने उद्देश्यले हाम्रो कथा डटममा प्रसारित भिडियो अर्न्तवार्तालाई सकेसम्म कम सम्पादन गरी यहाँ प्रस्तुत गरिएको छ । हप्ता दिन भित्रै हजारौं दर्शकले युट्युवमा हेरेको यो अर्न्तवार्ता नयाँ प्रधानमन्त्रीको नियुक्ति हुनुभन्दा एकदिन अगाडि हाम्रो कथा डट कमले प्रसारण गरेको थियो । यसलाई तलको लिङ्कमा गएर हेर्न पनि सकिन्छ ।)

https://www.youtube.com/watch?v=aUeEI7EfzZ8



भारत र चीनको भ्रमण

१

भारतको राजकीय भ्रमण – प्रेस नोट

(भारतको राजकीय भ्रमण सकेर फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चार कर्मीहरूबीच वितरित प्रेस नोट, २०७२ फागुन १२, काठमाडौँ ।

उपस्थित सञ्चारकर्मी साथीहरू,

मित्रराष्ट्र भारतका प्रधानमन्त्री महामहिम श्री नरेन्द्र मोदीको निमन्त्रणामा भारतको ६ दिने राजकीय भ्रमण पूरा गरी स्वदेश फर्किदै छु । मेरो भ्रमणदलमा माननीय उपप्रधान तथा परराष्ट्रमन्त्री कमल थापा, माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेल, माननीय गृहमन्त्री शक्ति बहादुर बस्नेत, सांसदगण, सरकारका उच्चपदाधिकारीहरू, निजी क्षेत्र र सञ्चार माध्यमका साथीहरू रहनुभएको यहाँहरूलाई जानकारी नै छ। संचारकर्मीहरू पनि हामीसँगै रहनुभएकोले भ्रमणका समयमा भएका भेटघाट तथा कुराकानीका बारे धेरै हदसम्म यहाँहरू जानकार नै हुनुहुन्छ र जनतालाई सुसूचित गराइरहनु भएकैछ।

हाम्रा लागि यो भ्रमण विशेष महत्वको रह्यो। भारतमा महामहिम राष्ट्रपतिको निमन्त्रणा तथा न्यानो आतिथ्यतामा नयाँ दिल्लीमा रहँदा राष्ट्रपति भवनमा बस्ने अवसर हामीलाई मिल्यो र मैले यसलाई नेपाल र नेपाली जनताप्रति भारत सरकार र महामहिम राष्ट्रपतिज्यूले देखाउनुभएको सम्मान र मायाको रूपमा लिएको छु।

नयाँदिल्लीमा रहँदा भारतीय प्रधानमन्त्री श्री नरेद्र मोदीसँग एक्ला-एक्लै र प्रतिनिधिमण्डल स्तरमा वार्ता भयो। नेपाल भारत सम्बन्धका सम्पूर्ण पक्ष र विषयहरूमा हामीले सघन र खुल्लारूपमा छलफल गर्‍यौं। हामीबीच भएका छलफल र सहमतिलाई संयुक्त पत्रकार सम्मेलनका माध्यमबाट हामीले सार्वजनिक गरिसकेका छौं।

दिल्ली प्रस्थान गर्नुअघि नै मैले यहाँहरूलाई भनेको थिएँ, "मेरो यो भ्रमणको मूल उद्देश्य नेपालमा नयाँ संविधान निर्माणपछि नेपाल-भारत सम्बन्धमा देखिएको असमझदारी हटाउनु हो।" भ्रमणका समयमा हाम्रो ध्यान त्यसैमा केन्द्रित रह्यो। लोकतान्त्रिक विधिबाट निर्वाचित सार्वभौम संविधानसभाबाट निर्माण भएको संघीय गणतान्त्रिक नेपालको समावेशी संविधानका बारे भारतीय राजनीतिक नेतृत्व वर्ग समक्ष थप प्रष्ट्याउने प्रयास मैले गरेँ।

संविधान निर्माणपछि देखिएका केही असन्तुष्टिहरूलाई सम्बोधन गर्न संविधान जारी पछिको छोटो समयमा नै दुईवटा महत्वपूर्ण विषयमा संशोधन भइसकेको र अन्य विषयको सम्बोधन गर्न माननीय उपप्रधान तथा परराष्ट्र मन्त्रीको संयोजकत्वमा उच्चस्तरीय राजनीतिक संयन्त्र गठन गरिएको बारे मैले भारतीय मित्रहरूलाई प्रष्ट पारेँ।

भारतीय प्रधानमन्त्री मोदीजी र अन्य नेताहरूले नेपालमा संविधान जारी हुनु महत्वपूर्ण उपलब्धि भएको तथा संविधानमा हालै भएको संशोधनप्रति सकारात्मक धारणा व्यक्त भइसकेको बारे यहाँहरू जानकार नै हुनुहुन्छ।

नेपालमा भएको सकारात्मक विकासक्रमका अलावा दुईपक्षीय वार्तामा पारस्परिक सहयोगका विविध क्षेत्रमा हामीले छलफल गर्‍यौँ। भारतीय सहयोगमा निर्माणाधीन एवं निर्माण शुरू हुन बाँकी रहेका परियोजनाहरूलाई गति दिने कुरामा हामीले प्रतिवद्धता व्यक्त गर्‍यौँ ।

यस सिलसिलामा तराई मधेस विकासको मेरूदण्डको रूपमा रहेको हुलाकी सडक नयाँ ढङ्गले द्रुतताका साथ सम्पन्न गर्नका लागि समझदारीपत्रमा हस्ताक्षर भएको छ। भूकम्पपछिको पुनर्निमाणमा भारत सरकारबाट उदारताका साथ घोषणा भएको अनुदान सहयोगलाई हाम्रा प्राथमिकता क्षेत्रमा उपयोग गर्ने सम्बन्धी समझदारीपत्रमा पनि हस्ताक्षर भएको छ।

बहुप्रतीक्षित पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको डी.पी.आर. शीघ्र सम्पन्न गरी निर्माण कार्य शुरू गर्न दुबै पक्षको जोड रहेको छ र यस कामको लागि पञ्चेश्वर विकास प्राधिकरणको बैठक चाँडै बस्दैछ। नेपाल-भारतबीच विद्युत आदानप्रदानका लागि निर्माण सम्पन्न ४०० के.भी. अन्तर्देशीय ढल्केवर-

मुजाफर्फुर प्रसारण लाइनको उद्घाटन प्रधानमन्त्री मोदीजी र मैले संयुक्तरूपमा गर्‍यौँ।

उच्च पहाडी भेगमा जलाशय निर्माण गरी विद्युत उत्पादन र सिंचाइ सुविधासहित पानीको बहुउपयोगको सफल उदाहरणका रूपमा चर्चा पाएको भारतको उत्तराखण्डस्थित तेहरी आयोजना स्थलको अवलोकन गर्ने अवसर हामीलाई मिल्यो।

नेपालमा जलविद्युतको विकास, औद्योगीकरण तथा व्यापार बिस्तारका लागि वैदेशिक लगानीको महत्वलाई विचार गर्दै नेपालमा भारतीय लगानी बिस्तारमा सहयोग गर्न मैले भारतीय पक्षलाई अनुरोध गरेको छु। यस सन्दर्भमा नयाँ दिल्ली र मुम्बईमा भारतीय व्यापारी तथा लगानीकर्ताहरूसँगको अन्तरक्रिया उपयोगी रह्यो।

नेपालको पारवहन अधिकार र सुविधालाई थप सरलीकृत र बिस्तार गर्ने उद्देश्यले चारवटा आदानप्रदान पत्रमा हस्ताक्षर भएको छ । जसले लामो समयदेखि चर्चामा रहेको विशाखापट्नम बन्दरगाह उपयोगको बाटो खोलेको छ। साथै बंगलादेशसँगको व्यापार तथा पारवहनको लागि सिंहबाद हुँदै रेल सुविधा उपयोग गर्ने र फूलबारी-बंगलाबन्धको पारवहन प्रकृयालाई सरलीकृत गर्नेसम्बन्धी विषय पनि आदानप्रदान पत्रमा समेटिएको छ।

नेपाल भारतबीच लामो समयदेखि सम्बोधन हुन नसकेका १९५० को सन्धि पुनरावलोकन र अन्य पुराना सन्धिसम्झौताहरू तथा कालापानी र सुस्ताको सीमाङ्कनको विषय पनि हामीले भारतीय पक्षसँग उठाएका छौँ। यसैगरी दशगजा क्षेत्रको पवित्रता कायम गर्न दुबै देशले सहकार्य गर्नुपर्ने विषय र नेपाल-भारत सीमा क्षेत्रमा निर्मित भएका बाँध तथा अन्य पूर्वाधारहरूका कारण वर्षेनी हुने डुवानका समस्या र तिनको दीर्घकालीन समाधानका विषयमा समेत कुरा राखेका छौँ ।

प्रधानमन्त्री मोदीजीसँगको दुईपक्षीय भेटका अलावा मैले भारतीय राष्ट्रपति महामहिम प्रणव मुखर्जी एवं उपराष्ट्रपति हमिद अन्सारीसँग शिष्टाचार भेट गरेँ। साथै विदेशमन्त्री सुष्मा स्वराज, गृहमन्त्री राजनाथ सिंह, अर्थमन्त्री अरुण

जेट्ली, ऊर्जा राज्यमन्त्री पियुस गोयल, राष्ट्रिय सुरक्षा सल्लाहाकार, विभिन्न राजनीतिक दलका नेतृत्वगणसँग पनि भेट गरेँ।

नयाँ दिल्लीमा रहँदा त्यहाँस्थित भारतीय विश्व सम्बन्ध परिषद् (Indian Council of World Affairs) को आयोजनामा भएको कार्यक्रममा नेपालको संविधान निर्माण एवं नेपाल-भारत सम्बन्धका विविध पक्षमा भारतीय बौद्धिक जगत र कूटनीतिक समुदायसँग अन्तरक्रिया गर्ने अवसर मिल्यो।

६६औँ प्रजातन्त्र दिवस, २०७२ मनाउन नेपाली राजदूतावास, नयाँ दिल्लीले आयोजना गरेको कार्यक्रममा सरिक भएको थिएँ। उक्त अवसरमा आमन्त्रित भारतीय उच्च नेतृत्ववर्ग, नयाँ दिल्लीस्थित विदेशी मुलुकका प्रतिनिधिहरू तथा भारतमा रहेका नेपाली नागरिकहरूसँग व्यापक अन्तरक्रिया गर्ने मौका प्राप्त भयो। यसैगरी नयाँदिल्लीमा रहँदा नेपाली राजदूतावासमा आयोजित कार्यक्रममा भारतीय तथा भारतमा रहेका नेपाली पत्रकार मित्रहरूसँग नेपालको संविधान, यसका अन्तरवस्तु तथा हालैका दिनमा देखिएका असमझदारी हटाउँदै नेपाल भारत सम्बन्धलाई थप सुमधुर बनाउन भएका पहलका विषयमा छलफल र अन्तरक्रिया भयो। यसैगरी नयाँ दिल्लीमै रहँदा भारतमा रहेका विभिन्न नेपाली संघसंस्थाका प्रतिनिधिहरू तथा नेपाली नागरिकहरूसमेतसँग भेटघाट र विचार आदानप्रदान भयो। उक्त कार्यक्रममा नेपाली नागरिकहरू उत्साहका साथ सहभागी रहेको मैले पाएँ।

भूकम्पपछिको पुनर्निर्माणको कामलाई द्रुततासाथ अगाडि बढाउन हामी लागिपरेका छौँ। सन् २००१ मा गएको महाभूकम्पका कारण हाम्रैजस्तो कठिन अवस्था भोगेको र चुस्त, दुरुस्त एवं प्रभावकारी व्यवस्थापन, निजी र गैरसरकारी क्षेत्रसँगको साझेदारी एवं बाह्य सहयोग र आन्तरिक स्रोतको प्रभावकारी परिचालनका माध्यमबाट सफलताका साथ पुनर्निर्माणको कार्य सम्पन्न गर्न सफल प्रधानमन्त्री मोदिजीको गृह प्रदेश गुजरातको भुज शहरको अवलोकन गर्न हामी गयौँ। पुनर्निर्माण, व्यवस्थित बस्ती विकास, पुनर्वास तथा विपद्पछिको विकासका लागि निजी लगानीको वृद्धिमा भुजले प्राप्त गरेको उपलब्धिको अध्ययन हाम्रा लागि उपयोगी रह्यो।

भुजमा रहँदा स्थानीय जनताबाट प्राप्त स्वागत तथा आतिथ्य सदा अविष्मरणीय रहनेछ, जसलाई मैले नेपाल र भारतका बीच रहेको जनस्तरको

प्रगाढ मित्रता र सद्भावको रूपमा लिएको छु। भुज भ्रमणका क्रममा गुजरातका गभर्नरले हाम्रो सम्मानमा दिवा भोजको आयोजना गर्नुभयो।

भारतको आर्थिक राजधानीको रूपमा रहेको मुम्बई शहरको भ्रमण पनि हाम्रो कार्यक्रममा थियो। मुम्बईमा रहँदा महाराष्ट्रका गभर्नरले हाम्रो सम्मानमा आयोजना गर्नुभएको रात्री भोजको कार्यक्रममा महाराष्ट्रका मुख्यमन्त्री लगायतको उपस्थिति थियो। साथै मुम्बईको व्यापारिक समुदायसँग पनि अन्तरक्रिया भयो। त्यहाँ रहँदा बलिउडका प्रख्यात सिने कालाकार तथा सिनेमा उद्यमीहरूसँग नेपालको पर्यटन प्रवर्द्धनका लगि कसरी आपसी सहयोग बढाउन सकिन्छ भन्ने विषयमा अन्तरक्रिया भयो। सो अवसरमा मैले हाम्रो देशको मनमोहक प्राकृतिक भूभागमा छायाङ्कन गर्न उपयुक्त हुने स्थलका बलिउड सिनेमाहरूको छायाङ्कनका लागि प्राथमिकता दिन र सोका लागि आवश्यक सहयोग र स्वागत गर्न नेपाल सरकार तयार रहेको जानकारी गराएको थिएँ। यी छलफल र अन्तर क्रियामा मैले नेपालमा संविधान निर्माण पश्चात् महत्वपूर्ण राजनीतिक कार्य पूरा भइसकेको र मुलुकले राजनीतिक स्थिरता पाइसकेको अवस्थामा नेपालमा लगानी गर्ने आकर्षक वातावरण एवं अवसर रहेको बारे भारतीय लगानीकर्तालाई जानकारी गराएँ र लगानीका लागि आह्वान गरेँ।

समग्रमा भन्नुपर्दा नेपाल-भारतबीच केही समययता देखापरेको असमझदारीको अन्त्य गर्न र नेपाल-भारत सम्बन्धलाई समानता तथा पारस्परिक हितमा आधारित रहेर गाढा मित्रता र साझा समृद्धितर्फ उन्मुख गराउने दिशामा यो भ्रमण सफल रहेको छ।

दुःखका साथ भन्नुपर्दा मेरो प्रतिनिधिमण्डल मुम्बईमै रहेको अवस्थामा म्याग्दी जिल्लामा भएको तारा एअरको विमान दुर्घटनामा परी २ जना बालबालिका र २ जना विदेशी नागरिकहरूसहित २३ जनाको असामयीक निधन भएको खबरले हामीलाई मर्माहत बनाएको छ। यस दुःखद घडीमा मृतकको आत्माको चिरशान्तिको कामना तथा मृतकका परिवारजन तथा नातेदारहरूप्रति गहिरो समवेदना प्रकट गर्दछु । साथै, शोकसन्तप्त परिवारजनहरूलाई धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्ने कामना समेत व्यक्त गर्दछु।

अन्त्यमा, यस राजकीय भ्रमणको अवधिमा भारतमा रहँदा भारतीय जनता र सरकारबाट प्रदान गरिएको स्वागत, सत्कार, आतिथ्यता तथा सदाशयताका

लागि म, मेरो प्रतिनिधिमण्डल तथा व्यक्तिगत तर्फबाट, भारतीय महामहिम राष्ट्रपति, महामहिम उपराष्ट्रपति, प्रधानमन्त्री महामहिम मोदिजी, महाराष्ट्र र गुजरातका गभर्नरलगायत भारत सरकारका सम्बद्ध सबै निकायहरू र सम्पूर्ण भारतीय जनताप्रति हार्दिक कृतज्ञता तथा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यबाद।

१

जनवादी गणतन्त्र चीन र नेपालले जारी गरेको संयुक्त प्रेस-वक्तव्य

जनवादी गणतन्त्र चीनको राज्य परिषद्का प्रधानमन्त्री ली खछ्याङको निमन्त्रणामा नेपालका सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले २०-२७ मार्च २०१६ सम्म चीनको औपचारिक भ्रमण गर्नुभयो । भ्रमणका दौरान प्रधानमन्त्री ओलीले जनवादी गणतन्त्र चीनका महामहिम राष्ट्रपति सी जिनपिङसँग शिष्टाचार भेट गर्नुका साथै चिनियाँ राज्य परिषद्का प्रधानमन्त्री महामहिम ली खछ्याङसंग द्विपक्षीय औपचारिक वार्ता र चिनिया जनराजनीतिक परामर्श परिषद्को केन्द्रीय समितिका सभापति महामहिम यु जेनसेङसँग भेटवार्ता गर्नुभयो । बेइजिङको भ्रमण पश्चात् प्रधानमन्त्री ओली 'बोआओ फोरम फर एसिया २०१६' मा सहभागी हुनुहुनेछ र सान्सी प्रान्तको सियान र सिचुवान प्रान्तको छेङ्दूको पनि भ्रमण गर्नुहुनेछ । प्रधानमन्त्री ओलीको भ्रमणदलमा उहाँकी धर्मपत्नी श्रीमती राधिका शाक्य, माननीय उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री कमल थापा, माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेल, माननीय वाणिज्यमन्त्री दीपक बोहोरा, माननीय यशिक्षामन्त्री गिरिराजमणि पोखरेल, सम्माननीय प्रधानमन्त्रीका प्रमुख सल्लाहकार विष्णुप्रसाद रिमाल, व्यवस्थापिका संसदका माननीय सदस्यहरू, वरिष्ठ सरकारी अधिकृतहरू र निजीक्षेत्रका प्रतिनिधिहरू तथा संचारकर्मीहरू रहनुभएको थियो ।

दुई देशकाबीच सन् १९५५ मा दौत्य सम्बन्ध स्थापना भएपश्चात् विविध क्षेत्रमा सहकार्य गरी हासिल गरेका उल्लेख्य उपलब्धिहरूप्रति दुबै देशका नेताहरूले सन्तोष व्यक्त गर्नुभयो र पञ्चशीलका सिद्धान्तहरूका आधारमा गति लिन सकेको द्विपक्षीय सम्बन्ध भिन्न भौगोलिक आकार र सामाजिक संरचना भएका देशहरूबीच सद्भावपूर्ण सहअस्तित्वको नमूनाका रूपमा रहेको विश्वास व्यक्त गर्नुभयो । चिनियाँ पक्षले नेपालले भर्खरै नयाँ संविधान जारी

गरेकोमा स्वागत गर्दै सो कदमलाई नेपालको राजनीतिक परिवर्तनको क्षेत्रमा एउटा ऐतिहासिक प्रगति भएको जनायो । यो अवसरलाई नेपालले राजनीतिक स्थायित्व तथा आर्थिक विकासका लागि उपयोग गर्न सक्नेमा पनि चिनियाँपक्षले आशा व्यक्त गरेको छ ।

दुबै पक्षले आ-आफ्ना देश विविध किसिमका सुधार, रुपान्तरण र विकासको प्रक्रियामा रहेको कुरा मनन गरे । चीन-नेपाल सम्बन्ध नयाँ उचाइमा पुगेको र दुबै देशका सामु विकास र समृद्धिका थप अवसरहरू रहेका छन् । यस परिप्रेक्ष्यमा दुबै पक्षले समानता र आपसी हितमा आधारित सदियौँदेखि रहिआएको मित्रतालाई कायम राख्दै दुबै देश र जनताको लाभका लागि पारस्परिक सहयोग अझ प्रगाढ बनाउनेछन् ।

दुबै पक्षले एक अर्काको स्वतन्त्रता, सार्वभौमिकता र भौगोलिक अखण्डतालाई सम्मान गर्ने र एक अर्काका चासो एवं मूलभूत हितको सम्मान तथा समायोजन गर्ने प्रतिबद्धता पुनः व्यक्त गरे । नेपालले एक चीन नीति प्रतिको आफ्नो प्रतिबद्धता दोहोऱ्यायो । आफ्नो सार्वभौमिकता, राष्ट्रिय एकता र भौगोलिक अखण्डतालाई अक्षुण्ण राख्न चीनले चालेका कदमहरूप्रति नेपालले पूर्ण समर्थन जनाउँदछ र कुनै पनि चीन विरोधी तत्वहरू र विखण्डनकारी गतिविधि सञ्चालनको लागि नेपालको भूमि प्रयोग हुन नदिने कुरामा नेपाल अडिग रहेको छ । त्यस्तै नेपालले अङ्गीकार गरेको सामाजिक प्रणाली, विकासको मार्ग र नेपालले स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता र स्थायित्वको दिशामा चालेका कदमहरूप्रति चिनियाँ पक्ष दृढ समर्थन र सम्मान गर्दछ ।

दुई देशकाबीच उच्चस्तरमा हुने सम्पर्कबाट दुई देशको सम्बन्धको विकासमा विशेष महत्व रहने कुरामा दुबै पक्षले विश्वास प्रकट गरे । दुबै पक्षले उच्चस्तरीय आपसी भ्रमणको शृङ्खलालाई निरन्तरता दिन तथा दुईपक्षीय तथा बहुपक्षीय अवसरहरूमा उच्च नेतृत्वबीच आपसी हितका विषयहरूमा विचार आदानप्रदान गर्ने सहमति व्यक्त गरे । कूटनीतिक परामर्शहरू तथा संयुक्त आर्थिक तथा व्यापार समितिलगायतका विद्यमान संयन्त्रहरूको पूर्ण उपयोग गरी दुई देशका सरकारी निकाय, व्यवस्थापिका तथा राजनीतिक दलहरूका बीचमा भ्रमणको आदानप्रदान एवं सहयोगको बिस्तार गरिने कुरामा पनि दुबै पक्ष सहमत भए ।

नेपाल-चीनबीचका द्विपक्षीय सहयोगका हकमा, दुबैपक्षले एक अर्काको विकास योजनाहरूमा तालमेल कायम गर्ने, दुईपक्षीय हितका लागि उपयुक्त कार्यक्रमहरूको तर्जुमा गर्ने र मुख्य परियोजनाहरूलाई 'बेल्ट एण्ड रोड इनिसिएटिभ'को अवधारणाअनुरुप कार्यान्वयन गर्ने कुरामा दुबै पक्ष सहमत भए । त्यस्तै दुई देशका बीचमा सम्पर्क सञ्जाललाई अझ अभिवृद्धि गर्न, हवाइमार्ग तथा स्थलमार्गलाई थप उन्नत बनाउन र स्थल यातायात पूर्वाधार सुधार गर्न दुबै पक्ष सहमत भए । अरनिको राजमार्ग मर्मत तथा सञ्चालन र स्याप्रुबेसी-रसुवागढी सडकखण्डको मर्मत तथा सञ्चालनका लागि सम्भाव्यता अध्ययनलाई शीघ्रता दिन एवं पुलानरयारी नाकाको हिल्सामा कर्णाली नदीमाथि पुल निर्माण गर्न चिनियाँ पक्षले सहमति जनायो । त्यस्तै, सुल्काउन बाँकी रहेका समस्याहरूको समाधान गरी काठमाडौँ चक्रपथको स्तरोन्नतिको पहिलो चरणको कामलाई शीघ्रातिशीघ्र अघि बढाउन र दोस्रो चरणको सम्भाव्यता अध्ययनलाई उपयुक्त समयमा अघि बढाउन पनि दुबै पक्ष सहमत भए साथै यी योजनाहरूको कार्यान्वयनमा नेपालले आवश्यक सहयोग उपलब्ध गराउनेछ । दुई देशका सम्बन्धित निकायहरूले सीमापार रेलमार्ग निर्माण गर्ने तथा नेपालमा रेलमार्गको सञ्जाल निर्माण गर्ने विषयमा विचार र प्रस्तावको आदानप्रदान गर्न तथा सरोकारवाला कम्पनीहरूलाई शीघ्रतापूर्वक आवश्यक तयारी शुरु गर्न सहयोग गर्नेछन् । नेपालको कानुन र नियमका परिधिभित्र रही चिनियाँ लगानीलाई प्रोत्साहन गर्दै दुबै पक्षले नेपालका पूर्वाधार निर्माणलगायत मुख्य लगानीका क्षेत्रहरूमा चिनियाँ लगानी सहजीकरण गर्ने विषयमा विचारको आदानप्रदान गरे । दुबै पक्ष विद्यमान रहेका नाकाहरू (frontier ports) हुँदै सीमापार आर्थिक सहयोग क्षेत्र विकास गर्न तथा आपसी सहमतिअनुरुप थप नाका खोल्नका लागि आवश्यक कार्य शीघ्र अघि बढाउन सहमत भए । पारवहन सम्झौता सम्पन्न गर्न सफल भएकोमा दुबै पक्षले सन्तोष व्यक्त गरे, एवम् आ-आफ्ना देशका सम्बन्धित निकायहरूलाई सो सम्झौताको अभिन्न अङ्ग हुने प्रोटोकल निर्माणका लागि तुरुन्त वार्ता आरम्भ गर्न निर्देशन दिए । साथै, दुबै पक्ष सीमा व्यवस्थापन प्रणालीसम्बन्धी सम्झौताका विषयमा वार्ता गर्न सहमत भए ।

चीन सरकारले आफ्नो क्षमताले भ्याएसम्म नेपालको सामाजिक, आर्थिक विकासका लागि निरन्तर सहायता उपलब्ध गराउनेछ । चीन सरकारले सन् २०१६ देखि २०१८ सम्ममा नेपालको भूकम्प पछिको पुनर्निर्माणका लागि पूर्वाधार निर्माण, भूकम्पले क्षति पुगेका नेपालका उत्तरी क्षेत्रहरूका जनताको जीविकाको

पुनर्स्थापना, ऐतिहासिक र सांस्कृतिक सम्पदाहरूको पुनर्निर्माण, प्रकोप न्यूनीकरणका लागि क्षमता वृद्धि, चिकित्सा तथा जनस्वास्थ्य सेवालगायतका २५ मुख्य योजनाहरूका लागि तीन अर्ब रेन्मिन्बी (करिब ५० अर्ब नेपाली रुपैयाँ) बराबरको अनुदान सहयोग कार्यान्वयन गर्नेछ ।

चिनियाँ पक्ष ३२,००० घरेलु सौर्यऊर्जा उत्पादन प्रणाली नेपाललाई प्रदान गर्न, नेपालमा विभिन्न क्षेत्रहरू चयन गरी लघुस्तरका शैक्षिक तथा जनस्वास्थ्य पूर्वाधारहरू निर्माण गर्न, तथा प्रकोप पूर्वतयारी तथा न्यूनीकरणमा सहायता वृद्धि गर्न सहमत भयो । वर्षाको पानी सङ्कलन परियोजना (Rain Water Harvesting Project) तथा स्थानीय जनताको जीवनस्तर सुधार गर्नका लागि अन्य जनजीविकाका परियोजना सञ्चालन गर्न पनि चिनियाँ पक्ष सहमत भयो । नेपाल र चीनबीच सीमाना जोडिएका जिल्लाहरूमा पूर्वाधार निर्माण तथा त्यहाँका जनताको सामाजिक र आर्थिक विकास कार्यमा चिनियाँ पक्षले सहयोग वृद्धि गर्नेछ ।

चीनसँग नेपालको व्यापार घाटालाई ध्यानमा राख्दै नेपाली पक्षबाट भर्खरै प्राप्त सूचीअनुसारका वस्तु तथा उत्पादनको चिनियाँ बजारमा पहुँच बढाउनका लागि चिनियाँ पक्षले गम्भीरतापूर्वक विचार गर्नेछ । दुबै पक्ष चीन-नेपाल स्वतन्त्र व्यापार सम्झौताको लागि संयुक्त सम्भाव्यता अध्ययन गरी शीघ्रातिशीघ्र निष्कर्षमा पुग्ने कुरामा सहमत भए । नेपालमा उत्पादन क्षमता सहयोग र आर्थिक तथा व्यापारिक क्षेत्र निर्माण गर्ने सहयोगका क्षेत्रहरूमा रहेका सम्भावनाको अधिकतम उपयोग गर्न र निर्माण सामग्री, जलसंरक्षण तथा जलविद्युत र प्राङ्गारिक कृषि जस्ता नेपालसँग स्रोत र लाभ रहेका क्षेत्रमा लगानीका लागि स्थानीय सरकार, चिनियाँ कम्पनीहरू तथा सामाजिक समूहहरूलाई चिनियाँ पक्ष प्रोत्साहित गर्दछ ।

चीनबाट नेपालमा पेट्रोलियम पदार्थ आपूर्ति गर्ने सम्झौतालाई निष्कर्षमा पुऱ्याउन दुबै पक्ष सहमत भए । यस सन्दर्भमा कम्पनीहरूलाई वार्ता घनीभूत बनाउन तथा मूल्य, कर, ढुवानी, गुणस्तर नियन्त्रण एवं भन्सार तथा सीमासँग सम्बन्धित प्रक्रियाहरूका विषयमा सम्बन्धित निकायहरूलाई अध्ययन गरी नीतिगत सुझाब दिन दुबै पक्षले प्रोत्साहन गरे । चिनियाँ पक्ष नेपालका लागि तेल भण्डारण पूर्वाधार निर्माण गर्न सहमत भयो, साथै चीनले नेपालमा पेट्रोलियम स्रोतको अध्ययन अन्वेषणका लागि विज्ञहरू पठाउने भएको छ । सीमापार

विद्युत गृह, जलविद्युत, सौर्यऊर्जा आदि क्षेत्रमा दीर्घकालीन योजना तर्जुमामा सहयोग पुऱ्याउनका लागि एउटा वार्ता संयन्त्र (Dialogue Mechanism on Energy Cooperation) निर्माण गर्न दुबै पक्ष सहमत भए । चिनियाँ कम्पनीहरू र नेपालमा तिनीहरूको लगानीलाई सहजीकरण गर्नका लागि आवश्यक कदम चाल्ने कुरामा नेपाली पक्ष सहमत भयो ।

सूचनाहरूको आदानप्रदान, क्षमता अभिवृद्धि, तालिम आदिको माध्यमबाट दुबै देशका कानुन कार्यान्वयन निकायहरूबीचमा सहयोग सुदृढ बनाउन दुई पक्ष सहमत भए । सीमा प्रशासनबीच सहयोगलाई सुदृढ बनाउन र गैरकानुनीरुपले सीमा प्रवेश तथा अन्तरदेशीय अपराध रोकथाम गर्न अपराधजन्य कसुरमा आपसी कानुनी सहायतासम्बन्धी सन्धि (Treaty on Mutual Legal Assistance in Criminal Matters) र सुपुर्दगी सन्धिका (Extradition Treaty) लागि वार्ता गर्न दुबै पक्ष सहमत भए ।

नेपाल सरकारले ग्वाङ्झाउमा महाबाणिज्यदूतावास स्थापना गर्ने निर्णयलाई चीनले स्वागत गऱ्यो, साथै छेङदुमा पनि महाबाणिज्यदूतावास स्थापना गर्ने नेपालको प्रस्तावलाई हार्दिकताका साथ अध्ययन गर्न चीन सहमत भयो । चीन र नेपालका यासु-पोखरा, सानान-भक्तपुर र छेङदू-काठमाडौँबीच भगिनी सम्बन्ध स्थापना गर्ने सम्झौतालाई दुबै पक्षले स्वागत गरे । यस विषयमा तिब्बत स्वायत्त क्षेत्र, सिचुवान, युनान, र चिंङ्हाइ तथा अन्य प्रदेशहरूलाई समेत नेपाल सरकारसँग समन्वय राख्न चीन सरकार प्रोत्साहन गर्दछ ।

दुबै पक्षले जनस्तरको सम्बन्धलाई बढावा दिन आ-आफ्नो देशमा एक अर्काको पर्यटन प्रवर्धनमा सहयोग गर्न सहमति जनाए । चीनले नेपालको पर्यटन क्षेत्रको पुनर्स्थापनाको लागि आगामी ५ वर्षमा २०० नेपाली पर्यटन व्यवसायीहरूलाई चिनियाँ भाषाको तालिम दिने भएको छ । साथै, चिनियाँ व्यवसायीहरूलाई नेपालको पर्यटन पूर्वाधारमा लगानी गर्न पनि चीन प्रोत्साहित गर्दछ । चिनियाँ पक्षले मानव संसाधन विकासमा करिब ४०० तालिमका अवसरहरू प्रदान गर्न, यस वर्ष नेपाली विद्यार्थीहरूलाई अझ बढी सरकारी छात्रवृत्ति प्रदान गर्न इच्छुक छ । साथै, अन्य माध्यम र कार्यक्रमबाट आउने बढीभन्दा बढी नेपाली विद्यार्थीहरूलाई चीनमा उच्च शिक्षाका लागि स्वागत गर्न चिनियाँ पक्ष चाहन्छ । चिनियाँ पक्षले यसै वर्ष सातौँ चीन महोत्सव (Seventh China Festival) र दोस्रो काठमाडौँ सांस्कृतिक मञ्च (Second Kathmandu Cultural Forum)

को आयोजना गर्नेछ साथै, नेपालमा रहेको चिनियाँ सांस्कृतिक केन्द्रमार्फत चीन-नेपाल सांस्कृतिक सम्बन्धलाई अझ प्रगाढ बनाउनेछ । यस सम्बन्धमा आवश्यक सहयोग र सुविधा नेपाली पक्षले उपलब्ध गराउनेछ ।

संयुक्त राष्ट्रसंघजस्ता बहुपक्षीय मञ्चहरूमा आपसी हितका विषयमा सहयोग अभिवृद्धि गर्न दुबै पक्ष सहमत भए । जलवायु परिवर्तन, ऊर्जा, खाद्य सुरक्षाजस्ता विषयहरूमा विकासशील देशहरूको सहयोगले ऐक्यबद्धता सुदृढ गर्ने तथा सामूहिक सामर्थ्यलाई बढावा दिई विकासका विश्वव्यापी एजेन्डाहरूलाई मूर्तरुप दिन सयहोग पुग्छ भन्नेमा दुबै पक्ष विश्वस्त रहे । दुबै पक्षले क्षेत्रीय सहयोगका क्षेत्रमा आपसी सहभागितालाई सकारात्मकरूपमा लिएका छन्, साथै शाङ्घाई सहयोग संगठन (Shanghai Cooperation Organisation), दक्षिण एसियाली सहयोग संगठन (SAARC) र अन्य क्षेत्रीयसहयोग संयन्त्रहरूमा पनि स्वीकृत अवधारणाहरूभित्र रही आपसी समन्वयलाई सुदृढ गर्न दुबै पक्ष सहमत भए ।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलका लागि प्राथमिकताका साथ आर्थिक सहयोग उपलब्ध गराउन चिनियाँ पक्ष सहमत भयो । दुई लेनको किमाथाङ्का-खाँदबारी-धनकुटा सडक र काठमाडौँ चक्रपथ सुधार-दोस्रो चरणका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी सडक निर्माण गर्न; प्रस्तावित रसुवागढी-काठमाडौँ र काठमाडौँ-पोखरा-लुम्बिनी रेलवे परियोजना; ४३४ मेगावाट अरूण-किमाथाङ्का जलविद्युत आयोजना; रसुवागढी केरूङ नाका हुँदै ४०० के भी अन्तरदेशीय विद्युत प्रसारण लाइनको सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्न चीनले आर्थिक तथा प्राविधिक सहयोग दिन; र काठमाडौँ चक्रपथमा १३२ केभी डबल सर्किट विद्युत प्रसारण मोनोपोल निर्माण गर्न नेपाली पक्षले चिनियाँ पक्ष समक्ष अनुरोध गऱ्यो । नेपाली पक्षले मदन भण्डारी प्रविधि प्रतिष्ठानको स्थापना र निजामती अस्पतालको विस्तारमा चिनियाँ सहायताको अपेक्षा गऱ्यो । उक्त आयोजनाहरू प्राथमिकतासाथ अगाडि बढाउन नेपाली पक्षले अनुरोध गऱ्यो र उक्त परियोजनाहरूका लागि विभिन्न स्रोतहरूबाट लगानी व्यवस्था गरिने कुरा पनि व्यक्त गऱ्यो । यस सन्दर्भमा नेपाली पक्षले प्रस्तुत गर्ने विस्तृत परियोजना प्रस्तावलाई हार्दिकताका साथ चिनियाँ पक्षले अध्ययन गर्नेछ ।

दुई देशका बीचमा व्यापार, पर्यटन र लगानीलाई सहजीकरण गर्न नियम कानुनको अधीनमा रही चिनियाँ लगानीका बैँकहरूलाई नेपालमा शाखा खोल्न चिनियाँ पक्ष सहयोग गर्दछ । यस सन्दर्भमा नेपालको बजारमा प्रवेश गर्ने चिनियाँ बैँकहरूलाई नेपाली पक्षबाट नीतिगत सुविधा प्रदान हुने अपेक्षा राखिएको छ ।

प्रधानमन्त्री ओलीले चिनियाँ पक्षबाट प्रदान गरिएको न्यानो र मैत्रीपूर्ण आतिथ्यताको लागि आभार व्यक्त गर्नुभयो; साथै चिनियाँ नेताहरूलाई यसै वर्षभित्र नेपालको भ्रमण गर्न आमन्त्रण गर्नुभयो । निमन्त्रणाका लागि चिनियाँ नेताहरूले धन्यवाद ज्ञापन गर्नुभयो र कूटनीतिक माध्यमबाट दुबैक्षलाई उपयुक्त हुने समय तय गरी नेपालको भ्रमण गर्नका लागि सहमत हुनुभयो ।

भ्रमणका अवसरमा स्वतन्त्र व्यापार, पारवहन, सम्पर्क सञ्जाल तथा आर्थिक समन्वय आदि विविध सम्झौताहरूमा दुबै पक्षले हस्ताक्षर गरे ।

बेइजिङ

चैत्र १०, २०७२ (तदनुसार सन् २०१६ मार्च २३)

केपी शर्मा ओलीः सङ्क्षेपमा

२००८ फागुन ११	इवा २, तेह्रथुममा जन्म, माता- स्व. मधु ओली; पिता- मोहनप्रसाद ओली ।
२०२०	झापामा बसाइ सराइ
२०२३	मार्क्सवादी अध्ययन दलमा संगठित
२०२५	पूर्णकालीन राजनीतिक कार्यकर्ताको रूपमा गतिविधिमा संलग्न
२०२६ माघ	नेपाल कम्युनिस्ट पार्टीको सदस्यता प्राप्त ।
२०२७ जेठ ९	पूर्णकालीन नेताको रूपमा आन्दोलन परिचालनको लागि भूमिगत जीवन शुरु ।
२०२७ फागुन १६	झापामा पहिलो पटक गिरफ्तार । २०३० सम्म १० पटक गिरफ्तार र रिहा ।
२०२८	झापा आन्दोलन संगठन कमिटीको प्रमुखमा मनोनित ।
२०३० असोज २३	राज्य विप्लव तथा विध्वंसात्मक कार्यमा संलग्न रहेको जस्ता विभिन्न झूट्टा आरोपमा गिरफ्तार, ४ वर्ष गोलघर सहित १४ वर्ष जेल सजायँ ।
२०३५ पुस ११	जेलमै रहँदा गठित नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी-लेनिनिवादी)को संस्थापक नेताको हैसियत प्राप्त ।
२०४४ असार ११	जेलबाट रिहा, पुस २ गते बसेको नेकपा (मा-ले)को केन्द्रीय कमिटी बैठकबाट केन्द्रीय सदस्यमा मनोनयन ।

२०४६	तत्कालीन नेकपा (माले)को लुम्बिनी अञ्चलको इञ्चार्जको जिम्मेवारी बहन ।
२०४७ जेठ १	पार्टीको युवा संस्था- प्रजातान्त्रिक राष्ट्रिय युवा संघ, नेपलको संस्थापक अध्यक्ष ।
२०४७ पुस २२	नेकपा (मा-ले) र नेकपा (मार्क्सवादी)बीच एकीकरण, नवस्थापित नेकपा (एमाले)को संस्थापक केन्द्रीय सदस्य ।
२०४८	बहुदलीय व्यवस्था स्थापनापछिको पहिलो आम निर्वाचनमा झापा-६ बाट संसदको तल्लो सदन, प्रतिनिधि सभाको सदस्यमा निर्वाचित
२०५०	केन्द्रीय प्रचार विभागको प्रमुखको जिम्मेवारीसहित पोलिटब्युरो सदस्य निर्वाचित
२०५१	मध्यावधि निर्वाचनमा झापा-२ बाट प्रतिनिधि सभामा पुनर्निर्वाचित । मंसिर १४ गते कम्युनिस्ट पार्टीको नेतृत्वमा गठित पहिलो तथा लोकप्रिय सरकारको गृहमन्त्री नियुक्त
२०५१	पार्टी संसदीय विभागको प्रमुख
२०५४ माघ	पार्टीको छैटौँ राष्ट्रिय महाधिवेशनमा प्रस्तुत कार्यनीतिक प्रस्ताव अत्यधिक मतद्वारा पारित, स्थायी समिति सदस्यमा निर्वाचित, विदेश विभाग प्रमुखको जिम्मेवारी प्रदान ।
२०५६	झापा-६ बाट प्रतिनिधिसभामा पुनर्निर्वाचित
२०५६-२०५९	संसदमा प्रमुख प्रतिपक्षी दलको उपनेता
२०५९ माघ	पार्टीको सातौँ राष्ट्रिय महाधिवेशनमा पार्टीको आन्तरिक लोकतान्त्रीकरण र बहुपदीय प्रणाली शुरु गर्ने प्रस्ताव प्रस्तुत, प्रस्ताव अर्को महाधिवेशनसम्मको लागि स्थगित- स्थायी समिति सदस्य तथा विदेश विभाग प्रमुखमा पुनर्निर्वाचित ।

२०६३	पुनर्स्थापित संसदद्वारा गिरिजाप्रसाद कोइरालको नेतृत्वमा गठित सरकारमा उपप्रधानमन्त्री तथा विदेशमन्त्री ।
२०६४	पहिलो संविधानसभाको निर्वाचनमा पराजित
२०६५/६६	केन्द्रीय पार्टी स्कूल विभाग प्रमुख
२०६५ फागुन	आठौँ राष्ट्रिय महाधिवेशनमा आन्तरिक लोकतान्त्रीकरण र बहुपदीय प्रणालीको स्थगित प्रस्ताव स्वीकृत । अध्यक्ष पदको प्रत्यासी, तत्कालीन अध्यक्ष झलनाथ खनालद्वारा पराजित, विदेश विभागको प्रमुखको जिम्मेवारीसहित स्थायी समितिमा निर्वाचित ।
२०७० मंसिर	झापा-७ बाट संविधानसभा सदस्यमा निर्वाचित
२०७० माघ २१	तत्कालीन पार्टी अध्यक्षलाई पराजित गर्दै संविधानसभा तथा व्यवस्थापिका संसदको दलका नेतामा निर्वाचित ।
२०७१ साउन १	नवौँ राष्ट्रिय मधिवेशनबाट तत्कालीन वरिष्ठ नेता माधवकुमार नेपाललाई पराजित गर्दै अध्यक्ष पदमा निर्वाचित ।
२०७२ असोज २४	व्यवस्थापिका संसदबाट प्रधानमन्त्री पदमा निर्वाचित, असोज २५ गते सपथग्रहण ।
२०७३ साउन ९	व्यवस्थापिका-संसदमा सम्बोधन, प्रधानमन्त्री पदबाट राजिनामा ।
२०७३ साउन २०	औपचारिक रूपमा नयाँ प्रधानमन्त्री पुष्पकमल दहालाई सत्ता हस्तान्तरण ।

Email: kpsharmaoli@cpnuml.org

Tweeter: @kpsharmaoli